# नेपाली साहित्यमा गोर्खापत्रको योगदान (२०१७-२०२७)
# विवरणात्मक सूचीपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली
केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
दीपक सङ्ग्रौला
त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग
स्नातकोत्तर तह
कीर्तिपुर, काठमाडौँ
२०६६

नेपाली साहित्यमा गोर्खापत्रको योगदान (२०१७-२०२७) विवरणात्मक सूचीपत्र -दीपक सङ्ग्रौला २०६६

**शोध-निर्देशक**
प्रा.डा. व्रतराज आचार्य
नेपाली केन्द्रीय विभाग

# नेपाली साहित्यमा गोर्खापत्रको योगदान (२०१७-२०२७) विवरणात्मक सूचीपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको
दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
दीपक सङ्ग्रौला
त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग
स्नातकोत्तर तह
कीर्तिपुर, काठमाडौं

२०६६

# स्वीकृतिपत्र

................................
(प्रा.राजेन्द्र सुवेदी)
विभागीय प्रमुख
नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

................................
(प्रा.डा. व्रतराज आचार्य )
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

................................
(                                        )
बाह्य परीक्षक

मूल्याङ्कन समिति

मिति : २०६६/    /

# शोधनिर्देशकको मन्तव्य

प्रस्तुत "'नेपाली साहित्यमा गोर्खापत्रको योगदान' (वि.सं. २०१७-२०२७) विवरणात्मक सूचीपत्र" शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र दीपक सङ्ग्रौलाले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनको लागि तयार पार्नुभएको हो । मेरो निर्देशनमा तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६६/ /

प्रा.डा. व्रतराज आचार्य
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर
काठमाडौँ

# कृतज्ञताज्ञापन

"'नेपाली साहित्यमा गोर्खापत्रको योगदान' (वि.सं. २०१७-२०२७), विवरणात्मक सूचीपत्र" शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने क्रममा अति व्यस्त हुँदाहुँदै पनि आफ्नो अमूल्य समय उपलब्ध गराई मलाई पथप्रदर्शन गर्दै कुशल निर्देशन गर्नुहुने आदरणीय शोधनिर्देशक गुरु प्रा.डा. व्रतराज आचार्यप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने नेपाली केन्द्रीय विभागप्रति म कृतज्ञ छु । शोधकार्य गर्ने क्रममा अत्यन्तै दुर्लभ भइसकेका पुराना गोर्खापत्रका अङ्कहरू उपलब्ध गराइदिने पुरातत्त्व विभाग राष्ट्रिय अभिलेखालयका सम्पूर्ण सहयोगी महानुभावहरूप्रति अत्यन्त कृतज्ञ छु । यसैगरी केन्द्रीय पुस्तकालय, कीर्तिपुर र मदन पुरस्कार पुस्तकालय, पाटनप्रति पनि आभारी छु । आवश्यक सरसल्लाह र सामग्रीको स्रोतका बारेमा जानकारी गराउनुहुने गुरु प्रा. केशव सुवेदीप्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

शोधकार्यका क्रममा विभिन्न सल्लाह सुझाव प्रदान गर्ने र सङ्कलित कवितात्मक रचनाहरूको छन्द पहिचान गर्न सघाउनु हुने मित्रद्वय पाखण्डी पण्डित र बालकृष्ण लामिछाने पनि धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी शोधकार्यलाई चाँडो सम्पन्न गर्न झकझकाईरहने र आवश्यक साफी लगायत प्रुफ हेरी सहयोग पुऱ्याउनु हुने मित्र सिर्जना खरेल पनि धन्यवादकी पात्र हुनुहुन्छ । यस शोधपत्रलाई यथाशक्य शुद्धसँग टङ्कण गरिदिनुहुने राम राई पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा "'नेपाली साहित्यमा गोर्खापत्रको योगदान' (वि.सं. २०१७-२०२७), विवरणात्मक सूचीपत्र" शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६६/०९/२८

दीपक सङ्ग्रौला
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

## परिच्छेद एक
## शोधपरिचय

पृष्ठ नं.


| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य | ३ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ३ |
| १.९ | शोधविधि | ३ |
| १.१० | शोधपत्रको रुपरेखा | ४ |


## परिच्छेद दुई
## नेपालमा छापाखाना र पत्रकारिताको विकासक्रम


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ५ |
| २.२ | छापाखानाको स्थापना र मुद्रण युगको आरम्भ | ५ |
| २.३ | पत्रपत्रिकाको प्रकाशन परम्परा | ६ |
| २.४ | राणा काल (वि.सं. १९०३-२००७) | ७ |
| | २.४.१ गोर्खापत्र प्रकाशनपूर्व (१९०३-१९५८) | ७ |
| | २.४.२ गोर्खापत्र प्रकाशनपश्चात (१९५८-२००७) | ७ |
| २.५ | प्रजातन्त्र काल (२००७-२०१७) | १० |
| २.६ | पञ्चायत काल (२०१७-२०४५) | १३ |
| २.७ | प्रजातन्त्र पुनर्स्थापनापछिको काल (२०४६ देखि वर्तमानसम्म) | १७ |


## परिच्छेद तीन
## नेपाली साहित्य र गोर्खापत्र


| | | |
|---|---|---|
| ३.१ | भूमिका | २१ |
| ३.२ | माध्यमिककालीन नेपाली साहित्य र गोर्खापत्र | २१ |
| ३.३ | गोर्खापत्रमा आधुनिक नेपाली साहित्य वि.सं. २०१७ सम्म | २३ |


## परिच्छेद चार
## प्रकाशित रचनाहरूको विधागत वर्गीकरण


| | | |
|---|---|---|
| ४.१ | प्रकाशित कविता र कविहरूका प्रमुख प्रवृत्तिहरू | २८ |
| | ४.१.१ प्रकाशित गीत तथा गीतकारहरूका प्रमुख प्रवृत्तिहरू | ९५ |
| | ४.१.२ प्रकाशित मुक्तक र मुक्तककारका प्रमुख प्रवृत्तिहरू | १०२ |

४.२ प्रकाशित कथा र कथाकारहरूका प्रमुख प्रवृत्तिहरू १०३
४.२.१ आधुनिक कथा १०३
४.२.२ नीति उपदेशमूलक कथा र कथाकारका प्रमुख प्रवृत्तिहरू ११८
४.३ प्रकाशित समालोचना र समालोचकहरूका प्रमुख प्रवृत्ति १२३
४.४ प्रकाशित निबन्ध तथा निबन्धकारका प्रमुख प्रवृत्तिहरू १५५
४.४.१ प्रकाशित प्रबन्ध तथा प्रबन्धकारका प्रमुख प्रवृत्तिहरू १५८
४.४.२ प्रकाशित यात्रासंस्मरण र यात्रासंस्मरणकारका प्रमुख प्रवृत्तिहरू १५९
४.५ प्रकाशित एकाङ्की र एकाङ्कीकारका प्रमुख प्रवृत्तिहरू १६४
४.६ प्रकाशित जीवनी र जीवनीकारका प्रमुख प्रवृत्तिहरू १६७
४.६.१ प्रकाशित आत्मकथा र आत्मकथाकारका प्रमुख प्रवृत्तिहरू १७०
४.७ प्रकाशित हास्यव्यङ्ग्य र हास्यव्यङ्ग्यकारहरूका प्रमुख प्रवृत्तिहरू १७१
४.८ प्रकाशित कृति समीक्षा र समीक्षकका प्रमुख प्रवृत्तिहरू १७३

**परिच्छेद पाँच**

**उपसंहार** १८८
**सन्दर्भसामग्री** १९०
**परिशिष्ट खण्ड** १९१

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| अप्र. | - | अप्रकाशित |
| अनु. | - | अनुवाद |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| वि.सं. | - | विक्रम सम्वत् |
| श.प. | - | शनिवारीय परिशिष्टाङ्क |
| संक. | - | सङ्कलन |
| सम्पा. | - | सम्पादक |
| प्रका. | - | प्रकाशक |
| ने.रा.प्र.प. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |

## परिच्छेद एक
## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली साहित्यमा गोर्खापत्रको योगदान** (**वि.सं. २०१७-२०२७**), **विवरणात्मक सूचीपत्र** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको आवश्यकता परिपूर्ति गर्नु रहेको छ ।

### १.३ विषयपरिचय

वि.सं. १९५८ वैशाख २४ गते सोमबार तदनुसार १९५८ ज्येष्ठ बदी ३ रोज २ का दिनबाट साप्ताहिक रूपमा प्रकाशन आरम्भ गरेको गोर्खापत्र यो अवस्थासम्म आइपुग्दा मुलुककै एक मात्र जेठो तथा आधिकारिक प्रकाशन संस्थाका रूपमा आफ्नो गरिमा कायम राख्न सफल भइरहेको छ । यद्यपि प्रकाशन आरम्भ गर्दाको समयमा यसलाई मूलतः समाचारमूलक पत्र बनाउने ध्येय रहेको देखिन्छ तर यसले भाषा तथा साहित्यका क्षेत्रमा पनि उल्लेख्य टेवा पुऱ्याउँदै आएको छ । यसप्रकार समाचारमूलक पत्रिका हुँदाहुँदै पनि गोर्खापत्रले नेपाली वाङ्मयकै क्षेत्रमा बिर्सीनसक्नु गुन लगाउँदै आएको छ । वास्तवमा कुनै पनि देशको भाषासाहित्यको समृद्धिका लागि त्यस देशका पत्रपत्रिकाहरूको ठूलो भूमिका रहेको हुन्छ । अहिलेसम्म मुलककै जेठो पत्रिका भएर गोर्खापत्रले समाचार प्रेषित गरेर जति योगदान पुऱ्याएको छ त्यो भन्दा पनि बढी साहित्यसर्जकहरूलाई आफ्नो प्रतिभा पोख्ने स्थान उपलब्ध गराएर योगदान गरेको छ भन्नुमा अत्युक्ति हुँदैन । प्रकाशित समाचारको मूल्य र महत्त्व त्यतिबेलासम्म मात्र रहन्छ जति बेलासम्म उक्त समाचार ताजा नै रहन्छ । अर्कातिर प्रकाशित साहित्यिक सामग्रीको महत्त्व भने सयौं वर्षसम्म पनि उत्तिकै प्रभावकारी रहने गर्दछ । यसै तथ्यले पनि गोर्खापत्रको साहित्यिक योगदानको महत्तालाई स्पष्ट पार्दछ । यसका अतिरिक्त गोर्खापत्रलाई माध्यमिककालीन नेपाली साहित्यको इतिहास निर्माताका रूपमा समेत लिने गरिएको छ । नेपाली साहित्य प्राथमिक कालबाट गोर्खापत्रको प्रकाशन आरम्भसँगै माध्यमिक कालमा प्रवेश गरेको हुनाले गोर्खापत्रलाई नेपाली साहित्यको युग प्रवर्तक सहयात्री मान्ने गरिएको छ । वास्तवमा गोर्खापत्रले थुप्रै सर्जकहरू जन्मायो भविष्यका ख्यातिप्राप्त साहित्यसर्जकहरूलाई प्रारम्भिक समयमा नै चिनेर गोर्खापत्रले सिकारु सर्जकहरूलाई समेत न्याय गरेको देखिन्छ । नेपाली साहित्यका महाकवि बन्न पुगेका लक्ष्मीप्रसाद देवकोटाको प्रथम कविता 'पूर्णिमाको जलधि' पनि वि.सं. १९९१ मङ्सिर १५ गतेको गोर्खापत्रमा नै छापिएको थियो ।[१]

यसैगरी अन्य चर्चित कविहरू माधवप्रसाद देवकोटा, युद्धप्रसाद मिश्र, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, भीमनीधि तिवारी आदिका प्रथम कविताहरू पनि सर्वप्रथम गोर्खापत्रमै सार्वजनिक भएका थिए । यसैगरी यदुनाथ खनालको निबन्ध, माधवलाल कर्माचार्यको कविता, सुन्दरप्रसाद शाह 'दुःखी'को कविता, कुमारबहादुर जोशीको कविता, शिव रेग्मीको समालोचना पनि गोर्खापत्रमार्फत नै प्रथम पटक सार्वजनिक भएका थिए ।[२]

प्रारम्भमा गोर्खापत्रमा साहित्यिक सामग्रीको प्रकाशनमा कुनै नियमितता रहेको देखिँदैन तर जब गोर्खापत्रले भाषासाहित्यप्रति समर्पित हुँदै शनिवासरीय परिशिष्टाङ्कको नियमित प्रकाशन गर्न थाल्यो त्यसपछि भने गोर्खापत्रमा साहित्यिक रचनाहरूको प्रकाशन प्रवाह अधिक देखिन्छ । गोर्खापत्रले वि.सं. २०१९ असार ९ गतेदेखि शनिवासरीय परिशिष्टाङ्कको प्रकाशन प्रारम्भ गरेको हो ।[३]

---

[१] चूडामणि बन्धु, **देवकोटा**, साझा प्रकाशन, २०५८, पृ. २३ ।

[२] जयदेव भट्टराई, गोरखापत्र स्रष्टा र सिर्जनाको साइनो, मधुपर्क, २०५७, ज्येष्ठ, पृ. ४१ ।

[३] वि.सं. २०१९ असार ९ गतेको गोर्खापत्र ।

यसरी स्थापनादेखि वर्तमानसम्म नै गोर्खापत्रले नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको परिप्रेक्ष्यमा वि.सं. २०१७ देखि वि.सं. २०२७ सम्मको एक दशक समयावधिमा गोर्खापत्रले नेपाली साहित्यका क्षेत्रमा के कस्तो योगदान पुऱ्यायो ? सो को विवरणात्मक अध्ययन नै प्रस्तुत शोधकार्यको विषय रहेको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यको विकासमा पत्रपत्रिकाको ठूलो योगदान रहिआएको छ । पत्रपत्रिकामा लेखरचना प्रकाशित गराएर नै अधिकांश नवउदीयमान् प्रतिभा तथा स्थापित व्यक्तित्वहरूले साहित्यिक धरातलमा दरिलो पाइला टेक्न सफल भएका छन् । यसरी नवप्रतिभाहरूको प्रष्फुटनदेखि लिएर साहित्यका विभिन्न विधामा सङ्ख्यात्मक साथै गुणात्मक रचनाहरूको अभिवृद्धि गर्नमा पत्रपत्रिकाहरूले पुऱ्याएको योगदान उल्लेखनीय छ । यसै सन्दर्भमा ती पत्रपत्रिकाहरूले नेपाली साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदानको अध्ययन-मूल्याङ्कन पनि बेलाबेलामा हुँदै आएको सिलसिलामा गोर्खापत्रले नेपाली साहित्यमा पुऱ्याएको योगदानको पनि विगतमा केही हदसम्म अध्ययन भएको र त्यस अध्ययनमा एक किसिमले गोर्खापत्रको साहित्यिक इतिहासको खाका कोरिएकाले अध्ययन मूल्याङ्कनको क्रमलाई अगाडि बढाउँदै अध्ययन हुन बाँकी क्षेत्रको अध्ययन गर्ने जमर्को गरिएको छ ।

यो कुरा सर्वविदितनै छ कि गोर्खापत्र समाचारमूलक पत्रिका हुँदाहुँदै पनि साहित्यको सेवा गर्न पनि सक्रिय रूपमा लागिपरेको छ । प्रकाशन आरम्भ भएदेखि नै यसले आफूलाई साहित्यिक गतिविधिमा संलग्न गराउँदै आएको छ । यसर्थ गोर्खापत्र-

(क) किन र कुन उद्देश्य लिएर कहिलेदेखि प्रकाशन आरम्भ भयो ?

(ख) प्रकाशन आरम्भ गरे पछि के कस्ता उतारचढावको सामना गर्नुपऱ्यो ?

(ग) नेपाली साहित्यका क्षेत्रमा कस्तो योगदान गऱ्यो ?

(घ) कुन कुन विधामा कस्ता कस्ता रचनाहरू दियो ?

उपर्युक्त समस्याहरू प्रस्तुत शोधकार्यसँग सम्बद्ध रहेका छन् । यस शोधपत्रले समाधेय ठानेका मूलभूत समस्याहरू यिनै हुन् ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार हुने छन् -

(क) अध्ययनको समय सीमामा रहेर गोर्खापत्रमा प्रकाशित रचनाहरूको विवरण सङ्कलन गर्नु ।

(ख) प्रकाशित रचनाहरूको विधागत वर्गीकरण गर्नु ।

(ग) निर्दिष्ट अवधिमा प्रकाशित साहित्यिक रचनाहरूको लेखकका नामको वर्णानुक्रमका आधारमा वर्णानुक्रमिक सूची तयार गर्नु ।

(घ) नेपाली साहित्यका क्षेत्रमा गोर्खापत्रले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यको विस्तार र विकास गर्न पत्रपत्रिकाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याएका हुन्छन् । यसैक्रममा गोर्खापत्र पत्रिकाले पनि आफ्नो तर्फबाट साहित्यको विस्तार र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । गोर्खापत्रले साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा यो भन्दा पहिला भएका अध्ययन मूल्याङ्कनसम्बन्धी कार्यहरूका विवरण निम्नानुसार उल्लेख गरिएको छ-

(क) राममणि आचार्य दीक्षितले वि.सं. १९८५ मा गोरखापत्रबोध नामक पुस्तक प्रकाशित गरेको देखिन्छ तर उक्त पुस्तक उपलब्ध हुन नसक्दा त्यसभित्र के कस्ता विषयवस्तु समेटिएका थिए भन्ने कुरा अज्ञात नै रहेको छ ।

(ख) वि.सं. २०३२ मा त्रि.वि.नेपाल र एसियाली अध्ययन संस्थानको संयुक्त पहलमा साकेट विहारी ठाकुरको सम्पादनमा गोरखापत्रको विवरणात्मक सूचीपत्र प्रकाशन गराएको देखिन्छ । उक्त सूचीपत्रमा खण्ड १ र खण्ड २ गरी जम्मा २ खण्ड रहेका छन् । खण्ड १ मा १९५८ देखि २००७

सम्मको विवरण उल्लेख गरिएको छ भने खण्ड २ मा २००८ देखि २०१७ सम्मको विवरण उल्लेख गरिएको छ ।

(ग) लक्ष्मीप्रसाद पन्थीले वि.सं. २०३४ मा नेपाली साहित्यको विकासमा गोर्खापत्रको योगदान (१९५८-१९९०) शीर्षकमा त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षण समितिअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक परिपूर्तिको लागि शोधकार्य सम्पन्न गरेका छन् ।

(घ) गङ्गाधर कट्टेलले वि.सं. २०३६ मा नेपाली साहित्यमा गोरखापत्रको योगदान (१९९१-२००७) शीर्षकमा त्रिभुवन विश्वविद्यालयको नेपाली शिक्षण समिति अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको प्रयोजनका लागि शोधकार्य सम्पन्न गरेका छन् ।

(ङ) रघुनाथ पोखेलले नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान (२००७-२०१६) शीर्षकमा वि.सं. २०५४ मा त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि शोधकार्य गरेका छन् । यो शोधकार्य पनि अहिले गर्न लागिएको शोधकार्यभन्दा पृथक समय सीमाको भएकाले प्रस्तुत शोधकार्यको महत्त्व बेग्लै किसिमको रहेको छ ।

(च) डा. तुलसी भट्टराईले नेपाली वाङ्मयको अक्षय भण्डार शीर्षक लेख मधुपर्क २०५७ जेठ अङ्कमा लेख्दै गोर्खापत्र साहित्यिक पत्रिका नभए तापनि भाषा तथा साहित्यको उन्नतिमा विशिष्ट योगदान पुऱ्याएको चर्चा गरेका छन् ।

(छ) शिव रेग्मी गोरखापत्रमा साहित्यिक रचनाहरूको स्तर खस्केकै हो ? शीर्षक लेख मधुपर्क गोरखापत्र शताब्दी अङ्क २०५७ मा लेख्दै १९९१ फागुनमा शारदा मासिक पत्रिका ननिक्लुञ्जेल गोर्खापत्रले नेपाली साहित्यका विभिन्न विधामा दिएको योगदानको मूल्याङ्कन नै हुन नसकेको विचार व्यक्त गर्दछन् ।

(ज) कमल दीक्षित, गो.प. शतवार्षिकी विद्वतवृत्तिको शीर्षक लेख मधुपर्क २०५७ जेठ अङ्कमा लेख्दै सय वर्ष पुगिसकेको गोर्खापत्रका बारेमा अनेकौं पक्षमा विद्यावारिधि अध्ययन हुन सक्ने त्यसमा पनि साहित्यपट्टिको शोधखोज विशेष प्रकारले गरिनुपर्ने धारणा राख्छन् ।

माथि उल्लिखित शोधग्रन्थ र लेखरचनाहरूको उपस्थिति देखिँदादेखिँदै पनि गोर्खापत्रको साहित्यिक योगदानका बारेमा समग्र अध्ययन पूरा नभइरहेको स्थितिमा यो शोधपत्रले केही हदसम्म भए पनि उक्त अपूर्णतालाई पूरा गरेको छ । प्रस्तुत शोधपत्रको शीर्षक नेपाली साहित्यमा गोर्खापत्रको योगदान (२०१७-२०२७), विवरणात्मक सूचीपत्र भएको हुनाले पूर्ववर्ती शोधार्थीहरूको शोधकार्यले यस समयावधिलाई समेट्न नसकेको तथा अन्य फुटकर लेख रचनाहरूले अध्ययन अन्वेषणको अभाव पूरा नगरेको हुँदा निश्चय नै यस शोधपत्रले पूर्ववर्ती शोधकार्य एवम् लेखरचनाहरूले नसमेटेको अर्को समय सीमालाई समेटेको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत नेपाली साहित्यमा गोर्खापत्रको योगदान, (२०१७-२०२७) विवरणात्मक सूचीपत्र विषयको शोधपत्र नेपाली भाषा साहित्यप्रति रुचि राख्ने जोसुकै अध्येताहरूको लागि पनि उपयोगी सिद्ध हुनेछ । यति मात्र नभएर गोर्खापत्र स्वयम्का लागि पनि आफूले साहित्यका क्षेत्रमा दिएको योगदानको मूल्याङ्कन तथा पुनःस्मरण गर्नुपर्दा उपयोगी हुन जाने देखिन्छ । समग्रमा गोर्खापत्रको साहित्यिक इतिहासबारे चासो राख्ने जोसुकै अध्येता तथा पाठकसर्जकहरूका लागि पनि प्रस्तुत शोधपत्र उपयोगी हुने देखिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यमा गोर्खापत्रको योगदान शीर्षक आफैमा एउटा विस्तृत आयाम बोकेको शीर्षक भएको तथा विगतमा विभिन्न कालखण्डमा टुक्राएर यसको अध्ययन पनि भइसकेकाले यस शोधपत्रको प्रयोजनका लागि वि.सं. २०१७ वैशाख १ गते देखि वि.सं. २०२६ चैत मसान्तसम्मको एकदशक समयावधि निर्धारण गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य पूरा गर्न मूलतः पुस्तकालय विधिको प्रयोग गरिएको छ । उपलब्ध सामान्य पुस्तकालयहरूमा गोर्खापत्रका पुराना अङ्कहरूको उचित व्यवस्थापन र भण्डारण नभएको देखिएको तथा

नेपालकै एक मात्र केन्द्रीय पुस्तकालयमा पनि वि.सं. २०२५ देखिका गोर्खापत्र मात्र खण्डित अवस्थामा रहेकाले प्रस्तुत शोधकार्यको प्रयोजनका लागि पुरातत्त्व विभागअन्तर्गतको राष्ट्रिय अभिलेखालयमा रहेको माइक्रोफिल्म शाखाको माइक्रोफिल्म पद्धतिको उपयोग गरिएको छ । सामग्री सङ्कलन प्राथमिक स्रोतबाट नै गरिएको छ । गोर्खापत्रमा प्रकाशित विभिन्न साहित्यिक रचनाहरूको तथ्य सङ्कलनपश्चात तिनीहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा आफूमा परेको प्रभावका आधारमा प्रभावपरक समालोचना प्रणालीको उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नलिखित पाँच अध्यायमा विभाजित गरी तयार पारिएको छ-

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : नेपालमा छापाखाना र पत्रकारिताको विकासक्रम

परिच्छेद तीन : नेपाली साहित्य र गोर्खापत्र

परिच्छेद चार : प्रकाशित रचनाहरूको विधागत वर्गीकरण

परिच्छेद पाँच : उपसंहार

यी प्रत्येक अध्यायभित्र आवश्यकताअनुसार शीर्षक-उपशीर्षक राखी शोधकार्यको रूपरेखा तयार गरिएको छ ।

# परिच्छेद दुई

# नेपालमा छापाखाना र पत्रकारिताको विकासक्रम

## २.१ पृष्ठभूमि

कुनै पनि देशको भाषिक विकास तथा साहित्यिक समृद्धिका लागि पत्रकारिताको ठूलो भूमिका रहेको हुन्छ । नेपाली भाषासाहित्यको विकासका सन्दर्भमा पनि पत्रपत्रिकाले उल्लेखनीय भूमिका खलेका छन् । नेपाली पत्रकारिताको इतिहास हेर्दा के देखिन्छ भने प्रारम्भमा साहित्यिक सिर्जनाहरू छापिन थालेका समयमा नेपाली पत्रकारिता जगत् अज्ञानताकै स्थितिमा थियो । मुद्रण व्यवस्थाको अभावले पनि तत्कालीन स्थितिमा पत्रकारिताको आरम्भमा बाधा पुऱ्याएको थियो । छापाखानाहरूको स्थापना भएर मुलुक मुद्रण युगमा प्रवेश गर्ना साथै नेपाली पत्रपत्रिका प्रकाशनको आरम्भ हुन थाल्यो । यसरी सचेत रूपमा पत्रपत्रिका प्रकाशित हुन थालेपछि लिपिका माध्यमले सूचना आदानप्रदान हुन थालेको देखिन्छ ।

## २.२ छापाखानाको स्थापना र मुद्रण युगको आरम्भ

पत्रपत्रिकाको इतिहास सुरु गर्नुभन्दा पूर्व छापाखानाको इतिहास कोट्याउनु सान्दर्भिक हुन जान्छ । अध्ययन अनुसन्धानबाट नेपालमा छापाखानाको सुरुवात वि.सं. १९०८ मा मात्र भएकोहो भन्ने पुष्टि हुन्छ । तत्कालीन श्री ३ महाराज जङ्गबहादुर राणाको बेलायत भ्रमणबाट फिर्ती सवारी हुँदा एउटा सानो हातेप्रेस ल्याएका थिए ।[४] यसको जीर्ण रूप अद्यपि गोर्खापत्र छापाखानाको एउटा कुनामा फेला पार्न सकिन्छ । उक्त पहिलो प्रेसलाई 'गिद्धेप्रेस' भनिने गर्दथ्यो । यस मेशिनको टुप्पामा गिद्धका पखेटा फिँजिएको जस्तो आकृति देखिने हुनाले यसलाई 'गिद्धेप्रेस' भनिने चलन बसेको थियो ।[५] सुरुमा यसलाई सरकारी प्रयोजनका लागि प्रयोगमा ल्याइयो र यसले हुलाकपत्र, टिकट, लिफा आदि छाप्दथ्यो ।[६] गिद्धेप्रेस स्थापनाको केही वर्षपछि 'मनोरञ्जन' छापाखानाको स्थापना भएको देखिन्छ । यो छापाखाना स्थापनाको कुनै निश्चित समय तोक्न नसकिए पनि यस छापाखानाले वि.सं. १९१९ भन्दा अगाडि नै पुस्तकहरू छाप्न थालेको कुराको प्रमाण **मोक्षसिद्धी** नामक पुस्तकको आवरण पृष्ठमा छापिएको विज्ञापन "नेपाल मनोरञ्जन प्रेसमा छापिएका किताव तपसिल बमोजिमका मूल्यमा पाइन्छन्" भन्ने विवरणबाट पाइन्छ ।[७] यसको स्थापना ठँहिटीमा गरिएको थियो । छापाखाना स्थापनाकै क्रममा मनोरञ्जन प्रेसपछि वि.सं. १९३० देखि १९३३ को बीचमा नेपालमा वीरशमशेरले **नारायणहिटी छापाखाना**को स्थापना गरेका थिए ।[८] यसका अतिरिक्त बसन्तपुरमा वि.सं. १९४९ भन्दा पूर्व अर्को एउटा सरकारी छापाखाना स्थापना भएको थियो । यो छापाखाना **जङ्गी लिथोग्राफी** का नामले चिनिन्थ्यो । यस छापाखानाले फौजीसम्बन्धी प्रयोजनका कागजातहरू छाप्ने गर्दथ्यो ।[९] यसैगरी वि.सं. १९५० को आसपासमा पाको पोखलड्याङ्मा कुबेररत्न बज्राचार्यले एउटा निजी छापाखानाको स्थापना गरेका थिए । उक्त प्रेसको नाम **बुद्धप्रेस** राखिएको थियो ।[१०] इतिहासमा उल्लेख भएअनुसार उनले त्यो प्रेस आफ्नै बुद्धि विवेकको प्रयोग गरेर आविष्कार गरेका थिए । यस बुद्ध प्रेसको अस्तित्व वि.सं. १९७९ सालसम्म रहेको देखिन्छ । यसपछि असनका धर्महर्ष बज्राचार्यले **अन्नपूर्ण प्रेस**का नामले उक्त बुद्धप्रेसलाई सञ्चालनमा ल्याएका थिए ।[११]

---

[४] ग्रीष्मबहादुर देवकोटा, नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन
२०५१), पृ. १९ ।

[५] ऐजन ।

[६] ऐजन पृ. २० ।

[७] ऐजन ।

[८] ऐजन, पृ. २२ ।

[९] ऐजन ।

[१०] मदनप्रसाद अर्याल, **प्रेसको पूर्वइतिहास र नेपालमा छापाखानाको उत्पत्ति,** गोरखापत्र, वि.सं. २०२६ श्रावण ९, पृ.३ ।

[११] शिव रेग्मी र पी. खरेल, **नेपालमा आमसञ्चारको विकास,** पहिलो संस्करण, (काठमाडौँ :डेनिस अन्तर्राष्ट्रिय विकास सहयोगको सहयोगमा नेपाल आमसञ्चार प्रशिक्षक संघ २०५८), पृ. ७७ ।

अध्ययन अनुसन्धानबाट के देखिन्छ भने नेपालमा वि.सं. १९५० को समय सम्म स्थापित प्रेसहरू सर्वसाधारण जनताको सुविधा र कार्यसम्पादनका लागि नभएर सरकारी कामकाज र राणा शासकका भाइछोरा र गुरू खलकका प्रयोजनका लागि मात्र थिए ।[१२] नेपालमा सेवाग्राही जनताको भावना र मर्मलाई बुझ्दै पहिलोपटक व्यवसायिक रूपमा वि.सं. १९५० मा 'पाशुपत प्रेस'को स्थापना भएको देखिन्छ । यस प्रेसको स्थापना पण्डित मोतीकृष्ण धीरेन्द्रद्वारा काठमाडौँको ठहिंटीमा गरिएको थियो ।[१३] यस प्रेसले प्रारम्भमा विभिन्न पुस्तक, लघुपत्रिका आदि छाप्ने गर्दथ्यो । पछि गएर यो प्रेस **बटुफसीकेव टोल**मा सरेको थियो । नेपाल भित्रैबाट पहिलो पटक प्रकाशित **सुधासागर** नामक पत्रिका यसै पाशुपत प्रेसमा छापिएको थियो ।[१४] सुधासागरले जन्म लिएपछि नेपाली भूमिबाट प्रकाशित माहिलो पत्रिका 'गोर्खापत्र' साप्ताहिकको प्रकाशन पनि **पाशुपत प्रेस**बाट नै हुने गर्दथ्यो । यही **पाशुपत प्रेस** को स्थापना र प्रभावकारी कार्यसम्पादनपछि मात्र नेपालमा निजी रूपमा विभिन्न प्रेसहरू अस्तित्वमा देखिन थालेका हुन् । यसै क्रममा वि.सं. १९६९ मा काठमाडौँको नक्सालमा सर्वप्रथम विद्युतीय छापाखानाको स्थापना भयो । यसको नामाकरण नै **इलेक्ट्रिक प्रेस** भनी गरिएको थियो ।[१५]

यसरी **गिद्धेप्रेस**बाट प्रारम्भ भएको नेपाली छापाखानाको इतिहास वर्तमान अवस्थासम्म आइपुग्दा अत्यन्त समुन्नत भइसकेको छ । विभिन्न कठिनाईहरूको सामना गर्दै माथि उठेको नेपाली छापाखाना अहिले आएर अत्याधुनिक कम्प्युटर प्रविधिलाई अँगाल्दै अगाडि बढिरहेको छ ।

## २.३ पत्रपत्रिकाको प्रकाशन परम्परा

नेपालमा छापाखानाको सुरुवात धेरै पहिला भएको भए तापनि पत्रपत्रिका प्रकाशनको परम्परा भने निकै वर्षपछि मात्र प्रारम्भ भएको हो । पत्रपत्रिकाले स्थान पाउनुभन्दा अगाडि सूचना सम्प्रेषणको लागि कटुवाललाई कर्नाल फुक्न लगाउने, घोक हाल्न लगाउने, शङ्खनाद गर्ने वा झ्याली पिट्ने गरिन्थ्यो ।[१६] सूचना सम्प्रेषणका यी पक्रियाहरू धेरै झन्झटिला र कम सम्प्रेषणयुक्त थिए । यिनै परिस्थितिका बीचमा बि.सं. १९५५ श्रावण महिनामा **सुधासागर** नामक पत्रिका देखापर्‍यो । मासिक रूपले निस्कने यो पत्रिका नेपाली धरतीबाट प्रकाशित हुने प्रथम पत्रिका हो । यसरी वि.सं. १९५५ श्रावण महिनामा **सुधासागर** बाट प्रारम्भ भएको नेपाली पत्रकारिताको इतिहासले अहिलेसम्ममा परिमाणात्मक तथा गुणात्मक दुवै दृष्टिले निकै नै उन्नति गरिसकेको छ । एक शताब्दीभन्दा लामो नेपाली पत्रकारिताको इतिहासलाई सिङ्गो रूपमा अध्ययन गर्नु कठिन मात्र होइन प्रायः असम्भव नै हुने हुँदा निम्नलिखित चरणमा विभाजन गरेर नेपाली पत्रकारिताको विकासक्रम निर्धारण गर्ने प्रयास गरिएको छ-

(क) राणा काल (वि.सं. १९०३-२००७)

अ. गोर्खापत्र प्रकाशनपूर्व (१९०३-१९५८)

आ. गोर्खापत्र प्रकाशनपश्चात (१९५८-२००७)

(ख) प्रजातन्त्र काल (२००७-२०१७)

(ग) पञ्चायत काल (२०१७-२०४६)

(घ) प्रजातन्त्र पुर्नस्थापनापछिको काल (२०४६ देखि वर्तमानसम्म)

---

[१२] चिरञ्जीवी अर्याल, **नेपाली साहित्यमा 'रश्मि' पत्रिकाको योगदान** (अप्र.स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग २०५९), पृ. ८ ।

[१३] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत् पृ. २५ ।

[१४] विजय चासिले, **समाचार सङ्कलन तथा सम्पादन, समाचार लेखन तथा सम्पादन,** खण्ड क, तेस्रो सं. (काठमाडौँ : सृष्टि प्रकाशन, २०५७) पृ. १३५ ।

[१५] भरतकुमार पोखरेल, **नेपाली साहित्यमा 'तन्नेरी' पत्रिकाको योगदान** (अप्र.स्नातकोत्तर शोधपत्र, त्रि.वि.ने.के.वि., २०५४) पृ. ८ ।

[१६] विजयचालिसे, पूर्ववत्, पृ. १४५ ।

## २.४ राणा काल (वि.सं. १९०३-२००७)

वि.सं. १९०३ असोज २ गतेदेखि वि.सं. २००७ फल्गुण ७ गतेसम्मको समयावधिलाई नेपालको इतिहासमा राणाकालको रूपमा चिनिन्छ । जहानियाँ राणाहरूको रोलक्रममा आधारित शासन व्यवस्थामा उनीहरूको पारिवारिक वृत्तमा बाहेक अन्य सर्वसाधारण नेपाली जनताका छोराछोरीलाई शिक्षा तथा अन्य आधुनिक संसारका उपलब्धिपूर्ण क्रियाकलापहरू उपलब्ध थिएनन् । यसको फलस्वरूप जनतामा चेतनाको स्तर उठ्न नसकी लामो समयसम्म नेपाली समाज अन्योलको भुमरीमा फसिरह्यो । देशभित्र शिक्षा प्राप्त गर्ने अवसर नभए तापनि तत्कालीन अवस्थामा केही उच्च खानदानका मानिसहरू शिक्षाप्राप्तिका लागि भारतका वनारस आदि शिक्षाकेन्द्रहरूमा जाने प्रचलन थियो । वनारसमा शिक्षा प्राप्त गर्ने क्रममा भारतमा पत्रपत्रिकाले गरेको भाषा सेवा देखेर नेपाली उत्साही युवाहरूमा पनि आफ्नो भाषासाहित्यको उन्नतिको लागि नेपाली भाषामा पत्रपत्रिका प्रकाशन हुन आवश्यक छ भन्ने महसुस हुन गयो । परिणामस्वरूप वि.सं. १९४२ मा भारतको वनारसबाटै **गोर्खा-भारत-जीवन** नामक पत्रिका प्रकाशित देखिन्छ ।

यसरी **गोर्खा-भारत-जीवन**बाट प्रारम्भ भएको पत्रपत्रिका प्रकाशन परम्परा राणाशासनको प्रतिकूल परिस्थितिका बीचमा पिल्सिँदै भए पनि केही अगाडि बढ्न सफल भएको देखिन्छ । राणाकालको यो १०४ वर्षे अवधिलाई पत्रपत्रिका प्रकाशन दृष्टिले निम्न दुई खण्डमा विभाजन गरिएको छ-

### २.४.१ गोर्खापत्र प्रकाशनपूर्व (१९०३-१९५८)

राणा शासकहरू सर्वसाधारण जनतालाई शिक्षा, सूचना, मनोरञ्जन आदिबाट टाढै राख्न चाहने हुँदा शिक्षा तथा सूचनाको स्रोतमा कडा नियन्त्रण कायम गरेर बसेका थिए । यसो भए तापनि समयको प्रवाहलाई रोकेर रोक्न सकिन्न भनेझैँ प्रारम्भिक समयमा जतिसुकै कडा नियन्त्रण भए पनि जनतामा चेतनाको स्तर अभिवृद्धि हुँदै जाँदा क्रमशः सर्वसाधरण जनतामा पनि शिक्षा तथा सूचना आदिप्रति मोह जाग्दै गएको देखिन्छ । उता राणाहरू स्वयम् पनि अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो छवि राम्रो देखाउने प्रयत्नमा फाटफुट सुधारका कार्यक्रमहरू लिएर प्रस्तुत हुने गर्दथे । यिनै कारणहरूले गर्दा प्रारम्भमा लोकपराम्पराबाटै सूचना सम्प्रेषण गर्दै आएको नेपाली समाज पचासको दशकमा आइपुग्दा योजनाबद्ध पत्रकारितातर्फ अभिमुख भएको देखिन्छ । हुनत वि.सं. १९४२ मै वनारसबाट मोतीराम भट्टको सक्रियतामा ‘गोर्खा-भारत-जीवन’ नामक पत्रिका प्रकाशित भइसकेको जानकारी पाइए तापनि नेपाली भूमिबाट सर्वप्रथम प्रकाशित पत्रिका भने ‘सुधासागर’ १९५५ नै भएको ठहर्छ । यसप्रकार लोकपरम्पराबाट गुज्रिरहेको सूचना सम्प्रेषणको प्रचलनलाई छोड्दै यस अवधिमा लिपिका माध्यमले सूचना आदनप्रदान हुन थालेको तथा नेपालभित्रबाट तथा बाहिरबाट समेत पत्रपत्रिका प्रकाशनको परम्परा प्रारम्भ भएको पाइन्छ तापनि गोर्खापत्र प्रकाशनपूर्वको नेपाली पत्रकारिताको इतिहास लामो भने छैन । समग्र नेपाली पत्रकारिताको बीजाधान भएको यो समयावधि नेपाली पत्रकारिताको पृष्ठाधारका रूपमा मात्र देखापर्दछ ।

### २.४.२ गोर्खापत्र प्रकाशनपश्चात (१९५८-२००७)

वि.सं. १९५८ वैशाख २४ गतेबाट गोर्खापत्रको प्रकाशन आरम्भ भएको हो । प्रकाशन परम्परालाई हेर्दा नेपालबाट प्रकाशित हुने दोस्रो पत्रिकाको दर्जा गोर्खापत्रले पाउँछ । प्रकाशन आरम्भ हुँदा साप्ताहिक रूपमा प्रकाशित भएको यो पत्रिका २००० साल असोज २९ गतेदेखि अर्धसाप्ताहिक, २००३ पौष ८ गतेदेति त्रिसाप्ताहिक र २०१७ फाल्गुण ७ गतेदेखि दैनिक संस्करणका रूपमा प्रकाशित हुन थाल्यो ।[१७] यसैगरी २०१९ कार्तिक २ गतेदेखि २०२२ साल असोज १२ गतेसम्म दिनको दुईपटक प्रातकालीन र सध्याकालीन संस्करणका रूपमा समेत प्रकाशित भयो ।[१८] प्रारम्भमा **गोर्खापत्र**का हिज्जेका साथ प्रकाशन भएको यो पत्रिका वि.सं. १९८३ जेठ ४ गतेदेखि हिज्जेमा परिवर्तन गरी **गोरखापत्र** लेख्न थालियो ।[१९] करीब आठ दशक जति **गोरखापत्र** लेख्दै आएकोमा वि.सं. २०६२ असार २३ गते विहीबारदेखि पुनः पहिलाकै रूपमा **गोर्खापत्र**कै हिज्जेमा लेख्न थालिएको छ । गोर्खापत्रले स्थापनाकालदेखि नै पाठक सङ्ख्या बढाउने हेतुले समाचारका साथसाथै साहित्यिक सामग्रीहरू पनि प्रकाशन गर्ने गरेको देखिन्छ ।

---

[१७] ऋषिराम भुसाल र अन्य, **पत्रकारिताको रुपरेखा** (बुटवल : विद्यार्थी पुस्तक पसल, २०५०) पृ. २३ ।

[१८] गोर्खापत्र वि.सं. २०१९ कार्तिक २ गतेदेखि वि.सं. असोज १२ सम्मका अङ्कहरु ।

[१९] गोरखापत्र वि.सं. १९८३ जेठ ४ को अङ्क ।

**गोर्खापत्र** प्रकाशनपछि निकै लामो समयसम्म नेपाली भूमिबाट पत्रपत्रिका प्रकाशन भएनन् । तत्कालीन अवस्थामा राणाहरूको क्रूर तथा बर्बर शासन व्यवस्था भएको कारण पनि पत्रपत्रिका तथा शैक्षिक जागरणको क्षेत्रमा उल्लेख्य काम नभएको देखिन्छ । पत्रपत्रिका प्रकाशन हुँदै गएमा जनतामा चेतना जाग्ला भन्ने भयले राणाहरूले पत्रपत्रिका प्रकाशनमा रोक लगाएका कारण पनि **गोर्खापत्र**पछि तीस वर्षजति नेपालबाट कुनै पत्रपत्रिकाहरू प्रकाशन भएनन् । उक्त अवधिमा भारतबाट प्रकाशित पत्रपत्रिकाले भने भाषासाहित्यको उत्थानमा सहयोग पुऱ्याएको देखिन्छ । भारतका वनारसबाट एस्. एस्. शर्माको सम्पादकत्वमा वि.स. १९५९ मा प्रकाशित **उपन्यास तरङ्गिणी** नामक पत्रिकाले गरेको भाषा सेवा उल्लेख्य छ । यस पत्रिकाले धारावाहिक रूपमा उपन्यास प्रकाशित गर्ने गर्दथ्यो । पहिलो मौलिक उपन्यास मानिने **महेन्द्रप्रभा** पनि सर्वप्रथम यसैमा छापिएर पछि पुस्तकाकार रूपमा प्रकाशित भएको थियो ।[२०] उपन्यासको पटभूमि मानिने उक्त पत्रिका थोरै आयुको भए पनि नेपाली उपन्यास विधा र गद्यको प्रसारणमा त्यसले पुऱ्याएको योगदान अविस्मरणीय छ । यसैक्रममा वि.सं. १९६३ असारदेखि वनारसबाटै **सुन्दरी** नामक साहित्यिक मासिक पत्रिका प्रकाशन हुन थाल्छ । **सुन्दरी** वनारसमा अध्ययन गर्न बसेका युवाहरू देवीदत्त पराजुली, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे, दुर्गाप्रसाद घिमिरे आदिद्वारा गठित **रसिक समाज**को उपज देखिन्छ । नेपाली साहित्यका कविता, नाटक, समस्यापूर्ति उपन्यास, कथा, उपदेशमूलक गद्य आदि प्रकाशित गर्दै रहेको सुन्दरी पत्रिका दुर्भाग्यवश ग्राहकको अभावमा एक वर्ष तीन महिनापछि सदाका लागि बन्द हुन पुग्यो ।[२१] सुन्दरीपछि वनारसबाटै वि.सं. १९६५ मा मातृकाप्रसादका छद्म नाममा राममणि आ.दी.ले **माधवी** नामक साहित्यिक मासिक पत्रिकाको प्रकाशन आरम्भ गरे ।[२२] माधवी पत्रिकालाई नेपाली पत्रिकाको इतिहासमा भाषिक आन्दोलन चलाउने पहिलो पत्रिका मानिन्छ । यसले हलन्त बहिष्कार र गद्यलेखनमा सुधार ल्याउने उद्देश्य राखेको थियो । माधवीपछि पत्रपत्रिकाको सम्पादनमा वनारसबाट **चन्द्र** साहित्यिक मासिक प्रकाशित देखिन्छ । यो गद्यप्रधान पत्रिका थियो र नियमित रूपमा बाह्र अङ्कसम्म प्रकाशित भएपश्चात बन्द हुन पुगेको देखिन्छ ।[२३] यसैक्रममा वि.सं. १९७२ मा सूर्यविक्रम ज्ञवालीको सम्पादकत्वमा वनारसबाट **गोर्खाली**, १९७४ सालमा खरसाङबाट पारसमणि प्रधानको सम्पादकत्वमा **चन्द्रिका** साहित्यिक पत्रिका प्रकाशित देखिन्छन् । चन्द्रिका निबन्धप्रधान पत्रिका थियो । यस पत्रिकाले नेपाली साहित्यका निबन्ध र कथा विधामा विशेष योगदान पुऱ्याएको देखिन्छ भने गोर्खालीमा नीतिमूलक कथा, उपन्यासका साथै सूर्यविक्रम ज्ञवाली, देवीप्रसाद सापकोटा आदिका गरिमामय निबन्धहरू प्रकाशित हुने गर्थे । **गोर्खाली** साप्ताहिक संस्करणका रूपमा प्रकाशित हुने गर्दथ्यो ।[२४] यसैगरी सूर्यविक्रम ज्ञवालीकै सम्पादकत्वमा वि.सं. १९७९ मा वनारसबाट **जन्मभूमि** साहित्यिक मासिकको जन्म भएको देखिन्छ । यस पत्रिकामा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक निबन्धहरू प्रकाशित हुन्थे ।[२५] जन्मभूमिले जम्मा तीनओटा अङ्कहरू मात्र जन्माउन सफल भएको थियो ।

वि.सं. १९८३ मा ठाकुरचन्दन सिंहको सम्पादनमा देहरादूनबाट **गोरखा संसार** साप्ताहिक पत्रिकाको प्रकाशन सुरु भयो । यो पत्रिका **गोर्खालिग**को मुखपत्र भएर राजनैतिक चेतना फैलाउने काम गरे पनि नेपाली साहित्यको कथा विधाका **देवीको बलि, इष्टको वियोग, परिवर्तन, अन्नपूर्ण**जस्ता उत्कृष्ट कथाहरूको पनि प्रकाशन गरेको देखिन्छ ।[२६] यही साल शम्भुप्रसाद ढुङ्ग्यालको सम्पादनमा बनारसबाट **राजभक्ति** साप्ताहिकको प्रकाशन आरम्भ भएको देखिन्छ । वि.सं. १९८९ मा दार्जिलिङबाट पद्मप्रसाद प्रधानको सम्पादकत्वमा **नेपाली साहित्य सम्मेलन** पत्रिका प्रकाशित हुन थालेको देखिन्छ । वार्षिक संस्करणका रूपमा प्रकाशित हुने यस पत्रिकामा सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि

---

[२०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** चौथो सं. (काठमाडौँ : साझा प्रकाशन, २०५६) पृ. १०२ ।

[२१] ऐजन ।

[२२] ऐजन, पृ. २०७ ।

[२३] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत् पृ. ६१६ ।

[२४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. २०७ ।

[२५] ऐजन, पृ. १२५ ।

[२६] ऐजन, पृ. ८० ।

प्रधानका आधुनिकतासँग निकट रहेका निबन्धहरू प्रकाशन हुने गरेको देखिन्छ ।[२७] उल्लिखित पत्रिकाहरू प्रवासी माटोबाट प्रकाशित भए पनि नेपाली साहित्यको उत्थानमा यिनीहरूले उल्लेखनीय भूमिका खेलेका छन् ।

नेपाली पत्रपत्रिकाको परम्परामा युग प्रवर्तक भएर **शारदा** मासिक देखापऱ्यो । ऋद्धिबहादुर मल्लद्वारा सम्पादित **शारदा** मासिकको वि.सं. १९९१ फागुनदेखि काठमाडौँबाट प्रकाशन आरम्भ भएको थियो ।[२८] यस पत्रिकाले नेपालभित्रबाट प्रकाशित हुने पत्रपत्रिकाको लहरमा तेस्रो स्थान ओगट्न सफल भएको थियो । राणाकालमा जन्मिएको यस पत्रिकाले सरकारी सहायता र संरक्षण पाएकाले शासक स्तुति गायन गरे पनि नेपाली भाषा र साहित्यका क्षेत्रमा यस पत्रिकाले पुऱ्याएको योगदान ऐतिहासिक महत्त्वको मानिन्छ ।[२९] नेपाली साहित्यमा आधुनिकताको सुरुवात गर्ने शारदा पत्रिकाले गोर्खापत्र प्रकाशनपछिको नेपाली पत्रिका प्रकाशनका क्रममा देखिएको तीन दशक लामो शून्यतालाई चिर्दै आफ्नो प्रकाशन आरम्भ गरेको हो । **शारदा** पत्रिकाको प्रकाशनपछि नेपालभित्रबाटै अनेकौँ पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । यसैक्रममा वि.सं. १९९२ भाद्र १ देखि सूर्यभक्त जोशीको सम्पादकत्वमा पाक्षिक रूपमा **उद्योग** पत्रिका प्रकाशित भयो । प्रारम्भमा उद्योगसम्बन्धी चेतना जगाउने उद्देश्यले प्रकाशित भएको उक्त पत्रिका पछि गएर साहित्यिक बन्न पुग्यो ।[३०] यो पत्रिका करीब १६ वर्षको समयावधि व्यतीत गरी २००८ सालमा सदाका लागि बन्द भएको देखिन्छ । उद्योगपछि वि.सं. २००४ बैशाखमा हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा काठमाडौँबाटै **साहित्यस्रोत** नामक मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो ।[३१] मूल रूपमा यो साहित्यिक पत्रिका हो । नयाँनयाँ साहित्यिक रचनाहरू प्रकाशित गर्दै अघि बढेको यो पत्रिकाले राजनीतिक व्यङ्ग्य मिश्रित रचनाहरू पनि प्रकाशित गर्ने गर्दथ्यो । यो पत्रिका २००६ साल भन्दापछि अस्तित्वमा रहन सकेन ।[३२]

नेपाली माटोबाट पत्रपत्रिका प्रकाशित हुने क्रममा वि.सं. २००५ असोजमा देवीप्रसाद रिजालको सम्पादकत्वमा **आँखा** साहित्यिक मासिक, बुद्धिसागर पराजुली र अन्यद्वारा सम्पादित **पुरुषार्थ** (२००६), मासिक साहित्यिक आदि पत्रिकाहरू प्रकाशित देखिन्छन् ।

उता **शारदा**को प्रकाशनारम्भपश्चात भारतीय भूमिमा केही चर्चायोग्य पत्रिकाहरू प्रकाशित देखिन्छन् । तिनीहरूमध्ये **युगवाणी** पत्रिका प्रमुख महत्त्वको मानिन्छ । **युगवाणी** वि.सं. २००४ मा लक्ष्मीप्रसाद देवकोटाको प्रमुख सम्पादकत्वमा वनारसबाट प्रकाशित भएको हो । यस पत्रिकाले साहित्यका माध्यमबाट निरङ्कुश राणातन्त्रको विरुद्धमा जनमत तयार गर्ने उद्देश्य लिएको थियो ।[३३] यसैगरी वि.सं. २००६ देखि दार्जिलिङबाट पारसमणि प्रधानको सम्पादनमा **भारती** साहित्यिक मासिकको प्रकाशन आरम्भ भयो । भाषागत शुद्धताको प्रचारप्रसार, लोकसाहित्य र संस्कृतिको विकास गर्नु भारती पत्रिकाको मुख्य उद्देश्य रहेको देखिन्छ । सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधान आदिले **भारती** मार्फत् नेपाली भाषासाहित्यका क्षेत्रमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । यो पत्रिका पनि १०८ अङ्कसम्म प्रकाशित भएर बन्द हुन पुग्यो ।

यसप्रकार २००७ सालभन्दा पूर्व नेपाली भूमिबाट पत्रपत्रिका प्रकाशनको गतिविधिलाई मूल्याङ्कन गर्दा पत्रकारिताले सन्तोषजनक परिणाम नदिए पनि कतिपय महत्त्वपूर्ण उपलब्धिहरू भने भएका थिए । सर्वप्रमुख महत्त्वको पक्ष त नेपाली धरतीबाट पत्रपत्रिका प्रकाशनको परम्परामा नियमितता रहनु हो । नेपालभित्रबाट मात्र नभएर यस समयमा विदेश खासगरी भारतका विभिन्न ठाउँहरूबाट पनि नेपाली भाषामा पत्रपत्रिकाहरू प्रकाशित भएर नेपाली भाषासाहित्यको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको

---

[२७] ऐजन, पृ. १२६ ।

[२८] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत् पृ.२१ ।

[२९] ऐजन ।

[३०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. २०७ ।

[३१] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत्, पृ. ३३ ।

[३२] रामेश्वर अर्याल, **नेपाली साहित्यमा *प्रज्ञा* पत्रिकाको योगदान,** (अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि.ने.के.वि., २०५२ ।

[३३] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत्, पृ. ५३ ।

देखिन्छ । यसका साथै नेपाली इतिहासमा ऐतिहासिक महत्त्व राख्ने २००७ सालको क्रान्तिका लागि जनमत सिर्जनामा प्रत्यक्ष रूपमा सहभागिता देखाउन सक्नु पनि यस समयको प्रमुख उपलब्धिका रूपमा रहेको छ ।

## २.५ प्रजातन्त्र काल (२००७-२०१७)

वि.सं. २००७ मा राजनैतिक उथलपुथलका कारण नेपालमा १०४ वर्षसम्म जरा गाडेर बसेको जहानियाँ शासनको अन्त्य भई प्रजातन्त्रको सुरुवात भयो । अगाडिको १०४ वर्षसम्मको लामो समयावधिमा जनताका वाक् स्वतन्त्रता र प्रकाशन स्वतन्त्रतामा राणाहरूले अङ्कुश लगाएका थिए । यता आएर २००७ सालको क्रान्तिको सफलतासँगै जनतालाई वाक् स्वतन्त्रता र प्रकाशन स्वतन्त्रतासहितको मौलिक अधिकार प्राप्त भयो । यसै अधिकारको वहालीसँगै नेपाली पत्रपत्रिकाको विकासमा नयाँ लहर आयो । वाक् स्वतन्त्रता र प्रकाशन स्वतन्त्रताले गर्दा राजनैतिक दृष्टिबाट प्रभावित पत्रिकाहरूको सङ्ख्यामा पनि पर्याप्त मात्रामा वृद्धि भयो । फलस्वरूप दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक, मासिक, द्वैमासिक आदिजस्ता विभिन्न पत्रपत्रिकाहरूको धमाधम प्रकाशन हुन थाल्यो । खुल्ला राजनैतिक परिवेशमा तीव्रताका साथ प्रकाशित यस समयका पत्रपत्रिकाहरूलाई निम्नानुसारका समूहमा वर्गीकरण गरी अध्ययन गर्ने प्रयास गरिएको छ-

### (क) समाचारप्रधान पत्रिका

प्रजातन्त्रको बहाली भएपछि नेपाली भूमिबाट प्रकाशित हुने पहिलो पत्रिकाको दर्जा **आवाज**ले पायो । आवाज दैनिक पत्रिकाका रूपमा २००७ साल फागुन ८ गते सिद्धिचरण श्रेष्ठ र गोविन्दबहादुर मल्ल गोठालेको सम्पादकत्वमा काठमाडौँबाट प्रकाशित भएको थियो ।[३४] 'आवाज' समाचारप्रधान पत्रिका भएकाले यसमा देश विदेशका समाचारहरू छापिने गर्दथे । यस पत्रिकाले सरकारी संरक्षण र आर्थिक सहायता पाउने गरेको भए तापनि यो पत्रिका वर्ष २, सङ्ख्या १०७ सम्म मात्र निस्किएर बन्द भएको देखिन्छ । यसरी छोटो समयमै **आवाज** पत्रिका बन्द भए पनि यसले दिएको योगदान पत्रपत्रिकाको इतिहासमा अमर नै छ । आवाज पत्रिका बन्द भएपछि नेपाली पत्रकारिता जगत्मा केही वर्ष दैनिक पत्रिकाको स्थान रिक्त नै रह्यो । यसैक्रममा दैनिक पत्रिकाको परम्परा जोड्न वि.सं. २०११ भदौ २४ मा मणिराज उपाध्यायको सम्पादनमा **समाज** दैनिक पत्रिकाको प्रकाशन भयो ।[३५] पत्रिका प्रकाशनको यस परम्परामा वि.सं. २०१३ मा विन्दुनाथ प्याकुरेलको सम्पादनमा **हालखबर** (२०१३), माणिकलाल श्रेष्ठको सम्पादनमा **समय** (२०१३), तारिणीप्रसाद कोइरालाको सम्पादनमा प्रकाशित **दियालो** (२०१३), प्रकाशबहादुर के.सी.को सम्पादनमा **एभरेष्ट न्युज** (अङ्ग्रेजी, २०१४), मंगलमान नेपालीको सम्पादनमा **भूगोलपार्क** (२०१४), पशुपतिदेव पाण्डेको सम्पादनमा **समाज** (२०११), पुष्करनाथ उपाध्यायको सम्पादनमा **दैनिक समाचार** (२०१२), आदि प्रकाशित देखिन्छन् ।[३६] यी बाहेक पनि पत्रिकाहरूको सूचिमा अन्य धेरै नाम जोडिएको देखिन्छ तर यी पत्रिकाहरू दीर्घकालीन रूपमा प्रकाशन हुन नसकेको देखिन्छ । यसैगरी बद्रीराम भण्डारीको सम्पादनमा **सत्याग्रह** २०११, अजंगकेशरी उपाध्यायको सम्पादनमा **देशसेवा**जस्ता त्रि-साप्ताहिक पत्रिकाहरू पनि यस समयमा प्रकाशित देखिन्छन् ।[३७] यस समयमा केही अर्धसाप्ताहिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् तिनीहरूमध्ये भोजबहादुर न्यौपानेको सम्पादनमा **खसोखास** (२००९), काशीराज उपाध्यायका सम्पादनमा **छाप्रो** (२००९), कृष्णबहादुर ठकुरीको सम्पादनमा **हाम्रो नेपाल** (२०१३), आदि रहेका छन् । यसैगरी साप्ताहिक पत्रिकाहरूमा हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा प्रकाशित **जागरण** (२००७), ईश्वरानन्द श्रेष्ठाचार्यको सम्पादनमा **राँको** (२००८), खड्गबहादुर बोगटीको सम्पादनमा **प्रकाश** (२०११), केदारनाथ न्यौपानेको सम्पादनमा **इको** (२०१६) आदि पत्रिकाहरू प्रकाशित देखिन्छन् ।[३८]

---

[३४] विजय चालिसे, पूर्ववत्, पृ. १४५ ।

[३५] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत्, पृ. ५७८ ।

[३६] ऐजन, पृ. ५७८ ।

[३७] ऐजन पृ. ५८४ ।

[३८] ऐजन, पृ. ५९० ।

उल्लिखित पत्रपत्रिकाहरू समाचारमूलक हुँदाहुँदै पनि नेपाली भाषा तथा साहित्यका क्षेत्रमा समेत उल्लेख्य भूमिका खेलेका छन् ।

**(ख) साहित्यिक पत्रिकाहरू**

२००७ सालको राजनीतिक परिवर्तनपश्चात समाचारप्रधानका साथसाथै साहित्यिक पत्रपत्रिकाको प्रकाशनमा पनि उल्लेख्य प्रगति भएको देखिन्छ । यस अवधिमा प्रायः पाक्षिक, मासिक, द्वैमासिक आदि पत्रपत्रिकाले नेपाली भाषासाहित्यका क्षेत्रमा योगदान पुऱ्याएको देखिन्छ । यस समयका प्रमुख पाक्षिक पत्रिकाहरूमा **झंकार** (सम्पा : तारिणीप्रसाद कोइराला २००८), **जनचेतना** (सम्पा : हृदयचन्द्रसिंह प्रधान, २०११) आदि रहेका छन् ।[३९] यस्तै मासिक पत्रिकाहरूमा **प्रगति** .(सम्पा : नारायणप्रसाद बाँस्कोटा, २०१०), **इन्द्रेणी** (सम्पा : ईश्वर बराल, २०१३), **धर**ती (सम्पा : भवानी भिक्षु, ईश्वर बराल, २०१३), **नवीन शिक्षा** (सम्पा : कृष्णराज अर्याल र अन्य, २०१४), **सिर्जना** (सम्पा : शिवगोपाल रिसाल र अन्य, २०१६), **जनविकास** (सम्पा : रमादेवी पन्त, २०१०), **कोपिला** (सम्पा : शेखरबाबु मानन्धर, २०१०), **दीपशिखा** (सम्पा : जुलुम श्रेष्ठ र अन्य, २०१५), **चिराग** (सम्पा : कृष्णप्रसाद दुवाल, २०१६), **प्रतिभा** ( सम्पा : कुन्तीदेवी, २००९) आदि हुन् ।[४०] यसैगरी द्वैमासिक पत्रिकाहरूमा **डाँफेचरी** (सम्पा : धर्मराज थापा, २०१०), **जनसाहित्य** (सम्पाः पुष्करशमशेर र अन्य, २०११), **साहित्य** (सम्पाः श्यामप्रसाद शर्मा, २०१६), **इन्दु** (सम्पाः कुमुदेशप्रसाद शर्मा, २०१७), **रूपरेखा** (सम्पा : वासुदेव रिमाल, २०१७), **संगम** ( सम्पा : सत्यमोहन जोशी, २०१७), **कविता** (सम्पा : सिद्धिचरण श्रेष्ठ र अन्य, २०१७), **छहारी** (सम्पा : चूडामणि रेग्मी र अन्य, २०१५), **स्वराष्ट्र** (सम्पा : जगतबहादुर सिंह, २०१६), **छाँगो** (सम्पा : ललीतबहादुर प्रधान, २०१३), **दर्पण** (सम्पा : जयेन्द्र बहादुर थपलिया, २०१७) आदि रहेका छन् ।[४१] यी द्वैमासिक साहित्यिक पत्रिकाहरूमा प्रकाशित विभिन्न साहित्यिक लेखरचनाहरूले नेपाली साहित्यको अभिवृद्धिमा कोशेढुङ्गाको काम गरेका छन् । यस प्रजातान्त्रिक चरणमा नेपाली साहित्यको उत्थानमा योगदान गर्ने केही त्रैमासिक" पत्रिकाहरू पनि प्रकाशित देखिन्छन् तिनीहरूमध्ये **- आह्वान** (सम्पा :शशिकला शर्मा, २०१५), **नेपाली** (सम्पा : कमल दीक्षित, २०१६), **प्रहरी** (सम्पा : जितेन्द्रध्वज किरण, २०१६), **नेपाल साँस्कृतिक परिषद् पत्रिका** (सम्पा : ईश्वर बराल, २००९) आदि ।[४२] यसैगरी केही चौमासिक पत्रिकाहरूमा ज्योति (सम्पा : प्रो.डी. ठाकुर, २०१६), **जुनेली** (सम्पा : माधव भण्डारी, २०१५), आदि उल्लेख्य रहेका छन् ।[४३] त्यस्तै यस समयावधिमा केही अर्धवार्षिक र वार्षिक पत्रिकाहरू पनि प्रकाशित हुने गर्दथे । यी अर्धवार्षिक र वार्षिक पत्रिकाहरूमा पनि साहित्यसम्बन्धी लेखरचनाहरू प्रकाशित हुने गरेको देखिन्छ । यसर्थ यी पत्रिकाहरूले पनि नेपाली साहित्यको उत्थानमा सहयोग पुऱ्याएको देखिन्छ । यस्ता अर्धवार्षिक पत्रिकाहरूमा **यू.एन.जर्नल** (सम्पा : डिल्लीराज उप्रेती, २०१४), **ग्रामोदय** ( सम्पा : तत्वकृष्ण श्रेष्ठ, २०१७), **शक्ति** (सम्पा : लोकराज बराल, २०१७) आदि रहेका छन् । यसैगरी वार्षिक पत्रिकाहरूमा 'इन्द्रधनुष' शान्ति निकुञ्ज स्कुलको मुखपत्र, २००८, 'सामयिक पत्रिका दर्शन' २००९, 'जुद्धोदय पब्लिक हाइस्कुलको पत्रिका' (सम्पा : वासुदेव शर्मा लुइटेल, २०१३) आदि रहेका छन् ।[४४]

उल्लिखित पत्रपत्रिकाहरू साहित्यिक सामग्री नै प्रकाशित गर्ने गरी प्रकाशन हुने गरेकाले प्रत्यक्ष र ठोस रूपमा नेपाली साहित्यको अभिवृद्धिमा योगदान पुऱ्याएको देखिन्छ ।

(ग) अन्य पत्रपत्रिकाहरू

(अ) बुलेटिन

प्रकाशन गर्दा दर्ता गराइराख्नु नपर्ने तथा कुनै संस्था वा संगठनले गरेका विशेष कुराको सङ्क्षिप्त विवरण समेटिएको पत्रिकालाई बुलेटिन भनिन्छ । हुनत बुलेटिनलाई कतिपयले पत्रिकाको दर्जा नदिएको

---

[३९] ऐजन पृ. ६०० ।

[४०] ऐजन पृ.६०६-६१२ ।

[४१] ऐजन पृ. ६२१-६२४ ।

[४२] ऐजन, पृ. ६२६ ।

[४३] ऐजन, पृ. ६३२ ।

[४४] ऐजन ।

पनि पाइन्छ तर पनि यसलाई पत्रिकाको कान्छो भाइका रूपमा मान्न सकिन्छ । बुलेटिनहरूमा अखबारमा झैँ अवधि तोकिएको हुँदैन । कतिपय बुलेटिनहरूमा सम्पादकको नाम र सम्पादकीय पनि हुँदैन तर कतिपयमा भने सम्पादकको नाम र सम्पादकीय दुवै हुने गर्दछ । यसैले बुलेटिनहरूको खासै नियम रहेको पाइँदैन । बुलेटिनको अवधि तोकिएकै हुनुपर्दछ भन्ने स्पष्ट नियम नभए तापनि अनुकूल र आवश्यकताअनुसार प्रकाशित गर्ने गरेको पाइन्छ । यस्ता बुलेटिनहरूमा पनि साहित्यिक सामग्रीहरू प्रकाशित हुने गर्दछन् त्यसैले बुलेटिनहरूले पनि नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । २००७ सालपछि प्रकाशित केही प्रमुख बुलेटिनहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ- नेपाल सोसलिष्ट सोसाइटीको 'हाम्रो नेपाल  बुलेटिन'-२००७/११/०७ काठमाडौँ, 'नेपाल राष्ट्रिय काङ्ग्रेसको बुलेटिन' (२००८/१/१), काठमाडौँ, 'नेपाल लाल कम्युनिष्ट पार्टीको बुलेटिन' (२००८/१/१) काठमाडौँ, 'अखिल नेपाल प्रचार महासभाको बुलेटिन' (२००८/२/१३), काठमाडौँ, 'नागरिक अधिकार समितिको बुलेटिन' (२००८/१/२०) काठमाडौँ, 'नेपाल प्रजा परिषद्को बुलेटिन' (२००८/५/१), काठमाडौँ, 'नेपाल महिला संघको बुलेटिन' (२०१०/४/६) काठमाडौँ, 'फ्रेन्डसीप सोसाइटीको इन्टर्न लाइट बुलेटिन' (अङ्ग्रेजी, २०१२/१/० काठमाडौँ, 'नेपाल पुस्तकालय संघको बुलेटिन' (२०१३/६/१७) काठमाडौँ, 'नेपाल अछुत मुक्ति मोर्चाको बुलेटिन' (सम्पा : टी.आर.विश्वकर्मा-२०१५/८/२५), काठमाडौँ आदि प्रमुख रहेका छन् ।[४५]

यी बुलेटिनहरूले पनि नेपाली साहित्यको उत्थानमा उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ ।

**(आ) वर्गीय संगठनद्वारा प्रकाशित पत्रपत्रिकाहरू**

२००७ सालको राजनीतिक परिवर्तनपछि मुलुकका विभिन्न वर्गीय संगठनहरूको स्थापना हुन थाल्यो । वर्गीय संगठनहरूको स्थापनासँगै तिनीहरूले आफ्नो मुखपत्रको रूपमा विभिन्न पत्रिकाहरू प्रकाशित गर्न थालेको पाइन्छ । यस्ता मुखपत्रहरूले विभिन्न वर्गीय संगठनहरूको गतिविधिमाथि प्रकाश पार्ने गरिएको पाइन्छ । यस समयमा प्रकाशित प्रमुख मुखपत्रहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ-

'बुटवल साप्ताहिक' (प्रका : पश्चिम नेपाल युवक संघ, बुटवल), 'राष्ट्रदूत पाक्षिक' (प्रका :नेपाल राष्ट्रिय युवक संघ, काठमाडौँ), 'प्रतिभा मासिक' (प्रका : अखिल नेपाल महिला संघ, काठमाडौँ), 'महिला मासिक' (प्रका : नेपाल महिला संघ, काठमाडौँ) आदि प्रमुख रहेका छन् ।[४६]

उपर्युल्लिखित मुखपत्रहरूले पनि नेपाली साहित्यको अभिवृद्धिमा प्रत्यक्ष, परोक्ष रूपमा योगदान पुऱ्याएको पाइन्छ ।

**(इ) राजनैतिक संस्थाद्वारा सञ्चालित पत्रपत्रिकाहरू**

२००७ सालको राजनैतिक परिवर्तनपछि नेपालमा विभिन्न राजनैतिक संस्थाहरूको जन्म हुन पुगेको देखिन्छ । जुन किसिमबाट राजनैतिक संस्थाहरूको जन्म भयो त्यस्तै किसिमबाट ती संस्थाहरूले आफ्नो संरक्षकत्वमा विभिन्न पत्रपत्रिकाहरू प्रकाशन गराउने गरेको पाइन्छ । राजनैतिक परिवेशको खुल्ला वातावरणसँगै जुन किसिमबाट राजनैतिक संस्थाहरू उदाउने र अस्ताउने क्रम रह्यो त्यस्तै किसिमबाट उक्त पत्रिकाहरू पनि प्रकाशित हुने र बन्द हुने क्रम रहेको देखिन्छ । तीमध्ये जति पत्रिकाहरू जीवित थिए तिनीहरू पनि २०१७ सालको राजनीतिक परिवर्तनद्वारा राजनैतिक संस्थाहरू अवैध गराइएपछि स्वतः बन्द हुनपुगेको देखिन्छ । यस समयावधिमा राजनीतिक दलहरूको संलग्नतामा प्रकाशित प्रमुख पत्रपत्रिकाहरूको विवरण निम्नानुसार उल्लेख गरिएको छ-

**नेपाल-पुकार साप्ताहिक** (नेपाली काङ्ग्रेस), **आलोक साप्ताहिक** (नेपाली काङ्ग्रेस अस्थायी समिति), **राष्ट्रवाणी साप्ताहिक** (राष्ट्रवादी गोरखा परिषद्), **प्रकाश साप्ताहिक** (नेपाली राष्ट्रिय काङ्ग्रेस), **नवयुग साप्ताहिक** (नेपाल कम्युनिष्ट पार्टी), **मशाल साप्ताहिक** (नेपाली कम्युनिष्ट पार्टी), **लेवर पत्रिका साप्ताहिक** (नेपाल लेवर पार्टी), **नेपाल जनहित साप्ताहिक** (नेपाल जनहित संघ) आदि प्रमुख रहेका छन् ।[४७]

---

[४५] ऐजन, पृ. ९० ।

[४६] ऐजन, पृ. ९९ ।

[४७] ऐजन, पृ. १०१-१०३ ।

राजनीतिक संगठनहरूको प्रत्यक्ष संलग्नतामा सञ्चालित यी पत्रिकाहरू जति समयसम्म अस्तित्वमा रहे उक्त अवधिभर समाचार प्रेषित गर्नुका अतिरिक्त साहित्यिक सामग्रीहरूको पनि प्रकाशन प्रसारण गरेर नेपाली साहित्यको श्रीवृद्धिमा समेत उल्लेख्य योगदान गरेका छन् ।

यसप्रकार यस समयावधिमा राजनैतिक परिवेशको खुल्ला वातावरणसँगै विभिन्न दैनिक, साप्ताहिक, मासिक पत्रपत्रिकाहरूको प्रकाशनमा तीव्रता आएको पाइन्छ । यसक्रममा समाचारप्रधान पत्रिकाको साथै विभिन्न साहित्यिक पत्रपत्रिकाहरू पनि प्रशस्त मात्रामा प्रकाशन भएका देखिन्छन् । यिनीहरूका अतिरिक्त यस समयावधिमा विभिन्न बुलेटिन तथा राजनीतिक दलहरूका छहारीभित्र रहेर समेत विभिन्न पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । समग्रमा मूल्याङ्कन गर्नुपर्दा यो एक दशकको छोटो समयावधिमा पत्रपत्रिकाको क्षेत्रमा उल्लेखनीय कामहरू भएका छन् । यस चरणमा विभिन्न समस्याहरूका बाबजुद पनि पत्रपत्रिकाको क्षेत्रमा पर्याप्त प्रगति भएको पाइन्छ । सबैभन्दा उल्लेख्य पक्ष त स्वदेशी भूमिबाट ठूलो सङ्ख्यामा पत्रपत्रिका प्रकाशित हुनु नै हो । २००७ सालपूर्व पत्रिकाहरू प्रायः विदेशी भूमिबाट प्रकाशित हुन्थे भने यतिखेर नेपालभित्रबाट पनि पर्याप्त पत्रपत्रिकाहरू प्रकाशित भएका छन् यस समयमा पत्रपत्रिकाहरूको स्थिति मजबुत होस् भनेर विभिन्न संघसंस्थाद्वारा संरक्षण प्रदान गरिनु, पत्रपत्रिकाको आर्थिक सवलीकरणमा जोड दिनु आदि नै यो चरणका प्रमुख उपलब्धि हुन् । यसका साथै साहित्यिक पत्रकारिताका क्षेत्रमा **प्रगति** (२०१०), **इन्द्रेणी** (२०१२), **धरती** (२०१३) जस्ता महत्त्वपूर्ण पत्रिकाहरूको प्रकाशन हुनु तथा **रूपरेखा** (२०१७) मार्फत नेपाली साहित्यमा प्रयोगवादको बीजारोपण हुनुले पनि यस समयको साहित्यिक पत्रकारिताको महत्ता झल्किन्छ । अर्कातिर समाचारप्रधान पत्रिकाको इतिहासमा पनि सर्वप्रथम दैनिक पत्रिकाका रूपमा आवाज पत्रिकाको प्रकाशन आरम्भ हुनुले यस चरणलाई उपलब्धिमूलक मान्नुपर्छ । आवाजले प्रारम्भ गरेको दैनिक पत्रिकाको इतिहास केही समय शुन्य रहे पनि २०१३ सालपछि **हालखबर, समय, दियालो, एभरेष्ट न्युज, भूगोलपार्क, डेली मिरर, समाज**जस्ता दैनिक पत्रिकाहरू प्रकाशन भएका देखिन्छन् । दैनिक मात्र नभएर साप्ताहिक समाचारप्रधान पत्रिकाहरू पनि यस समयमा प्रकाशित भएका छन् । यसैगरी यस समयलाई बुलेटिनहरूको प्रकाशनका दृष्टिले पनि महत्त्वपूर्ण उपलब्धि हात लागेको समयका रूपमा लिनुपर्ने हुन्छ । यी समाचारप्रधान पत्रिकाका अतिरिक्त साहित्यिक पत्रपत्रिकाहरू एवम् विभिन्न बुलेटिनहरूले समेत नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

## २.६ पञ्चायत काल (२०१७-२०४५)

वि.सं. २०१७ पौष १ गतेको शाही घोषणासँगै नेपालमा जननिर्वाचित सरकारको विघटन भइ निर्दलीय पञ्चायती व्यवस्थाको प्रारम्भ भएको हो । यसरी प्रारम्भ भएको पञ्चायती व्यवस्थाले नेपालमा लगभग तीस वर्षजति शासन गरेको देखिन्छ । यस तीस वर्षको समयावधिमा प्रकाशित पत्रपत्रिकाहरूलाई निम्नानुसार वर्गीकरण गरी अध्ययन गर्ने कोसिस गरिएको छ -

### (क) समाचारमूलक पत्रिका

यस खण्डको समाचारमूलक पत्रकारिताको इतिहासतर्फ दृष्टिगत गर्दा ६० वर्ष अघिदेखि निरन्तर रूपमा प्रकाशित हुँदै आएको गोर्खापत्र २०१७ फागुन ७ गतेबाट दैनिक संस्करणका रूपमा प्रकाशन हुन थालेको देखिन्छ । यसपछि दैनिक पत्रिकाको इतिहासमा २०२० साल वैशाख १६ गतेबाट माणिकलाल श्रेष्ठको सम्पादनमा **समय** पत्रिका देखापर्दछ ।[४८] यसपछि प्रारम्भमा साप्ताहिक रूपमा प्रकाशन आरम्भ भएको **समीक्षा** साप्ताहिक पनि २०२२ सालदेखि केही समय दैनिक रूपमा देखापर्दछ । यसका सम्पादक मदनमणि दीक्षित थिए ।[४९] यसैगरी वि.सं. २०२१ मै बटुकचन्द्र गौतमको सम्पादनमा **हाम्रो देश**, २०२१ श्रावण १ गतेबाट गणेशबल्लभको सम्पादनमा निस्किएको **मातृभूमि**, वि.सं. २०२२ मङ्सिर २४ गतेबाट गोर्खापत्रको सहप्रकाशनका रूपमा **अङ्ग्रेजीमा द राइजिङ नेपाल** आदि अखबारहरूको प्रकाशन भएको देखिन्छ ।[५०] त्यसैगरी स्थानीय समाचारहरूको अवगत गराउने उद्देश्यले विराटनगरबाट निर्माण (२०१९), वीरगञ्जबाट जनजीवन (२०२२), भैरहवाबाट दैनिक निर्णय (२०२३) आदि समाचारप्रधान पत्रिका

[४८] विजय चालिसे, पूर्ववत, पृ. १५५ ।

[४९] शेषकान्त पौडेल, **नेपाली साहित्यमा *गरिमा* पत्रिकाको योगदान** अप्र.स्नातकोत्तर शोधपत्र, त्रि.वि.ने.के.वि., २०५४),पृ. १३ ।

[५०] विजय चालिसे, पूर्ववत, पृ. १५१ ।

प्रकाशित देखिन्छन् ।[५१] त्यस्तै अन्य दैनिक पत्रिकाहरूमा समालोचना घटना, दैनिक खबर, नयाँ समाज आदि रहेका छन् ।

दैनिकका अतिरिक्त यस समयमा समाचार सम्प्रेषण गर्ने उद्देश्यले उल्लेख्य सङ्ख्यामा साप्ताहिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । यस समयावधिभित्र प्रकाशित प्रमुख साप्ताहिक पत्रिकाहरूमा **प्रवर्तक, नयाँ सन्देश, साप्ताहिक समाचार, हिमालचूली, आलोक, नयाँ समाज, किसान, मार्ग, नेपाल रिभ्यू, हुलाक, जनवार्ता, सगरमाथा टाइम्स, पञ्चायत, लोकमत, जनआवाज, छलफल, दृष्टि, बिगुल, देशान्तर, नारायणी, लुम्बिनी** आदि रहेका छन् ।[५२] यसैगरी सूचना सम्प्रेषणमा केन्द्रित हुँदै प्रकाशित भएका केही समाचारमूलक पाक्षिक पत्रिकाहरू पनि यस समयावधिमा देखिएका छन् । यस्ता पत्रिकाहरूमा **हिमवाणी** नेपाल भारत सूचना प्रचार विभाग-२०१९, **कृषि प्रचार समाचारपत्र कृषि विभाग**-२०१९, **चेम्बर पत्रिका** (सम्पा : रामचन्द्र न्यौपाने, २०३६), **रंगशाला** (सम्पा : राजेन्द्र ब.श्रेष्ठ र अन्य, २०२५), **जनमत** ( २०४०) रहेका छन् ।[५३] यी पाक्षिक पत्रिकाहरूमा खासगरी सम्बन्धित क्षेत्रका समाचारहरू छापिने गरेको पाइन्छ ।

उपर्युल्लिखित दैनिक, साप्ताहिक तथा पाक्षिक पत्रिकाहरू मूलतः समाचारप्रधान हुँदाहुँदै पनि नेपाली साहित्यको क्षेत्रमा समेत कुनै न कुनै रूपमा योगदान पुऱ्याएको देखिन्छ ।

**(ख) साहित्यिक पत्रिकाहरू**

२०१७ साल पश्चात तुलनात्मक रूपमा समाचारमूलक पत्रकारिताभन्दा साहित्यिक पत्रकारिताको स्थिति केही सुदृढ देखिए तापनि जुन रूपमा पत्रकारिता क्षेत्रको विकास हुनुपर्ने हो सोअनुसार भने हुन नसकेको देखिन्छ । साहित्यिक पत्रकारिताका क्षेत्रमा यस अवधिमा केही पाक्षिक पत्रिकाहरू पनि देखिएका छन् । यी पाक्षिक पत्रिकाहरूमा **मेची** विष्णु नवीन (२०२०), **कोशी** कृष्ण कोइराला (२०२०), **विद्यार्थी सन्देश** ठाकुरप्रसाद पराजुली (२०२२), **फूल पात पतकर** ईश्वरवल्लभ (दार्जिलिङ्ग), **कामरूपा डमरुदास,** पद्म ढकाल (१९६५, ई.असाम), **सगरमाथा** शिशुप्रसाद देवकोटा, २०२१), **भेरी** बब्रुबहन सिंह (२०२१) आदि ।[५४] यी पाक्षिक पत्रिकाहरूले देश तथा विदेशका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्दै सूचना सम्प्रेषण तथा साहित्यिक खुराक प्रदान गरेका छन् । यसैगरी मासिक पत्रिकाहरूमा **शिक्षा समाचार** (सम्पा : सुरेन्द्र शर्मा, २०१८), **निर्देशन** (सम्पा : सुरेन्द्रराज शर्मा, २०१८), **खुड्किलो** (सम्पा : शिशुप्रसाद देवकोटा, २०१९), **राजमार्ग** (सम्पा : सत्यमोहन जोशी, २०२०), मधुपर्क (सम्पाः गोपालप्रसाद भट्टराई, २०२५), **नयाँ संसार** (सम्पा : नरेन्द्रविलास पाण्डे, २०२०), **आरती** (हरिशंकर अमात्य, २०२१), **तेस्रो आयाम** (सम्पा : तिलविक्रम नेम्बाङ्ग, २०२०, दार्जिलिङ्ग), **मुंग्रे** (अर्जुनकुमार प्रधान, २०२० कालिम्पोङ्ग), **हिमालय** (सम्पा : हरिभक्त कटुवाल, २०१८, आसाम), **युवक** (सम्पा : शैलेन्द्रकुमार शर्मा, २०२०), **राप्ती दर्पण** (सम्पा : मरिचमान सिंह, २०२१), **महिला बोल्छिन्** (सम्पा : विमला मास्के, २०२१), **बालक** (सम्पा : प्रेमकुमार कसजू, २०२२), आदि प्रमुख रहेका छन् ।[५५] २०१७ देखि २०४५ सम्मको अवधिमा निकै नै सङ्ख्यामा द्वैमासिक पत्रिकाहरू पनि देखापरेका छन् । तिनीहरू हुन्- **आँचल** (सम्पा : किरण खरेल, २०१८), **बगैंचा** (सम्पा : गोविन्द्रप्रसाद लोहनी, २०१८), **सिंहनाद** (सम्पा : ठाकुरप्रसाद पराजुली, २०१९), **फूलपाती** (सम्पा : बालकृष्ण पोखरेल र अन्य, २०२१), **पारिजात** (सम्पा : विपिनदेव ढुङ्गाना, २०३६), सामाग्री (सम्पा : कृष्णप्रसाद पोखरेल, २०२७), **सुस्केरा** (सम्पा : रामचन्द्र भट्टराई, २०२७),**अभिव्यक्ति** (सम्पा : नरेन्द्रराज शर्मा, २०२७), **हिमाली सौगात** (सम्पा : पूर्णप्रकाश नेपाल यात्री, २०२८), **मिर्मिरे** (नेपाल राष्ट्र बैंक, २०२९), **समष्टि** (कृषि विकास बैंक, २०३७), **सांग्रिला** (सम्पा : विजय चालिसे, २०३९), **तन्नेरी** (सम्पा : मोक्षबहादुर अमात्य, २०३६), **जागरण** (सम्पा : जे.पी. मल्ल र अन्य, २०३०), **कोपिला** (सम्पा : द्वारिकाप्रसाद श्रेष्ठ, २०२३), **रचना** (सम्पा : रोचक घिमिरे, रमेश बास्कोटा, २०२१), **रत्नश्री** (सम्पा :

---

[५१] शेषकान्त पौडेल, पूर्ववत, पृ. १३ ।

[५२] विजय चालिसे, पूर्ववत, पृ.१५१-१५८ ।

[५३] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत, पृ.६०२ तथा त्रि.वि. केन्द्रीय पुस्तकालयको पत्रिका सूचि सङ्गालोबाट प्राप्त जानकारी ।

[५४] शेषकान्त पौडेल, पूर्ववत, पृ. १४ तथा ग्रीष्मबहादुर देवकोटा पूर्ववत पृ. ६०२-६०६ ।

[५५] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत, पृ. ६१२-६२० तथा शेषकान्त पौडेल, पूर्ववत, पृ.१४ ।

मदनदेव भट्टराई, २०२०) आदि ।[५६] यसैगरी यस समयावधिमा निकै नै सङ्ख्यामा त्रैमासिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । यस समयमा देखिएका प्रमुख त्रैमासिक पत्रिकाहरूमा **आनन्द** (सम्पा : भिखारी शर्मा, २०१८), **हिमाली** (सम्पा : लैनसिंह वाङदेल र अन्य, २०१९), **मुकुट** (सम्पा : पुरुषोत्तम बस्नेत र अन्य, २०१९), **चौराली** (सम्पा : पुण्यप्रसाद सुवेदी र अन्य, २०२०), **भानु** (सम्पा : भवानीप्रसाद घिमिरे, २०२०), **कविता** (सम्पा : ने.रा.प्र.प्र., २०२१), **साहित्यधारा** (सम्पा : केदार शर्मा ढकाल, २०२२), **वन** (सम्पा : अनन्तमणि दीक्षित, २०२३), **लालीगुराँस** (सम्पा : प्रेमप्रकाश विष्ट, २०२३), **नयाँ कविता** ( सम्पा : पुष्कर लोहनी, २०२१), **रहर** (सम्पा : प्रदिप गिरी र अन्य, २०२३), **जुरेली** (सम्पा : राममणि रिसाल, २०२७), **नौलो साहित्य** (सम्पा : जागृतप्रसाद भेटवाल, २०३५), **प्रज्ञा** (सम्पा : रत्नध्वज जोशी, २०२७), **रश्मि** (सम्पा : घनश्याम कँडेल, २०४०), **मार्गदर्शन** (सम्पा : शिवराज आचार्य र अन्य, २०३१) आदि रहेका छन् ।[५७] यस समयावधिमा केही चौमासिक पत्रिकाहरू पनि देखापरेका छन् । ती हुन् रोचक घिमिरेको सम्पादनमा **रचना** (२०१८), पुष्करप्रसाद लामिछानेको सम्पादनमा **हाम्रो संस्कृति** (२०३२), वेदराज पन्तको सम्पादनमा **राजा** (२०२१) आदि ।[५८] यसैगरी अर्धवार्षिक पत्रिकाहरू पनि यस अवधिमा प्रकाशित देखिन्छन् । त्यस्ता अर्धवार्षिक पत्रिकाहरूमा **आलोक** (सम्पा : माधवप्रसाद देवकोटा, २०१८), **ज्योत्स्ना** (सम्पा : कृष्णराज मानन्धर र अन्य, २०२३), **युगभाषा** (सम्पा : केदार शर्मा, २०२३), **सुनसरी** ( सम्पा : कर्णसिंह मगर, २०१८) आदि प्रमुख रहेका छन् ।[५९] अवधिका हिसावले पत्रिका प्रकाशन हुने परम्परामा यस समयमा केही वार्षिक पत्रिकाहरू पनि प्रकाशित देखिन्छन् । तिनीहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ- **प्रकाश** (सम्पा : लक्ष्मणप्रसाद आचार्य, २०२१), **विरुवा** (सम्पा : पवित्रादेवी जोशी र अन्य, २०२१), **बन्दीपुरे उकाली** (सम्पा : जीवनमित्र र अन्य, २०२१), **कोशीको सुषमा** (सम्पा : रामचन्द्र गौतम र अन्य, २०२४), **छात्रज्योति** (सम्पा : विष्णुबहादुर थापा र अन्य, २०२४, गोरखपुर) आदि ।[६०]

यसप्रकार यस समयावधिमा साहित्यिक पत्रकारितातर्फ पाक्षिकदेखि लिएर वार्षिकसम्मका विभिन्न खाले पत्रपत्रिकाहरू प्रकाशित भएका देखिन्छन् । पत्रपत्रिका प्रकाशनको लागि अनुकूल वातावरण नभई रहेको स्थितिमा पनि प्रकाशित पत्रिकाले आफ्नो क्षेत्रबाट नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेख्य भूमिका खेलेका छन् ।

**(ग) अन्य पत्रिकाहरू**

**(अ) विकासमूलक पत्रिका**

विभिन्न क्षेत्रको विकास कार्यलाई प्रत्यक्ष वा परोक्ष रूपमा सघाउ पुऱ्याउने उद्देश्यले प्रकाशित पत्रपत्रिकाहरूलाई विकासमूलक पत्रिका भनिन्छ । यस्ता पत्रिकाहरूले विकाससँग सम्बन्धित जनसरोकारका विषयलाई प्राथमिकताका साथ उठाएका हुन्छन् । यस समयावधिमा केही यस्ता विकासमूलक पत्रिकाहरू पनि प्रकाशित देखिन्छन् । ती हुन् **- कृषिप्रचार समाचारपत्र** (कृषिप्रसार सेक्सन, २०१९), **व्यापार पत्रिका** (पद्मनाथ देवकोटा, २०२०), **विकासोन्मुख नेपाल** (श्री ५को सरकार पञ्चायत मन्त्रालय, २०२०), **नेपाल राष्ट्र बैंक समाचार** (नेपाल राष्ट्र बैंक, २०२३) आदि ।[६१] यी पत्रिकाहरूमा विकास कार्यसँग सम्बन्धित विभिन्न किसिमका सामग्रीहरू प्रकाशित हुने गरेको पाइन्छ ।

**(आ) बुलेटिन**

विभिन्न संघसंस्थाहरूले आफूसँग सम्बन्धित गतिविधिहरूको जानकारी गराउने उद्देश्यले समयसमयमा आफ्ना बुलेटिनहरू प्रकाशित गराउने गरेको पाइन्छ । यसैअनुसार २०१७ देखि २०४५ सालसम्ममा पनि संघसंस्थाहरूले आफ्ना बुलेटिनहरू सार्वजनिक गराएका छन् । यस्ता बुलेटिनहरूमा **जरनल आफ दि नेपाल मेडिकल एसोसिएसन**, (मृगेन्द्रराज पाण्डे, २०२०), **जरनल अफ दि त्रिभुवन युनिभर्सिटी** (बी.सी. मल्ल र अन्य, २०२१), **महेन्द्र रत्न क्याम्पस बुलेटिन** (२०३५), **मासिक बुलेटिन**

[५६] केन्द्रीय पुस्तकालयबाट प्रकाशित पत्रिकाको सूचि सङ्गालोबाट प्राप्त जानकारी ।

[५७] ऐजन ।

[५८] ऐजन ।

[५९] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत, पृ. ६३३-६३४ ।

[६०] ऐजन ।

[६१] ग्रीष्मबहादुर देवकोटा, पूर्ववत, पृ. ६१२-६२० ।

**परिवार नियोजन संघ** २०३६), **शिक्षाशास्त्र अध्ययन संस्थान बुलेटिन**, २०३५), **ओभरसियर्स बुलेटिन** ( नेपाल **ओभरसियर्स एशोसिएसन कास्की**, २०४२), **दुग्ध उत्पादन संस्थान बुलेटिन**, २०४०), **नारी विकास बुलेटिन** २०४० आदि मुख्य रहेका छन् ।[६२]

**(इ) मुखपत्र**

विभिन्न संघसंस्थाहरूले आफ्ना क्रियाकलापहरूको आधिकारिक जानकारी गराउने उद्देश्यले मुखपत्रको प्रकाशन गर्ने प्रचलन देखिन्छ । २०१७ देखि २०४५सालसम्मको अवधिमा विभिन्न संघसंस्थाहरूका मुखपत्रहरू प्रकाशित देखिन्छन् । तीमध्ये केही प्रमुख मुखपत्रहरू यसप्रकार छन् - **नेपाल ललितकला संस्थाको वार्षिक मुखपत्र**-२०२४, **साहित्यलोक मुखपत्र** त्रि.वि. हिन्दी विभाग-२०३७, **सिद्धार्थ मा.वि.को मुखपत्र** आदि ।[६३] यस्ता मुखपत्रहरूले पनि पत्रिकारिता क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

यस समयावधिको नेपाली पत्रकारिता जगत् सङ्कटग्रस्त अवस्थाबाट गुज्रिएको पाइन्छ । विभिन्न बाधा र व्यवधानका बीचमा पत्रकारिता क्षेत्रले आफ्नो अस्तित्व जोगाउन गरेको प्रयत्न नै यस समयावधिको प्रमुख उपलब्धि रहेको छ । २०१७ सालको राजनैतिक परिवर्तनले नेपालको राजनैतिक मात्र नभएर साहित्यिक र पत्रिकारिता क्षेत्रमा समेत प्रभाव पारेको देखिन्छ । पौष १ बाट जननिर्वाचित सरकारको विघटन भई निर्दलीय पञ्चायती व्यवस्थाको प्रारम्भ भएपछि सबै राजनीतिक दल र तिनका मुखपत्रहरू बन्द हुन पुगे ।[६४] राजनीतिक क्षेत्रमा आएको उथलपुथलको प्रभाव आमसञ्चारको क्षेत्रमा समेत पर्न गयो । कति प्रकाशनलाई रोक लगाइयो भने कति त प्रेसहरू समेत बन्द हुन पुगे । यसका साथै अस्तित्वमा रहिरहेका पत्रपत्रिकाहरू पनि तत्कालीन शासनव्यवस्थाको विरोधमा स्वतन्त्रतापूर्वक लेख्न नपाउने भए । यसैकारण यस समयमा नेपाली पत्रकारिताको विकासमा ठूलो धक्का लाग्न पुग्यो । वि.सं. २०३० पछि पत्रपत्रिका प्रकाशनमा अझ समस्या थपिएको देखिन्छ । २०३२ सालमा तत्कालीन व्यवस्थाले सामाजिक र साहित्यिक पत्रिकाको समेत प्रकाशनमा बाधा पुग्ने गरी “छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०३२” जारी गऱ्यो ।[६५] यसलाई नेपाली पत्रपत्रिकाको इतिहासमा कालो कानुनको संज्ञा दिइएको छ । यस ऐनका कारण पनि नेपाली पत्रकारिता जगत् अझ नराम्ररी कठाङ्ग्रिन पुग्यो ।

जनतामा राजनैतिक चेतना जाग्दै गएपछि तत्कालीन शासन व्यवस्थाले चर्को विरोध र आलोचनाको सामना गर्नु पऱ्यो फलस्वरूप शासकहरू जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य भए । यसैक्रममा २०३६ साल जेठ १० गते जनमत सङ्ग्रहको घोषणाका साथै वाक् तथा प्रकाशन स्वतन्त्रता बहाली भएपछि अगाडि दर्ता खारेज भएका पत्रपत्रिकाले पुनर्जीवन प्राप्त गरे । यसरी २०१७ सालदेखि २०४६ सालसम्मको पञ्चायतकालीन समयमा नेपाली पत्रकारिता जगत्ले विभिन्न आरोहअवरोहको सामना गर्नुपरेको देखिन्छ । प्रतिकूल परिस्थितिकै बीचमा पनि त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रत्नराज्य लक्ष्मी क्याम्पस काठमाडौँमा वि.सं. २०३३ सालको सत्रदेखि प्रमाणपत्र तहमा पत्रकारिता विषयको पढाइ सुरु भएको पाइन्छ । यसैगरी पाटन बहुमुखी क्याम्पसमा २०३६ सालदेखि स्नातक तहमा पनि पत्रकारिताको पढाइ सुरु भयो ।[६६] यसैगरी प्रकाशनका हिसावले यस समयावधिमा प्रारम्भमा द्वैमासिक संस्करणका रूपमा प्रकाशित **रूपरेखा** मासिक संस्करणका रूपमा प्रकाशित हुन थाल्यो । नेपाली साहित्य तथा नेपाली पत्रकारिताको क्षेत्रमा **रूपेरखा** पत्रिकाको छुट्टै गौरवमय इतिहास रहेको छ । नेपाली साहित्यको क्षेत्रमा नयाँ लहर र हलचल मच्चाउन सफल प्रयोगवादी लेखनलाई भित्र्याउन मात्र होइन प्राय: सबै विचार पक्षका रचनाहरू प्रकाशित गर्ने खुलामञ्चका रूपमा रहेको **रूपरेखा** पत्रकारिता र साहित्यबीचको सेतुका रूपमा रहेको छ । **रूपरेखा** कुनै निश्चित सिद्धान्तको पृष्ठपोषक नभएर झर्रोवादीदेखि लिएर झर्रोवादी विरोधी, प्रगतिवादी अनि आधुनिकदेखि पौराणिकसम्मका सबै खाले रचनाहरूलाई उत्तिकै महत्त्व दिएको छ ।[६७] विधागत रूपमा हेर्दा नेपाली साहित्यका कविता,

---

[६२] ऐजन पृ. ६३४ तथा केन्द्रीय पुस्तकालयबाट प्रकाशित पत्रिकाको सूचि सङ्गालोबाट प्राप्त जानकारी ।

[६३] केन्द्रीय पुस्तकालयबाट प्रकाशित पत्रिकाको सूचि सङ्गालोबाट प्राप्त जानकारी ।

[६४] विजय चालिसे, पूर्ववत, पृ. १५० ।

[६५] शेषकान्त पौडेल, पूर्ववत, पृ. १० ।

[६६] विजय चालिसे, पूर्ववत, पृ. १५७ ।

[६७] तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** तेस्रो संस्करण (काठमाडौँ : नवीन प्रकाशन, २०५१),पृ. २६८ ।

कथा, निबन्ध र समालोचनाका क्षेत्रमा रूपरेखाले योगदान पुऱ्याएको छ । रूपरेखाका अतिरिक्त **गरिमा, मधुपर्क, तेस्रो आयाम, राजमार्ग**जस्ता उत्कृष्ट मासिक पत्रिकाहरूले पनि यस समयको नेपाली भाषा साहित्यमा उल्लेख्य योगदान पुऱ्याएका छन् ।

यसरी वि.सं. २०१७ देखि २०४६ सम्मको नेपाली पत्रकारिता क्षेत्रमा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक गरी विभिन्न किसिमका पत्रपत्रिकाहरू प्रकाशित देखिन्छन् । प्रकाशित पत्रिकाहरू समाचारमूलक, साहित्यिक तथा गैरसाहित्यिक पनि रहेका छन् ।

## २.७ प्रजातन्त्र पुनर्स्थापनापछिको काल (२०४६ देखि वर्तमानसम्म)

वि.सं. २०४६ को राजनीतिक हलचलले पत्रकारिताको इतिहासमा समेत ठूलो परिवर्तन आयो । पञ्चायती व्यवस्थामा पत्रपत्रिकाहरूको प्रकाशन सङ्ख्यामा केही वृद्धि भए पनि मौलिक हक र वाक् स्वतन्त्रताको अभावमा आशातीत सफलता हासिल गर्न भने सकेको थिएन । वाक् तथा प्रकाशन स्वतन्त्रताको अभावमा पत्रकारिता क्षेत्र सदैव त्रसित रहने गर्दथ्यो । उक्त समयमा पत्रपत्रिकामा प्रकाशित सामग्रीकै कारण कतिपय पत्रपत्रिकाको दर्ता नै समेत खारेज गरिएको थियो । यता आएर २०४६ सालको राजनीतिक परिर्वतनले यी सबै तीता कुराहरूबाट मुक्ति दिलायो । २०४६ सालको जनआन्दोलनपश्चात पत्रपत्रिकाको हकमा विभिन्न कार्यहरू भएका छन् । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (क) मा विचार अभिव्यक्तिको स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । यसैगरी धारा १३ मा छापाखाना र पत्रपत्रिकासम्बन्धी हकअन्तर्गत निम्नलिखित कुराहरू उल्लेख भएका छन्-

(क) कुनै समाचार लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

(ख) कुनै समाचार लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरेवापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।

(ग) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेवापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।[६८]

उपर्युल्लिखित व्यवस्था संविधानमा भएबाट नेपालको पत्रकारिता जगत् २०४६ सालको पुनर्स्थापित प्रजातान्त्रिक व्यवस्थापछि उत्तरोत्तर प्रगतिको दिशामा अभिमुख भइरहेको छ । यस समयावधिमा नेपाली पत्रकारिता जगत् यथार्थ समाचार सम्प्रेषण गर्ने लक्ष्यमा पूर्ण प्रतिवद्ध देखिन्छ । वर्तमान अवस्थामा पत्रपत्रिकाहरू संस्थागत स्वरूप धारण गर्दै पूर्ण प्रतिस्पर्धाका साथ अगाडि बढिरहेका छन् । यस्ता लक्षणहरू स्वतन्त्र पत्रकारिताका लागि अवश्य पनि सुखद परिणामप्रदायी देखिन्छन् । वि.सं.२०४६ पछिको पत्रपत्रिका प्रकाशनको स्थितिलाई यसप्रकार चर्चा गर्न सकिन्छ-

### (क) समाचारमूलक पत्रिका

वि.सं. २०४६ पछि नेपाली पत्रपत्रिका जगत्मा संस्थागत रूपमा **सन्डे डिस्प्याच** (अङ्ग्रेजी दैनिक), **जनमञ्च** (नेपाली साप्ताहिक), **काठमाडौं पोष्ट** (अङ्ग्रेजी दैनिक), कान्तिपुर (नेपाली दैनिक), **महानगर** (नेपाली दैनिक), आदि नयाँ प्रकाशनहरू आरम्भ भए पनि एकाध बाहेकले संस्थागत स्वरूप ग्रहण गर्न भने सकेका देखिदैनन् ।[६९] जनआन्दोलनको लगत्तै पछि २०४७ मा **सन्डे डिस्प्याच, जनमञ्च**जस्ता साप्ताहिक पत्रिका देखापरेका छन् । त्यसको लगत्तैपछि **नेपाल जागरण, पिपुल्स रिभ्यू**जस्ता अङ्ग्रेजी तथा नेपाली साप्ताहिक प्रकाशित भएका देखिन्छन् । वि.सं. २०४९ मा दैनिक **कान्तिपुर** (नेपाली) र **काठमाडौं पोष्ट** (अङ्ग्रेजी) का अतिरिक्त **महानगर दैनिक** र **राजधानी** साप्ताहिक आदि प्रकाशनमा आए ।[७०] २०४६ सालको सफल जनआन्दोलनको उपलब्धि स्वरूप विभिन्न भाषामा दैनिक, साप्ताहिक, मासिक आदि पत्रिकाहरू प्रकाशन भएका छन् । यी पत्रिकाहरू समाचारप्रधान भए पनि धेरैजसो पत्रिकाले नेपाली साहित्यको उन्नतिमा समेत केही न केही सहयोग पुऱ्याएका छन् । तीमध्ये केही प्रमुख पत्रिकाहरूको विवरण यसप्रकार उल्लेख गर्न सकिन्छ- **न्हूगु विश्वभूमि** (नेवारी दैनिक), **प्रजातन्त्र** (साप्ताहिक), **सुरुचि** (साप्ताहिक), **स्वतन्त्रता** (साप्ताहिक), **स्पेशटाइम** (दैनिक), **हिमालय टाइम्स** (दैनिक) **नेपाल समाचारपत्र** (

[६८] नेपाल अधिराज्यको संविधान २०४७, पृ. ४ ।

[६९] विजय चासिले, पूर्ववत, पृ. १६१ ।

[७०] ऐजन ।

दैनिक), **समकालीन** (नेपाली साप्ताहिक) आदि ।[७१] पत्रपत्रिका प्रकाशन स्थानका सन्दर्भमा चर्चा गर्नुपर्दा वर्तमान अवस्थामा नेपालका चौधै अञ्चलबाट पत्रपत्रिकाहरू प्रकाशन भइरहेका छन् । जिल्लागत अवस्था हेर्ने हो भने हालसम्म पत्रिका प्रकाशनका लागि दर्ता नै नभएका जिल्लाहरू सोलुखुम्बु, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, दैलेख, जाजरकोट, मुगु र हुम्ला गरी आठवटा रहेका छन् ।[७२]

पत्रपत्रिकाहरूको प्रकाशनस्थिति मूल्याङ्कन गर्दा प्रकाशनका लागि इजाजत प्राप्त गरेका धेरै सङ्ख्याका पत्रपत्रिकाहरू अप्रकाशित नै रहने तथा प्रकाशन भइहाले भने पनि तिनीहरूले नियमितता पाउने गरेको देखिँदैन । अधिकांश पत्रपत्रिकाहरू राजधानी या सुविधासम्पन्न प्रमुख सहरहरूबाट प्रकाशित देखिन्छन् । आर्थिक वर्ष २०६४/०६५ सम्म जम्मा २६०१ वटा पत्रपत्रिकाहरू दर्ता भएका देखिए तापनि पत्रपत्रिका मूल्याङ्कन एवम् वर्गीकरणका लागि फारम भरी बुझाउने पत्रपत्रिकाको सङ्ख्या ४७६ मात्र रहेका छन् ।[७३] यीमध्ये 'क' वर्गमा परेका दैनिकमा **अन्नपूर्ण पोष्ट** काठमाडौँ, **गोर्खापत्र**, काठमाडौँ, **कान्तिपुर** काठमाडौँ, **द राइजिङ्ग नेपाल**, काठमाडौँ, **नेपाल समाचारपत्र**, काठमाडौँ, **आदर्श समाज**, कास्की, **जनसंसद** झापा, **नयाँ युगबोध** दाङ्ग, **ब्लाष्ट टाइम्स** सुनसरी आदि गरेर जम्मा २० वटा रहेका छन् । यसैगरी साप्ताहिकमा **घटना र विचार** ललितपुर, **छलफल** काठमाडौँ, **जनादेश** काठमाडौँ, **साप्ताहिक** काठमाडौँ, **चेष्टा साप्ताहिक** काभ्रे, आदि गरी जम्मा १८ वटा रहेका छन् । पाक्षिक पत्रिकाहरूमध्ये **हिमाल खबरपत्रिका** ललितपुरले 'क' वर्गको एकल प्रतिनिधित्व गरेको छ ।[७४]

वर्गीकरणकै क्रममा 'ख' वर्गमा २२ वटा दैनिक, ३ अर्ध साप्ताहिक, ७० साप्ताहिक, २ पाक्षिक र १४ मासिक रहेका छन् । यसैगरी 'घ' वर्गमा ५ दैनिक, १ अर्धवार्षिक ८५ साप्ताहिक, ६ पाक्षिक र १६ मासिक पत्रिकाहरू परेका छन् ।[७५] वर्गीकरणका क्रममा जुन वर्गमा परे तापनि यी विभिन्न पत्रपत्रिकाहरू समाचारमूलक पत्रिका हुँदाहुँदै पनि नेपाली साहित्यको अभिवृद्धिमा समेत सहकार्य गरेको पाइन्छ ।

**(ख) साहित्यिक पत्रिकाहरू**

वि.सं. २०४६ देखि वर्तमानसम्म निकै नै सङ्ख्यामा साहित्यिक पत्रिकाहरू प्रकाशित देखिन्छन् । आर्थिक वर्ष २०६१/०६२ सम्मको अभिलेखमा प्राप्त भएका प्रमुख साहित्यिक मासिकहरूमा **आकाश** (सम्पा : शिवदत्त ढकाल, काठमाडौँ), **गरिमा** (सम्पा : गोपाल पराजुली, ललितपुर), **भानु** (सम्पा : भवानी घिमिरे, झापा), **मधुपर्क** (सम्पा : कपिल घिमिरे, काठमाडौँ), **रहर** (सम्पा : गोपीकृष्ण खनाल, झापा), **साथी** (सम्पा : सुदर्शन श्रेष्ठ, मोरङ्ग), **सतह** (सम्पा : ज्ञानेन्द्रराज पोखेल, काठमाडौँ), **चिचिला** (सम्पा : भुवनेश्वरी सत्याल, काठमाडौँ), **प्रतिभा** (सम्पा : रवीन्द्र सिंह लामा, काठमाडौँ), **मिर्मिरे,** (सम्पा : अरविन्द मालाकार, काठमाडौँ) आदि रहेका छन् ।[७६] यस्तै द्वैमासिक पत्रिकाहरूमा **अभिव्यक्ति** (सम्पा : नगेन्द्रराज शर्मा, काठमाडौँ), **कल्पवृक्ष** (सम्पा : नवराज भट्टराई, पाँचथर), **घुँयत्रो** (सम्पा : सुवर्ण कर्माचार्य, काठमाडौँ) **झङ्कार** (सम्पा : ज्ञानुवाकार पौडेल, काठमाडौँ), **नवीनता** (सम्पा : लेखनाथ शर्मा, धनुषा), **सारस्वत** (सम्पा :सरुभक्त, पोखरा), **चड्कन** (सम्पा : लक्ष्मण गाम्नागे, काठमाडौँ), **तन्नेरी** (सम्पा : राजेन्द्र पराजुली, काठमाडौँ), **लहर** (सम्पा : वासुदेव अधिकारी, काठमाडौँ) आदि प्रमुख मानिन्छन् ।[७७] यसैगरी त्रैमासिक पत्रिकाहरूमा **अनुराग** (सम्पा : ललीजन रावल, काठमाडौँ), **अन्यथा** (सम्पा : गोविन्द गिरी प्रेरणा, काठमाडौँ), **आरोहण** (सम्पा : ध्रुव मधिकर्मी, भक्तपुर), **कविता** (सम्पा : तोयाप्रसाद गुरुङ्ग, काठमाडौँ), **जुही** (सम्पा : चूडामणि रेग्मी, झापा), **झिसमिसे** (सम्पा : जीवेन्द्रदेव गिरी, काठमाडौँ), **दीपशिखा** (सम्पा : आर.आर. चौलागाई, मकवानपुर), **नेपाली** (सम्पा : कमल दीक्षित, ललितपुर), **उन्नयन** (सम्पा : अच्युतरमण अधिकारी, काठमाडौँ), आदि मुख्य रहेका छन् ।[७८] यसैगरी अर्धवार्षिक साहित्यिक पत्रिकाहरूमा **जस्केलो** (सम्पा : हेमराज अधिकारी, ताप्लेजुङ्ग), **झरना** (सम्पा : जनार्दन

---

[७१] ऐजन ।

[७२] प्रेस काउन्सिल नेपाल तेत्तीसौँ वार्षिक प्रतिवेदन २०६५, काठमाडौँ, पृ.४६ ।

[७३] ऐजन, पृ.२९-३० ।

[७४] ऐजन, पृ.११३ ।

[७५] ऐजन, पृ. ११५-१३२ ।

[७६] प्रेस काउन्सिल नेपाल, तीसौँ वार्षिक प्रतिवेदन २०६२, काठमाडौँ पृ. १४४-१९४ ।

[७७] ऐजन ।

[७८] ऐजन ।

खनाल, मकवानपुर), **नवप्रतिभा** (सम्पा : धनकर्ण श्रेष्ठ, खोटाङ्ग), **परिमार्जन** (सम्पा : धरणीधर अधिकारी, काठमाडौँ), **प्रज्ञा** (सम्पा : टीकाराम पन्थी, काठमाडौँ), **शब्दपथ** (सम्पा : गायत्री विष्ट/विनोद मञ्जन, काठमाडौँ) आदि रहेका छन् । यस्तै वार्षिक साहित्यिक पत्रिकाहरूमा **क्रमश** (सम्पा : नवराज शर्मा, मकवानपुर), **प्रतिभा** (सम्पा : रामविक्रम थापा, खोटाङ्ग), **सूर्योदय** (सम्पा : रमेशमोहन अधिकारी, रौतहट) आदि प्रमुख रहेका छन् ।[७९]

**(ग) अन्य पत्रिकाहरू**

समाचारमूलक तथा साहित्यिक पत्रिकाका अतिरिक्त यस समयमा अन्य विषयक्षेत्रसँग सम्बन्धित पत्रपत्रिकाहरू पनि प्रकाशित भएका छन् । त्यस्ता पत्रपत्रिकाहरूलाई विषयक्षेत्रगत प्रमुखताका आधारमा निम्नानुसार चर्चा गरिएको छ-

**(अ) धर्मसंस्कृतिमूलक**

प्रजातन्त्र पुनर्स्थापनापछि वर्तमानसम्ममा धर्मसंस्कृतिसँग सम्बन्धित भएर पनि केही सङ्ख्यामा पत्रपत्रिकाहरूको प्रकाशन भएको देखिन्छ । यस्ता पत्रिकाहरूको उद्देश्य धार्मिक आस्था र संस्कृतिसम्बन्धी चेतना अभिवृद्धि गर्नु रहेको देखिन्छ । यस्ता पत्रपत्रिकाहरू **अध्यात्म** (सम्पा : रामप्रसाद अधिकारी, काठमाडौँ), **गोरक्षनिखिल वाणी** (सम्पा : सिद्धाश्रम शक्ति केन्द्र, काठमाडौँ), **तमुसंसार** (सम्पा : लोकबहादुर तमु, कास्की), **हिन्दूराज्य** (सम्पा : मानबहादुर पन्थी/ठाकुरप्रसाद पन्त, काठमाडौँ) आदि प्रमुख मानिन्छन् ।[८०]

**(आ) चेतनामूलक**

यस अवधिमा जनसाधारणको चेतना अभिवृद्धि गर्ने उद्देश्यबाट अभिप्रेरित भएर प्रकाशित भएका पत्रपत्रिकाहरू पनि अधिकतम् मात्रामा देखिन्छन् । यस्ता पत्रिकाहरूमा **अन्तर्राष्ट्रिय मञ्च** (सम्पा : नवराज अधिकारी, काठमाडौँ), **अन्तर्राष्ट्रिय शैक्षिक मञ्च** (सम्पा : रामकुमार अधिकारी, काठमाडौँ), **आवृत्ति विज्ञान पत्रिका** (सम्पा : शिव ढकाल), **इको** (सम्पा : मोहनप्रसाद गुराँगाई, धनकुटा), **एक्काइसौँ शताब्दी** ( सम्पा : अग्निशिखा, काठमाडौँ), **कर्णाली आवाज** (सम्पा : प्रकाशकुमार रोकाया, काठमाडौँ), **गुड गभर्नेन्स** (सम्पा : केदार खड्का, काठमाडौँ), **नवयुवा** (सम्पा : हरिगोविन्द लुइटेल, काठमाडौँ), **प्रतियोगिता मञ्च** ( सम्पा : गणेश पराजुली, काठमाडौँ), **मुना** (सम्पा : केदार शाक्य, काठमाडौँ), **मूल्याङ्कन** (सम्पा : श्याम श्रेष्ठ, काठमाडौँ), **युवामञ्च** (सम्पा : कमलप्रसाल रिजाल, काठमाडौँ) आदि प्रमुख मानिन्छन् ।[८१]

**(इ) मनोरञ्जनमूलक**

आफ्नो प्रकाशनका माध्यमबाट जनमानसमा मनोरञ्जन प्रदान गर्ने एवम् मनोरञ्जनात्मक गतिविधिहरूको सूचना सम्प्रेषण गर्ने उद्देश्यबाट प्रकाशित पत्रपत्रिकाहरू यस कोटीमा पर्दछन् । यस्ता पत्रिकाहरूमा **कलिउड सिनेस्टार** (सम्पा : आर.के.सुवेदी, काठमाडौँ), **तथ्यकथा** (सम्पा : सुनिल सापकोटा, काठमाडौँ), **प्रेमको डायरी** (सम्पा : नरेन्द्रदेव देवकोटा र अन्य काठमाडौँ), **रमझम** (सम्पा : विनोद अर्याल, काठमाडौँ), **रोमान्टिक कथा** (सम्पा : रामहरि श्रेष्ठ, काठमाडौँ), **सिने सम्झना** (सम्पा : शान्तिप्रिय, काठमाडौँ) आदि प्रमुख मानिन्छन् ।[८२]

**(ई) स्वास्थ्यमूलक**

खासगरी स्वास्थ्यसँग सम्बन्धित जानकारी प्रदान गर्ने उद्देश्यबाट प्रकाशित पत्रिकाहरू यस वर्गमा पर्दछन् । यस्ता पत्रिकाहरूमा **आयुर्वेद** (सम्पा : डा.दिव्यरत्न बज्राचार्य, काठमाडौँ), **पुनयौवन** (सम्पा : सुनिलकुमार, काठमाडौँ), **योर हेल्थ केयर** (सम्पा : डा. नगेन्द्र शाक्य), **वमेन एण्ड चिल्ड्रेन हेल्थ** (डा. अच्युतबाबु कोइराला, काठमाडौँ), **स्वास्थ्य** (सम्पा : क्षितिज बाराकोटी, ललितपुर), **स्वास्थ्य सन्देश** (सम्पा : नवराज अधिकारी, काठमाडौँ) आदि प्रमुख रहेका छन् ।[८३]

---

[७९] ऐजन ।

[८०] ऐजन, पृ.१६७-१६९ ।

[८१] ऐजन, पृ.१६७-१६९ ।

[८२] ऐजन, पृ.१६७-१६९ ।

[८३] ऐजन ।

(उ) **बुलेटिन**

२०४६ सालको राजनैतिक परिवर्तनपश्चात पनि विभिन्न संघसंस्थाहरूबाट आफ्ना बुलेटिनहरू प्रकाशन गराउने प्रचलन कायमै रहेको पाइन्छ । यस्ता बुलेटिनहरूमा **दीपशिखा,** स्व.वि.यु., पद्मकन्या क्याम्पस (२०४८), **कोष समाचार** कर्मचारी सञ्चयकोष (२०४८), **नेपाल घरेलु तथा साना उद्योग संघको बुलेटिन** (२०४७), **शान्तिभूमि बुलेटिन** विशाल मैत्री संस्था (२०४८), **चुमलुङ बुलेटिन किरात याक्थुङ चुमलुङ** (२०४७), **नेपाली काङ्ग्रेस आठौँ महाधिवेशन बुलेटिन** आठौँ महाधिवेशन समिति ( २०४८), **समाचार बुलेटिन** (नेपाल जनहित पार्टी २०४९), **युवा बुलेटिन** अखिल नेपाल जनवादी युवा लिग २०४७, **निजामती कर्मचारी बुलेटिन** कर्मचारी संगठन २०४७ आदि मुख्य रहेका छन् ।[८४]

यसप्रकार एक शताब्दीभन्दा लामो इतिहास बोकेको नेपाली पत्रकारिता जगत् विभिन्न आरोह-अवरोहहरू पार गर्दै वर्तमान अवस्थासम्म आइपुगेको छ । यस समयावधिमा साहित्यिक तथा गैर साहित्यिक सबै किसिमका पत्रपत्रिकाहरूले नेपाली साहित्यको उत्थानमा प्रशस्त योगदान पुऱ्याएका छन् ।

[८४] www.mpp.org.np

# परिच्छेद तीन
# नेपाली साहित्य र गोर्खापत्र

## ३.१ भूमिका

प्रकाशनको प्रारम्भिक समयदेखि नै गोर्खापत्रले समाचारमूलक पत्रिकाको रूपमा कार्य गर्दै आएको देखिन्छ । मूल रूपमा समाचारमूलक पत्रिका हुँदाहुँदै पनि यसले नेपाली वाङ्मयका अनेक विधामा प्रशस्त योगदान पुऱ्याउँदै आएको छ । यति मात्र नभएर गोर्खापत्र नेपाली साहित्यको सन्दर्भमा युग परिवर्तक समेत बनेको छ । नेपाली साहित्यको माध्यमिक कालको प्रस्थान विन्दु नै गोर्खापत्रको प्रकाशनलाई मानिनु यसको प्रमाणको रूपमा रहेको छ । गोर्खापत्रको प्रकाशन आरम्भ हुनुभन्दा पूर्व एक मात्र मासिक पत्रिका **सुधासागर** नेपालभित्र अस्तित्वमा थियो । गोर्खापत्रको प्रकाशनपछि साहित्यिक रचनाहरूको प्रकाशनमा पनि सङ्ख्यात्मक रूपमा वृद्धि भएको देखिन्छ । यसले गोर्खापत्र सुरुदेखि नै नेपाली वाङ्मयप्रति उदार रहेको देखाउँछ । यसप्रकार प्रारम्भदेखि वर्तमान अवस्थासम्म नै गोर्खापत्रले भाषा तथा साहित्यको अनवरत रूपमा सेवा गर्दै आएको छ । नेपाली साहित्यको उत्थानमा गोर्खापत्रले पुऱ्याएको यस योगदानलाई कदापि भूल्न सकिन्न ।

## ३.२ माध्यमिककालीन नेपाली साहित्य र गोर्खापत्र

नेपाली साहित्यको काल विभाजनसम्बन्धी विवाद प्रशस्त पाइन्छ तर पनि गोर्खापत्रको प्रकाशनसँगै नेपाली साहित्यले माध्यमिक कालमा फड्को मारेको र १९९०-९१ को हाराहारीसम्म खासगरी **शारदा** मासिकको प्रकाशन आरम्भ नहुँदासम्म माध्यमिक कालको समयावधि मान्ने गरिएको छ । यसप्रकार गोर्खापत्रको प्रकाशन आरम्भदेखि **शारदा**को प्रकाशनसम्मको माध्यमिक कालको मूल प्रवाहमा गोर्खापत्रले नेपाली साहित्यको क्षेत्रमा जेजति योगदान गऱ्यो त्यो निश्चय नै सह्रानीय छ । मूलतः अतिरञ्जनात्मक, जासुसी, तिलस्मी प्रवृत्तिको साहित्य माध्यमिककालीन परिचायक नै हो । यसका साथै नीतिउपदेशमूलक, आदर्शवादी तथा आध्यात्मिक रागले ओतप्रोत भएका साहित्यहरूको यस समयमा बाहुल्य देखिन्छ । अर्कातिर विश्वका प्रसिद्ध व्यक्तिहरूका जीवनी, परिचय, स्थानवर्णन, तथा विधागत र कृतिगत रचनाहरूको मूल्याङ्कन पनि गोर्खापत्रमा प्रकाशित भएका छन् ।

माध्यमिककालीन नेपाली साहित्यमा अनुवादको बाहुल्य देखापर्दछ तर यस अवधिमा मौलिक रचनाहरू पनि निकै नै प्रकाशित भएका छन् । अनुदित रचनाहरूको मूलस्रोत अङ्ग्रेजी, हिन्दी, बङ्गाली, उर्दू र संस्कृत भाषा रहेको छ र यस्ता अनुवादहरू उपन्यास, कथा, जीवनी, निबन्ध आदि विधासँग सम्बन्धित छन् ।

यसप्रकार वि.सं. १९५८ देखि वि.सं. १९९१ सम्म अनुदित तथा मौलिक थुप्रै रचनाहरू गोर्खापत्रमा छापिएका छन् । तीमध्ये केही प्रमुख विवरणहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ-

### (क) कविता

माध्यमिक कालमा गोर्खापत्रमा प्रकाशित कविताहरूको विवरण हेर्दा अत्यल्प मात्रामा मात्र कविताहरू प्रकाशित देखिन्छन् । त्यसमा पनि कतिपय कविताहरू शीर्षक समतुल्य अंशका त कतिपय कविताहरू कवितात्मक गुणवत्तालाई बहन गर्न नसक्ने देखिन्छन् । यसका साथै समस्यापूर्तिका रूपमा पनि प्रशस्त लघुआकारका कविताहरू प्रकाशित देखिन्छन् । यस समयावधिमा प्रकाशित प्रमुख कविताहरूमा पं.लेखनाथ पौड्यालको **बूढा बटुवाको प्रातकालीन गनगन** १९७३, शम्भुप्रसाद ढुङ्ग्याल, **मनोरञ्जक श्लोक** १९७६, झपटबहादुर **राणा जननी जन्मभूमिश्च स्वर्गदापी गरियसी**, पं. चक्रपाणि चालिसे **प्रश्न नं. १ समस्यापूर्ति** आदि रहेका छन् ।[८५]

### (ख) कथा

कथाको अवस्थालाई मूल्याङ्कन गर्दा माध्यमिक कालका प्रायः कथाहरू जासुसी, तिलस्मी, नैतिक, पौराणिक प्रवृत्तिका देखिन्छन् । यसका अतिरिक्त प्रायः कथाहरू अनुदित रहेका छन् । अनुदित हुनका

---

[८५] लक्ष्मीकान्त पन्थी, **नेपाली साहित्यमा *गोर्खापत्र*को योगदान** (१९५८-१९९०), अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि.नेपाली शिक्षण समिति २०३४ ।

अतिरिक्त कथा लेखक तथा अनुवादको नाम उल्लेख नगरिनु पनि यस समयावधिको प्रवृत्तिझैँ बन्न पुगेको छ । माध्यमिक कालमा प्रकाशित केही प्रमुख कथाहरूको विवरण यसप्रकार उल्लेख गर्न सकिन्छ- बेनामे **उट्पट्याङ** १९५९, बेनामे **प्राचीन प्रपञ्च**, १९६३, **बेनामे प्राप्तव्यमर्थलभते** १९५९, बेनामे **सुकुल गुण्डाको कहानी** आदि करीब पाँच दर्जन जति कथा गोर्खापत्रमा प्रकाशित देखिन्छन् ।[८६]

**(ग) उपन्यास**

माध्यमिक काल धारावाहिक उपन्यासको स्वर्णकाल भने पनि हुन्छ । यस समयमा पत्रपत्रिकामा उपन्यासलाई धारावाहिक रूपमा प्रकाशन गर्ने चलन थियो । खासगरी सदाशिव शर्माले बनारसबाट **उपन्यास तरङ्गिणी** नामक उपन्यासप्रधान मासिक पत्रिका निकाल्न थालेपछि गोर्खापत्रले पनि तत्कालीन जनरुचिलाई समेट्दै वि.सं. १९६० देखि धारावाहिक रूपमा उपन्यास प्रकाशन गरेको देखिन्छ । उपन्यास प्रकाशनको यो क्रम गोर्खापत्रमा लगातार सोह्र वर्षसम्म रहेको देखिन्छ । यस समयावधिमा प्रकाशित प्रमुख उपन्यासहरूमा बेनामे **कथा** १९६०, बेनामे **वीरमालोजी भोसले** १९६१, बेनामे **नौलखाहार** १९६७, बेनामे **विचित्र जासुसी भयङ्कर खुन** १९७१ आदि एक दर्जन जति उपन्यासहरू माध्यमिक कालमा धारावाहिक रूपमा प्रकाशन भएका छन् ।[८७]

**(घ) जीवनी**

कथा र उपन्यासजस्तै नेपाली जीवनी साहित्यमा पनि गोर्खापत्र अग्रणी देखिन्छ । अरुको प्रशंसा र तारिफ सहन नसक्ने राणाहरूको कठोर नियन्त्रण र निरङ्कुशताका बीच पनि गोर्खापत्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरूको जीवनी छाप्ने आँट गर्नु कम चुनौतिको विषय थिएन । अध्येताहरूले वि.सं. १९७० देखि गोर्खापत्रमा जीवनी छापिएका भनेका भए पनि वि.सं. १९६९ असार २५ गते सोमबारदेखि नै गोर्खापत्रमा जीवनी छापिन थालेको जानकारी पाइन्छ ।[८८] प्रकाशित उक्त जीवनी सत्यव्रत नाम गरेका वैदिक पण्डितको जीवनमा आधारित थियो । यसरी प्रारम्भ भएको जीवनी साहित्यका केही प्रमुख विवरणहरू यसप्रकार उल्लेख गर्न सकिन्छ- **मिष्टर मार्गनको जीवनी** १९७० भाद्र २४, **महात्मा तुलसीदास** १९७० फागुन १९, **पण्डित जगन्नाथ** १९७१ श्रावण २६, **कुमारी हेलेन केयर** १९७२ पौष १९, **रामकृष्ण परंहस** १९७३ आदि गरी ४५ वटा जीवनी साहित्य यस अवधिमा देखिएका छन् ।[८९]

**(ङ) निबन्ध/प्रबन्ध**

गोर्खापत्रमा सर्वप्रथम वि.सं. १९५९ मा बेनामे **अधि मुर्ख पछि बुद्धिमान** निबन्ध प्रकाशित देखिन्छ । यसै परम्परालाई निरन्तरता दिने क्रममा वि.सं. १९९० सम्ममा करीव ४ दर्जन जति निबन्ध छापिएका देखिन्छन् । तीमध्ये केही प्रमुख निबन्धहरूको विवरण यसप्रकार उल्लेख गर्न सकिन्छ- **नैराश्य परम् सुखम्** १९५९, **कृषि वृत्तान्त** १९५९, **वसन्तवर्णनम्** १९५९, **मातृभाषाको उन्नति** १९६६, शम्भुप्रसाद ढुङ्गेलका **समय** १९७६, **प्रभात** (१९७६), **हर्दम याद राख्नुपर्ने कुरा** १९७६, **कविताको फल** १९७६ आदि ।[९०] यिनीहरू निबन्धका सम्पूर्ण पहिचानले युक्त नभए तापनि आधुनिक निबन्धका लागि पृष्ठाधारको काम भने गरेका छन् ।

**(च) यात्रावर्णन**

तत्कालीन जनमानसमा यात्रा भनेको तीर्थधाम आदिको दर्शनार्थ गरिएको यात्रा बाहेक अन्य यात्रा कमै मात्रामा हुने अथवा हुँदै नहुने हुनाले पनि यात्रासम्बन्धी साहित्य अत्यल्प मात्रामा देखिन्छन् । जे भए पनि यात्रा साहित्यको परम्परा भने माध्यमिककालीन नेपाली साहित्यमा नै बसेको देखिन्छ । यात्रा साहित्यको परम्परा बसाउन हरिनाथ प्याकुरेलको **तीर्थजाँदाको वृत्तान्त** १९७४, महत्त्वपूर्ण मानिन्छ । यस्तै

---

[८६] ऐजन ।

[८७] ऐजन ।

[८८] वि.सं १९६९ असार २५ गते सोमबारको गोर्खापत्र ।

[८९] ऐजन ।

[९०] हरिहर भण्डारी **माध्यमिककालीन गद्य साहित्यको विकासमा** ***गोर्खापत्र,*** (मधुपर्क, वर्ष ३३, अङ्क १, पूर्णाङ्क ३७०: २०५७) पृ. ३७ र ३८ ।

यात्रा साहित्यकै पाराका स्थानवर्णनसँग सम्बन्धित राजबहादुर कीर्त्यानन्दको **नेपाल र यहाँको महान् शासक** १९८३, र केशरबहादुर के.सी.को **देश देशावारको वयान** १९८९ दुई रचनाहरू महत्त्वपूर्ण रहेका छन् ।[९१] यसप्रकार माध्यमिक कालमा सबैभन्दा कम योगदान भएको क्षेत्र यात्रा साहित्य नै देखिन्छ ।

**(छ) समालोचना**

वि.सं. १९४८ मा मोतीराम भट्टबाट प्रारम्भ भएको नेपाली समालोचनाको इतिहास गोर्खापत्रसँग जोडिँदा अरु प्रभावकारी बनेर गएको देखिन्छ । गोर्खापत्रमा विभिन्न लेखकका सम्पादक स्वयम्का तथा बेनामे समालोचना यस अवधिमा प्रशस्त छापिएका छन् । तीमध्ये केही प्रमुख विवरणहरू यसप्रकार उल्लेख गर्न सकिन्छ- बेनामे **गोर्खेखबर कागजबारे,** १९६९, बेनामे **रत्नवलीनाटिकाबारे** १९७१, **दुर्गाभक्त तरङ्गिणीबारे** १९७२ आदि ।[९२]

यसप्रकार माध्यमिक कालीन नेपाली साहित्यको विकासमा गोर्खापत्रको ऐतिहासिक र महत्त्वपूर्ण योगदान रहेको छ । समग्रमा गद्य साहित्यका कथा, उपन्यास र निबन्ध विधामा बढी दिलचस्पी देखाए पनि पद्यतर्फ कविता विधाका क्षेत्रमा दिएको योगदानको पनि आफ्नै महत्त्व रहेको छ ।

## ३.३ गोर्खापत्रमा आधुनिक नेपाली साहित्य वि.सं. २०१७ सम्म

नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भलाई लिएर प्रशस्त मतभेदहरू देखिए तापनि **शारदा** १९९१ को प्रकाशनसँगै नेपाली साहित्य आधुनिक युगमा प्रवेश गरेको हो भन्ने पक्षमा प्रायः सर्वसम्मति देखिन्छ । यसप्रकार वि.सं. १९९१ देखि २०१७ सम्मको समयावधिमा गोर्खापत्रमा प्रकाशित साहित्यिक रचनाहरूलाई विधागत आधारमा निम्नानुसार चर्चा गरिएको छ -

**(क) कविता**

नेपाली साहित्यमा आधुनिक कालको उठान विन्दुलाई लिएर विवादको घेरामा परेको प्रमुख विधा कविता नै हो । कसैले लेखनाथ पौड्यालको **ऋतुविचार**सँगै नेपाली कवितामा आधुनिक कालले प्रवेश गरेको धारणा राखेका छन् भने अर्काथरी विद्वान्हरू पौड्यालको ऋतुविचारले माध्यमिककालीन नीति औपदेशिक परम्पराको गोहो छाड्न नसकेको भन्दै लक्ष्मीप्रसाद देवकोटाको **पूर्णिमाको जलधि** (१९९१) बाट मात्र आधुनिकताले प्रवेश पाएको धारणा राख्ने गर्दछन् । गोर्खापत्रकै सन्दर्भमा चर्चा गर्नुपर्दा पनि नब्बेको दशकभन्दा अगाडि आधुनिकताको अभाष दिने खालका कविताहरू प्रकाशित देखिँदैनन् । हुन त वि.सं. १९८५ वैशाख २५ गतेको गोर्खापत्रमा खण्डित रूपमा पाइएको **वसन्तषोड्शी** शीर्षक कविताको चारचार श्लोकका आठ पङ्क्तिहरू निकै नै स्तरीय र कलात्मक छन् ।[९३] वसन्ततीलका छन्दमा वसन्त ऋतुको वर्णन गरिएका उक्त पङ्क्तिहरू भाषिक लालीत्य, शब्द संयोजन र छन्दात्मकताले युक्त छन् । अघिल्लो अङ्क अर्थात् वैशाख १८, १९८५ मा आठ पङ्क्ति छापिएर नवौं पङ्क्तिदेखि सोह्रौं पङ्क्तिसम्म वैशाख २५ को अङ्कमा छापिएको बुझिने यस कविताका अघिल्ला भागहरू उक्त मितिको गोर्खापत्र उपलब्ध हुन नसकेकाले के कस्ता थिए भन्नेबारे थाहा हुन सकेन । लक्ष्मी, टी.सी. कलेज, नेपालका नाममा छापिएको यस कविताका रचनाकार तत्कालीन उदयीमान कवि लक्ष्मीप्रसाद देवकोटा नै हुन कि अरु नै **लक्ष्मी** हो भन्ने पनि विचारणीय नै छ । इतिहासमा अहिले सम्म नै तत्कालीन समयमा अर्का लक्ष्मी नामका कवि त्यसमा पनि त्रिचन्द्र कलेजमा अध्ययन गर्ने सन्दर्भको दोस्रो व्यक्तिको उल्लेख नभएको तथा लक्ष्मीप्रसाद देवकोटाका उत्तरवर्ती कविताहरूको झैं भाषिक लालीत्य र शाब्दिक चलखेल यस कवितामा पनि पाइएकाले उक्त कविताका रचनाकार लक्ष्मीप्रसाद देवकोटा नै हुनुपर्ने देखिन्छ । यदि यसो भएमा लक्ष्मीप्रसाद देवकोटाको पहिलो प्रकाशित कविता पनि **पूर्णिमाको जलधि** १९९१ नभई **वसन्तषोड्शी** १९८५ वैशाख १८/२५ ठहर्ने छ । जे भए तापनि लक्ष्मीप्रसाद देवकोटाको प्रकाशित प्रथम कविता गोर्खापत्रबाटै सार्वजनिक भएको देखिन्छ । यस्तैगरी नेपाली साहित्यमा प्रकृतिवादी, स्वच्छन्दतावादी र यथार्थवादी कवि एवम् क्रान्तिचेतका कवि भनेर चिनिने सिद्धिचरण श्रेष्ठको सर्वप्रथम कविता **भुइचालो** १९९० पनि पहिलो पटक गोर्खापत्रमै छापिएको थियो ।[९४] यस्तै गोपालप्रसाद रिमालको

---

[९१] ऐजन ।

[९२] ऐजन ।

[९३] वि.सं. १९८५ वैशाख २५ को गोर्खापत्र ।

[९४] विष्णुलाल श्रेष्ठ, स्वच्छन्दतावादी कवि सिद्धिचरण (नेपाल समाचारपत्र, २०५९ जेठ ९) पृ. ५ ।

सर्वप्रथम प्रकाशित कविता **कविको गान** वि.सं. १९९२ को फाल्गुण १६ गतेको गोर्खापत्रमा छापेर रिमाललाई नेपाली साहित्यमा निम्तो दिएको थियो ।[९५] माध्यमिककालीन प्रवृत्तिलाई पाखा लगाउँदै नयाँ शिल्प चिन्तन लिएर नयाँ पुस्ताहरू अगाडि आउने क्रममा नब्बेको दशकबाट मात्र केही उत्कृष्ट साहित्यिक रचनाहरू प्रकाशन हुन थालेका पाइन्छन् । यसको प्रमाणको रूपमा मधुसुदन देवकोटा **प्रकृतिसँग** १९९१ मार्ग १५, माधवप्रसाद घिमिरे, **दिनदिन** १९९२ पौष १२, भीमनीधि तिवारी **भवँरा** १९९२ भाद्र ७, ऋषभदेव शर्मा **मानवताको घोषणा** २०१५ मार्ग २५, चक्रपाणि चालिसे **पागल कवि** २००८ असार ५, देवीप्रसाद पौडेल, **श्रद्धाञ्जली** २००८ असार १, बालकृष्ण सम, **गोस्वामी तुलसीदासप्रति** २०१० भाद्र ५, भैरवप्रसाद अर्याल **प्रजातन्त्र दिवस** २०१३ फागुन ७ आदि रहेका छन् ।[९६]

नब्बेको दशकदेखि नेपाली कवितामा आधुनिकतासँगै स्वच्छन्दतावादी प्रवृत्ति भित्रिएको हो तर यस अवधिमा गोर्खापत्रमा स्वच्छन्दतावादी शैलीशिल्पलाई आत्मसात् गर्दै प्रकाशित कविताहरू अत्यल्प मात्र पाइए । यसैगरी वि.सं. २००४ देखि नेपाली कवितामा स्वच्छन्दतावादी प्रगतिवादी प्रवृत्ति सुरु भएको भए तापनि कतिपय राजनैतिक एवम् सामाजिक कारणले हुन सक्छ गोर्खापत्रमा २००७ सालभन्दा अगाडि यस किसिमका साहित्यिक रचनाहरू देखिंदैनन् । २००७ सालपछि पनि प्रायः कविताहरू राजारानीको गुणगान गर्न, शुभकामना टक्र्याउन र विदेशी पाहुनाको स्वागत गान गर्नमा नै केन्द्रित देखिन्छन् । त्यसैले यो अवधिमा गोर्खापत्रले कलात्मक कविता दिन सकेन, केवल स्तुति, प्रशंसा र गुणगानले कविता थिचिएका छन् । सहज कविताहरू अत्यन्त कम छन् ।

**(ख) कथा**

वि.सं. १९९२ मा **शारदा** पत्रिकामा प्रकाशित गुरुप्रसाद मैनालीको **नासो** कथासँगै नेपाली कथा साहित्यले आधुनिक युगमा फड्को मारेको हो । सामाजिक यथार्थवादी प्रवृत्तिको प्रतिपादनसँगै नेपाली कथा साहित्य आधुनिकतामा प्रवेश गरेको हो । यसप्रकार नेपाली समाजका  तत्कालीन परिस्थितिहरूको प्रत्यक्ष परोक्ष चित्रण विश्लेषण गर्दै नेपाली जनमानसमा सन्देश दिने क्रममा केही कथाकारहरू देखिएका छन् । यस अवधिमा गोर्खापत्रमा प्रकाशित कथाहरूमा सङ्ख्यात्मक अल्पता देखिनुका साथै गुणात्मक रूपमा पनि सबै कथाकार र कथाहरू उल्लेख्य छैनन् । यस अवधिका प्रमुख कथाकार र कथाहरूको चर्चा गर्नुपर्दा सिद्धिचरण श्रेष्ठ, **प्रतिहिंसा** १९९२ वैशाख २४, बटुकृष्ण अर्याल, **देवरभाउजु** १९९२ चैत्र २२, आनन्द प्रसादको **एउटा वृक्ष** २००५ जेठ, भरतराज पाण्डे, **हृदयको आवाज** २००९ माघ १७, योगप्रसाद उपाध्याय **चन्द्रलोकको यात्रा** २००९ मार्ग १६, आदि रहेका छन् ।[९७]

तत्कालीन समयमा सामाजिक यथार्थवादी प्रवृत्ति कथा विधाको मूल प्रवाह भए तापनि गोर्खापत्रमा वि.सं. १९९१ देखि २०१७ सम्म प्रकाशित कथाहरूको स्थिति हेर्दा एकाधलाई छाडेर अन्य कथाहरू नाम मात्रका देखिन्छन् । कथाको क्षेत्रमा तत्कालसम्म आएका अन्य कथाहरूको दाँजोमा यी कथाहरू धेरै पछाडि रहेका छन् ।

**(ग) निबन्ध**

गोर्खापत्र १९५८ को प्रकाशनपश्चात नेपाली निबन्धमा माध्यमिककालको आरम्भ भएको हो भने **शारदा** १९९१ को प्रकाशनसँगै निबन्ध विधा आधुनिकतातिर अभिमुख भएको पाइन्छ । **शारदा**  पत्रिका मार्फत नेपाली साहित्यका अन्य विधाका साथै निबन्ध विधाले पनि आधुनिकताको जग बसाउँदै गएको देखिन्छ । तत्कालीन समयमा **शारदा** पत्रिकामा बालकृष्ण सम, भेषराज शर्मा, बद्रीनाथ भट्टराई, लक्ष्मीप्रसाद देवकोटा आदिका निबन्ध प्रकाशित हुन्थे ।[९८] यसैक्रममा लक्ष्मीप्रसाद देवकोटाको वि.सं.१९९३ मा शारदा पत्रिकामा प्रकाशित **आषाढको पन्ध्र** निबन्धबाट नेपाली साहित्यले आधुनिकतामा प्रवेश गरेको हो । वि.स.. १९९३ मै आषाढको पन्ध्रजस्तो उत्कृष्ट निबन्ध प्रकाशनमा आए पनि गोर्खापत्रसँगको नेपाली निबन्धको सहयात्रा भने गुणस्तरका हिसावले वि.सं. २०१७ सम्म नै उल्लेख्य देखिँदैन । यस अवधिमा

---

[९५] रघुनाथ पोखेल, **नेपाली साहित्यमा *गोरखापत्र*को योगदान** (२००७-२०१६), अप्र. स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०५६ ।

[९६] ऐजन पृ. ।

[९७] ऐजन ।

[९८] राजेन्द्र सुवेदी, **नेपाली निबन्धको विकास प्रक्रिया**, भाग ३, पृ. १६ ।

गोर्खापत्रमा प्रकाशित निबन्ध र निबन्धकारको नाम लिनुपर्दा - पोषण पाण्डे **आधुनिक विज्ञान**, २००७ कर्तिक १४, पुष्कर शमशेर **समयको जरुरत छ**, २०१० फागनु ७, फणिन्द्रराज खेताला, **प्रजातन्त्र नेपाल**, २०१२ फागुन ७, गोपाल पाण्डे, **राष्ट्र भाषामा शिक्षाको महत्त्व** २००८ भाद्र २०, कमल दीक्षित, **जन्मोत्सवमा संझाउनी** २०१४ वैशाख २४, कर्णध्वज अधिकारी, **देशको उन्नति** २००७ फागुन १५, केशवप्रसाद उपाध्याय, **प्रजातन्त्र र संविधान** २०१५ फागुन ९ आदि उल्लेख्य छन् ।[९९] यस अवधिमा बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, बालकृष्ण सम, यदुनाथ खनालजस्ता सर्जकहरू निबन्ध सिर्जनामा सक्रिय रहे पनि यी सर्जकहरूका निबन्ध गोर्खापत्रमा प्रकाशन भएका पाइँदैनन् । नब्बेको दशकसम्म नै स्तुति, प्रशंसा, गुणगानले युक्त लेख निबन्ध प्रकाशन हुने गरेको पाइए पनि उत्तरवर्ती निबन्धात्मक रचनाहरू कला पक्षमा जेजस्ता भए पनि विषय वस्तुगत रूपमा भने सुधारोन्मुख रहेका छन् ।

**(घ) समालोचना**

गोर्खापत्रमा नेपाली समालोचनाको अवस्था मूल्याङ्कन गर्दा वि.सं. २००७ भन्दा अगाडि एकाध पुस्तक परिचय बाहेक अन्य समालोचनात्मक लेखरचनाहरू प्रकाशित देखिदैनन् । २००७ सालपछि भने गोर्खापत्र मार्फत् केही समालोचनात्मक लेख रचनाहरू प्रकाशित देखिन्छन् । तीमध्ये प्रमुख समालोचक र समालोचनाहरू यसप्रकार रहेका छन्- टुकराज पदमराज मिश्र **नेपाली साहित्यको ऐतिहासिक झलक**, २००९ मार्ग २७, जनार्दन सम, **केत अनेपाली आधुनिक सङ्गीत**, २०१० भाद्रं ५, बेनामी **बालशिक्षा**, २००७ जेठ १६, बेनामी **मार्क्सवाद र महर्षिवाद**, २०११ जेठ २३, राजहंस, **नेपाली सामाजिक कहानी** २००७ चैत्र २६, केदारनाथ न्यौपाने, **नेपाली साहित्यको इतिहास,** २०१४ पौष १८, मुरलीधर शर्मा, **कवि भानुभक्तको रामायण र हाम्रो राष्ट्रियता** २०१३, बालकृष्ण सम, **कवि एम्.बी.बी.शाह रचित उसैको लागि मा शूक्ष्म दृष्टिसूचक सहानुभूति पक्ष** २०१६ असार १६, आदि ।[१००]

यस अवधिमा प्रकाशित अधिकांश समालोचनाहरू परिचयात्मक किसिमका छन् । कुनै कुनै त विज्ञापनको शैलीमा समेत छापिएका छन् । एकाधलाई छाडेर अन्य समालोचनाहरू नाम मात्रका देखिन्छन् । सङ्ख्यात्मक उपस्थिति राम्रै रहे पनि सङ्ख्यात्मक वृद्धि मात्र ठूलो कुरा होइन ।

**(ङ) जीवनी**

वि.सं. १९९० देखि २०१७ सम्म प्रकाशित जीवनीहरू प्रायः परिचयमूलक छन् । कुनै व्यक्तिको सरसर्ती विवरण वा चिनारी दिएर जीवनीको आवरणमा प्रकाशन गराउने प्रचलन यस अवधिमा देखिन्छ । यी जीवनीहरू ज्यादा जसो राजनीतिक क्षेत्रका व्यक्तिको र राजनीतिक पक्षलाई मात्र जोड दिएकाले एकाङ्की देखिन्छन् । जेजस्तो रूपमा प्रकाशन भएका भए तापनि उत्तरवर्ती जीवनी प्रकाशनका लागि पृष्ठाधारको काम भने अवश्य गरेका छन् । यस अवधिमा प्रकाशित प्रमुख जीवनीहरूमा नित्यराज पाण्डेय **महात्मा बुद्धको सङ्क्षिप्त जीवनी** २०१३, कार्तिक ३०, बेनामी **चेखव महान् रुसी लेखक** २००८ कार्तिक २३, बेनामी, **नेपालका वीर सपूत अमरसिंह थापा** २०१० असोज १०, यदुनाथ खनाल, **अस्ताएको तारा** २००८ फागुन २, रामराज पौड्याल, **महान नेता चाउ एनलाई** २०१३ माघ १३, आदि रहेका छन् ।[१०१] यसप्रकार यस अवधिमा जीवनीका क्षेत्रमा गोर्खापत्रको योगदान सामान्य मात्र रहेको देखिन्छ ।

**(च) एकाङ्की**

वि.सं. १९८६ मा बालकृष्ण समको **मुटुको व्यथा**बाटै नेपाली नाटक/एकाङ्कीमा आधुनिकताको सुरुवात भएको भए तापनि वि.सं. २०१७ सम्म आइपुग्दा गोर्खापत्रमार्फत् नाटक तथा एकाङ्की प्रकाशनको लागि स्थान सुरक्षित गर्ने काम मात्र भएको छ । विधागत रूपमा अन्य विधाभन्दा आकार प्रकारमा बढी घनत्व राख्ने भएकाले पनि प्रकाशनमा बाधा पुगेको हुन सक्छ । यस अवधिका प्रमुख एकाङ्कीमा पुण्यरत्न बज्राचार्य **गोर्खापत्र र ज्योतिषी वार्ता** २०१६ वैशाख २४, हेमलाल जोशी, **जाँच सिद्धिने दिनमा** २००९ फागुन ७ रहेका छन् ।[१०२] यी एकाङ्कीहरू ज्यादै खल्ला र तल्लो स्तरका छन् ।

**(छ) अन्तर्वार्ता**

---

[९९] पूर्ववत, रघुनाथ पोखेल

[१००] ऐजन ।

[१०१] ऐजन ।

[१०२] ऐजन ।

यस अवधिमा अन्तर्वार्ता विधाले पनि एकाङ्की विधाले जस्तै अस्तित्व मात्र जोगाउन सफल भएको छ । वि.सं. १९९१ देखि वि.सं. २०१७ सम्मको अवधिमा गोर्खापत्रमा जम्मा दुईवटा मात्र अन्तर्वार्ता प्रकाशित देखिन्छन् । यिनीहरू गोर्खापत्र संवाददाता, **भेष बदलेर मात्र हुन्न हृदय बदलिनु पर्दछ**, २००९ जेठ १ (तत्कालीन गृहमन्त्री सूर्यप्रसाद उपाध्यायसँग लिइएको अन्तर्वार्ता), नारायणप्रसाद भट्टराई **रोचक प्रश्नोत्तर,** २००९ वैशाख २७ (समसामयिक विषयमा मन्त्री नारदमुनि थुलुङ्गसँग लिइएको अन्तर्वार्ता) रहेका छन् ।[१०३] यी अन्तर्वार्ता पनि साहित्येत्तर विषयवस्तुमा केन्द्रित छन् ।

यसप्रकार नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भ विन्दु मानिने वि.सं. १९९१ देखि वि.सं. २०१७ सम्म गोर्खापत्रमा प्रकाशित रचनाहरूको विधागत वर्गीकरण गर्दा यस अवधिमा खास गरेर नेपाली साहित्यका कविता, कथा, निबन्ध, समालोचना, जीवनी, एकाङ्की, अन्तर्वार्ताजस्ता साहित्यिक विधाहरू प्रकाशित देखिन्छन् । प्रकाशित केही रचनाहरूलाई छाडेर अधिकांश रचनाहरू कमजोर र कम गुणस्तरका रहेका छन् । एकाङ्की अन्तर्वार्ता र जीवनीजस्ता विधाहरू त सङ्ख्यात्मक रूपमा पनि कमजोर नै रहेका छन् । तुलनात्मक रूपमा कविता विधा अन्य विधाभन्दा सङ्ख्यात्मक एवम् गुणात्मक रूपमा समेत अगाडि देखिन्छ । कविता पछाडिको स्थान निबन्धले लिएको छ भने सङ्ख्यात्मक रूपमा थोरै भए तापनि तेस्रो स्थानको हकदार भने कथा विधा रहेको छ । समग्रमा हेर्दा तत्कालीन साहित्यिक परिवेशअनुसार नेपाली साहित्य जुन रूपमा अगाडि बढिरहेको थियो सो अनुरूप गुणस्तरीय रचनाहरू गोर्खापत्रमा प्रकाशित देखिँदैनन् ।

---

[१०३] ऐजन ।

# परिच्छेद चार
# प्रकाशित रचनाहरूको विधागत वर्गीकरण

वि.सं. २०१७ वैशाख १ गतेदेखि वि.सं. २०२६ चैत मसान्तसम्म गोर्खापत्रमा प्रकाशित रचनाहरू विधागत विविधताले युक्त देखिन्छन् । नेपाली साहित्यका प्रायः सम्पूर्ण विधाका रचनाहरू यस समयमा गोर्खापत्रमा छापिएका देखिन्छन् । तर गजल, नाटक (पूर्णाङ्की) र उपन्यासजस्ता विधाहरू भने यस समयका गोर्खापत्रमा प्रकाशित देखिँदैनन् । यद्यपि गजल विधा माध्यमिककालदेखि नै लोकप्रिय हुँदै आएको विधा हो तर पनि बीचका केही समय गजल विधा नेपाली साहित्यबाट ओझेल परेको देखिन्छ । यसैकारण पनि हुन सक्छ अध्ययनको सीमाभित्र गोर्खापत्रमा गजल विधा नभेटिएको । यसैगरी वि.सं. १९६० को दशकदेखि १९८० को दशकसम्म प्रचलनमा रहेको धारावाहिक उपन्यास प्रकाशनको परम्परा पनि यस समयमा देखिएन । अर्कातिर नाटकका क्षेत्रमा पनि एकाङ्की नाटक प्रकाशित देखिए तापनि पूर्णाङ्की नाटक भने प्रकाशन गरेको देखिँदैन । सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिकोणले कविता र समालोचना विधाहरू अन्य विधाहरूभन्दा अग्रणी स्थानमा देखिन्छन् भने अन्य विधाका रचनाहरू पनि थोरबहुत मात्रामा प्रकाशित भएकै देखिन्छन् । यस समयमा गोर्खापत्रमा प्रकाशित रचनाहरूलाई निम्नानुसारका विधाहरूमा वर्गीकरण गरिएको छ ।

१. कविता
   - (क) गीत
   - (ख) मुक्तक

२. कथा
   - (क) आधुनिक कथा
     - (अ) बालकथा
     - (आ) लघुकथा
   - (ख) नीति उपदेशमूलक कथा
     - (अ) दन्त्यकथा
     - (आ) लोककथा
     - (इ) नैतिक कथा
     - (ई) पौराणिक कथा

३. समालोचना

४. निबन्ध
   - (क) प्रबन्ध
   - (ख) यात्रासंस्मरण

५. एकाङ्की

६. जीवनी
   - (क) आत्मकथा

७. हास्यव्यङ्ग्य

८. कृति समीक्षा

## ४.१ प्रकाशित कविता र कविहरूका प्रमुख प्रवृत्तिहरू

साहित्यका अन्य विधाभन्दा चाखिलो र चोटिलो हुने भएकाले कविताप्रति नै पाठक तथा सर्जकहरूले बढी ध्यान दिने गरेको पाइन्छ । यसैकारण पनि हुनसक्छ वि.सं. २०१७ सालदेखि २०२७ का बीचको एक दशकमा गोर्खापत्रमा कविताकै सङ्ख्या अधिक देखिन्छ । यस समयावधिमा जम्मा ८६६ का सङ्ख्यामा कविताहरू प्रकाशित देखिन्छन् । कविताहरू अधिक हुनका अतिरिक्त यस समयका कवितामा गुणात्मक विविधता पनि पाइन्छ । एकातिर परम्परागत शास्त्रीय छन्दमा कविता लेख्ने क्रम पनि झाङ्गिँदै अगाडि बढिरहेको तथा अर्कातिर आधुनिक शैलीमा मुक्तलयका कविता रचना गर्ने सिलसिला पनि प्रारम्भ भएको अनि प्रयोगवादले समेत नेपाली साहित्यमा स्थान जमाइसकेको समयमा नेपाली साहित्यको कविता विधामा प्रस्तुतिगत विविधता भेटिनु स्वाभाविक नै पनि हो । यस्ता विविधताहरू कविताका विषयवस्तु, शैली, शिल्प लगायतका पक्षहरूमा पाइन्छन् । एकातिर पुरानो पुस्ताका सिद्धहस्त साहित्य शिल्पीहरू शास्त्रीय छन्दको मीठो शैलीमा कविता रचना गरिरहेका अनि अर्कातिर नयाँ पुस्ताका उदीयमान कविहरू मुक्तछन्दमा स्वतःस्फूर्त अभिव्यक्ति दिने क्रमसँगै हुर्किएको अर्को प्रवृत्ति लोकभाका अथवा गीति भाका पनि उत्तिकै सशक्त देखिएको छ । अन्त्यानुप्रासको आयोजना सहितका यी कविता गेयात्मकताले युक्त रहेका छन् । यस्ता विविधतामय रचनाहरूलाई प्रमुख प्रवृत्तिका सेरोफेरोभित्र समेटेर अध्ययन मूल्याङ्कन गर्नु बढी सान्दर्भिक हुन जाने देखिएकाले प्रकाशित कविताहरूलाई निम्न प्रमुख प्रवृत्तिका आधारमा चर्चा गर्ने प्रयास गरिएको छ -

### (क) परिष्कारवादी प्रवृत्ति

परिष्कारवादलाई नेपाली साहित्यको सन्दर्भमा अत्यन्त परिपक्व र प्रौढ मस्तिष्कको उपजका रूपमा लिइन्छ । शब्द अनुसार नै परिष्कारवाद साहित्य रचनामा बारम्बारको पुनर्रचना वा संशोधन पश्चातमात्र सन्तुष्ट हुने गर्दछ । शैली र शिल्पमा उच्चतम् कालिगढीको शिल्पी अपनाउँदै छन्दका गण र अक्षरलाई कुँदीकुँदी लयात्मक र श्रुतिमधुर अभिव्यक्ति दिने यस परिष्कारवादी प्रवृत्तिलाई मलजल गर्दै र हुर्काउँदै केही आर्ष कविहरू २०२० को दशकसम्म पनि कविता सिर्जना गरिरहेका देखिन्छन् । छन्दमा मात्र नभएर मुक्तलयमा पनि परिष्कारवादी लेखनपद्धति सँगसँगै हुर्किरहेको देखिन्छ ।

यसरी परिष्कारवादी धर्मलाई अँगाल्दै बीसको दशकसम्म कविता सिर्जनामा लागिपरेका प्रमुख परिष्कारवादी कविहरूमा कवि शिरोमणि लेखनाथ पौड्याल, डमरुबल्लभ पौड्याल, पूर्णप्रसाद ब्राह्मण, पशुपतिप्रसाद उपाध्याय, बालकृष्ण सम आदि रहेका छन् । यी प्रमुख कविहरूका कविताहरू प्रायः विशेष पर्व, उत्सव, श्री ५ हरूको जन्मोत्सव, विदेश भ्रमण विदेशी विशिष्ट व्यक्तिहरूको स्वागत-बिदाईजस्ता औपचारिक कार्यक्रमहरूमा प्रमुख आकर्षणका रूपमा विशेष महत्त्वका साथ प्रकाशन हुने गरेको पाइन्छ ।

### (ख) स्वच्छन्दतावादी प्रवृत्ति

मानवीय अन्तर्मनका भावावेगहरूलाई विना रोकतोक स्वतःस्फूर्त अभिव्यक्ति दिनु नै स्वच्छन्दतावादी कविहरूको प्रमुख प्रवृत्ति हो । स्वच्छन्दतावादी कविहरू जेजस्तो अवस्थामा विषयवस्तु ग्रहण गर्दछन् वा अन्तर्वाह्य परिस्थितिले उनीहरूमा जस्तो प्रभाव बनाउन सक्छ त्यसैको शाब्दिक वमन गर्न रुचाउँछन् । प्रकृतिको सुन्दरता र भव्यताप्रति मोहित हुँदै धाराप्रवाह रूपमा प्रकृतिको वर्णन गर्नु अनि वर्तमानका यान्त्रिकता र जटिलताबाट मानव समाजलाई अलग्गै राख्न चाहनु स्वच्छन्दतावादीहरूको अर्को प्रवृत्ति हो । यसैगरी मानवीय प्रेम प्रसङ्ग, दुःखी गरिबहरूप्रति स्नेह भाव तथा प्राचीनताप्रतिको मोह भाव व्यक्त गर्नु स्वच्छन्दतावादी कविहरूका प्रमुख प्रवृत्तिहरू हुन् । यस्तै प्रवृत्तिहरूका साथ कविता सिर्जना गर्ने थुप्रै स्वच्छन्दतावादी स्रष्टाहरूका रचनाहरू अध्ययन क्षेत्रका एक दशकमा गोर्खापत्रमा प्रकाशन भएका छन् । यस अवधिमा प्रकाशित सम्पूर्ण स्वच्छन्दतावादी कवि र कविताहरूको विवरण उल्लेख गर्नु त असम्भव नै हुन्छ त्यसैले केही प्रमुख स्वच्छन्दतावादी कविहरूको मात्र नामोल्लेख गर्नु सान्दर्भिक ठानिएको छ । यस अवधिका प्रतिनिधि स्वच्छन्दतावादी कविहरूमा धरणीधर कोइराला, माधवप्रसाद घिमिरे, एम.वी.वी शाह, दैवज्ञराज न्यौपाने, भैरव अर्याल, ध्रुवकृष्ण दीप, नीरविक्रम प्यासी, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, क्षेत्रप्रताप अधिकारी, मोहनहिमांशु थापा, आदि रहेका छन् ।

हृदयका तरल अनुभूतिहरूलाई कविताका रूपमा अभिव्यक्त गर्ने यी कविहरूका कवितामा प्राकृतिक रमणीयताप्रतिको आह्लाद, हृदयका कोमल भावहरूद्वारा निस्तृत हार्दिक प्रेम भावना, विश्वबन्धुत्वप्रतिको अनुराग, वर्तमानको यान्त्रिक जीवन र वनावटीपनप्रति नैराश्यता एवम् मानवीय जीवनमूल्य स्थापनाको कामना, देशप्रेम, जातिप्रेमको भावना अभिव्यक्त भएको पाइन्छ ।

### (ग) प्रयोगवादी प्रवृत्ति

जीवन जस्तो दुरुह र क्लिष्ट छ साहित्यिक अभिव्यक्ति पनि त्यस्तै नै हुनुपर्दछ अनि मात्र साहित्यमा वास्तविक जीवनचित्रको प्रतिच्छायाँ झल्कन्छ भन्ने मान्यताका साथ वि.सं. २०१७ देखि नेपाली कविताक्षेत्रमा एउटा नवप्रवृत्ति भित्रिएको थियो जसलाई प्रयोगवादी लेखन भनिन्छ । वि.सं. २०१७ मा रूपेरखा साहित्यिक पत्रिका प्रकाशनसँगै प्रयोगवादी कवितालेखनको मान्यता सार्वजनिक भएको थियो । प्रयोगवादी कविता मान्यताका प्रमुख हस्तीका रूपमा मोहन कोइराला रहेका छन् । उनैले प्रयोगवादी कवितालेखनको प्रतिनिधित्व गरेका छन् । यसैगरी रूपरेखा मासिक पनि प्रयोगवादको प्रमुख उर्वर भूमिका रूपमा रहेको देखिन्छ । यसैकारण पनि हुनसक्छ गोर्खापत्र लगायत अन्य पत्रपत्रिकाहरूमा प्रयोगवादी कविताहरूको प्रकाशन स्थिति सामान्य नै रहेको देखिन्छ । वि.सं. २०१७ बैशाख १ गतेदेखि २०२६ साल चैत मसान्तसम्ममा मोहन कोइरालाका केही कविताहरू र सुशीला कोइरालाका दुई कविताहरू मात्र प्रयोगवादी लेखनका रूपमा गोर्खापत्रमा भेटिएका छन् । यिनै कविताहरू पनि कोइरालाका प्रयोगवादी लेखनको प्रयोगप्रतिको आफ्नो अवधारणा केही खुकुलो भएको अर्थात् दुर्बोध्य कविता रचनाबाट सुबोधतातर्फ उन्मुख हुँदै गएको समयका रहेका छन् । वि.सं. २०१७ मा नै प्रयोगवादी अवधारणा नेपाली साहित्यमा भित्रिए पनि कोइरालाका कविताहरू भने वि.सं. २०२५ देखि मात्र गोर्खापत्रमा प्रकाशित देखिन्छन् । कोइरालाका यस्ता कविताहरूमा **गाइने, यसभित्र वास्तविकता हुन्छ** आदि रहेका छन् । यसैगरी सुशीला कोइरालाको कविता **भित्ताका तस्वीरहरूसित** र अर्को एउटा कविता प्रयोगवादी लेखनको नजिक रहेको देखिन्छ तर दोस्रो कविताको भने प्राविधिक कारणले शीर्षक बुझ्न नसकिने अवस्थामा रहेको छ ।

यसप्रकार यस अवधिमा प्रयोगवादी लेखनका केही कविताहरू मात्र प्रकाशित भए पनि प्रयोगवादी लेखन शून्य स्थितिमा भने देखिँदैन ।

### (घ) स्तुतिमूलक प्रवृत्ति

साहित्यका परम्परागत प्रवृत्तिभन्दा भिन्न प्रवृत्तिका रूपमा यो प्रवृत्तिले स्थान जमाएको पाइन्छ । हुनत परम्परागत कविता शिल्पभित्रै पनि कुनै न कुनै रूपमा शासक तथा ठूलाबडाहरूको स्तुति गर्ने, व्यवस्था तथा व्यवस्थाले अख्तियार गरेका नीति तथा कार्यक्रमहरूको प्रशंसा गर्ने प्रचलन पनि नभएको भने होइन तर जब २०१७ साल पौष १ गते मुलुकमा राजनीतिक उथलपुथल भई श्री ५ महेन्द्रको नायकत्वमा शासन भार सञ्चालन हुन थाल्यो तब यस स्तुतिमूलक प्रवृत्तिका रचनाहरूले बढी घनिभूत हुने अवसर पाए । व्यवस्था परिवर्तनसँगै त्यसको स्वागत गर्ने क्रमदेखि बढी सक्रियता देखाएको यस प्रवृत्तिले यस शोधकार्यका समयावधिसम्म नै प्रभाव जमाइरहेको देखिन्छ । खासगरी श्री ५ हरूको जन्मोत्सव, स्वदेश तथा विदेश भ्रमणको सन्दर्भ, प्रजातन्त्र दिवस लगायतका अन्य राष्ट्रिय पर्वहरूमा शासक तथा व्यवस्थाको स्तुति गर्ने तथा व्यवस्थाले अङ्गीकार गरेका नीति तथा कार्यक्रमहरूको प्रचारप्रसार गर्ने उद्देश्यबाट प्रेरित स्रष्टाहरू यस किसिमका कविता रचनामा सक्रिय देखिएका छन् । यस किसिमका कविता रचना गर्ने कविहरूमा कोइलीदेवी, अष्टसागर श्रेष्ठ आत्रेयी देवी, इन्द्ररत्न बज्राचार्य, कृष्णप्रसाद नेपाल, चन्द्रकान्त शर्मा, नीरविक्रम प्यासी, बद्रीनाथ आचार्य गोकर्ण, लीलाध्वज थापा आदि प्रमुख रहेका छन् । यी बाहेक अन्य सयौँ कविहरूको पनि यस पङ्क्तिमा नाम आउँछ तर उक्त कविहरूका कविताहरू दोहोरिएर प्रकाशन नहुने प्रवृत्तिले यहाँ केही प्रतिनिधि कविहरूको मात्र नामोल्लेख गर्नु उपयुक्त ठानिएको हो ।

यसप्रकार परिष्कारवादी प्रवृत्ति, स्वच्छन्दतावादी प्रवृत्ति, प्रयोगवादी प्रवृत्ति र स्तुतिमूलक प्रवृत्ति यस समयावधिमा देखिएका कविता तथा कविहरूका प्रमुख प्रवृत्तिहरू हुन् ।

## प्रकाशित कविताहरूको विवरणात्मक सूची

१. अच्युतदत्त, **फूल फुल्नको लागि** (६९:३२७/०२६ चैत २२), पृ. ५, श. प.

कवितामा प्रकृति आफ्नो कर्तव्यप्रति सदा उत्तरदायी हुने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सत्र हरफमा रचिएको छ ।

२. अनरमानसिंह सिलवाल, **जागृति गान,** (६२ : १/२०१९ वैशाख १), पृ. ५, नव वर्षारम्भ विशेषाङ्क ।

कवितामा नयाँ जोश र जाँगर लिएर सत्कार्यतिर लम्कन आह्वान गरिएको छ । कविता मुक्तलयका चौध हरफमा रचिएको छ ।

३. अनिरुद्ध तिम्सिना, **मानिसको गीत** (६७:११९/०२४ भाद्र १७), पृ. ६ श.प. ।

कवितामा कविले आफू जून, तारा आदि नभएर मानिस मात्र भएको भाव व्यक्त गरेका छन् । कविता गीतिलयका सोह्र पङ्क्तिमा रचिएको छ ।

४. अमर गिरी, **अभूतपूर्व विजय** (६९:८२/०२६ साउन ११), पृ. ८ श.प. ।

कवितामा चन्द्रलोकमाथिको मानव जातिको विजयको वर्णन गरिएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

५. अलवर **बाइस साल र तेइस साल** (६५:३३५/२०२ चैत २५), पृ. ९ श.प.।

कवितामा बाइस साल र तेइस सालका विसङ्गतिपूर्ण पक्षमा व्यङ्ग्य गरिएको छ । कविता मुक्तलयमा रचिएको छ ।

६. अष्टसागर श्रेष्ठ, **राजारानीको निम्तो**, (६४:२१/२०२० वैशाख २१), पृ. ५, श.प. ।

कवितामा देश विकासमा सम्पूर्ण नेपालीहरूलाई राजारानीको निम्तो भएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका अठार हरफमा रचिएको छ ।

७. अष्टसागर श्रेष्ठ, **मान्छेको गीत**, (६४:२८९/२०२० माघ १८), पृ. ५, श.प. ।

कवितामा मान्छेको जूनी पाएर रुनु हुँदैन भन्ने भाव व्यक्त भएको छ । कविता अनुष्टुप छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

८. अष्टसागर श्रेष्ठ, **शक्तिको सिर्जना**, (६३:९/२०२३ जेठ १), पृ. १, श.प. ।

कवितामा सङ्कट र आपतिले नै शक्तिको सिर्जना हुन पुग्दछ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका आठ हरफमा रचिएको छ ।

९. अष्टसागर श्रेष्ठ, **तिमी नै हौ बहुमूल्य रत्न हीरा मोति,** (६६:१५६/२०२३ असोज २२), पृ. ७, श.प. ।

कवितामा नेपाल आमालाई बहुमूल्य रत्न, हीरा आदिभन्दा पनि उच्च भएको भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका बीस पङ्क्तिमा रचिएको छ ।

१०. अष्टसागर श्रेष्ठ, **कस्तुरी जस्तो म**, (६६:०२३ मार्ग २५), पृ. ६, श.प. ।

कवितामा कविले आफ्नो अस्तित्व मेटाएर आफैलाई विर्सने आफू कस्तुरी जस्तै भएको भाव व्यक्त गरेका छन् ।

११. अष्टसागर श्रेष्ठ, **उठ उठ तन्नेरी हो**, (६६:२४७/२०२३ माघ १), पृ. ६, श.प. ।

कवितामा नौजवान तन्नेरीहरूलाई देश विकासमा उठ्न आह्वान गरिएको छ । कविता गीतिलयका चौध पङ्क्तिमा आबद्ध छ ।

१२. अष्टसागर श्रेष्ठ, **शान्तिप्रिय माटो**, (६६:२७३/२०२३ माघ २२), पृ. ६, श.प. ।

कवितामा गौतम बुद्धजस्ता आदर्श व्यक्ति जन्माउने हाम्रो धर्ती शान्तिप्रिय माटो भएको भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका चौबीस पङ्क्तिमा रचिएको छ ।

१३. अष्टसागर श्रेष्ठ, **सौन्दर्य र मुस्कान**, (६६:३१२/२०२३ चैत्र ५), पृ. ८, श.प. ।

कवितामा चित्तको प्रसन्नता विना आनन्द प्राप्ति नहुने भाव व्यक्त भएको छ । कविता गीतिलयका दस पङ्क्तिमा रचिएको छ ।

१४. आत्रेयी देवी, **श्री ५ महेन्द्र जिन्दावाद,** (६१:५८/२०१८ जेठ २९), पृ. १३, श.प. ।

कवितामा तत्कालीन श्री ५ महेन्द्रको स्तुति गाइएको छ । कविता मुक्तलयका एक्काइस हरफमा रचित छ ।

१५. आदित्य न्यौपाने, **धरतीसँग,** (६५:१३६/२०२२ असोज २), पृ. ५, श.प. ।

कवितामा धरती माताले सिर्जनाका लागि विशिष्ट ज्ञान दिएको भाव व्यक्त भएको छ । कविता मात्रा छन्दका सोह्र पङ्क्तिमा रचित छ ।

१६. आनन्ददेव भट्ट, **एक टुक्रा,** (६४:९८/२०२० साउन ५), पृ. १५, श.प. ।

कवितामा जीवनको मूल्यहीनताको चित्रण गरिएको छ । कविता मुक्तलयका सात हरफमा रचिएको छ ।

१७. आनन्दप्रसाद अधिकारी, **चित्तौन,** (६५:१८७/२०२२ कार्तिक २८), पृ. ६, श.प. ।

कवितामा चितवन प्यारो भएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका चौबीस हरफमा रचिएको छ ।

१८. आशा सिंह, **आमा म आउने छु,** (६८:२५२/२०२५ माघ ५), पृ. ८, श.प. ।

कवितामा आफ्नै गाउँ प्यारो भएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका चालीस हरफमा रचिएको छ ।

१९. आशा सिंह, **लाहुरेप्रति,** (६७:२२०/२०२१ पौष ५), पृ. ७, श.प. ।

कवितामा परदेशिएको लाहुरेलाई स्वदेश फर्कन आग्रह गरिएको छ । कविता मुक्तलयका उन्नाइस हरफमा रचिएको छ ।

२०. इन्दुकान्त शर्मा, **कामना,** (६३:२९७/२०१९ माघ २०), पृ. १०, श.प. ।

कवितामा हामी सबैले आँटे नेपाल आमाको मुहारमा मुस्कान भरिने छ भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका बाह्र पङ्क्तिमा रचिएको छ ।

२१. इन्दुकान्त शर्मा,  **आज,** (६३:३०७/२०१९ फागुन ७), प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा हामीले आँटे नेपाल आमाको मुहार हाँस्ने छ भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका बीस पङ्क्तिमा रचिएको छ ।

२२. इन्दुकान्त शर्मा, **सपना,** (६३:३१८/२०१९ फागुन १८), पृ. १६, श.प. ।

कवितामा सुख र शान्तिसँग बाँच्न पाउँ भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका दस पङ्क्तिमा रचिएको छ ।

२३. इन्दुकान्त शर्मा, **नयाँ वर्ष,** (६५:१/२०२१ वैशाख १), पृ. ५ ।

कवितामा नेपाललाई एसियाको जाग्रत शिशुका रूपमा उठाऔँ भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका बाह्र पङ्क्तिमा रचिएको छ ।

२४. इन्दुकान्त शर्मा, **बिर्सिएर बिर्सदैन,** (६६:९/२०२३ जेठ १), पृ. १०, श.प. ।

कवितामा आफ्नी मायालुको माया बिर्सन नसक्नु भएको भाव व्यक्त भएको छ । कविता गीतिलयका आठ पङ्क्तिमा रचिएको छ ।

२५. इन्दुकान्त शर्मा, **बिर्सेका मनका व्यथा,** (६८:३४९/२०२६ वैशाख १४), पृ. ७, श.प. ।

कवितामा एउटै प्रीत पनि परिस्थितिवश असह्य व्यथा हुने भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचिएको छ ।

२६. इन्दुकान्त शर्मा प्रभाकर, **मूलबाटो,** (६३:२७६/२०१९ माघ ६), पृ. १५, श.प.।

कवितामा पूर्व-पश्चिम राजमार्ग निर्माणका सन्दर्भमा उक्त राजमार्गलाई एकताको पुण्य गाँठो भएको विचार व्यक्त गरिएको छ । कविता मुक्तलयका तेइस हरफमा रचिएको छ ।

२७. इन्द्रप्रसाद शर्मा, **भूमिसुधारले के गर्छ,** (६५:२७०/२०२२ माघ २३), पृ. ७, श.प.।

कवितामा भूमिसुधार कार्यक्रमबाट हुने उपलब्धिको चर्चा गरिएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

२८. इन्द्रमान श्रेष्ठ, **कविसित,** (६९:३२०/२०२६ चैत १५), पृ. ८, श.प.।

कवितामा कविहरूलाई दुःखी गरिबहरूका पक्षमा कविता लेख्न आग्रह गरिएको छ । कविता मुक्तलयका अठ्ठाइस हरफमा रचिएको छ ।

२९. इन्द्ररत्न बज्राचार्य, **सुन हे पंच ! गाउँ फर्क,** (६७:२३९/२०२४ पौष २२), पृ. ८, श.प.।

गीतिलयका बाह्र पङ्क्तिमा रचिएको कवितामा गाउँफर्क अभियान सफल बनाउन आह्वान गरिएको छ ।

३०. इन्द्ररत्न बज्राचार्य, **उपदेश,** (६७:२६०/२०२४ माघ १३), पृ. ६, श.प.।

कवितामा कुनै पनि काम गर्नु अगाडि राम्रो सोचविचार पुऱ्याउनु पर्ने कुरामा जोड दिएको छ । कविता मात्रा छन्दको निकट रहेका दश पङ्क्तिमा रचिएको छ ।

३१. इन्द्ररत्न बज्राचार्य, **आयो प्रजातन्त्र,** (६७:०२४/२०२४ फागुन ७), पृ. १३ प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा राजा र प्रजाले ल्याएको प्रजातन्त्रलाई सफल पार्न लागि परौँ भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका आठ पङ्क्तिमा रचिएको छ ।

३२. इन्द्ररत्न बज्राचार्य, **शुभकामना,** (६८:१४७/२०२५ असोज १४), पृ. ८, विजया दशमी विशेषाङ्क ।

कवितामा विजया दशमीको प्रभावस्वरूप असत्यमाथि सत्यको विजय होस् भन्ने कामना गरिएको छ । कविता मात्रा छन्दका चार पङ्क्तिमा रचिएको छ ।

३३. इन्द्ररत्न बज्राचार्य, **स्वागत,** (६८:१५६/२०२५ असोज २७), पृ. ८, भारतीय राष्ट्रपति जाकिर हुसेन स्वागताङ्क ।

गीतिलयको यस कवितामा भारतका राष्ट्रपतिलाई नेपाली आँगनमा स्वागत छ भन्ने भाव व्यक्त भएको छ ।

३४. इन्द्ररत्न बज्राचार्य, (६८:२०७/२०२५ मार्ग १९), पृ. ३, श.प. ।

कवितामा मङ्सिर उन्नाइस गते राजा महेन्द्र लण्डनबाट उपचार गरी फर्किएको सन्दर्भ उल्लेख गर्दै हर्षोल्लास व्यक्त गरिएको छ । कविता मात्रा छन्दका आठ पङ्क्तिमा रचिएको छ ।

३५. इन्द्ररत्न बज्राचार्य, **गाउँ सुधार,**(६८:२१८/२०२५ पौष १), पृ. ६ ।

कवितामा सम्पूर्ण नेपालीलाई गाउँको विकास गर्न आह्वान गरिएको छ । कविता गीतिलयका आठ पङ्क्तिमा रचिएको छ ।

३६. इन्द्ररत्न बज्राचार्य, **नयाँ वर्षको उच्च कामना,**(६८:३३४/२०२६ वैशाख १), पृ. ७ नववर्ष विशेषाङ्क ।

कवितामा नयाँ नेपालको शुभारम्भ गर्न नयाँ वर्ष आएको हो भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका छ पङ्क्तिमा रचिएको छ ।

३७. इन्द्ररत्न बज्राचार्य, **अधिकार र कर्तव्य,**(६९:४७/२०२६ असार ७), पृ. ७ श.प. ।

कवितामा कर्तव्य पूरा गरे मात्र अधिकार पाइने भाव व्यक्त भएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

३८. इन्द्ररत्न बज्राचार्य, **चन्द्रमामा मानवको पदार्पण,**(६९:९६/२०२६ साउन २५), पृ. ७ श.प. ।

कवितामा अमेरिकी यानले सफलतापूर्वक चन्द्र धरातल टेकेकोमा खुसी व्यक्त गरिएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

३९. इन्द्ररत्न बज्राचार्य, **शुभविजया,** (६९:१६५/२०२६ कार्तिक २), पृ. ७ विजया दशमी विशेषाङ्क ।

कवितामा विजया दशमीले सबैमा एकता कायम गरोस् भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका छ हरफमा रचिएको छ ।

४०. इमिली डिकेन्स, **म मेरै सौन्दर्यको लागि,** (६६:१६/२०२३ जेठ ८)पृ. ६ श.प. ।

कवितामा सत्य र सुन्दर भन्नु एउटै भएको भाव व्यक्त भएको छ । मुक्तलयका बाह्र हरफहरू भएको कविता बंशी श्रेष्ठद्वारा अनुदित छ ।

४१. उपेन्द्र श्रेष्ठ, **तीन कविता,** (६८:२१०/२०२५ मार्ग २२) पृ. ५ श.प. ।

कवितामा अन्नपूर्ण हिमालको सौन्दर्यवर्णन, नारायणी नदीको सुसेली र आफ्नो भ्वाइलिनको गीतको भावका बारेमा वर्णन गरिएको छ । कविता मुक्तलयका चौबीस हरफमा रचिएको छ ।

४२. ऋषभदेव शर्मा, **ब्रिटेनकी साम्राज्ञीको स्वागत'** (६० : १२९/२०१७ मार्ग १५), पृ. ९, एलिजाबेथ स्वागताङ्क ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा सम्पूर्ण नेपाली प्रकृति नै एलिजाबेथ द्वितीयको स्वागत गर्दछ भनिएको छ ।

४३. ऋषदेभव शर्मा, **शुभकामना,** (६१ : ५८/२०१८ जेठ २९), पृ. २, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको जयोद्गार गरिएको छ ।

४४. ऋषभदेव शर्मा रेग्मी, **बर्मेली प्रधानमन्त्री श्री उनुको स्वागत,** (६१ : २५५/२०१८ पौष २४), पृ. ५, उनू स्वागताङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा तत्कालीन बर्मेली प्रधानमन्त्रीको स्वागत गरिएको छ ।

४५. ऋषभदेव शर्मा रेग्मी, **उषा रानी,** (६१ : १५८/२०१८ कार्तिक ११), पृ. ३ ।

मन्दाक्रान्ता छन्दको यस कवितामा उषाकालीन प्रकृतिको वर्णन गरिएको छ ।

४६. ऋषभदेव शर्मा रेग्मी, **बच्चीको तस्बीर,** (६३ : २०६/२०१९ कार्तिक २५), पृ. १४, श.प. ।

मुक्तलयका दस हरफमा रचित कवितामा आफ्नी बच्चीको स्वभाव वर्णन गरिएको छ ।

४७. ऋषभदेव शर्मा रेग्मी, **कविज्यूको सम्झनामा,** (६५ : २९४/२०२२ फागुन १५), पृ. ९, श.प ।

स्रग्धरा छन्दका चार पङ्क्तिमा रचित कवितामा स्वर्गीय कवि लेखनाथ पौड्यालको कवि शिल्पीको चर्चा गरिएको छ ।

४८. ऋषभदेव शास्त्री, **शुभविजया,** (६७ : १५८/२०२४ असोज २५), पृ. १ ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा सम्पूर्ण नेपालीलाई विजया दशमीको शुभकामना व्यक्त गरिएको छ ।

४९. ऋषभदेव शर्मा रेग्मी, **त्यो एउटा अणु,** (६७ : २५३/२०२४ माघ ६), पृ. ८, श.प ।

मुक्तलयका बीस हरफमा रचित कवितामा हरेक कुराको प्रारम्भिक विन्दु अणु नै हुने चर्चा गरिएको छ ।

५०. ऋषभदेव शर्मा, **आजको उषा,** (६७ : २८२/२०२४ फागुन ७), पृ. ८, प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा फागुन सातकै दिन प्रजातन्त्ररूपी किरण लिएर पूर्व दिशामा उषा झुल्किएकी थिइन् भनिएको छ । कविता मात्रा छन्दका आठ पङ्क्तिमा रचिएको छ ।

५१. ऋषभदेव शर्मा रेग्मी, **दशैं प्रफुल्ल छ,** (६८ : २०७/२०२५ मार्ग १९), पृ. ३ ।

कवितामा राजा महेन्द्र लण्डनमा उपचार गराई फर्कदा स्वागत गरिएको छ । कविता अनुष्टुप छन्दका चौध पङ्क्तिमा रचित छ ।

५२. ऋषभदेव शर्मा, **विजयाको शुभकामना,** (६९ : १६५/२०२६ कार्तिक २), पृ. १, विजया दशमी विशेषाङ्क ।

स्रग्धरा छन्दका जम्मा चार पङ्क्तिमा रचित कवितामा विजया दशमीले राष्ट्रका दुर्दिनहरू दूर गरुन् भन्ने कामना गरिएको छ ।

५३. ऋषभदेव शर्मा, **दीपमाला सजाऔं,** (६९ : १८४/२०२६ कार्तिक २५), पृ. ३ ।

मालिनी छन्दका जम्मा चार पङ्क्तिमा रचित कवितामा युवामा विद्यमान अज्ञानता हटाउने दीपमाला सजाउन आग्रह गरिएको छ ।

५४. ऋषिकेश अधिकारी, **शुभकामना,** (६८ : ३३४/२०२६ वैशाख १), पृ. ६, नववर्ष विशेषाङ्क ।

अनुष्टुप छन्दका आठ पङ्क्तिमा रचित कवितामा सबैको कामना प्रगतिको चाहाना भएको भाव व्यक्त भएको छ ।

५५. ऋषिकेश पौडेल, **शिशिरको फूलबारी,** (६९ : २९९/२०२६ पौष १२), पृ. ७, श.प. ।

मन्दाक्रान्ता छन्दका बीस पङ्क्तिमा रचित कवितामा शिशिरको फूलबारीले झेल्नुपरेका प्राकृतिक यातनाको वर्णन गरेका छन् ।

५६. ए.के. श्रेष्ठ, **मेरो अफसोच,** (६७:१८३/२०२४ कार्तिक २५) पृ. ६ श.प. ।

कवितामा सिर्जनाका उर्वर दिनहरू खेर फ्याँकिएकोमा अफशोच व्यक्त गरिएको छ । कविता गीतिलयका दस पङ्क्तिमा रचिएको छ ।

५७. एज्रा पाउण्ड, **एउटा अमरत्व,** (६६:१६/२०२३ जेठ ८) पृ. ६ श.प. ।

कवितामा अमरत्व जोगाई राख्नका लागि केही महान् कार्य गर्न आग्रह गरिएको छ । वंशी श्रेष्ठद्वारा अनुदित कवितामा मुक्तलयका आठ हरफ रहेका छन् ।

५८. एम्.बी.वी.शाह, **दूधको भारा तिर्दछौ,** (६३:२०३/२०१९ कार्तिक २५) पृ. ११ श.प. ।

कवितामा मेहनत र हिम्मतले नेपाल आमालाई सिँगार्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका दस हरफमा रचिएको छ ।

५९. एम्.बी.वी.शाह, **एक सन्तति देशको,** (६३:२४२/२०१९ पौष १), पृ. ४ ।

कवितामा सत्य रहेसम्म कसैले डराउनु पर्दैन भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचिएको छ ।

६०. एम्.बी.वी.शाह, **हेर हेर यही हो हाम्रो जन्मभूमि,** (६३:२४२/२०१९ पौष १), पृ. ४ ।

कवितामा प्रकृतिको खानी हाम्रो देशमा कुनै पनि बनावटीपन नभएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका बत्तीस हरफमा रचिएको छ ।

६१. एम्.बी.बी.शाह, **हाम्रै हो यो देश नेपाल,** (६३:२४२/२०१९ पौष १), पृ. ४ ।

कवितामा नेपाललाई कूलो नहर नभएर सागरतुल्य बनाउने प्रण गरिएको छ । कविता  मुक्तलयका बीस हरफमा रचिएको छ ।

६२. एम्.बी.वी.शाह, **हाम्रो जन्मभूमि,** (६४:१४५/२०२० भाद्र २९), पृ. ८ श.प. ।

कवितामा नेपालको महिमा वर्णन गरिएको छ । कविता मुक्तलयका बत्तीस हरफमा रचिएको छ ।

६३. एम्.बी.वी.शाह, **नैतिकता,** (६५:६६/२०२२ असार २६), पृ. ५ श.प. ।

कवितामा नैतिकता के हो ? भन्ने विषयमा चर्चा गरिएको छ । कविता मुक्तलयका बीस हरफमा रचिएको छ ।

६४. एलकान्त, **त्यो नेपाली वीर,** (६४:३५२/२०२० चैत २२), पृ. ७ श.प. ।

कवितामा नेपालीहरूलाई महत्वकाङक्षी वीरका रूपमा चर्चा गरिएको छ । कविता मुक्तलयका चौवन्न हरफमा रचिएको छ ।

६५. कञ्जन पुरासैनी, **छाँगो**, (६३:२२७/२०१९ मार्ग १६), पृ. ६, श.प. ।

कवितामा झरनाको प्राकृतिकताको वर्णन गरिएको छ । कविता शिखरिणी छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

६६. कञ्जन पुरासैनी, **पृथ्वीको अग्रिम कामना**, (६३:२६९/२०१९ पौष २८), पृ. ५, श.प. ।

कवितामा राष्ट्रनिर्माणको भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचिएको छ ।

६७. कञ्जन पुडासैनी, **यस शुभदिनमा**, (६५:३६/२०२२ जेठ २९), पृ. २६ श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा श्री ५ महेन्द्रको जन्मोत्सवमा सबै नेपालीहरू हर्षित भएका छन् भन्ने भाव व्यक्त भएको छ । कविता मात्रा छन्दका बीस पङ्क्तिमा रचिएको छ ।

६८. कञ्जन पुरासैनी, **भूमिसुधार**, (६५:१२२/२०२२ भाद्र १९), पृ. ७, श.प. ।

कविले जग्गामा जसको जोत उसको भोग हुनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । कवितामा गीतिलयका एकचालीस पङ्क्ति रहेका छन् ।

६९. कञ्जन पुरासैनी, **कामनापत्र**, (६८:१८६/२०२५ मार्ग १), पृ. ७, श.प. ।

कवितामा आध्यात्मिक क्षेत्रमा संलग्न हुन आग्रह गरिएको छ । कविता मात्रा छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

७०. कञ्चन पुरासैनी, **आज विजनमा पुग्दछ प्यार**, (६९:२६४/२०२५ माघ १८), पृ. ५, श.प. ।

कवितामा सबैले सुख, शान्ति भोग्न पाउन् भन्ने कामना गरिएको छ । कविता मात्रा छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

७१. कमलनाथ शर्मा, **पथिक, माटो**, (६३:२९०/२०१९ माघ २०), पृ. १५, श.प. ।

कवितामा माटोलाई पात्र बनाएर उसका व्यथाहरू उद्घाटन गरिएको छ । कविता मुक्तलयका पचास हरफमा रचिएको छ ।

७२. कमलमैया देवकोटा, **म अलमलिएँ,** (६९:६१/२०२६ असार २१), पृ. ७, श.प. ।

कवितामा उचित प्रोत्साहन नपाएकाले आफू कर्मक्षेत्रमा अलमलिन पुगेको भाव व्यक्त भएको छ । कविता मुक्तलयका अठार हरफमा रचिएको छ ।

७३. कालिदास, **हिमालय,** (६८:१६८/२०२५ कार्तिक १०), पृ. ७, श.प. ।

कवितामा वसन्ततिलका छन्दका चौसठ्ठी पङ्क्तिमा हिमालयको महिमा वर्णन गरिएको छ । प्रस्तुत कविता कृष्णचन्द्र देवकोटाले कुमार संभवबाट अनुवाद गरेका हुन् ।

७४. कालीप्रसाद रिजाल, **एउटा कविता,** (६४:७०/२०२० असार ८), पृ. १२, श.प. ।

कवितामा पाखापर्वतले आफूलाई डाकिरहेको भाव व्यक्त भएको छ । कविता मुक्तलयका चार हरफमा रचिएको छ ।

७५. काशीनाथ तमोट, **अमरबुद्ध,** (६४:७०/२०२० असार ८), पृ. १२, श.प. ।

कवितामा मानवलाई मानवत्व दिएमा मानसबुद्ध बाँचिरहने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सत्र हरफमा रचिएको छ ।

७६. किञ्जल्क, **राष्ट्रिय भावना,** (६४:२८२/२०२० माघ ११), पृ. ६, श.प. ।

कवितामा राष्ट्रिय प्रकृतिको महत्त्व गान गरिएको छ। कविता मुक्तलयका बीस हरफमा रचिएको छ।

७७. किञ्जल्क, **नेपाली जनजीवनी,** (६४:२००/२०२१ मार्ग १३), पृ. ७ ।

कवितामा नेपाली जनजीवनी फुलि फैलिरहोस् भन्ने भाव व्यक्त भएको छ। कविता शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित छ ।

७८. किञ्जल्क, **कञ्याङकुरुङ,** (६४:१४९/२०२१ असोज १८), पृ. ७, श.प. ।

कवितामा कञ्याङकुरुङका बारेमा वर्णन गरिएको छ। कविता स्रग्धरा छन्दका आठ पङ्क्तिमा रचिएको छ।

७९. किरण खरेल, **घाम र जूनको देश,** (६५:१०/२०२२ जेठ २), पृ. ६, श.प. ।

कवितामा नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

८०. किरण खरेल, **दुई किनार,** (६५:४५/२०२२ असार ५), पृ. ७, श.प. ।

कवितामा आफ्नी प्रियसीको सौन्दर्य वर्णन गरिएको छ। कविता मुक्तलयका दस हरफमा रचिएको छ।

८१. किरण खरेल, **संसार मेरै हो,** (६५:५९/२०२२ असार १९), पृ. ९, श.प. ।

कवितामा एक अर्कोमा अपनत्वको आभाष हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ। कविता गीतिलयका चौध पङ्क्तिमा रचिएको छ ।

८२. किरण खरेल, **पारुको चित्र,** (६५:६६/२०२२ असार २६), पृ. ६, श.प. ।

कवितामा पारुलाई सम्बोधन गर्दै कल्पनाभन्दा पनि कोमल भएको भनिएको छ । कविता गीतिलयका दस पङ्क्तिमा रचिएको छ ।

८३. किरण खरेल, **तारा मानिस र फूलसित,** (६५:१०१/२०२२ साउन ३०), पृ. ८, श.प. ।

कवितामा कसैको सहानुभूति नपाए पनि बाँच्न सकिने भाव व्यक्त भएको छ । कविता मुक्तलयका दस हरफमा रचिएको छ ।

८४. किरणचन्द्र अधिकारी, **नयाँ वर्ष,** (६७:३३५/२०२५ वैशाख १), पृ. २, नववर्षाङ्क ।

कवितामा ऋतुराज वसन्तले नयाँ वर्षको स्वागत गरेको भाव व्यक्त भएको छ । कविता वसन्ततिलका छन्दका चार पङ्क्तिमा रचिएको छ ।

८५. कुन्तीदेवी, **आदिकविमा श्रद्धाञ्जली,** (६४:६७/२०२१ असार २९), पृ. ३ ।

कवितामा आदिकवि भानुभक्तलाई श्रद्धाञ्जली अर्पण गरिएको छ । कविता मात्रा छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

८६. कुन्तीदेवी, **प्राकृतिक हर्षोत्गार,** (६४:१०६/२०२१ भाद्र ३), पृ. ५ ।

कवितामा श्री ५ रत्नको जन्मोत्सवमा प्रकृति पनि हर्षित भएको भाव व्यक्त भएको छ ।

८७. कुन्तीदेवी, **कामना कुसुम,** (६५:१०६/२०२२ भाद्र ३), पृ. ५, श.प. ।

कवितामा श्री ५रत्नको जन्मदिवसमा रेखाङ्कित पुष्प चढाइएको भाव व्यक्त गरिएको छ । कविता दस पङ्क्तिमा रचिएको छ ।

८८. कुमारबहादुर जोशी, **भन्नोस मा म के गरूँ,** (६३ : १९९/२०१९ कार्तिक १८), पृ. १२, श.प. ।

कवितामा जीवनका बहुविध पाटाहरूमध्ये आफू कुनलाई अङ्गीकार गरुँ भनेर आमासँग प्रश्न गरिएको छ । कविता मुक्तलयका बत्तीस हरफमा रचित छ ।

८९. कुमारबहादुर जोशी, **पवनसँग,** (६३:२५५/२०१९ पौष १४), पृ. ५, श.प. ।

कवितामा निर्माणको शक्तिलाई सदा अग्रगति लिन आग्रह गरिएको छ । कविता मन्दाक्रान्ता छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

९०. कुमारबहादुर जोशी, **आह्वन गान,** (६३:८३/२०१९ माघ १३), पृ. ८, श.प. ।

कवितामा तत्कालीन शासन व्यवस्थालाई पथप्रदर्शक सूर्यको संज्ञा दिइएको छ । कविता मात्रा छन्दका आठ पङ्क्तिमा रचिएको छ ।

९१. कुमारबहादुर जोशी, **फागुनको सात,** (६३:३०७/२०१९ फागुन ७), पृ. २, प्र.दि.वि. ।[१०४]

कवितामा राजा र प्रजाको बलिदानले प्रजातन्त्र आएको चर्चा गरिएको छ । कविता गीतिलयका बाह्र पङ्क्तिमा रचिएको छ ।

९२. कुमारबहादुर जोशी, **दौड दौड हे,** (६४:३५/२०२० जेठ ४), पृ. १२, श.प. ।

कविले जीवनको समर प्राङ्गणमा जो हाँसीहाँसी जुट्छ उसैले यश प्राप्त गर्ने विचार व्यक्त गरेका छन् । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

९३. कुमारबहादुर जोशी, **महाकवि स्मृति,** (६४:२१४/२०२० कार्तिक ३०), पृ. ६, श.प. ।

कवितामा महाकवि देवकोटालाई विश्वमा महान् महर्षिका रूपमा चित्रण गरिएको छ । कविता उपजाति छन्दका छत्तीस पङ्क्तिमा रचिएको छ ।

९४. कुमारी तारा तुलाधार, **म नेपाली हुँ,** (६३:२६२/२०१९ पौष २१), पृ. ११, श.प.

कवितामा आफू नेपाली नारी भएकोमा गर्व गरिएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

---

[१०४] प्रजातन्त्र दिवस विशेषाङ्क ।

९५. कुमारी माया ताम्राकार, **हुन्छ,** (६३:३३९/२०१९ चैत १०), पृ. १६, श.प. ।

कवितामा प्रगाढ पतिभक्तिको भाव व्यक्त भएको छ। कविता मुक्तलयका तेह्र हरफमा रचिएको छ।

९६. कुमारी शान्ता, **जीवन र आशा,** (६७:३०८/२०२४ चैत ३), पृ. ६, श.प. ।

कवितामा सदा प्रेमीको सामु रहिरहने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचिएको छ ।

९७. कुलमणि देवकोटा, **तिम्रा मनको भाव कसैले बुझ्न सकेन केवल मैले केवल मैले,** (६१:५८/२०१८ जेठ २९), पृ. ५२ ।

कवितामा राजाको आसय अरुले नबुझेको तर आफूले भने बुझेको छु भन्ने भाव व्यक्त भएको छ। कविता मुक्तलयमा रचिएको छ।

९८. कुलमणि देवकोटा, **प्रिय अतिथि स्वागत छ उनू !,** (६१:२५५/२०१८ पौष २४), पृ. ६, उनु स्वागताङ्क ।

कवितामा तत्कालीन बर्मेली प्रधानमन्त्रीको हार्दिक स्वागत गरिएको छ। कविता मुक्तलयका एकसय आठ हरफमा रचिएको छ।

९९. कुलमणि देवकोटा, **गति,** (६४:९८/२०२० श्रावण ५), पृ. १५, श.प. ।

कवितामा समय परिर्वतनशील भए पनि युग परिर्वतन नभएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका तीन हरफमा रचिएको छ।

१००. कुलमणि देवकोटा, **केही कविता भदौ महिनाका,** (६६:१२८/२०२३ भाद्र २५), पृ. ५, श.प. ।

कवितामा जीवन, प्रकृति आदिजस्ता विषयमा अलगअलग उपशीर्षकमा चर्चा गरिएको छ। कविता मुक्तलयका त्रिचालीस हरफमा रचित छ।

१०१. कुलमणि देवकोटा, **आ वा हन,** (६६:२९८/२०२३ फागुन २०), पृ. २०, श.प. ।

कविले कविता रचनाका उत्प्रेरक तत्त्वहरूलाई आफूसमक्ष आउन आह्वान गरेका छन्। कविता मात्रा छन्दका बाह्र पङ्क्तिमा रचिएको छ।

१०२. कुलमणि देवकोटा, **फागुन ७ गते,** (६७:२८२/२०२४ फागुन ७), पृ. ३ ।

कवितामा प्रजातन्त्र दिवसको शुभ दिनमा आफ्ना आशाहरूले जीवन वृक्ष भरिदिन आग्रह गरिएको छ। कविता मात्रा छन्दका बाह्र पङ्क्तिमा रचिएको छ।

१०३. कुलप्रतापजंग थापा, **श्रद्धाञ्जली,** (६४:१४०/२०२० भाद्र १५), पृ. ५ श.प.।

मुक्तलयका अठार हरफमा रचित कवितामा महाकवि देवकोटाप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ।

१०४. कृष्ण पाखिन, **एक टुक्रा बादल र मेरो सपना,** (६७:७/२०२४ वैशाख ३०, पृ. ६ श.प. ।

कवितामा आफ्नी प्रियसीलाई आँखामा सजाउने भाव व्यक्त भएको छ। कविता मुक्तलयका एक्काइस हरफमा रचित छ।

१०५. कृष्ण जोशी, **दुई कविता,** (६४:१०७/२०२१ भाद्र ७) पृ. ८ श.प. ।

कवितामा धरतीका अभिषापहरूदेखि आफ्ना भावका तरङ्गहरू विलाउने भाव व्यक्त भएको छ। कविता मुक्तलयका पन्ध्र हरफमा रचिएको छ।

१०६. कृष्णप्रसाद शर्मा घिमिरे, **स्वागत रानी एलिजावेज स्वागत गर्दछ हाम्रो देश,** (६०:१२९/२०१७ फागनु १५), पृ. ९, बेलायती महारानी एलिजावेथ द्वितीय स्वागताङ्क ।

कवितामा वेलायती महारानी एलिजावेथ द्वितीयको हार्दिक स्वागत गरिएको छ । कविता मात्रा छन्दका सोह्र पङ्क्तिमा रचिएको छ।

१०७. कृष्णप्रसाद शर्मा, **अधिकार र कर्तव्य,** (६९:४०/२०२६ जेठ ३२) पृ. ६ श.प. ।

कवितामा कर्तव्य गरे स्वतः फल मिल्ने भाव व्यक्त भएको छ । कविता वसन्ततिलका छन्दका अठ्ठाइस पङ्क्तिमा रचित छ।

१०८. कृष्णप्रसाद नेपाल, **शुभाशिष,** (६४:५९/२०२० जेठ २८) पृ. ९ श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

उपेन्द्रवज्रा छन्दका बीस पङ्क्तिमा रचिएको कवितामा राजा महेन्द्रको चिरायूको कामना गरिएको छ ।

१०९. कृष्णप्रसाद नेपाल, **शुभेच्छा,** (६५:५९/२०२१ जेठ २८) पृ. ९ श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा राजा महेन्द्रका चीर जीवनको कामना गरिएको छ ।

११०. कृष्णप्रसाद वस्ती, **प्रेरणाका प्रतीक श्री ५ महेन्द्र,** (६४:५९/२०२० जेठ २८) पृ. ९ श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

उपलब्ध स्रोतमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

१११. कृष्णप्रसाद ज्ञवाली, **काठमाण्डु आईपुग्दा,** (६४:२४/२०२१ जेठ १७) पृ. ७ श.प. ।

मन्दाक्रान्ता छन्दका पचास पङ्क्तिको कवितामा काठमाडौंको वातावरणले पारेको प्रभावको चित्रण गरिएको छ ।

११२. कृष्णप्रसाद श्रेष्ठ, **माया,** (६४:१२८/२०२१ भाद्र २८) पृ. ५ श.प. ।

मुक्तलयका दस हरफमा रचिएको कवितामा पृथ्वीको सहनशीलताको वर्णन गरिएको छ ।

११३. कृष्णप्रसाद उपाध्याय, **शुद्ध भई गाउँ फर्क,** (६७:२५३/२०२४ माघ ६) पृ. ५ श.प. ।

कवितामा पवित्र हृदयले गाउँ विकासमा सरिक हुन युवाहरूलाई आह्वान गरिएको छ । कविता स्रग्धरा छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

११४. कृष्णप्रसाद वत्स्याल, **आमाको दिल,** (६६:५१/२०२३ असार ११) पृ. ८ श.प. ।

कविले आमाको दिललाई ममता र स्नेहको खानीका रूपमा चर्चा गरेका छन् । कविता मुक्तलयका तेइस हरफमा रचिएको छ ।

११५. कृष्णप्रसाद काफ्ले, **जाग विश्वका जवान,** (६५:३४८/२०२३ वैशाख ११) पृ. ८ श.प. ।

कविले विश्वका सपूतहरूलाई सदा सजग रहन आग्रह गरेका छन् । कविता मुक्तलयका एक्काइस हरफमा रचित छ ।

११६. कृष्णप्रसाद पराजुली, **एक विहान उठेपछि,** (६४:४/२०२१ वैशाख २७) पृ. ५ श.प. ।

कवितामा प्रगतिको लागि प्रस्थान गर्ने बेला भइसकेको भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

११७. कृष्णप्रसाद पराजुली, **लालीगुराँस,** (६४:२७६/२०२१ फागुन २) पृ. ५ श.प. ।

कवितामा लालीगुराँसको सौन्दर्य वर्णन गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

११८. कृष्णप्रसाद पराजुली, **पखाई,** (६७:२३२/२०२४ पौष १५) पृ. ५ श.प. ।

कवितामा व्यर्थैको प्रतीक्षा गर्नुपर्दाको पीडा भाव व्यक्त भएको छ । कविता गीतिलयका दस पङ्क्तिमा रचिएको छ ।

११९. कृष्णबम मल्ल, **वर्षात्को बेला छ,** (६३:१४१/२०१९ भाद्र १६) पृ. ९ श.प. ।

मुक्तलयका चालीस हरफमा रचिएको कवितामा ग्रामीण जनजीवनमा वर्षायामको महत्त्व वर्णन गरिएको छ ।

१२०. कृष्णबम मल्ल, **मृत्यु,** (६३:१५५/२०१९ भाद्र ३०) पृ. ९ श.प. ।

कवितामा मृत्युको निर्दयताको वर्णन गरिएको छ । कविता मुक्तलयका पच्चीस हरफमा रचिएको छ ।

१२१. कृष्णबम मल्ल, **उषा,** (६३:२२४/२०१९ मार्ग २३) पृ. ११ श.प. ।

मुक्तलयका बीस हरफ भएको कवितामा समय बलवान हुने भाव व्यक्त भएको छ ।

१२२. कृष्णबम मल्ल, **कविशिरोमणि,** (६३:२९०/२०१९ माघ २०) पृ. ५ ।

मुक्तलयका एक्काइस हरफ भएको कवितामा कवि शिरोमणि लेखानाथ पौड्यालको कविता शिल्पीको चर्चा गरिएको छ ।

१२३. कृष्णबम मल्ल, **देउघाट,** (६५:३२८/२०२२ चैत्र २०) पृ. ५ श.प. ।

गीतिलयका बाह्र पङ्क्ति भएको कवितामा देवघाटको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ ।

१२४. कृष्णविलास उपाध्याय, **हाम्रो चाड,** (६६:२०९/२०२३ पौष १) पृ. ८ संविधान दिवस विशेषाङ्क ।

कवितामा राजा महेन्द्रको शासकीय कुशलताको वर्णन गरिएको छ । कविता अनुष्टुप छन्दका चौध पङ्क्तिमा रचिएको छ ।

१२५. केदारनाथ चालिसे, **झरी,** (६४:११९/२०२० श्रावण २६) पृ. ९ श.प.।

कवितामा झरीलाई किसानकी प्रेयसीकोरूपमा चित्रण गरिएको छ । कविता उपजाति छन्दका बीस पङ्क्तिमा रचिएको छ ।

१२६. के.पी. शर्मा, **खोला,** (६३:२९०/२०१९ माघ २०) पृ. ५ श.प.।

मुक्तलयका सोह्र हरफ भएको कवितामा खोलाको प्राकृतिकता वर्णन गरिएको छ ।

१२७. केशव घिमिरे, **तीन टुक्रा,** (६८:२३१/२०२३ पौष १४) पृ. ८ श.प.।

कवितामा आफूमा अन्तर्निहीत गुणले आफैलाई पोल्न थालेको भाव व्यक्त भएको छ । कविता मुक्तलयका बत्तीस हरफमा रचिएको छ ।

१२८. केशवराज अधिकारी, **नेपालीको प्रतीज्ञा,** (६३:३५३/२०१९ चैत्र १४) पृ. १४ श.प. ।

मुक्तलयका अठ्ठाइस हरफ भएको कवितामा सदा अग्रगति लिनुपर्ने भाव व्यक्त भएको छ ।

१२९. केशवराज अधिकारी, **स्वाभिमानी,** (६४:२१/२०२० वैशाख २१) पृ. १५ ।

कवितामा आफ्नो स्वाभिमान सबैभन्दा उच्च भएको भाव व्यक्त भएको छ । कविता वशस्थ छन्दका अठ्ठाइस पङ्क्तिमा रचित छ ।

१३०. केशवशरण शास्त्री, **आजको नेपालीको उद्‌गार,** (६४:१५४/२०२० भाद्र २९) पृ. १० श.प. ।

कवितामा एकएक व्यक्ति मिलेर देश बनाउन आग्रह गरिएको छ । कविता मात्रा छन्दका चवालीस पङ्क्तिमा रचिएको छ ।

१३१. कोइलीदेवी, **जय महेन्द्र,** (६१:५८/२०१८ जेठ २९) पृ. ३२, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा राजदम्पत्तिहरूको दीर्घजीवनको कामना गरिएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचिएको छ ।

१३२. कोइलीदेवी, **नेपालकी प्रकृति,** (६४:२१९/२०२० मार्ग ७) पृ. ५, श.प. ।

कवितामा नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ । कविता मुक्तलयका बाइस हरफमा रचिएको छ ।

१३३. कोइलीदेवी, **राष्ट्रिय चाड,** (६४:३०७/२०२० फागुन ७) पृ. ४, प्रजातन्त्र दिवस विशेष ।

कवितामा विद्यमान बाधाहरू हटाएर अगाडि बढ्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सत्ताइस हरफमा रचिएको छ ।

१३४. कोइलीदेवी, **दीर्घायू कामना,** (६५:१०६/२०२२ भाद्र ३) पृ. ११ ।

कवितामा श्री ५ रत्नलाई नारी मात्रकी ताजका रूपमा चित्रण गरिएको छ । कविता गीतिलयका चौध पङ्क्तिमा रचिएको छ ।

१३५. कोइलीदेवी, **विराट पर्व,** (६७:२८२/२०२४ फागुन ७) पृ. १६, प्रजातन्त्र दिवस विशेष ।

कवितामा फागुन सातलाई नेपालको राष्ट्रिय चाड मानिएको छ । कविता गीतिलयका सोह्र पङ्क्तिमा रचिएको छ ।

१३६. कोइलीदेवी, **स्वागतम्,** (६८:१२/२०२५ जेठ ४) पृ. १४ ।

वसन्ततिलका छन्दका चार पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको चिरायूको कामना गरिएको छ ।

१३७. कोइलीदेवी, **शुभकामना,** (६८:३३७/२०२६ वैशाख १) पृ. ३, नववर्षाङ्क ।

कवितामा विश्व शान्तिको कामना गरिएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचित छ ।

१३८. को.मो.जी., **तीन विश्व देवतावादीहरू,** (६४:११४/२०२१ भाद्र १४) पृ. ७ श.प. ।

कवितामा देवतावादी कविहरूप्रति श्रद्धाभाव व्यक्त गरिएको छ । ईश्वरमान रञ्जितद्वारा अनुदित कवितामा मुक्तलयका नौ हरफ रहेका छन् ।

१३९. क्लिफोर्ड डाइमेन्ट, **पुत्र,** (६५:२३६/२०२२ पौष १७) पृ. ९, श.प. ।

कवितामा युद्धको प्रभावको वर्णन गरिएको छ । ईश्वरमान रञ्जितद्वारा अनुवादित कवितामा मुक्तलयका पन्ध्र हरफ छन् ।

१४०. क्षान्तिरत्न, **नववर्षप्रेरणा ज्योति,** (६८:३३४/२०२६ वैशाख १) पृ. ८, नववर्ष विशेषाङ्क ।

कवितामा विश्वभर विकासको बीउ छर्न आग्रह गरिएको छ । कविता गीतिलयका आठ पङ्क्तिमा रचिएको छ ।

१४१. क्षेत्रप्रताप अधिकारी, **एक कविता,** (६४ : १२६/२०२० भाद्र १), पृ. ७, श. प. ।

मुक्तलयका पन्ध्र हरफमा रचिएको कवितामा राष्ट्रिय झण्डाका बारेमा अभिव्यक्ति दिइएको छ ।

१४२. क्षेत्रप्रताप अधिकारी, **ठूलो भाग्य** (६४ : २००/२०२० कार्तिक १६), पृ. ७, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा नेपाल आमालाई आमा भन्न पाएकोमा गर्व गरिएको छ ।

१४३. क्षेत्रप्रताप अधिकारी, **साझा फूलबारी,** (६४ : ११४/२०२१ भाद्र १४), पृ. ९, श. प. ।

गीतिलयका दस पङ्क्तिमा रचिएको कवितामा नेपाल सबैको साझा फूलबारी भएको चर्चा गरिएको छ ।

१४४. क्षेत्रप्रताप अधिकारी, **प्रश्नोत्तर,** (६४ : १८६/२०२१ कार्तिक २९), पृ. ५, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा नेपाललाई सत्यं, शिवम् सुन्दरमको एउटै केन्द्र मानिएको छ ।

१४५. क्षेत्रप्रताप अधिकारी, **धरतीको माया,** (६५ : १६/२०२२ जेठ ९), पृ. ५, श. प. ।

मुक्तलयका बाह्र पङ्क्तिमा रचित कवितामा धरतीमै तारा फुलाउने भाव व्यक्त गरिएको छ ।

१४६. क्षेत्रप्रताप अधिकारी, **दुई टुक्रा,** (६५ : १८७/२०२२ कार्तिक २८), पृ. ७, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा नेपाली माटो र आमा शब्दप्रति विशेष अनुराग व्यक्त गरिएको छ ।

१४७. क्षेत्रप्रताप अधिकारी, **यस्तो भन्छ यो माटो,** (६६ : १६३/२०२३ आश्विन २९), पृ. ७, श. प. ।

मुक्तलयका एकतीस हरफमा रचित कवितामा नेपाली माटोले एकीकरण चर्चा चाहेको थियो भनिएको छ ।

१४८. क्षेत्रप्रताप अधिकारी, **मेरो धरती,** (६६ : १८३/२०२३ मार्ग ४), पृ. ७, श. प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा आफ्नो धर्तीप्रति श्रद्धा भाव व्यक्त गरिएको छ ।

१४९. क्षेत्रप्रताप अधिकारी, **सेती,** (६६ : २५४/२०२३ माघ ८), पृ. ५, श. प. ।

मुक्तलयका सत्ताइस हरफमा रचित कवितामा सेती नदीको वर्णन गरिएको छ ।

१५०. क्षेत्रप्रताप अधिकारी, **प्रवास,** (६६ : ३१९/२०२३ चैत १२), पृ. ५, श. प. ।

मुक्तलयका तेइस हरफमा रचित कवितामा दार्जिलिङको परिवेश वर्णित छ ।

१५१. क्षेत्रप्रताप अधिकारी, **धोको,** (६६ : ६५/२०२३ असार २५), पृ. ७, श. प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा कविले नेपालको गौरवगाथा लेख्ने धोको रहेको बताएको छन् ।

१५२. क्षेत्रप्रताप अधिकारी, **हिजोको छोरो र भोलिको बाबु भएर,** (६७ : ८४/२०२४ साउन १४), पृ. ५, श. प. ।

मुक्तलयका तेत्तीस हरफमा रचिएको कवितामा युद्धको विभीषिकाजनित परिस्थितिमा मानवीय मूल्यको निरूपण सही हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

१५३. क्षेत्रप्रताप अधिकारी, **हामी नै भईदिनुपर्छ ती मुटुहरू,** (६७ : ३०१/२०२४ फागुन २६), पृ.७, श. प. ।

मुक्तलयका एक्काइस हरफमा रचित कवितामा शहीदहरूले चाहेजस्ता मुटुहरू फेरि नजन्मिएको भन्दै हामीले नै त्यसको अभाव पूर्ति गर्नुपर्छ भनिएको छ ।

१५४. क्षेत्रप्रताप अधिकारी, **स्वागत हाम्रा भोलिहरूलाई,** (६६ : ३५३/२०२४ चैत १६), पृ. ८, श. प. ।

मुक्तलयका तीस हरफमा रचित कविता हो । कवितामा नयाँ वर्षलाई हँसिलो पार्न नयाँ ऋतुहरू लिएर आउन आग्रह गरिएको छ ।

१५५. क्षेत्रप्रताप अधिकारी, **मेरो गाउँमा आऊ नयाँ वर्ष,** (६७ : ३३५/२०२५ वैशाख १), पृ. १३, नयाँ वर्ष विशेषाङ्क ।

मुक्तलयका बत्तीस हरफमा रहेको कवितामा ग्रामीण बस्तीका झुपडीमा नयाँ वर्षको स्वागत गर्ने उत्कृष्ट अभिलाषा व्यक्त भएको छ ।

१५६. क्षेत्रप्रताप अधिकारी, **प्रत्येक मुटु अजम्बरी बनाईदिन्छु,** (६८ : ८३/२०२५ श्रावण १२), पृ. ५, श. प. ।

मुक्तलयका बत्तीस हरफमा रचित कवितामा मृत्यु छेक्न हातमा द्रोणाचल पर्वत लिएर प्रत्येक मुटुलाई अजम्बरी बनाउने प्रण गरिएको छ ।

१५७. क्षेत्रप्रताप अधिकारी, **पोखरा,** (६८ : २५२/२०२५ माघ ५), पृ. ५, श. प. ।

मुक्तलयका अठार हरफमा रचिएको कवितामा पोखराको प्राकृतिक सौन्दर्यको मुक्तकण्ठले प्रशंसा गरिएको छ ।

१५८. क्षेत्रप्रताप अधिकारी, **कर्तव्य र अधिकार,** (६९ : ६८/२०२६ असार २८), पृ. ७, श. प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा कर्तव्य पथमा लागिरहँदा समयोचित अधिकारको पनि प्रत्याभूति हुनुपर्दछ भनिएको छ ।

१५९. क्षेत्रप्रताप अधिकारी, **एपोलोलाई बधाई,** (६९ : ८२/२०२६ श्रावण ११), पृ. ५, श. प. ।

मुक्तलयका उन्नाइस हरफमा रचिएको कवितामा चन्द्रलोक पुग्न सफल भएको एपोलो यानलाई बधाई दिइएको छ ।

१६०. क्षेत्रप्रताप अधिकारी, **हाम्रो मुटु मात्रै विशाल छैन र,** (६९ : ३२७/२०२६ चैत २२), पृ. ६, श. प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा प्रकृति र मानवको तादात्म्य देखाइएको छ ।

१६१. क्षेत्रबहादुर थापा, **प्रार्थना,** (६६ : २७०/२०२३ माघ २२), पृ. ५, श. प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा राष्ट्रनायकसँग देशलाई समृद्ध पार्न आग्रह गरिएको छ ।

१६२. खगेन्द्र नेपाली, **आजको विहानलाई हेर्दा,** (६४:२८१/२०२१ फागुन ७) पृ. ९, प्रजातन्त्र दिवसाङ्क. ।

कवितामा फागुन सातलाई राजा र जनताको त्यागको परिणाम भएको भनिएको छ । कविता मुक्तलयका चालीस हरफमा रचिएको छ ।

१६३. खलील जिब्रान, **भगवान,** (६८:१८६ ⁄ २०२५ मार्ग १) पृ. ८, श.प. ।

कवितामा कविको भगवान भक्तिको चित्रण गरिएको छ । प्रकाश प्रेमीद्वारा अनुवादित यस कवितामा मुक्तलयका पैँतालीस हरफ छन् ।

१६४. खेमराज उपाध्याय, **नेपाली प्रकृतिको एक झलक,** (६४:२७५ ⁄ २०२० माघ ४) पृ. ५, श.प. ।

कवितामा नेपाली प्रकृतिको वर्णन गरिएको छ । कविता शिखरिणी छन्दका छत्तीस पङ्क्तिमा रचिएको छ ।

१६५. गणेश भण्डारी, **शीर्षकविहीन,** (६४:११९ ⁄ २०२० श्रावण २६) पृ. ७, श.प. ।

कवितामा प्रेमको जटिलताको चित्रण गरिएको छ । कविता मुक्तलयका दस हरफमा रचिएको छ ।

१६६. गणेश भण्डारी, **एकादशी,** (६४:१४० ⁄ २०२० भाद्र १५) पृ. ८, श.प. ।

कवितामा व्यक्ति पिच्छे एकादशीको महत्त्व भिन्नभिन्न हुने सन्देश दिइएको छ । कविता मुक्तलयका बीस हरफमा रचिएको छ ।

१६७. गोपाल पाण्डे असीम, **युद्ध भावी तँ रोक,** (६३:३०४ ⁄ २०१७ फागुन ४) पृ. ९, श.प. ।

कवितामा तेस्रो विश्वयुद्ध हुन नपाओस् भन्ने भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका चौबीस पङ्क्तिमा रचिएको छ ।

१६८. गोपाल पाण्डे असीम, **नेपाल आमा र श्री ५ त्रिभुवनका कुरा,** (६१:५८ ⁄ २०१८ जेठ २९) पृ. ३२ ।

कवितामा राष्ट्रिय भावना अभिव्यक्त भएको छ । कविता स्रग्धरा छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

१६९. गोपाल पाण्डे असीम, **भलो चिताइ,** (६२:१ ⁄ २०१९ वैशाख १) पृ. ५, नववर्ष विशेषाङ्क ।

उपलब्ध स्रोतमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

१७०. गोपाल पाण्डे असीम, **दोटा रत्न,** (६३:११३ ⁄ २०१९ साउन २०) पृ. ४, श्री रत्न जन्मोत्सवाङ्क ।

मुक्तलयका नौ हरफमा रचित कवितामा श्री ५ रत्नको स्तुति गाइएको छ ।

१७१. गोपाल पाण्डे असीम, **दोटा रत्न,** (६३:११३ ⁄ २०१९ साउन २०) पृ. ४, श्री रत्न जन्मोत्सवाङ्क ।

कवितामा श्री ५ रत्नको स्तुति गाइएको छ । कविता शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचिएको छ ।

१७२. गोपाल पाण्डे असीम, **सगरमाथा र पृथ्वी,** (६३:२३४ ⁄ २०१९ मङ्सिर २३) पृ. ५ ।

शिखरिणी छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा बढ्दो जनसङ्ख्याप्रति असन्तुष्टि व्यक्त गरिएको छ ।

१७३. गोपाल पाण्डे असीम, **पृथ्वीलाई सूर्यको बोलाउ,** (६३:२५५ ⁄ २०१९ पौष १४) पृ. ९, श.प. ।

कवितामा पृथ्वीमा देखिएका विकृतिहरूका कारण प्रलयको संभावना भएको भाव व्यक्त भएको छ । कविता शिखरिणी छन्दका बीस पङ्क्तिमा रचिएको छ ।

१७४. गोपाल पाण्डे असीम, **एकताको थालनी,** (६३:२६९ ⁄ २०१९ पौष २८) पृ. ९, श.प. ।

कवितामा नेपालको भौगोलिक एकीकरणपछि सबै नेपालीमा एकताको भावना आएको भाव व्यक्त भएको छ । कविता स्रग्धरा छन्दका अठ्ठाइस पङ्क्तिमा रचिएको छ ।

१७५. गोपाल पाण्डे असीम, **नेपाल आमा के भन्छिन्,** (६३:२८३ ⁄ २०१९ माघ १३) पृ. ७, श.प. ।

कवितामा नेपालीहरू परस्पर झगडा गरिरहेकोमा असन्तोष व्यक्त गरिएको छ । कविता स्रग्धरा छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

१७६. गोपाल पाण्डे असीम, **शुभकामनाको जमघट हो,** (६४:५९ ⁄ २०२० जेठ २८) श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा श्री ५ महेन्द्रलाई जन्मदिनको शुभकामना चढाइएको छ । कविता मुक्तलयका छत्तीस हरफमा रचिएको छ ।

१७७. गोपाल कोइराला 'त्यागी', **तिम्रो मार्गमा अब द्वार खुलेको छ,** (६५:१२/२०२१ वैशाख १३) पृ. ६, श.प. ।

मुक्तलयका चवालीस हरफमा रचिएको कवितामा नेपालको प्रगति पथमा मार्ग खुलेको भाव व्यक्त भएको छ ।

१७८. गोपाल कुमार बस्नेत, **मेरो भाव तिम्रो आवाज,** (६६:२९१/२०२३ फागुन १३) पृ. ८, श.प. ।

कवितामा आफूसँग भाव भए पनि आवाजको भने अभाव भएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका सात हरफमा रचिएको छ ।

१७९. गोपीकृष्ण त्रिपाठी, **हर्षोद्गारको सुरुवात,** (६०:१२९/२०१७ फागुन १५) पृ. २३, एलिजावेथ स्वागताङ्क ।

मुक्तलयका सत्र हरफमा रचित कवितामा बेलायतकी महारानी एलिजावेज द्वितीयको हार्दिक स्वागत गरिएको छ ।

१८०. गोविन्द भट्ट, **नेपाली,** (६०:१२१/२०१७ फागुन ७) पृ. ५ प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा नेपाली हुन हृदय पवित्र हुनुपर्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका एक्काइस हरफमा रचिएको छ ।

१८१. गोविन्द भट्ट, **नयाँ नेपाली,** (६३:२७६/२०१९ माघ ६) पृ. ७, श.प. ।

कवितामा नेपालीहरू नव नेपालको सिर्जनामा लागिपरेका छन् भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचिएको छ ।

१८२. गोविन्दकृष्ण शर्मा, **राष्ट्रपिता त्रिभुवनप्रति,** (६४:८४/२०२० असार २२) पृ. ६, श.प. ।

कवितामा राजा त्रिभुवनलाई प्रजातन्त्रको मन्त्र छर्ने व्यक्तिका रूपमा चित्रण गरिएको छ । कविता मन्दाक्रान्ता छन्दका बीस पङ्क्तिमा रचित छ ।

१८३. गोविन्दकृष्ण श्रेष्ठ, **प्रतिज्ञा,** (६४:३५/२०२० जेठ ४) पृ. ५, श.प. ।

कवितामा सम्पूर्ण भूमण्डलमा नै नेपालीहरू सोझा छन् भन्ने भाव व्यक्त भएको छ । कविता स्रग्धरा छन्दका बीस पङ्क्तिमा रचित छ ।

१८४. गोविन्दबहादुर थापा, **मैले तिमीलाई पत्र लेखेको छु,** (६८:२८०/२०२५ फागुन ४) पृ. ८, श.प. ।

मुक्तलयका सत्र हरफमा रचित कवितामा श्रृङ्गारिक भाव व्यक्त भएको छ ।

१८५. गोविन्दमान श्रेष्ठ, **आह्वान यही छ,** (६९:११७/२०२६ भाद्र २६), पृ. ६ श.प. ।

गीतिलयका दस पङ्क्तिमा रचिएको कवितामा साझा प्रयासले देश बनाउन आग्रह गरिएको छ ।

१८६. गोविन्दसागर सिंह, **विश्वप्रेम,** (६६:२९१/२०२३ फागुन २०) पृ. ५, श.प. ।

कवितामा विश्वप्रेम जगाउन आह्वान गरिएको छ । कविता मुक्तलयका बीस हरफमा रचित छ ।

१८७. गोविन्दहरि नेकू, **४० वर्ष माथिका अपरिचित,** (६७:३१५/२०२४ चैत्र १०) पृ. ६, श.प. ।

कवितामा आधुनिक संस्कृतिले भित्र्याएको व्यक्तिवादी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । कविता मुक्तलयका तेह्र हरफमा रचिएको छ ।

१८८. गौरीशंकर शास्त्री, **श्रद्धाञ्जली,** (६५:३१५/२०२२ चैत्र ६) पृ. ६, श.प. ।

कवितामा कविशिरोमणिप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका चौबीस पङ्क्तिमा रचिएको छ ।

१८९. घटराज भट्टराई, **आज,** (६७:२८२/२०२४ फागुन ७) पृ. १८ प्रजातन्त्र दिवसाङ्क ।

कवितामा प्रजातन्त्र आएपछि सुख, शान्ति र ऐश्वर्य भोग्न पाएको भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचिएको छ ।

१९०. घटराज भट्टराई, **नयाँ वर्ष,** (६७:३३५/२०२५ वैशाख १) पृ. १८ नववर्षाङ्क ।

कवितामा हर्ष र उमङ्ग छर्दै नयाँ वर्ष आएको भाव व्यक्त भएको छ। कविता गीतिलयका चौबीस पङ्क्तिमा रचिएको छ।

१९१. चन्द्रकान्त शर्मा नेपाल, **आज,** (६४:२१४/२०२० कार्तिक ३०) पृ. ८ श.प. ।

कवितामा नेपाल नरहे नेपाली पनि नरहने भाव व्यक्त भएको छ । कविता गीतिलयका चौबीस पङ्क्तिमा रचिएको छ।

१९२. चन्द्रकान्त शर्मा, **गाउँ गाउँ लाग्छ मलाई,** (६५:४५/२०२२ असार ५) पृ. ६ श.प. ।

कवितामा नेपालमा स्वर्ग नै उत्रिएर आएको हो कि ? भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका बाह्र पङ्क्तिमा रचिएको छ।

१९३. चन्द्रकान्त शर्मा, **शुभकामना,** (६५:१०६/२०२२ भाद्र ३) पृ. १५ ।

मुक्तलयका चौध पङ्क्तिमा रचित कवितामा श्री ५ रत्नको चिरायूको कामना गरिएको छ।

१९४. चन्द्रकान्त शर्मा, **दीपावली,** (६५:१६८/२०२२ कार्तिक ७) पृ. ५ श.प. ।

गीतिलयका बीस पङ्क्तिमा रचिएको कवितामा दीपावलीको उल्लासमय र रमणीय वातावरणको वर्णन गरिएको छ।

१९५. चन्द्रकान्त शर्मा, **श्री ५ वीरेन्द्रप्रति ,** (६९:२३१/२०२६ पौष १४) पृ. ७।

शार्दूलविक्रीडित छन्दका चालीस पङ्क्तिमा रचिएको कवितामा तत्कालीन युवराज वीरेन्द्रप्रति जन्मोत्सवको शुभकामना व्यक्त गरिएको छ।

१९६. चन्द्रज्योति प्रसाई, **परिवार नियोजन गरौं,** (६५:२७०/२०२२ माघ २३) पृ. ६, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचिएको कवितामा परिवार नियोजनको महत्त्व दर्शाइएको छ।

१९७. चन्दप्रकाश मेयाङ्बो, **जिन्दगीमा किन व्यथा पस्छन्,** (६८:६/२०२५ वैशाख २९) पृ. ८, श.प. ।

मुक्तलयका पन्ध्र हरफमा रचिएको कवितामा जीवनको निरर्थकताको वर्णन गरिएको छ।

१९८. चन्द्रमान, **बडादशैं,** (६८:१४७/२०२५ असोज १४) पृ. ५ विजया दशमी अङ्क ।

कवितामा धनी तथा गरीब दुवैका लागि बडादसैं प्यारो भएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका दस हरफमा रचिएको छ।

१९९. चन्द्रमान बज्राचार्य, **आयो नववर्ष,** (६७:३३५/२०२५ वैशाख १) पृ. २०, नववर्ष अङ्क ।

मुक्तलयका आठ हरफमा रचिएको कवितामा नयाँ वर्षले नयाँ जागृति ल्याउने भाव व्यक्त भएको छ।

२००. चमेली देवी, **सुगा उडेर गयो पहाडबाट,** (६५:३०८/२०२२ फागुन २९) पृ. ७ श.प. ।

कवितामा कविशिरोमणि लेखनाथ पौड्यालको मृत्युमा दुःख प्रकट गरिएको छ। कविता मुक्तलयका छत्तीस हरफमा रचिएको छ।

२०१. चिनियामान बज्राचार्य, **गाउँ फर्क राष्ट्रिय अभियान,** (६८:२२४/२०२५ पौष ७) पृ. ७, श.प. ।

मुक्तलयका छ हरफमा रचित कवितामा राजाको सदिच्छा पूरा गर्न लागिरहेको भन्ने भाव व्यक्त भएको छ।

२०२. चीरञ्जीवी झा, **हाम्रो नेपालमा पञ्चायती राज्य,** (६३:८५/२०१९ असार २३) पृ. ३ श.प. ।

वसन्ततिलका छन्दका अठ्ठाइस पङ्क्तिमा रचिएको कवितामा तत्कालीन शासन व्यवस्थालाई रामराज्य तुल्य मानिएको छ।

२०३. चीरञ्जीवीनाथ शर्मा पोखेल, **शुभकामना,** (६३:११३/२०१९ साउन २०) पृ. ४ श.प. ।

कवितामा श्री ५ रत्नलाई आदर्श नारी सम्राटका रूपमा चित्रण गरिएको छ। कविता मुक्तलयका बाह्र हरफमा रचित छ।

२०४. चुनूदेवी, **सुकेको पात,** (६९:८९/२०२६ साउन १८) पृ. ८ श.प. ।

कवितामा आफ्नो अस्तित्वविहीनताको चित्रण गरिएको छ । कविता मुक्तलयका सत्र हरफमा रचिएको छ ।

२०५. चेतोनाथ अधिकारी, **राष्ट्रपिताको स्मृति,** (६७:५७/२०२४ असार १७) पृ. ५, श.प. ।

कवितामा श्री ५ त्रिभुवनको स्मृति चीरकालसम्म रहने भाव व्यक्त भएको छ । कविता मुक्तलयका एघार हरफमा रचिएको छ ।

२०६. चेतोनाथ अधिकारी, **चार टुक्रा,** (६८:२३८/२०२५ पौष २१) पृ. ५ ।

कवितामा प्रसन्न मुद्रामा हाँसे हृदयमा प्रेमको फूल फुल्छ भन्ने भाव व्यक्त भएको छ । कविता मन्दाक्रान्ता छन्दका सोह्र पङ्क्तिमा रचित छ ।

२०७. चैरियल अन्वर, **निस्सारता,** (६३:२७६/२०१९ माघ ६) पृ. ११, श.प. ।

कवितामा जीवनका निस्सारताबीच प्रेम प्रस्तावको कुनै औचित्य नभएको भाव व्यक्त भएको छ । ईश्वरमान रंजितकारद्वारा अनुवादित कवितामा मुक्तलयका एघार हरफ छन् ।

२०८. छवीरमण शर्मा, **नया वर्षमा,** (६५:३३९/२०२३ वैशाख १) पृ. ५ ।

कवितामा नयाँ वर्षको प्रेरणाबाट नेपालीहरू कर्मयोगमा अग्रसर भएको भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित छ ।

२०९. जगतबहादुर सिंह बुढाथोकी, **भूस्वर्ग,** (६४:४९/२०२० जेठ १८) पृ. ५, श.प. ।

कवितामा नेपाललाई स्वर्गको जीवित नमुनाका रूपमा चित्रण गरिएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचिएको छ ।

२१०. जगतबहादुर सिंह बुढाथोकी, **परिचय,** (६४:१२६/२०२० भाद्र १) पृ. ६, श.प. ।

कवितामा जीवन अनिश्चितता र वेमेल मात्र होइन भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका चौबीस हरफमा रचिएको छ ।

२११. जगतबहादुर सिंह बुढाथोकी, **निश्चल रहेछ,** (६४:६६/२०२१ असार २८) पृ. ८, श.प. ।

मुक्तलयका छब्बीस हरफमा रचिएको कवितामा हिमालको महिमा वर्णन गरिएको छ ।

२१२. जगतबहादुर सिंह बुढाथोकी, **जेठो खुँडा बोक्न सकुँ,** (६४:८०/२०२१ साउन १०) पृ. ६, श.प. ।

कवितामा पुर्खाको इज्जत राख्न सकियोस् भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका चौबीस पङ्क्तिमा रचिएको छ ।

२१३. जगतबहादुर सिंह बुढाथोकी, **बाँचिरहे साथी,** (६६:९३/२०२३ साउन २२) पृ. ६, श.प. ।

कवितामा शान्तिको अभाव भए पनि शान्ति हुने आसमा बाँच्नुपरेको भाव व्यक्त भएको छ । कविता मुक्तलयका एकहत्तर हरफमा रचित छ ।

२१४. जगतबहादुर सिंह बुढाथोकी, **प्रणय,** (६५:१०/२०२२ जेठ २) पृ. ९, श.प. ।

कवितामा श्रृङ्गारिक भाव व्यक्त भएको छ । कविता मुक्तलयका चौबीस हरफमा रचिएको छ ।

२१५. जनक शाह 'निराला', **याद नदिलाऊ,** (६८:३०१/२०२५ फागुन २५) पृ. ७, श.प. ।

कविताले राजाले याद नदिलाए पनि आफै कर्तव्य सम्भने भाव व्यक्त भएको छ । कविता मुक्तलयका आठ हरफमा रचित छ ।

२१६. जनकप्रसाद हुमागाई, **आमासँग एक गुनासो,** (६४:१७५/२०२० असोज १९) पृ. ६, श.प. ।

कविले नेपाल आमासँग सम्पूर्ण सन्ततीलाई सुकर्मी बनाईदिन आग्रह गरेका छन् । कविता गीतिलयका बीस पङ्क्तिमा रचिएको छ ।

२१७. जनकप्रसाद हुमागाई, **त्यो दिन कहिले आउला,** (६४:७७/२०२० असार १५) पृ. ७, शं.प. ।

कवितामा देशका कुनाकाप्चासम्म विकासका चिह्न कहिले देख्न पाइएला भन्नेभाव व्यक्त भएको छ । कविता मुक्तलयका अठ्ठाइस हरफमा रचिएको छ ।

२१८. जयप्रसाद पाण्डेय, **एक फूल,** (६८:३५६/२०२६ वैशाख २१) पृ. ८, श.प. ।

कवितामा घामछायाँरूपी सङ्घर्षमा आफूलाई एक फूलका रूपमा लिइएको छ । कविता मुक्तलयका तीस हरफमा रचित छ ।

२१९. जयप्रसाद वराल, **एउटा गोठालोको आत्मव्यथा,** (६३:२९७/२०१९ माघ २०) पृ. ५ ।

गीतिलयका चवालीस पङ्क्तिमा रचित कवितामा एउटा गोठालोको दिनचर्याको वर्णन गरिएको छ ।

२२०. जयन्ती राणा, **मेरो आशा विश्वास बाँचिरहेछ धरतीमा,** (६६:२५४/२०२३ माघ ८) पृ. ८, श.प. ।

कवितामा सुयोग्य प्रेमीको खोजी गरिएको छ । कविता मुक्तलयका बीस हरफमा रचित छ ।

२२१. जयन्ती राणा, **हर पातमा एउटा कहानी हुन्छ,** (६७:७/२०२४ वैशाख ३०) पृ. ७, श.प. ।

कवितामा कल्पना केवल कल्पना मात्र नभएर यसले यथार्थ रूप लिन सक्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका तीस हरफमा रचिएको छ ।

२२२. जागृत रिसाल, **महाकवि,** (६४:१६८/२०२० असोज १२) पृ. ५, श.प. ।

कवितामा महाकवि देवकोटा नेपालका सम्पत्ति भएको भाव व्यक्त भएको छ ।

२२३. जितेन्द्र बस्न्यात, **नारी रत्न नारी रत्न,** (६६:१०६/२०२३ भाद्र ३) पृ. ३ ।

मुक्तलयका दस हरफमा रचित कवितामा श्री ५ रत्नलाई नारी मात्रकी रत्नका रूपमा चित्रण गरिएको छ ।

२२४. जितेन्द्र बस्न्यात, **पानी पानीमा अथाह शक्ति हुन्छ,** (६६:१७१/२०२३ कार्तिक २७) पृ. ६ ।

मुक्तलयका बाह्र हरफमा रचिएको कवितामा समूहमा अथाह शक्ति हुने भाव व्यक्त गरिएको छ ।

२२५. जितेन्द्र बस्न्यात, **मेरो देश,** (६८:६२/२०२५ असार २३) पृ. ७, श.प. ।

मुक्तलयका पन्ध्र हरफमा रचिएको कवितामा जन्मभूमिको महिमा गाइएको छ ।

२२६. जितेन्द्र बस्न्यात, **एउटा डाँफे चरोभित्र एउटा हिमाल,** (६८:१२५/२०२५ भाद्र २३) पृ. ५, श.प. ।

कवितामा एउटा डाँफे चरोको अन्तर्मनमा हिमालका बारेमा उब्जिएका भावको कलात्मक प्रस्तुति छ । कविता मुक्तलयका सोह्र हरफमा रचित छ ।

२२७. जितेन्द्र बस्न्यात, **यहाँ दशै छ,** (६८:१४६/२०२५ असोज २३) पृ. ६, श.प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा दसैँमा दिइने वली प्रथाको विरोध गरिएको छ ।

२२८. जितेन्द्र बस्न्यात, **हिमालको अभिलाषा,** (६९:८९/२०२६ असार १८) पृ. ६, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा श्रृङ्गारिक भाव व्यक्त भएको छ ।

२२९. जितेन्द्रमान अभिलाषी, **उपहार,** (६८:१२/२०२५ जेठ ४) पृ. १२ ।

कवितामा हृदयमा भएको श्रद्धालाई नै स्वागतका सौगात मानिएको छ । कविता मुक्तलयका अठ्ठाइस हरफमा रचिएको छ ।

२३०. जुलुम श्रेष्ठ, **ईमिलीका दुई कविता,** (६५:१५०/२०२२ असोज १६) पृ. ६, श.प. ।

कविले अमेरिकी कवि इमिली डिकिन्सनका दुई कविताहरूको भावानुवाद गरेकी छन् । कवितामा मुक्तलयका पचास हरफ रहेका छन् ।

२३१. ज्ञानीप्रसाद, **गाउँफर्क,** (६७ : २६०/२०२४ माघ १३), पृ. ७, श. प. ।

मुक्तलयका आठ हरफमा रचित कवितामा तत्कालीन राष्ट्रिय नारा गाउँफर्क अभियानमा सरिक हुन आग्रह गरिएको छ। '

२३२. टङ्कप्रसाद आचार्य, **भ्रमरगीत,** (६८:१३९/२०२५ असोज ६) पृ. ६, श.प. ।

मुक्तलयका बाउन्न हरफमा रचित कवितामा भोगवादी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ।

२३३. टङ्कप्रसाद आचार्य, **आफ्नी प्रेयसी सित,** (६८:११८/२०२५ असोज ६) पृ. ५, श.प. ।

इन्द्रबज्रा छन्दका चालीस पङ्क्तिमा रचित कवितामा आफ्नी प्रेयसीको सौन्दर्य वर्णन गरिएको छ।

२३४. टीकाकुमार शाह, **हास्नु रहेछ फूल झैं मैले,** (६४:७०/२०२० असार ८) पृ. ८, श.प.।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा कर्तव्यबोध हुँदाहुँदै पनि केही गर्न नसकिएको भाव व्यक्त भएको छ।

२३५. टीकाभुषण दाहाल, **स्वदेश फर्केको लाहुरेलाई पत्रकारको सोधनी,** (६३:१२७/२०१९ भाद्र २), पृ. ३, श.प.।

मुक्तलयका छयहत्तर हरफमा रचिएको कवितामा परदेशिएका नेपालीलाई स्वदेश चिन्न आग्रह गरिएको छ।

२३६. टीकाभुषण दाहाल, **परिचय,** (६३:१३२/२०१९ असोज ६), पृ. १६, श.प.।

कवितामा विश्वमा नै खुकुरी नेपालीहरूको पहिचान भएको भाव व्यक्त भएको छ। कविता गीतिलयका अठ्ठाइस पङ्क्तिमा रचित छ।

२३७. टीकाभुषण दाहाल, **कुरा होइन काम गर्ने नव जवानको भेला छ,** (६३:२०६/२०१९ कार्तिक २५), पृ. १३, श.प.।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा कुरा मात्रै हैन काम गर्ने युवाको खाँचो औंल्याइएको छ।

२३८. टुकराज-पद्मराज मिश्र, **स्वागत,** (६८:१२५/२०२५ भाद्र २३), पृ. ५, श.प.।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा पृथ्वीनारायण शाहको गुणगान गरिएको छ।

२३९. टेकबहादुर नवीन, **दुई टुक्रा,** (६४:३३०/२०२१ चैत्र २८), श.प.।

कविले मेरा पाइलाको चिह्न नै मेरो मार्ग हो भन्ने भाव व्यक्त गरेका छन्। कविता मात्रा छन्दका चार पङ्क्तिमा रचित छ।

२४०. टेकबहादुर नवीन, **केही चोइटा,** (६७:२२७/२०२१ पौष १२),पृ. ५, श.प.।

गीतिलयका बीस पङ्क्तिमा रचित कवितामा आफ्नै देश प्यारो हुने भाव व्यक्त गरिएको छ।

२४१. डमरुवल्लभ पौड्याल, **राष्ट्रिय प्रजातन्त्र दिवसमा,** (६०:१२१/२०१७ फागुन ७), पृ. ४।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा राणाशासन ढलेकोमा हर्ष मानिएको छ।

२४२. डमरुवल्लभ पौड्याल, **महान् सदिच्छा,** (६१:५८/२०१८ जेठ २९), पृ. ५ ।

कवितामा नेपालका सन्ततिहरू आफ्नै वर्कतमा बाँच्नु परोस् भन्ने भाव व्यक्त गरिएको छ। कविता शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचिएको छ।

२४३. डमरुवल्लभ पौड्याल, **प्रकृतिको मुस्कान,** (६३:११३/२०१९ साउन २०), पृ. ३, श्री ५ रत्न जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा श्री ५ रत्नलाई प्रकृतिकी सहचारीका रूपमा तुलना गरिएको छ।

२४४. डमरुवल्लभ पौड्याल, **पथिकको नयाँ वर्षसँग भेट हुँदा,** (६४:७/२०२० वैशाख ७), पृ. ११, श.प. ।

कवितामा पञ्चायतपद्धतिलाई वसन्ती रङ्गले रङ्गाउने भाव व्यक्त भएको छ । कवितामा चम्पु प्रकृतिका बाह्र पङ्क्ति रहेका छन् ।

२४५. डमरुवल्लभ पौड्याल, **नयाँ वर्ष नयाँ हर्ष,** (६५:१/२०२१ वैशाख १), पृ. ३ ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा नयाँ वर्षको उल्लासमय वातावरणको चित्रण गरिएको छ ।

२४६. डी.आर.सुब्बा, **शुभकामना,** (६५:३६/२०२२ जेठ २९), पृ. ४४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयका बाह्र पङ्क्तिमा रचिएको कवितामा राष्ट्रनायक महेन्द्रको दीर्घायूको कामना गरिएको छ ।

२४७. डी.आर.सुब्बा, **स्वराष्ट्र आराधना,** (६५:५९/२०२२ असार १९), पृ. ७, श.प. ।

मुक्तलयका एघार हरफमा रचित कवितामा नेपाललाई स्वर्गसँग तुलना गरिएको छ ।

२४८. तारकबहादुर शाह, **सात फूल,** (६९:४०/२०२६ जेठ ३२), पृ. ७, श.प.

कवितामा आफू प्रवासी भए पनि अरुलाई न परदेशिन आह्वान गरिएको छ । कविता मुक्तलयका छत्तीस हरफमा रचित छ ।

२४९. तिलकबहादुर कार्की, **हली हुन मन लाग्छ,** (६८:१४६/२०२५ असोज १३), पृ. ७, श.प.

कविले यान्त्रिक जीवन बिताउनु भन्दा हली हुन मन लाग्छ भन्ने भाव व्यक्त गरेका छन् । कवितामा मुक्तलयका तीस हरफ छन् ।

२५०. तुलसी दिवस, **आफ्नो घर,** (६४:३३८/२०२० चैत ८), पृ. ५, श.प.

मुक्तलयका बाह्र हरफमा रचिएको कवितामा आफूले आफैलाई चिन्न नसकेको भाव व्यक्त भएको छ ।

२५१. तुलसी थापा, **तीन हरफे कविताहरू,** (६९:१३१/२०२६ भाद्र २८), पृ. ५, श.प.

बाह्र हरफका चारओटा टुक्राहरूमा रचित कवितामा विसङ्गत जीवनको चित्रण गरिएको छ ।

२५२. तेजनाथ घिमिरे, **नेपाली जनजीवन,** (६४:२००/२०२१ मङ्सिर १३), पृ. ५, श.प.

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा राष्ट्रनिर्माणका क्रममा पुर्खाले पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

२५३. तेजनाथ घिमिरे, **सन्ध्या,** (६७:२२०/२०२१ पौष ५), पृ. ९, श.प.

कवितामा सन्ध्याकालीन प्रकृतिको वर्णन गरिएको छ ।

२५४. त्रिभुवन बस्नेत, **नयाँ बाटो,** (६८:६२/२०२५ असार २३), पृ. ७, श.प.

मुक्तलयका बाह्र हरफमा रचित कवितामा गाउँ फर्क अभियानलाई सफल पार्न आह्वान गरिएको छ ।

२५५. दत्तात्रेय, **फेशनाय नमोनमः,** (६६:३०/२०२३ जेठ २२), पृ. ८, श.प.।

अनुष्टुप छन्दका बीस पङ्क्तिमा रचित कवितामा फेशनसम्बन्धी विकृतिमाथि व्यङ्ग्य गरिएको छ ।

२५६. दत्तात्रेय, **दशै आयो कता कता,** (६७:१४०/२०२४ असोज ७), पृ. ७, श.प.

गीतिलयका सोह्र पङ्क्तिमा रचिएको कवितामा दसैंको अवसरमा देखिने कुप्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ ।

२५७. दमन ढुङ्गाना, **जब नाराहरू जिउँदै छन्,** (६६:१७१/२०२३ कार्तिक २०), पृ. ७, श.प.

कवितामा यदि केही गर्नु छ भने समय छँदै गर्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका चौध हरफमा रचित छ ।

२५८. दमनराज, **आराधना,** (६७:२८०/२०२४ फागुन ५), पृ. ६, श.प.

मुक्तलयका चवालीस हरफमा रचित कवितामा नेपाल आमाको समुन्नतिको कामना गरिएको छ ।

२५९. दमनराज तुलाधर, **मेरो राजासँग,** (६६:८६/२०२३ साउन १५), पृ. ५, श.प.

मुक्तलयका सत्ताइस हरफमा रचित कवितामा श्री ५ महेन्द्रको स्तुति गरिएको छ ।

२६०. दमनराज तुलाधर, **इन्दिरा स्वागतम्,** (६६:१५२/२०२३ असोज १८), पृ. ३, स्वागताङ्क ।

मुक्तलयका पैंतीस हरफमा रचित कवितामा इन्दिरा गान्धीको हार्दिक स्वागत गरिएको छ ।

२६१. दमनराज तुलाधर, **तरुल,** (६७:२५३/२०२४ माघ ९), पृ. ६, श.प.

कवितामा हाम्रो देशलाई दुई ढुङ्गाबीचको तरुलको उपमा दिइएको छ । कविता मुक्तलयका बीस हरफमा रचित छ ।

२६२. दमनराज तुलाधर, **यदि र तर,** (६७:२६७/२०२४ माघ २०), पृ. ७, श.प.

मुक्तलयका सोह्र हरफमा रचित कवितामा आफू मानिसको भाँडो मात्र हुनुपरेकोमा अफशोच व्यक्त गरिएको छ ।

२६३. दमनराज तुलाधर, **कविजी,** (६७:३०१/२०२४ फागुन २६), पृ. ८, श.प.

कवितामा अप्रत्यासित प्राप्तिले मानिसको मनमा उत्पन्न गरिदिने भावावेगको चित्रण गरिएको छ । कविता मुक्तलयका अठ्ठाइस हरफमा रचिएको छ ।

२६४. दाताराम शर्मा, **एउटा नियम,** (६५:२८६/२०२२ फागुन ७), पृ. ५, प्रजातन्त्र दिवस विशेषाङ्क ।

स्रग्धरा छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा देशका प्राकृतिक वैभवमाथि गर्व गरिएको छ ।

२६५. दानरत्न बज्राचार्य, **हर्षोत्गार,** (६४:५९/२०२० जेठ २८), पृ. २१, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

पञ्चचामर छन्दका बीस पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको जन्मदिवसमा हर्ष प्रकट गरिएको छ ।

२६६. दामोदर अधिकारी, **वसन्त फेरि आउँछ,** (६७:२४७/२०२४ पौष २९), पृ. ८, श.प.

कवितामा प्रतिक्षा गरे अवश्य एकदिन समुन्नतिको दिन आउनेछ भन्ने भाव व्यक्त भएको छ । कवितामा मुक्तलयका तेत्तीस हरफ रहेका छन् ।

२६७. दिनेश गिरी, **बादल,** (६६:१७१/२०२३ कार्तिक २०), पृ. ६, श.प.

कवितामा बादललाई आफ्नी प्रेमिकाका सामु आफ्नो खबर पुऱ्याइदिन आग्रह गरिएको छ । कवितामा मुक्तलयका सत्ताइस हरफ रहेका छन् ।

२६८. दिनेश श्रेष्ठ 'आश्रित', **हामी विरोधाभासका मान्छे,** (६९:१५९/२०२६ असोज २५), पृ. ५, श.प.

कवितामा भौतिकवाद र अध्यात्मवाद बीचको विरोधाभासपूर्ण जीवन बिताउनु पर्दाको पीडा अभिव्यक्त भएको छ । कविता मुक्तलयका बीस हरफमा रचिएको छ ।

२६९. दिव्य खड्का, **घचघच्याइरहेछ मलाई,** (६८:१११/२०२५ भाद्र ९), पृ. ८, श.प.

मुक्तलयका पच्चीस हरफमा रचित कवितामा गाउँघरको सम्झना गरिएको छ ।

२७०. दीपककुमार गुरुङ, **विभोर छु म कति,** (६७:२९४/२०२४ फागुन १९), पृ. ७, श.प.

मुक्तलयका दस हरफमा रचित कवितामा धोकेवाज मायालुलाई सदा राम्रै होस् भन्ने कामना गरिएको छ ।

२७१. दीपकराज पौड्याल, **मुटुको व्यथा,** (६८:१६३/२०२५ कार्तिक ३), पृ. ७, श.प.

कवितामा राजा महेन्द्रलाई अकस्मात मुटुको व्यथा लागेकोमा अफशोच व्यक्त गरिएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचित छ ।

२७२. दीपकराज पौड्याल, **धन्य आमा तिमी,** (६८:२२४/२०२५ पौष ७), पृ. ७, श.प.

मुक्तलयका दस हरफमा रचित कवितामा नेपाली सन्तानलाई हुर्काउने आमाको मायामा डुबेको भाव व्यक्त भएको छ ।

२७३. दीपकराज पौड्याल, **म एक मानव हुँ,** (६९:१२४/२०२६ भाद्र २१), पृ. ६, श.प. ।

कवितामा मानव भएको नाताले सामाजिक अधिकार चाहिन्छ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका उन्नाइस हरफमा रचित छ ।

२७४. दीपकराज पौड्याल, **महान् चाड,** (६९:१८७/२०२६ कार्तिक ३०), पृ. ६, श.प.

मुक्तलयका आठ हरफमा रचित कवितामा तिहारको महत्त्वको वर्णन गरिएको छ ।

२७५. दुर्गा पोखरेल, **मेरो डायरीभित्र,** (६८:३०१/२०२५ फागुन २५), पृ. ६, श.प.

मुक्तलयका बीस हरफमा रचित कवितामा आफ्नो पिछा नगर्न आग्रह गरिएको छ ।

२७६. दुर्गा रिसाल, **आजको दिन,** (६७:३३५/२०२५ वैशाख १), पृ. १९, नववर्षाङ्क ।

कवितामा नयाँ वर्षको पावन उपलक्ष्यमा प्रगति र प्रेरणाको लागि छहरा र छाँगा पनि सुसाइदिने भाव व्यक्त भएको छ ।

२७७. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **शुभदिन,** (६१:५८/२०१८ जेठ २९), पृ. ४३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मुक्तलयका बीस हरफमा रचिएको कवितामा श्री ५ महेन्द्रको जन्मोत्सवमा हर्ष प्रकट गरिएको छ ।

२७८. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **आराधना,** (६३:१७६/२०१९ असोज २०), पृ. ११, श.प.

कवितामा विजया दशमीको पूर्वार्द्धमा दुर्गा-मातासँग आफ्नो अर्चना स्वीकार गर्न आग्रह गरिएको छ । कविता मुक्तलयका उनन्पचास हरफमा रचित छ ।

२७९. देवेन्द्रकुमार मल्ल, **शीर्षकविहीन,** (६४:११९/२०२० साउन २६), पृ. ७, श.प.

कवितामा प्रेमिकासँगको आत्मिक मिलनमा विश्वास गरिएको छ । कविता मुक्तलयका सात हरफमा रचित छ ।

२८०. देवेन्द्रराज शर्मा, **उद्योग तिमी चाँडै लम्क,** (६८:२६६/२०२५ माघ १९), पृ. ६, श.प.

मुक्तलयका उनन्तीस हरफमा रहेको कवितामा लघु तथा ठूला उद्योगहरूको समृद्धिको कामना गरिएको छ ।

२८१. देवेन्द्रराज शर्मा, **गोठाला दाइहरूसँग,** (६९:२२९/२०२६ पौष १२), पृ. ५, श.प.

मुक्तलयका नौ हरफमा रचित कवितामा गोठाला दाइहरूसँग आशावादी बन्न आग्रह गरिएको छ ।

२८२. देवकी नानी, **शुभाशीष,** (६३:११३/२०१९ साउन २०), पृ. ८ ।

कवितामा सम्पूर्ण नेपाली महिलाहरू श्री ५ रत्नको भर परेका छन् भनिएको छ । कविता शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचिएको छ ।

२८३. दैवज्ञराज न्यौपाने, **प्रकृतिको राजधानी,** (६५:१९/२०२१ वैशाख २०), पृ. ५, श.प.।

वसन्ततिलका छन्दका चौबीस पङ्क्तिमा रचित कवितामा कविले नेपाल प्रकृतिको प्रिय राजधानी भएको भाव व्यक्त गरेका छन् ।

२८४. दैवज्ञराज न्यौपाने, **प्रवासीको सम्झनामा,** (६७:२२७/२०२१ पौष २१), पृ. ६, श.प.।

कवितामा प्रवासी नेपालीको नेपालप्रतिको दृष्टिकोण चित्रण गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका अठचालीस पङ्क्तिमा रचित छ ।

२८५. दैवज्ञराज न्यौपाने, **आजका नौजवान,** (६६:३०/२०२३ जेठ २२), पृ. ७, श.प.।

स्रग्धरा छन्दका चौबीस पङ्क्तिमा रहेको कवितामा देशको शान राख्न नौजवानहरूलाई आह्वान गरिएको छ ।

२८६. दैवज्ञराज न्यौपाने, **वैशाख,** (६७:७/२०२४ वैशाख ३०), पृ. ८, श.प.।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा वैशाखको महिमा गाइएको छ ।

२८७. द्वारिकाप्रसाद शर्मा, ..**प्रति,** (६८:२७३/२०२५ माघ २६), पृ. ५, श.प.।

मुक्तलयका तेह्र हरफमा रचिएको कवितामा प्रणयमूलक भाव अभिव्यक्त भएको छ ।

२८८. ध.च.गोतामे, **नयाँ वर्षको शुभकामना,** (६८:३३४/२०२६ वैशाख १), पृ. ४, नववर्षाङ्क ।

मुक्तलयका चौवन्न हरफ भएको कवितामा नववर्षको शुभकामना व्यक्त गरिएको छ ।

२८९. धनप्रसाद ढुङ्गाना, **आयो प्रजातन्त्र दिवस,** (६०:१२१/२०१७ फागुन ७), पृ. ४, प्रजातन्त्र दिवसाङ्क ।

कवितामा प्रजातन्त्र दिवसको उपलक्ष्यमा हर्षोल्लास व्यक्त गरिएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचिएको छ ।

२९०. धर्मरत्न यमि, **मान्छेलाई मान्छे वुद्ध के भन्छ,** (६५:३५९/२०२३ वैशाख २२), पृ. ५ ।

कवितामा नास्तिकता र दुराचार त्यागेर महान् बन्नु पर्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचित छ ।

२९१. धर्मरत्न यमि, **राष्ट्रियता,** (६६:१९०/२०२३ मार्ग ११), पृ. ५, श.प. ।

कवितामा निःस्वार्थ भावले कर्तव्य गरे मात्र सच्चा राष्ट्रियता झल्कन्छ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचिएको छ ।

२९२. धर्मराज थापा, **धर्ती मुस्कुरायो** (६१:५८/२०१८ जेठ २९), पृ. ५०, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयका अठचालीस पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको स्तुति गाइएको छ ।

२९३. धर्मराज थापा, **धर्तीकी रानी** (६३:११३/२०१९ श्रावण २०), पृ. ४, श्री ५ रत्न जन्मोत्सवाङ्क ।

गीतिलयका चौबीस पङ्क्तिमा रचिएको कवितामा श्री ५ रत्नको स्तुति गाइएको छ ।

२९४. धर्मराज थापा, **दुर्घटनाको स्मृति** (६३:१५५/२०१९ भाद्र ३०), पृ. १५, श.प. ।

गीतिलयका चौबीस पङ्क्तिमा रचित कवितामा केही समय अघि नेपालमा नै भएको विमान दुर्घटनाको स्मृति गरिएको छ ।

२९५. धर्मराज थापा, **राष्ट्रोत्थानको उमङ्ग,** (६३:१६९/२०१९ असोज १३), पृ. १३, श.प. ।

गीतिलयका चौबीस पङ्क्तिमा रचित कवितामा राष्ट्रोत्थानको अभिलाषा प्रकट गरिएको छ ।

२९६. धर्मराज थापा, **राष्ट्रसंघ अर्चना** (६३:१९१/२०१९ कार्तिक ८), पृ. ३, संयुक्त राष्ट्रसंघ दिवस विशेषाङ्क ।

मुक्तलयका बाइस हरफमा रचित कवितामा राष्ट्रसंघलाई विश्वको न्यायपालक मानिएको छ ।

२९७. धर्मराज थापा, **बत्ती रगतको बल्यो** (६३:३०७/२०१९ फागुन ७), पृ. ६ ।

कवितामा राणाशासनको समाप्तिसँगै नेपाली जनताको हृदय उज्यालिएको भाव व्यक्त गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका अठ्ठाइस पङ्क्तिमा रचिएको छ ।

२९८. धर्मराज थापा, **नयाँ ज्योति,** (६४:५९/२०२० जेठ २८), पृ. १२, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा श्री ५ महेन्द्रलाई कुशल शासकमा हुनुपर्ने गुणले युक्त व्यक्तिका रूपमा चित्रण गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका चवालीस पङ्क्तिमा रचिएको छ ।

२९९. धर्मराज थापा, **मित्रताको माला** (६४:२०२/२०२० कार्तिक १८), पृ. ७, भारतीय प्रधानमन्त्री राधाकृष्णन स्वागताङ्क ।

गीतिलयका बीस पङ्क्तिमा रचिएको कवितामा नेपाल र भारत बीचको मित्रताको चित्रण गरिएको छ ।

३००. धर्मराज थापा, **फागुन सातको आगमनमा** (६४:३०७/२०२० फागुन ७), पृ. ७, प्रजातन्त्र दिवस विशेषाङ्क ।

गीतिलयका साठी पङ्क्तिमा रचित कवितामा फागुन सातको आगमनमा हर्ष प्रकट गरिएको छ ।

३०१. धर्मराज थापा, **धन्य गोर्खापत्र दाइ,** (६४:१/२०२१ वैशाख २४), पृ. ५, गो.प. ६४ औं जन्मजयन्ती अङ्क ।

गीतिलयका चौबीस पङ्क्तिमा रचित कवितामा गोर्खापत्रलाई नेपालकै मुखपत्र भएको चर्चा गरिएको छ ।

३०२. धर्मराज थापा, **समयको कलम,** (६४:२५५/२०२१ माघ १०), पृ. ६ ।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा देशभक्तिको महिमा गाइएको छ ।

३०३. धर्मराज थापा, **राष्ट्रिय चाड मानौ,** (६४:२८१/२०२१ फागुन ७), पृ. ६ ।

शार्दूलविक्रीडित छन्दका चौबीस पङ्क्तिमा रचित कवितामा प्रजातन्त्र दिवसलाई राष्ट्रिय चाडका रूपमा मनाउन आह्वान गरिएको छ ।

३०४. धर्मराज थापा, **नयाँ वर्षको आगमनमा,** (६४:३३३/२०२२ वैशाख १), पृ. ३, नववर्ष अङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा नयाँ वर्षले सबैको कल्याण गरोस् भन्ने भाव व्यक्त भएको छ ।

३०५. धर्मराज थापा, **गोर्खापत्र सूर्य मेरो,** (६५:१/२०२२ वैशाख २४), पृ. ५, गोर्खापत्र जन्मजयन्ती विशेषाङ्क ।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा गोर्खापत्रलाई जेठो दाजुको उपमा दिइएको छ ।

३०६. धर्मराज थापा, **महेन्द्रयुग,** (६५:३६/२०२२ जेठ २९), पृ. २४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा श्री ५ महेन्द्रलाई सम्पूर्ण जनताले रुचाएका राजा भनिएको छ । कविता गीतिलयका चौबीस पङ्क्तिमा रचिएको छ ।

३०७. धर्मराज थापा, **कविशिरोमणिको महायात्रा,** (६५:२९४/२०२२ फागुन १५), पृ. ८, श.प. ।

कवितामा कविशिरोमणि लेखनाथ पौड्याललाई सिद्धहस्त कविका रूपमा चित्रण गरिएको छ । कविता गीतिलयका बाउन्न पङ्क्तिमा रचिएको छ ।

३०८. धर्मराज थापा, **स्वागत सिद्धार्थी,** (६५:३३९/२०२३ वैशाख १), पृ. ३ ।

शार्दूलविक्रीडित छन्दका चौबीस पङ्क्तिमा रचित कवितामा नयाँ वर्षलाई स्वागत गरिएको छ ।

३०९. धर्मराज थापा, **नयाँ वर्षको बिहानीमा,** (६६:३३९/२०२४ वैशाख १), पृ. ३, नववर्ष ।

गीतिलयका बत्तीस पङ्क्तिमा कविता रचिएको छ । कवितामा नयाँ वर्षको बिहानीमा केही गर्ने प्रण गरिएको छ ।

३१०. धर्मराज थापा, **आऊ यो नवकुञ्जमा किरण भै,** (६७:३३५/२०२५ वैशाख १), पृ. ९, नववर्षाङ्क ।

कवितामा नववर्षको पावन उपलक्ष्यमा नवकुञ्जमा किरण बनेर अँध्यारो धुने प्रण गरिएको छ ।

३११. धर्मराज थापा, **बज्यो मेरो जोर जोर मुरली,** (६८:२०७/२०२५ मार्ग १९), पृ. ३, श.प. ।

कवितामा अकस्मात् हृदयरोग लागेका राजा महेन्द्रको उपचार सफल भएकोमा खुसी व्यक्त गरिएको छ । कविता मुक्तलयका छब्बीस हरफमा रचित छ ।

३१२. धर्मराज थापा, **आऊ मेरो नयाँ वर्ष,** (६८:३३४/२०२६ वैशाख १), पृ. १६, नववर्ष अङ्क ।

कवितामा सत्यम् शिवम् सुन्दरम् सहितको नयाँ वर्षलाई आउन आग्रह गरिएको छ । कविता गीतिलयका तेइस पङ्क्तिमा रचिएको छ ।

३१३. धर्मराज थापा, **स्वदेशको गौरव,** (६९:२३१/२०२६ पौष १४), पृ. ३, श्री ५ युवराजधिराज वीरेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयका बत्तीस पङ्क्तिमा रचित कवितामा श्री ५ युवराजधिराज वीरेन्द्रमा जन्मोत्सवको शुभकामना टक्र्याइएको छ ।

३१४. धर्मरत्न यमि, **राष्ट्रियता,** (६६:१९०/२०२३ मार्ग ११), पृ. ५, श.प. ।

निःस्वार्थ भावले कर्तव्य गरे मात्र सच्चा राष्ट्रियता झल्कन्छ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचित छ ।

३१५. धरणीधर शर्मा कोइराला, **शुभेच्छा,** (६१:५८/२०१८ जेठ २९), पृ. ३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मालिनी छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा श्री ५ महेन्द्रको सफलताको कामना गरिएको छ ।

३१६. धरणीधर शर्मा, **मन स्वच्छ नभई गति छैन अरे,** (६५:२२९/२०२२ पौष १०), पृ. ६, श.प. ।

कवितामा मनको मन्दिर स्वच्छ राखे मात्र जनजीवनमा सुख हुन्छ भन्ने भाव व्यक्त भएको छ । कविता तोटक छन्दका चार पङ्क्तिमा रचित छ ।

३१७. धरणीधर शर्मा, **कवि लेखनाथको जय,** (६५:२७०/२०२२ माघ २३), पृ. ५, श.प. ।

स्वागता छन्दका बाह्र पङ्क्तिमा रचित कविता हो । कविले सदा लेखनाथको जय होस् भन्ने भाव व्यक्त गरेका छन् ।

३१८. धरणीधर शर्मा, **अरेको कुरा गरेको,** (६५:३१५/२०२२ चैत २०), पृ. ६, श.प. ।

कवितामा भोगविलासको भासमा नभासिन आग्रह गरिएको छ । कविता पञ्चचामर छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

३१९. धरणीधर शर्मा कोइराला, **स्वनामधन्य भैगयौँ,** (६५:२९४/२०२२ फागुन १५), पृ. ५, श.प. ।

कवितामा कविशिरोमणि लेखनाथ पौड्यालको मृत्युका सन्दर्भमा दुःख व्यक्त गरिएको छ । कविता पञ्चचामर छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

३२०. ध्रुवकृष्ण दीप, **एक उद्‌गार,** (६४:५९/२०२० जेठ २८), पृ. ३५, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा राजाको जन्मोत्सवमा नागरिकका तर्फबाट बधाई ज्ञापन गरिएको छ । कविता मुक्तलयका चौबीस हरफमा रचित छ ।

३२१. ध्रुवकृष्ण दीप, **मलाई मेरै माटोसित प्यार छ,** (६४:२८९/२०२० माघ १८), पृ. ५ ।

मुक्तलयका उनन्तीस हरफमा रचिएको कवितामा मातृभूमिप्रतिको प्रेमभाव दर्शाइएको छ ।

३२२. ध्रुवकृष्ण दीप, **नयाँ वर्षप्रति केवल एकछिन गाएर,** (६५:१/२०२१ वैशाख १), पृ. ४ ।

कवितामा नयाँ वर्षलाई केवल एक छिन आउने मात्र नभएर आफ्ना दुःख, वेदनाहरू पनि सुनिदिन आग्रह गरिएको छ । कविता मुक्तलयका छब्बीस हरफमा रचित छ ।

३२३. ध्रुवकृष्ण दीप, **प्रेम, माटो र पत्थरलाई,** (६४:११/२०२१ जेठ ६), पृ. ९, श.प. ।

कवितामा युगल प्रेमीहरूलाई आफूमा मात्र नभएर माटो र पत्थरलाई समेत प्रेम गर्न आग्रह गरिएको छ । कविता मुक्तलयका बीस हरफमा रचित छ ।

३२४. ध्रुवकृष्ण दीप, **आकाशको दील,** (६५:३०८/२०२२ फागुन २९), पृ. ६, श.प. ।

कवितामा आकाशको दील आकाशमा मात्र सीमित नभएर धरतीमा पनि यसको विस्तार भएको छ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका सोह्र हरफमा रचित छ ।

३२५. ध्रुवकृष्ण दीप, **पत्थर, फूल र इमान्दारी,** (६६:१२८/२०२३ भाद्र २५), पृ. ७, श.प. ।

कवितामा मानिसमा मात्र नभएर पत्थरमा पनि इमान्दारी उमार्न सकिन्छ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका बाइस हरफमा रचित छ ।

३२६. ध्रुवकृष्ण दीप, **केवल ईच्छा गरिदेऊ तिमी,** (६६:२५४/२०२३ माघ ८), श.प. ।

मुक्तलयका तेह्र हरफमा रचित कवितामा आफ्नी प्रेमिकासँग गरिएको अनुनय अभिव्यक्त गरिएको छ ।

३२७. ध्रुवकृष्ण दीप, **मेरो रीसको पनि,** (६७:१४०/२०२४ असोज ७), पृ. ५, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा प्रणयमूलक भाव व्यक्त भएको छ ।

३२८. ध्रुवकृष्ण दीप, **हृदयदेखि पर,** (६८:१८२/२०२५ कार्तिक २४), पृ. ८, श.प. ।

मुक्तलयका त्रिसठ्ठी हरफमा रचित कवितामा हृदय नै सम्पूर्ण कुराको केन्द्र भएको भाव व्यक्त भएको छ ।

३२९. ध्रुवकृष्ण दीप, **माया लाग्छ,** (६८:३५६/२०२६ वैशाख २१), पृ. ६, श.प. ।

मुक्तलयका अठार हरफमा रचिएको कवितामा प्रकृतिप्रतिको प्रेमभाव अभिव्यक्त भएको छ ।

३३०. ध्रुवकृष्ण दीप, **तिमी/तिम्रो मुसकान,** (६९:६८/२०२६ असार २८), पृ. ६, श.प. ।

मुक्तलयका सत्र हरफमा रचित कवितामा आफ्नी प्रेमिकाको मुस्कानको प्रशंसा गरिएको छ ।

३३१. ध्रुवकृष्ण दीप, **पानी हिउँ हुनु हुँदैन,** (६९:१५९/२०२६ आश्विन २५), पृ. ७, श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा भोक र प्यास सहज मानवीय वृत्ति भएको चर्चा गरिएको छ ।

३३२. नगेन्द्र, **स्वागत महामहिम,** (६४:२६/२०२० वैशाख २६), पृ. १, पाकिस्तानी राष्ट्रपति महम्मद अयुब खाँ स्वागताङ्क ।

मात्रा छन्दका बीस पङ्क्तिमा रचित कवितामा नेपाल र पाकिस्तानको मैत्रीसम्बन्धको चर्चा गरिएको छ ।

३३३. नरम, **तन, मन र धनको उडान,** (६७:३८४/२०२५ वैशाख १५), पृ. ८, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचिएको कवितामा समाजमा देखिएका विकृतिमाथि व्यङ्ग्य गरिएको छ ।

३३४. नरबहादुर दाहाल, **कविताको जन्म,** (६९:२३३/२०२३ पौष १६), पृ. ५, श.प. ।

कवितामा प्रेयसीका क्रियाकलापले आफ्ना कविता जन्मने भाव व्यक्त भएको छ । कविता मुक्तलयका उन्नाइस हरफमा रचित छ ।

३३५. नरेन्द्रकिशोरी उपाध्याय, **सुस्वागतम,** (६८:१२/२०२५ जेठ १२), पृ. ७, श्री ५ महेन्द्र स्वागताङ्क ।

कवितामा राजा महेन्द्र कैलालीबाट फिर्ती सवारी हुँदाको अवसरमा हर्ष प्रकट गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित छ ।

३३६. नरेन्द्रराज पौडेल, **महान् पर्व,** (६८: १४७/२०२५ असोज १४), पृ. ९, विजया दशमी अङ्क ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचिएको कवितामा विजया दशमीमा सम्पूर्ण नेपालीमा हाँसो छाएको चर्चा गरिएको छ ।

३३७. नवीन थैब, **तिमी क्षितिज भए पुग्छ,** (६८:२८७/२०२५ फागुन ११), पृ. ६, श.प. ।

मुक्तलयका पन्ध्र हरफमा रचित कवितामा कविले आफ्नी प्रेयसीलाई क्षितिज भइदिन आग्रह गरेका छन् ।

३३८. नवीन थैब, **मेरो छाप्रो,** (६६:१९/२०२६ जेठ ११), पृ. ८, श.प. ।

मुक्तलयका बत्तीस हरफमा रचित कवितामा आफ्नो छाप्रोको सुन्दरताप्रति गर्व गरिएको छ ।

३३९. नानीबाबु आचार्य, **ब्युँझाउँ गाउँलाई,** (६७:२४७/२०२४ पौष २९), पृ. ६, श.प. ।

गीतिलयका बीस पङ्क्तिमा रचिएको कवितामा गाउँमै केही गर्न आग्रह गरिएको छ ।

३४०. नारायण शर्मा, **ए बिरुवा !,** (६९:१९२/२०२६ मार्ग ७), पृ. ८, श.प. ।

मुक्तलयका पन्ध्र हरफमा रचित कवितामा बिरुवाको सहने शक्तिको वर्णन गरिएको छ ।

३४१. नारायणप्रसाद भट्टराई, **नववर्षको शुभकामना,** (६६:३३९/२०२४ वैशाख १), पृ. ७, नववर्षाङ्क ।

कवितामा नयाँ वर्षलाई नयाँ उत्साहका साथ अँगाल्न आह्वान गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचिएको छ ।

३४२. निकुञ्जनिधि तिवारी, **जानु छ,** (६८:२३१/२०२५ पौष १४), पृ ७, श.प. ।

मुक्तलयका छब्बीस हरफमा रचित कवितामा जीवनको क्षणभङ्गुरताको चर्चा गरिएको छ ।

३४३. निकुञ्जनिधि तिवारी, **भावना,** (६८:२६६/२०२५ माघ १९), पृ ५, श.प. ।

मुक्तलयका पन्ध्र हरफमा रचित कवितामा अनेक रूपमा आइरहने आफ्नै भावनाहरूलाई स्वागत गरिएको छ ।

३४४. निकुञ्जनिधि तिवारी, **देशको निम्ति केही गर्न सकु,** (६९:७५/२०२६ श्रावण ४), पृ ७, श.प. ।

कवितामा केवल खाएर मात्र बस्ने नभएर देशको निम्ति केही गर्न सकुँ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका अठार हरफमा रचित छ ।

३४५. निकुञ्जनिधि तिवारी, **मेरो गुराँस फक्रेको क्षितिज,** (६९:१९४/२०२६ मार्ग ७), पृ ५, श.प. ।

कवितामा गुराँस फुल्ने क्षितिजहरूमा आफ्नो यौवन रोपिएकाले प्रत्येक बगैँचामा आफ्नो सुवास चल्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका चौध हरफमा रचित छ ।

३४६. निकुञ्जनिधि तिवारी, **फागनु सात गते,** (६९:२८२/२०२६ फागुन ७), पृ ५, राष्ट्रिय प्रजातन्त्र दिवस विशेषाङ्क ।

मुक्तलयका उनन्तीस हरफमा रचित कवितामा प्रजातन्त्र दिवसमा एक करोड नेपालीको हृदय पुलकित हुने भाव व्यक्त भएको छ ।

३४७. निर्मोही राणा, **मुटुको व्यथा,** (६८:१११/०२५ भाद्र ९), पृ.८, श.प. ।

मुक्तलयका सोह्र हरफमा आबद्ध कवितामा विभिन्न विषम परिस्थितिको परिणामस्वरूप मुटुको व्यथा उब्जने भाव व्यक्त भएको छ ।

३४८. निराहार, **नेपाली कहिल्यै मर्दैन,** (६६:१९७/०२३ मार्ग १८), पृ.८, श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा हिमालको अमृत पानीले हुर्किएको नेपाली कहिल्यै नमर्ने भाव व्यक्त भएको छ ।

३४९. नीरविक्रम प्यासी, **महेन्द्र ज्योति,** (६१:५८/२०१८ जेठ २९), पृ.२८, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा तत्कालीन श्री ५ महेन्द्रको यशोगान गरिएको छ ।

३५०. नीरविक्रम प्यासी, **फाल्गुण सात गतेको स्वर्णिम दिवस,** (६१:२९६/२०१८ फागुन ७), पृ.२, प्रजातन्त्र दिवस विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचिएको कवितामा प्रजातन्त्र दिवसलाई मुक्ति दिवसका रूपमा मनाउन आग्रह गरिएको छ ।

३५१. नीरविक्रम प्यासी, **हाम्री रानी,** (६३:११३/२०१९ श्रावण २०), पृ.३, श्री ५ रत्न जन्मोत्सवाङ्क ।

गीतिलयका अठार पङ्क्तिमा रचित कवितामा श्री ५ रत्नको स्तुति गाइएको छ ।

३५२. नीरविक्रम प्यासी, **हाम्रो प्रतीति,** (६३:१६२/२०१९ असोज ६), पृ.९, श.प. ।

कवितामा हाम्रा पाखुराले देशका लागि केही गर्न सक्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । कविता गीतिलयका अठार पङ्क्तिमा रचिएको छ ।

३५३. नीरविक्रम प्यासी, **विजयाको कामना,** (६३:१७६/२०१९ असोज २०), पृ. ७, श.प. ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा विजयादशमीको शुभकामना व्यक्त गरिएको छ ।

३५४. नीरविक्रम प्यासी, **धर्ती हाम्रो घर,** (६३:१९१/२०१९ कार्तिक ८), पृ. ५, संयुक्त राष्ट्रसंघ दिवस विशेषाङ्क ।

गीतिलयका बीस पङ्क्तिमा रचित कविता हो । कवितामा सम्पूर्ण मानव बराबर भएको भाव व्यक्त भएको छ ।

३५५. नीरविक्रम प्यासी, **हाम्रो श्रीपेच,** (६३:१९९/२०१९ कार्तिक १८), पृ. ९, श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा कविले श्रीपेचको महिमा गाएका छन् ।

३५६. नीरविक्रम प्यासी, **मूलबाटो,** (६३:२४८/२०१९ पौष ७), पृ. ९, श.प. ।

शार्दूलविक्रीडित छन्दका चौबीस पङ्क्तिमा कविता रचिएको छ । आपसी विषमता बिर्सिएर पूर्वपश्चिम राजमार्गलाई सफल बनाउन आह्वान गरिएको छ ।

३५७. नीरविक्रम प्यासी, **लक्ष्य,** (६३:२०७/२०१९ फागुन ७), पृ. ७, प्रजातन्त्र दिवस विशेषाङ्क ।

शार्दूविक्रीडित छन्दका बीस पङ्क्तिमा रचित कविता हो । कवितामा प्रजातन्त्रको महिमा वर्णन गरिएको छ ।

३५८. नीरविक्रम प्यासी, **माहेन्द्री कल्पना,** (६३:३२५/२०१९ फागुन २५), पृ. ५, श.प. ।

गीतिलयका दस पङ्क्तिमा रचित कविता हो । कवितामा माहेन्द्री कल्पनाको प्रभावले आफूलाई उद्वेलित बनाएको भाव व्यक्त भएको छ ।

३५९. नीरविक्रम प्यासी, **हाम्रो अमर भावना,** (६३:३३२/२०१९ चैत ३), पृ. ५, श.प. ।

कविता गीतिलयका चौध पङ्क्तिमा रचित छ । कविले हाम्रो अतीत साच्चै नै गौरव गर्न लायक थियो भनेका छन् ।

३६०. नीरविक्रम प्यासी, **युवकसित,** (६३:३३९/२०१९ चैत १०), पृ. ५, श.प. ।

गीतिलयका अठार पङ्क्तिमा रचिएको कवितामा देशको लागि केही गर्न युवकसित आग्रह गरिएको छ ।

३६१. नीरविक्रम प्यासी, **माहेन्द्री प्रतिज्ञा,** (६४:४२/२०२० जेठ ११), पृ. ५, श.प. ।

कविता गीतिलयका सोह्र पङ्क्तिमा रचित छ । राजा महेन्द्रको प्रतिज्ञामा हर किसिमले साथ दिने भाव व्यक्त भएको छ ।

३६२. नीरविक्रम प्यासी, **दिलको भेद,** (६४:१०५/२०२० श्रावण १२), पृ. ५, श.प. ।

कविता गीतिलयका बाह्र पङ्क्तिमा रचित छ । कवितामा व्यक्तिपिच्छे फरकफरक हुने दिलको भेद बुझ्न नसकिने भाव व्यक्त भएको छ ।

३६३. नीरविक्रम प्यासी, **आत्माको जुहार,** (६४:१५४/२०२० भाद्र २९), पृ. ५, श.प. ।

गीतिलयका दस पङ्क्तिमा हृदय नै मान्छेको उत्कृष्ट धन हो भन्ने भाव व्यक्त भएको छ ।

३६४. नीरविक्रम प्यासी, **तटस्थ,** (६४:१५६/२०२१ आश्विन २५), पृ. ५, श.प. ।

कविता गीतिलयका चार पङ्क्तिमा रचित छ । कवितामा मान्छेले तटस्थ नबसे सिर्जना ध्वंस हुने भाव व्यक्त भएको छ ।

३६५. नीरविक्रम प्यासी, **सिपाही,** (६४:१८६/२०२१ कार्तिक २९), पृ. ५, श.प. ।

गीतिलयका अठ्ठाइस पङ्क्तिमा रचित कवितामा सिपाहीको कर्तव्यप्रति सजग गराइएको छ ।

३६६. नीरविक्रम प्यासी, **युग नायक श्री ५ महेन्द्र मान्छेको विजय प्रतीक,** (६७:२१६/२०२१ पौष १), पृ. ९, संविधान तथा भूमिसुधार दिवस विशेषाङ्क ।

कविता मात्रा छन्दका चार पङ्क्तिमा रचित छ । राजा महेन्द्रलाई नचिन्नेले यो युगलाई नचिन्ने भाव व्यक्त भएको छ ।

३६७. नीरविक्रम प्यासी, **नेपालीसँग,** (६७:२४१/२०२१ पौष २६), पृ. ३, श.प. ।

गीतिलयका चार पङ्क्तिमा रचिएको कवितामा आफ्नो कर्तव्यप्रति सजग हुन सम्पूर्ण नेपालीलाई आग्रह गरिएको छ ।

३६८. नीरविक्रम प्यासी, **सिर्जनाको हरियाली,** (६५:१०६/२०२२ भाद्र ३), पृ. २, श्री ५ रत्न शुभजन्मोत्सवाङ्क ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा श्री ५ रत्नको यशोगान गरिएको छ ।

३६९. नीरविक्रम प्यासी, **राजारानी,** (६५:२४९/२०२२ माघ २), पृ. ७, श.प. ।

कवितामा गीतिलयका चौध पङ्क्तिमा राजारानी नेपालको गौरव भएको भाव व्यक्त भएको छ ।

३७०. नीरविक्रम प्यासी, **युग छ हाम्रै पक्षमा,** (६५:२६३/२०२२ माघ १६), पृ. ७, श.प. ।

कविता गीतिलयका चौध पङ्क्तिमा रचित छ । कवितामा नेपाली माटोले हामी निर्मित भएका छौँ भनिएको छ ।

३७१. नीरविक्रम प्यासी, **कसैले नेपालको नक्सा देखाउँछ,** (६५:२८६/२०२२ फागुन ७), पृ. ६, राष्ट्रिय प्रजातन्त्र दिवस विशेषाङ्क ।

गीतिलयका चार पङ्क्तिमा रचित कवितामा राष्ट्रप्रेमको भाव व्यक्त भएको छ ।

३७२. नीरविक्रम प्यासी, **जीत अनौठो मेरो,** (६६:०९/२०२३ जेठ १), पृ. ६, श.प. ।

मुक्तलयका बीस हरफमा रचित कविता हो । कवितामा दु:खको टेवा हालेर सुखको दुनियाँ टिकिरहेको भन्दै अनौठो जीत भएको भाव व्यक्त भएको छ ।

३७३. नीरविक्रम प्यासी, **पाखे,** (६६:७९/२०२३ श्रावण ८), पृ. ५, श.प. ।

कविता शार्दूलविक्रीडित छन्दका बत्तीस पङ्क्तिमा रचित छ । कविले दुनियाँले पाखे भने पनि यही पाखेपनमा आफ्नो गौरव झल्काउने प्रण गरेका छन् ।

३७४. नीरविक्रम प्यासी, **नेपालकी रानी,** (६६:१०६/२०२३ भाद्र ३), पृ. ३ ।

कविता गीतिलयका अठार पङ्क्तिमा रचित छ । कवितामा श्री ५ रत्नको महिमा गाउँदै नेपालकी रानीले हिमाल उजिल्याउने भाव व्यक्त भएको छ ।

३७५. नीरविक्रम प्यासी, **पुषको पहिलो दिन,** (६६:२०९/२०२३ पौष १), पृ. ५, संविधान दिवस परिशिष्टाङ्क ।

गीतिलयका अठार पङ्क्तिमा रचित कवितामा पौष १ को शाही कदमको महिमा गाइएको छ ।

३७६. नीरविक्रम प्यासी, **म ऊ भैसकेँ,** (६६:२७७/२०२३ माघ २९), पृ. ७, श.प. ।

कविता गीतिलयका दश पङ्क्तिमा रचित छ । प्रेमको मोहमा फसेर आफ्नो अपनत्व गुमाएको भन्दै आफू आफू नभएर ऊ भैसकेको भाव व्यक्त भएको छ ।

३७७. नीरविक्रम प्यासी, **पहिलो र आखिरी,** (६६:३२६/२०२३ चैत १९), पृ. ७, श.प. ।

कवितामा मुक्तलयका दश हरफमा पहिलो तथा अन्तिम माया लगाइएको भाव व्यक्त भएको छ ।

३७८. नीरविक्रम प्यासी, **कविताको आत्मकथा,** (६७:७/२०२४ वैशाख ३०), पृ.८, श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचिएको कवितामा कवितालाई सौन्दर्यको आत्मा हो भनिएको छ ।

३७९. नीरविक्रम प्यासी, **अमर फूलबारी,** (६५:३४१/२०२३ वैशाख ४), पृ. ५, श.प. ।

कविता गीतिलयका चौध पङ्क्तिमा रचित छ । कवितामा विशाल नेपाललाई नेपाली जनताको अमर फूलबारी मानिएको छ ।

३८०. नीरविक्रम प्यासी, **मन,** (६७:१२६/२०२४ भाद्र २४), पृ. ५, श.प. ।

कवितामा मानिसको मनलाई वनभन्दा एकान्तस्थलका रूपमा चित्रण गरिएको छ ।

३८१. नीरविक्रम प्यासी, **हामीले के पायौं,** (६८:२३१/२०२५ पौष १४), पृ. ३ श्री ५ युवराजधिराज वीरेन्द्र शुभजन्मोत्सवाङ्क ।

गीतिलयका एक्काइस पङ्क्तिमा रचित कवितामा श्री ५ वीरेन्द्रलाई योग्य पिताका योग्य पुत्र भनिएको छ ।

३८२. नीरविक्रम प्यासी, **म तेरै मन,** (६९:९६/२०२६ श्रावण २५), पृ. ५, श.प. ।

कविता गीतिलयका चौध पङ्क्तिमा रचित छ । कवितामा सबै कुराको केन्द्र मन हो भन्ने भाव व्यक्त भएको छ ।

३८३. नीरविक्रम प्यासी, **मेरो माटोको चपरी,** (६९:१३८/२०२६ असोज ४), पृ. ७, श.प. ।

मुक्तलयका अठार हरफमा रचिएको कवितामा देशको महिमागान गरिएको छ ।

३८४. नीरविक्रम प्यासी, **विजय के भन्छे,** (६९:१६५/२०२६ कार्तिक २), पृ. ३, विजया दशमी विशेषाङ्क ।

गीतिलयका बाह्र पङ्क्तिमा रचिएको कविता हो । कवितामा विजयादशमीले सम्पूर्ण नेपालीमा उत्साह बढाएको भाव व्यक्त भएको छ ।

३८५. नृपेन्द्रपुरुष 'यादी', **दुई टुक्रा,** (६५:३४८/२०२३ वैशाख ११), पृ. ६, श.प. ।

कविता मुक्तलयका आठ हरफमा रचित छ । करोडौं फूलको फूलबारीमा सद्भावना र स्नेह फैलिरहोस् भन्ने भाव व्यक्त भएको छ ।

३८६. नृपेन्द्रपुरुष 'यादी', **म चाहान्छु,** (६७:३४८/२०२५ वैशाख १५), पृ. ५, श.प. ।

कविता मात्रा छन्दका बाह्र पङ्क्तिमा रचिएको छ । कविले सबैको प्रिय बन्न कोशिस गरे तापनि परिस्थितिले रोकिदिने भाव व्यक्त गरेका छन् ।

३८७. नृपेन्द्रपुरुष 'यादी', **मेरो भूल** (६८:२२४/२०२५ पौष ७), पृ. ८, श.प. ।

कविता मुक्तलयका बाह्र हरफमा रचित छ । कविले फूल अर्थात जीवनसाथी समयमै चुन्न नसकेकामा खेद व्यक्त गरेका छन् ।

३८८. न्हुच्छेनारायण मानन्धर, **नेपालको हाँसो,** (६५:३६/२०२२ जेठ २९), पृ. ४४ ।

मुक्तलयका चार हरफमा रचिएको कवितामा महेन्द्र राजालाई पाएर देशको मुहार हाँसेको छ भन्ने भाव व्यक्त भएको छ ।

३८९. पद्मराज सरोज **नेपाल,** (६३:१३२/२०१९ असोज ६), पृ. ११, श.प. ।

कविता मुक्तलयका बाह्र हरफमा रचित छ । कवितामा विभिन्न उपमाको प्रयोग गर्दै नेपाललाई चिनाइएको छ ।

३९०. परशु प्रधान, **एक प्रगीत,** (६४:७०/२०२० असार ८), पृ. ५, श.प. ।

मुक्तलयका सोह्र पङ्क्तिमा रचित कविता हो । कविता श्रृङ्गारिक भावले युक्त छ ।

३९१. पराग जुरिच, **म शोभा तिमी शुषमा,** (६६:२९१/२०२३ फागुन २३), पृ. ८, श.प. ।

कविता मुक्तलयका बाह्र हरफमा रचित छ । कविले गुराँसको सादृश्यमा आफ्नी मायालुलाई चित्रण गरेका छन् ।

३९२. पम्फा के.सी., **जीवन,** (६९:१३१/२०२६ भाद्र २८), पृ. ८, श.प. ।

कविता मुक्तलयका अठार हरफमा रचित छ । कवितामा अर्थहीन जीवन जिउनु ठीक छैन भन्ने भाव व्यक्त भएको छ ।

३९३. पशुपतिप्रसाद उपाध्याय, **सत्य,** (६४:१७४/२०२१ कार्तिक १५), पृ. ७, श.प. ।

वसन्ततिलका छन्दका बहत्तर पङ्क्तिमा रचित कविता हो । कवितामा जसले सत्य छोड्छ उसले होस गर्नु पर्ने भाव व्यक्त भएको छ ।

३९४. पशुपतिप्रसाद उपाध्याय, **हाम्रा राजा,** (६४:२९६/२०२१ फागुन २३), पृ. ६, श.प. ।

अनुष्टुप छन्दका चौबीस पङ्क्तिमा रचित कवितामा राजालाई विष्णुको अवतार मान्दै जनताको दुःख दर्द बुझेर राजकाज गर्ने व्यक्ति मानिएको छ ।

३९५. पशुपतिप्रसाद उपाध्याय, **मंगल-कामना,** (६८:२३१/२०२५ पौष १४), पृ. ३, श्री ५ युवराजधिराज वीरेन्द्र शुभजन्मोत्सवाङ्क ।

अपरान्तिका छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा श्री ५ युवराजलाई शाहवंशका कुलदीपक मानिएको छ ।

३९६. पारिजात, **एक रोग जसको,** (६४:११/२०२१ जेठ ३), पृ. ८, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा जीवनका विसङ्गतिको चित्रण गरिएको छ ।

३९७. पारिजात, **दुई कविता,** (६४:३१/२०२१ जेठ २४), पृ. ८, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचिएको कवितामा विसङ्गत जीवन भोगाइको अभिव्यक्ति दिइएको छ ।

३९८. पिताम्बर अधिकारी, **नेपाली तन्नेरी,** (६५:३३५/२०२२ चैत २५), पृ. ७, श.प. ।

कवितामा नेपालीको शौर्य तथा बहादुरीको वर्णन गरिएको छ । कविता मुक्तलयका तेह्र हरफमा रचित छ ।

३९९. पुण्यप्रभादेवी ढुङ्गाना, **सधैँ मुस्कुराउँ,** (६५:३३९/२०२३ वैशाख १), पृ. ४, श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा नयाँ वर्षमा कर्मयोगी बन्न सकूँ भन्ने भाव व्यक्त गरिएको छ ।

४००. पुण्यप्रसाद सुवेदी, **स्मृतिपत्र,** (६४:१२६/२०२० भाद्र १), पृ. ६, श.प. ।

कवितामा मानसपटको स्मृतिपत्र कति गर्दा पनि नमेटिने भाव व्यक्त भएको छ । कविता मुक्तलयका आठ हरफमा रचिएको छ ।

४०१. पुष्करप्रसाद लामिछाने, **हिमाली माली,** (६४:५९/२०२० जेठ २८), पृ. २४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

उपलब्ध स्रोतमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

४०२. पुष्प श्रेष्ठ, **भुइँमा झरेको पात,** (६७:६३/२०२४ असार २४), पृ. ७, श.प. ।

मुक्तलयका दस हरफमा रचिएको कवितामा रोइरहेको जिन्दगीले पनि हाँसिदिनु पर्दोरहेछ । भन्ने भाव व्यक्त भएको छ ।

४०३. पुष्पराज रेग्मी, **जाग नेपालीका सन्तान,** (६३:१६९/२०१९ असोज १३), पृ. ९, श.प. ।

मात्रा छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा नेपाल र नेपालीको मान राख्न आह्वान गरिएको छ ।

४०४. पुरु रिसाल, **शुभेच्छाञ्जली,** (६५:१/२०२१ वैशाख १), पृ. ६ ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा नयाँ वर्षको शुभकामना व्यक्त गरिएको छ ।

४०५. पुरु रिसाल, **निर्माण,** (६४:११४/२०२१ भाद्र १४), पृ. १०, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा देश विकासका लागि जुट्न आग्रह गरिएको छ ।

४०६. पुरु रिसाल, **देउता बनी हेर्ने हो,** (६५:५९/२०२२ असार १९), पृ. ८, श.प. ।

मुक्तलयका आठ हरफमा रचिएको कवितामा देवता बनी हेर्नेहरूलाई मान्छे भएर बाँचिहेर्न आग्रह गरिएको छ ।

४०७. पुरु रिसाल, **एक मुस्कान,** (६५:३१५/२०२२ चैत ६), पृ. ८, श.प. ।

कवितामा आफ्नी प्रेयसीसँग गरिएको अनुनयको वर्णन छ । कविता मुक्तलयका दस हरफमा रचित छ ।

४०८. पुरु रिसाल, **प्रगति** (६७:२८२/२०२४ फागुन ७), पृ. १४, प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा प्रजातन्त्रको महिमा वर्णन गरिएको छ ।

४०९. पुरूषोत्तम बस्नेत, **प्रण,** (६३:११३/२०१९ मङ्सिर २), पृ. १२, श.प. ।

गीतिलयका आठ पङ्क्तिमा रचित कवितामा नेपाली माटोमा विकासको बीउ रोप्ने प्रतिज्ञा गरिएको छ ।

४१०. पूर्णप्रकाश ब्राह्मण, **हाम्रो चाह,** (६१ : ५८/२०१८ जेठ २९), पृ. २०, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कविता शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचिएको छ । श्री ५ महेन्द्रको जन्मोत्सवलाई ठूला चाडका रूपमा मनाउनु पर्ने भाव व्यक्त भएको छ ।

४११. पूर्णप्रकाश ब्राह्मण, **नववर्षको सन्देश,** (६२ : १/२०१९ वैशाख १), पृ. ३, नववर्ष अङ्क ।

उपलब्ध स्रोतमा पन्ना अस्पष्ट र च्यातिएको भएकाले विवरण दिन असमर्थ ।

४१२. पूर्णप्रकाश ब्राह्मण, **गौरवमय अनुभूति** (६९ :२३१/२०१९ पौष १४), पृ. १, श्री ५ युवराज वीरेन्द्र शुभजन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा श्री ५ युवराज वीरेन्द्रमा शुभकामना चढाइएको छ ।

४१३. पूर्णप्रकाश ब्राह्मण, **स्वागतम** (६६ :१५२/२०२३ असोज १८), पृ. ५, इन्दिरा गान्धी स्वागताङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा इन्दिरा गान्धीको स्वागत गरिएको छ ।

४१४. पूर्णप्रकाश ब्राह्मण, **एक स्मृति** (६७:२८२/२०२४ फागुन ७), पृ. ५, प्रजातन्त्र दिवस विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा फागुन ७ को संस्मरण गरिएको छ ।

४१५. पूर्णप्रकाश ब्राह्मण, **स्वागतम्,** (६७ : ३३५/२०२५ वैशाख १), पृ. १, नववर्षाङ्क ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा नयाँ वर्षलाई स्वागत गरिएको छ ।

४१६. पूर्णप्रकाश ब्राह्मण, **दर्शन,** (६८:१२/२०२५ जेठ ४), पृ. १, श्री ५ महेन्द्र स्वागत विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा दुर्दिनका अध्याँरो तोडेर राजा महेन्द्रको सवारी भएको भनिएको छ ।[१०५]

४१७. पूर्णप्रकाश ब्राह्मण, **मुटुको व्यथा,** (६८ :४८/२०२५ असार ९), पृ. ५, श.प. ।

शार्दूलविक्रीडित छन्दका अठ्ठाईस पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको महत्ताको वर्णन गरिएको छ ।

४१८. पूर्णप्रकाश ब्राह्मण, **स्वागतम,** (................/२०२५ पौष १), पृ. १, संविधान दिवस विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा संविधान दिवसको महिमा गाइएको छ ।

४१९. पूर्णप्रकाश ब्राह्मण, **पौष एक गतेको सन्देश,** (६८ :२२४/२०२५ पौष ७), पृ. ५ ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा जस्तोसुकै बिघ्नबाधाहरू आए पनि आफ्नो लक्ष्यमा अडिग रहेको भाव व्यक्त भएको छ ।

४२०. पूर्णप्रकास ब्राह्मण, **आजको स्मृति,** (६६ :२८५/२०२३ फागुन ७), पृ. १, प्रजातन्त्र दिवस ।

कविता शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित छ । प्रजातन्त्रको सोह्रौं वार्षिक उत्सवमा आजैका दिन शहीदहरूको सपना साकार भएको थियो भन्ने भाव व्यक्त भएको छ ।

---

[१०५] चैत्र २ गते महाकाली अञ्चलको कञ्चनपुरमा मुटुको व्यथाले पीडित भई टीकापुर कैलालीको ब्यारेकमा उपचारपश्चात काठमाडौं फिरेको सन्दर्भ ।

४२१. पूर्णप्रकाश ब्राह्मण, **स्वागतम,** (६८ :३३७/२०२६ वैशाख १), पृ. १, नववर्षाङ्क ।

स्रग्धरा छन्दका आठ पङ्क्तिमा रचित कवितामा नयाँ वर्षलाई स्वागत गरिएको छ ।

४२२. पूर्णप्रसाद शर्मा, **हाम्रो परिचय,** (६५:३४८/२०२३ वैशाख ११), पृ. ५, श.प. ।

स्रग्धरा छन्दका चौबीस पङ्क्तिमा रचिएको कवितामा नेपालीको विशेषता वर्णन गरिएको छ ।

४२३. पूर्णप्रकाश ब्राह्मण, **आजको स्मृति,** (६९ :२८२/२०२६ फागुन ७), पृ. १, राष्ट्रिय प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा स्रग्धरा छन्दका आठ पङ्क्तिमा फागुन सात गतेलाई विशेष दिनका रूपमा सम्झना गरिएको छ ।

४२४. पूर्णप्रसाद शर्मा, **नारीप्रति** (६४ ११२/२०२० श्रावण १९), पृ. १०, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कविता हो । कविले नारीको महिमाको वर्णन गरेका छन् ।

४२५. पोषण पाण्डे, **यो पर्खालमा,** (६४ :४/२०२१ वैशाख २७), पृ. ७, श.प. ।

कविता मुक्तलयका पचहत्तर हरफमा रचित छ । कवितामा आत्मविश्वास र गौरवलाई पर्खालझैं अभेद्य मानिएको छ ।

४२६. पोषण पाण्डे, **माटोको एक कथा छ,** (६४ : ८०/२०२१ श्रावण १०), पृ. ८, श.प. ।

कविता मुक्तलयका पचास हरफमा रचित छ । कवितामा बाँचे पनि मरे पनि सँगै रहने वस्तुका रूपमा माटोलाई लिइएको छ ।

४२७. पोषण पाण्डे, **एक्लो त कोही पनि हुँदैन,** (६७ : १४०/२०२४ असोज ७), पृ. ७, श.प. ।

मुक्तलयका पच्चीस हरफमा रचित कवितामा संसारका कुनै पनि वस्तु एक अर्कामा आश्रित हुने भाव व्यक्त भएको छ ।

४२८. पोषण पाण्डे, **गुराँसले रङ्ग फेर्दैन** (६७ : ७७/२०२४ साउन ७), पृ. ६, श.प. ।

मुक्तलयका त्रिचालीस हरफमा रचित कवितामा सगरमाथा कहिल्यै नझुक्ने भाव व्यक्त भएको छ ।

४२९. प्रदिप रिमाल, **सपूत वीर देशले माग्दछ,** (६४ :१८/२०२१ जेठ १०), पृ. ८, श.प. ।

गीतिलयका दस पङ्क्तिमा रचित कवितामा राष्ट्रवादी भावना व्यक्त भएको छ ।

४३०. प्रदिप रिमाल, **अर्को कहाँ छ र,** (६४ : १४९/२०२१ असोज १८), पृ. ५, श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा नेपालजस्तो देश अर्को नभएको भाव व्यक्त भएको छ ।

४३१. प्रभा बस्नेत, **महोत्सव मनाऔं,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ४४, श्री ५ महेन्द्र ४४ औं जन्मोत्सवाङ्क ।

पञ्चचामर छन्दका चार पङ्क्तिमा रचित कवितामा श्री ५ महेन्द्रको जन्मोत्सव सबैले मनाउन आग्रह गरिएको छ ।

४३२. प्रभात क्षेत्री, **अरु के पो हुनु छ र,** (६८ : ३१५/२०२५ चैत्र ९), पृ. ८, श.प. ।

गीतिलयका दस पङ्क्तिमा रचित कवितामा राष्ट्रवादी भाव अभिव्यक्त भएको छ ।

४३३. प्रेम शेर्पा 'विरोकी', **यस्तै यस्तै सम्झिदिए मेरा सत्यहरूलाई,** (६९ : ५/२०२६ वैशाख २८), पृ. ५, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा आफ्नी प्रेयसीसँगको गुनासो अभिव्यक्त गरिएको छ ।

४३४. प्रेम शेर्पा 'विरोकी', **हृदयको आँखामा तिमी आउँदा,** (६९ : २७१/२०२६ माघ २५), पृ.५, श.प. ।

मुक्तलयका सात हरफमा रचित कवितामा प्रणयमूलक भाव व्यक्त भएको छ ।

४३५. प्रेमविनोद नन्दन, **नेपाल हो प्राण,** (६३ : २०६/२०१९ कार्तिक २५), पृ. १२, श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचिएको कवितामा नेपाली हुनुको गौरवको वर्णन गरिएको छ ।

४३६. प्रेमविनोद नन्दन, **प्रेरणाको स्रोत,** (६३ : २४८/२०१९ पौष ७), पृ. ६, श.प. ।

मुक्तलयका अठार हरफमा रचिएको कवितामा प्रकृतिलाई देश विकासका लागि प्रेरणाको स्रोतका रूपमा लिइएको छ ।

४३७. प्रेमविनोद नन्दन, **आज नयाँ आलोक छरौँ,** (६३ : २७६/२०१९ माघ ९), पृ. ५, श.प. ।

कविता मुक्तलयका चौध हरफमा रचिएको छ । कवितामा थोपाथोपा मिलेर सागर बन्छ भन्दै सबै मिलेर केही गरौँ भनिएको छ ।

४३८. प्रेमविनोद नन्दन, **नारी,** (६४ : २००/२०२० कार्तिक १६), पृ. ७, श.प. ।

कविता गीतिलयका चौध हरफमा रचित छ । कविले कवितामा नारीको महिमा वर्णन गरेका छन्

४३९. प्रेमविनोद नन्दन, **जुनबाटो हामी ताकेर जान्छौ,** (६४ : २८९/२०२० माघ १८), पृ. ८, श.प. ।

मुक्तलयका चौध हरफमा रचित कविता हो । कवितामा हामीले चिताए जे पनि सफल हुन्छ भन्ने भाव व्यक्त भएको छ ।

४४०. प्रेमविनोद नन्दन, **पहाडिया जीवन,** (६४ : ३१७/२०२० फागुन १७), पृ. ५, श.प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा गाउँले जीवनलाई स्वर्गको सुन्दर नमुना भनिएको छ ।

४४१. प्रेमविनोद नन्दन, **हामी तन्नेरी,** (६४ : ३५/२०२० जेठ ४), पृ. ६, श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचिएको कवितामा तन्नेरीलाई युगका ताराका रूपमा चित्रण गरिएको छ ।

४४२. प्रेमविनोद नन्दन, **महेन्द्रज्योति,** (६४ : ८४/२०२० असार २२), पृ. ९, श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा श्री ५ महेन्द्रको राजनीतिक कुशलताप्रति आभार व्यक्त गरिएको छ ।

४४३. प्रेमविनोद नन्दन, **म हुँ एउटा फूल,** (६४ : १३३/२०२० भाद्र ८), पृ. ८, श.प. ।

मुक्तलयका चौध पङ्क्तिमा रचित कवितामा आफू मेचीकाली फूलबारीको एउटा फूल भएको भाव व्यक्त गरिएको छ ।

४४४. फणिन्द्रप्रसाद आचार्य, **दशा हेर ! दशा हेर !,** (६९ : ३१३/२०२६ फागुन ८, पृ. ८, श.प. ।

अनुष्टुप छन्दका आठ पङ्क्तिमा रचित कवितामा मदिरापानको खराबीप्रति व्यङ्ग्य गरिएको छ ।

४४५. फणीन्द्रबहादुर निर्मल, **आएँ मत,** (६४ : ४२/२०२० जेठ ११), पृ. ६, श.प. ।

कवितामा मुक्तलयका बाइस हरफमा स्वदेशप्रेमको वर्णन गरिएको छ ।

४४६. फ्रेडरिक गार्सियो लोर्का, **चन्द्रमाले चियाउँछ,** (६५ : २९४/२०२२ फागुन १५), पृ. ७, श.प. ।

मुक्तलयका दस हरफमा रचित यस कवितामा चन्द्रमाको क्रियाकलपाको वर्णन गर्दै त्यसको प्रभावको वर्णन गरिएको छ ।

४४७. बद्रीनाथ आचार्य, 'गोकर्ण', **नेपालीहरूसँग,** (९१ : १९४/२०१९ कार्तिक ११), पृ. १३, श.प. ।

मन्दाक्रान्ता छन्दका अठ्ठाइस पङ्क्तिमा रचित कवितामा देशको प्रतिष्ठा बचाइराख्न आग्रह गरिएको छ ।

४४८. बद्रीनाथ आचार्य, 'गोकर्ण', **राष्ट्रिय शुभेच्छा,** (६१ : ५८/२०१८ मङ्सिर २९), पृ. ४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका छत्तीस पङ्क्तिमा रचित कवितामा श्री ५ लाई देश रक्षाका लागि नयाँनयाँ युक्तिबुद्धिले ठाउँ लेओस् भन्ने भाव व्यक्त भएको छ ।

४४९. बद्रीनाथ आचार्य, **मानव माग,** (६३ : २३६/२०१९ मङ्सिर २६), पृ. ४, मानवअधिकार दिवस विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा विश्वसमता र विश्व ऐक्यवद्धताको भाव व्यक्त भएको छ ।

४५०. बद्रीनाथ आचार्य, 'गोकर्ण', **उनुप्रति,** (६१ : २५५/२०१८ पौष २४), पृ. ४, उनू स्वागताङ्क ।

शार्दूलविक्रीडित छन्दका छत्तीस पङ्क्तिमा रचित कवितामा बर्माका प्रधानीमन्त्री श्री उनूको स्वागत गरिएको छ ।

४५१. बद्रीनाथ आचार्य, 'गोकर्ण', **मूलबाटो,** (६३ : २५५/२०१९ पौष १४), पृ. ७, श.प. ।

कविता मन्दाक्रान्ता छन्दका छपन्न पङ्क्तिमा रचित छ । कवितामा राष्ट्रनिर्माणको मूलप्रवाहमा समाहित हुन सम्पूर्ण नेपालीलाई आग्रह गरिएको छ ।

४५२. बद्रीनाथ आचार्य, 'गोकर्ण', **पृथ्वीजयन्ती,** (६३ : २६९/२०१९ पौष २९), पृ. ८, श.प. ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कविता हो । कविले राष्ट्र निर्माणमा पृथ्वीनारायण शाहको योगदानको चर्चा गरेका छन्

४५३. बद्रीनाथ आचार्य, **एक स्मृति,** (६७ : २८२/२०२४ फागुन ७), पृ. १७, प्रजातन्त्र दिवस ।

शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचिएको कवितामा प्रजातन्त्र प्राप्तिपछिको नेपालको समुन्नतिको चर्चा गरिएको छ ।

४५४. बलराम अर्याल, **फागुन सात गते,** (६४ : ३०७/२०२० फागुन ७), पृ. ८, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा क्रान्तिको सुखद प्राप्तिस्वरूप मुक्तिको नव पुष्प फुलेको भाव व्यक्त भएको छ ।

४५५. बशिष्ट काका, **आधुनिक देवी सप्तक,** (६७ : ७०/२०२४ असार ३१), पृ. ८, श.प.।

अनुष्टुप छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा आधुनिक युवतीहरूका क्रियाकलापहरूमाथि व्यङ्ग्य गरिएको छ ।

४५६. बालकृष्ण सम, **हाम्रा राष्ट्रनायक श्री ५ महेन्द्रको जन्मोत्सवमा,** (६१:५८/२०१८ असार २९), पृ. ५, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मुक्तलयको प्रस्तुत कवितामा राजा महेन्द्रको शतायुको कामना गरिएको छ ।

४५७. बालकृष्ण सम, **नयाँ नेपाल,** (६३ :३०७/२०१९ फागुन ७), पृ. ५, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मुक्तलयका सन्ताउन्न हरफमा रचित कविता हो । कवि नयाँ नेपालको रचनाका लागि हामीमा तन, मन स्वच्छ हुन आवश्यक हुने भाव व्यक्त गर्दछन् ।

४५८. बालकृष्ण सम, **युगपरिवर्तन,** (६४ : ५९/२०२० जेठ २८), पृ. २७, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मुक्तलयका एकसय अठ्ठाइस हरफमा रचित कवितामा आफ्ना राजा साँच्चिकै प्यारा भएको चर्चा गरिएको छ ।

४५९. बालकृष्ण सम, **यो देश बन्छ बन्छ,** (६४ : ३७/२०२१ जेठ २९), पृ. २, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क

मुक्तलयका पचास हरफमा रचित कविता हो । कविले योग्य शासकका कृपाले देश अवश्य बन्नेछ भने भाव व्यक्त गरेका छन् ।

४६०. बालकृष्ण सम, **प्रहरी बनौं,** (६५ : ६६/२०२२ असार २६), पृ. ९, श.प. ।

मुक्तलयका तेइस हरफमा रचित कवितामा देशको उन्नतिको लागि आह्वान गरिएको छ ।

४६१. बालकृष्ण सम, **पसिना, आँसु र रगत,** (६६ : २८५/२०२३ फागुन ७), पृ. ५, प्रजातन्त्र दिवस विशेषाङ्क ।

४६२. बालकृष्ण सम, **राष्ट्रियता,** (६७ : ३०१/२०२४ फागनु २६), पृ. ५, श.प. ।

मुक्तलयका छपन्न हरफमा रचित कवितामा 'राष्ट्रियता' पालन गर्नुपर्ने धर्म भएको चर्चा गरिएको छ ।

४६३. बालकृष्ण सम, **मुटुको व्यथा** (६८ : ६२/२०२५ असार २३), पृ. ५, श.प. ।

कविता मुक्तलयका अठ्ठाइस हरफमा रचित छ । कविले महेन्द्रमा देखिएको मुटुको व्यथा उनको मात्र नभएर सम्पूर्ण नेपालीको व्यथा भएको भाव व्यक्त गरेका छन् ।

४६४. बी.पी. कसजु, **आजको दिन,** (६७ : २८२/२०२४ फागुन ७), पृ. १०, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मुक्तलयका सत्र हरफमा रचित कवितामा फागुन सातको संस्मरण गरिएको छ ।

४६५. बेन्जु शर्मा, **महिला,** (६३ : २०६/२०१९ कार्तिक २५), पृ. १९, श.प. ।

कविता मुक्तलयका आठ हरफमा रचित छ । कवितामा महिलालाई परिवर्तनको संवाहक मानिएको छ ।

४६६. बेनामी, **शुभकामना,** (६४ : ३०७/२०२० फागुन ७), पृ. १, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मन्दाक्रान्ता छन्दका आठ पङ्क्तिमा रचित कविता हो । कवितामा आजैका दिन प्रजातन्त्ररूपी मोती पाएको भाव व्यक्त भएको छ ।

४६७. बेनामी, **ताण्डव,** (६६ : ९३/२०२३ श्रावण २२), पृ. ८, श.प. ।

उपजाति छन्दका चार पङ्क्तिमा रचित कवितामा प्रोफेसरहरूका अशिष्ट क्रियाकलापमाथि व्यङ्ग्य गरिएको छ ।

४६८. बैजनाथ शर्मा, **अभिनन्दन,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ३०, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

स्रग्धरा छन्दका बाह्र पङ्क्तिमा रचिएको कवितामा राजालाई राष्ट्रिय एकताका प्रतीकका रूपमा चर्चा गरिएको छ ।

४६९. भक्तेन्द्रध्वज सिलवाल, **मेरो देश,** (६३ : २७६/२०१९ माघ ६), पृ. ९, श.प. ।

गीतिलयका सोह्र पङ्क्तिमा रचिएको कवितामा विश्वका अन्य देशभन्दा नेपाल बेग्लै पहिचान भएको देश हो भनिएको छ ।

४७०. भक्तेन्द्रध्वज सिलवाल, **जाग लौ,** (६३ : ११३/२०१९ मङ्सिर २), पृ. १४, श.प. ।

गीतिलयका अठार पङ्क्तिमा रचित कवितामा युवाहरूलाई देश निर्माणमा सरिक हुन आग्रह गरिएको छ ।

४७१. भद्रकृष्ण जोशी, **उनी,** (६८ : ८३/२०२५ मङ्सिर १२), पृ. ६, श.प. ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा श्रृङ्गारिक भाव अभिव्यक्त भएको छ ।

४७२. भरतराज पन्त शास्त्री, **राष्ट्रिय माहेन्द्री दिशा,** (६१ : ५८/२०१८ जेठ २९), पृ. २८, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

स्रग्धरा छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको जन्मपर्वमा अत्यन्त हर्षित भएको भाव व्यक्त भएको छ ।

४७३. भरतराज पन्त, **व्यापक पूजा,** (६४ : ८४/२०२० असार २२), पृ. १३, श.प. ।

गीतिलयका चौबीस पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको स्तुति गरिएको छ ।

४७४. भरतराज पन्त, **राष्ट्रिय पर्व,** (६४ : २१४/२०२० कार्तिक ३०), पृ. ७, श.प. ।

शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचिएको कवितामा सम्पूर्ण नेपालीहरूमा दीपावलीको शुभकामना व्यक्त गरिएको छ ।

४७५. भरतराज पन्त, **हिमाली आकाङ्क्षा,** (६४ : २६१/२०२० पौष २०), पृ. ७, श.प. ।

गीतिलयका चौबीस पङ्क्तिमा रचिएको कवितामा प्रकृतिको आकाङ्क्षा अनुरूप नै नेपालमा पञ्चको शासन आएको भाव व्यक्त भएको छ ।

४७६. भरतराज पन्त, **दिवसको लक्ष्य,** (६४ : ३०७/२०२० फागुन ७), पृ. १०, प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा राजा र प्रजाको त्यागबाट नै प्रजातन्त्र आएको भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचित छ ।

४७७. भरतराज पन्त, **आयो नयाँ वर्ष,** (६७ : ३३५/२०२५ वैशाख १), पृ. ९, नयाँ वर्ष विशेषाङ्क ।

मुक्तलयका अठ्चालीस हरफमा रचित कवितामा नयाँ वर्षको नयाँ जोशका साथ अघि बढ्न आग्रह गरिएको छ ।

४७८. भवानी भिक्षु, **संसार केवल विकल्पहीन,** (६६ : १७१/२०२३ कार्तिक २०), पृ. ६, श.प. ।

कविता मुक्तलयका पैंतीस हरफमा रचित छ । कवितामा मानवजीवनका जटिलताका पक्षमा चर्चा गरिएको छ ।

४७९. भवानी भिक्षु, **जगतको महिमा गाउँमा,** (६७ : २३२/२०२४ पौष १५), पृ. ५, श.प. ।

मुक्तलयका चालीस हरफमा रचित कवितामा गाउँको महिमागान गरिएको छ ।

४८०. भवानी भिक्षु, **जीवनास्था,** (६८ : ३४/२०२५ जेठ २६), पृ. ५, श.प. ।

मुक्तलयका एक्काइस हरफमा रचित कवितामा जीवनप्रतिका धारणा व्यक्त भएको छ ।

४८१. भाउपन्थी, **दृश्यान्तर,** (६६ : १४९/२०२३ आश्विन १५), पृ. ६, श.प. ।

मुक्तलयका बैसठ्ठी हरफमा रचित कवितामा अनेकौ जिजीविषाका माझमा बाँच्न विवश मान्छेको चित्रण गरिएको छ ।

४८२. भाउपन्थी, **मेरो पिढी समुद्र,** (६८ : २९४/२०२५ फागुन १८), पृ. ७, श.प. ।

मुक्तलयका अठार हरफमा रचित कविता हो । कवितामा आफूभित्र एउटा विशाल समुद्र भएको भाव व्यक्त भएको छ ।

४८३. भाउपन्थी, **बारुदखानाको सभामा एउटा भाषण,** (६९ : १०३/२०२६ श्रावण ३२), पृ. ६, श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा आधुनिक अस्त्रले निम्त्याएको भयावहताको चित्रण गरिएको छ ।

४८४. भाउपन्थी, **अन्तिम पूर्णता,** (६९ : १९२/२०२६ मार्ग ४), पृ. ८, श.प. ।

कविता मुक्तलयका बत्तीस हरफमा रचित छ । कवितामा समयले आफूलाई दिनदिनै बूढो बनाएको भाव व्यक्त भएको छ ।

४८५. भाष्कर शर्मा, **अनन्त,** (६७ : ७/२०२४ वैशाख ३०), पृ. ५, श.प. ।

मुक्तलयका छब्बीस हरफमा रचित कवितामा विश्वका पदार्थहरू अनमोल भएको भाव व्यक्त भएको छ ।

४८६. भीम उदास, **मेरो देश मेरो हिमाल,** (६९ : २३६/२०२६ पौष १९), पृ. ८, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा देश क्रमशः उन्नतितिर लम्कँदै गएको भाव व्यक्त भएको छ ।

४८७. भीमदेव भट्ट, **विदेश जान लागेका नेपालीलाई** (६४ : ७/२०२० वैशाख ७), पृ. ५, श.प. ।

मुक्तलयका बाइस हरफमा रचित कवितामा नेपालीहरूलाई नविदेशीन आग्रह गरिएको छ ।

४८८. भीमनिधि तिवारी, **गोरखा पुग्नासाथ,** (६२ : ७१/२०१९ असार ९), पृ. ४, श.प. ।

मुक्तलयका अठतीस हरफमा रचित कवितामा कवि गोरखा जिल्ला प्रथम पटक पुग्दाको अनुभव वर्णन गरिएको छ ।

४८९. भीमनिधि तिवारी, **मेघ** (६३ : १०६/२०१९ श्रावण १३), पृ. ३, श.प. ।

मुक्तलयका बाइस हरफमा रचित कविता हो । कवितामा मेघलाई सिर्जनाको स्रोत मानिएको छ ।

४९०. भीमनिधि तिवारी, **शनिवारको बिदा** (६३ : १२०/२०१९ श्रावण २७), पृ. ३, श.प. ।

कविता मुक्तलयका तीस हरफमा रचित छ । कविले शनिवारको विदाको महत्त्व गायन गरेका छन् ।

४९१. भीमनिधि तिवारी, **म मस्त छु,** (६३ : १३४/२०१९ भाद्र ९), पृ. ३, श.प. ।

मुक्तलयका चालीस हरफमा रचित कवितामा सांसारिक राप, ताप झै-झमेला आदिबाट आफू मुक्त भएकाले नै आफू खुसी छु भन्ने भाव व्यक्त भएको छ ।

४९२. भीमनिधि तिवारी, **राष्ट्रिय क्षति,** (६३ : १४८/२०१९ भाद्र २३), पृ. ९, श.प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा सच्चा व्यक्तिको मृत्युले राष्ट्रिय क्षति हुने भाव व्यक्त भएको छ ।

४९३. भीमनिधि तिवारी, **स्मृति,** (६३ : १६९/२०१९ असोज १३), पृ. १६, श.प. ।

मात्रा छन्दका चालीस पङ्क्तिमा रचित कविता हो । कवितामा स्मृतिले जीवनका विविध पक्षमा पार्ने प्रभावको चर्चा गरिएको छ ।

४९४. भीमनिधि तिवारी, **अजापूजा,** (६३ : १७६/२०१९ असोज २०), पृ. १०, श.प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा सेवाअनुरूप नै सम्मान पाउनु पर्छ भन्ने भाव व्यक्त भएको छ ।

४९५. भीमनिधि तिवारी, **धान,** (६३ : ११३/२०१९ मङ्सिर २), पृ. ५, श.प. ।

कविता मुक्तलयका आठ हरफमा रचित छ । कवितामा धानको महिमा वर्णन गरिएको छ ।

४९६. भीमनिधि तिवारी, **गोल,** (६३ : २३४/२०१९ मङ्सिर २३), पृ. १२, श.प. ।

गीतिलयका चौध हरफमा रचित कविता हो । कविता सत्र सालको राजनीतिक परिवर्तनको परिवृत्तमा घुमेको छ ।

४९७. भीमनिधि तिवारी, **आदर्श काग,** (६३ : ३०७/२०१९ फागुन ७), पृ. ४, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मुक्तलयका अठार हरफमा रचित कवितामा कागको आदर्श बानी व्यवहारको अनुकरण गर्न आग्रह गरिएको छ ।

४९८. भीमनिधि तिवारी, **गँजडी गुरु,** (६४ : ८४/२०२० असार २२), पृ. १५, श.प. ।

गीतिलयका तीस पङ्क्तिमा रचित कवितामा गुरुको महत्ता गायन गरिएको छ ।

४९९. भीमनिधि तिवारी, **जिन्दावाद,** (६४ : १३३/२०२० भाद्र ८), पृ. ६, श.प. ।

कविता मुक्तलयका तीस हरफमा रचित छ । कवितामा अधिकार र कर्तव्यको परिपूरकताको बारेमा चर्चा गरिएको छ ।

५००. भीमनिधि तिवारी, **मलाई अझै तिम्रो माया लाग्छ,** (६५ : १२/२०२१ वैशाख १३), पृ. ८, श.प. ।

मुक्तलयका उनन्पचास हरफमा रचित कवितामा श्रृङ्गारिक भाव व्यक्त भएको छ ।

५०१. भीमनिधि तिवारी, **भ्यागुतो** (६४ : ३१/२०२१ जेठ २४), पृ. ७, श. प. ।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा तत्कालीन सत्ताका असन्तुष्ट पक्षमाथि खिल्ली उडाइएको छ ।

५०२. भीमनिधि तिवारी, **शिशु,** (६५ : ६६/२०२२ असार २६), पृ. ९, श. प. ।

कविता मुक्तलयका बीस हरफमा रचित छ । कवितामा मान्छे प्रत्येक भिन्नै भए पनि मुटु एउटै हुने भाव व्यक्त भएको छ ।

५०३. भीमनिधि तिवारी, **अनुभूति,** (६४ : १४९/२०२१ असोज १८), पृ. ७, श. प. ।

कविता मुक्तलयका बीस हरफमा रचित छ । कवितामा मान्छेको प्राण नै अनुभूति हो भन्ने भाव व्यक्त भएको छ ।

५०४. भीमनिधि तिवारी, **मूलबाटो** (६५ : २३/२०२२ जेठ १६), पृ. ५, श. प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा मूलबाटो खन्न आग्रह गरिएको छ ।

५०५. भीमनिधि तिवारी, **खुर्सानीको विहा : गोलभेडासँग,** (६९ : १४५/२०२६ असोज ११), पृ. ७, श. प. ।

कविता मुक्तलयका अठ्ठाइस हरफमा रचित कविता हो । कवितामा हठवादी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ ।

५०६. भीमनिधि तिवारी, **विश्वास,** (६९ : १८७/२०२६ कार्तिक ३०), पृ. ८, श. प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा नेपाल कहिल्यै खण्डित नहुने भाव व्यक्त भएको छ ।

५०७. भीमविराग, **जीवनान्त प्रतीज्ञा,** (६६ : २९१/२०२३ फागुन १३), पृ. ५, श. प. ।

कविता मुक्तलयका सोह्र हरफमा रचिएको कवितामा जीवन अन्तिम घडीसम्म पर्खने भाव व्यक्त गरिएको छ ।

५०८. भीम उदास, **मेरो देश मेरो हिमाल,** (६९ : २३६/२०२६ पौष १९), पृ. ८, श. प. ।

मुक्तलयका बाह्र हरफमा देश उन्नतिको दिशामा उन्मुख भएको भाव व्यक्त भएको छ ।

५०९. भुवन कोइराला, **म दाल जाँतो,** (६८ : २७३/२०२५ माघ २६), पृ. ७, श. प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा विवशताको जाँतोमा पिसिन बाध्य भएको भाव व्यक्त भएको छ ।

५१०. भुवन कोइराला, **सिँढीहरू उक्लिएर,** (६९ : ४७/२०२६ असार ७), पृ. ७, श. प. ।

मुक्तलयका पच्चीस हरफमा रचित कवितामा मृत्युको सन्दर्भमा जीवनप्रतिको मोह देखाइएको छ ।

५११. भूपि शेरचन, **ए जून !,** (६४ : ९८/२०२० श्रावण ५), पृ. १५, श. प. ।

मुक्तलयका दस हरफमा रचित कवितामा जून र आफ्नो रुवाइमा फरक नभएको भाव व्यक्त भएको छ ।

५१२. भूपनिधि पन्त, **बर्माबाट फर्किएका नेपालीको पुकार,** (६४ : ३१५/२०२१ चैत १४), पृ. ६, श. प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा आफूहरूलाई वर्मेली नभन्न आग्रह गरिएको छ ।

५१३. भूपनिधि पन्त, **सम्झना,** (६५ : २८६/२०२२ फागुन ७), पृ. ७, प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा एक करोड जनताले मुक्ति पाएको दिनका रूपमा फागुन सात गतेलाई लिइएको छ ।

५१४. भूपनिधि पन्त, **राष्ट्रिय पहिरन** (६४ : ४२/२०२० जेठ ११), पृ. १२, श.प. ।

उपलब्ध स्रोतमा अध्ययन गर्न नसकिने अवस्था रहेकोले टिप्पणी उठाउन नसकिएको ।

५१५. भैरव अर्याल, **शुभविजया,** (६३ : १७६/२०१९ असोज २०), पृ. ७ श.प. ।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा विजयादशमीको शुभकामना व्यक्त गरिएको छ ।

५१६. भैरव अर्याल, **लखेट्याइँ,** (६३ : १८७/२०१९ कार्तिक ४), पृ. ९ श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा समय शक्तिशाली भएको भाव व्यक्त भएको छ ।

५१७. भैरव अर्याल, **जिन्दगीको माया,** (६३ : २०६/२०१९ कार्तिक २५), पृ. ९ श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा जिन्दगीको दुःखलाई जति भोगे पनि मीठो लाग्ने भाव व्यक्त भएको छ ।

५१८. भैरव अर्याल, **स्वप्नमिलन,** (६३ : २२७/२०१९ मङ्सिर १६), पृ. ८ श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा मायालुसँग स्वप्नमिलन हुने गरेको भाव व्यक्त भएको छ ।

५१९. भैरव अर्याल, **एक्लै रुनु निको,** (६३ : ३३९/२०१९ चैत्र १०), पृ. ६, श.प. ।

गीतिलयका आठ पङ्क्तिमा रचिएको कवितामा करले माया गर्नुभन्दा एक्लै रुनु निको भनिएको छ ।

५२०. भैरव अर्याल, **मूलबाटो,** (६४ : ४२/२०२० जेठ ११), पृ. ५, श.प. ।

गीतिलयका अठार हरफमा रचित कवितामा पृथ्वीमात्र नभएर अन्तरिक्षमा पनि मूलबाटो खन्ने प्रण गरिएको छ ।

५२१. भैरव अर्याल, **दो छाँयाँ** (६४ : २१४/२०२० कार्तिक ३०), पृ. ७, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा आफूमा उब्जिएको द्विविधाको स्थितिको वर्णन गरिएको छ ।

५२२. भैरव अर्याल, **साझा हक साझा अभिभारा,** (६४ : ११२/२०२१ मङ्सिर २५), पृ. ५, मानवअधिकार दिवस विशेषाङ्क ।

गीतिलयका चौध पङ्क्तिमा रचिएको कवितामा साझा हक र साझा अभिभारा निभाउने भाव व्यक्त भएको छ ।

५२३. भैरव अर्याल, **तिम्रै शब्द टिपी कविन्द्र तिमीमा पोख्दैछु श्रद्धाञ्जली,** (६५ : २९४/२०२२ फागुन १५), पृ. ५, श.प. ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचिएको कवितामा कविशिरोमणिप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

५२४. भैरवनाथ रिमाल, **श्री ५ को जन्मोत्सवप्रति,** (६० : २४/२०१७ जेठ २९), पृ. २, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा श्री ५ को जयगान गरिएको छ ।

५२५. भैरवनाथ रिमाल 'कदम', **नसुत नेपाली,** (६५ : १०१/२०२२ श्रावण ३०), पृ. ९, श.प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा नेपालीलाई जागरुक हुन आह्वान गरिएको छ ।

५२६. भैरवनाथ रिमाल 'कदम', **लाग देश निम्ति लौ,** (६५ : १७३/२०२२ कार्तिक १४), पृ. ८, श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा देश विकासका लागि कम्मर कस्न आह्वान् गरिएको छ ।

५२७. भैरवनाथ रिमाल 'कदम', **गाउँ फर्की देऊ,** (६७ : २८२/२०२४ फागुन ७), पृ. १८, 'ख' राष्ट्रिय प्रजातन्त्र दिवस विशेषाङ्क ।

गीतिलयका बीस पङ्क्तिमा रचिएको कवितामा शिक्षित युवाहरूलाई गाउँ फर्किएर केही गर्न आह्वान गरिएको छ ।

५२८. भैरवनाथ रिमाल 'कदम', **आमा,** (६८ : २०३/२०२५ जेठ १५), पृ. ६, श.प. ।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा नेपाल आमालाई स्वर्ग बनाइछाड्ने भाव व्यक्त भएको छ ।

५२९. भैरवनाथ रिमाल 'कदम', **हाम्रो नेपाल,** (६८ : २५९/२०२५ माघ १२), पृ. ७, श.प. ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ ।

५३०. भैरवनाथ रिमाल 'कदम', **शुभकामना,** (६८ : २८७/२०२५ फागुन ११), पृ. ७, श.प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा नेपालीपनाले ढाकिएका सम्पूर्ण पक्षमा शुभकामना व्यक्त गरिएको छ ।

५३१. भैरवनाथ रिमाल 'कदम', **दीर्घायू कामना,** (६९ : ३७/२०२६ जेठ २९), पृ. ३ ।

गीतिलयका आठ पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको दीघार्यूको कामना गरिएको छ ।

५३२. भैरवनाथ रिमाल 'कदम', **अधिकार र कर्तव्य,** (६९ : ५४/२०२६ असार १४), पृ. ७, श.प. ।

गीतिलयका दस पङ्क्तिमा रचित कवितामा अधिकार तथा कर्तव्यका विषयका वर्णन गरिएको छ ।

५३३. भैरवप्रसाद अर्याल, **श्री नू प्रति,** (६१ : २५५/२०१८ पौष २४), पृ. ७, श्री उनू स्वागताङ्क ।

मुक्तलयका सोह्र हरफमा रचिएको कवितामा बर्मेली प्रधानमन्त्री उनू को हार्दिक स्वागत गरिएको छ ।

५३४. भैरवबहादुर थापा, **नववर्षको आह्वान्,** (६६ : ३३९/२०२४ वैशाख १), पृ. १०, नव वर्षाङ्क ।

मुक्तलयका चौबीस हरफमा रचित कवितामा नववर्षको मङ्गलमय शुभकामना व्यक्त गरिएको छ ।

५३५. योगेन्द्रनाथ भट्टराई, **हाम्रो देश,** (६५ : ३४१/२०२३ वैशाख ४), पृ. ६, श.प. ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा नेपाललाई लाखौं कर्मठ वीरहरूको आदर्श पुण्यस्थल भएको भाव व्यक्त भएको छ ।

५३६. मणिराम शास्त्री, **घट्यो । घट्यो ॥ घट्यो ॥।,** (६६ : ११४/२०२३ भाद्र ११), पृ. ८, श.प. ।

कवितामा तत्कालीन स्थितिमा भारु र नेरुको सटही दरमा भएको परिवर्तनप्रति व्यङ्ग्य गरिएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचित छ ।

५३७. मणिसिंह थापा, **हिमालय,** (६३ : २६२/२०१९ पौष २१), पृ. ६, श. प. ।

मुक्तलयका बहत्तर हरफमा रचित कवितामा हिमालको महिमा वर्णन गरिएको छ ।

५३८. मदनदेव भट्टराई, **प्रतीज्ञा,** (६४ : २१/२०२० वैशाख २१), पृ. १५, श. प. ।

मुक्तलयका एघार हरफमा रचिएको कवितामा राष्ट्रवादी भाव व्यक्त भएको छ ।

५३९. मदनमोहन शुक्ल, **सेती,** (६७ : २९४/२०२४ फागुन १९), पृ. ५, श. प. ।

मात्रा छन्दका सोह्र पङ्क्तिमा रचिएको कवितामा सेती नदीको वर्णन गरिएको छ ।

५४०. मधुसुदन शास्त्री, **प्रियदर्शनी इन्दिराको बिदाई,** (६६ : १५६/२०२३ असोज २२), पृ. ५, श. प. ।

मुक्तलयका आठ हरफमा रचित कवितामा नेपाललाई नबिर्सन इन्दिरा गान्धीसँग आग्रह गरिएको छ ।

५४१. म.बी.वी.शाह, **देशको शान राखौं** (६६ : १३८/२०२६ असोज ४), पृ. ५, श. प. ।

मुक्तलयका आठ हरफमा रचिएको कवितामा देशको अवस्था बुझेर काम गर्न आग्रह गरिएको छ ।

५४२. महानन्द सापकोटा, **नेपाली बनौं,** (६१ : ५८/२०१८ जेठ २९), पृ. १२, श्री ५ महेन्द्र ४४ औं जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका दुई पङ्क्तिमा रचित कवितामा नेपाली भएरै ज्यूँने मर्ने ईच्छा व्यक्त गरिएको छ ।

५४३. महानन्द सापकोटा, **स्वाबास् भ्यालिन्तिना,** (६४ : ७७/२०२० असार १५), पृ. ११, श. प. ।

गीतिलयका अठचालीस पङ्क्तिमा रचिएको कवितामा अन्तरिक्षको परक्रमा गर्ने प्रथम महिला भ्यालेन्तिनालाई स्वाबासी दिइएको छ ।

५४४. महेन्द्र खनाल, **मेरो वैंसको लहर,** (६९ : १२/२०२६ जेठ ४), पृ. ५, श. प. ।

गीतिलयका चौबीस पङ्क्तिमा रचिएको कवितामा श्रृङ्गारिक भाव व्यक्त भएको छ ।

५४५. महेन्द्रनाथ खनाल, **शान्तिप्रिय नेपाल,** (६५ : २०१/२०२२ मार्ग १२), पृ. ९, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचिएको कवितामा नेपाली जाति शान्तिका पुजारी भएको भाव व्यक्त भएको छ ।

५४६. महेन्द्रनाथ खनाल, **सङ्कल्प,** (६५ : २०८/२०२२ मार्ग १९), पृ. ७, श. प. ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचिएको कवितामा दुःखीहरूको सेवा गर्न पाऊँ भन्ने भाव व्यक्त भएको छ ।

५४७. मार्कण्डेय, **रेष्टुराँ सप्तकम्,** (६७ : ११२/२०२४ भाद्र १०), पृ. ८, श. प. ।

अनुष्टुप छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा रेष्टुराँप्रतिको बढ्दो आकर्षणमाथि व्यङ्ग्य गरिएको छ ।

५४८. माधवप्रसाद देवकोटा, **राजमुकुट,** (६४ : ३३१/२०२० चैत १०), पृ. ८, श. प. ।

कवितामा राजसंस्थालाई विघ्नहर्ताका रूपमा चर्चा गरिएको छ । कविता पञ्झटिका छन्दका बहत्तर पङ्क्तिमा रचिएको छ ।

५४९. माधवप्रसाद घिमिरे, **ठूलो भैकन,** (६० : १२१/२०१७ फागुन ७), पृ. ५, प्रजातन्त्र दिवस विशेषाङ्क ।

कविता शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचिएको छ । कवितामा देशका लागि सकारात्मक सोचाइ राख्नुपर्ने भाव व्यक्त भएको छ ।

५५०. माधवप्रसाद घिमिरे, **म त आएँ,** (६४ : ३२४/२०१७ फागुन २४), पृ. ५, प्रजातन्त्र दिवस विशेषाङ्क ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा परदेशिएको मायालुले सपनामा आएर बोलाएको कुरा उल्लेख गरिएको छ ।

५५१. माधवप्रसाद घिमिरे, **नेपालका आत्मा,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ११, महेन्द्र जन्मोत्सवाङ्क ।

कवितामा गीतिलयका जम्मा दुई पङ्क्तिमा सिर्जनाको स्वर्ग दिन अनुरोध गरिएको छ ।

५५२. माधवप्रसाद घिमिरे, **होइन मत उल्का,** (६४ : १७५/२०२० असोज १९), पृ. ७, श.प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा ग्रामीण सभ्यताप्रतिको मोह देखाइएको छ ।

५५३. माधवप्रसाद घिमिरे, **मुटु मुटु उचालेर मुरली,** (६८ : १२/२०२५ जेठ ४), पृ. ३, महेन्द्र स्वागताङ्क ।

कवितामा श्री ५ महेन्द्रको उपचार सफल भएकोमा हर्ष प्रकट गरिएको छ । कविता शिखरिणी छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

५५४. माधवप्रसाद भट्टराई, **आज,** (६२ : १/२०१९ वैशाख १), पृ. ४, नववर्षाङ्क ।

शार्दूलविक्रीडित छन्दका चौबीस पङ्क्तिमा रचिएको कविता हो । कवितामा नयाँ वर्षले सँधै सत्बुद्धि र सत्प्रेरणा दिइरहोस् भन्ने भाव व्यक्त भएको छ ।

५५५. माधवप्रसाद भट्टराई, **यस्तै छ नेपाल,** (६२ : ७१/२०१९ असार ९), पृ. ४, श. प. ।

उपेन्द्रबज्रा छन्दका चौबीस पङ्क्तिमा रचित कवितामा नेपाललाई भूस्वर्गका रूपमा चित्रण गरिएको छ ।

५५६. माधवलाल कर्मचार्य, **आष्ट्रेको धुवाँ,** (६६ : ८६/२०२३ श्रावण १५), पृ. ७, श. प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा चुरोटको धुवाँसँगै जीवन उडाइएकोमा खेद व्यक्त गरिएको छ ।

५५७. माधवलाल कर्मचार्य, **सम्झना सुप्रभात वसन्तको,** (६७ : ७७/२०२४ साउन ८), पृ. ७, श. प. ।

मुक्तलयका त्रिचालीस हरफमा ठूली एकादशीले सुप्रभात वसन्तको सम्झना गराउने भाव व्यक्त भएको छ ।

५५८. माधवलाल कर्मचार्य, **नयाँ सडकको गीत,** (६७ : ११२/२०२४ भाद्र १०), पृ. ५, श. प. ।

कवितामा मुक्तलयका चवालीस हरफमा नयाँ सडकको वर्णन गरिएको छ ।

५५९. मीरा-पुरी, **मुनामदन,** (६५ : १९४/२०२२ मार्ग ५), पृ. ९, श. प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कविता हो । कवितामा ईश्वरसँग मदनकी मुनालाई फर्काइदिन आग्रह गरिएको छ ।

५६०. मीरा श्रेष्ठ, **छुटकारा,** (६८ : ३४९/२०२६ वैशाख १४), पृ. ६, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचिएको कवितामा विविधतामय विशेषता भएको देशमा जन्मन पाएकोमा हर्ष प्रकट गरिएको छ ।

५६१. मीरा श्रेष्ठ, **आह्वान,** (६९ : १८२/२०२६ कार्तिक २३), पृ. ६, श. प. ।

मुक्तलयका सोह्र हरफमा रचिएको कवितामा विश्व भ्रातृत्वको सन्देश प्रवाहित गरिएको छ ।

५६२. मीरा श्रेष्ठ, **दुई फूल,** (६८ : ३४९/२०२६ वैशाख १४), पृ. ६, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचिएको कवितामा कमलको फूलभन्दा प्रीतिको फूल ठूलो भएको भाव व्यक्त भएको छ ।

५६३. मुकुटमणि प्रधान, **बिर्सेको छैनौं,** (६६ : १३५/२०२३ असोज १), पृ. ७, श. प. ।

कवितामा विदेशिनु परे पनि नेपाल नभुलेको भाव व्यक्त भएको छ । कविता गीतिलयका सोह्र पङ्क्तिमा रचित छ ।

५६४. मुकुन्दप्रसाद घिमिरे, **स्वागत,** (६० : १२९/२०१७ फागुन १५), पृ. १२, एलिजाबेथ स्वागताङ्क ।

गीतिलयका पच्चीस पङ्क्तिमा रचिएको कवितामा बेलायतकी महारानी एलिजाबेथ द्वितीयको दर्शन पाउँदा हर्ष प्रकट गरिएको छ ।

५६५. मुकुन्दप्रसाद घिमिरे, **यो दिन के भन्छ,** (६७ : १२१/२०१७ फागुन ७), पृ. ७, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा प्रजातन्त्र स्थापनामा भए गरेका प्रयासको वर्णन गरिएको छ ।

५६६. मुकुन्दप्रसाद लामिछाने, **श्री ५ त्रिभुवन जिन्दावाद,** (६६ : ६५/२०२३ असार २५), पृ. ७, श. प. ।

कवितामा राजा त्रिभुवनको अमरताको कामना गरिएको छ । कविता मुक्तलयका बत्तीस हरफमा रचिएको छ ।

५६७. मुकुन्दप्रसाद घिमिरे, **हैन त आमा,** (६३ : ३०७/२०१९ फागुन ७), पृ. १३, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मुक्तलयका चवालीस हरफमा रचित कवितामा २००७ सालको जनक्रान्तिको वर्णन छ ।

५६८. मुकुन्दशरण, **दुई कविता,** (६९ : ८२/२०२६ श्रावण ११), पृ. ८, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा देशोन्नतिको भाव व्यक्त भएको छ ।

५६९. मुकुन्दशमशेर थापा, **अधिकार र कर्तव्य,** (६९ : ९६/२०२२ श्रावण २५), पृ. ६, श. प. ।

अनुष्टुप छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा अधिकार र कर्तव्य परिपूरक भएको भाव व्यक्त भएको छ ।

५७०. मेदेनी शर्मा, **वसन्त,** (६४ : ७/२०२० वैशाख ७), पृ. ९, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा वसन्ती हावाले काउकुती चलाएको भाव व्यक्त भएको छ ।

५७१. मेरी गिफ्तामोर, **राष्ट्रियता,** (६३ : २६९/२०१९ पौष २८), पृ. १२, श. प. ।

मुक्तलयका आठ हरफमा रचित कवितामा विश्वमा अझै व्यक्तिवादी प्रवृत्ति बाँकी नै रहेको भाव व्यक्त भएको छ। कविता ईश्वरमान रञ्जितकारद्वारा अनुवाद गरिएको छ।

५७२. मोदनाथ प्रश्रित, **मेरी छोरी मूल परी रे,** (६९ : २०८/२०२६ मार्ग २१), पृ. ५, श. प. ।

कवितामा सामाजिक कुसंस्कारको विरोध गरिएको छ । कविता मुक्तलयका बत्तीस हरफमा रचित छ ।

५७३. मोहन कोइराला, **गाइने,** (६५ : १११/२०२५ भाद्र ९), पृ. ५, श. प. ।

मुक्तलयका सत्र हरफमा रचित कवितामा गाइनेको वास्तविकता उतारिएको छ ।

५७४. मोहन कोइराला, **यसभित्र वास्तविकता हुन्छ,** (६८ : १९६/२०२५ मार्ग ७), पृ. ७, श. प. ।

मुक्तलयका एघार हरफमा आबद्ध कवितामा फूलमा निहित सुगन्धका कारण फूललाई मन पराइएको भाव व्यक्त भएको छ ।

५७५. मोहन कोइराला, **प्रतिभा,** (६८ : १९४/२०२५ फागुन १८), पृ. ६, श. प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा मूर्ति स्थापना गर्ने चलनप्रति असन्तोष व्यक्त गरिएको छ ।

५७६. मोहन कोइराला, **एक परिभाषा,** (६८ : ६९/२०२५ असार ३०), पृ. ५, श. प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा मदिरालाई विषयवस्तु बनाइएको छ ।

५७७. मोहन कोइराला, **मानिस ओत लाग्छ,** (६८ : ६९/२०२५ असार ३०), पृ. ५, श. प. ।

मुक्तलयका नौ हरफमा रचित कवितामा पाटीपौवालाई मानिस बस्न ओत लाग्न मात्र योग्य भएको भाव व्यक्त भएको छ ।

५७८. मोहन हिमांशु थापा, **सुनगाभा ब्युँझिएको मेरो देश,** (६७ : ३१५/२०२४ चैत १०), पृ. ५, श. प. ।

मुक्तलयका तेत्तीस हरफमा रचिएको कवितामा नेपालका प्राकृतिक सम्पदाको वर्णन गरिएको छ ।

५७९. मोहन हिमांशु थापा, **हिमाल यहाँ पानीपानी भए जस्तो,** (६४ : २०७/२०२१ मङ्सिर २०), पृ. ८, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचिएको कवितामा प्रेम वियोगको वेदना वर्णन गरिएको छ ।

५८०. यदुनाथ सरल, **स्मरणीय तिथि,** (६० : १२१/२०१७ फागुन ७), पृ. ६, प्रजातन्त्र दिवस विशेषाङ्क ।

इन्द्रबज्रा छन्दका छत्तीस पङ्क्तिमा रचित कवितामा राजा र प्रजाको एकतापूर्ण क्रान्तिको परिणामस्वरूप प्रजातन्त्र आएको भाव व्यक्त भएको छ ।

५८१. यदुनाथ उपाध्याय, **आज मैले धरतीलाई हाँसिरहेको देखेँ,** (६४ : ५९/२०२० जेठ २८), पृ. ६, महेन्द्र जन्मोत्सवाङ्क ।

कविता मुक्तलयका त्रिचालीस हरफमा रचित छ । कवितामा श्री ५ को जन्मदिनमा धरती पनि हाँसिरहेको देखेँ भन्ने भाव व्यक्त भएको छ ।

५८२. यादव खरेल, **आऊ एक क्षण सोचौँ,** (६६ : ५१/२०२३ असार ११), पृ. ७, श. प.

मुक्तलयका छैसठ्ठी हरफमा रचित कवितामा साँघुरो विश्व परिवेशबाट बाहिर निस्कन आग्रह गरिएको छ ।

५८३. यादव खरेल, **आजका मानिस,** (६८ : ३३२/२०२५ चैत १६), पृ. ७, श. प.

कवितामा आणविक अस्त्रको प्रभावबाट विश्वलाई अलग राख्न आह्वान गरिएको छ । कविता मुक्तलयका आठ हरफमा रचिएको छ ।

५८४. यु. श्रेष्ठ, **अधिकार र कर्तव्य,** (६९ : ६८/२०२६ असार २८), पृ. ७, श. प. ।

कवितामा कर्तव्य गरेर मात्र अधिकार खोज्न आग्रह गरिएको छ । कविता मुक्तलयका पन्ध्र हरफमा रचिएको छ ।

५८५. योगेन्द्रनाथ भट्टराई, **हाम्रो देश,** (६५ : ३४१/२०२३ वैशाख ४), पृ. ६, श.प. ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा नेपाललाई लाखौँ कर्मठ वीरहरूको आदर्श पुण्यस्थल भएको भाव व्यक्त गरिएको छ ।

५८६. रणवीर मास्के, **बज्यो है मादल,** (६४ : ३५२/२०२० चैत २२), पृ. ७, श. प.

कवितामा आफ्नो संस्कृति लोप हुँदै गएकोमा चिन्ता व्यक्त गरिएको छ । कविता मुक्तलयका पैँतीस हरफमा रचिएको छ ।

५८७. रत्न थापा, **तीन टुक्रा,** (६६ : ९३/२०२३ श्रावण २२), पृ. ५, श. प.

मुक्तलयका चार हरफमा रचिएको कवितामा राष्ट्रिय प्रकृतिको महत्त्वगान गरिएको छ ।

५८८. रत्न थापा, **एक टुक्रा,** (६८ : १८६/२०२५ मार्ग १), पृ. ५, श. प.

मात्रा छन्दका चार पङ्क्तिमा रचिएको कवितामा समसामयिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

५८९. रत्नदेव शर्मा, **तिम्रो चुकचुकाइ,** (६७ : २११/२०२४ मार्ग २३), पृ. ५, श. प.

कवितामा संहार र ध्वंसको परिस्थितिमा चुकचुकाइको कुनै महत्त्व नहुने भाव व्यक्त भएको छ । कविता मुक्तलयका बाइस हरफमा रचिएको छ ।

५९०. रत्नदेव शर्मा, **म सूर्य स्रष्टा,** (६८ : १११/२०२५ भाद्र ९), पृ. ७, श. प.

मुक्तलयका चौँतीस हरफमा रचित कवितामा सूर्यको महत्त्व वर्णन गरिएको छ ।

५९१. रत्नदेव शर्मा, **मुटुको व्यथा,** (६८ : ३०१/२०२५ फागुन २५), पृ. ५, श. प.

कवितामा आफ्नो मर्म पोख्न नपाएकोमा दुःखेसो व्यक्त गरिएको छ । कविता मुक्तलयका बाइस हरफमा रचिएको छ ।

५९२. रत्नदेव शर्मा, **कङ्गो काली काली कङ्गो,** (६९ : १९/२०२६ जेठ २९), पृ. ७, श. प.

कवितामा कङ्गोली जनतासँगको आत्मीयता वर्णन गरिएकोछ । कविता मुक्तलयका बाइस हरफमा रचिएको छ ।

५९३. रत्नशमशेर थापा, **म को हुँ,** (६४ : ९८/२०२० श्रावण ५), पृ. १५, श. प.

मुक्तलयका चार हरफमा रचित कवितामा आफूलाई प्रकृतिको अभिशापका रूपमा चित्रण गरिएको छ ।

५९४. रमन नेपाल, **लुरे प्रेमलाई नमस्कार छ,** (६७ : २११/२०२४ मार्ग २३), पृ. ८, श. प.

मुक्तलयका सोह्र हरफमा रचिएको कवितामा बोक्रे प्रेमको बारेमा वर्णन गरिएको छ ।

५९५. रमानाथ पराजुली, **एक्लो तारो,** (६६ : १६/२०२३ जेठ ८), पृ. ७, श. प.

गीतिलयका चालीस पङ्क्तिमा रचित कवितामा विश्वका मानवलाई भाइचारामा बाँच्न आग्रह गरिएको छ ।

५९६. रमेश धिताल, **पहिलो झुल्का घामलाई समाऊ,** (६७ : ३३५/२०२५ वैशाख २१), पृ. ८, नववर्ष विशेषाङ्क ।

कवितामा कति पनि ढिलो नगरी कर्तव्यपथमा लम्कन आग्रह गरिएको छ । कविता गीतिलयका बीस पङ्क्तिमा रचिएको छ ।

५९७. रमेश धिताल, **सुस्तसुस्त सुशेल,** (६९ : १२४/२०२६ भाद्र २१), पृ. ५, श. प. ।

मुक्तलयका एघार हरफमा रचिएको कवितामा राष्ट्रनिर्माणको भाव व्यक्त भएको छ ।

५९८. रमेशप्रसाद भट्टराई, **बिजयदायिनी विजय द्यौ,** (६३ : १७६/२०१९ असोज २०), पृ. १४, श. प. ।

मुक्तलयका चौबीस हरफमा रचिएको कवितामा हरेक सन्तानमा नयाँ विभूति जगाइदिन नवदुर्गासँग आग्रह गरिएको छ ।

५९९. रवीन्द्र शाह, **जीवन सपना र विपना,** (६७ : २८०/२०२४ फागुन ५), पृ. ५, श. प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा जीवनलाई सपना र विपनाको योग भनिएको छ ।

६००. रवीन्द्र शाह, **बिर्सेको छैन,** (६६ : ११४/२०२३ भाद्र ११), पृ. ५, श. प. ।

गीतिलयका सोह्र पङ्क्तिमा रचित कवितामा जहाँजहाँ रहे पनि नेपाली एउटै भएको भाव व्यक्त भएको छ ।

६०१. रवीन्द्रनाथ ठाकुर, **दान,** (६६ : २३३/२०२३ पौष १६), पृ. ७, श. प. ।

मुक्तलयका साठी हरफमा रचित कवितामा आफ्नो उपहार साधारण दान हुन सक्ने भाव व्यक्त भएको छ । कविता कुलमणि देवकोटाद्वारा अनुदित छ ।

६०२. रवीन्द्रनाथ ठाकुर, **मधुरो स्वप्न,** (६३ : ३०४/२०१९ फागुन ४), पृ. १२, श. प. ।

कविले प्रियतमको प्रतीक्षामा रहेका बेलाको मीठो अनुभूतिलाई व्यक्त गरेका छन् । अठ्ठाइस हरफमा रचित कविता दिल्लीबहादुर श्रेष्ठद्वारा अनुदित छ ।

६०३. रवीन्द्रनाथ ठाकुर, **यात्री के तिमी जानैपर्छ,** (६८ : २२४/२०२५ पौष ७), पृ. ६, श. प. ।

कवितामा युगको यात्रीको प्रस्थानमा बाधा नपुऱ्याउन आग्रह गरिएको छ । मुक्तलयका त्रिपन्न हरफमा रचित कवितालाई लालचन्द्र प्रधानले अनुवाद गरेका छन् ।

६०४. रामकुमार राई, **आमा तिमी सधै हाँसिरहू,** (६४ : २००/२०२० कार्तिक १६), पृ. ५, श. प. ।

मुक्तलयका पैंतालीस हरफ भएको कवितामा नेपाल आमालाई सँधै हाँसिरहन आग्रह गरिएको छ ।

६०५. रामकृष्ण द्विवेदी, **युवकप्रति आह्वान,** (५१ : ६८/२०१८ जेठ २९), पृ. ३३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयका दस पङ्क्तिमा रचित कवितामा नौजवानहरूलाई देश निर्माणमा निस्कन आह्वान् गरिएको छ ।

६०६. रामगोपाल, **देऊ लौ चीर जीवन,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ३९, श्री ५ महेन्द्र ४४ औं जन्मोत्सवाङ्क ।

कवितामा राजा महेन्द्रको सदीच्छा पूरा होस् भन्ने कामना गरिएको छ । कविता अनुष्टुप छन्दका चार पङ्क्तिमा रचिएको छ ।

६०७. रामजी लक्ष्मणजी बैद्य, **श्री ५ को जन्मोत्सवको उपलक्ष्यमा शुभकामना,** (६१ : ५८/२०१८ जेठ २९), श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा सबैको कल्याण होस् भन्ने भाव व्यक्त गरिएको छ ।

६०८. रामदत्त कोइराला, **कवि शिरोमणिमा पत्र,** (६५ : ३१५/२०२२ चैत ६, पृ. ७, श. प. ।

वंशस्थ छन्दका बीस पङ्क्तिमा रचित कवितामा कवि लेखनाथ पौड्यालले मृत्युपश्चात पुण्य कमाएको भाव व्यक्त भएको छ ।

६०९. रामबाबु सुवेदी, **देवकोटालाई सम्झेर,** (६७ : १७५/२०२४ कार्तिक १५, पृ. ३ ।

कनकमञ्जरी छन्दका चौबीस पङ्क्तिमा रचित कवितामा देवकोटाको अभावले खड्काएको रिक्तताको वर्णन गरिएको छ ।

६१०. रामबाबु सुवेदी, **गाउँफर्क,** (६७ : २२५/२०२४ पौष ८), पृ. ५, श.प ।

कवितामा आफ्नो ज्ञान र सीपलाई गाउँमा लगेर उपयोग गर्न आह्वान गरिएको छ । कविता शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचिएको छ ।

६११. रामबाबु सुवेदी, **फर्केर आऊ घर,** (६८ : ९०/२०२५ श्रावण १९), पृ. ७, श.प. ।

शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचिएको कवितामा परदेशिएका नेपालीलाई घर फर्कन आग्रह गरिएको छ ।

६१२. रामबाबु सुवेदी, **कोपिलाप्रति,** (६८ : २०३/२०२५ मङ्सिर १५), पृ. ७, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा प्रणयमूलक भाव अभिव्यक्त भएको छ ।

६१३. रामबाबु सुवेदी, **किसान,** (६८ : २९४/२०२५ फागुन १८), पृ. ५, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा किसानको महिमा गाइएको छ ।

६१४. रामनाथ उपाध्याय, **हर्षोद्‌गार,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ३२, श्री ५ महेन्द्र ४४ औं जन्मोत्सवाङ्क ।

गीतिलयका बीस पङ्क्तिमा रचित कवितामा श्री ५ महेन्द्रलाई पराक्रमी व्यक्तिका रूपमा चित्रण गरिएको छ ।

६१५. रामनाथ घिमिरे, **श्री उनूको स्वागत,** (६१ : २२५/२०१८ पौष २४), पृ. ३, उनू स्वागताङ्क ।

गीतिलयका चार पङ्क्तिमा रचित कवितामा बर्माका प्रधानमन्त्री उनूको स्वागत गरिएको छ ।

६१६. रामनाथ घिमिरे, **श्री ५ महाराजधिराजको जयोद्‌गार,** (६४ : ५९/२०२० जेठ २९), पृ. १७, श्री ५ महेन्द्र ४४ औं जन्मोत्सवाङ्क ।

अनुष्टुप छन्दका एघार पङ्क्तिमा रचिएको कवितामा राजा महेन्द्रको चिरायूको कामना गरिएको छ ।

६१७. रामनाथ घिमिरे, **शुभकामना ,** (६५ : १/२०२१ वैशाख १), पृ. ४ ।

कवितामा रामजस्ता हाम्रा राजालाई ईश्वरले सदा चिरायू राखून भन्ने भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचिएको छ ।

६१८. रामराज पौड्याल, **नेपाली हुँ म,** (६३ : २४८/०१९ पौष ७), पृ. ९ श.प. ।

कवितामा नेपालीहरू धेरै समयसम्म अलमलिएर भर्खर मूलबाटो समाउन लागेको भावर्थ व्यक्त गरिएको छ । कविता मुक्तलयका चौँतीस हरफमा रचिएको छ ।

६१९. रामलाल अधिकारी, **वरको वोटमा फुलेको सुनाखरी,** (६८ : २१०/०२१ ०२५ मार्ग १०), पृ. ७ श.प. ।

कवितामा सुनाखरीको अवस्था हेरेर सबल प्राणीले पनि केही गर्नु पर्छ भनिएको छ । कविता मुक्तलयका अठार हरफमा रचिएको छ ।

६२०. रामलाल अधिकारी, **शाकुन्तल पढिसकेर**, (६९ : २६४/०२६ मार्ग १८), पृ. ७ श.प. ।

मुक्तलयका सोह्रहरफमा रचित कवितामा शाकुन्तल महाकाव्यको प्रभाव वर्णन गरिएको छ ।

६२१. रामेश्वर पौडेल, **भुत लाग्छ**, (६९ : ९६/०२६ श्रावण २५), पृ. ५ श.प. ।

मुक्तलयका उनन्तीस हरफमा रचिएको कवितामा 'भूत' हुन्छ भन्ने कुराको खण्डन गरिएको छ ।

६२२. रामेश्वर पौडेल, **थचिन्छ**, (६९ : १३८/०२६ श्रावण २५), पृ. ५ श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा मानिस ठूलो हुने बानीले थचिन पुग्छ भन्ने भाव व्यक्त भएको छ ।

६२३. रामेश्वरदास मिश्र,'**श्री केनेडिको स्मृतिमा'** (६४ : २२६/०२० मार्ग १४), पृ. ५ श.प. ।

मुक्तलयका पैंतालीस हरफ भएको कवितामा तत्कालीन अमेरिकी राष्ट्रपति जोन फिल्टराज केनेडीको हत्याप्रति शब्दश्रद्धा व्यक्त गरिएको छ ।

६२४. रुद्र, **इन्टरलाकन दह,** (६७ : ३४१ ⁄ २०२५ वैशाख ८), पृ. श. प. ।

मुक्तलयका नौ हरफमा रचित कवितामा स्विट्जरल्याण्डस्थित प्रसिद्ध इन्टरलाकन दहका बारेमा वर्णन गरिएको छ ।

६२५. रुद्र, **स्वीटजरल्याण्ड,** (६७ : ३४१ ⁄ २०२५ वैशाख ८), पृ. ५, श. प. ।

मुक्तलयका पन्ध्र हरफमा रचित कवितामा स्विटजरल्याण्डको भव्यता र सुन्दरता वर्णन गरिएको छ ।

६२६. रुद्रनाथ शर्मा, **पुस्तकको पाता,** (६४ : २३३ ⁄ २०२० मार्ग २१), पृ. ८, श. प. ।

मुक्तलयका उनन्चालीस हरफमा रचिएको कवितामा पुस्तकको पाताभित्रै सृष्टिको व्याख्या लेखिएको हुन्छ भन्ने भाव व्यक्त भएको छ ।

६२७. रूपाखेती, **म मेरो आफ्नै,** (६६ : ३५३ ⁄ २०२४ वैशाख १६), पृ. ६, श. प. ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा स्वावलम्बी हुनुपर्ने कुरामा जोड दिइएको छ ।

६२८. रेपा, **तिम्रै आह्वान,** (६९ : १९४ ⁄ २०२६ मार्ग ७), पृ. ६, श. प. ।

मुक्तलयका पन्ध्र हरफमा रचित कवितामा प्रकृतिका विभिन्न क्रियाकलापहरूसँग आफ्नी प्रेयसीका क्रियाकलापहरूको तुलना गरिएको छ ।

६२९. रेवतीरमण खनाल, **चहकिलो अध्याय,** (६४ : २८३ ⁄ २०२१ फागुन ९), पृ. ७, श. प. ।

मन्दाक्रान्ता छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा नेपालीको वीरत्वको वर्णन गरिएको छ ।

६३०. रोहिणी कश्यप, **भ्रान्ति,** (६३ : ३५३ ⁄ २०१९ चैत २४), पृ. ९, श. प. ।

कवितामा सन्ध्याको आगमनलाई भ्रान्तिवस कोही आएको झैँ लाग्ने विचार व्यक्त भएको छ । कविता मुक्तलयका सत्र हरफमा रचिएको छ ।

६३१. रोहिणीबल्लभ शर्मा, **छाओस सदा माधुरी,** (६३ : १०६ ⁄ २०१९ श्रावण १३), पृ. ६, श. प. ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा सदा राष्ट्रले अग्रगति लिनुपरोस् भन्ने भाव व्यक्त भएको छ ।

६३२. रोहिणीबल्लभ शर्मा, **वसन्तविलास,** (६३ : ३२५ ⁄ २०१९ फागुन २५), पृ. ९, श. प. ।

पञ्चचामर छन्दका बीस पङ्क्तिमा रचित कवितामा वसन्तको महिमा वर्णन गरिएको छ ।

६३३. रोहिणीबल्लभ शर्मा पोखरेल, **शरद र श्री,** (६५ : १६८ ⁄ २०२२ कार्तिक ७), पृ. ६, श. प. ।

अनुष्टुप छन्दका चौध पङ्क्तिमा रचित कवितामा शरद् ऋतुमा शान्तिको भावना जागेको भाव व्यक्त भएको छ ।

६३४. रोहिणीबल्लभ शर्मा पोखरेल, **भूमिसुधार** (६५ : २०८ ⁄ २०२२ मार्ग १९), पृ. ६, श. प. ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा भूमिसुधारको महत्त्वमाथि प्रकाश पारिएको छ ।

६३५. रोहिणीबल्लभ शर्मा, **नयाँफूल,** (६५ : १२५ ⁄ २०२३ वैशाख १८), पृ. ८, श. प. ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा राष्ट्रोत्थानको सुमन बन्ने चाहना व्यक्त गरिएको छ ।

६३६. रोहिणीबल्लभ शर्मा, **शरद,** (६६ : १७१ ⁄ २०२३ कार्तिक २०), पृ. ५, श. प. ।

शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचित कवितामा शरद् ऋतुको महिमा वर्णन गरिएको छ ।

६३७. रोहिणीबल्लभ शर्मा, **वर्षा,** (६८ : ३५५ ⁄ २०२५ भाद्र २३), पृ. ७, श. प. ।

गीतिलयका पन्ध्र पङ्क्तिमा रचित कवितामा राष्ट्रोत्थानको सुमन बन्ने चाहना व्यक्त गरिएको छ ।

६३८. रोहिणीबल्लभ शर्मा पोखरेल, **वसन्त,** (६८ : ३२५/२०२५ चैत ९), पृ. ५, श. प. ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा वसन्त ऋतुको महिमा वर्णन गरिएको छ ।

६३९. लतासिंह, **मुख बाएका दिनहरू,** (६८ : ६९/२०२५ असार ३०), पृ. ८, श. प. ।

कवितामा आफ्ना विगतले भविष्य बिगार्न सक्नेतर्फ सङ्केत गरिएको छ । कविता मुक्तलयका अठार हरफमा रचिएको छ ।

६४०. ललितचन्द, **नैतिकता,** (६५ : १८०/२०२२ कार्तिक २१), पृ. ५, श. प. ।

मुक्तलयका अठतीस हरफमा रचित कवितामा नेपालीलाई नैतिकवान बन्न आग्रह गरिएको छ ।

६४१. लक्ष्मण उपाध्याय, **भानुभक्तप्रति,** (६७ : ७७/२०२४ असार ३१), पृ. ५, श. प. ।

मात्रा छन्दका सोह्र पङ्क्तिमा रचिएको कवितामा भानुभक्तको अमरत्वको चर्चा गरिएको छ ।

६४२. लक्ष्मण पौडेल, **मेरो जीवन,** (६८ : १३२/२०२५ भाद्र ३०), पृ. ७, श. प. ।

मुक्तलयका एकाउन्न हरफ भएको कवितामा आफूलाई समाजको नाङ्गो तस्वीरका रूपमा चित्रण गरिएको छ ।

६४३. लक्ष्मण लोहनी, **आज मैले देशको लागि,** (६८ : २८०/२०२५ फागुन ४), पृ. ५, श. प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा देशका लागि केही गर्न बाँकी नै रहेको भाव व्यक्त भएको छ ।

६४४. लक्ष्मण लोहनी, **उद्बोधन,** (६९ : ७५/२०२६ श्रावण ४), पृ. ५, श. प. ।

मुक्तलयका तेह्र हरफमा रचिएको कवितामा राष्ट्र र राष्ट्रिय सम्पत्तिको रक्षार्थ सम्पूर्ण नेपालीलाई आह्वान गरिएको छ ।

६४५. लक्ष्मीकान्त उपाध्याय, ऐंजल, **त्यौहारको शुभकामना,** (६३ : १९४/२०१९ कार्तिक ११), पृ. ९, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा तिहारको रमाइलो वर्णन गरिएको छ ।

६४६. लक्ष्मीकान्त उपाध्याय, **जय शैल सुते,** (६९ : २०१/२०२६ मार्ग १४), पृ. ७, श. प. ।

मुक्तलयका बत्तीस हरफमा रचित कवितामा राजसंस्था र श्री ५ को महिमा गाइएको छ ।

६४७. लक्ष्मीप्रसाद आचार्य, **जयमाला,** (६३ : ११३/२०१९ श्रावण २०), पृ. ६, श. प. ।

मुक्तलयका छत्तीस हरफमा रचिएको कवितामा श्री ५ रत्नलाई विश्वभर नेपालको सुकीर्ति फैलाउन आग्रह गरिएको छ ।

६४८. लक्ष्मीप्रसाद अधिकारी, **श्री ५ महेन्द्र जन्मोत्सव,** (६१ : ५८/२०१८ जेठ २९), पृ. २८, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा राजा र प्रजाको सुमधुर सम्बन्धको चर्चा गरिएको छ ।

६४९. लक्ष्मीप्रसाद देवकोटा, **म शून्यमा शून्य सरी,** (६४ : २१४/२०२० कार्तिक ३०), पृ. ५, श.प. ।

उपजाति छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा समय बितेपछि बल्ल आफूमा ज्ञान आएको भाव व्यक्त भएको छ ।

६५०. लक्ष्मीप्रसाद देवकोटा, ......................, (६६ : १७१/२०२३ कार्तिक २७), पृ. ३, दीपावली अङ्क ।

कवितामा लक्ष्मी जयन्तीका सन्दर्भमा मुनामदनबाट सभार गरिएका दुई भिन्न टुक्रा राखिएका छन् ।

६५१. लक्ष्मीशङ्करलाल श्रेष्ठ, **देश हितैमा देओ प्राण,** (६३ : २०३/२०१९ माघ १३), पृ. ६, श. प. ।

कवितामा व्यर्थैमा जुनी फ्याँक्नुभन्दा देशको हितका लागि प्राण अर्पण गरुँ भन्ने भाव व्यक्त भएको छ । कविता मुक्तलयका अठ्ठाइस हरफमा रचिएको छ ।

६५२. लाटो साथी, **कामना,** (६४ : ३१०/२०२० फागुन १०), पृ. ९, श. प. ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा विगतका कुप्रथा फ्याँकेर नयाँ जागृति  ल्याउने अठोट गरिएको छ ।

६५३. लीलाध्वज थापा, **प्रेमार्पण,** (६० : १२९/२०१७ फागुन १५), पृ. १०, एलिजाबेथ  स्वागताङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा बेलायतकी महारानीको हार्दिक स्वागत गरिएको छ ।

६५४. लीलाध्वज थापा, **नयाँ वर्षको शुभेच्छा,** (६२ : १/२०१९ वैशाख १), पृ. ६ ।

स्रग्धरा छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा नयाँ वर्षका नयाँ कदममा हाम्रा कदम साथ रहने छन् भनिएको छ ।

६५५. लीलाध्वज थापा, **शुभजन्मोत्सव स्वागत,** (६४ : ५९/२०२० जेठ २८), पृ. ३०, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मात्रा छन्दका चौबीस पङ्क्तिमा रचिएको कवितामा राष्ट्रनायकको चवालीसौँ जन्मजयन्तीमा खुसी प्रकट गरिएको छ ।

६५६. लीलाध्वज थापा, **छयालीसौँ शुभजन्मोत्सवाङ्क,** (६५ : ३६ /२०२२ जेठ २९), पृ. ४३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा आदर्श राजाको जन्मोत्सव मनाउन पाउँदा गर्व लाग्ने भाव व्यक्त भएको छ ।

६५७. लीलाध्वज थापा, **राष्ट्रियता,** (६५ : २९४/२०२२ फागुन १५), पृ. ६, श. प. ।

गीतिलयका चालीस पङ्क्तिमा रचित कवितामा असामाजिक क्रियाकलापहरू राष्ट्रियताका विरुद्ध भएको भाव व्यक्त भएको छ ।

६५८. लीलाध्वज थापा, **राष्ट्रिय दिवसको उपलक्ष्यमा,** (६६ : २८५/२०२३ फागुन ७), पृ. ७, राष्ट्रिय प्रजातन्त्र दिवस विशेषाङ्क ।

कवितामा नेपाल आमाको भलाईका लागि सबै मिलेर केही गरौँ भन्ने भाव व्यक्त भएको छ ।

६५९. लीलाध्वज थापा, **प्रफुल्ल हृदय,** (६८ : १२/२०२५ जेठ ४ ), पृ. ६, श्री ५ महेन्द्र स्वागताङ्क ।

मात्रा छन्दका बीस पङ्क्तिमा रचित कवितामा महेन्द्रको अस्वस्थताले एक कोटि मन एकै चोटि अस्वस्थ भएको चर्चा गरिएको छ ।

६६०. लीलाध्वज थापा, **अधिकार कर्तव्य,** (६९ : ६१/२०२६ असार ११), पृ. ५, श. प. ।

गीतिलयका चौध पङ्क्तिमा रचिएको कवितामा कर्तव्यमै वास्तविक संसार पाउन सकिने भाव व्यक्त भएको छ ।

६६१. लीलाध्वज थापा, **महान्वाणी,** (६९ : १४५/२०२६ असोज ११), पृ. ५, श. प. ।

वसन्ततिलका छन्दका बीस पङ्क्तिमा रचित कवितामा तत्कालीन राष्ट्रनायकका महान्बाणीहरूलाई पद्यवद्ध गरिएको छ ।

६६२. लीलासिंह कर्मा, **स्वागत हे महारानी,** (६३ : ११३/२०१९ श्रावण २०), पृ. ५, श. प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा श्री ५ रत्नको जन्मदिनमा शुभकामना चढाइएको छ ।

६६३. लीलासिंह कर्मा, **शान्तिको द्वार,** (६३ : १९१/२०१९ कार्तिक ८), पृ. ४, संयुक्त राष्ट्रसंघ दिवस विशेषाङ्क ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा बुद्धको सन्देशअनुसार काम भएमा संयुक्त राष्ट्र संघ चाँडै नै शान्तिको द्वारमा पुग्ने धारणा व्यक्त भएको छ ।

६६४. लीलासिंह कर्मा, **हिमालचुली हाँसेछ** (६३ : २०६/२०१९ कार्तिक २५), पृ. १७, श. प. ।

कवितामा प्रगतिको लागि केही गर्ने सुनौलो दिन आएको भाव व्यक्त भएको छ ।

६६५. लीलासिंह कर्मा, **कर्तव्य र अधिकार,** (६३ : २९७/२०१९ माघ २०), पृ. ११, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचिएको कवितामा अधिकारभन्दा कर्तव्य ठूलो भएको भाव व्यक्त भएको छ ।

६६६. लीलासिंह कर्मा, **स्वागत छ अयुव,** (६४ : २६/२०२० वैशाख २६), पृ. १२, पाकिस्तानी राष्ट्रपति महम्मद अयुव खाँ स्वागताङ्क ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा प्रकृतिले पनि अयुवको स्वागत गरिरहेको भाव व्यक्त भएको छ ।

६६७. लीलासिंह कर्मा, **हाम्रो प्यारो देश,** (६४ : १७५/२०२० असोज १९), पृ. ५, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा नेपालको महिमा गाइएको छ ।

६६८. लीलासिंह कर्मा, **नेपाली नारी,** (६४ : २२६/२०२० मार्ग १४), पृ. ८, श. प. ।

मुक्तलयका एक्काइस पङ्क्तिमा रचिएको यस कवितामा नारीलाई घुम्टो फालेर देश विकासमा उत्रन आग्रह गरिएको छ ।

६६९. लेखनाथ पौड्याल, **श्री ५ को जन्मोत्सवको उपलक्ष्यमा,** (६० : २४/२०१७ जेठ २९), पृ. १, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

स्रग्धरा छन्दका आठ पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको चिरायूको कामना गरिएको छ ।

६७०. लेखनाथ पौड्याल, **स्वागताभिनन्दन,** (६७ : १२९/२०१७ फागुन १५), पृ. १, एलिजाबेथ स्वागताङ्क ।

मात्रा छन्दका आठ पङ्क्तिमा रचिएको कविता हो । कवितामा बेलायतकी महारानीको आगमनले नेपालीको हर्षले सीमा नाघेको भाव व्यक्त भएको छ ।

६७१. लेखनाथ पौड्याल, **प्रभातिक अनुभव,** (६१ : ५८/२०१८ जेठ २९), पृ. १, महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कविता हो । कवितामा महेन्द्रको बयालीसौँ जन्मजयन्तीमा हर्ष प्रकट गरिएको छ ।

६७२. लेखनाथ पौड्याल, **माहेन्द्री छविको स्वागत,** (६१ : १८५/२०१८ कार्तिक ११), पृ. १ ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कविता हो । कवितामा राजा महेन्द्र विदेश भ्रमणबाट फर्किंदा स्वागत चढाइएको छ ।

६७३. लेखनाथ पौड्याल, **बर्माको प्रधानमन्त्री उनूको स्वागतमा श्रद्धाञ्जलि,** (६१ : २५५/२०१८ पौष २४), पृ. १, उनू स्वागताङ्क ।

स्रग्धरा छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा बर्माका प्रधानमन्त्री श्री उनूको हार्दिक स्वागत गरिएको छ ।

६७४. लेखनाथ पौड्याल, **पञ्चायती प्रजातन्त्र दिवसको उपलक्ष्यमा,** (६१ : २९६/२०१८ फागुन ७), पृ. १, प्रजातन्त्र दिवस विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचित कविता हो । कविले तत्कालीन शासन व्यवस्थाको स्तुति गायन गरेका छन् ।

६७५. लेखनाथ पौड्याल, **नववर्षको शुभागमन,** (६२ : १/२०१९ वैशाख १), पृ. १, नववर्षारम्भ ।

उपलब्ध स्रोतमा कविताभित्रका पङ्क्तिहरूमा लिपि नबुझिने अवस्था रहेको छ ।

६७६. लेखनाथ पौड्याल, **श्री ५ बडामहारानीका ३५ औं शुभजन्मोत्सवका उपलक्ष्यमा वर्षा ऋतुसँग,** ( ६३ : ११३/२०१९ श्रावण २०), पृ. १, शुभजन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचिएको कवितामा बडामहारानीको शतायुका लागि एक पद गाइदिन वर्षा ऋतुसँग आग्रह गरिएको छ ।

६७७. लेखनाथ पौड्याल, **राष्ट्रिय पर्वको रूपमा,** (६४ : ५९/२०२० जेठ २८), पृ. १, श्री ५ महेन्द्रको शुभजन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको चवालीसौँ जन्मजयन्तीको उल्लासमय वातावरणको वर्णन गरिएको छ ।

६७८. लेखनाथ पौड्याल, **स्वागत कुसुम,** (६४ : २०२/२०२० कार्तिक १८), पृ. १, राधाकृष्णान स्वागताङ्क ।

मात्रा छन्दका आठ पङ्क्तिमा रचित कविता हो । कवितामा भारतवर्षका अध्यक्षको स्वागत पाउनु खुसीको कुरा भएको भाव व्यक्त भएको छ ।

६७९. लेखनाथ पौड्याल, **मेरो कैशोर,** (६४ : २९६/२०२० माघ २५), पृ. ५, श.प. ।

शार्दूलविक्रीडित छन्दका चौबीस पङ्क्तिमा रचिएको कविता हो । कविले आफ्नो किशोरावस्थाको क्रीडामय जीवनको मधुर संस्मरण गरेका छन् ।

६८०. लेखनाथ पौड्याल, **नववर्षको शुभालोक,** (६५ : १/२०२१ वैशाख १), पृ. १ ।

पृथ्वी छन्दका चार पङ्क्तिमा रचिएको कवितामा प्रकृतिको क्रियाशीलता देखेर विकास पथमा लाग्नुपर्ने भाव व्यक्त भएको छ ।

६८१. लेखनाथ पौड्याल, **शुभाशी,** (६५ : १०६/२०२२ भाद्र ३), पृ. १, श्री ५ रत्न शुभजन्मोत्सवाङ्क ।

कविता शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित छ । कवितामा मौसूफको अठतीसौँ जन्मजयन्तीमा सुयशका लागि कामना गरिएको छ ।

६८२. लेखनाथ पौड्याल, **हर्षको मुस्कान,** (६४ : ३७/२०२१ जेठ २९), पृ. १, श्री ५ महेन्द्र शुभजन्मोत्सवाङ् ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कविता हो । कवितामा राजाको पैँतालीसौँ वर्षको पहिलो दिन प्रकृतिको मुस्कान झैँ खडा भएको भाव व्यक्त भएको छ ।

६८३. लेखनाथ पौड्याल, **मांगल्य कामना,** (६४ : ९७/२०२१ साउन २७), पृ. १, श्री ५ बडामहारानी रत्न ३७ औं जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा बडामहारानीको जन्मोत्सवमा सम्पूर्ण नेपाली हर्षले गद्‌गद् भएको भाव व्यक्त भएको छ ।

६८४. लेखनाथ पौड्याल, **विजयाको शुभकामना,** (६४ : १६०/२०२१ असोज २९), पृ. ३ ।

शिखरिणी छन्दका चार पङ्क्तिमा रचित कवितामा विजया दशमीको शुभकामना व्यक्त गरिएको छ ।

६८५. लेखनाथ पौड्याल, **शुभा ऽऽऽ शी,** (६४ : १/२०२१ वैशाख २४), पृ. ३, गोर्खापत्र ६४ औँ जन्मजयन्ती विशेषाङ्क ।

मालिनी छन्दका सोह्र पङ्क्तिमा रचित कविता हो । कवितामा गोर्खापत्रलाई घरघरमा ज्योति भरिदिने पत्रिका भनिएको छ ।

६८६. लेखनाथ पौड्याल, **नववर्षको शुभकामना,** (६४ : ३३३/२०२२ वैशाख १), पृ. १, नव वर्ष अङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिको कवितामा हर्ष र उल्लास बोकेर आएको नववर्षले सम्पूर्ण जनताको कल्याण गरोस् भन्ने भाव व्यक्त भएको छ ।

६८७. लेखनाथ पौड्याल, **शुभेच्छा,** (६५ : ३६/२०२२ जेठ २९), पृ. १, महेन्द्र ४६ औं जन्मोत्सवाङ्क ।

कविता शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित छ । कवितामा धरतीका साना ठूला सबैले मौसूफमा शुभकामना टक्र्याएको भाव व्यक्त भएको छ ।

६८८. लोकबहादुर रावल, **वसन्तको सम्झना,** (६८ : ३४२/२०२६ वैशाख ७), पृ. ६, श. प. ।

.कवितामा मात्रा छन्दको नजिक रहेका बाह्र पङ्क्तिमा वसन्तको महिमा गायन गरिएको छ ।

६८९. वाक्पतिराज जोशी, **श्री ५ को जन्मोत्वसको उपलक्ष्यमा प्रतिज्ञा,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ४४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयको प्रस्तुत कवितामा श्री ५ महेन्द्रको कर्तव्यनिष्ठ र इमान्दार सैनिक बन्ने ईच्छा व्यक्त गरिएको छ ।

६९०. वाणीरा गिरी, **आज बिहानै देखिन्,** (६४ : २६१/२०२० पौष २०), पृ. ६, श. प. ।

मुक्तलयका एक्काइस हरफमा रचिएको कवितामा आफू बिहानैदेखि पुलकित भएको भाव व्यक्त भएको छ ।

६९१. वाणीरा गिरी, **फूलको जिन्दगी,** (६४ : २००/२०२१ मङ्सिर १३), पृ. ९, श. प. ।

मुक्तलयका उन्नाइस हरफमा रचित कविता हो । कवितामा कसैको आगमनमा फूल बिछ्याउन लालायीत भएको भाव व्यक्त भएको छ ।

६९२. वानीरा गिरी, **निहु,** (६६ : १९७/२०२३ मार्ग १८), पृ. ६, श. प. ।

मुक्तलयका अठार हरफमा रचित कविता हो । कवितामा कसैलाई माया गर्नु एउटा दरिलो आधारमा टेक्ने निहुँ हो भनिएको छ ।

६९३. वानीरा गिरी, **तिमी टाढै बस्,** (६६ : १९७/२०२३ मार्ग १८), पृ. ६, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा टाढा बस्दामै माया झाँगिने भाव व्यक्त भएको छ ।

६९४. वानीरा गिरी, **मेरो मुटुको नाता,** (६६ : १६/२०२३ जेठ ८), पृ. ५, श. प. ।

मुक्तलयका त्रिपन्न हरफमा रचित कवितामा समाजका नराम्रा पक्षको विरुद्धमा उपचार गर्न आग्रह गरिएको छ ।

६९५. वानीरा गिरी, **आऊ उपचार गरौं अब,** (६६ : ७२/२०२३ श्रावण १), पृ. ५, श. प. ।

मुक्तलयका त्रिपन्न हरफमा रचित कवितामा नेपालसँगको आफ्नो नाता गाढा भएको भाव व्यक्त भएको छ ।

६९६. वामदेव पहाडी, **धन्य भयो नेपाल,** (६० : १२९/२०१७ फागुन १५), पृ. १४, एलिजाबेथ स्वागताङ्क ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा बेलायतकी महारानी एलिजाबेथ द्वितीयको आगमनले नेपाली धरती धन्य भएको भाव व्यक्त भएको छ ।

६९७. वामदेव पहाडी, **स्वागत छ हे नयाँ वर्ष,** (६२ : १/२०१९ वैशाख १), पृ. ६ ।

कवितामा मुक्तलयका तीस हरफमा नयाँ वर्षलाई स्वागत गरिएको छ ।

६९८. वासुपाशा, **आह्वान,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ३३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

पञ्चचामर छन्दका सोह्र पङ्क्तिमा रचित कविता हो । कवितामा श्री ५ महेन्द्रसँग स्वार्थी व्यक्तिको चंगुलबाट देशलाई बचाउन आग्रह गरिएको छ ।

६९९. वासुपाशा, **राष्ट्रसेवाको आह्वान,** (६५ : ३१५/२०२२ चैत ६), पृ. ५, श. प. ।

पञ्चचामर छन्दका आठ पङ्क्तिमा रचित कवितामा राष्ट्रसेवाको भाव व्यक्त भएको छ ।

७००. वासुपाशा, **सिस्नाका झार,** (६८ : ३५६/२०२६ वैशाख २१), पृ. ५, श. प. ।

मुक्तलयका बाइस हरफमा रचित कवितामा मानव जीवनको मूल्यहीनतामाथि टिप्पणी गरिएको छ ।

७०१. वासुदेव रिजाल, **चिरायु कामना,** (६५ : ३६/२०२२ जेठ २९), पृ. १४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मुक्तलयका बीस पङ्क्तिमा राजा महेन्द्रको चीरायुको कामना गरिएको छ ।

७०२. वासुदेवशमशेर राणा, **हृदय सम्राट श्री ५ महेन्द्र,** (६१ : ५८/२०१८ जेठ २९), पृ.४८, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क

मात्रा छन्दका चार पङ्क्तिमा रचित यस कवितामा हृदयतलमा पनि महेन्द्र आत्माले बास गरेको भाव व्यक्त भएको छ ।

७०३. वासुदेव उपाध्याय ढकाल, **राजदम्पत्तिको जय,** (६३ : ११३/२०१९ साउन २०), पृ. ६ ।

अनुष्टुप छन्दका एक्काइस पङ्क्तिमा रचिएको कवितामा पञ्चराज्य फूलोस् फैलोस् भन्ने भाव व्यक्त भएको छ ।

७०४. वासु शशी, **सपनाहरूको खेती,** (६९ : ९/२०२३ जेठ १), पृ. ५, श. प. ।

मुक्तलयका चवालीस हरफमा रचिएको कवितामा सपनाको खेती गर्न विवश हुनुपरेको भाव व्यक्त भएको छ ।

७०५. वासु शशी, **आधुनिक मनुष्यको आफ्नो घरको निमन्त्रणाप्रति प्रत्युत्तर,** (६५ : २०८/२०२२ फागुन २९), पृ. ८, श. प. ।

मुक्तलयका सतचालीस हरफमा रचित कवितामा भौतिक अन्वेषण र सङ्ग्रहवृत्तिमा व्यस्त जीवनमा आधुनिक मनुष्यको वैयक्तिक चित्रण छ ।

७०६. विजय बज्राचार्य, **गाउँ फर्क,** (६७ : १९७/२०२४ मार्ग ९), पृ. ७, श.प. ।

गीतिलयका आठ पङ्क्तिमा रचिएको कवितामा सम्पूर्ण नेपालीलाई गाउँफर्क अभियानमा सरिक हुन आह्वान् गरिएको छ ।

७०७. विजय बज्राचार्य, **प्रजातन्त्र दिवस,** (६७ : २८२/२०२४ फागुन ७), पृ. ६, प्रजातन्त्र दिवस विशेषाङ्क ।

गीतिलयका आठ पङ्क्तिमा रचिएको कवितामा प्रजातन्त्रलाई प्रभातसँग तुलना गरिएको छ ।

७०८. विजय बज्राचार्य, **तृष्णा,** (६८ : ३०१/२०२५ फागुन २५), पृ. ८, श.प. ।

गीतिलयका दस पङ्क्तिमा आबद्ध कवितामा तृष्णाद्वारा संभव असंभव कुरामा मन जाने भाव व्यक्त गरिएको छ ।

७०९. विजय बज्राचार्य, **पौष १ गते,** (६८ : २१८/२०२५ पौष १), पृ. ८, श.प. ।

गीतिलयका आठ पङ्क्तिमा रचित कवितामा पौष १ को शाही कदमको स्तुति गरिएको छ ।

७१०. विजय बज्राचार्य, **नयाँ वर्ष,** (६७ : ३३५/२०२५ वैशाख १), पृ. ११, नववर्ष विशेषाङ्क ।

गीतिलयका छ पङ्क्तिमा रचित कवितामा नयाँ वर्षले सबैको भलो गरोस् भन्ने भाव व्यक्त गरिएको छ ।

७११. विजय बज्राचार्य, **म गरीब,** (६८ : ९०/२०२५ श्रावण १९), पृ. ८, श. प. ।

मुक्तलयका पन्ध्र हरफमा रचिएको कवितामा एउटा गरीब व्यक्तिको चित्रण गरिएको छ ।

७१२. विद्या राणा, **प्रकृतिकी छोरी,** (६७ : ६३/२०२४ असार २४), पृ. ८, श. प. ।

मुक्तलयका बाइस हरफमा रचित कवितामा नेपाललाई प्रकृतिकी छोरीका रूपमा चित्रण गरिएको छ ।

७१३. विद्यानाथ पोखरेल, **अघिअघि राजा पछिपछि हामी,** (६१ : ५८/२०१८ जेठ २९), पृ. २४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मात्रा छन्दको निकट रहेका चौध पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रलाई नेपाली मात्रका अगुवा व्यक्ति भएको भाव व्यक्त भएको छ ।

७१४. विनुबाबा भट्टराई, **श्री ५ बडामहारानीप्रति,** (६३ : १३३/२०१९ श्रावण २०), पृ. ६ ।

मुक्तलयका अठार हरफमा रचित कवितामा श्री ५ रत्नको महिमा वर्णन गरिएको छ ।

७१५. विन्दुनाथ शर्मा प्याकुरेल, **शुभेच्छा,** (६४ : ५९/२०२० जेठ २८), पृ. ४५, श्री ५ रत्न शुभजन्मोत्सवाङ्क ।

स्रग्धरा छन्दका जम्मा चार पङ्क्तिमा रचित कवितामा वर्षौंसम्म मौसूफको जन्मोत्सव मनाउन पाइयोस भनिएको छ ।

७१६. विन्दुनाथ शर्मा प्याकुरेल, **सुखद जन्मोत्सव,** (६५ : १०६/२०२२ भाद्र ३), पृ. ९, श्री ५ रत्न शुभजन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका बीस पङ्क्तिमा रचिएको कवितामा श्री ५ रत्नको जन्मोत्सवमा शुभकामना व्यक्त गरिएको छ ।

७१७. विन्दुनाथ शर्मा, **अमर कवि,** (६५ : ३०१/२०२२ फागुन २२), पृ. ६, श. प. ।

स्रग्धरा छन्दका जम्मा चार पङ्क्तिमा आबद्ध कवितामा कवि शिरोमणिको मृत्युको स्मरण गरिएको छ ।

७१८. विनोदप्रसाद धिताल, **मास्कोको प्रथम प्रदर्शनमा,** (६६ : ५१/२०२३ असार ११), पृ. ६, श. प. ।

मुक्तलयका पैंसठ्ठी हरफमा आबद्ध कवितामा आफ्ना पुर्खाहरूको त्यागमय भावनाको वर्णन गरिएको छ ।

७१९. विलियम वर्ड्सवर्थ, **अभिनव वसन्तमा लेखिएका पङ्क्तिहरू,** (६७ : ८४/२०२४ साउन १४), पृ. ७, श.प. ।

मुक्तलयका चौबीस हरफमा रचित कवितामा वसन्तको प्रभावस्वरूप प्रकृतिमा देखिएको प्रतिक्रिया वर्णन गरिएको छ । कविताका अनुवादक फणीन्द्रराज आचार्य हुन् ।

७२०. विलियम वर्ड्सवर्थ, **कोकिलप्रति,** (६६ : ३६०/२०२४ वैशाख २३), पृ. ५, श.प. ।

मुक्तलयका बत्तीस हरफमा रचित कविता हो । कविले कोइलीको मधुर स्वरले आफ्नो बाल्यकालको संस्मरण हुने भाव व्यक्त गरेका छन् । कविता फणिन्द्रप्रसाद आचार्यद्वारा अनुदित छ ।

७२१. विलियम वर्ड्सवर्थ, **वेष्टमिनिष्टर पुल,** (६७ : २४७/२०२४ पौष २९), पृ. ७, श.प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा सहरको कृत्रिम सुन्दरताको वर्णन छ । कविता वि.यल श्रेष्ठको अनुवाद हो ।

७२२. विलियम वट्लर येट्स, **मृत्यु,** (६६ : १६/२०२३ जेठ ८), पृ. ६, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा मानिसमा मृत्युका बारेमा सँधै भय रहने भाव व्यक्त भएको छ । कविता बंशी श्रेष्ठद्वारा अनुदित हो ।

७२३. विश्वनाथ, **म नेपाल हुँ,** (६४ : ११९/२०२० श्रावण २६), पृ. ८, श. प. ।

मुक्तलयका छयालीस हरफमा रचित कविता हो । कवितामा आफूलाई लगातर विकासपथमा लम्कने व्यक्ति भनिएको छ ।

७२४. विश्वनाथ, **श्रद्धापुष्प,** (६१ : ५८/२०१८ जेठ २९), पृ. २५, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मुक्तलयका चार हरफमा रचित कवितामा राजा महेन्द्रलाई शान्ति स्वतन्त्रताका दूतका रूपमा चित्रण गरिएको छ ।

७२५. विश्वनाथ अधिकारी 'मूक', **सुस्वागतम्** (६० : १२९/२०१७ फागुन १५), पृ. १, स्वागत विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचित कवितामा बेलायतकी महारानी एलिजाबेथ द्वितीयको आगमनले नेपालको इतिहासमा सुनौलो पाना थपिएको भाव व्यक्त भएको छ ।

७२६. विश्वनाथ शर्मा, **हाम्रो मूलबाटो,** (६४ : २९६/२०२० माघ २५), पृ. ९, श. प. ।

मुक्तलयका उन्नाइस हरफमा रचित कवितामा तत्कालीन अवस्थामा निर्माणाधीन पूर्वपश्चिम राजमार्गलाई निर्माणको महायज्ञ भनिएको छ ।

७२७. विश्वनाथ शर्मा न्यौपाने, **टोपीको प्रण,** (६४ : ३३०/२०२१ चैत २८), पृ. ६, श.प. ।

शिखरिणी छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा टोपीलाई नेपाली गौरव थाम्न सक्ने वस्तु भनिएको छ ।

७२८. विश्वबन्धु थापा, **यो बाटो बन्छ बन्छ,** (६२ : १/२०१९ वैशाख १), पृ. ५, नव नववर्षारम्भ अङ्क ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा सबै लगनशील बनेमा निश्चय नै पूर्वपश्चिम राजमार्ग बन्ने छ भनिएको छ ।

७२९. विश्वबन्धु थापा, **लाहुरेसँगको एक भेट,** (६३ : २२७/२०१९ मङ्सिर १६), पृ. ५, श.प. ।

गीतिलयका छपन्न पङ्क्तिमा आबद्ध कवितामा परदेशिएका नेपालीलाई नेपालमै बस्न आग्रह गरिएको छ ।

७३०. विश्वबन्धु थापा, **पर्खिरहेकी रारा,** (६४ : ६६/२०२१ असार २८), पृ. ५, श.प. ।

मुक्तलयका पैँतालीस हरफमा रचिएको कवितामा राराताललाई युवतीका आँखासँग तुलना गरिएको छ ।

७३१. विश्वबन्धु थापा, **रारामा दिनभरी,** (६४ : ५९/२०२१ असार २१), पृ. ५, श.प. ।

मुक्तलयका एकसय त्रियानब्बे हरफको विशाल आयाममा रहेको कविता हो । रारा तालको सौन्दर्यको कलात्मक वर्णन छ ।

७३२. विश्वबन्धु थापा, **स्वर्ग पो हो कि,** (६४ : ८०/२०२१ श्रावण १०), पृ. ५, श.प. ।

मुक्तलयका त्रिसठ्ठी हरफमा रचित कवितामा रारा ताललाई वेद उपनिषद्ले वर्णन गर्ने स्वर्ग हो कि भन्ने भाव व्यक्त भएको छ ।

७३३. विश्वबन्धु थापा, **मलाई गीत गाउन देओ,** (६४ : १०७/२०२१ भाद्र ७), पृ. ५, श.प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कवितामा आफूलाई स्वतन्त्र रूपमा मनका वह पोख्न दिइयोस् भनिएको छ ।

७३४. विश्वम्भर प्याकुरेल, **शान्ति,** (६९ : २०१/२०२६ मार्ग १४), पृ. ५, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कविता हो । कवितामा आन्तरिक कलहले गर्दा शान्तिको नाममा कलङ्क लगाएको भाव व्यक्त भएको छ ।

७३५. विश्वराज पाण्डे, **अचेलका छोरा,** (६८ : २३१/२०२५ पौष १४), पृ. ८, श.प. ।

मुक्तलयका अठतीस हरफमा रचित कवितामा वर्तमानको साँघुरो परिस्थितिमा बाँच्नु पर्ने बाध्यताको उद्घाटन गरिएको छ ।

७३६. विष्णु नवीन, **हातै काम्छ विचराहरूको,** (६६ : १९७/२०२३ मार्ग १८), पृ. ८, श. प. ।

मुक्तलयका तीस हरफमा रचित कविता हो । कविताामा भूमिसुधार कार्यक्रमले साहु महाजनहरूको हालत भएको कुराको चित्रण गरिएको छ ।

७३७. विष्णु पोखरेल, **चिरायू कामना,** (६९ : ३८/२०२६ जेठ ३०), पृ. ५, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मुक्तलयका सत्र हरफमा रचित कवितामा महेन्द्रको जन्मदिनमा प्रकृति पनि प्रफुल्ल भएको भाव व्यक्त भएको छ ।

७३८. विष्णुगोपाल रिसाल 'जागृत', **कवि मोतीराम भट्ट,** (६३ : १४१/२०१९ भाद्र १६), पृ. ५, श.प. ।

स्वागता छन्दका सोह्र पङ्क्तिमा रचित कविता हो । कवितामा मोतीरामको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

७३९. विष्णुगोपाल रिसाल, **अधिकार र कर्तव्य,** (६९ : ३८/२०२६ जेठ ३०), पृ. ३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा आबद्ध कवितामा महेन्द्रको पचासौँ जन्मजयन्तीमा हर्ष प्रकट गरिएको छ ।

७४०. वीरबहादुर मूर्ख, **कर्कलाको पानी : जीवनको उदाहरण,** (६४ : ११९/२०२० श्रावण २६), पृ. ५, श.प. ।

कविले मुक्तलयका चौबीस हरफमा मानिसको जीवनलाई कर्कलाको पातको पानीसँग तुलना गरेका छन् ।

७४१. वेदप्रसाद उप्रेती, **राष्ट्रपति अयुवलाई हाम्री आमाको स्वागत,** (६४ : २६/२०२० वैशाख २६), पृ. ८, पाकिस्तानी राष्ट्रपति महम्मद अयुव खाँ स्वागताङ्क ।

लिपि अस्पष्ट भएकाले थप विवरण दिन असम्भव भएको ।

७४२. वैकुण्ठप्रसाद लाकौल, **भावना,** (६४ : ८१/२०२१ फागुन ७), पृ. ७, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मात्रा छन्दका बीस पङ्क्तिमा रचित कवितामा प्रजातन्त्रको महिमा वर्णन गरिएको छ ।

७४३. वैकुण्ठप्रसाद लाकौल, **अँधेरी होइन यो रातको,** (६९ : १८७/२०२६ कार्तिक ३०), पृ. ५, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा अनावश्यक कुराको बहिष्कार गरिने भाव व्यक्त भएको छ ।

७४४. शरदकुमार शर्मा, **मै हुँ नेपाली युवक,** (६५ : २४९/२०२२ माघ २), पृ. १०, श. प. ।

मुक्तलयका छयालीस हरफमा रचित कवितामा अन्याय, अत्याचार र सामन्तीप्रथाको विरोध गरिएको छ ।

७४५. शरदकुमार भट्टराई, **स्वागत छ मेरा देशका मुटुलाई,** (६८ : १२/२०२५ जेठ ४), पृ. ७, श्री ५ महेन्द्र स्वागताङ्क ।

मुक्तलयका सत्र हरफमा रचित कवितामा महेन्द्र राजाको अभावमा निर्जीव वस्तु पनि आफूलाई असहाय ठान्ने भाव व्यक्त भएको छ ।

७४६. शरदकुमार भट्टराई, **गर यै देशको माटो पक्रेर चुम्बन,** (६९ : ५४/२०२६ असार १४), पृ. ७, श. प. ।

गीतिलयका एघार पङ्क्तिमा रचित कवितामा देशको माटोलाई पक्रेर चुम्बन गर्न आग्रह गरिएको छ ।

७४७. शशीकला शर्मा, **फूल्न देऊ,** (६९ : २०८/२०२६ मार्ग २१), पृ. ८, श. प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा सुन्दर फूललाई कोपिलामै नटिप्न आग्रह गरिएको छ ।

७४८. शंकर लामिछाने, **सूर्योदय,** (६४ : ९८/२०२० श्रावण ५), पृ. १५, श. प. ।

लिपि नबुझिनाले शीर्षक मात्र बुझिने अवस्थामा रहेको छ ।

७४९. शंकरप्रसाद 'दीपक', **नयाँ वर्षको कामना** (६२ : १/२०१९ वैशाख १), पृ. २, नव वर्षारम्भ विशेषाङ्क ।

गीतिलयका आठ पङ्क्तिमा रचित कवितामा सम्पूर्ण कल्पना र सपनाहरू पूरा होऊन् भन्ने भाव व्यक्त भएको छ ।

७५०. शंकरप्रसाद थपलिया, **आँसुनदी,** (६४ : १०७/२०२१ भाद्र ७), पृ. १०, श. प. ।

मुक्तलयका आठ हरफमा रचित कवितामा सानो आँखामा अटाउने अथाह आँसुप्रति प्रश्न गरिएको छ ।

७५१. शनिश्चर शर्मा, प्रुफ रिडर, (६६ : १४९/२०२३ आश्विन १५), पृ. ८, श.प. ।

मुक्तलयका सात हरफमा रचित कवितामा एक अनुत्तरदायी प्रुफ रिडरप्रति व्यङ्ग्य गरिएको छ ।

७५२. शनिश्चर शर्मा, **जाँच कमिशन,** (६६ : १४९/२०२३ आश्विन १५), पृ. ८, श. प. ।

मुक्तलयका दस हरफमा रचित कवितामा सामयिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

७५३. शनिश्चर शर्मा, **मुडुली बज्यै,** (६६ : १४९/२०२३ आश्विन १५), पृ. ८, श. प. ।

कवितामा एक धर्मभीरु महिलाको चारधाम यात्रा प्रसङ्गमाथि व्यङ्ग्य गरिएको छ ।

७५४. शनिश्चर शर्मा, **हेर शनिश्चर आयो फेरि,** (६७ : २१/२०२४ जेठ १३), पृ. ८, श. प. ।

मुक्तलयका एक्काइस हरफमा रचित कवितामा एक करोड जनताको चाहना स्वरूप भूमिसुधार कार्यक्रम लागू भएको भाव व्यक्त भएको छ ।

७५५. शनिश्चर शर्मा, **रसिक शिरोमणि,** (६७ : ८४/२०२४ साउन १४), पृ. ८, श.प. ।

मुक्तलयका नौ हरफमा रचित कवितामा सभ्य भनाउँदाहरूको अभद्र व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

७५६. शम्भुप्रसाद शर्मा पुँडासैनी, **देश सिँगारौं,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ४५, श्री ५ महेन्द्र ४२ औं जन्मजयन्ती विशेषाङ्क ।

पञ्चचामर छन्दका चार पङ्क्तिमा रचिएको कवितामा मौसूफको जन्मोत्सवका उपलक्ष्यमा अल्छीपन हटाएर देशलाई गरिबीमुक्त पार्न आह्वान गरिएको छ ।

७५७. शर्मा, **सेवा र मेवा,** (६७ : २५३/२०२४ माघ ६), पृ. ७, श.प. ।

कवितामा निःस्वार्थ सेवा गरे स्वतः फल मिल्छ भनिएको छ । कविता शार्दूलविक्रीडित छन्दका चार पङ्क्तिमा रचिएको छ ।

७५८. शर्मा, **दीर्घायू कामना,** (६९ : २३१/२०२६ पौष १४), पृ. ५, श्री ५ युवराज वीरेन्द्र. शुभजन्मोत्सवाङ्क ।

कवितामा तत्कालीन युवराजाधिराज वीरेन्द्रको दीर्घायूको कामना गरिएको छ । कविता स्रग्धरा छन्दका आठ पङ्क्तिमा रचिएको छ ।

७५९. शान्ता पोखरेल, **कोटीको एउटै आत्मा,** (६८ : १३२/२०२५ भाद्र ३०), पृ. ६, श. प. ।

कवितामा देशका कोटी आत्माको मिलनविन्दु एउटै भएको भाव व्यक्त भएको छ । कविता मुक्तलयका बाह्र हरफमा रचित छ ।

७६०. शान्ति राणा, **विधातासँग एक प्रश्न,** (६८ : १३९/२०२५ असोज ६), पृ. ७, श. प. ।

मुक्तलयका सैतीस हरफमा रचित कवितामा आफ्नो जीवन कष्टकर बनेकामा विधातासँग प्रश्न गरिएको छ ।

७६१. शान्ति राणा, **के चाहेथें के बन्न गएँ,** (६८ : १७५/२०२५ कार्तिक १७), पृ. ७, श.प. ।

मुक्तलयका अठ्ठाइस् हरफमा रचित कवितामा आफूले नचाहेको परिस्थिति उत्पन्न हुन गएकोमा असन्तोष व्यक्त गरिएको छ ।

७६२. शान्ति राणा, **शुभकामना,** (६८ : ३३७/२०२६ वैशाख १), पृ. ५, नववर्ष विशेषाङ्क ।

मुक्तलयका अठार हरफमा नववर्षको प्रेरणाले आफू बनूँ र देश पनि बनाऊँ भन्ने भाव व्यक्त भएको छ ।

७६३. शान्ति राणा, **धन्यवाद छ,** (६९ : ७५/२०२६ श्रावण ४), पृ. ६, श.प. ।

मुक्तलयका बीस हरफमा रचित कविता हो । कवितामा आफू विगतकै रापमा पिल्सिरहेको बेला तिमी भने वर्तमानमा डुब्न सक्यौ भन्दै धन्यवाद ज्ञापन गरिएको छ ।

७६४. शान्तिनारायण श्रेष्ठ, **जूनभन्दा पनि,** (६७ : ११९/२०२४ भाद्र १७), पृ. ७, श.प. ।

मुक्तलयका दस हरफमा रचित कवितामा आफ्नी मायालुको मुहार जूनभन्दा पनि राम्रो लाग्ने कुराको चर्चा गरिएको छ ।

७६५. शारदाप्रसाद शर्मा, **शुभकामना,** (६३ : ११३/२०१९ श्रावण २०), पृ. ५ ।

कवितामा शार्दूलविक्रीडित छन्दका जम्मा चार पङ्क्तिमा रानी रत्नलाई अनन्त काल सम्म सौभाग्यवती बन्नुपरोस् भन्ने कामना गरिएको छ ।

७६६. शिवगोपाल रिसाल, **नेपाली नैतिकता,** (६७ : ११९/२०२४ भाद्र १७), पृ. ५, श.प. ।

शार्दूलविक्रीडित छन्दका बत्तीस पङ्क्ति भएको कवितामा स्वाधीनता र वीरता नै हाम्रो नैतिकता भएको भाव व्यक्त भएको छ ।

७६७. शिवगोपाल रिसाल, **भानुको सम्झनामा,** (६८ : ७६/२०२५ श्रावण ५), पृ. ५, श.प. ।

गीतिलयका अठार पङ्क्तिमा रचित कविता हो । कवितामा भानुभक्तलाई एक करोड नेपालीको भावना एकीकरण गर्ने व्यक्तिका रूपमा चर्चा गरिएको छ ।

७६८. शिवदेवी जोशी, **श्री ५ बडामहारानीको ३५ औं शुभजन्मोत्सवमा जय कामना,** (६३ : ११३/२०१९ श्रावण २०), पृ. २, शुभजन्मोत्सवाङ्क ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा रानी रत्नलाई शान्ति प्रदायिनी नारीका रूपमा चित्रण गरिएको छ ।

७६९. शिवहरि थापा, **नौलो युगको नौलो साधन** (६१ : ५८/२०१८ जेठ २९), पृ. ४३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयमा रचित यस कवितामा महेन्द्र राजाको चिरायूको कामना गरिएको छ ।

७७०. शिवहरि थापा, **आशा उद्वेग,** (६४ : १४०/२०२० भाद्र १५), पृ. ९, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा आफ्ना उद्वेगले आशाहरू चकनाचूर पारिदिएको भाव व्यक्त भएको छ ।

७७१. शुकदेव शर्मा, **प्रजातन्त्रको प्रकाश,** (६४ : ३०७/२०२० फागनु ७), पृ. ९, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मन्दाक्रान्ता छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा यही दिन शताब्दी लामो कालरात्री फ्याँकिएको स्मरण गरिएको छ ।

७७२. शुकदेव शर्मा, **फर्केर आऊ,** (६४ : ११/२०२१ जेठ ३), पृ. १०, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा परदेशिएका नेपालीलाई स्वदेश फर्कन आह्वान् गरिएको छ ।

७७३. शुकदेव शर्मा, **नयाँ वर्ष नयाँ हर्ष,** (६४ : ३३३/२०२२ वैशाख १), पृ. ५ नववर्षाङ्क ।

शार्दूलविक्रीडित छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा नववर्षको पावन उपलक्ष्यमा सबैमा शुभकामना दिइएको छ ।

७७४. शुकदेव शर्मा, **हाम्री रानी,** (६५ : १०६/२०२२ भाद्र ३), पृ. २५, श्री ५ रत्न जन्मोत्सवाङ्क ।

मात्रा छन्दका छ पङ्क्तिमा रचित कवितामा श्री ५ रत्नलाई मंगलमय शुभकामना चढाइएको छ ।

७७५. शुकदेव शर्मा, **यो दिन,** (६८ : ३३४/२०२६ वैशाख १), पृ. १५, नववर्ष विशेषाङ्क ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा नववर्षलाई देशको कुनाकुना सौरभ फैलाउन सक्षम मानिएको छ ।

७७६. शोड्सराज पाण्डेय, **राष्ट्रिय पञ्चायत**, (६१ २९६/२०१८ फागुन ७), पृ. ७, प्रजातन्त्र दिवस विशेषाङ्क ।

उपलब्ध स्रोतमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

७७७. शोभाकान्त नेपाल, **गाउँमा फर्कनु छ,** (६७ : २४७/२०२४ पौष २९), पृ. ५, श. प . ।

मन्दाक्रान्ता छन्दका सोह्र पङ्क्तिमा रचित कविता हो । कवितामा तत्कालीन राष्ट्रिय नीतिअनुसार सम्पूर्ण युवावर्गलाई गाउँ फर्कन आह्वान गरिएको छ ।

७७८. श्यामदास वैश्णव, **नयाँ साल,** (६२ : १/२०१९ वैशाख १), पृ. ५, नयाँ वर्षारम्भ विशेषाङ्क ।

मुक्तलयका उन्नाइस हरफमा रचित कवितामा नयाँ वर्षले सुन्दर चेत जगाइरहेछ भन्ने भाव व्यक्त भएको छ ।

७७९. श्यामदास वैश्णव, **एक सुझ,** (६४ : २५४/२०२० पौष १३), पृ. ८, श. प. ।

मुक्तलयका सत्ताइस हरफमा रचित कविता हो । कवितामा बनावटीपनलाई अपनाइ जीवनलाई नछल्न आग्रह गरिएको छ ।

७८०. श्यामदास वैश्णव, **जिम्मेवारी,** (६४ : २६१/२०२० पौष २०), पृ. ८, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा धेरै उत्तरदायित्वहरू बहन गर्नुपरेकाले कालसित नडराउन सँकिन भन्ने भाव व्यक्त भएको छ ।

७८१. श्यामदास वैश्णव, **कारण** (६४ : ३२३/२०२१ श्रावण २१), पृ. ५, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । हामी कोही पनि अजर अमर नभए पनि सुवास छर्नमै हामी रमाउँछौं भनिएको छ ।

७८२. श्यामदास वैश्णव, **काम,** (६४ : १००/२०२१ श्रावण ३१), पृ. ५, श. प. ।

कविता मुक्तलयका उन्नाइस हरफमा रचित छ । कवितामा प्रकृतिले नियमित रूपमा कार्य सम्पादन गर्ने तर त्यसको सदुपयोग र दुरूपयोग भने हामीमा नै भर पर्छ भनिएको छ ।

७८३. श्यामदास वैश्णव, **एकात्मकता,** (६४ : ३२३/२०२१ चैत्र १), पृ. ५, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा आफ्नो अभावमा पनि धैर्य गर्न आग्रह गरिएको छ ।

७८४. श्री ५ महाराजधिराज, **नवनिर्देश** (६९ : २२९/२०२६ पौष १२), पृ. ५, श. प. ।

मुक्तलयका छ हरफमा रचित कवितामा कर्तव्य गरेर मात्र अधिकार खोज्न आग्रह गरिएको छ ।

७८५. श्री अर्याल, **हाम्रै राजारानी** (६३ : ११३/२०१९ श्रावण २०), पृ. ५ ।

गीतिलयका चौध पङ्क्तिमा आबद्ध कवितामा सधैं राजारानी प्यारो लाग्ने भाव व्यक्त भएको छ ।

७८६. श्रीकृष्ण, **राष्ट्रसंघ,** (६३ : १९१/२०१९ कार्तिक ८), पृ. ५, राष्ट्रसंघ दिवस ।

स्रग्धरा छन्दका चार पङ्क्तिमा रचित कवितामा राष्टसंघलाई शान्ति सुव्यवस्था कायम गर्न सफल होस् भन्ने कामना गरिएको छ ।

७८७. श्रीकृष्ण जोशी, **शीतका थोपा र हिउँका बिऊझै हाम्रा भावहरू,** (६४ : ३००/२०२० फागुन ७), पृ. १० प्रजातन्त्र दिवस विशेषाङ्क ।

मुक्तलयका एकतीस हरफमा निर्माणाधीन पूर्वपश्चिम राजमार्गको महिमा वर्णन गरिएको छ ।

७८८. श्रीकृष्णप्रसाद वस्ती, **ध्वज छ छवि दिने,** (६२ : ७१/२०१९ असार ९), पृ. ३, श. प. ।

स्रग्धरा छन्दका चार पङ्क्तिमा आबद्ध कवितामा राष्ट्र र राष्ट्रियताप्रतिको अनुराग देखाइएको छ ।

७८९. श्रीनेपाली, **नेपालीको हुङ्कार,** (६३ : ११३/२०१९ मङ्सिर २), पृ. १३, श. प. ।

इन्द्रबज्रा छन्दका अठ्ठाइस पङ्क्तिमा रचिएको कवितामा नेपाली वीरत्वको वर्णन गरिएको छ ।

७९०. श्रीनेपाली, **नेपाली हौ भने,** (६३ : २४१/२०१९ मङ्सिर ३०), पृ. ६, श. प. ।

गीतिलयका अठार पङ्क्तिमा आबद्ध कवितामा देश विकासमा एकजुट भएर जुट्न आग्रह गरिएको छ ।

७९१. श्री भट्टराई, **म,** (६२ : १/२०१९ वैशाख १), पृ. ३, नववर्ष अङ्क ।

मुक्तलयका एक्काइस हरफमा रचित कवितामा जस्तोसुकै परिस्थिति आइलागे पनि आफ्ना यात्राका पदचापहरू नखुम्चने  भाव व्यक्त भएको छ ।

७९२. श्री भट्टराई, **मेरो चिरपरिचित बन्धु,** (६३ : ९२/२०१९ असार ३०), पृ. ३, श.प. ।

गीतिलयका बीस पङ्क्तिमा रचित कविता हो । कवितामा हृदयको आर्तनाद, अन्तरमनको पीडा, वेदना आदि आफ्ना निकटस्थ बन्धु भएको भाव व्यक्त भएको छ ।

७९३. श्री मन्नारायण, **नववर्ष,** (६६ : ३३९/२०२४ वैशाख १), पृ. ३, नववर्ष अङ्क ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा नयाँ वर्षले आनन्दको अनुभूति दिने भाव व्यक्त भएको छ ।

७९४. श्री मन्नारायण, **मेरो प्रियतम,** (६६ : ३२६/२०२३ चैत १९), पृ. ५, श.प. ।

मुक्तलयका उन्नाइस हरफमा रचित कविता हो । कवितामा आफ्नो प्रियतम दरिद्र र अछुतहरूको जमातमा भेटिने भाव व्यक्त भएको छ ।

७९५. श्री मन्नारायण 'मोती', **नववर्ष,** (६६ : ३३३/२०२३ चैत्र २६), पृ. ५, श.प. ।

मुक्तलयका बाह्र हरफमा रचित कविता हो । कवितामा दुःखी नयनबाट बगेका प्रत्येक थोपा आँसुमा मोती रहने भाव व्यक्त भएको छ ।

७९६. श्री मन्नारायण, **सरित सागर,** (६७ : १८३/२०२४ कार्तिक २५), पृ. ७, श.प. ।

मुक्तलयका अठ्ठाईस हरफमा रचिएको कवितामा मानिसको जीवन एकदिन सुख सागरमा लीन हुने भाव व्यक्त भएको छ ।

७९७. श्री मन्नारायण, **फूल,** (६७ : २११/२०२४ मार्ग २३), पृ. ७, श.प. ।

मुक्तलयका सत्र हरफमा रचित कविता हो । फूल र अन्तस्थलमा रहेको सत्य सनातन धर्मले मानिसको जीवन आनन्दित पार्ने भाव व्यक्त भएको छ ।

७९८. श्री मन्नारायण, **यी अक्षर,** (६७ : २११/२०२४ मार्ग २३), पृ. ७, श.प. ।

मुक्तलयका तेह्र हरफमा रचित कविता हो । कवितामा अनुभव र ज्ञानले पाकेका वृद्धाका अनुहारमा कोरिएका रेखाहरूलाई जीवनका प्रतीकात्मक अक्षर हुन् भनिएको छ ।

७९९. श्री मन्नारायण, **दुई कविता,** (६७ : ७०/२०२४ असार ३१), पृ. ८, श.प. ।

बाह्र बाह्र हरफका दुईवटा कवितामा मानवजीवनको मूल्य र महत्त्वको स्थापना गर्न जोड दिइएको छ ।

८००. श्री रेग्मी, **बाटो खनौं,** (६२ :१/२०१९ वैशाख १), पृ. ४, नव वर्षारम्भ विशेषाङ्क ।

गीतिलयका पाँच पङ्क्तिमा रचित कवितामा धैर्य लिएर मूलबाटो खन्न आह्वान  गरिएको छ ।

८०१. श्री वशिष्ठ, **बरदान दे,** (६२ :१/२०१९ वैशाख १), पृ. ४, नव वर्षारम्भ विशेषाङ्क ।

अपरान्तिका छन्दका बाह्र पङ्क्तिमा रचिएको कवितामा नववर्षसँग नवजागरण, नवप्रेरणा, पूर्णता र अमरत्वको वरदान मागिएको छ ।

८०२. श्री वुद्धरत्न, **पुकार गान,** (६२ :१/२०१९ वैशाख १), पृ. ४, नव वर्षारम्भ विशेषाङ्क ।

मुक्तलयका अठार हरफमा रचित कविता हो । कवितामा नयाँ वर्षका दिनमा पुराना कुराहरू सम्झिएर दिग्दारी नलिन आग्रह गरिएको छ ।

८०३. श्री शन्तकेशव, **प्रगति म हुँ मलाई डाक,** (६३ : ३५३/२०१९ चैत २४), पृ. ७, श.प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा प्रगति आफैले आफूलाई डाक्न आग्रह गरिएको छ ।

८०४. श्री शर्मा, **दिव्य अर्ती,** (६४ : २६८/२०२० पौष २७), पृ. ५, श.प. ।

स्रग्धरा छन्दका जम्मा चार पङ्क्तिमा रचित कवितामा राष्ट्रनिर्माणमा पृथ्वीनारायण शाहको योगदानको चर्चा गरिएको छ ।

८०५. श्रीहरि शर्मा, **भ्रमराको सान्त्वना : आशे कोपिला** (६६ :९/२०२३ जेठ १), पृ. ५, श.प . ।

मन्दाक्रान्ता छन्दका बाह्र पङ्क्तिमा रचित कविता हो । कवितामा वसन्तको प्रतीक्षामा रहेका कोपिलाहरूको असमयमै हुने हरणप्रति कविको सान्त्वना व्यक्त भएको छ ।

८०६. श्रीहरि शर्मा, **कौवा प्रश्न,** (६६ :१७१/२०२३ कार्तिक २७), पृ. ७, श.प . ।

कवितामा मौका आउँछ पर्खदैन बरु मौकालाई पर्खनु बुद्धिमानी हुन्छ भन्ने भाव व्यक्त भएको छ । कविता शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचित छ ।

८०७. श्रीहरि रूपाखेती, **हे मित्र ! सुस्वागतम्** (६८ : १५६/२०२५ असोज २७), पृ. ७, भारतीय राष्ट्रपति जाकिर हुसेन स्वागताङ्क ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचिएको कवितामा जाकिर हुसेनलाई अन्तरात्मादेखि नै स्वागत गरिएको छ ।

८०८. श्रीहरि शर्मा शास्त्री, **अधिकार समाउ** (६५ : ४५/२०२२ असार ५), पृ. ९, श.प . ।

मुक्तलयका चौतीस हरफमा रचित कवितामा नव सिर्जनाको लागि कम्मर कस्न आह्वान गरिएको छ ।

८०९. श्रेष्ठ, **इन्टरभ्यू** (६७ : ९८/२०२४ साउन २८), पृ. ६, श.प . ।

मुक्तलयका चौतीस हरफमा रचिएको कवितामा मानवीय मूल्यहीनताको चित्रण गरिएको छ ।

८१०. सञ्जय, **विशाल यी धरा,** (६९ : २६४/२०२६ माघ १८), पृ. ७, श.प . ।

पञ्चचामर छन्दका आठ पङ्क्तिमा रचित कविता हो । कवितामा यस धर्तीमा जतातत्तै शान्तिको कथा सुनाउने भाव व्यक्त भएको छ ।

८११. सत्यनारायण बहादुर, **साथी साँचो कुरा गरौ न,** (६४ : ७३/२०२१ साउन ३), पृ. १०, श.प. ।

मुक्तलयका चवालीस हरफमा रचित कवितामा अनावश्यक गफ मात्र होइन निर्माणको साँचो कुरा गर्नु छ भन्ने भाव व्यक्त भएको छ ।

८१२. सहदेव राणा, **हाम्रो नेपाल,** (६९ : ८९/२०२६ श्रावण १८), पृ. ५, श.प . ।

गीतिलयका बीस पङ्क्तिमा रचित कवितामा वीरता नै नेपालीको पहिचान भएको भाव व्यक्त भएको छ ।

८१३. सागर श्रेष्ठ, **महेन्द्र ज्योति,** (६९ : ३७/२०२६ जेठ २९), पृ. ३ ।

गीतिलयका अठ्ठाइस पङ्क्तिमा रचिएको कवितामा श्री ५ महेन्द्रको प्रताप र कीर्तिमान गाइएको छ ।

८१४. साफल्य अमात्य, **एक विछोड तिमीसँगको,** (६६ : १३५/२०२३ आश्विन १), पृ. ६, श.प. ।

मुक्तलयका तेत्तीस हरफमा रचित कवितामा आफ्नी मायालुसँग बिछोडिन लागेको युवकको मनस्थितिको चित्रण गरिएको छ ।

८१५. सावित्री, **मैले बाँच्नु छ,** (६६ : ३१२/२०२३ चैत्र ५), पृ. ६, श.प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा आफ्नो समाज र राष्ट्रको लागि आफूले बाँच्नुपर्ने भाव व्यक्त भएको छ ।

८१६. सिंहबहादुर मोक्तान, **पंछीलाई,** (६३ : १२७/२०१९ भाद्र २), पृ. ४, श. प. ।

गीतिलयका चौध पङ्क्तिमा रचित कवितामा रुख र आकाशमा नै जीवनको सारा आयु बिताउने पंछीको निश्चलताको चर्चा गरिएको छ ।

८१७. सिद्धिचरण श्रेष्ठ, **स्वागत,** (६१ : १८५/२०१८ कार्तिक ११), पृ. ६ ।

गीतिलयको प्रस्तुत कवितामा राजा महेन्द्रको कुटनैतिक चातुर्यको जयगान गरिएको छ ।

८१८. सिद्धिचरण श्रेष्ठ, **१९ साल,** (६२ : १/२०१९ वैशाख १), पृ. ५, नव वर्षारम्भ विशेषाङ्क ।

गीतिलयका बाह्र पङ्क्तिमा आबद्ध कवितामा विकास कार्यमा लागेर राजाको आह्वान सफल पार्न भनिएको छ ।

८१९. सिद्धिचरण श्रेष्ठ, **नेपाली जवान,** (६३ : १७६/२०१९ असोज २०), पृ. १५, श. प. ।

मन्दाक्रान्ता छन्दका अठ्ठाइस पङ्क्तिमा रचिएको कवितामा नवयुवक नेपालीहरूलाई देशका कर्णधार मानिएको छ ।

८२०. सिद्धिचरण श्रेष्ठ, **सौगात,** (६३ : २३६/२०१९ मङ्सिर २५), पृ. ४, मानवअधिकार दिवस विशेषाङ्क ।

मुक्तलयका सात हरफमा रचित कवितामा मानिसहरूलाई सर्वप्रथम आफू सुधारिन आग्रह गरिएको छ ।

८२१. सिद्धिचरण श्रेष्ठ, **फागुन सात गते,** (६४ : २८१/२०२१ फागुन ७), पृ. ७, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मात्रा छन्दका एकासी हरफमा रचिएको कवितामा फागुन सातले नेपालीमा ल्याएको खुसीको वर्णन गरिएको छ ।

८२२. सिद्धिचरण श्रेष्ठ, **त्रिभुवनप्रति,** (६५ : ५९/२०२२ असार १९), पृ. ५, श. प. ।

गीतिलयका बाह्र पङ्क्तिमा रचित कविता हो । कवितामा आपत्को अवस्थामा पनि आफू मात्र नउम्की सबै देशवासीलाई उम्काउन लाग्ने त्रिभुवनप्रति कृतज्ञता ज्ञापन गरिएको छ ।

८२३. सिद्धिबाबु अर्याल, **नेपाल माताको सन्देश,** (६२ : १/२०१९ वैशाख १), पृ. ४, नववर्ष विशेषाङ्क ।

मुक्तलयका बाइस हरफमा रचित कवितामा नयाँ वर्षमा केही रचनात्मक काम गरेर देखाउन आह्वान गरिएको छ ।

८२४. सिद्धिबाबु अर्याल, **शुभकामना,** (६३ : ११३/२०१९ श्रावण २०), पृ. ३, शुभजन्मोत्सवाङ्क ।

मालिनी छन्दका आठ पङ्क्तिमा रचिएको कवितामा श्री ५ रत्नको जन्मोत्सवमा शुभकामना व्यक्त गरिएको छ ।

८२५. सिद्धिबाबु अर्याल, **काफल र केटो,** (६३ : १३४/२०१९ भाद्र १९), पृ. ४, श. प. ।

मुक्तलयका अठ्ठाइस हरफमा रचिएको कवितामा श्री ५ रत्नको जन्मोत्सवमा शुभकामना व्यक्त गरिएको छ ।

८२६. सिरहाली लोकेन, **स्वदेशी बन, स्वदेशी भन, सम्हाल नेपाल,** (६७ : ६३/२०२४ असार २४), पृ. ५, श. प. ।

गीतिलयका बीस पङ्क्तिमा रचित कवितामा राष्ट्र तथा राज्यको महिमा गाइएको छ ।

८२७. सिलवाल अमर, **आजको सन्देश,** (६६ : २८५/२०२३ फागुन ७), पृ. ६, प्रजातन्त्र दिवस विशेषाङ्क ।

मात्रा छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा एकताको गाँठो अभ्ह कस्तै देश विकासको अभियानमा सरिक हुन आग्रह गरिएको छ ।

८२८. सुनिता थापा, **जीवन एउटा व्यथा,** (६८ : १८२/२०२५ कार्तिक २४), पृ. ५, श. प. ।

मुक्तलयका तीस हरफमा रचित कवितामा जीवन दुःखहरूले भरिएको एउटा दुःखद कथा हो भन्ने भाव व्यक्त भएको छ ।

८२९. सुन्दर भ्हा शास्त्री, **जय मेन्द्र महिपाल,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ४८, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मात्रा छन्दका एक्काइस पङ्क्तिमा रचिएको कवितामा श्री ५ महेन्द्रको व्यक्तित्वमाथि प्रकाश पारिएको छ ।

८३०. सुन्दरप्रसाद शाह, **नेपाली आह्वान,** (६३ : २२७/२०१९ मङ्सिर १६), पृ. ५, श. प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा नेपालीको गौरव राख्दै आफ्नै खुट्टामा उभिन सक्ने आह्वान् नेपालीमा छ भन्ने भाव व्यक्त भएको छ ।

८३१. सुमन शर्मा, **दीर्घायू कामना,** (६६ : २३०/२०२३ पौष १३), पृ. ५, श्री ५ युवराज वीरेन्द्र जन्मोत्सव विशेषाङ्क ।

गीतिलयका दस पङ्क्तिमा रचित कवितामा श्री ५ युवराजलाई नेपाल रूपी फूलका पराग भएको भनिएको छ ।

८३२. सुमनकुमार नेपाली, **अमर सम्भ्हना,** (६७ : ५६/२०२४ असार १७), पृ. ५, श. प. ।

मुक्तलयका चौध हरफमा रचित कवितामा श्री ५ त्रिभुवनप्रति श्रद्धाभाव व्यक्त गरिएको छ ।

८३३. सुमनकुमार नेपाली, **युवक,** (६४ : १४०/२०२० भाद्र १५), पृ. ६ ।

मुक्तलयका बीस हरफमा रचित कवितामा युवकको कलम तथा बोली रोक्न नसकेको उल्लेख गरिएको छ ।

८३४. सुमनकुमार नेपाली, **सबको हक अधिकार छ,** (६४ : १५६/२०२१ आश्विन २५), पृ. ८, श. प. ।

गीतिलयका बीस पङ्क्तिमा रचित कवितामा देश सबैको साभ्हा भएकाले यसमा सबैको अधिकार भएको भाव व्यक्त भएको छ ।

८३५. सुमनकुमार नेपाली, **देश अनि बन्छ,** (६५ : १९४/२०२२ मार्ग ५), पृ. ८, श. प. ।

मुक्तलयका बीस हरफमा रचित कवितामा कुरा भन्दा धेरै काम गर्न आह्वान गरिएको छ ।

८३६. सुमनकुमार नेपाली, **आजको दिन,** (६५ : ३६/२०२२ जेठ २९), पृ. १८, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

शार्दूलविक्रीडित छन्दका आठ पङ्क्तिमा रचित कवितामा श्री ५ महेन्द्रप्रति जन्मोत्सवको शुभकामना चढाइएको छ ।

८३७. सुमनकुमार नेपाली, **हे स्वदेशका नेपाली हो** (६६ : २४७/२०२३ माघ १), पृ. ७, श. प. ।

गीतिलयका एक्काइस पङ्क्तिमा रचित कवितामा व्यर्थ समय खेल नफालेर निर्माण कार्यमा जुट्न आग्रह गरिएको छ ।

८३८. सुरेन्द्रविक्रम विष्ट, **नयाँ वर्ष,** (६५ : ३४१/२०२३ वैशाख ४), पृ. ८, श. प. ।

मुक्तलयका अठार हरफमा रचित कवितामा नौलोपनका साथ नयाँ वर्ष आएको भाव व्यक्त भएको छ ।

८३९. सुवर्णकुमारी शर्मा, **विदेश जान लागेका नेपालीलाई सन्देश,** (६३ : १८७/२०१९ कार्तिक ४), पृ. ११, श. प. ।

मुक्तलयका बाह्र हरफमा रचित कवितामा आफ्नो देश प्यारो हुने भाव व्यक्त भएको छ ।

८४०. सुवर्णकुमारी शर्मा, **श्री ५ महेन्द्रको जयपुकार** (६४ : ५९/२०२० जेठ २८), पृ. ५२, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

गीतिलयका बीस पङ्क्तिमा रचित कवितामा राजाको जन्मदिन हर्षको दिन भएको भाव व्यक्त भएको छ ।

८४१. सुशीला चालिसे, **मंगलगान,** (६९ : ३८/२०२६ जेठ ३०), पृ. ३, श्री ५ महेन्द शुभ जन्मोत्सवाङ्क ।

गीतिलयका चार पङ्क्तिमा रचिएको कवितामा आफ्ना राजाको चिरायूको कामना गरिएको छ ।

८४२. सुशीला कोइराला, **..............,** (६४ : ११९/२०२० श्रावण २६), पृ. ७, श. प. ।

मुक्तलयका छब्बीस हरफमा रचित कविता हो । कवितामा आफूहरू हाँसे पनि हामीबीचको छाँया भने संसारमा त्यसै रुने छ भन्ने विचार व्यक्त भएको छ ।

८४३. सुशीला कोइराला, **भित्ताका तस्वीरसित,** (६४ : ४५/२०२१ असार ७), पृ. ६, श. प. ।

मुक्तलयका अठार हरफमा रचिएको कवितामा मदन पुरस्कार पुस्तकालयका दृश्यले पारेको प्रभाव वर्णित छ ।

८४४. सुशीला, **आज पनि गोपा रुन्छिन,** (६५ : ३५९/२०२३ वैशाख २२), पृ. ४ ।

मुक्तलयका अठ्ठाइस हरफमा रचित कविता हो । कवितामा बुद्धत्वको खोजीमा निस्किएका सिद्धार्थ गौतमको प्रतीक्षामा आज पनि कैयौं गोपा रोइरहेका छन् भन्ने भाव व्यक्त भएको छ ।

८४५. सुशीलादेवी शर्मा 'चिनु', **नारी सम्राट,** (६० : १२९/२०१७ फागुन १५), पृ. २६, स्वागताङ्क ।

स्रग्धरा छन्दका आठ पङ्क्तिमा रचित कवितामा बेलायतकी महारानी एलिजाबेथ द्वितीयको हार्दिक स्वागत गरिएको छ ।

८४६. सूर्यकान्त शर्मा स्वदेशी, **आमा दुर्गे,** (६८ : १४६/२०२५ असोज १३), पृ. ८, श. प. ।

मुक्तलयका चौबीस हरफमा रचित कवितामा माता दुर्गे भवानीको स्तुति गरिएको छ ।

८४७. सूर्यनारायण, **साहित्य रत्न, युगपुरुष श्री ५ महेन्द्र,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ३३, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

कविता मात्रा छन्दका बाह्र पङ्क्तिमा रचित छ । कवितामा रवि, रश्मि रहुन्जेल श्री ५ महेन्द्रले राज्य गरिरहनु पर्छ भन्ने भाव व्यक्त भएको छ ।

८४८. सोमदत्त ओझा, **नेपाल र नेपाली,** (६४ : ३५/२०२० असोज १३), पृ. १०, श. प. ।

गीतिलयका सोह्र पङ्क्तिमा रचिएको कवितामा नेपालीको शौर्यदेखि काल वा मृत्यु पनि डराउँछ भन्ने भाव व्यक्त भएको छ ।

८४९. हंसमान सिंह, **किन,** (६५ : ३०१/२०२२ फागुन २२), पृ. ५, श. प. ।

मुक्तलयका चौध हरफमा रचित कविता हो । यदि सबै मिलेर गर्दा हुन्छ भने देश विकासमा नलाग्नु किन ? भन्ने भाव व्यक्त भएको छ ।

८५०. हंसमान सिंह, **स्मृतिको एक पन्ना,** (६५ : १२२/२०२२ भाद्र १९), पृ. ५, श. प. ।

मात्रा छन्दका बत्तीस पङ्क्तिमा आबद्ध कवितामा श्री ५ त्रिभुवनको मृत्युको संस्मरण गरिएको छ ।

८५१. हंसमान सिंह, **नैतिकता,** (६५ : १५०/२०२२ असोज १६), पृ. ५, श. प. ।

मात्रा छन्दका सोह्र पङ्क्तिमा रचित कवितामा मानव समाज नैतिकता विना नटिक्ने भाव व्यक्त भएको छ ।

८५२. हंसमान सिंह, **एक देशभक्त,** (६६ : ६५/२०२३ असार २५), पृ. ५, श. प. ।

मुक्तलयका सैतीस हरफमा रचिएको कवितामा श्री ५ त्रिभुवनको योगदान र महिमाको वर्णन गरिएको छ ।

८५३. हंसमान सिंह, **जताततै छ तुवाँलै तुवाँलो,** (६८ : ६/२०२५ वैशाख २९), पृ. ५, श. प. ।

मुक्तलयका अठ्ठाइस् हरफमा रचित कविता हो । कवितामा निराकार भइ करोडौ हृदयमा व्याप्त प्रभूको दर्शनका लागि आतुर भएको भाव व्यक्त भएको छ ।

८५४. हंसमान सिंह, **आकाशै धरती ओर्लेको,** (६८ : १२/२०२५ जेठ ४), पृ. ५, श्री ५ महेन्द्र स्वागताङ्क ।

मुक्तलयका चौबीस हरफमा रचिएको कवितामा श्री ५ महेन्द्र स्वास्थ्य लाभसहित कैलालीबाट फर्किदा हर्षोल्लास व्यक्त गरिएको छ ।

८५५. हंसमान सिंह, **अधिकार र कर्तव्य,** (६९ : ४०/२०२६ असार ३२), पृ. ३ ।

मुक्तलयका नौ हरफमा रचित कवितामा कर्तव्यको साथमा हिँडेमा अधिकार स्वतः झल्कन्छ भने भाव व्यक्त भएको छ ।

८५६. हरिप्रसाद पौड्याल, **चिरायू कामना,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ४८, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

वसन्ततिलका छन्दका बाह्र पङ्क्तिमा रचित कवितामा श्री ५ महेन्द्रको चिरायूको कामना गरिएको छ ।

८५७. हरिप्रसाद पौड्याल, **नयाँ वर्षप्रति,** (६२ : १/२०१९ वैशाख १), पृ. ४, नववर्षारम्भ विशेषाङ्क ।

मुक्तलयका सैंतीस हरफमा रचिएको कवितामा नयाँ वर्षमा हुने स्वभाविक प्राकृतिक परिवर्तनको वर्णन गरिएको छ ।

८५८. हरिप्रसाद चालिसे, **स्वागत्** (६४ : २६/२०२० वैशाख २६), पृ. १६, पाकिस्तानी राष्ट्रपति स्वागताङ्क ।

कवितामा पाकिस्तानी राष्ट्रपति महम्मद अयुव खाँको हार्दिक स्वागत गरिएको छ । कवितामा नमिलेका शार्दूलविक्रीडित छन्दका चार पङ्क्ति रहेका छन् ।

८५९. हरिभक्त कटुवाल, **प्रतिक्रिया,** (६९ : २९९/२०२६ फागुन २४), पृ. ७, श.प. ।

मुक्तलयका तीस हरफमा रचित कवितामा श्रृङ्गारिक भाव अभिव्यक्त भएको छ ।

८६०. हरिहर शास्त्री, **कवि,** (६९ : ८२/२०२६ वैशाख ११), पृ. ६, श. प. ।

अनुष्टुप छन्दका चौबीस पङ्क्तिमा रचित कवितामा कवि को हुन् भन्ने बारेमा परिचय गराइएको छ ।

८६१. हेम हमाल, **प्रत्येक हुलमुलमा** (६६ : ५१/२०२३ असार ११, पृ. ७, श.प. ।

मुक्तलयका सोह्र हरफमा रचित कवितामा कविले कहिल्यै एक्लो नहुने भाव व्यक्त गरेका छन् ।

८६२. हेम पौड्याल, **संझना** (६८ : ३२९/२०२५ चैत २३), पृ. ६, श. प. ।

कवितामा भूतपूर्व अमेरिकी राष्ट्रपति आइजन आवरको मानवतावादमाथि चर्चा गरिएको छ । कविता मुक्तलयका तेह्र हरफमा रचित छ ।

८६३. हेमचन्द्र शर्मा पोखरेल, **जय देश जय नरेश,** (६१ : ५८/२०१८ जेठ २९), पृ. ५१, श. प. ।

मन्दाक्रान्ता छन्दका अठ्ठाइस पङ्क्तिमा रचिएको कवितामा राजा महेन्द्रको यशोधन गरिएको छ ।

८६४. हेमचन्द्र शर्मा पोखरेल, **जय देश जय नरेश,** (६१ : ५८/०१८ जेठ २९), पृ. ५, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

मन्दाक्रान्ता छन्दका अठ्ठाइस् पङ्क्तिमा रचित कवितामा राजा महेन्द्रको जयगान गरिएको छ ।

८६५. होमनाथ, **जाग्रत नेपाल,** (६३ : २३४/२०१९ मङ्सिर २३), पृ. १५, श. प. ।

शार्दूलविक्रीडित छन्दका बाह्र पङ्क्तिमा रचिएको कवितामा राजा महेन्द्रको प्रत्यक्ष शासन प्रणालीको महिमा गाइएको छ ।

८६६. होमनाथ उपाध्याय, **वाग्मती,** (६३ : २६२/२०१९ पौष २१), पृ. १६, श. प. ।

मालिनी छन्दका बीस पङ्क्तिमा रचित कवितामा वाग्मती नदीसँग विविध प्रश्नहरू गरिएको छ ।

## ४.१.१ प्रकाशित गीत तथा गीतकारहरूका प्रमुख प्रवृत्तिहरू

वि.सं. २०१७ देखि २०२६ चैत मसान्तसम्मका बीचमा गोर्खापत्रमा गीतहरूको प्रकाशन सङ्ख्या तुलनात्मक रूपमा कविताको दाँजोमा पुग्न नसके पनि विधागत अस्तित्व कायम राख्न भने सफल भएको छ । यस समयावधिमा सङ्ख्यात्मक रूपमा जम्मा ८७ ओटा गीतहरू मात्र प्रकाशित भएका छन् । प्रकाशित गीतहरू अति सामान्यदेखि अति उच्चस्तर सम्मका पनि छन् । तत्कालीन अवस्थामा गोर्खापत्रमा प्रकाशित केही गीतहरू पछि कतिपय गायक गायिकाहरूले स्वराङ्कन गरी रेडियोबाट समेत बज्ने गरेको पनि पाइन्छ । यसो हुनुले पनि तत्कालीन अवस्थाका गीतहरू उच्चस्तरका भएको प्रमाणित हुन्छ । यसका अतिरिक्त गीत प्रकाशनमा खड्कँदो पक्ष भने शीर्षकहीनताको अवस्था हो । केही गीतहरूमा मात्र प्रकाशकले शीर्षक दिएर प्रकाशन गरिदिएको नत्र शीर्षकको स्थानमा एक गीत, गीतजस्ता शब्दहरू राखिदिएको देखिन्छ । कतिपय गीतमा भने शीर्षकको ठाउँ पूरै खाली हुने गरेको पनि पाइयो । अध्ययनको उद्देश्य विवरणात्मक सूचीपत्र तयार गर्ने भएकाले रचनाहरू जस्ता छन् त्यस्तै राख्नु बाञ्छनीय ठानी शीर्षकहीन गीतलाई पनि शीर्षक खाली नै राखेर पनि गीतको मूलभाव र अन्य विवरणहरू यथावत समावेश गरिएको छ ।

कवितामा जस्तै प्रकाशित गीतहरूमा पनि प्रवृत्ति वैविध्य पाइन्छ । यस समयावधिका गीतहरूमा एकातिर युवासुलभ प्रणयभाव मुखरित भएको पाइन्छ भने अर्कोतिर राष्ट्रप्रेमले ओतप्रोत भएका राष्ट्रिय भावनाका गीतहरू पनि उत्तिकै रहेका छन् । खासगरी देश विकासका लागि आह्वान गर्दै सम्पूर्ण देशबासीहरूलाई विकास कार्यमा अग्रसर हुन आग्रह गरिएका गीतहरू यस कोटीमा पर्दछन् । यसैगरी नेपालको प्राकृतिक सुन्दरताको वर्णन गरिएका गीतहरू पनि उल्लेख्य सङ्ख्यामा पाइएका छन् । यस किसिमका गीत रचना गर्ने गीतकारहरूमा चन्द्रकान्त शर्मा, धर्मराज थापा, ध्रुवकृष्ण दीप, प्रेमविनोद नन्दन, लक्ष्मण लोहनीआदि प्रतिनिधि गीतकारहरू मानिन्छन् । यिनीहरूका गीतहरूमा देशको प्राकृतिक सौन्दर्यको वर्णन, राष्ट्रनिर्माणको चाहना, राज्यको भावनात्मक एकतामा जोड, राष्ट्रिय स्वाभिमान र प्रतिष्ठाप्रति आत्मगौरवको भाव अभिव्यक्त भएको पाइन्छ ।

यसैगरी युवासुलभ प्रणयभावले युक्त श्रृङ्गारिक गीतहरूको रचना गर्दै श्रृङ्गारिक प्रवृत्तिलाई मलजल गर्ने गीतकारहरूमा गणेश रसिक, पुरु रिसाल, शैलेन्द्र साकार, निर्मोही राणा, आदि प्रतिनिधि गीतकार रहेका छन् । ती गीतकारहरू कतै आफ्नी मायालुलाई जूनतारासँग दाँजिरहेका हुन्छन् भने कतै अञ्जानवस भएका गल्तीहरूप्रति क्षमा याचना गरिरहेका हुन्छन् । जे जसरी प्रस्तुत भए पनि आखिर उनीहरू श्रृङ्गारिक भावको अभिव्यक्ति गरिरहेका पाइन्छन् । यसप्रकार अन्तर्मनका प्रणयमूलक अनुभूतिहरूलाई कलात्मक रूप दिँदै श्रृङ्गारिक गीत रचना गर्ने प्रचलन पनि यस समयमा प्रशस्त पाइन्छ ।

कवितामा जस्तै गीतहरूमा पनि स्तुतिमूलक परम्परा हुर्किएको पाइन्छ । स्तुतिको प्रक्रिया पनि कवितामा झैं शासनसत्ताका परिवृत्तभित्र केन्द्रित भएको पाइन्छ । खासगरी शासक, शासन व्यवस्था तथा व्यवस्थाले अख्तियार गरेका नीति तथा कार्यक्रमहरूको स्तुति र तारिफ गर्ने प्रवृत्ति यस समयका गीतहरूमा पाइन्छन् । यस्ता स्तुतिमूलक गीतका रचनाकारहरूका रूपमा कोइली देवी, नीरविक्रम प्यासी, विश्वनाथ, प्रेमविनोद नन्दन, रत्न थापा आदि रहेका छन् । यिनीहरूका गीतमा कतै श्री ५ हरूको चिरायू र अटल सौभाग्यको कामना गरिएको हुन्छ भने कतै राजमुकुटको महिमा र प्रशस्ति वर्णन गरिएको पनि पाइन्छ । थोरै सङ्ख्यामा प्रकाशित भए पनि यस समयावधिका गीतहरूले स्तुति परम्परालाई प्रशस्त टेवा पुऱ्याएका छन् ।

यसरी वि.सं. २०१७ सालदेखिका एक दशकमा गीतहरूको सङ्ख्या केही कमी नै भए पनि प्रवृत्तिगत विविधताले युक्त देखिन्छन् । प्रवृत्तिगत छहारीभित्र समेट्ने क्रममा यस समयमा श्रृङ्गारिक गीत, राष्ट्रिय भावधाराका गीत तथा स्तुतिमूलक गीत गरी जम्मा तीन किसिमका गीतहरू गोर्खापत्रमा प्रकाशित देखिन्छन् ।

## प्रकाशित गीतहरूको वर्णानुक्रमिक सूची

१. इन्दुकान्त शर्मा, **एक गीत,** (६३ : ३३२/२०१९ चैत ३), पृ. ९, श. प. ।

गीतमा प्रवासिएका नेपालीहरू समक्ष नेपाल आमाको काख खाली भएकोमा गुनासो गरिएको छ । गीत सोह्र पङ्क्तिको छ ।

२. इन्द्रमान वैद्य, **राष्ट्रिय गीत,** (६३ : ३१८/२०१९ फागुन १८), पृ. ५, श. प. ।

गीतमा स्वदेश प्रेमको लागि त्यागको भावना चाहिन्छ भन्ने भाव व्यक्त भएको छ । गीत बीस पङ्क्तिको छ ।

३. एम.बी.वि.शाह, **देशको माटो,** (६१ : १९९/२०१९ कार्तिक १८), पृ. १०, श. प. ।

गीतमा जुन देशको नागरिक भएर जन्मियो त्यसैका लागि मर्न पाइयोस् भन्ने भाव व्यक्त भएको छ । गीत बीस पङ्क्तिको छ ।

४. ओलिभर गोल्डस्मिथ, **एक गीत,** (६७ : ९८/२०२४ साउन २८), पृ. ५, श. प. ।

गीतमा पहिला कुकर्म गर्दाको परिमाण ढीलै भए पनि पाइन्छ भन्ने भाव भाव व्यक्त भएको छ । गीत बीस पङ्क्तिको छ ।

५. कञ्चन पुरासैनी, **पञ्चायतको गीत,** (६४ : २२६/२०२० मार्ग १४), पृ. ५, श. प. ।

गीतमा पञ्चायतको मन्दिरमा प्रजातन्त्रकी देवीले बास गर्ने भाव व्यक्त भएको छ । गीत बाह्र पङ्क्तिमा रहेको छ ।

६. किरण खरेल, **एक गीत,** (६८ : २१७/२०२५ मार्ग २९), पृ. ५, श. प. ।

गीतमा आफ्नी प्रेमिकाको लाखौँ वर्षको आयु होस् भन्ने भाव व्यक्त भएको छ । गीत दस पङ्क्तिको छ ।

७. कोइली देवी, **आजको शुभदिन,** (६३ : ११३/२०१९ साउन २०), . ।

गीतमा बडामहारानी श्री ५ रत्नको जन्म दिनलाई विशेष दिनका रूपमा मनाउन आग्रह गरिएको छ । गीत चौध पङ्क्तिको छ ।

८. कोइली देवी, **नवरात्री,** (६९ : १६५/२०२६ कार्तिक २), पृ. ५, विजयादशमी विशेषाङ्क ।

गीतमा नवरात्रीको महत्त्व तथा महिमाको गान गरिएको छ । गीत एघार पङ्क्तिको छ ।

९. कोमलदत्त तिवारी, **प्रस्थान गीत,** (६३ : २०६/२०१९ कार्तिक २५), पृ. १८, श. प. ।

अठार पङ्क्तिको प्रस्तुत गीतमा देशनिर्माणको महान् अभियानमा सरिक हुन सम्पूर्ण नेपालीलाई आह्वान गरिएको छ ।

१०. क्षेत्रप्रताप अधिकारी, **एक गीत,** (६४ : २६९/२०२१ माघ २४), पृ. ६, श. प. ।

गीतमा जति पवित्र हाम्रो देश छ उति नै नाम पनि राम्रो छ भन्ने भाव व्यक्त भएको छ । गीतमा बाह्र पङ्क्ति रहेका छन् ।

११. गणेश रसिक, **चोखो छ ............,** (६६ : २१५/२०२३ पौष ९), पृ. ६, श. प. ।

गीतमा आफ्नो माया सुनकोशीको पानी जस्तै चोखो भएको भाव व्यक्त भएको छ । गीत तेह्र पङ्क्तिमा रचित छ ।

१२. गणेश रसिक, **किन लायौ............,** (६६ : २१५/२०२३ पौष ९), पृ. ६, श. प. ।

गीतमा आफ्नी मायालुलाई छाडी जाने भए किन माया लगायौ भनेर प्रश्न गरिएको छ । गीत नौ पङ्क्तिको छ ।

१३. चन्द्रकान्ता शर्मा, **कसरी मैले.........,** (६३ : २२७/२०१९ मार्ग १६), पृ. ८, श. प. ।

गीतमा धनदौलत नभएर पनि स्वदेशमै रमाउने तर विदेश भने नजाने भाव व्यक्त भएको छ । गीतमा पन्ध्र पङ्क्ति रहेका छन् ।

१४. चन्द्रकान्ता शर्मा, ..............., (६४ : २०७/२०२० कार्तिक २३), पृ. ५, श. प. ।

गीतमा सुन्दर देश पाएर पनि यसलाई बनाउन नसकिएकोमा अफसोच व्यक्त गरिएको छ ।

१५. चन्द्रजङ्ग थापा, **अभियान गीत,** (६७ : ३४१/२०२५ वैशाख ८), पृ. ६, श. प. ।

गीतमा तत्कालीन व्यवस्थाले अख्यितार गरेको गाउँफर्क अभियानलाई सफल पार्न आह्वान् गरिएको छ । गीत सोह्र पङ्क्तिको छ ।

१६. जनकप्रसाद हुमागाइँ, **स्वागतगीत,** (६४ : २६/२०२० वैशाख २६), पृ. ३, पाकिस्तानी राष्ट्रपति महम्मद अयुव खाँ स्वागताङ्क ।

गीतमा एक आपसमा मैत्रीभाव कायम रहन सकियोस् भन्ने भाव व्यक्त भएको छ । गीत सोह्र पङ्क्तिको छ ।

१७. जे.आर.वाग्ले, **राष्ट्रिय गान,** (६७ : ३५५/२०२५ वैशाख २२), पृ. ५, श. प. ।

गीतमा देशका वीरहरूलाई देशको उन्नतिका लागि प्रयत्नरत रहन आग्रह गरिएको छ । गीत तेह्र पङ्क्तिमा आबद्ध छ ।

१८. दमन ढुङ्गाना, **एक गीत** (६३ : ३०७/२०१९ फागुन ७), पृ. ९, प्रजातन्त्र दिवस विशेषाङ्क ।

गीतमा ताराजस्तै छरिएर आकाशमा हिँड्ने इच्छा व्यक्त गरिएको छ । गीत तेह्र पङ्क्तिमा आबद्ध छ ।

१९. दुर्गा, **एक गीत,** (६७ : २६७/२०२४ माघ २०), पृ. ६, श. प. ।

गीतमा नेपाल रूपी देशमा भावनाको बीऊ रोपेर सिर्जना टिप्ने भाव व्यक्त गरिएको छ । गीत छ पङ्क्तिमा रचिएको छ ।

२०. देवीप्रसाद सुवेदी, **मनको वह,** (६६ : ३०/२०२३ जेठ २२), पृ. ६, श. प. ।

गीतमा नचाहँदैमा पनि दिलको रहर आफैं पोखिने भाव व्यक्त भएको छ । गीत आठ पङ्क्तिको छ ।

२१. दैवज्ञराज न्यौपाने, **एक गीत,** (६७ : २२५/२०२४ पौष ८), पृ. ८, श. प. ।

गीतमा आफ्नी प्रेयसीको सौन्दर्यको वर्णन गरिएको छ । गीत बाह्र पङ्क्तिको छ ।

२२. दैवज्ञराज न्यौपाने, **एक गीत,** (६५ : ३४८/२०२३ वैशाख ११), पृ. ७, श. प. ।

गीतमा आफ्नो हृदयमा मायालुको चोखोमाया सँगालेको भाव व्यक्त गरिएको छ । गीतमा चौध पङ्क्ति छन् ।

२३. दैवज्ञराज न्यौपाने, **लालीगुराँस,** (६९ : ९/२०२३ जेठ १), पृ. ९, श. प. ।

गीतमा महिलाको सिउँदोमा सिन्दुर झल्केजस्तै पहाडी वनमा लालीगुराँस फुलेको भाव व्यक्त भएको छ । गीत बीस पङ्क्तिको छ ।

२४. दैवज्ञराज न्यौपाने, **एक गीत,** (६९ : २३६/२०२६ पौष १९), पृ. ५, श. प. ।

गीतमा आफ्नी प्रेयसीसमक्ष आफूलाई भेट्न सपनीमा आउन आग्रह गरिएको छ । गीत चौध पङ्क्तिको छ ।

२५. धर्मराज थापा, **शुभसमाचार,** (६४ : २००/२०२१ मङ्सिर १३), पृ. ८, श. प. ।

गीतमा भूमिसुधार लागू हुने शुभसमाचारले अत्यन्त हर्षित भएको भाव व्यक्त भएको छ । गीतमा बाइस पङ्क्ति छन् ।

२६. धर्मराज थापा, **कथा लुकेको कटेरीतिर,** (६७ : १९४/२०२४ मार्ग ९), पृ. ५, श. प. ।

गीतमा वास्तविक कथा व्यथा कटेरी र मझेरीमा लुकेको हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

२७. धर्मराज थापा, **अभियान गीत,** (६७ : २६७/२०२४ माघ २०), पृ. ५, श. प. ।

गीतमा विकासका नौला कार्यक्रम ल्याउन आग्रह गरिएको छ । गीत चौध पङ्क्तिमा आबद्ध छ ।

२८. धर्मराज थापा, **यो श्यामकर्ने घोडा,** (६७ : ३४१/२०२५ वैशाख ८), पृ. ७, श. प. ।

गीतमा तत्कालीन व्यवस्थाले अङ्गीकार गरेको गाउँफर्क अभियान सफल पार्न आह्वान् गरिएको छ। गीत तेइस पङ्क्तिको छ।

२९. धर्मराज थापा, **जिन्दगीको एउटा गीत,** (६७ : ३४८/२०२५ वैशाख १५), पृ. ७, श. प. ।

गीतकारले जीवनका वर्षहरू त्यतिकै उडेर गएकोमा चिन्ता व्यक्त गरेका छन् । गीतमा चौध पङ्क्ति रहेका छन् ।

३०. ध्रुवकृष्ण दीप, **धरतीको पहिलो,** (६३ : ३०४/२०१९ फागुन ४), पृ. ६, श. प. ।

गीतमा नेपाललाई धरतीको पहिलो स्वर्ग भनिएको छ। गीतमा बीस पङ्क्ति रहेका छन्।

३१. ध्रुवकृष्ण दीप, **सान्त्वना गीत,** (६४ : १६१/२०२० असोज ५), पृ. ५, श. प. ।

गीतमा सिर्जना र प्रेरणा छर्न पाए मात्र मनले शान्ति पाउने भाव व्यक्त भएको छ । गीतको आयाम बीस पङ्क्तिको रहेको छ।

३२. ध्रुवकृष्ण दीप, **युवक गीत,** (६४ : ११९/२०२० श्रावण २६), पृ. १०, श. प. ।

गीतकारले युवकहरूलाई देशको नयाँ रगत तथा नयाँ प्राणको रूपमा चित्रण गरेका छन् । गीतमा चौबीस पङ्क्ति रहेका छन् ।

३३. निर्मोही राणा, **एउटा गीत,** (६७ : ३०८/२०२४ चैत ३), पृ. ८, श. प. ।

गीतमा आफू अन्जान भएकाले केही सिकाउन आफ्नी मायालुलाई आह्वान गरिएको छ । गीत एघार पङ्क्तिको छ।

३४. ध्रुवकृष्ण दीप, **वासन्ती गीत,** (६४ : ३१०/२०२० फागुन १०), पृ. ९, श. प. ।

गीतमा वासन्ती गीतले आफ्नो बचपनको याद गराउने भाव व्यक्त गरिएको छ । गीत सोह्र पङ्क्तिको छ।

३५. नीरविक्रम प्यासी, **हाम्रो श्रीपेच,** (६६ : १४९/२०२३ असोज १५), पृ. ७, श. प. ।

गीतमा राजाको कीर्ति अगाडि चन्द्रमा पनि फिका हुने भाव व्यक्त भएको छ। गीतमा तेह्र पङ्क्ति छन् ।

३६. नीरविक्रम प्यासी, **श्रीपेच,** (६८ : ३४२/२०२६ वैशाख ७), पृ. ७, श. प. ।

गीतमा नेपाली राजाको श्रीपेचको वर्णन गरिएको छ। गीतमा तेह्र पङ्क्ति रहेका छन्।

३७. परशु प्रधान, **एक गीत,** (६४ : १७५/२०२० असोज १९), पृ. ६, श. प. ।

गीतमा विगत र वर्तमान बिर्सिएर सुशेलीले भविष्य बोलाउन आह्वान गरिएको छ। गीतमा सत्र पङ्क्ति रहेका छन्।

३८. पुरु रिसाल, **एक गीत,** (६५ : ३३५/२०२२ चैत २५), पृ. ६, श. प. ।

गीतमा सदा हृदयमा नेपाल आमा मुस्कुराउने छिन् भन्ने भाव व्यक्त भएको छ । गीतमा दस पङ्क्ति छन्।

३९. पुरु रिसाल, **फर्किएर,** (६६ : ३०/२०२३ जेठ २२), पृ. ६, श. प. ।

श्रृङ्गारिक भाव व्यक्त भएको चौध पङ्क्तिको गीत हो।

४०. पुरु रिसाल, **सिर्जना गीत,** (६६ : १२१/२०२३ भाद्र १८), पृ. ६, श. प. ।

गीतमा सिर्जनापथमा सदा लम्किरहन आग्रह गरिएको छ। गीत दस पङ्क्तिको छ।

४१. पुरुषोत्तम बस्नेत, **निर्माण गीत,** (६३ : २२७/२०१९ मङ्सिर १६), पृ. १२, श. प. ।

गीतमा साहसी र बहादुर नेपाली सधैं निर्माणको बाटोमा लागिपरिरहन्छ भन्ने भाव व्यक्त भएको छ।

४२. पूर्णरत्न बज्राचार्य, **एउटा गीत,** (६६ : १२८/२०२३ भाद्र २५), पृ. ८, श. प. ।
प्रेमप्रणयसम्बन्धी भावना पोखिएको आठ पङ्क्तिको गीत छ ।

४३. पूर्णरत्न शाक्य, **एक गीत,** (६६ : १७१/२०२३ कार्तिक २०), पृ. ८, श. प. ।
गीतमा शिक्षाको महत्त्वका बारेमा प्रकाश पारिएको छ । गीतमा आठ पङ्क्ति रहेका छन्

४४. पोषण पाण्डे, **लेकको गीत** (६७ : ३४१/२०२५ वैशाख ८), पृ. ५, श. प. ।
गीतमा लेकाली जनजीवन र संस्कृतिको चित्रण गरिएको छ । गीतमा चौबीस पङ्क्ति रहेका छन् ।

४५. प्रदीप रिमाल, **जागृत गीत,** (६४ : ११/२०२१ जेठ ३), पृ. ५, श. प. ।
गीतमा निर्माणको उज्यालोमा सदा लागिरहने भाव व्यक्त भएको छ । गीत चौध पङ्क्तिको छ ।

४६. प्रदीप रिमाल, **हिमालचूली,** (६४ : १७४/२०२१ कार्तिक १५), पृ. ५, श. प. ।
गीतमा हिमालको महिमा वर्णन गरिएको छ । गीतमा चौध पङ्क्ति छन् ।

४७. प्रदीप रिमाल, **गीत,** (६५ : २२/२०२२ वैशाख १२), पृ. ७, श. प. ।
जूनसँग आफ्नी प्रेमिकालाई तुलना गरिएको एघार पङ्क्तिको गीत हो ।

४८. प्रदीप रिमाल, **एउटा गीत,** (६५ : ८०/२०२२ श्रावण ९), पृ. ७, श. प. ।
गीतमा प्रेमप्रणयले आफ्ना मनमा उब्जाएका खुल्दुलीको वर्णन छ । गीतको आयाम एघार पङ्क्तिको छ ।

४९. प्रदीप रिमाल, ................ (६५ : १४३/२०२२ असोज ९), पृ. ७, श. प. ।
गीतमा नयाँ नेपालको सिर्जना गरौँ भन्ने भाव व्यक्त भएको छ । गीत बाइस पङ्क्तिको छ ।

५०. प्रदीप रिमाल, **आत्मा बोल्छ,** (६८ : ३५६/२०२६ वैशाख २१), पृ. ८, श. प. ।
गीतमा स्वदेशी बन्न र स्वदेशकै नाम लिन आग्रह गरिएको छ । गीत चौध पङ्क्तिमा आबद्ध छ ।

५१. प्रेमविनोद नन्दन, ............., (६३ : ३३९/२०१९ चैत १०), पृ. ८, श. प. ।
गीतमा कुनै युवतीको सुन्दरताको वर्णन गरिएको छ । गीतमा चौध पङ्क्ति छन् तर शीर्षक भने दिइएको छैन ।

५२. प्रेमविनोद नन्दन, **आज है............,** (६४ : १४७/२०२० भदौ २२), पृ. ६, श. प. ।
राजाले नेपालीपनको नियम दिएकोमा हर्ष प्रकट गरिएको छ । गीतमा चौध पङ्क्ति छन् ।

५३. भीम विराग, **गाउँफर्क,** (६७ : २६७/२०२४ माघ २०), पृ. ८, श. प. ।
गीतमा गाउँमै फर्किएर गाउँको विकास गर्न आग्रह गरिएको छ । गीतमा बाह्र पङ्क्ति रहेका छन् ।

५४. भैरवनाथ रिमाल 'कदम', **एक गीत,** (६५ : १२९/२०२२ भदौ २६), पृ. ७, श. प. ।
गीतमा नेपालीलाई आफ्ना बाहुबलले बाँच्ने जाति भनिएको छ । गीत आठ पङ्क्तिको छ ।

५५. भैरवप्रसाद अर्याल, **प्रस्थान गीत,** (६२ : १/२०१९ वैशाख १), पृ. ३, नववर्षाङ्क विशेषाङ्क ।
गीतकारले मेची महाकाली जोड्ने अभियानमा सरिक हुन आह्वान् गरेका छन् । गीतमा एकतीस पङ्क्ति रहेका छन् ।

५६. भैरवप्रसाद अर्याल, **एउटा गीत,** (६३ : ३०४/२०१९ फागुन ४), पृ. ५, श. प. ।
गीतमा आकाशका तारालाई आफ्नी मायालुका रूपमा आरोप गर्दै श्रृङ्गारिक भाव व्यक्त भएको छ । गीतमा बीस पङ्क्ति रहेका छन्

५७. मदनदेव भट्टराई, .............., (६३ : २६२/२०१९ पौष २१), पृ. ७, श. प. ।

शीर्षकविहीन दस पङ्क्तिको यस गीतमा देश बनाउन सम्पूर्ण नेपालीले कम्मर कस्नुपर्ने धारणा व्यक्त गरिएको छ ।

५८. मधु, **कागतको टुक्रामा,** (६६ : ३१२/२०२३ चैत ५), पृ. ७, श. प. ।

दस पङ्क्तिको यस गीतमा वातावरण नै प्रेममय भएको भाव व्यक्त भएको छ ।

५९. मधुकर मंगलायन, **जनगीत,** (६४ : २४७/२०२० पौष ६), पृ. ६, श. प. ।

गीतमा आफ्नो राष्ट्र उन्नतिको पथमा देख्दा हृदय पुलकित हुन्छ भन्ने भाव व्यक्त भएको छ । गीतमा बाइस पङ्क्ति रहेका छन् ।

६०. म.बी.वी. शाह, **नसिबकहाँ............,** (६६ : ३३९/२०२४ वैशाख १), पृ. १, नव वर्षाङ्क ।

गीतमा राष्ट्रप्रति श्रद्धाभाव राखौँ भन्ने भाव व्यक्त भएको छ । गति सोह्र पङ्क्तिमा आबद्ध छ ।

६१. माधवप्रसाद घिमिरे, **एक गीत,** (६५ : ६६/२०२२ असार २६), पृ. ९, श. प. ।

गीतमा नेपाली प्रकृतिको वर्णन गरिएको छ । गीत आठ पङ्क्तिको छ ।

६२. माधवप्रसाद घिमिरे, **एक गीत,** (६५ : २०१/२०२२ मार्ग १२), पृ. ६, श. प. ।

गीतभित्र कारणवश आफ्नी मायालुबाट टाढा हुनुपर्दाको पीडा अभिव्यक्त भएको छ । गीतमा चौध पङ्क्ति छन् ।

६३. मेघराज शर्मा, **एउटा गीत,** (६५ : ३१५/२०२२ चैत २०), पृ. ८, श. प. ।

गीतमा कोही युवतीसँग माया प्राप्तिको आशा राखिएको छ । गीत सोह्र पङ्क्तिमा आबद्ध छ ।

६४. मेघराज मञ्जुल, **लेखाली केटीको गीत,** (६६ : ८६/२०२३ श्रावण १५), पृ. ६, श. प. ।

गीतमा राष्ट्रप्रेमप्रति समर्पित चौध पङ्क्ति रहेका छन् ।

६५. रत्न थापा, **हिम्मत गीत,** (६५ : १०१/२०२२ श्रावण ३०), पृ. ५, श. प. ।

गीतभित्र देशका निम्ति मृत्युलाई पनि सामान्य खेलौना सरह ठानिएको छ । गीतमा दस पङ्क्ति रहेका छन् ।

६६. रत्न थापा, **एक गीत,** (६५ : १०६/२०२२ भाद्र ३), पृ. १३, ।

गीतमा श्री ५ बडामहारानी रत्नप्रति समर्पित एघार पङ्क्ति रहेका छन् ।

६७. रत्नशमशेर थापा, **दुई गीत,** (६८ : ७६/२०२५ श्रावण ५), पृ. ६, श. प. ।

दुईगीत मूल शीर्षकअन्तर्गत दुई भिन्नाभिन्नै गीतहरू छन् तर उपशीर्षक दिइएको छैन । पहिलोमा नेपाललाई अमरावतीभन्दा सुन्दर बनाउने चर्चा छ भने दोस्रो गीतमा नेपाली प्रकृतिको वर्णन छ । पहिलो गीत दस पङ्क्ति र दोस्रो आठ पङ्क्तिमा रचिएका छन् ।

६८. रत्नशमशेर थापा, .................., (६९ : १३८/२०२६ असोज ४), पृ. ८, श. प. ।

दस पङ्क्तिको आयाममा रहेको गीतमा प्रेमवियोगको अभिव्यक्ति दिइएको छ । शीर्षक उल्लेख गरिएको छैन ।

६९. राधाकृष्णजंग राणा, **एउटा गीत,** (६८ : ३५६/२०२६ वैशाख २१), पृ. ५, श. प. ।

गीतमा श्रमले बाँच्ने बानीले सिर्जिएको सुन्दरताको वर्णन गरिएको छ । गीतमा सोह्र पङ्क्ति रहेका छन् ।

७०. रामकुमार राई, ..........., (६६ : ३५३/२०२४ वैशाख १६), पृ. ५, श. प. ।

गीतमा दुःखद विपनाभन्दा सुन्दर सपना साँचो हुन्छ भन्ने भाव व्यक्त भएको छ । गीतमा बत्तीस पङ्क्ति रहेका छन् । शीर्षक दिइएको छैन ।

७१. रेवती बज्राचार्य, **एक गीत,** (६८ : १२५/२०२५ भाद्र २३), पृ. ७, श. प. ।

आफ्नी प्रेमिकाको रूप सौन्दर्यको वर्णन गर्दै कमलको फूलसँग तुलना गरिएको छ । गीतमा अठार पङ्क्ति रहेका छन् ।

७२. लक्ष्मण लोहनी, **नेपाल हो मेरो,** (६५ : २८६/२०२२ फागुन ७), पृ. ६, प्रजातन्त्र दिवस विशेषाङ्क ।

दस पङ्क्तिको यस गीतमा देशप्रतिको श्रद्धाभाव व्यक्त गरिएको छ ।

७३. लक्ष्मण लोहनी, **मानिसको मान गर्छु म,** (६५ : २८६/२०२२ फागुन ७), पृ. ६, प्रजातन्त्र दिवस विशेषाङ्क ।

गीतमा मानिस भएर मानिसको इज्जत गर्न सक्नुपर्दछ भन्ने भाव व्यक्त भएको छ । गीतमा दस पङ्क्ति रहेका छन् ।

७४. लक्ष्मण लोहनी, **अभियान गीत,** (६७ : १९०/२०२४ मार्ग २), पृ. ५, श. प. ।

सोह्र पङ्क्तिको यस गीतमा आफ्नै गाउँघरमा विकासका पूर्वाधार तयार पार्न आग्रह गरिएको छ ।

७५. लक्ष्मण लोहनी, **एक गीत,** (६७ : ३२९/२०२४ चैत २४), पृ. ६, श.प. ।

गीतभित्र प्रकृतिले आफूलाई सदुपयोग गरिदिन आग्रह गरिरहेकी छन् भन्ने भाव व्यक्त भएको छ । गीतमा अठार पङ्क्ति रहेका छन् ।

७६. लक्ष्मण लोहनी, **सन्तानले........,** (६८ : २३८/२०२५ पौष २१), पृ. ७, श.प. ।

गीतमा दुई सन्तान नै ईश्वरका वरदान हुन् भन्ने भाव व्यक्त भएको छ । गीत अठार पङ्क्तिमा रचिएको छ ।

७७. लालबहादुर तामाङ, **युवा गीत,** (६८ : २१०/२०२५ मार्ग २२), पृ. ६, श. प. ।

गीतमा चेतनाको दियो जलाएर अशिक्षा र गरिबी हटाउने प्रण गरिएको छ । गीत चौध पङ्क्तिमा आबद्ध छ ।

७८. विजय बज्राचार्य, **दुःखको बेला,** (६८ : १४६/२०२५ असोज १३), पृ. ६, श. प. ।

दुःखको बेला सुखको आभास गराउने व्यक्ति नै नभएको भन्ने भाव गीतका आठ पङ्क्तिमा व्यक्त भएको छ ।

७९. विश्वनाथ, **चिरायू होस्,** (६४ : ५९/२०२० जेठ २८), पृ. ४५, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

श्री ५ महेन्द्रको चिरायूको कामना गरिएको छ । गीतमा तेह्र पङ्क्ति रहेका छन् ।

८०. विष्णु नवीन, **एक गीत,** (६६ : ३३३/२०२३ चैत २६), पृ. ६, श. प. ।

चौध पङ्क्तिको यस गीतमा प्रेमको अमरत्वको भाव व्यक्त भएको छ ।

८१. विष्णु नवीन, **विदेश जानेसँग,** (६३ : २७६/२०१९ माघ ६), पृ. ९, श. प. ।

गीतभित्र देश छाडेर परदेशी नबन्न आग्रह गरिएको छ । गीतमा बाह्र पङ्क्ति रहेका छन् ।

८२. शरद भट्टराई, **एक गीत,** (६६ : २१५/२०२३ पौष ९), पृ. ७, श. प. ।

ईच्छाहरूको प्राप्ति एक दिन अवश्य हुने भाव व्यक्त भएको छ । गीतमा चवालीस पङ्क्ति रहेका छन् ।

८३. शिवगोपाल रिसाल, **राष्ट्रगीत,** (६३ : १२७/२०१९ भाद्र २), पृ. ३, श. प. ।

गीतभित्र हरेक नेपालीमा राष्ट्रिय भावना जगाउनु पर्ने भाव व्यक्त भएको छ । गीतमा बीस पङ्क्ति छन् ।

८४. शैलेन्द्र साकार, **साँझपछि,** (६४ : ७७/२०२० असार १५), पृ. १३, श. प. ।

गीतमा मायालुबिनाको जीवन बँचाई व्यर्थको हुने भाव व्यक्त भएको छ । गीत बीस पङ्क्तिको छ ।

८५. सुमनकुमार नेपाली, **पञ्चायतको गीत,** (६४ : ३१०/२०२० फागुन १०), पृ. ९, श. प. ।

गीतमा करोडौँ नेपालीका गलाले पञ्चायती गीत गाएको भन्ने भाव व्यक्त भएको छ । गीत बीस पङ्क्तिको छ ।

८६. हरिभक्त कटुवाल 'प्रवासी', **चाहिँदैन,** (६४ : १३५/२०२१ असोज, ४), पृ. ९, श. प. ।

गीतभित्र बहुमूल्य धातु होइन केवल अलिकति माया भए पुग्छ भन्ने भाव व्यक्त भएको छ । गीतमा चौध पङ्क्ति रहेका छन् ।

८७. हिम्मतनारायण पागामी, **एक गीत एक प्रीत,** (६८ : २७३/२०२५ माघ २६), पृ. ६, श. प. ।

गीतभित्र सुन्दर नेपाललाई छाडेर परदेश नजान आग्रह गरिएको छ । गीतमा चौध पङ्क्ति रहेका छन् ।

## ४.१.२ प्रकाशित मुक्तक र मुक्तककारका प्रमुख प्रवृत्तिहरू

विधागत उपस्थिति देखाएर पनि कम सङ्ख्यामा प्रकाशित हुने साहित्यिक विधाका रूपमा मुक्तकलाई लिन सकिन्छ । अध्ययनक्षेत्रका दसवर्षभित्र उपलब्ध स्रोतमा भेटिएसम्म जम्मा एघार जना सर्जकहरूका ३७ ओटा मुक्तकहरू प्रकाशित भएका छन् । यही सङ्ख्या पनि अध्ययन क्षेत्रका उत्तरार्द्धतिर आएर देखिन थालेको हो । कतिपय विधाहरूले तत्कालीन अवस्थामा उपस्थिति समेत नदेखाएको परिप्रेक्ष्यमा यतिकै सङ्ख्यालाई पनि सन्तोषजनक नै मान्नुपर्छ । मुक्तक प्रकाशन हुँदा पनि गीतको झैँ शीर्षकहीनता तथा दुई मुक्तक, चार मुक्तकजस्ता मूल शीर्षकभित्र मुक्तकहरू प्रकाशित हुने प्रवृत्ति देखिन्छ । यस प्रवृत्तिले अध्ययनमा केही बाधाहरू उत्पन्न भए पनि गीतको झैँ गरी रचनाहरू नछुटुन भन्ने उद्देश्यले सबै रचनाहरूलाई समावेश गरी विवरणात्मक सूचीपत्र तयार गरिएको छ ।

यस समयावधिमा प्रकाशित मुक्तकहरूमा जीवनप्रतिको निस्सारता र हीनताबोधको अभिव्यक्ति दिनुका साथै मायाप्रेमका प्रसङ्ग उठाउँदै श्रृङ्गारिक अभिव्यक्ति दिने प्रवृत्ति पनि पाइन्छ । यस समयका प्रमुख मुक्तककारहरूमा रत्न थापा, वासु शशी, पारिजात, कृष्ण पाखिन आदिको नाम लिन सकिन्छ ।

**<u>प्रकाशित मुक्तकहरूको वर्णानुक्रमिक सूची</u>**

१. किरण खरेल, **तीन मुक्तक,** (६८ : ३०१/२०२५ फागुन २५), पृ. ८, श. प. ।

संयुक्त रूपमा आएका मुक्तकमा व्यक्तिगत जीवन तथा प्रेमप्रसङ्गहरू वर्णन गरिएका छन् । प्रत्येक मुक्तक चारचार पङ्क्तिका रहेका छन् ।

२. कृष्ण जोशी, **दुई मुक्तक,** (६४ : ३१७/२०२० फागुन १७), पृ. ६, श. प. ।

मुक्तकहरूमा नेपालीको बहादुरीको वर्णन गरिएको छ ।

३. कृष्ण पाखिन, **वसन्त चार मुक्तक,** (६६ : ३२६/२०२३ चैत्र १९), पृ. ८, श. प. ।

बेग्लाबेग्लै चार मुक्तकहरूमा वसन्तको महिमा वर्णन गरिएको छ ।

४. कृष्ण पाखिन, **चार मुक्तक,** (६७ : ३२९/२०२४ चैत्र १४), पृ. ५, श. प. ।

प्रत्येक मुक्तकमा मायाप्रेमका कारण सिर्जित अवस्थाको उल्लेख गरिएको छ । प्रत्येक मुक्तकमा चारचार हरफ रहेका छन् ।

५. ज्ञान उदास, **मेरो अभिव्यञ्जना,** (६७ : २१/२०२४ जेठ १३), पृ. ७, श. प. ।

मुक्तकमा मायालुप्रति समर्पित हुन पाऊँ भन्ने भाव व्यक्त भएको छ । मुक्तक चार हरफको रहेको छ ।

६. खगेन्द्र नेपाली, **पाँच मुक्तकहरू,** (६४ : १७४/२०२१ कार्तिक १५), पृ. ८, श. प. ।

मुक्तकहरूमा हृदय, जीवन, प्रेम, मित्रताजस्ता पक्षमा चोटिलो अभिव्यक्ति दिइएको छ ।

७. प्रेम शेर्पा 'विरोकी', **साथी र मायालुलाई दुई मुक्तक,** (६८ : ६९/२०२५ असार ३०), पृ. ८, श. प. ।

पहिलो मुक्तकमा अकस्मात मायाले छुँदा अफशोच व्यक्त गरिएको छ भने दोस्रोमा आफ्नो जीवन इतिहास देखाउने इच्छा व्यक्त गरिएको छ । पहिलोमा आठ हरफ रहेका छन् भने दोस्रोमा सात हरफ रहेका छन् ।

८. पारिजात, **एक मुक्तक,** (६४ : ९८/२०२० श्रावण ५), पृ. १५, श. प. ।

चार हरफको मुक्तकमा विसङ्गत जीवनको स्थितिबोध गराइएको छ ।

९. बेनु आचार्य, **दुई मुक्तक,** (६७ : ७०/२०२४ असार ३१), पृ. ७, श. प. ।

पहिलो मुक्तकमा चीरपरिचित मित्रहरूले नचिनेको भैं अभिनय गर्दा लागेको दुःखेसो व्यक्त भएको छ भने दोस्रोमा कसैसँगको विगत स्मृतिको परिणाम उल्लेख गरिएको छ । दुवै मुक्तकहरूमा आठआठ हरफ रहेका छन् ।

१०. रत्न थापा, **दुई मुक्तक,** (६७ : २४१/२०२१ पौष २६), पृ. ६, श. प. ।

दुवै मुक्तकहरू मायाप्रेमसँग सम्बन्धित छन् । प्रत्येक मुक्तकहरू चारचार हरफका छन् ।

११. रत्न थापा, **दुई मुक्तक,** (६४ : २६२/२०२१ माघ १७), पृ. ८, श. प. ।

उपलब्ध स्रोतमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

१२. रत्न थापा, **तीन मुक्तक,** (६५ : १०/२०२२ माघ २), पृ. ७, श. प. ।

मायाप्रेमसँग सम्बन्धित प्रत्येक मुक्तकमा मायाका कारण सिर्जित अवस्थाको झल्को दिइएको छ । प्रत्येक मुक्तक चारचार हरफका रहेका छन् ।

१३. वाशु शशी **एक मुक्तक,** (६४ : १४९/२०२१ असोज १८), पृ. ८, श. प. ।

मुक्तकमा जीवनप्रतिको असन्तुष्टि र वितृष्णा व्यक्त भएको छ । मुक्तक आठ हरफको छ ।

१४. वाशु शशी **तीनमुक्तक,** (६४ : २४१/२०२१ माघ ३), पृ. ७, श. प. ।

पहिलो मुक्तक उज्ज्वल जिन्दगीको पक्षमा र दोस्रो वसन्तको चित्रणमा केन्द्रित छ । तेस्रो भने लिपि अस्पष्ट भएकाले अध्ययन गर्न नसकिने छ । प्रत्येक मुक्तकमा तीनतीन पङ्क्ति रहेका छन् ।

१५. सूर्य प्रधान, **तीन मुक्तक,** (६८ : ३२९/२०२५ चैत २३), पृ. ५, श. प. ।

पहिलो र दोस्रो मुक्तकमा सम्झनाको बारेमा प्रकाश पारिएको छ भने तेस्रोमा माया पाउन नसकेको भाव व्यक्त भएको छ । पहिलो मुक्तक चार हरफ, दोस्रो पाँच हरफ र तेस्रो छ हरफका रहेका छन् ।

## ४.२ प्रकाशित कथा र कथाकारहरूका प्रमुख प्रवृत्तिहरू

नेपाली साहित्यको माध्यमिक कालदेखि नै सवल रूपमा आफ्नो उपस्थिति देखाउँदै आएको कथा साहित्य आधुनिक कालमा प्रवेशसँगै झन् सशक्त भएर झाँगिएको पाइन्छ । प्रस्तुत शोधकार्यका समय सीमासम्म आइपुग्दा पनि कथा साहित्यले गोर्खापत्रमा आफ्नो उपस्थितिलाई उत्तरोत्तर रूपमा सबल बनाउँदै लगेको देखिन्छ । यस समयावधिमा गोर्खापत्रमा प्रकाशित कथाहरूलाई निम्नप्रकारमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ -

### ४.२.१ आधुनिक कथा

यस समयावधिमा गोर्खापत्रमा जम्मा १८१ ओटा आधुनिक कथाहरू प्रकाशित देखिन्छन्, जसरी सङ्ख्यात्मक रूपमा कथाहरू अधिक देखिन्छन् त्यसैगरी प्रवृत्तिगत विविधताले पनि युक्त देखिन्छन् । यस समयमा गोर्खापत्रमा प्रकाशित कथाहरूका प्रमुख प्रवृत्तिहरूलाई निम्नअनुसार उल्लेख गरिएको छ -

**(क) अनुवाद रूपान्तरण गर्ने प्रवृत्ति**

जसरी माध्यमिक कालमा विभिन्न प्राचीन ग्रन्थहरूलाई उपजीव्य बनाएर कथाहरू अनुवाद गर्ने प्रचलन थियो । त्यसैगरी आधुनिक कालको यस समयमा पनि अनुदित कथाहरू गोर्खापत्रमा प्रकाशित छन् तर कथाहरू अनुवाद गर्ने स्रोत र कथाहरूको स्तर भने यहाँ आएर फरक भएको पाइन्छ । यस

समयमा गोर्खापत्रमा प्रकाशित अनुदित कथाहरूको ठूलो सङ्ख्या अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त कथाकारहरूका कथाहरूको अनुवादले ओगटेको देखिन्छ । यद्यपि देशभित्रकै केही राष्ट्रिय भाषाका कथाहरू पनि नेपाली भाषामा अनुदित नभएका भने होइनन् तर यस्ता कथाहरूको सङ्ख्या हातकै औलामा गन्न सकिने भएकाले खासै प्रभाव जमाउन नसकेको देखिन्छ । यसर्थ यस समयमा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त कथाकारहरूका कथाहरूमा नै केन्द्रित भएर अनुवाद रूपान्तरण गर्ने प्रचलन बढी देखिएको छ । यस समयमा विदेशी भाषामा प्रकाशित कथालाई नेपाली भाषामा अनुवाद गर्ने व्यक्तिहरूका रूपमा बंशी श्रेष्ठ, शिवप्रसाद सापकोटा, वासु शशी, नारायणबहादुर श्रेष्ठ, बटुकचन्द्र गौतम आदि रहेका छन् । यसैगरी यस समयमा अनुदित रूपमा प्रकाशित कथाहरूमा मूल लेखकका रूपमा अलबर्ट मोराभिया, अर्नेष्ट हेमिङ्गवे, आस्कर वाइल्ड, एन्तोन चेखब, मोपांशा, म्याक्सिम गोर्की, एच.एच.मुनरो, खलील जिब्रान, ओ हेनरी आदि रहेका छन् ।

उल्लिखित कथाकारहरूका कथाहरूमा आधुनिक जीवनपद्धतिले निम्त्याएको जटिलता, प्रेमका प्रसङ्ग, युद्धको विभीषिकाका कारण सिर्जित समस्या, आणविक युगले निम्त्याएको भयङ्करता, पारिवारिक असमझदारीका कारण सिर्जित समस्या आदिको चित्रण गरिएको पाइन्छ ।

**(ख) सामाजिक यथार्थवादी प्रवृत्ति**

समाजमा जेजस्तो सामाजिक संरचना छ अथवा समाजमा जेजस्ता क्रियाकलापहरू वा गतिविधिहरू विद्यमान रहन्छन् तिनीहरूको यथार्थ फोटोग्राफी प्रस्तुत गर्नु सामाजिक यथार्थवादी कथाकारहरूको मूल प्रवृत्ति हो । समाजमा देखिने विविध घटनाहरूलाई कल्पनाको सहाराले यथावत् अभिव्यक्ति दिनु नै साहित्यका सन्दर्भमा यथार्थवाद हो । परिवेशभित्रका सामाजिक, आर्थिक, राजनीतिक साँस्कृतिक आदि क्षेत्रमा देखिएका कमीकमजोरी वा विकृतिहरूलाई यथार्थवादी कथाकारहरू साहित्यका माध्यमबाट अभिव्यक्ति दिइरहेका हुन्छन् । यिनै समाजमा देखिएका यथार्थ पक्षहरूलाई चित्रण विश्लेषण गर्दै यस समयमा प्रशस्त कथाहरू प्रकाशन भएका छन् । यसरी सामाजिक क्रियाकलापहरूको चित्रण गरेर समाजमै प्रस्तुत गर्ने कथाकारहरूमा कमलराज श्रेष्ठ, कुसुममुकुन्द खनाल, कृष्णप्रसाद सर्वहारा, गोपालकुमार श्रेष्ठ, 'शिवराजली', तारा, दौलतविक्रम विष्ट, धनमान, मुरारी अधिकारी आदि रहेका छन् ।

समाजका यथार्थ पक्षको चित्रण गर्ने क्रममा संयोग तथा वियोग प्रेमका प्रसङ्ग, आर्थिक दुरावस्थाका कारण परदेशिनु पर्ने बाध्यता, समाजमा देखिएका अन्धविश्वास, कुरीति, जातिभेदजस्ता पक्षमा केन्द्रित हुँदै यस समयका कथाकारहरूले आफ्ना कथाहरूमा सामाजिक प्रतिबिम्ब उतारेका छन् ।

## प्रकाशित कथाहरूको वर्णानुक्रमिक सूची

१. अर्जुन निरौला, **एउटा मित्र पनि नभएको म,** (६९ : ४०/०२६ जेठ ३२), पृ. ६, श.प. ।

कथामा जीवनमा मित्रताको महत्त्व कति उच्च हुन्छ भन्ने कुराको चित्रण गरिएको छ ।

२. अर्जुनकुमार बी.ए., **हुक्काको नली,** (६८ : २२४/०२५ पौष ७), पृ. ६, श.प. ।

कथामा अन्तर्जातीय विवाहका कारण हीनताबोधले ग्रसित युवाको मनोदशा चित्रण गरिएको छ ।

३. अर्नेष्ट हेमिङ्वे, **अर्को देशमा,** (६९ : ११७/०२६ भाद्र १४), पृ. ६, श.प. ।

कथामा युद्धको विभीषिकाले निम्त्याएको भयावह स्थितिको चित्रण गरिएको छ । कथा वासु शशीद्वारा अनुदित छ ।

४. अल्बर्टो मोराभिया, **म्यारियो,** (६९ : २९९/०२६ फागुन २५), पृ. ६, श.प. ।

कथामा जीवनको व्यस्तताका कारण पाश्चात्य जगत्को दाम्पत्य जीवनमा देखिएका व्यवधानको चित्रण गरिएको छ । कथाका अनुवादक नारायणबहादुर सिंह हुन् ।

५. अल्बर्टो मोराभिया, **नर्स,** (६५ : १९४/०२२ मार्ग ५), पृ. ९, श.प. ।

कथामा एउटी नर्ससँगको प्रेम प्रसङ्गको चित्रण गरिएको छ । कथाका अनुवादक वंशी श्रेष्ठ रहेका छन् ।

६. आस्कर वाइल्ड, **निष्ठुरी राक्षस,** (६६ : ३४६/०२४ वैशाख ९), पृ. ७, श.प. ।

कथामा बालकहरूलाई अपहेलना गरिएमा ईश्वर तथा प्रकृतिले पनि सजाय दिनेछन् भन्ने भाव रहेको छ । कथा बटुकचन्द्र गौतमद्वारा अनुदित छ ।

७. आस्कर वाइल्ड, **उपकारी,** (६७ : ३०८/०२४ चैत ३), पृ. ६, श.प. ।

कथामा जीवनमा पाएका खास अङ्गको उपयोग नभए ती पाउनुको कुनै औचित्य हुँदैन भन्ने सन्देश दिइएको छ । कथा तुलसी न्यौपानेद्वारा अनुवादित छ ।

८. इन्द्ररत्न बज्राचार्य, **मुरली,** (६९ : १८७/०२६ कार्तिक ३०), पृ. ६, श.प. ।

कथामा कुनै कलामा राम्रो दिलचस्पी रहनु पनि जीवनका लागि हानिकारक हुन सक्छ भन्ने सन्देश दिइएको छ ।

९. ऋषिकेशव रेग्मी, **सङ्घर्षको पहिलो चरण,** (६९ : २०८/२०२६ मार्ग २१), पृ. ६, श.प. ।

कथामा कडा पारिवारिक बन्धनका विरुद्ध गरिएको नजानिँदो सङ्घर्षको चित्रण गरिएको छ ।

१०. ऋषिकेशव रेग्मी, **संयोग,** (६९ : १२/२०२६ जेठ ४), पृ. ६, श.प. ।

कथामा एक संभ्रान्त परिवारकी युवतीको प्रेमप्रसङ्ग चित्रित छ ।

११. एन्तोन चेखव, **एक कलाकृति,** (६४ : १००/०२१ श्रावण ३१), पृ. ८, श.प. ।

कथामा व्यक्तिअनुसार कुनै वस्तुमाथिको दृष्टिकोण भिन्न हुन सक्छ भन्ने सन्देश दिइएको छ । कथाका अनुवादक खुलाइएको छैन ।

१२. एन्तोन चेखव, **बाजी,** (६५ : २६३/०२२ माघ १६), पृ. ६, श.प. ।

मणिकधर तुलाधारद्वारा अनुदित यस कथामा दुई व्यक्तिहरूको घमण्डस्वरूप सिर्जना भएको बाजीको चित्रण गरिएको छ ।

१३. एन्तोन चेखव, **त्यो स्वास्नीको मृत्युमा,** (६५ : ३४८/०२३ वैशाख ११), पृ. ६, श.प. ।

एक परम् सुन्दरी स्वास्नीको बृद्ध र जीर्ण श्रीमान्प्रतिको वफादारीपनको रहस्यको बारेमा वर्णन गरिएको छ । कथाका अनुवादक खुलाइएको छैन ।

१४. एन्तोन चेखव, **धन्यवाद,** (६८ : २७३/०२५ माघ २६), पृ. ७, श.प. ।

शिवप्रसाद सापकोटाद्वारा अनुदित कथामा श्रमको वास्तविक मूल्य नपाउँदा त्यसले मानिसमा पार्ने प्रभावको उल्लेख गरिएको छ ।

१५. एच्. एच्. मुनरो, **खुलेको भ्याल,** (६४ : ८४/०२० असार २२), पृ. १५, श.प. ।

कथामा सधैं खुलिरहने भ्यालको रहस्यको बारेमा प्रष्ट पारिएको छ । कथा ईश्वरमान रञ्जितकारद्वारा अनुदित छ ।

१६. एच्. एच्. मुनरो, **त्यो खुल्ला भ्याल,** (६६ : २४७/०२३ माघ १), पृ. ७, श.प. ।

कृष्णबम मल्लद्वारा अनुदित कथामा भ्याल खुल्ला रहनुको कारणसँग सम्बन्धित घटना वर्णित छ ।

१७. एच.डी. भट्ट, **चाणक्य र कम्बल,** (६८ : २८७/०२५ फागुन ११), पृ. ७, श.प. ।

कथामा भारतवर्षका प्रसिद्ध व्यक्ति चाणक्यको सरल जीवनयापनको चित्रण गरिएको छ ।

१८. एमौडो पैलेसियो वाल्डेज, **आइपुरीतानी,** (६८ : ३४९/०२६ वैशाख १४), पृ. ६, श.प. ।

कथामा एक फिरन्ता प्रौढ व्यक्तिको जीवनसँग सम्बन्धित घटनाहरूको उल्लेख गरिएको छ । कथाका अनुवादक बटुकचन्द्र गौतम रहेका छन् ।

१९. ओ हेनरी, **बीस वर्षपछि,** (६५ : १६/०२३ जेठ ९), पृ. ६, श.प. ।

कथामा बीसवर्ष अघि छुटेका दुई मित्रले  बीस वर्षपछि छुटेकै ठाउँमा भेट गर्न गरिएको प्रणको वर्णन गरिएको छ । कथा टीकाकुमार शाहद्वारा अनुवादित छ ।

२०. कमलराज श्रेष्ठ, **लालीगुराँस,** (६७ : १९०/०२४ मार्ग ९), पृ. ६, श.प. ।
कथामा पति परदेशिएका कारण सिर्जित युवतीको मनोदशाको चित्रण गरिएको छ ।

२१. कमलराज श्रेष्ठ, **सेतो गुलाफ,** (६७ : ३५५/०२५ वैशाख २२), पृ. ६, श.प. ।
कथामा सेतो गुलाफको सादृश्यमा एक विधवाको जीवनलाई तुलना गरिएको छ ।

२२. कमलराज श्रेष्ठ, **रित्तो गिलास,** (६८ : २६/०२५ वैशाख २९), पृ. ७, श.प. ।
कथामा साहूको ऋण तिर्ने अभिलाषाले विदेशिन बाध्य भएको एक युवकको जीवनदशा चित्रण गरिएको छ ।

२३. कमल प्रधान, **तिर्खाएको शून्यता,** (६९ : १३८/०२६ असोज ४), पृ. ६, श.प. ।
कथामा प्रेम वियोगले आहत भएको एक युवकको चित्रण गरिएको छ ।

२४. कल्पना प्रधान, **एक टुक्रा जिन्दगी एउटा विवशता,** (६४ : ३२३/०२१ चैत २१), पृ. ६, श.प. ।
कथामा जीवनमा विवशतालाई अँगालेर बाँच्न बाध्य हुनुपर्दाको पीडाको चित्रण छ ।

२५. कविताराम, **केही पाइलाहरूका जिन्दगी,** (६९ : ८९/०२६ श्रावण १८), पृ. ६, श.प. ।
कथामा भावुकताले प्रेम, विवाहजस्ता विषयमा नराम्रो प्रभाव पार्ने सन्देश दिइएको छ ।

२६. काजीमानसिंह गुरुङ्ग, **संयोग,** (६६ : ७९/०२२ श्रावण ८), पृ. ६, श.प. ।
कथामा एउटी बूढी आमैको विगत स्मृतिले उनका मनमा पारेको प्रभावको चित्रण गरिएको छ ।

२७. कुसुममुकुन्द खनाल, **अभिशप्त जीवन,** (६९ : ६८/०२६ असार २८), पृ. ६, श.प. ।
कथामा अपाङ्गपनको कारण वैवाहिक जीवनको स्पर्श पाउन नसकेकी एक युवतीको मानसिकताको चित्रण गरिएको छ ।

२८. कुसुममुकुन्द खनाल, **प्रायश्चित,** (६९ : १३१/०२६ भाद्र २८), पृ. ६, श.प. ।
कथामा एक हत्यारा व्यक्तिको मानसिकताको चित्रण गरिएको छ ।

२९. केदारप्रसाद शर्मा, **अधुरो सपना,** (६४ : १६८/०२० असोज २०), पृ. ९, श.प. ।
कथामा प्रेममा व्यवधान आएर वैवाहिक सम्बन्धमा गाँसिन नसकेका युवयुवतीको मानसिकताको चित्रण गरिएको छ ।

३०. केदारमान उपाध्याय, **मर्करीको उज्यालोमा चिसो रात,** (६७ : २३२/०२४ पौष १५), पृ. ७, श.प. ।
कथामा एक सवारी चालकको मानसिक उहापोहको चित्रण गरिएको छ ।

३१. केदार अमात्य, **पिपलको बोट,** (६७ : ११२/०२४ भाद्र १०), पृ. ६, श.प. ।
कथामा एक निसन्तान युवतीको मानसिक पीडाको चित्रण गरिएको छ ।

३२. केदारप्रसाद आचार्य, **पिक्चर मेनिया,** (६८ : २६६/२०२५ माघ १९), पृ. ७, श.प. ।
कथामा कारण बिना नै विक्षिप्त बन्न पुगेको एक व्यक्तिको जीवनदशा वर्णित छ ।

३३. कोलिन हवर्ड, **हतारको चिठी,** (६७ : २९४/२०२४ फागुन १९), पृ. ६, श.प. ।
कथामा मानवीय जीवनको व्यस्तताको वर्णन गरिएको छ । कथा वंशी श्रेष्ठद्वारा अनुदित छ ।

३४. कृष्ण पाखिन, **युद्धयुद्ध,** (६९ : ६१/२०२६ असार २१), पृ. ६, श.प. ।
कथामा युद्धको विभीषिकाले उब्जाएको भयङ्करताको चित्रण गरिएको छ ।

३५. कृष्णकुमारी सुब्बा, **शीर्षकहीन कथाकी नायिका,** (६८ : ३०१/२०२५ फागुन २५), पृ. ६, श.प. ।
कथामा पतिद्वारा प्रताडीत एक महिलाको जीवनदशाको वर्णन गरिएको छ ।

३६. कृष्णप्रसाद सर्वहारा, **गुम्सेको घाऊ,** (६४ : ७/२०२० वैशाख ७), पृ. ८, श.प. ।
कथामा साहुको ऋण तिर्न नसक्दाको पीडा वर्णन गरिएको छ ।

३७. कृष्णप्रसाद सर्वहारा, **टोलाएको धामी,** (६४ : १७४ ⁄ २०२१ कार्तिक १५), पृ. ८, श.प. ।

कथामा ग्रामीण जनजीवन, ग्रामीण संस्कृति तथा परम्पराको चित्रण गरिएको छ ।

३८. कृष्णप्रसाद सर्वहारा, **माटोको जीवन,** (६४ : २१ ⁄ २०२० वैशाख २१), पृ. १२, श.प. ।

कथामा गरीब भरियाको आर्थिक दुर्दशाको चित्रण गरिएको छ ।

३९. कृष्णबम मल्ल, **रामु, रमेश र अजबसिंह,** (६८ : ११८ ⁄ २०२५ भाद्र १६), पृ. ६, श.प. ।

कथामा सरकारले लागू गरेको भूमिसुधार कार्यक्रमको नतिजास्वरूप किसान वर्गमा आएको सचेतताको वर्णन गरिएको छ ।

४०. कृष्णबम मल्ल, **पश्चताप,** (६८ : ७६ ⁄ २०२५ श्रावण ५), पृ. ६, श.प. ।

कथामा एक आदर्श व्यक्तिले सिद्धान्त र कानुन विपरीत कार्य गरेका कारण त्यसको पश्चतापबोध भएको देखाइएको छ ।

४१. खगेन्द्र सङ्ग्रौला, **विस्मृतिको साँझ र चेतनाको प्रभात,** (६९ : १४५ ⁄ २०२६ असोज ११), पृ. ६, श.प. ।

कथा पूँजीवादी समाज र संस्कृतिका बीचमा निर्धन विद्यार्थीहरूको अवस्थाको चित्रणमा केन्द्रित छ ।

४२. खगेन्द्र सङ्ग्रौला, **पिँधिएको अस्तित्व,** (६८ : १३३ ⁄ २०२५ भाद्र ३०), पृ. ६, श.प. ।

कथामा समाजमा देखिएको वर्गीय असमानताको चित्रण गरिएको छ ।

४३. खलिल जिब्रान, **कवि,** (६७ : ३४८ ⁄ २०२५ वैशाख १५), पृ. ६, श.प. ।

कथामा कविप्रतिको समाज र व्यक्तिको धारणा प्रष्ट्याउने काम गरिएको छ । कथा धनमानसिंह परियारद्वारा अनुदित छ ।

४४. खलिल जिब्रान, **आकांक्षी पुष्प,** (६८ : १११ ⁄ २०२५ भाद्र ९), पृ. ७, श.प. ।

कथामा फूललाई मानवीय व्यक्तित्व प्रदान गर्दै फूलहरूको दशा उद्घाटन गरिएको छ ।

४५. गणेश रसिक, **मेरो फूर्वा,** (६७ : ३४१ ⁄ २०२५ वैशाख ८), पृ. ६, श.प. ।

कथामा गरिब रिक्सा चालक फूर्वाको जीवनदशाको चित्रण गरिएको छ ।

४६. गणेश रसिक, **चर्किएको विश्वास,** (६८ : २० ⁄ २०२५ जेठ १२), पृ. ६, श.प. ।

कथामा वेपत्ता छोराको चीरकालदेखिको प्रतीक्षामा चित्रित छ ।

४७. गणेश रसिक, **हारेको मान्छे,** (६९ : ५४ ⁄ २०२६ असार १४), पृ. ६, श.प. ।

कथामा निम्न वैतनिक कर्मचारीको जीवन भोगाइको चित्रण गरिएको छ ।

४८. गणेश प्याकुरेल, **धोबीखोलको लाश,** (६८ : ३४२ ⁄ २०२६ वैशाख ७), पृ. ६, श.प. ।

कथामा सामाजिक बाध्यताका कारण अनजानमै वेश्या बन्न पुगेकी एक युवतीको वास्तविकताको चित्रण गरिएको छ ।

४९. गणेश प्याकुरेल, **बिग्रेको मान्छे,** (६९ : २३६ ⁄ २०२६ पौष १९), पृ. ६, श.प. ।

कथामा कसैलाई नभएको अभियोग लगाइएमा त्यसको परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

५०. गोपालकुमार श्रेष्ठ, **रामेको तार,** (६३ : ३१८ ⁄ २०१९ फागुन १८), पृ. ९, श.प. ।

कथामा कारणवश विदेशिन बाध्य भएको व्यक्तिको मनस्थितिको चित्रण गरिएको छ ।

५१. गोपालकुमार श्रेष्ठ, **बद्लिएको सन्सार,** (६४ : ७० ⁄ २०२० असार २८), पृ. ६, श.प. ।

कथामा पुस्तान्तरका कारण सिर्जित असमझदारीको चित्रण गरिएको छ ।

५२. गोपालकुमार श्रेष्ठ 'शिवराजली', **ऋणको पासो,** (६४ : ११४ ⁄ २०२१ भाद्र १४), पृ. ६, श.प. ।

कथामा अनिकालले ग्रस्त पारेको एक गरिबको कारुणिक दृश्य देखाइएको छ ।

५३. गोपालकुमार श्रेष्ठ 'शिवराजली', **परिणाम,** (६५ : ४५/२०२२ असार ५), पृ. ६, श.प. ।
कथामा तत्कालीन सरकारले लागू गरेको भूमिसुधार कार्यक्रमको प्रभाव चित्रित छ ।

५४. गोपालकुमार श्रेष्ठ 'शिवराजली', **सीमा,** (६५ : २०८/२०२२ फागुन २९, पृ. ७, श.प. ।
कथाले पतिप्रताडीत एक महिलाको जीवन व्यथा उद्घाटन गरेको छ ।

५५. गोपालकुमार श्रेष्ठ 'शिवराजली', **बन्धक,** (६६ : १९७/२०२३ मार्ग १८), पृ. ७, श.प. ।
कथामा विधवा विवाहका पक्षमा सशक्त आवाज उठाइएको छ ।

५६. गोपालकुमार श्रेष्ठ 'शिवराजली', **प्राणप्रण,** (६६ : २५४/२०२३ माघ ८), पृ. ६, श.प. ।
कथामा नेपाल एकीकरणको सन्दर्भमा गोर्खाली सेना र गढवाली सेनाका बीच भएको युद्धको वर्णन छ ।

५७. गोपालकुमार श्रेष्ठ 'शिवराजली', **दाइजो,** (६५ : १६/२०२२ जेठ ९), पृ. ६, श.प. ।
कथामा दाइजो प्रथाले समाजमा हुर्काएको विकृतिको उद्घाटन गरिएको छ ।

५८. गोपालकुमार बस्नेत, **जीवन लरबरिन्छ,** (६७ : १९०/२०२४ मार्ग २), पृ. ६, श.प. ।
कथामा जिउने क्रममा जीवनमा आइपर्ने कठिनाईका बारेमा प्रकाश पारिएको छ ।

५९. गोपालकुमार बस्नेत, **रसविहीन कथा,** (६७ : २९४/२०२४ फागुन १९), पृ. ६, श.प. ।
कथामा निम्न वर्गीय जनजीवनका दिनचर्याको वर्णन गर्दै उनीहरूभित्र पनि मायाप्रेम सहजताका साथ हुर्किरहेको हुन्छ भन्ने सन्देश दिइएको छ ।

६०. गौतमवज्र, **गुरुजीको व्रत,** (६३ : ९२/२०१९ असार ३०), पृ. ४, श.प. ।
कथाकारले रानीपोखरी संस्कृत पाठशालामा पढ्दा अनुभव गरेका कुराहरूलाई कथात्मक स्वरूप दिएका छन् ।

६१. गौतमवज्र, **आँखा छ आँसु छैन,** (६३ : १३४/२०१९ असोज ६), पृ. १०, श.प. ।
कथामा सोझो हुनुको परिणाम देखाइएको छ ।

६२. गौतमवज्र, **शर्माजी घर फर्कंदा,** (६३ : १६२/२०१९ असोज ६), पृ. १०, श.प. ।
कथामा यौवना पत्नीलाई लामो समयसम्म पतिविहीन अवस्थामा छाड्दा परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

६३. चन्द्रमान श्रेष्ठ, **ज्योतिको अन्तर्द्वन्द्व,** (६३ : २४१/२०१९ मङ्सिर ३०), पृ. ९, श.प. ।
कथामा आफ्नो प्रेम र परिवारको इच्छाका बीचमा द्वन्द्व देखाइएको छ ।

६४. चूडामणि रेग्मी, **टुंगो नलागेको रहस्य,** (६७ : २१/२०२४ जेठ १३), पृ. ६, श.प. ।
कथामा सामान्य घटनाले मानिसका मनमा पार्न सक्ने व्यापक प्रभावको चित्रण गरिएको छ ।

६५. जगदीश, **कोशीको धारमा बगेको माया,** (६६ : १९०/२०२३ मार्ग ११), पृ. ७, श.प. ।
कथामा प्रोषितभतृका युवतीको मनोदशाको चित्रण गरिएको छ ।

६६. जगदीश, **फर्केको लाहुरे,** (६६ : ३६०/२०२४ वैशाख २३), पृ. ७, श.प. ।
कथामा आर्थिक विपन्नताले विदेशिन बाध्य लाहुरेको जीवनदशा चित्रण गरिएको छ ।

६७. जगदीश, **अर्को परिचय,** (६७ : ७/२०२४ वैशाख ३०), पृ. ७, श.प. ।
कथामा छोटै समयमा सिर्जना हुन पुगेको प्रेममय वातावरणको चित्रण गरिएको छ ।

६८. जगदीश, **श्रीमती साहुमारा,** (६६ : १२६/२०२४ भाद्र २४), पृ. ८, श.प. ।
कथामा विधवा समस्यालाई प्रमुखताका साथ उठाइएको छ ।

६९. जितेन्द्र बस्न्यात, **दुई हत्या एउटै आँगनमा,** (६८ : १६८/२०२५ कार्तिक १०), पृ. ७, श.प. ।
कथामा एउटी निर्दयी आमाको क्रूरताको वर्णन गरिएको छ ।

७०. जितेन्द्र बस्न्यात, **ट्रक नं छ सय तीन,** (६८ : २३१/२०२५ पौष १४), पृ. ६, श.प. ।
कथामा एकतर्फी प्रेममा आसक्त एक ट्रक चालकको मानसिकताको चित्रण गरिएको छ ।

७१. ज्वाला शर्मा, **अधुरो सपना,** (६५ : ६६/२०२२ असार २६), पृ. ८, श.प. ।
कथामा असफल प्रेमको मर्मस्पर्शी पीडाको चित्रण गरिएको छ ।

७२. टीकाकुमार शाह, **शनिअष्टमी,** (६३ : ३३२/२०१९ चैत ३), पृ. ६, श.प. ।
कथामा एक युवतीसँग जम्काभेट हुँदाको मानसिक अवस्थाको चित्रण गरिएको छ ।

७३. टीकाकुमार शाह, **दर्वारकी केटी,** (६४ : ८४/२०२० असार २२), पृ. ८, श.प. ।
कथामा रूप र यौवन होउञ्जेल मात्र त्यस मान्छेको महत्त्व रहने कुरा उठाइएको छ ।

७४. टीकाभूषण दहाल, **कमलले काँचुली फेऱ्यो,** (६४ : १५४/२०२० भाद्र २९), पृ. ८, श.प. ।
कथामा दुःख पनि क्षणिक मात्र हुन्छ भन्ने सन्देश दिइएको छ ।

७५. तात सूजो इशिकावा, **आफ्नै अँध्यारोमा,** (६८ : ३१५/२०२५ चैत ९), पृ. ७, श.प. ।
कथामा एकजोडी श्रीमान् श्रीमतीको दाम्पत्य जीवनसँग सम्बन्धित मनोवैज्ञानिक पक्षको उद्घाटन गरिएको छ । कथा शैलेन्द्र साकारद्वारा अनुदित छ

७६. तारा, **कालो चश्मा,** (६३ : ३०४/२०१९ फागुन ४), पृ. १२, श.प. ।
कथामा कसैले रूप र सम्पत्तिमा घमण्ड गर्छ भने परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

७७. तारा, **उसैको तसबीर,** (६४ : ४९/२०२० जेठ १८), पृ. १४, श.प. ।
उपलब्ध स्रोतमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

७८. तारा, **प्रयाश्चित,** (६४ : ६३/२०२० असार १), पृ. १०, श.प. ।
कथामा केन्द्रीय छात्रावासकी छात्राको चरित्रहीनताको रहस्योद्घाटन गरिएको छ ।

७९. तारा ताम्राकार, **विवाह,** (६४ : १४०/२०२० भाद्र १५), पृ. ८, श.प. ।
उपलब्ध स्रोतमा कथाको आधा अंश मात्र पढ्न सकिने अवस्थामा रहेको छ ।

८०. तिलबहादुर लोकसम, **प ञ्चायतको पवित्र देन,** (६७ : २३९/२०२४ पौष २२), पृ. ६, श.प. ।
कथामा घटना र प्रसङ्गले पञ्चायती व्यवस्थाले गर्दा सर्वाङ्गीण सुधार र विकास भएको देखाइएको छ ।

८१. तिलबहादुर लोकसम, **भूमिसुधार अधिकारीको ईजलास,** (६७ : ८४/२०२४ साउन १४), पृ. ६, श.प. ।
कथामा भूमिसुधार कार्यक्रमले ल्याएको सकारात्मक पक्षको उद्घाटन गरिएको छ ।

८२. तिलकबहादुर बुढाथोकी, **बाघको शिकार,** (६९ : २६४/२०२६ माघ १८), पृ. ६, श.प. ।
कथामा बाघको शिकार गर्न जाँदा आफै बाघको शिकार हुनुपरेको तथ्य उद्घाटन गरिएको छ ।

८३. तुर्गनेभ, **दानप्रतिदान,** (६४ : ७७/२०२० असार १५), पृ. १२, श.प. ।
कथाका लिपिहरू अस्पष्ट रहेकाले टिप्पणी उठाउन नसकिएको ।

८४. तुलसी न्यौपाने, **पाँच वर्षअघिको परिचित आवाजपछि,** (६८ : २१०/२०२५ मार्ग २२), पृ. ६, श.प. ।
कथामा एक विरहिणीका अन्तर्मनका व्यथाको उद्घाटन गरिएको छ ।

८५. तेजप्रसाद सिटौला, **परिचय,** (६५ : ३४८/२०२३ वैशाख ११), पृ. ७, श.प. ।
कथामा एउटी धर्मभीरु समाजकी प्रतीक बूढी आमैको जीवनदशाको उद्घाटन गरिएको छ ।

८६. त्रिभुवनबहादुर बस्नेत, **आँसु र हाँसो,** (६४ : ११९/२०२० श्रावण २६), पृ. ८, श.प. ।
कथामा सुख र दुःख जीवनयात्राका दुई पटा भएको सन्दर्भ दिइएको छ ।

८७. थियोडोर कोर्नर, **एकतारे,** (६७ : २११/२०२४ मार्ग २३), पृ. ६, श.प. ।
कथामा प्रेमको अमरताको चित्रण गरिएको छ । कथाका अनुवादक ईश्वर रञ्जित हुन् ।

८८. दामोदार दवाडी, **चिनापर्ची,** (६५ : ३३५/२०२२ चैत २५), पृ. ६, श.प. ।
कथामा सहरी सभ्यताले वास्तविक चिनापर्चीलाई वेवास्ता गर्न थालेको सन्दर्भ उठाइएको छ ।

८९. दिनेश श्रेष्ठ 'आश्रिल', **खुला पर्स,** (६९ : १३८/२०२६ असोज ४), पृ. ६, श.प. ।
कथामा एक विमान परिचारिकाको दिनचर्याको वर्णन गरिएको छ ।

९०. दिनेश सिंह, **पर्दाकी सुन्दरी,** (६६ : २९८/२०२३ फागुन २०), पृ. ७, श.प. ।
कथामा तस्वीरकी एक सुन्दरीले युवकको मनमा पारेको प्रभावको चित्रण गरिएको छ ।

९१. दिनेशचन्द्र रेग्मी 'मधुप', **प्रतिध्वनि,** (६८ : ३४/२०२५ जेठ २६), पृ. ६, श.प. ।
कथामा विपरित लिङ्गीप्रतिको आकर्षणलाई प्रमुख रूपमा देखाउन खोजिएको छ ।

९२. दियोडोर कोर्नर, **दिलरुवा,** (६८ : २७/२०२५ जेठ १९), पृ. ६, श.प. ।
कथामा आत्माको अमरत्वलाई देखाउन खोजिएको छ । कथा टेकबहादुर खत्रीद्वारा अनुवादित छ ।

९३. दुर्गाप्रसाद शर्मा, **फुटेको पुर्पुरो,** (६९ : ४७/२०२६ असार ७), पृ. ६, श.प. ।
कथामा निम्न वर्गीय जनजीवनको जीवनदशाको चित्रण गरिएको छ ।

९४. दुर्गाप्रसाद राई, **वसन्तको आगमनतक,** (६७ : ९८/२०२४ श्रावण २८), पृ. ६, श.प. ।
कथामा बालमनोविज्ञानको चित्रण गरिएको छ ।

९५. दुर्गाप्रसाद राई, **दशैं,** (६४ : २००/२०२० कार्तिक १६), पृ. ६, श.प. ।
कथामा अभावग्रस्त परिवारमा नजिकिँदो दशैंले थुपारेको पीडाको मर्मोद्घाटन गरिएको छ ।

९६. दुर्गानाथ शर्मा, **पूर्वस्मृतिमा लोलाएको रात,** (६९ : २८१/२०२६ माघ २५), पृ. ६, श.प. ।
कथामा दुर्घटित प्रेमका कारण आहत भएकी युवतीको मनोदशा चित्रण गरिएको छ ।

९७. देवेन्द्र, **कालो कम्बल,** (६७ : २३४/२०२१ पौष १९), पृ. ६ ।
कथामा रेलमा यात्रारत एक व्यक्तिको मानसिकताको चित्रण गरिएको छ ।

९८. देवेन्द्रप्रताप शाह, **जूना,** (६९ : ३२०/२०२६ चैत १५), पृ. ६, श.प. ।
कथाकारले यौवनास्थामा कुनै युवतीले आफ्नो मनमा पारिदिएको खलबलीको चित्रण गरेका छन् ।

९९. देवेन्द्रप्रसाद सुवेदी, **आँधीको आशा,** (६७ : १४०/२०२४ असोज ७), पृ. ६, श.प. ।
कथामा एक नव यौवनाको अतृप्त कामवासनाको चित्रण गरिएको छ ।

१००. देवीप्रसाद सुवेदी, **जीवनको साँघुरो परिधि,** (६८ : १२५/२०२५ भाद्र २३), पृ. ७, श.प. ।
कथामा गरिबीले सताएको एक बालकको दयनीय अवस्थाको चित्रण गरिएको छ ।

१०१. देवीप्रसाद सुवेदी, **तातो धरतीमाथि बिलाएका आकाङ्क्षा,** (६८ : ३४९/२०२६ वैशाख १४), पृ. ६, श.प. ।
कथामा निस्सार जीवन व्यतीत गरिरहेको एक प्रौढको मानसिकताको चित्रण गरिएको छ ।

१०२. देवी सुवेदी, **चेतन आँखा र अस्पष्ट गोरेटो,** (६९ : १०३/२०२६ श्रावण ३२), पृ. ६, श.प. ।

कथामा आर्थिक दूरावस्था भोगिरहेको साहित्य सर्जकको जीवनदशा चित्रण गरिएको छ ।

१०३. दौलतविक्रम विष्ट, **एक चित्र अनेक चरित्र,** (६६ : ३२६/२०२३ चैत्र १९), पृ. ६, श.प. ।

कथामा व्यवहार र सिद्धान्तमा भिन्नता पाइने व्यक्तिको चरित्र चित्रण गरिएको छ ।

१०४. दौलतविक्रम विष्ट, **सुनको नौगेडी,** (६६ : २९१/२०२३ फागुन १३), पृ. ६, श.प.

कथामा पश्चिम नेपालका गुरुङ जातिको साँस्कृतिक पक्ष उजागर गरिएको छ ।

१०५. ध.च. गोतामे, **शून्य आँगनका उदास आकृतिहरू,** (६७ : २८७/२०२५ फागुन ११), पृ. ६, श.प. ।

कथामा घर छोडेर टाढा गएको छोराको अभावको चित्रण वर्णन गरिएको छ ।

१०६. धनमान, **एउटा भ्रम,** (६८ : १८६/२०२५ मार्ग १), पृ. ६, श.प. ।

कथामा आफ्नी श्रीमतीको मृत्यपश्चात मानसिक रूपमा विक्षिप्त बनेको एक युवकको मनोदशा चित्रण गरिएको छ ।

१०७. धनमान, **मृतात्माको माग,** (६७ : ३४१/२०२५ वैशाख ८), पृ. ६, श.प. ।

कथामा धामीझाँक्रीको ठगाहा प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

१०८. धनमान, **नसोचिएका दिनहरू,** (६८ : ६९/२०२५ असार ३०), पृ. ६, श.प.

कथामा एक किशोरका जीवनमा आइपरेका समस्याको चित्रण वर्णन गरिएको छ ।

१०९. धनमानसिंह परियार, **उनको बाँकी ईच्छा,** (६७ : ३०८/२०२४ चैत ३), पृ. ६, श.प. ।

कथामा बौद्ध सम्प्रदायमा रहेको मृत्यु संस्कारको वर्णन गरिएको छ ।

११०. नरेन्द्र अमात्य, **पूर्वस्मृतिमा पग्लिएको मन,** (६९ : ३१३/२०२६ चैत ८), पृ. ६, श.प. ।

कथामा आफ्नो पूर्वजीवनमा भए गरेका क्रियाकलापको स्मृतिले वर्तमान जीवनमा पारेको प्रभावको वर्णन छ ।

१११. नरेन्द्रकुमार कार्की, **आफैमा हराएको कथा,** (६७ : २८०/२०२४ फागुन ५), पृ. ६, श.प. ।

कथामा एक बूढीयाको जीवनमा घट्न गएका घटनाको वर्णन गरिएको छ ।

११२. नित्यानन्द, **विवशता,** (६४ : १८२/२०२० असोज २६), पृ. ६, श.प. ।

कथामा सीमित उपार्जनले टार्नुपर्ने विविध व्यवहारका कारण उत्पन्न परिस्थितिको उद्घाटन गरिएको छ ।

११३. निरोधराज पाँडे, **व्यथासँगसँगै,** (६९ : ३२७/२०२६ चैत २२), पृ. ६, श.प. ।

कथामा एक असाहय किशोरीको मर्मस्पर्शी जीवनकथा प्रस्तुत गरिएको छ ।

११४. परशु प्रधान, **उसको संभावित मृत्यु,** (६८ : ४८/२०२५ असार २३), पृ. ६, श.प. ।

कथामा लाहुरे हुन विदेशिएको प्रेमीको संभावित मृत्युले त्रस्त भएकी युवतीको मानसिकताको चित्रण गरिएको छ ।

११५. परशु प्रधान, **धुपीको रुख आउँछ जान्छ,** (६८ : २३८/२०२५ पौष २१), पृ. ६, श.प. ।

कथामा आफ्नो श्रममा बाँच्ने निर्धन रिक्सा चालकको मनोदशा उद्घाटन गरिएको छ ।

११६. परशु प्रधान, **औंलाभित्रको बूढो रगत,** (६८ : १३९/२०२५ असोज ६), पृ. ६, श.प. ।

कथामा अपराध मनोवृत्तिले ग्रस्त पात्रको मानसिकताको चित्रण गरिएको छ ।

११७. पाकचिवान, **होसेंग,** (६८ : ६९/२०२५ असार ३०), पृ. ६, श.प. ।

कथामा लगनशीलताको परिणाम जहिल्यै राम्रो हुने सन्देश दिइएको छ । कथा बटुकचन्द्र गौतमद्वारा अनुदित छ ।

११८. पुरु रिसाल, **हत्या क्रमशः,** (६९ : ३२७/२०२६ चैत २२), पृ. ६, श.प. ।

कथामा एक अपराधी व्यक्तिले शृङ्खलाबद्ध रूपमा घटाएका हत्याकाण्डको वर्णन गरिएको छ ।

११९. प्रकाश प्रेमी, **परम्पराको घाउ,** (६९ : १९४/२०२६ मार्ग ७), पृ. ६, श.प. ।

कथामा समाजमा विद्यमान अन्धविश्वासको चित्रण गरिएको छ ।

१२०. प्रकाश प्रेमी, **अपरिचित अनुहारहरूबीच बाँचेको मान्छे,** (६८ : ३५६/२०२६ वैशाख ६), पृ. ६, श.प. ।

कथामा सौतेनी आमा र निर्दयी बाबुका साथ बाँच्नुपर्दाको पीडाको उद्घाटन गरिएको छ ।

१२१. प्रद्युम्न, **स्वप्न,** (६५ : ५९/२०२२ असार १९), पृ. ७, श.प. ।

कथामा यथार्थ जीवनमा जे कल्पना गरिन्छ सपना त्यस्तै देखिन्छ भन्ने भाव व्यक्त भएको छ ।

१२२. बलराम अर्याल, **चन्दा,** (६४ : ७७/२०२० असार १५), पृ. १५, श.प. ।

कथामा युवायुवतीमा एक अर्काप्रतिको अनुरागका कारण उत्पन्न परिस्थितिको चित्रण गरिएको छ ।

१२३. भवानी भिक्षु, **बाबुसाहेबचा,** (६५ : ३०१/२०२२ फागुन २२), पृ. ८, श.प. ।

कथामा घमण्डको परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

१२४. भवानी भिक्षु, **मिस्त्री,** (६५ : २२९/२०२२ पौष १०), पृ. ९, श.प. ।

कथामा निम्नस्तरको मिस्त्रीको मानसिक उद्वेगको चित्रण गरिएको छ ।

१२५. भाइचन्द्र प्रधान, **संयोग,** (६४ : १९३/२०२१ मङ्सिर ६), पृ. ६, श.प. ।

पत्रात्मक ढाँचामा रचिएको कथाले श्रृङ्गारिक विषयवस्तुलाई उठाएको छ ।

१२६. भीमनिधि तिवारी, **अन्नपूर्ण,** (६८ : ३२९/२०२५ चैत २३), पृ. ७, श.प. ।

कथामा अनावश्यक प्रलोभनको फल राम्रो नहुने सन्देश दिइएको छ ।

१२७. भोगेन्द्र अविश्वासी, **पसिनाको मूल्य,** (६९ : ८२/२०२६ श्रावण ११), पृ. ६, श.प. ।

कथामा तत्कालीन राज्यव्यवस्थाको कृषि नीतिको प्रभाव देखाउन खोजिएको छ ।

१२८. महेश बाँस्कोटा, **कान्छी,** (६३ : २६२/२०१९ पौष २१), पृ. १०, श.प. ।

कथामा आपतमा सहयोग गर्ने मान्छेलाई भूल्न सकिँदैन भन्ने सन्देश दिइएको छ ।

१२९. महेश बाँस्कोटा, **आमाले पनि छाड्नुभयो,** (६४ : ३०८/२०२१ चैत ७), पृ. ८, श.प. ।

कथामा निम्नवर्गको मान्छेले आफ्नो अस्तित्व बचाउन गर्नुपरेको सङ्घर्षको चित्रण छ ।

१३०. मार्क ट्वेन, **असत्यको प्रभुत्व,** (६७ : ३४८/२०२५ फागुन १५), पृ. ६, श.प. ।

कथामा असत्य र कुप्रवृत्तिले समाजलाई ग्रस्त बनाइरहेको छ भन्ने सन्देश दिइएको छ । कथाका अनुवादक तुलसी न्यौपाने रहेका छन् ।

१३१. माधव शर्मा, **प्रमाणपत्रहरू,** (६९ : २५०/२०२६ माघ ४), पृ. ६, श.प. ।

कथामा एक चरित्रहीन युवतीको चरित्रहीनताको चित्रण गरिएको छ ।

१३२. मान्द्रे मोरेक, **सेतोघर,** (६५ : २३/२०२२ जेठ १६), पृ. १०, श.प. ।

उपलब्ध स्रोतमा पृष्ठ खण्डित अवस्थामा रहेकाले टिप्पणी उठाउन नसकिएको ।

१३३. मिना धिताल, **पोखिँदाको माया,** (६९ : २०१/२०२६ मार्ग १४), पृ. ६, श.प. ।

कथामा नवजात शिशुप्रतिको मातृवात्सल्यको चित्रण गरिएको छ ।

१३४. मीरा श्रेष्ठ, **आशाको अन्त्य,** (६८ : २१७/२०२५ मार्ग २९), पृ. ६, श.प. ।

कथाले पवित्र प्रेमको सदा विजय हुने सन्देश दिएको छ ।

१३५. मुरारी अधिकारी, **अँध्यारोमा केही खोजिरहेको आँखा,** (६९ : १८२/२०२६ कार्तिक २३), पृ. ६, श.प. ।
कथामा कुनै युवतीले एक युवकका मनमा पारेको प्रभावको वर्णन गरिएको छ ।

१३६. मुरारी अधिकारी, **एउटा भेल,** (६९ : २२९/२०२६ पौष १२), पृ. ६, श.प. ।
कथामा यौवनको नशामा डुब्न चाहने मानिसहरूको प्रवृत्तिको वर्णन गरिएको छ ।

१३७. मुरारी अधिकारी, **फीस असुलीको एक दिन,** (६९ : ९६/२०२६ श्रावण २५), पृ. ६, श.प. ।
कथामा एक विद्यालयको शैक्षिक गतिविधिमाथि प्रकाश पारिएको छ ।

१३८. मुरारी अधिकारी, **खँदिलो प्रश्न रित्तो जवाफ,** (६९ : २५७/२०२६ माघ ११), पृ. ६, श.प. ।
कथामा आर्थिक दुरावस्थाका बीच बाँच्नुपर्दाको पीडाको उद्घाटन गरिएको छ ।

१३९. मूक, **मृगतृष्णा,** (६६ : ३५३/२०२४ वैशाख १६), पृ. ६, श.प. ।
कथामा एक गरीब पात्रको सम्पत्ति जोड्ने सपना र कल्पनाको चित्रण गरिएको छ ।

१४०. मोपसा, **जवाफ,** (६८ : ८६/२०२५ श्रावण १२), पृ. ७, श.प. ।
कथामा विवाह सामाजिक आवश्यकता मात्र हो, बन्धन होइन भन्ने सन्देश दिइएको छ । कथा तुलसी न्यौपानेद्वारा अनुदित छ ।

१४१. मोपसा, **सपना कि जागरण,** (६४ : ८०/२०२१ श्रावण १०), पृ. ६, श.प. ।
कथामा प्रेम नै जीवनको मूल पक्ष हो भन्ने सन्देश दिइएको छ । कथा उत्तमनारायण श्रेष्ठद्वारा अनुवादित छ ।

१४२. मोपसा, **उपहार,** (६३ : २०६/२०१९ कार्तिक २५), पृ. १८, श.प. ।
कथामा प्रेममय सुखद् दाम्पत्य जीवनमा प्रेमिकाको मृत्युले उब्जाएको समस्याको चित्रण छ । कथा चन्द्रमान श्रेष्ठद्वारा अनुदित छ ।

१४३. म्याक्सिम गोर्की, **संसार हृदयको गीत,** (६७ : ३२९/२०२४ चैत २४), पृ. ६, श.प. ।
कथामा युद्धको विभीषिकाको सन्दर्भमा प्रेम र शान्तिको औचित्य स्थापित गर्न खोजिएको छ ।

१४४. यज्ञबहादुर कार्की, **सन्तवीरको ईच्छा,** (६४ : २६१/२०२० पौष २०), पृ. ६, श.प. ।
कथामा एक कर्मचारीको जटिल मनस्थितिको चित्रण गरिएको छ ।

१४५. याकुमो कोइजुमी, **बिरालाको चित्र लेख्ने केटो,** (६७ : ३१५/२०२४ चैत १०), पृ. ६, श.प. ।
कथामा भविष्यको ख्याति प्राप्त चित्रकारलाई प्रारम्भिक समयमा नै चिन्न नसकेको यथार्थ उद्घाटन गरिएको छ । कथा टेकबहादुर खत्रीद्वारा अनुदित छ ।

१४६. रमेश विकल, **अनि प्रकाश फैलन्छ,** (६३ : ८५/२०१९ असार २३), पृ. ४, श.प. ।
उपलब्ध एकमात्र स्रोत राष्ट्रिय अभिलेखालयमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

१४७. रमेश विकल, **एउटी बहादुर केटी,** (६४ : १८२/२०२० असोज २६), पृ. ८, श.प. ।
कथामा जोयाकस्मो देमिन्स्काय नामक रसियन केटीको बहादुरीको चित्रण गरिएको छ ।

१४८. रमेश विकल, **अभेद्य परखाल-१,** (६४ : २६८/२०२० पौष २७), पृ. ६, श.प. ।
ऐतिहासिक कहानी भनिएको कथामा ३१ अक्टोबर १८१४ इस्वीमा नालापानीको खलङ्ग किल्लामा भएको नेपाल-अङ्ग्रेज युद्धको कलात्मक वर्णन छ ।

१४९. रमेश विकल, **अभेद्य परखाल-२,** (६४ : २८९/२०२० माघ १८), पृ. ६, श.प. ।
कथामा एक ब्रिटिस अनुसन्धानकर्ताले नेपालीहरूको स्वाभिमानीपनको इतिहाससङ्ग्रह गर्ने क्रममा पाएका अनुभवको वर्णन छ ।

१५०. रमेश विकल, **हरिशरणम्,** (६३ : ९९/२०१९ श्रावण ६), पृ. ४, श.प. ।
कथामा हुने वर्गका क्रियाकलापले नहुने वर्गमाथि थोपरेको पीडाको उद्घाटन गरिएको छ ।

१५१. रमेश विकल, **पहिलो भिक्षा,** (६४ : १८/२०२१ जेठ १०), पृ. ६, श.प. ।

कथामा सौम्यता नै वास्तविक आदर्श हो भन्ने सन्देश दिइएको छ ।

१५२. रमेश विकल, **एउटा अर्को क्राइष्टलाई शूली,** (६५ : २५६/२०२२ माघ ९), पृ. ८, श.प. ।

कथामा जतिसुकै दृढ र ओजस्वी भए पनि मृत्युका सामु मानिस नतमस्तक हुन्छ भन्ने सन्देश दिइएको छ ।

१५३. राधेश्याम घट्ट, **प्रवचना,** (६४ : २८३/२०२१ फागुन ९), पृ. ६, श.प. ।

कथामा आफूले मन पराएकी युवतीलाई आफ्नै बिदुर बाबुले विवाह गरिदिएपछि उत्पन्न परिस्थितिको चित्रण छ ।

१५४. रामनाथ शर्मा, **दिदीभाइ,** (६४ : १३३/२०२० भाद्र ८), पृ. ८, श.प. ।

कथामा एक अबोध शिशु र उसकी दिदीको प्रगाढ सम्बन्धका बारेमा प्रकाश पारिएको छ ।

१५५. रामेश्वरप्रसाद शर्मा, **तीनप्रश्न,** (६३ : १२७/२०१९ भाद्र २), पृ. ४, श.प. ।

कथामा कुमारी आमाका पीडाको मर्मोद्घाटन गरिएको छ ।

१५६. राबर्ट शैकले, **मंगलग्रहको अन्तिम अस्त्र,** (६६ : १३५/२०२३ असोज १), पृ. ७, श.प. ।

कथामा वैज्ञानिक क्षेत्रमा भएका मानव उपलब्धिहरूको वर्णन गरिएको छ । कथा बटुकचन्द्र गौतमद्वारा अनुवादित छ ।

१५७. लक्ष्मीनाथ शर्मा, **पिपलको फेदनिर उभिँदा,** (६९ : ५/२०२६ वैशाख २८), पृ. ६, श.प. ।

कथामा जीवनको उद्देश्यहीनताको चित्रण गरिएको छ ।

१५८. लुद्विक अस्केनाजी, **एउटा मान्छे,** (६८ : २५२/२०२५ माघ ५), पृ. ६, श.प. ।

कथा विगतस्मृतिमा केन्द्रित छ । कथाका अनुवादक शैलेन्द्र साकार रहेका छन् ।

१५९. लेफफा ड्यर्हन, **नर्तकी,** (६४ : १२८/२०२१ भाद्र २८), पृ. ९, श.प. ।

उपलब्ध स्रोतमा लिपि अस्पष्ट भएकाले टिप्पणी उठाउन नसकिएको ।

१६०. वासु शशी, **एउटा विपना र तीन चारओटा सपना,** (६७ : २२०/२०२१ पौष ५), पृ. ६, श.प. ।

कथामा एक व्यक्तिको दिनहीन अवस्थाको चित्रण गरिएको छ ।

१६१. विक्तर कुतेस्की, **प्रकाश,** (६९ : १९/२०२६ जेठ १९), पृ. ६, श.प. ।

कथामा जीवनप्रतिको आशावादिताको चित्रण गरिएको छ । कथा नगेन्द्र श्रेष्ठद्वारा अनुदित हो ।

१६२. विश्वराज पाण्डे, **गाडिएको डर,** (६८ : ४८/२०२५ असार ९), पृ. ६, श.प. ।

कथामा कुनै घटना विशेषले कसैको मनमा पारेको प्रभावको चित्रण छ ।

१६३. विश्वराज पाण्डे, **सम्वाद कथा,** (६८ : ८३/२०२५ श्रावण १२), पृ. ६, श.प. ।

कथामा अप्रिल फुल (विश्व मुर्ख दिवस) मनाउने क्रममा मानिसमाथि हुने ठगीको चित्रण छ ।

१६४. विष्णु नवीन, **मुग्लानको धुन र रेडियोको धून,** (६७ : ७०/२०२४ असार ३१), पृ. ६, श.प. ।

कथामा सोझा व्यक्तिहरूबाट कसरी टाठाबाठाहरूले फाइदा उठाउँदछन् भन्ने देखाइएको छ ।

१६५. शङ्कर कोइराला, **गायत्री,** (६९ : २६४/२०२६ माघ १८), पृ. ७, श.प. ।

कथामा लोग्ने र सासूबाट प्रताडीत हुन पुगेकी एक युवतीको मनोदशा चित्रण गरिएको छ ।

१६६. शङ्कर कोइराला, **विद्रोही,** (६७ : २४१/२०२१ पौष २६), पृ. ६, श.प. ।

कथामा एक साहित्यकारको जीवनदशा चित्रण गरिएको छ ।

१६७. शरद निरौला, **फूल फुलेपछि,** (६८ : २९४/२०२५ फागुन १८), पृ. ६, श.प. ।

कथामा मानिसको ईर्ष्यालु प्रवृत्तिको चित्रण गरिएको छ ।

१६८. श्यामकृष्ण पौड्याल, **बर्खे छुट्टी,** (६४ : ८४/२०२० असार १३), पृ. ७, श.प. ।

कथामा घरबाट टाढा बसेर अध्ययन गर्ने एक युवकको मानसिकताको चित्रण गरिएको छ ।

१६९. श्यामकृष्ण पौड्याल, **कुण्डल,** (६४ : १२६/२०२० भाद्र १), पृ. ८, श.प. ।

कथामा ग्रामीण समाजको प्रेम प्रसङ्ग वर्णन गरिएको छ ।

१७०. श्यामा खरेल, **सपना,** (६८ : १४६/२०२५ असोज १३), पृ. ८, श.प. ।

कथामा एउटासँग प्रेम र अर्कोसँग विवाह हुँदाको परिणाम देखाउन खोजिएको छ ।

१७१. सिंहबहादुर मोक्तान, **बौलाहा कुकुर,** (६३ : ३११/२०१९ फागुन ११), पृ. ६, श.प. ।

कथामा बौलाहा कुकुरको टोकाइबाट ग्रस्त भएको बालकको परिवारको मनोदशा चित्रण गरिएको छ ।

१७२. सुबोल गिरी, **निसास्सिएको जीवन,** (६९ : २२९/२०२६ पौष १२), पृ. ६, श.प. ।

कथामा गरिबीले पिल्सिएपछि बाध्यताबश जस्तो पेसा पनि अपनाउनु पर्छ भन्ने कुराको चित्रण गरिएको छ ।

१७३. सुषमा पंत, **उसको लोग्ने,** (६३ : ३५३/२०१९ चैत २४), पृ. १२, श.प. ।

कथामा ग्रामीण समाजमा लोग्नेले स्वास्नीलाई गर्ने दुर्व्यवहारको चित्रण गरिएको छ ।

१७४. सेमुअल थोसेक एगनान, **शत्रुसँग मितेरी,** (६९ : ७५/२०२६ श्रावण ४), पृ. ६, श.प. ।

कथामा आफू दृढ भए आफूसँग वैमनस्य राख्नेहरू पनि स्वतः मित्र बन्न जान्छन् भन्ने प्रतीकात्मक सन्देश दिन खोजिएको छ । कथा प्रकाश प्रेमीद्वारा अनुदित छ ।

१७५. स्वलिल लिवान, **उत्सव,** (६८ : ६२/२०२५ असार २३), पृ. ६, श.प. ।

कथामा कथाकारको एक अर्धविक्षिप्तझैं लाग्ने दार्शनिकसँगको भेटको प्रसङ्ग चित्रित छ ।

१७६. हर्कबहादुर क्षेत्री, **त्यो घोडा,** (६४ : ३५१/२०२२ वैशाख १९), पृ. ९, श.प. ।

कथामा पूर्वदीप्ति प्रणालीमा घोडाप्रतिको मानवीय दृष्टिकोण उजागर गरिएको छ ।

१७७. हरिप्रसाद त्रिपाठी, **कर्तव्यको सिन्दूर,** (६३ : १६९/२०१९ असोज १३), पृ. १०, श.प. ।

कथामा हरेक नागरिक बिनावर्दीको सिपाही हो भन्ने सन्देश दिइएको छ ।

१७८. हरिमोहन झा, **प्रगतिको बाटोमा,** (६७ : ३५५/२०२५ वैशाख २२), पृ. ६, श.प. ।

कथामा मानवीय प्रवृत्तिका विविध पक्षमा व्यङ्ग्य गरिएको छ । कथा बलराम अर्यालद्वारा मैथिली भाषाबाट अनुदित छ ।

१७९. हरिशंकर उपाध्याय, **भाइटीका,** (६४ : २१४/२०२० कार्तिक ३०), पृ. ६, श.प. ।

कथामा भाइटीकाको अर्थ दाजुभाइको चिरायू र मङ्गलकामना हो, आडम्बर होइन भन्ने सन्देश दिइएको छ ।

१८०. हेडियो सूचि को, **यदि सिरिक बोल्न सक्तो हो त ?,** (६६ : ३५३/२०२४ वैशाख १६),पृ. ६, श.प. ।

कथामा आश्रयहीन र अनाथ दुई दाजुभाइको निरीहताको चित्रण गरिएको छ ।

१८१. हेनरी डुबरनोइज, **लुगा र मानिस,** (६६ : २५४/२०२३ माघ ८), पृ. ८, श.प. ।

कथामा पोशाकले मात्र पनि मानिसमा कर्तव्यबोध हुन आउँछ भन्ने सन्देश दिइएको छ ।

(अ) **बालकथा**

आधुनिक कथाकै एक हाँगोका रूपमा बालकथालाई मान्नपर्ने हुन्छ । खासगरी बालबालिकाको मनोरञ्जन तथा चेतनास्तर अभिवृद्धि गर्ने उद्देश्यले बालबालिकाहरूका लागि बालकथा प्रकाशन गर्ने गरिएको देखिन्छ । स्तम्भमा नियमितता नदेखिए तापनि कहीं केटाकेटीहरूको लागि त कहीं बालस्तम्भ भनेर बालकथाहरू प्रकाशन गर्ने प्रचलन रहेको पाइन्छ । यस समयावधिमा प्रकाशित बालकथाहरूमा कुनै

अनौठो जीवबारे जानकारी दिने, विश्वका ख्याति प्राप्त व्यक्ति तथा साहसिक अन्वेषकहरूका बहादुरीपूर्ण क्रियाकलापहरूको वर्णन गर्ने आदि प्रवृत्ति पाइन्छन् । यस समयका प्रमुख बालकथाकारहरूमा जीतबहादुर मानन्धर, बलराम श्रमजीवि, मधुसुदन शास्त्री, श्री पौड्याल आदि रहेका छन् । सङ्ख्यात्मक रूपमा जम्मा २९ ओटा बालकथाहरू यस अवधिमा प्रकाशित छन् ।

## प्रकाशित बालकथाहरूको विवरणात्मक सूची

१. कृष्णप्रसाद पराजुली (संक.), **गाउँखाने कथा,** (६४ : ३२३/२०२१ चैत २१), पृ. ७, श.प. ।
बालबालिकाहरूलाई मनोरञ्जन दिने खालका दसओटा गाउँखाने कथाहरू रहेका छन् ।

२. जीतबहादुर मानन्धर **'कंगारु'**, (६३ : २६९/२०१९ पौष २८), पृ. १४, श.प. ।
कथाकारले जिराफका बारेमा बालबालिकाहरूलाई जानकारी दिएका छन् ।

३. जीतबहादुर मानन्धर **ग्राह**, (६३ : २५५/२०१९ पौष १४), पृ. ६, श.प. ।
कथाकारले समुद्रमा बस्ने एक प्रकारको मांसहारी जीव ग्राहको बारेमा वर्णन गरेका छन् ।

४. ध्रुव (संक.) **दयारामको दया**, (६५ : २४९/२०२२ माघ २), पृ. ९, श.प. ।
कथामा बालबालिकाहरूलाई दयावान् बन्न प्रेरित गरिएको छ ।

५. पुरु रिसाल, **तेन्जिङ नार्के**, (६३ : ११३/२०१९ मङ्सिर २), पृ. १४, श.प. ।
बालकथामा प्रथम सगरमाथा आरोही तेनजिङ्ग नोर्के शेर्पाका बारेमा जानकारी दिइएको छ ।

६. बलराम, **ठूले बूढाको इच्छा**, (६४ : ३४५/२०२० चैत १५), पृ. ९, श.प. ।
कथामा बालबालिकाहरूलाई नचाहिँदो कुरामा ढिपी गर्नुहुँदैन भन्ने सन्देश दिइएको छ ।

७. बलराम, **जुक्तिबुद्धि**, (६४ : ३१४/२०२० फागुन २४), पृ. ९, श.प. ।
कथामा जुक्तिबुद्धिको प्रयोगले कसरी अप्ठ्यारोबाट बच्न सकिन्छ भन्ने कुराको चित्रण छ ।

८. बलराम श्रमजीवि, **छेउ र टुप्पो**, (६५ : ३३५/२०२२ चैत २५), पृ. ८, श.प. ।
कथामा कुनै ठाउँको लडाइँको प्रसङ्ग वर्णन गर्दै बालबालिकाहरूलाई मनोरञ्जन दिन खोजिएको छ ।

९. बेनामी, **कुसंगतको फल**, (६४ : २६१/२०२० पौष २०), पृ. ९, श.प. ।
कथामा खराब मानिसको सङ्गत गर्दा उत्पन्न हुने परिणामबारे केटाकेटीहरूलाई सचेत गराइएको छ ।

१०. बेनामी, **एकखुट्टे मानिस**, (६४ : २००/२०२० कार्तिक १६), पृ. ६, श.प. ।
कथामा झगडाको परिणाम यस्तो पनि हुन्छ भन्ने देखाउन खोजिएको छ ।

११. मधुसुदन शास्त्री, **इनारको राक्षस**, (६६ : २९८/२०२३ फागुन २०), पृ. ७, श.प. ।
कथामा ठीक समयमा ठीक काम गरे नसोचेको परिणाम हात लाग्छ भन्ने सन्देश दिइएको छ ।

१२. मधुसुदन शास्त्री, **भकुण्डी मैयाँ**, (६६ : १६३/२०२३ असोज २९), पृ. ८, श.प. ।
बालकथामा एक किशोरको बहादुरीको वर्णन गरिएको छ ।

१३. मुकुन्दसिंह सिलवाल, **मतलबी छोराहरू**, (६४ : ८४/२०२० असार २२), पृ. १०, श.प. ।
कथामा अनुशासनहीनताको परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

१४. श्याम काका, **हृदयचन्द्रसिंह प्रधान**, (६३ : २२७/२०१९ मङ्सिर १६), पृ. १०, श.प. ।
कथामा हृदयचन्द्रसिंह प्रधानका बारेमा केटाकेटीहरूलाई जानकारी गराइएको छ ।

१५. श्री पौड्याल (संक.), **नर्सेलीहरू**, (६३ : १४१/२०१९ भाद्र १६), पृ. ७, श.प. ।
कथामा नर्सेली जातिहरूको वीरता बहादुरीको चित्रण अत्यन्त कलात्मक तरिकाले गरिएको छ ।

१६. श्री पौड्याल (संक.), **आँटिलो कोलम्बस-२**, (६३ : १५५/२०१९ भाद्र ३०), पृ. १२, श.प. ।
बालकथामा कोलम्बसको जन्म तथा उनको समुद्रयात्राको वर्णन गरिएको छ ।

१७. श्री पौड्याल (संक.), **आँटिलो कोलम्बस-१**, (६३ : १८४/२०१९ भाद्र २३), पृ. १२, श.प. ।

बालकथामा कोलम्बसको जन्म तथा उनको समुद्रयात्राको वर्णन गरिएको छ ।

१८. श्री पौड्याल (संक.), **अमेरिकाको न्वारान**, (६३ : १३२/२०१९ असोज ६), पृ. १२, श.प. ।

बालकथामा कोलम्बसले सामुद्रिक यात्रा गरी अमेरिका पत्ता लगाएको प्रसङ्ग वर्णित छ ।

१९. श्री पौड्याल (संक.), **बास्कोडिगामा**, (६३ : १६९/२०१९ असोज १३), पृ. १२, श.प. ।

बालकथामा पुर्तगालीहरूले भारतवर्ष पत्ता लगाउने क्रममा अपनाएका जुक्तिहरूको बारेमा वर्णन गरिएको छ ।

२०. श्री पौड्याल (संक.), **म्यागेल्यान**, (६३ : १७६/२०१९ असोज २०), पृ. १३, श.प. ।

बालकथामा पुर्तगाली ठिटो म्यागेल्यानको नयाँ संसार पत्ता लगाउने अभियानको बारेमा वर्णन गरिएको छ ।

२१. श्री पौड्याल (संक.), **कप्तान कुक**, (९१ : १९४/२०१९ कार्तिक ११), पृ. ११, श.प. ।

बालकथामा बेलायती नागरिक कप्तान कूकले अष्ट्रेलिया पत्ता लगाएको प्रसङ्ग वर्णित छ ।

२२. श्री पौड्याल (संक.), **एमण्डसेन**, (९१ : १९९/२०१९ कार्तिक १८), पृ. १, श.प. ।

बालकथामा रोयल एमण्डसनले पृथ्वीको उत्तरी ध्रुवमा गरेको त्रासद यात्राको वर्णन छ ।

२३. श्री पौड्याल (संक.), **पेरी**, (६३ : ११३/२०१९ मङ्सिर २), पृ. १४, श.प. ।

बालकथामा रोवर्ट पेरी पृथ्वीको उत्तरी ध्रुवमा पुगेर झण्डा गाड्न सफल भएको प्रसङ्ग वर्णित छ ।

२४. श्री पौड्याल (संक.), **लाभिंगस्टोन र ष्टेन्ले**, (६३ : २६२/२०१९ पौष २१), पृ. ७, श.प. ।

कथामा लभिंगष्टोन भन्ने व्यक्तिको सहारा मरुभूमिको यात्रा वर्णन गरिएको छ ।

२५. श्री शर्मा (संक.), **हात्ती**, (६५ : ५२/२०२२ असार १२), पृ. ८, श.प. ।

कथामा वर्णनात्मक किसिमले हात्तीको परिचय गराइएको छ ।

२६. श्री शर्मा (संक.), **नयाँ कविता**, (६७ : २६७/२०२४ माघ २७), पृ. ६, श.प. ।

कथामा पारा नगरका राजा भोजको साहित्यप्रतिको अनुरागको वर्णन गरिएको छ ।

२७. श्री शर्मा (संक.), **अक्कली बूढी**, (६८ : ११८/२०२५ भाद्र १६), पृ. ६, श.प. ।

कथामा समयमा नै जुक्ति निकाले समस्याबाट मुक्ति मिल्छ भन्ने सन्देश दिइएको छ ।

२८. सुरेशराज सत्याल, **डाक्टर जोन्सन**, (६३ : १७६/२०१९ असोज २०), पृ. १३, श.प. ।

कथामा बेलायतको एउटा गरिब परिवारमा जन्मिएका बालक कसरी डा.जोन्सन बन्न सफल भए भन्ने कुराको वर्णन छ ।

२९. हरि शर्मा, भोकाएको मुर्दा, (६४ : १००/०२१ श्रावण २०) पृ. १३ श.प.।

कथामा अल्छीको परिणाम राम्रो हुँदैन भन्ने सन्देश दिइएको छ ।

**(आ) लघुकथा**

शोधकार्यका निर्दिष्ट अवधि भरमा अत्यल्प मात्रामा प्रकाशित विधाका रूपमा लघुकथालाई लिनुपर्ने हुन्छ । शोधकार्यका लागि छुट्याइएको दस वर्षे समयावधिमा जम्मा चारओटा लघुकथा मात्र प्रकाशित भेटिएका छन् । यस समयावधिका गोर्खापत्रका लघुकथाकारहरूमा सम्पतकुमार शर्मा, सिंहबहादुर मोक्तान, खलील जिब्रान र भृङ्ग तुपकारी रहेका छन् । यीमध्ये खलील जिब्रान र भृङ्गतुपकारीका लघुकथाहरू अनुदित रूपमा प्रकाशनमा आएका छन् भने अन्य दुई लघुकथाहरू मूल लेखककै रहेका छन् । यी लघुकथामा मानवजीवनका समस्या र मानिसका स्वभावका बारेमा प्रकाश पारिएको छ ।

## प्रकाशित लघुकथाहरूको विवरणात्मक सूची

१. खलील जिब्रान, **दुई विद्वान्,** (६८ : १७५/२०२५ कार्तिक १७), पृ. ८, श.प. ।

लघुकथामा घमण्डी स्वभावका दुई विद्वान्हरूको चरित्र उद्घाटन गरिएको छ । कथा अनुवादक खुलाइएको छैन ।

२. भृङ्ग तुपकारी (अनु.), **जिन्दगी के हो ?,** (६५ : १२/२०२१ वैशाख १३), पृ. ६, श.प. ।

आनन्दकुमार शर्माद्वारा अनुदित यस लघु कथामा जिन्दगीका बारेमा परिभाषा गर्ने जमर्को गरिएको छ ।

३. सम्पतकुमार शर्मा, **दुई प्रतीक पात्र,** (६५ : ३१५/२०२२ चैत ६), पृ. ८, श.प. ।

लघुकथामा धन र ऐश्वर्यले प्रेमसम्बन्धमा तगारो हाल्ने काम गर्छ भन्ने सन्देश दिइएको छ ।

४. सिंहबहादुर मोक्तान, **दशैं,** (६३ : १४१/२०१९ भाद्र १६), पृ. ६, श.प. ।

कथामा गरिबीले सताएको परिवारमा दसैं कुन रूपमा आउँछ भन्ने कुरा चित्रण गरिएको छ ।

## ४.२.२ नीति उपदेशमूलक कथा र कथाकारका प्रमुख प्रवृत्तिहरू

वि.स. २०१७ सम्म आइपुग्दा पनि गोर्खापत्रमा माध्यमिककालीन प्रवृत्तिले युक्त कथाहरूको प्रकाशन परम्परा यथावत रहेको देखिन्छ । वि.सं. १९९२ मा शारदा पत्रिकामा गुरूप्रसाद मैनालीको 'नासो' कथा प्रकाशनसँगै नेपाली कथा साहित्य आधुनिक कालमा प्रवेश गरे पनि अतिरञ्जनात्मक, तिलस्मी, नीति उपदेशमूलक प्रवृत्तिले युक्त कथाहरूको प्रकाशन परम्परा पनि चटक्कै छुटेको भने देखिँदैन । यसैको परिणामस्वरूप अध्ययन क्षेत्रभित्र प्रशस्त मात्रामा लोककथा, दन्त्यकथा, नैतिक कथा, पौराणिक कथा आदि प्रकाशित
देखिन्छन् । यी कथाहरूमा प्रायः भाग्यवादी प्रवृत्ति, नीति उपदेशको भारी बोकाउने प्रवृत्ति, असामान्य बहादुरीको वर्णन गर्ने प्रवृत्ति, अनुवाद परम्परालाई निरन्तरता दिनेजस्ता प्रवृत्तिहरू पाइन्छन् ।

यस समयमा देखिएका प्रमुख अनुवादक तथा सङ्कलनकर्ताका रूपमा करुणाकर वैद्य, जनकप्रसाद हुमागाइँ, जुलुम श्रेष्ठ, लीलासिंह कर्मा, श्री पौड्याल, पराशर आदि रहेका छन् । यस समयावधिमा उपलब्ध रचनाहरूका आधारमा नीति उपदेशमूलक कथाहरूलाई पनि निम्नानुसारका उपविधाहरूमा वर्गीकरण गरिएको छ

**(अ) दन्त्यकथा**

एक दशक लामो यस शोधकार्यको समयावधिमा जम्मा एउटा मात्र शिकारी कोहिछु, नाम गरेको दन्त्यकथा प्रकाशित देखिन्छ । प्रस्तुत कथा रुसी भाषाबाट नेपालीमा अनुवाद गरिएको हो र कथामा एक शिकारीको अभूतपूर्व बहादुरीको वर्णन गरिएको छ ।

## प्रकाशित दन्त्यकथाको विवरणात्मक सूची

१. श्यामदीप थपलिया, **शिकारी कोहिछु,** (६४ : २३३/२०२० मार्ग २१), पृ. ६ श. प. ।

रुसी भाषाबाट अनुदित यस दन्त्यकथामा एक बूढो शिकारीको बहादुरी वर्णन गरिएको छ ।

**(आ) लोककथा**

अध्ययन क्षेत्रका दस वर्षमा गोर्खापत्रमा जम्मा ४२ को सङ्ख्यामा लोककथाहरू प्रकाशित देखिन्छन् । लोककथाहरू अधिकांश नैतिकवान बन्न प्रेरणा दिने किसिमका छन् भने सङ्कलन र अनुवाद दुवै परम्परामा उत्तिकै सङ्ख्यामा रचनाहरू प्रकाशित देखिन्छन् । यस समयावधिका प्रमुख लोककथाका सङ्कलक तथा अनुवादकहरूमा करुणाकर वैद्य, जनकप्रसाद हुमागाइँ, जुलुम श्रेष्ठ आदि रहेका छन् ।

## प्रकाशित लोककथाहरूको विवरणात्मक सूची

१. अज्ञात, **नर र नारी,** (६६ : ५१/२०२३ असार ११), पृ. ६, श.प. ।

तेलगु भाषाबाट अनुदित यस लोककथामा नारी दासी मात्र नभएर गृहलक्ष्मी भएको चर्चा गरिएको छ । कथा सुरेन्द्रद्वारा अनुदित छ ।

२. ईश्वरमान रञ्जितकार, **दायित्वबोध,** (६७ : २६०/२०२४ माघ १३), पृ. ६, श.प. ।
प्रस्तुत अरबी लोककथामा पारिवारिक वितृष्णाका कारण पथप्रष्ट हुन पुगेको व्यक्तिको चित्रण छ ।

३. करुणाकर वैद्य (स.), **जोइटिङ्ग्रे,** (६५ : २१५/२०२२ मार्ग २६), पृ. ८, श.प. ।
कथामा एक सुयोग्य बुहारीमाथि गरिएको दुर्व्यवहारको परिणाम देखाइएको छ ।

४. करुणाकर वैद्य (स.), **हिटरेको कथा,** (६५ : २३६/२०२२ पौष १७), पृ. ६, श.प. ।
कथामा हिटरे नाम गरेको युवकको जीवनमा संयोगवश घटेका घटनालाई वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

५. करुणाकर वैद्य, **कन्जुस झा र बुद्धिमान झा,** (६५ : २७०/२०२२ माघ २३), पृ. ६, श.प. ।
कथामा धेरै लोभ गर्दाको परिणाम राम्रो हुँदैन भन्ने सन्देश दिइएको छ ।

६. करुणाकर वैद्य (अनु.), **उज्यालो र काग,** (६७ : ५६/२०२४ असार १७), पृ. ६, श.प. ।
मूलभाषा अङ्ग्रेजीबाट अनुदित कथामा कागको चतुऱ्याइँको वर्णन गरिएको छ ।

७. करुणाकर वैद्य (अनु.), **बुद्धि ठूलो कि भाग्य,** (६७ : २५३/२०२४ माघ ६), पृ. ६, श.प. ।
चेक भाषाबाट अनुदित यस कथामा भाग्य बलवान भएको कुरा देखाउन खोजिएको छ ।

८. कुमारधर शर्मा, (अनु.), **चन्द्रमाको कालो दाग,** (६४ : १४०/२०२० भाद्र १५, पृ., श.प. ।
बर्मेली भाषाबाट अनुदित यस कथामा एक परिवारको जीवनदशाको चित्रण गरिएको छ ।

९. कुमारबहादुर जोशी 'शास्त्री', **सुगा र मैनाको कथा,** (६४ : ५९/२०२१ असार २१), पृ. ८, श.प. ।
बेतालपंचविशतिकाको आधारमा भनिएको प्रस्तुत कथामा माध्यमिककालीन जासुसी, तिलस्मी प्रवृत्ति पाइन्छ ।

१०. छविलाल अधिकारी (संक.), **स्यालको चलाखी,** (६८ : १११/२०२५ भाद्र ९), पृ. ७, श.प. ।
लोककथामा एउटा धूर्त स्यालको चलाखीको वर्णन गरिएको छ ।

११. जनकप्रसाद हुमागाइँ (संक.), **नयाँ नगर,** (६३ : २६९/२०१९ पौष २८), पृ. १०, श.प. ।
लोककथामा दुई भाइका जीवनमा आएका विभिन्न उतारचढावहरूको अतिरञ्जनात्मक व्याख्या गरिएको छ ।

१२. जनकप्रसाद हुमागाइँ (संक.), **नयाँ नातिको नयाँ चमत्कार,** (६३ : २९७/२०१९ माघ २०), पृ. १०, श.प. ।
लोककथामा एक परिवारमा हुर्कँदै गरेको बालकको विलक्षणताको वर्णन गरिएको छ ।

१३. जनकप्रसाद हुमागाइँ, **नयाँ फरिया,** (६३ : ३२५/२०१९ फागुन २५), पृ. ८, श.प. ।
लोककथामा गरिबी र आर्थिक अभावले सताएको व्यक्तिको जीवनसार चित्रण गरिएको छ ।

१४. जनकप्रसाद हुमागाइँ (संक.), **जोगी,** (६४ : २९६/२०२० फागुन ३), पृ. ८, श.प. ।
लोककथामा कुरा नबुझी निर्णय गर्दा आइपर्न सक्ने समस्याका बारेमा सचेत गराइएको छ ।

१५. जनकप्रसाद हुमागाइँ (संक.), **फूलौरे साहू,** (६५ : २४२/२०२२ पौष २४), पृ. ६, श.प. ।
लोककथामा परिश्रमको फल मीठो हुन्छ भन्ने सन्देश दिन खोजिएको छ ।

१६. जुलम श्रेष्ठ (अनु.), **उनको बानी कसरी सपार्ने,** (६५ : १८७/२०२२ कार्तिक २८), पृ. ६, श.प. ।
कोरियाली लोककथाबाट अनुदित लोककथामा प्रेम, धैर्य र सहानुभूतिले मानिसको मन जित्न सकिन्छ भन्ने सन्देश दिइएको छ ।

१७. जुलुम श्रेष्ठ (अनु.), **भागबण्डा,** (६५ : २३६/२०२२ पौष १७), पृ. ७, श.प. ।
इन्डोनेशियाली लोककथाबाट अनुदित यस कथामा दुई मित्रहरूको समझदारी चित्रण गरिएको छ ।

१८. जुलुम श्रेष्ठ (अनु.), **अचम्मको मुद्दा,** (६५ : ३०८/२०२२ फागुन २९), पृ. ६, श.प. ।
कथामा अर्काको सम्पत्तिमा अनावश्यक लालचा गर्दाको परिणाम नराम्रो हुने सन्देश दिइएको छ ।

१९. जुलुम श्रेष्ठ (अनु.), **बालिकाको भाग्य परिवर्तन,** (६५ : ३१५/२०२२ चैत्र २०), पृ. ६, श.प. ।
बेलायती भाषाबाट अनुदित लोककथामा अलौकिक शक्तिद्वारा निःसहाय बालिकाको जीवनमा भएको भाग्य परिवर्तनको वर्णन गरिएको छ ।

२०. जुलुम श्रेष्ठ (संक.), **तीन दोबाटोको घर,** (६५ : ३३५/२०२२ चैत २५), पृ. ६, श.प. ।
लोककथामा ठगी गर्दाको परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

२१. जुलुम श्रेष्ठ (अनु.), **तथाकथित विद्वान्हरू,** (६५ : ९४/२०२२ श्रावण २३), पृ. ८, श.प. ।
लोककथामा विद्वान् भइटोपल्ने केही व्यक्तिहरूको मूर्खतापूर्ण कार्यको उल्लेख गरिएको छ ।

२२. जुलुम श्रेष्ठ (अनु.), **सुनको भाँडा,** (६६ : १५६/२०२३ आश्विन २२), पृ. ७, श.प. ।
रुसी लोककथाबाट अनुदित यस कथामा सम्पत्तिप्रतिको मानिसको आसक्तीको चित्रण गरिएको छ ।

२३. जुलुम श्रेष्ठ (अनु.), **जादुको बट्टा,** (६६ : १८३/२०२३ मार्ग ४), पृ. ७, श.प. ।
स्पेनी भाषाबाट अनुदित कथामा एक युवकको भाग्यमा भएको परिवर्तनको चित्रण गरिएको छ ।

२४. जुलुम श्रेष्ठ (अनु.), **माछा मार्ने जाल,** (६६ : २३३/२०२३ पौष १६), पृ. ७, श.प. ।
न्यूजिल्याण्डमा प्रचलित लोककथा हो । कथामा सबैद्वारा तिरस्कृत भए पनि आफ्नो सीप र पौरखद्वारा व्यक्तिले ठूलो सफलता हात पार्न सक्छ भन्ने सन्देश दिइएको छ ।

२५. जुलुम श्रेष्ठ (अनु.), **अभिचारपुरको कारवाई,** (६७ : ३०१/२०२४ फागुन २६), पृ. ६, श.प. ।
लङ्काको लोककथा भनिएको प्रस्तुत कथामा एक न्यायधीशको न्याय सम्पादनको तरिका वर्णन गरिएको छ ।

२६. टीकाभूषण दहाल (संक.), **सोक्पा,** (६४ : ८५/२०२० साउन ५), पृ. १३, श.प. ।
कथा सोक्पा अर्थात हिमालमा भेटिन्छ भनेको हिममानवको वर्णनमा आधारित छ ।

२७. दिनेश सिंह (अनु.), **नवौ महिनाको दशौं रात,** (६६ : १४९/२०२३ असोज १५), पृ. ७, श.प. ।
जापानी भाषाबाट अनुदित कथामा वास्तविक प्रेम सदा अमर रहने सन्देश दिइएको छ ।

२८. दीपबहादुर कार्की (संक.), **परीक्षा,** (६८ : ७६/२०२५ साउन ५), पृ. ८, श.प. ।
कथामा एक दम्पत्तिको प्रेम प्रसङ्ग वर्णित छ ।

२९. धनमानसिंह परियार (संक.), **जम्बुमन्त्री,** (६८ : १८२/२०२५ कार्तिक २४), पृ. ७, श.प. ।
लोककथामा बुद्धिले काम गरे सफलता पाइने सन्देश दिइएको छ ।

३०. धर्मराज थापा (संक.), **अल्छी,** (६८ : २७३/२०२५ माघ २६), पृ. ६, श.प. ।
लोककथामा अल्छी हुँदाको परिणामप्रति सचेत गराइएको छ ।

३१. धर्मराज थापा (संक.), **अलच्छिनी सासु,** (६८ : १४६/२०२५ असोज १३), पृ. ६, श.प. ।
कथामा परिवार भित्रका कुसंस्कारहरूको चित्रण गरिएको छ ।

३२. धर्मराज थापा (संक.), **नागदेवता र सेते,** (६८ : ९०/२०२५ साउन १९), पृ. ६, श.प. ।
कथामा लोभले लाभ र लाभले विलाप हुन्छ भन्दै अनावश्यक लोभी नबन्न सन्देश दिइएको छ ।

३३. रमेशमान प्रधान (संक.), **इमान र बेइमान,** (६४ : १३५/२०२१ असोज ४), पृ. ८, श.प. ।
कथामा मानिसमा रहेको छलकपट र दुष्ट्याँईको उद्घाटन गरिएको छ ।

३४. रामेश्वर घिमिरे, (अनु.), **मन्जूरमा,** (६७ : ३४८/२०२५ वैशाख १५), पृ. ६, श.प. ।
कथामा भाग्यका कारण मानिसको जीवन पनि उहापोहयुक्त हुन पुग्छ भन्ने सन्देश दिइएको छ ।

३५. रिसाल (अनु.), **कुकुरभित्रकी सुन्दरी,** (६८ : २७/२०२५ जेठ १९), पृ. ६, श.प. ।

तिब्बती भाषाबाट अनुदित कथामा सत्य नछाडे सँधैं चन्द्रमा दायाँ रहने सन्देश दिइएको छ ।

३६. लक्ष्मण उपाध्याय (अनु.), **सिक्न जे पनि हुन्छ,** (६७ : १८३/२०२४ कार्तिक २५), पृ. ६, श.प. ।

जर्मन भाषाबाट अनुदित यस लोककथामा नवीनतम कुराको ज्ञान लिइराखे राम्रै हुन्छ भन्ने सन्देश दिइएको छ ।

३७. लीलासिंह कर्मा (संक.), **हाभ्रेको छोरो,** (६३ : १५५/२०१९ भाद्र ३०), पृ. १५, श.प. ।

कथामा अति दारिद्रयताको परिणाम देखाइएको छ ।

३८. लीलासिंह कर्मा (संक.), **हेर्ने र भर्ने बुहारी,** (६३ : २३४/२०१९ मङ्सिर २३), पृ. ८, श.प. ।

लोककथामा स्त्रीले घर सपार्ने मात्र नभएर बिगार्ने काम पनि गर्छन् भन्ने सन्देश दिइएको छ ।

३९. लीलासिंह कर्मा, **नयाँ जैशी,** (६३ : ३१८/२०१९ फागुन १८), पृ. १२, श.प. ।

लोककथामा एक ज्योतिषीको तान्त्रिक क्रियाकलापलाई अतिरञ्जनात्मक किसिमले प्रस्तुत गरिएको छ ।

४०. लीलासिंह कर्मा (संक.), **भूताहा गाछी,** (६७ : २६७/२०२४ माघ २०), पृ. ६, श.प. ।

लोककथामा भूतप्रेतको प्रसङ्गलाई अतिरञ्जनात्मक किसिमले वर्णन गरिएको छ ।

४१. वसन्त सिटौला (संक.), **मंगलेको पुरुषार्थ,** (६३ : ३५५/२०२३ वैशाख १८), पृ. ६, श.प. ।

लोककथामा एक युवाको बहादुरीको वर्णन गर्दै मनोरञ्जन प्रदान गरिएको छ ।

४२. श्यामदीप थपलिया (अनु.), **अचम्मको कुरा,** (६७ : २४७/२०२४ पौष २९), पृ. ६, श.प. ।

रुसी भाषाबाट अनुदित यस कथामा व्यभिचारको फल नराम्रो हुने सन्देश दिइएको छ ।

**(इ) नैतिक कथा**

नैतिक कथाको संज्ञामा समीक्षा अवधिमा जम्मा ७ ओटा कथाहरू प्रकाशित छन् । खासगरी कसरी चलाख र सक्षम व्यक्ति बन्ने भन्ने सन्दर्भमा नैतिक कथाका माध्यमबाट शिक्षा दिन खोजिएको देखिन्छ । नैतिक कथाका सङ्कलकका रूपमा एकल प्रतिनिधित्व पराशरले गरेका छन् ।

## प्रकाशित नैतिक कथाहरूको विवरणात्मक सूची

१. पराशर, **काँचा पण्डितहरू**, (६७ : २३४/२०२१ पौष १९), पृ. ६, श.प. ।

कथामा सैद्धान्तिक शिक्षाले मात्र नभएर व्यवहारिक शिक्षा पनि हाँसिल गर्नु पर्ने सन्देश दिइएको छ ।

२. पराशर, **विद्या र बुद्धि**, (६७ : २४१/२०२१ पौष २६), पृ. ११, श.प. ।

कथाकारले विद्या ग्रहण गरेर मात्र हुँदैन त्यसलाई उपयुक्त ठाउँमा प्रयोग गर्न सक्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

३. पराशर, **सर्प र भ्यागुतो**, (६४ : २४८/२०२१ माघ ३), पृ. ६, श.प. ।

कथामा मौकामा शत्रुको पनि पाउ मोल्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

४. पराशर, **हाँस र काग**, (६५ : २३/२०२२ जेठ १६), पृ. ८, श.प. ।

कथामार्फत अनावश्यक घमण्ड गर्नुहुँदैन भन्ने सन्देश दिइएको छ ।

५. पराशर, **बाँदरको चतुऱ्याई**, (६५ : ५२/२०२२ असार १२), पृ. ८, श.प. ।

कथामा उचित समयमा सही निर्णय गरे धोकाबाट बच्न सकिन्छ भन्ने सन्देश दिइएको छ ।

६. पराशर, **अतिलोभो नकर्तव्य**, (६५ : ५९/२०२२ असार १९), पृ. ६, श.प. ।

कथामा ज्यादै लोभ गर्दाको परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

७. पराशर, **छट्टु स्याल**, (६५ : १०१/२०२२ श्रावण ३०), पृ. ८, श.प. ।

कथामार्फत बाठो सधैँ अगि पर्ने सन्देश दिइएको छ ।

### (ई) पौराणिक कथा र कथाकारका प्रमुख प्रवृत्तिहरू

प्रायः पुराणकालीन सन्दर्भ र प्रसङ्ग जोडेर वर्तमानका पुस्ताहरूलाई नैतिकवान्, सच्चरित्र, कर्तव्यनिष्ठ, चलाख र बहादुर बन्न प्रेरणा दिने यस किसिमका कथाहरूमा अधिकतम आदर्श स्थापनाको लक्ष्य रहेको पाइन्छ । एकातिर कथाहरू मनोरञ्जनले युक्त देखिन्छन् भने अर्कातिर उच्च गरिमामय आदर्श स्थापनामा पनि उत्तिकै सबल रहेका पाइन्छन् । यस किसिमका प्रवृत्ति भएका जम्मा १६ ओटा कथाहरू यस समयावधिमा गोर्खापत्रमा प्रकाशित देखिन्छन् । यसैगरी रचना सङ्कलकका रूपमा एकदुई जनालाई छाडेर सम्पूर्ण स्थान पराशरले जमाएको देखिन्छ ।

यसरी यस एक दशकका कथाहरूलाई आधुनिक कथा र नीति उपदेशात्मक कथाअन्तर्गत विभिन्न उपविधाहरूमा वर्गीकरण गरेर अध्ययन मूल्याङ्कन गर्ने प्रयास गरिएको छ । आधुनिक कथा बाहेकका अन्य कथाहरू सङ्ख्यात्मक रूपमा थोरै भए तापनि आफ्नो परम्परा धान्न भने सफल देखिन्छन् ।

## प्रकाशित पौराणिक कथाहरूको विवरणात्मक सूची

१. कृष्णप्रसाद घिमिरे (संक.), **छोरो कसको हो ?**, (६५ : २४९/२०२२ माघ २), पृ. ६, श.प. ।

कथामा चन्द्रमाले आफ्नी गुरूपत्नी तारालाई जबर्जस्ती आफ्ना घरमा राखेपछि जन्मन पुगेको सन्तानको स्वामित्वका बारेमा उठेको विवाद वर्णन गरिएको छ ।

२. कृष्णमुरारी शर्मा अधिकारी (संक.), **आदर्श पितृभक्ति**, (६४ : १२१/२०२१ भाद्र २१), पृ. ६, श.प. ।

कथामा पितृभक्तिका लागि जतिसुकै ठूलो त्याग पनि गर्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

३. टीकाप्रसाद शर्मा (संक.), **शिल ?**, (६४ : ३१५/२०२१ चैत १४), पृ. ६, श.प. ।

कथामार्फत महान् व्यक्तिहरू आफ्नो कर्तव्यबाट कहिल्यै पनि विचलित हुँदैनन् भन्ने सन्देश दिइएको छ ।

४. पराशर (संक.), **बैगुनीलाई गुनले जीत**, (६४ : १००/२०२१ श्रावण ३१), पृ. ८, श.प. ।

कथामा आफूलाई दुःख दिनेहरूलाई गुनले पैँचो तिनुपर्छ भन्ने सन्देश दिइएको छ ।

५. पराशर (संक.), **तिरस्कृत चेलाको गुरुभक्ति**, (६४ : १७४/२०२१ कार्तिक १५), पृ. ८, श.प. ।

कथामा दृढनिश्चयी भएर लागिपरे जस्तोसुकै काम पनि सफल गर्न सकिन्छ भन्ने सन्देश दिइएको छ ।

६. पराशर, **बचनपालन**, (६४ : १८६/२०२१ कार्तिक २९), पृ. ७, श.प. ।

कथामा मर्द व्यक्तिहरू जस्तोसुकै मूल्य चुकाएर पनि वचनको पालन गर्न सक्षम हुन्छन् भन्ने सन्देश दिइएको छ ।

७. पराशर, **लगनको काम**, (६४ : २०७/२०२१ मङ्सिर २०), पृ. ६, श.प. ।

कथामा लगनशील भएर लागिपरे जुनसुकै काम पनि सजिलै फत्ते हुने सन्देश दिइएको छ ।

८. पराशर, **सुन्द र उपसुन्द**, (६४ : २६२/२०२१ माघ १७), पृ. ८, श.प. ।

कथामा त्याग र तपस्याले आर्जित वस्तुलाई गलत कामको लागि प्रयोग गरेमा परिणाम राम्रो नहुने सन्देश दिइएको छ ।

९. पराशर, **समुन्द्री आगो बडवानल**, (६४ : २७६/२०२१ फागुन २), पृ. ८, श.प. ।

कथामा मदले अन्धो भएर कर्तव्य भूल्ने मान्छेले दुष्परिणाम भोग्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

१०. पराशर, **तरवारको जन्म**, (६४ : २८३/२०२१ फागुन ९), पृ. ८, श.प. ।

कथामा तरवारको उत्पत्तिका बारेमा वर्णन गरिएको छ ।

११. पराशर, **बालबालिकालाई सजाय नहुने**, (६४ : २९६/२०२१ फागुन २३), पृ. ६, श.प. ।

कथामा पौराणिक प्रसङ्ग उल्लेख गर्दै बालबालिकामा ज्ञान नहुने हुनाले उनीहरूको गल्तीमा माफी दिनुपर्छ भन्ने सन्देश दिइएको छ ।

१२. पराशर, **किराँती र अर्जुनको युद्ध**, (६४ : ३२३/२०२१ चैत २०), पृ. ६, श.प. ।

कथामा किरात भेषधारी शङ्करले परीक्षा लिन अर्जुनसँग गरेको युद्धको सन्दर्भ वर्णित छ ।

१३. पराशर, **नोकरको वदमाशी**, (६५ : ९४/२०२२ श्रावण २३), पृ. ६, श.प. ।

कथामा बद्मासीको फल राम्रो नहुने सन्देश दिइएको छ ।

१४. बदरीनाथ भट्टराई, **अंशवण्डा**, (६८ : २८०/२०२५ फागुन ४), पृ. ६, श.प. ।

कथामा ऋषि यज्ञवलक्यले आफ्नी दुईओटी श्रीमतीबीच गरिदिएको अंशबण्डाको प्रसङ्ग वर्णित छ ।

१५. रामचन्द्र शर्मा न्यौपाने, **माझीको छोराको दरो आँट**, (६४ : ८०/२०२१ श्रावण १०), पृ. ७, श.प. ।

कथामा पौराणिक किशोरहरूको बहादुरीको वर्णन गरिएको छ ।

१६. सोमनाथ शर्मा शास्त्री, **आफै जवाफदेही**, (६४ : ११४/२०२१ भाद्र १४), पृ. ८, श.प. ।

कथामा मानिस स्वयम् नै आफ्ना सुख, दुख, उन्नति, अवनति तथा जन्म-मृत्युको जवाफदेही हुन्छ भनिएको छ ।

## ४.३ प्रकाशित समालोचना र समालोचकहरूका प्रमुख प्रवृत्ति

वि.सं. २०१७ देखि २०२६ चैत मसान्तसम्मको गोर्खापत्रसँगको एक दशकलाई नेपाली समालोचनाको स्वर्णकाल भने पनि हुन्छ । यस अवधिमा गोर्खापत्रमा अत्याधिक मात्रामा समालोचनात्मक रचनाहरू प्रकाशन भएका छन् । उक्त रचनाहरू सङ्ख्यात्मक रूपमा मात्र नभएर गुणात्मक दृष्टिले पनि अति उच्च किसिमका रहेका छन् । समालोचनाका सैद्धान्तिक तथा प्रायोगिक दुवै पक्षलाई समेटेर यस अवधिमा समालोचनात्मक रचनाहरू प्रकाशित छन् । कतिपय सैद्धान्तिक तथा प्रायोगिक समालोचनाहरू नेपाली विषयतर्फको उच्च शिक्षाको पाठ्यक्रममा समावेश गरिएका पाठ्यसामग्रीको अभावपूर्तिका लागि भनेर नै प्रकाशन भएका छन् । यसप्रकार सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले कवितासँग हाराहारीमा आउने विधा समालोचना नै देखिएको छ । यस अवधिमा गोर्खापत्रमा जम्मा ४०७ ओटा समालोचनात्मक रचनाहरू प्रकाशित भएका छन् । समालोचनात्मक रचनाहरू उत्कृष्ट हुँदाहुँदै पनि कतिपय समालोचकहरू सर्जकहरूका गुण र दोष केलाउन तर्फ नलागेर केवल गुण वा राम्रो पक्षको मात्र वर्णन गर्न पनि लागेका छन् । यसो हुनुमा समालोचकहरू सर्जकहरूबाट बढी प्रभावित हुनु तथा लाभको आशाले प्रेरित भएर समालोचना प्रकाशित गर्नुजस्ता कारणहरू देखिएका छन् । जे भए पनि यस अवधिमा गोर्खापत्रमा जेजति समालोचनात्मक रचनाहरू प्रकाशित भए तिनीहरूमध्ये एकदुईओटालाई छाडेर बाँकी सम्पूर्ण रचनाहरू उत्कृष्ट किसिमका रहेका छन् । यस समयमा समालोचना प्रकाशन गराउने प्रतिनिधि समालोचकहरूमा गणेशराज शर्मा, जगन्नाथ मिश्र, ताराप्रसाद जोशी, कमल दीक्षित, केशवप्रसाद उपाध्याय, ताना शर्मा, वासुदेव त्रिपाठी, सुन्दर झा शास्त्री आदि रहेका छन् ।

### प्रकाशित समालोचनाहरूको विवरणात्मक सूची

१. अभिनारायण सुवेदी, **आधुनिक कविता र दार्जिलिङ्गका केही तन्नेरी कविहरू**, (६७ : २२७/२०२१ पौष १२), पृ. ६, श.प. ।

समालोचनामा दार्जिलिङ्गका प्रमुख कविहरू अगमसिंह गिरी, जगत राई, जौ छिरिङ आदिका कविताका बारेमा चर्चा गरिएको छ ।

२. अम्बिकाप्रसाद अधिकारी, **साहित्यमा नरनारायण**, (६३ : २८३/२०१९ माघ १३), पृ. ७, श.प. ।

समालोचनामा साहित्यको बारेमा विवेचना गर्दै मान्छेका निम्ति सिर्जिएको कलात्मक तत्त्वका रूपमा चर्चा गरिएको छ ।

३. अयोध्याप्रसाद प्रधान, **खरानीको थुप्रो एक अध्ययन**, (६७ : २६०/२०२४ माघ १३), पृ. ७, श.प. ।

समालोचनामा माधवलाल कर्माचार्यद्वारा लिखित कवितासङ्ग्रह खरानीको थुप्रोको कलात्मक पक्षमा विवेचना गरिएको छ ।

४. अलख मधुम, **एक भारतीय पत्रकारको दृष्टिमा नेपाली साहित्य**, (६६ : १००/२०२३ श्रावण २९), पृ. ७, श.प. ।

समालोचनामा वि.सं. १३९४ लाई नेपाली साहित्यको प्रारम्भिक काल मान्दै प्रेमनिधि पन्तको प्रायश्चित प्रदीपलाई नेपाली साहित्यको सर्वप्रथम लिखित पुस्तक मानिएको छ ।

५. आनन्ददेव भट्ट, **कविशिरोमणि श्री लेखनाथ पौडेलको महाप्रयाण**, (६५ : ३०१/२०२२ फागुन २२), पृ. ५, श.प. ।

समालोचनामा श्री लेखनाथ पौडेलको मृत्युका सन्दर्भमा उहाँसँग भएका साक्षात्कारहरूको वर्णन गरिएको छ ।

६. इन्दुकान्त शर्मा, **जीवन र साहित्य एक अध्ययन**, (६४ : ४९/२०२० जेठ १८), पृ. ८, श.प. ।

समालोचनामा साहित्य बारेमा चर्चा गर्दै सत्यम् शिवम् सुन्दरम्को समष्टि नै साहित्य हो भनिएको छ ।

७. इन्द्रप्रसाद काफ्ले, **राजदरबारको रमझम**, (६६ : १२८/२०२३ भाद्र २५), पृ. ७, श.प. ।

समालोचनामा राजदरवारबाट प्रकाशित हुने सामयिक साहित्यिक पत्रिका 'रमझम' युगको मुटुको धड्कन भएको चर्चा गरिएको छ ।

८. इन्द्ररत्न बज्राचार्य, **मानवजीवन र साहित्य** (६९ : २७१/२०२६ माघ २५), पृ. ७, श.प. ।

समालोचनामा मानवजीवन र साहित्यमा घनिष्ट सम्बन्ध हुने कुरामा चर्चा गरिएको छ ।

९. इन्द्ररत्न बज्राचार्य, **आदिकवि श्री भानुभक्त आचार्य र नेपाली साहित्यको जन्म,** (६९ : ६९/२०२६ असार २९), पृ. ३ ।

समालोचनामा भानुभक्त आचार्यको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

१०. उपेन्द्र श्रेष्ठ, **नयाँ साहित्य : एक चिन्तन र मनन्,** (६६ : ११४/२०२३ भाद्र ११), पृ. ५, श.प. ।

समालोचनामा नयाँ साहित्यका स्रष्टाले प्रयोग गर्ने रूप सौन्दर्यका बारेमा चर्चा गरिएको छ ।

११. उपेन्द्र श्रेष्ठ, **वर्तमान साहित्य ; भूतबाट उपेक्षित तर सिर्जनात्मक,** (६७ : ७०/२०२४ असार ११), पृ. ७, श.प. ।

समालोचनामा नयाँ कविताका कविहरू यथाशक्ति यथार्थ रचनाद्वारा अभिव्यक्ति दिने गर्दछन् भनिएको छ ।

१२. उपेन्द्र श्रेष्ठ, **आधुनिक साहित्य र युगबोध,** (६८ : ३०१/२०२५ फागुन २५), पृ. ७, श.प. ।

समालोचकले आधुनिक नेपाली साहित्यकारले पनि युगबोधलाई अँगालेर साहित्य सिर्जना गर्न थालेको प्रसङ्गमाथि चर्चा गरेका छन् ।

१३. ऋषभदेव शास्त्री, **कवि र समालोचक,** (६५ : २०१/०२२ मार्ग १२) पृ. ६, श.प. ।

समालोचनामा कवि र समालोचकको अर्थ स्पष्ट पार्दै कविको भन्दा समालोचकको दृष्टि व्यापक हुनुपर्दछ भन्ने धारणा व्यक्त गरिएको छ ।

१४. ऋषभदेव शर्मा, **निबन्ध : एक विचार,** (६६ : १००/०२३ श्रावण २९) पृ. ८, श.प. ।

समालोचनामा प्राचीन र आधुनिक निबन्धको रचना पद्धतिमा अकल्पनीय भिन्नता रहेको तथ्यमाथि प्रकाश पारिएको छ ।

१५. ऋषभदेव शर्मा, **समन्वयवादी प्रगति : उज्ज्वल भविष्य,** (६७ : २४७/०२४ पौष २९) पृ. ७, श.प. ।

समालोचनामा साहित्यिक समन्वय भन्नाले साहित्यमा प्रदर्शित सम्-विषम् भावनाहरूको समीकरण गरेर एउटा अलौकिक आनन्द दिनु हो भन्दै नेपाली साहित्यमा पनि यो प्रवृत्ति प्रशस्त पाइने चर्चा गरिएको छ ।

१६. एकदुःखी, **स्वर्गीय कवि शिरोमणि लेखनाथ,** (६५ : २९०/२०२२ फागुन ११), पृ. ३ ।

समालोचनामा फागुन ८ को लेखनाथको मृत्युका सन्दर्भमा उनको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

१७. एच.बी. गारल्याण्ड, **अमेरिकी जनकवि श्री कार्ल स्याण्डवग,** (६३ : ११३/२०१९ मङ्सिर २), पृ. १६, श.प. ।

अमेरिकी जनकवि श्री कार्ल स्याण्डवर्गको परिचय दिँदै प्रमुख कवि लेखकहरूमध्ये वहाँ पनि एक हुनुहुन्थ्यो भनिएको छ ।

१८. एच.बी. गारल्याण्ड, **कार्ल स्याण्डवर्ग : अमेरिकी जनताका कवि,** (६४ : १३७/२०२१ असोज ६), पृ. ३ ।

समालोचकले अमेरिकी कवि कार्ल स्याण्डवर्गको जीवनीपरक समालोचना गरेका छन् ।

१९. एम.पी. शर्मा पौडेल, **आदिकवि भानुभक्त,** (६५ : ६६/२०२२ असार २६), पृ. ५, श.प. ।

समालोचनामा आदिकवि भानुभक्त आचार्यको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

२०. कमल दीक्षित, **दुईयात्रा,** (६० : १२९/२०१७ फागुन १५), पृ. १५ ।

समालोचनामा राजकीय भ्रमणका सन्दर्भमा रचना भएका दुई पुस्तक जङ्गबहादुरको बेलायत यात्रा र श्री यूरोप यात्राका विभिन्न पक्षमा चर्चा गरिएको छ ।

२१. कमल दीक्षित, **कागतीको सिरप,** (६० : ९/२०१७ वैशाख २४), पृ. २ ।

समालोचनामा गोर्खापत्रले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

२२. कमल दीक्षित, **सामाग्री खोई ?,** (६७ : ११९/२०२४ भाद्र १७), पृ. ७, श.प. ।

समालोचनामा कहाँ जन्म पायो कहाँ आज आयो भन्ने श्लोक देवशमशेर वा मोतीराम कसको हो भन्ने विवाद रहेको भन्दै विभिन्न तर्कका आधारमा मोतीरामकै प्रियदर्शिका भित्रको भएको पुष्टि गरिएको छ ।

२३. कमल दीक्षित, **बरमाला कल्लाई ?,** (६८ : ३४२/२०२६ वैशाख ७), पृ. ५, श.प. ।

समालोचनामा सत्यहरिशचन्द्र नामक पुस्तकको आधिकारिक लेखक को हो ? भन्ने बारेमा उठेको विवादको वर्णन गरिएको छ ।

२४. कमला साङ्कृत्ययान, **महाकवि देवकोटा र महापण्डित राहुलको भेट,** (६४ : ३१७/२०२० फागुन १७), पृ. ८, श.प. ।

समालोचनामा राहुल साङ्कृत्यायन र देवकोटाको भेटको सन्दर्भ चर्चा गर्दै देवकोटा पागल नभएको कुराको चर्चा गरिएको छ ।*

२५. काशीबहादुर श्रेष्ठ, **साहित्य तथा देशोन्नति,** (६५ : १३६/२०२२ असोज २), पृ. ५, श.प. ।

समालोचनामा देशको भौतिक उन्नति भए साहित्यले पनि उचित संरक्षण पाउने विचार व्यक्त गरिएको छ ।

२६. काशीबहादुर श्रेष्ठ, **साहित्य र जीवनदर्शन,** (६६ : २७०/२०२३ माघ २२), पृ. ५, श.प. ।

समालोचकले साहित्यमा जीवनका लागि मार्ग निर्देशक कुराहरू उद्घाटन हुनुपर्नेमा जोड दिएका छन् ।

२७. काशीबहादुर श्रेष्ठ, **कथा र कथाकारको दायित्व,** (६६ : ३१२/२०२३ चैत ५), पृ. ८, श.प. ।

समालोचनामा आधुनिक कथाकारिकताका सन्दर्भमा कथाकारको दायित्वका बारेमा चर्चा गरिएको छ ।

२८. काशीनाथ तमौट, **'के नेपाल सानो छ ?'मा देवकोटाको देशप्रेम,** (६५ : १७३/२०२२ कार्तिक १४), पृ. ६, श.प. ।

समालोचनामा के नेपाल सानो छ ? का सन्दर्भमा देवकोटाको देशप्रेमको वर्णन गरिएको छ ।

२९. कीर्तिबहादुर चन्द, **सुदूरपश्चिमाञ्चलका लोकगीतको सङ्क्षिप्त परिचय,** (६६ : १८३/२०२३ मार्ग ४), पृ. ३ शनिबार ।

समालोचनामा सुदूर पश्चिमाञ्चल क्षेत्रमा गाइने देउडा, गौरा, धमारी आदि गीतको सोदाहरण चर्चा गरिएको छ ।

३०. कुमारधर शर्मा 'ज्ञानी', **२००९ सालको कवितामा संवेदनशील यथार्थवादी व्यथित ज्यू,** (६४ : १४/२०२१ जेठ ६), पृ. ३ ।

समालोचनामा कवि व्यथितका कवितामा पाइने संवेदनशीलताको चर्चा गरिएको छ ।

---

* हिन्दी साप्ताहिक धर्मयुगबाट साभार गरिएको भनिएको छ ।

३१. कुमारबहादुर जोशी, **कर्मवाद,** (६४ : २१/२०२० वैशाख २१), पृ. ९, श. प. ।

समालोचनामा जीवनमा क्रियाशीलताको महत्त्वमाथि प्रकाश पारिएको छ ।

३२. कुमारबहादुर जोशी, **कोही किन बर्बाद होस् : एक समीक्षा,** (६४ : ३२३/२०२१ चैत २१), पृ. ५, श. प. ।

समालोचनामा प्रेम नै जीवन हो भन्दै प्रेमका अभावमा 'कोही किन बर्बाद होस्'को ध्रुवमा देखिएको अस्वभाविकताको चित्रण गरेका छन् ।

३३. कुमारबहादुर जोशी, **साहित्य र जीवन,** (६५ : १६/२०२२ जेठ ९), पृ. ७, श. प. ।

समालोचनामा साहित्य र जीवनको घनिष्टताको बारेमा चर्चा गरिएको छ ।

३४. कुमारबहादुर जोशी, **नेपाली साहित्यमा गीतिकाव्य,** (६५ : २३/२०२२ जेठ १६), पृ. ९, श. प. ।

समालोचनामा साहित्यको इतिहासमा पहिले गद्यभन्दा पद्य साहित्यको विकास भएको र पद्यमा पनि गीतिकाव्य अस्तित्वमा आएको भनिएको छ ।

३५. कुलमणि देवकोटा, **छन्दोवद्ध कि मुक्तछन्द,** (६५ : १९०/२०२० कार्तिक ४), पृ. ३ ।

समालोचनामा मुक्तलयमा लेखिएका कविताहरूलाई कवितै नमान्ने प्रवृत्तिका कारणहरूको चर्चा गरिएको छ ।

३६. के.पी.जोशी, **हाम्रो भाषाको जागरण,** (६३ : ९१/२०१९ असार २९), पृ. २ ।

समालोचनामा विभिन्न कालखण्डमा नेपाली भाषाको स्थिति कस्तो थियो भन्ने बारेमा चर्चा गरिएको छ ।

३७. कृष्ण जोशी, **वियोगान्त साहित्य र शेक्सपियर,** (६४ : ४५/२०२१ असार ६), पृ. ३ ।

समालोचनामा नाटकका सन्दर्भमा पूर्वीय पाश्चात्य मान्यताको चर्चा गर्दै शेक्सपियरदेखि वास्तविक दुःखान्तको प्रारम्भ भएको भनिएको छ ।

३८. कृष्ण महत, **ऋतुविचारका केही श्लोकहरू,** (६४ : ३२७/२०२० फागुन २७), पृ. २ ।

समालोचनामा लेखनाथ पौड्यालकृत ऋतुविचारलाई उपमा जडित काव्यमा रूपमा चर्चा गरिएको छ ।

३९. कृष्ण पाखिन, **लोकगीतमा चरी,** (६७ : ९८/२०२४ श्रावण २८), पृ. ७, श.प. ।

समालोचनामा लोकगीतभित्र प्रसङ्गवस चराको स्थान रहने बारे विवेचना गरिएको छ ।

४०. कृष्णचन्द्रसिंह प्रधान, **जीवनमूलक साहित्य र त्यसको प्रयोग,** (६४ : २१४/२०२० कार्तिक ३०), पृ. ७, श.प. ।

समालोचनामा यथार्थभन्दा पर केही नहुने हुँदा साहित्य पनि जीवनमूलक हुनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ ।

४१. कृष्णचन्द्रसिंह प्रधान, **आधुनिक कविता,** (६४ : ३२३/२०२१ चैत २१), पृ. ६, श.प. ।

समालोचनामा आधुनिकता भनेको वर्तमान हो भन्दै यही आधुनिकताको सन्दर्भमा कविताको मूल्यान्वेषण गरिनुपर्दछ भन्ने विचार व्यक्त गरिएको छ ।

४२. कृष्णप्रसाद ज्ञवाली, **नेपाली साहित्यमा भानुभक्तको स्थान,** (६४ : ६७/२०२१ असार २९), पृ. ३ ।

समालोचनामा भानुभक्तपूर्व अन्य कविहरू भए पनि भाषिक सचेतताका आधारमा भानुभक्त नै आदिकवि बनेका हुन् भनिएको छ ।

४३. कृष्णप्रसाद उपाध्याय, **साहित्यिक उपलब्धिको सन्दर्भमा,** (६८ : २२४/२०२५ पौष ७), पृ. ७, श.प. ।

समालोचना गोर्खापत्रमा प्रकाशित भवानी भिक्षुको लेख र त्यसमाथि ताना शर्माको खरो टिप्पणीमा केन्द्रित छ । भिक्षुको लेखमाथि शर्माको आक्रमण नमिल्दो भएको भन्ने प्रतिक्रिया दिइएको छ ।

४४. कृष्णप्रसाद उपाध्याय, **साहित्य समालोचना कि साहित्यकारको अपमान,** (६९ : ५/२०२६ वैशाख २८), पृ. ७, श.प. ।

समालोचनामा ताना शर्माले एक लेखमार्फत लक्ष्मीप्रसाद देवकोटालाई साँघुरो बाहुनवादी संस्कारबाट मुक्त नभइसकेको भन्ने दोषारोपण गरेको भन्दै त्यस लेखको भत्सर्ना गरिएको छ ।

४५. कृष्णबाबु तिवारी, **हाम्रा लुकेका लोकगीत,** (६५ : १५०/२०२२ असोज १६), पृ. ६, श.प. ।

समालोचकले हाम्रा लोकगीतहरू रोचक र हृदयग्राही भए पनि उचित स्थान पाउन नसकेको विचार व्यक्त गरेका छन् ।

४६. कृष्णबम मल्ल, **नियमित आकस्मिकतामा एक दृष्टि,** (६९ : ९६/२०२६ श्रावण २५), पृ. ७, श.प. ।

समालोचनामा समका दर्शनको उच्च प्रयोग भएको कृतिका रूपमा 'नियमित आकस्मिकता'को चर्चा गरिएको छ ।

४७. केदारनाथ आचार्य, **गीति साहित्य र नेपाली गीतहरू एक सङ्क्षिप्त अध्ययन,** (६४ : २००/२०२१ मङ्सिर १३), पृ. ५, श.प. ।

समालोचनामा गीति साहित्यको उत्पत्तिसम्बन्धी चर्चा गर्दै नेपाली गीतहरूको स्वर र महत्त्वसम्बन्धी चर्चा गरिएको छ ।

४८. केशव कलैया/उपाध्याय, **काव्य र काव्यको प्रयोजन,** (६१ : १६१/२०१८ असोज १२), पृ. २ ।

समालोचनामा काव्यको परिभाषा दिँदै कला जीवन या कलाको लागि भन्ने विषयमा चर्चा गरिएको छ ।

४९. केशवप्रसाद शर्मा (उपाध्याय), **साहित्यमा सत्यं शिवम् सुन्दरम्को स्थिति,** (६३ : १३४/२०१९ भाद्र ९), पृ. ३, श.प. ।

समालोचनामा सत्य शिव र सुन्दर एक शरीरका तीन अविभाज्य अङ्ग हुन् भन्दै यिनीहरूको अभावमा साहित्य बन्न नसक्ने विचार व्यक्त भएको छ ।

५०. केशवप्रसाद उपाध्याय, **आदिकवि भानुभक्त र उनको रामायण,** (६४ : २०४/२०२० कार्तिक २०), पृ. ३ ।

समालोचनामा आदिकवि भानुभक्तको काव्यप्रेरणा, उद्देश्य, काव्यविषय आदिका बारेमा केन्द्रित भएर चर्चा गरिएको छ ।

५१. केशवप्रसाद शर्मा अर्ज्याल, **श्री ५ को क्रान्तिकारी जीवनगाथा उसैको लागि,** (६४ : ११९/२०२१ भाद्र १९), पृ. ३ ।

समालोचनामा कवि एम.वी.वि. शाहको 'उसैका लागि' मा नेपाल आमा र आमाका सन्तानप्रति गरिएको उत्पीडन तथा प्रियाको वियोगान्त व्यथाले चिमोटिएको हृदयका भावले गीतको रूप धारण गरेको भन्ने विचार व्यक्त गरिएको छ ।

५२. कौशल्या, **साहित्यको शब्दार्थ,** (६४ : १५६/२०२१ आश्विन २५), पृ. ८, श.प. ।

समालोचनामा साहित्य शब्दको शाब्दिक व्युत्पत्तिका विषयमा चर्चा गर्दै वाङ्मयको वोधात्मक पक्ष शास्त्र र भावात्मक पक्ष साहित्य हो भनिएको छ ।

५३. खड्गबहादुर लोहार, **आदिकवि भानुभक्त र उनका केही सर्वश्रेष्ठ गुण,** (६९ : ६९/२०२६ असार २९), पृ. ४ ।

समालोचनामा भानुभक्तको साहित्यिक व्यक्तित्वको चर्चा गरिएको छ ।

५४. खड्गमान श्रेष्ठ, **नाटक एक परिचय,** (६४ : २९३/२०२१ फागुन २०), पृ. ३ ।

समालोचनामा नाटकको उत्पत्ति र विकासको चर्चा गर्दै नाटकका प्रमुख तत्त्वहरूको बारेमा वर्णन गरिएको छ ।

५५. खड्गमान श्रेष्ठ, **एकाङ्की नाटकको विकास,** (६४ : ३१५/२०२१ चैत १४), पृ. ५, श.प. ।

समालोचकले नाटकमा एकाङ्कीको छुट्टै अस्तित्व छ भन्दै एकाङ्कीको उत्पत्ति प्राचीनकालदेखि नै भएको मानेका छन् ।

५६. खड्गमान श्रेष्ठ, **साहित्यमा आदर्शवाद र यथार्थवाद,** (६५ : १९४/२०२२ मार्ग ५), पृ. ५, श.प. ।

समालोचनामा साहित्यमा यथार्थवाद र आदर्शवाद दुवैको समन्वय हुनु जरुरी छ भन्दै आदर्शोन्मुख यथार्थवादका पक्षमा वकालत गरिएको छ ।

५७. खड्गमान श्रेष्ठ, **साहित्य एक परिचय,** (६५ : १०१/२०२२ श्रावण ३०), पृ. ६, श.प. ।

समालोचनामा साहित्य शब्दको व्युत्पत्तिमूलक अर्थ केलाउँदै साहित्यको व्यापक अर्थको चर्चा गरिएको छ ।

५८. खिलराज रेग्मी, **समालोचनाको स्वरूप,** (६९ : २९९/२०२६ फागुन २४), पृ. ७, श.प. ।

समालोचनामा आलोचकको बुद्धि, संस्कृति र हृदयवृत्तिबाट निर्मित हुने समालोचना स्वयम् साहित्य भएको चर्चा गरिएको छ ।

५९. खेमराज उपाध्याय, **लेखनाथको दार्शनिक आस्था,** (६५ : २९४/२०२२ फागुन १५), पृ. ८, श.प. ।

समालोचनामा लेखनाथ पौड्यालका विभिन्न कृतिहरूमा भएका साङ्ख्य, योग, वेदान्त दर्शनसित नजिक रहेका श्लोकहरूको सोदाहरण प्रस्तुति छ ।

६०. खेमराज नेपाली, **सत्कार्यवाद : एक परिचय,** (६८ : २३८/२०२५ पौष २१), पृ. ७, श.प. ।

समालोचनामा सत्कार्यवाद साङ्ख्य दर्शनको एक सूक्ष्म मौलिक वैज्ञानिक सिद्धान्त हो भन्दै यसका विविध पक्षमा चर्चा गरिएको छ ।

६१. गणेश भण्डारी, **शतंजीव-कविशिरोमणि शतंजीव,** (६५ : २३०/२०२२ मार्ग ११), पृ. ३ ।

समालोचनामा कविशिरोमणिले नेपाली साहित्यमा पुऱ्याउनु भएको योगदानको चर्चा गरिएको छ ।

६२. गणेश भण्डारी, **हृदयमा गंभीर रहस्य लिएर,** (६५ : २४२/२०२२ पौष २४), पृ. ५, श.प. ।

समालोचनामा लेखनाथ पौड्यालको साहित्यिक महत्ताको चर्चा गर्दै मृत्युशैयामा रहेका बखत उहाँसँग भेट भएको वार्तालापको संस्मरण गरिएको छ ।

६३. गणेशप्रसाद भण्डारी (अनु.), **अरिष्टोटलको काव्यशास्त्र,** (६६ : ६५/२०२३ असार २५), पृ. ६, श.प. ।

समालोचनामा अरिष्टोटलको काव्यशास्त्रको अध्याय ७, ८ र ९ को अनुवाद गरिएको छ ।

६४. गणेशप्रसाद भण्डारी (अनु.), **अरिष्टोटलको काव्यशास्त्र,** (६६ : ८६/२०२३ श्रावण १५), पृ. ६, श.प. ।

समालोचनामा अरिष्टोटलको काव्यशास्त्रको अध्याय १४ अन्तर्गत रङ्गमञ्च विधानका बारेमा गरिएको वर्णनको अनुवाद गरिएको छ ।

६५. गणेशप्रसाद भण्डारी (अनु.), **अरिष्टोटलको काव्यशास्त्र-४,** (६६ : ७७/२०२३ श्रावण १), पृ. ६, श.प. ।

समालोचनामा अरिस्टोटलको काव्यशास्त्रको अध्याय दस र एघारको स्थिति विपर्यय तथा अभिज्ञानसम्बन्धी विषयवस्तुलाई नेपालीमा अनुवाद गरिएको छ ।

६६. गणेशप्रसाद भण्डारी (अनु.), **अरिष्टोटलको काव्यशास्त्र-५,** (६६ : ७९/२०२३ श्रावण ८), पृ. ६, श.प. ।

समालोचनामा अनुवादकले अरिस्टोटलको काव्यशास्त्रको अध्याय बाह्र र तेह्रको दुःखान्तको परिभाषा र कारुणिक व्यापारसँग सम्बन्धित विषयको अनुवाद गरेका छन् ।

६७. गणेशराज शास्त्री, **दि वेष्ट ल्याण्ड : एक सङ्क्षिप्त परिचय,** (६४ : १४७/२०२० भाद्र २२), पृ. ७, श.प. ।

समालोचनामा टि.यस. इलियटद्वारा लेखिएको ‘दि वेष्ट ल्याण्ड’लाई वर्तमान शताब्दीको नयाँ काव्यधाराको एक उत्कृष्ट नमुनाका रूपमा चर्चा गरिएको छ ।

६८. गणेशराज शर्मा, **कोलरिजको कल्पना सिद्धान्त,** (६४ : १५४/२०२० भाद्र २९), पृ. ७, श.प. ।

समालोचनामा कोलरिजको कल्पनावादलाई सिर्जनात्मक शक्तिप्रति रोमाण्टिक प्रवृत्तिको दार्शनिक व्याख्या भएको चर्चा गरिएको छ ।

६९. गणेशराज शर्मा, **अरस्तुको केथार्सिस सिद्धान्त,** (६४ : १६१/२०२० असोज ५), पृ. ९, श.प. ।

समालोचनामा अरस्तुलाई पाश्चात्य दर्शन, ज्ञानविज्ञान, समालोचनाशास्त्र तथा राजनीतिशास्त्रका ज्ञाता भएको चर्चा गर्दै उनको विरेचन सिद्धान्तको विवेचना गरिएको छ ।

७०. गणेशराज शर्मा, **पाश्चात्य समीक्षा सिद्धान्त र तिनका व्यापार,** (६४ : १७५/२०२० असोज १९), पृ. ५, श.प. ।

समालोचनामा साहित्य जीवनको यथार्थ बिम्ब हो र मनोहरी व्याख्या हो भन्दै पाश्चात्य समीक्षा सिद्धान्तका राम्रा नराम्रा पक्षका बारेमा विवेचना गरिएको छ ।

७१. गणेशराज शास्त्री, **दुःखान्त नायकबारे अरस्तुको विचार** (६४ : १८९/२०२० कार्तिक २), पृ. ५, श.प. ।

स्रोतमा उपलब्ध सामग्री प्राविधिक कारणले पढ्न नसकिने भएको ।

७२. गणेशराज शर्मा, **प्लेटो र कलासिद्धान्त,** (६४ : २०७/२०२० कार्तिक २३), पृ. ५, श.प. ।

समालोचनामा ग्रीसका महान् दार्शनिक प्लेटोको कला साहित्यसम्बन्धी धारणाहरूमाथि विवेचना गरिएको छ ।

७३. गणेशराज शर्मा, **अरस्तुको अनुकृतिवाद,** (६४ : २१९/२०२० मार्ग ७), पृ. ९ ।

समालोचनामा अनुकरण सिद्धान्तका सन्दर्भमा प्लेटोमा भन्दा अरस्तुमा भएको फरक मतको चर्चा गरिएको छ ।

७४. गणेशराज शर्मा, **प्लेटोको सामाजिकतावाद,** (६४ : २३३/२०२० मार्ग २१), पृ. ५, श.प. ।

समालोचनामा प्लेटोले सामाजिकतावादको पक्ष लिएर साहित्यको अवमूल्यनात्मक विवेचना गरेको भन्दै टिप्पणी गरिएको छ ।

७५. गणेशराज शर्मा, **अरस्तुको त्रासद सिद्धान्त,** (६४ : २४७/२०२० पौष ६), पृ. ४, श.प. ।

समालोचनामा अरस्तुको त्रासदीको सिद्धान्तबारे चर्चा गर्दै कुनै व्यापार वा विषयको अनुकृति जो गम्भीरपूर्ण र केही महत्त्वको हुन्छ त्यसलाई त्रासदी भनिएको छ ।

७६. गणेशराज शर्मा, **अरस्तुको त्रासद सिद्धान्त : एक सङ्क्षिप्त विवेचन,** (६४ : २६१/२०२० पौष २०), पृ. ४, श.प. ।

समालोचनामा अरस्तुको कथावस्तु र पात्रसम्बन्धी धारणाको सही व्याख्या हुन नसकेको कुरा उठाइएको छ ।

७७. गणेशराज शर्मा, **प्लेटोको प्रेरणा सिद्धान्त,** (६४ : २७९/२०२० माघ ८), पृ. ४ ।

समालोचनामा प्लेटोको प्रेरणा सिद्धान्त उनको मौलिक देन नभएर होमरका युगदेखि नै चलिआएको मान्यताको परिवर्तित रूप भएको चर्चा गरिएको छ ।

७८. गणेशराज शर्मा, **प्लेटोको प्रेरणा सिद्धान्त : एक सङ्क्षिप्त विवेचन,** (६४ : २८२/२०२० माघ ११), पृ. ५ श.प. ।

समालोचनामा प्लेटोको प्रेरणासिद्धान्तमा खासगरी गीतकार पिण्डारको प्रभाव परेको भन्दै गीतकार पिण्डारको विचारमा उनको प्रेरणासिद्धान्त आधारित रहेको चर्चा गरिएको छ ।

७९. गणेशराज शर्मा, **अरस्तुको कथावस्तु सिद्धान्त,** (६४ : ३३०/२०२१ चैत २८), पृ. ७, श.प. ।

समालोचनामा अरस्तुको कथावस्तुको चर्चा गर्दै कथावस्तुको आयाम, समय तथा कथावस्तुको एकान्विती, संभाव्यता इतिहासकार र काव्यकारमा भेद आदिबारे चर्चा गरिएको छ ।

८०. गणेशराज शर्मा, **अरिस्टोटलको काव्यशास्त्र,** (६६ : १००/२०२३ श्रावण २९), पृ. ६, श.प. ।

समालोचनामा अरस्तुको काव्यशास्त्रको अध्याय पन्ध्र र सोह्रको अनुवाद छ । अध्याय १५ मा चरित्र र अध्याय सोह्रमा अभिज्ञा (चिह्नहरूद्वारा अभिज्ञान) का शीर्षकहरू रहेका छन् ।

८१. गीता सिंह, **गंगालालको चिता : एक समीक्षा,** (६९ : ३१३/२०२६ चैत ८), पृ. ५, श.प.।

समालोचनामा हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित नाटक गङ्गालालको चिताको चर्चा गर्दै प्रभावकारी ऐतिहासिक नाटक भएको चर्चा गरिएको छ ।

८२. गुमानसिंह चाम्लिङ, **काव्यमा आत्माभिव्यक्ति,** (६४ : २००/२०२१ मङ्सिर १३), पृ. ९, श.प.।

समालोचनामा काव्यमा आत्माको अभिव्यक्ति हुनुपर्छ भन्दै काव्यमा आत्माभिव्यक्तिको महत्त्वबारे प्रकाश पारिएको छ ।

८३. गुमानसिंह चाम्लिङ, **साहित्यिक समालोचनाको सम्बन्धमा :साहित्यिक विद्वान्, पाठक, साहित्यकार र समालोचक,** (६७ : २८०/२०२४ फागुन ५), पृ. ५, श.प.।

समालोचनामा रचनात्मक साहित्यको विकास कुनै पनि देशको कुनै पनि कालमा हुन सक्ला तर साहित्यिक समालोचनाको श्रीवृद्धिको लागि भने मानसिक प्रौढताको अनिवार्यता हुन्छ भन्ने धारणा व्यक्त भएको छ।

८४. गुमानसिंह चाम्लिङ, **साहित्यिक समालोचनाको सम्बन्धमा-२, युगबोध मापदण्ड र समालोचना,** (६७ : २२५/२०२४ पौष ८), पृ. ७, श.प.।

समालोचनामा साहित्यिक समालोचनाको इतिहासअनुसार प्रत्येक युगको प्रत्येक पिँढीले आफ्नो समयानुकूल, आस्थानुकूल र विवेकानुकूल साहित्यिक मापदण्ड साथै समीक्षण प्रणाली कायम गरेका हुन्छन् भन्ने विचार व्यक्त गरिएको छ।

८५. गोकुलप्रसाद शर्मा, **कला : एक अध्ययन,** (६४ : ७७/२०२० असार १५), पृ. ५, श.प.।

समालोचनामा कलासम्बन्धी चर्चा गर्दै कलाका विभिन्न भेद तथा उपभेदको उल्लेख गरिएको छ।

८६. गोकुलप्रसाद शर्मा, **महाकाव्य : प्राचीन लक्षण र आधुनिक दृष्टिकोण,** (६४ : १६८/२०२० असोज १२), पृ. ५, श.प.।

समालोचनामा महाकाव्यका सम्बन्धमा प्राचीन लक्षणहरू वर्तमानका सन्दर्भमा कति उपयुक्त छन् भन्ने विषयमा टिप्पणी गरिएको छ।

८७. गोकुलप्रसाद शर्मा, **सत्यं शिवं सुन्दरम्,** (६४ : २८२/२०२० माघ ११), पृ. ७, श.प.।

समालोचकले काव्यमा लोकहितकारी भावना भएन भने त्यो काव्य वास्तविक काव्य नमानिने धारणा व्यक्त गरेका छन्।

८८. गोकुलप्रसाद शर्मा, **मानव जीवनमा काव्यको महत्त्व,** (६४ : ३२४/२०२० फागुन २४), पृ. ४, श.प.।

समालोचनामा पूर्वीय आचार्यहरूका मत उल्लेख गर्दै काव्यको परिभाषा गरिएको छ साथै मानव जीवनमा काव्यको महत्त्वका बारेमा चर्चा गरिएको छ।

८९. गोकुल सिन्हा, **गाउँ खाने कथा,** (६४ : १८५/२०२१ कार्तिक २८), पृ. ४।

समालोचनामा मान्छेले मस्तिष्कमा चेतना घुसेकै दिनदेखि मनोरञ्जनको खोजी गर्दै आएको हो भन्दै गाउँखाने कथा पनि हाम्रो प्राचीन कालदेखि आएको मनोरञ्जनकै एक रूप हो भनिएको छ।

९०. गोपाल पाँडे 'असीम', **नेपाली साहित्यमा मोतीराम भट्टको देन,** (६४ : १२२/२०२१ भाद्र २२), पृ. ३।

समालोचनामा मोतीराम भट्ट नेपाली साहित्यका होनाहार व्यक्तित्व हुन् भन्दै उनले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ।

९१. गोपाल पाँडे 'असीम', **नेपाली साहित्यमा मोतीराम भट्ट,** (६४ : ३३०/२०२१ चैत २८), पृ. ६, श.प.।

समालोचनामा मोतीराम भट्ट तत्कालीन अवस्थाका नेपाली साहित्यका अगुवा तथा पथप्रदर्शक भएको चर्चा गरिएको छ।

९२. गोविन्दप्रसाद लोहनी, **साहित्यमा उद्देश्यवाद कल्पनावाद,** (६४ : १३२/२०२० भाद्र ७), पृ. ४।

समालोचनामा साहित्यका सन्दर्भमा उद्देश्यवाद र कल्पनावादको महत्त्व दर्शाउँदै त्यसको प्रयोजन तथा उपादेयतामाथि प्रष्ट पारिएको छ।

९३. गोविन्दप्रसाद लोहनी, **साहित्यमा कला, दायित्व-सीमा र मर्मबोध,** (६४ : १३३/२०२० भाद्र ८), पृ. ७, श.प.।

समालोचकले साहित्यमा 'कला' 'दायित्व' तथा सीमाको चर्चा गर्दै साहित्यले खोतल्ने सत्य गहिरो र सूक्ष्म हुनुपर्ने कुरामा जोड दिएका छन्।

९४. गोविन्दप्रसाद लोहनी, **कला र साहित्यको आवश्यकता किन,** (६४ : ३१७/२०२० फागुन १७), पृ. ८, श.प.।

समालोचनामा कला र साहित्यको महत्त्व दर्शाउँदै जीवनमा यसको आवश्यकता किन पर्छ भन्ने बारेमा चर्चा गरिएको छ।

९५. घटराज भट्टराई, **सामाजिक उपन्यासमा मूलुकबाहिर,** (६८ : १११/२०२५ भाद्र १६), पृ. ७, श.प. ।

समालोचनामा मूलुकबाहिर उपन्यासमा नेपाली जनजीवनको वास्तविक चित्र उतार्न सफल भए पनि यसका पात्रहरूमा जेजति आदर्श उद्‌घाटित हुनुपर्ने हो त्यति भएको छैन भन्ने धारणा व्यक्त भएको छ ।

९६. घटराज भट्टराई, **बहुमुखी प्रेरणाका स्रोत मोतीराम भट्ट,** (६९ : १३१/२०२६ भाद्र २८), पृ. ५, श.प. ।

समालोचनामा मोतीराम भट्ट आफ्नो युगका महापुरुष भएको भन्दै त्यसको पुष्टि गर्न खोजिएको छ ।

९७. घनश्याम कँडेल, **साहित्यका सम्बन्धमा केही भ्रान्त धारणाहरू,** (६९ : ७५/२०२६ श्रावण ४), पृ. ७, श.प. ।

समालोचनामा समसामयिक साहित्यसम्बन्धी रचनाहरू भ्रान्त धारणाहरूमा आधारित देखिन्छन् भन्दै त्यसको पुष्टि गर्ने काम गरिएको छ ।

९८. चन्द्रबहादुर थापा, **कविन्द्र रवीन्द्रनाथ ठाकुर,** (६१ : २५/२०१८ वैशाख २७), पृ. २ ।

समालोचनामा विश्वकवि रवीन्द्रनाथ ठाकुरको साहित्यिक योगदानको चर्चा गर्दै उनको जन्म शताब्दीमाथि चर्चा गरिएको छ ।

९९. चिरञ्जीवी वाग्ले, **जीवनको शास्वत मूल्य 'जिउँदो लास'भित्र,** (६९ : ३२०/२०२६ चैत १५), पृ. ७, श.प. ।

समालोचनामा नाटककार विजय मल्लको नाट्यकारिताको चर्चा गर्दै जिउँदो लास नाटकले छोडेको प्रभावको वर्णन गरिएको छ ।

१००. चिरञ्जीवी दत्त, **लगनको गाँठोमा अल्झिँदा,** (६९ : १५९/२०२६ असोज २५), पृ. ७, श.प. ।

समालोचनामा अच्छा राई रसिकद्वारा लिखित लगन उपन्यास प्रवासी नेपालीको प्रतिनिधि स्वर भएको दावी गरिएको छ ।

१०१. चिरञ्जीवी दत्त, **हाम्रो गौरव एक अवलोकन,** (६८ : ३१५/२०२५ चैत ९), पृ. ६, श.प. ।

समालोचनामा रुद्रराज पाण्डेद्वारा लिखित एकाङ्की हाम्रो गौरव मल्लकालीन इतिहास झल्काउने ऐतिहासिक एकाङ्की भएको चर्चा गरिएको छ ।

१०२. चूडानाथ भट्टराय, **नेपाली कवितामा राष्ट्रियता,** (६५ : ९४/२०२२ श्रावण २३), पृ. ५, श.प. ।

समालोचनामा नेपाली कवितामा राष्ट्रियताको भावना भानुभक्तका कवितादेखि नै पाउन थालिएको चर्चा गरिएको छ ।

१०३. चूडानाथ भट्टराय, **श्री ५ महेन्द्र काव्यदर्शन,** (६४ : ११८/२०२१ भाद्र १८), पृ. ३ ।

समालोचनामा कवि म.वी.वि.शाहमा कवित्व तथा प्रशासकीय दुवै गुण विद्यमान रहेको चर्चा गरिएको छ ।

१०४. चूडानाथ भट्टराय, **साहित्यका दुई पक्ष,** (६५ : ५/२०२१ वैशाख ५), पृ. ४ ।

समालोचनामा यथार्थवादी साहित्यले जीवनमूलक साहित्यको सिर्जना गरेर समाजमा प्रगति ल्याएको विषयमा चर्चा गरिएको छ ।

१०५. चूडामणि उपाध्याय रेग्मी, **हाम्रो साहित्य कता ?,** (६३ : ३११/२०१९ फागुन ११), पृ. १२, श.प. ।

समालोचनामा वर्तमान अवस्थामा नेपाली जनजीवनका जटिलताहरूलाई अभिव्यक्त गर्नुका साथै ती जटिल पक्षहरूको निराकरणका लागि पथप्रदर्शन गर्न सक्ने किसिमको साहित्य आवश्यक भएको भन्ने विचार व्यक्त गरिएको छ ।

१०६. चूडामणि रेग्मी, **कवि र कविताको बारेमा,** (६३ : २९०/२०१९ माघ २०), पृ. १०, श.प. ।

समालोचकले कवि कस्तो हुनुपर्छ र कस्तो हुँदा कविता बन्छ भने विषयमा विस्तृत व्याख्या गरेका छन् ।

१०७.चेङ्ग-सी.आओ-स्यून, **चीनको साहित्यिक गतिविधि,** (६४ : ७०/२०२० असार ८), पृ. ८, श.प. ।

प्रस्तुत लेख नेपाली साहित्य संस्थानद्वारा आयोजित बृहत् साहित्य गोष्ठीमा चिनियाँ लेखक संघको तर्फबाट स्यूनले दिनुभएको साहित्यिक प्रवचनको प्रतिलिपि हो । लेखमा चिनियाँ साहित्यका विविध पक्षमा चर्चा गरिएको छ ।*

१०८. जगत रञ्जित, **भानुभक्तीय साहित्यमा नारीको स्थान,** (६४ : २१२/२०२० कार्तिक २८), पृ. ४ ।

समालोचकले गुण मात्र बखानेर दोषबाट अलग हुनु उचित होइन भन्दै भानुभक्तीय साहित्यमा नारीको उचित न्याय नभएको चर्चा गरेका छन् ।

१०९. जगदीश्वर देवकोटा, **नाटक साहित्य,** (६४ : २६/२०२१ जेठ १९), पृ. ३ ।

समालोचनामा नाटकको उत्पत्तिको बारेमा चर्चा गर्दै नाटक उत्पत्तिको समय किटानी गर्न सकिने विचार व्यक्त गरिएको छ ।

११०. जगतबहादुर सिंह बूढाथोकी, **उसैको लागि,** (६४ : २५६/२०२० पौष १५), पृ. ४ ।

समालोचनामा एम्.वी.वी.शाहद्वारा रचित 'उसैको लागि' राष्ट्रियताको आत्मा सङ्गालो उठेको कविता भएको चर्चा गरिएको छ ।

१११. जगन्नाथप्रसाद मिश्र, **क्रोचेको कलासम्बन्धी मान्यता,** (६४ : १४७/२०२० भाद्र २२), पृ.४, श.प. ।

समालोचनामा क्रोचे वर्तमान युगका श्रेष्ठ दार्शनिक तथा मनिषीहरूमध्ये एक हुन् भन्दै उनको सौन्दर्यबोधको समीक्षा गरिएको छ ।

११२. जनकलाल वैद्य, **उसैको लागि : एक अध्ययन,** (६१ : ५८/२०१८ जेठ २९), पृ. १४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

समालोचनामा म.वी.वि. शाहद्वारा रचित उसैको लागिमा देशभक्ति तथा आत्मानुभूतिका गरी दुई खाले कविता रहेको चर्चा गरिएको छ ।

११३. जनकलाल शर्मा, **जोसमनि सन्त परम्परा,** (६४ : २९६/२०२० माघ २५), पृ. ७, श.प. ।

समालोचनामा जोसमनिको सङ्क्षिप्त अर्थ, सन्तहरूको प्रादूर्भाव तथा जोसमनि मतको पृष्ठभूमिका बारेमा विश्लेषणात्मक चर्चा गरिएको छ ।

११४. जनकलाल शर्मा, **राष्ट्रिय चेतना जगाउने नेपाली साहित्य,** (६७ : १४०/२०२४ असोज ७), पृ. ५, श.प. ।

समालोचनामा नेपाली साहित्यमा राष्ट्रिय चेतनाको वीज भानुभक्तका कृतिदेखि नै पाइन थालेको भन्दै उनका उत्तरवर्ती साहित्यकारहरूमा पनि राष्ट्रियताको चेतना मुखरित भएको चर्चा गरिएको छ ।

११५. जयन्त मिश्र, **आर्य-साहित्यमा गोवधको निषेध,** (६६ : ३३३/२०२३ चैत २६), पृ. ५, श.प. ।

समालोचनामा सृष्टिको प्रारम्भदेखि नै आर्य साहित्यमा गाईलाई लक्ष्मीको रूपमा वर्णन गरिँदै आएको छ भन्ने विचार व्यक्त गरिएको छ ।

११६. जोन. टी.रीड, **हास्यरसका प्रसिद्ध अमेरिकी लेखक मार्क ट्वेन,** (६३ : २४१/२०१९ मङ्सिर ३०), पृ. ६, श.प. ।

समालोचनामा मार्क ट्वेनमा देखिएको हास्यरसप्रतिको मोहका कारण लाखौँ अमेरिकीहरूले उनलाई युगौँयुगसम्म सम्झिरहने छन् भनिएको छ ।

११७.ज्योत्सना भट्ट, **नासोका केही प्रमुख कुरा,** (६८ : ६२/२०२५ असार २३), पृ. ७, श.प. ।

समालोचनामा मैनालीका कथामा ईश्वरीय न्यायको अलौकिक र अव्यवहारिक रूप देखिए पनि आदर्श निर्माण गर्न सफल भएको भनिएको छ ।

११८.टेकबहादुर खत्री, **डोटी : भाषा र साहित्य,** (६९ : ११७/२०२६ भाद्र १४), पृ. ७, श.प. ।

समालोचनामा सुदूरपश्चिमाञ्चलको डोटी जिल्ला नेपाली भाषाको प्रचीनतम रूपको अध्ययन गर्ने थलो हो भन्दै त्यहाँ प्रचलित देउडा गीतको सोदाहरण चर्चा गरिएको छ ।

---

* अनुवादकको नाम नखुलाइएको ।

११९. टेकबहादुर खत्री एम्. ए., **प्रजातन्त्र दिवस र नेपाली साहित्य,** (६७ : २८२/२०२४ फागुन ७), पृ. ३ ।

समालोचनामा प्रजातन्त्र ल्याउन प्रेरणा प्रदान गर्ने २००७ साल अघिका साहित्यकारहरू र उनीहरूका रचनाहरूका बारेमा वर्णन गरिएको छ ।

१२०. ठाकुरप्रसाद पराजुली, **आधुनिक कवितामा मूल्याङ्कनको समस्या र रस सिद्धान्त,** (६५ : १६१/२०२२ असोज ३०), पृ. ६, श.प. ।

समालोचनामा आधुनिक कविता अर्थात् प्रयोगवादी कवितामा भावबोधको दुरुहताले गर्दा मूल्याङ्कनमा समस्या देखिएको भन्ने विषयमा चर्चा गरिएको छ ।

१२१. ठाकुरप्रसाद पराजुली, **यदुनाथ पोखरेलको परिवेश र उनको कृष्णचरित्र,** (६८ : ३४९/२०२६ वैशाख १४), पृ. ७, श.प. ।

समालोचनामा युदनाथ पोखरेलले कृष्णचरित्र नामक कृति लेखे पनि उनी भक्तिधाराका अन्य कविहरू सरहको प्रवृत्ति नभएका कवि हुन् भनिएको छ ।

१२२. ठाकुरप्रसाद पराजुली, **राष्ट्रपिता श्री ५ त्रिभुवनको समकालीन गद्यसाहित्य** (६८ : २८४/२०२५ फागुन ८), पृ. ३ ।

समालोचकले त्रिभुवनको शासनकालमा साहित्यका गद्य क्षेत्रमा भएको उन्नतिको लेखाजोखा गर्दै प्रमुख गद्यकार र उनीहरूका कृतिहरूको चर्चा गरेका छन् ।

१२३. ठाकुरप्रसाद पराजुली, **राष्ट्रपिताको समकालीन नेपाली काव्यसाहित्य : एक सिंहावलोकन** (६८ : २८३/२०२५ फागुन ७), पृ. ३, प्रजातन्त्र दिवस विशेषाङ्क ।

समालोचनामा श्री ५ त्रिभुवनको शासनकाल आधुनिक नेपाली साहित्यको उर्वरभूमि हो भन्दै त्यस समयमा प्रकाशित प्रमुख कृतिहरूको चर्चा गरिएको छ ।

१२४. डमरुवल्लभ पौड्याल, **साहित्य र जीवन,** (६८ : ९०/२०२५ श्रावण १९), पृ. ७, श.प. ।

समालोचकले काव्यपरम्परा जीवनको अभिन्न अङ्ग बनेर सदासर्वदा रहेको छ र रहिरहन्छ भन्दै यसका लागि गतिलो कवि वा लेखकको हात चाहिने कुरा उल्लेख गरेका हुन् ।

१२५. डमरुबल्लभ पौड्याल, **साहित्यिक त्रिवेणीमा फुरेका कल्कलको सम्झना,** (६८ : २३३/२०२५ पौष १६), पृ. ४ ।

समालोचनात्मक लेखमा एक साँझ भएको लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक जमघटको बारेमा वर्णन गरिएको छ ।

१२६. ढुण्डीराज भण्डारी, **चिसो चूल्हो र प्रेम तत्त्व,** (६७ : १८३/२०२४ कार्तिक २५), पृ. ५, श.प. ।

समालोचनामा बालकृष्ण सम रचित 'चिसो चूल्हो' महाकाव्यका नायक-नायिका, सन्ते र गौरीको प्रेम सहज र स्वयंभू भएको उल्लेख गरिएको छ ।

१२७. ताना शर्मा, **नेपाली कथा साहित्यको विवेचना,** (६४ : १२६/२०२० भाद्र १), पृ. ४, श.प. ।

समालोचनामा मानव जीवन नै कथा हो भन्दै आधुनिक नेपाली कथा गुरूप्रसाद मैनालीको 'नासो', बालकृष्ण समको 'पराइघर' तथा विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन'जस्ता कथापछि प्रारम्भ भएको दावी गरिएको छ ।

१२८. ताना शर्मा, **एलिअट र लाटाबुंगाहरू,** (६४ : ९०/२०२१ श्रावण २०), पृ. ३ ।

समालोचनामा भौतिक विज्ञानको उपलब्धि र विश्वयुद्धको विभीषिकामय पृष्ठभूमिमा एलिअटद्वारा रचित कविताकाव्यको विश्लेषण गरिएको छ ।

१२९. ताना शर्मा, **नेपाली साहित्यमा प्रेरणा चाहिन्छ कि पलायन** ? (६४ : १०७/२०२१ भाद्र ७), पृ. ९, श.प. ।

समालोचनामा जीवनमूलक साहित्य सधैँ प्रेरणादायी हुन्छ भन्दै पलायनवादीहरूको विरोधमा प्रगतिवादी र प्रेरणादायी मानव कलाकारहरू अविरल रूपमा मानस्वर उरालिरहेका छन् भनिएको छ ।

१३०. ताना शर्मा, **प्यासीको आगो,** (६६ : १२८/२०२३ भाद्र २३), पृ. ६, श.प. ।

समालोचनामा नीरविक्रम प्यासीको कविताकारिताको मुक्तकण्ठले प्रशंसा गरिएको छ ।

१३१. ताना शर्मा, **मोतीराम भट्टबारे घोत्लिँदा,** (६८ : १४६/२०२५ असोज १३), पृ. ७, श.प. ।

समालोचनामा मोतीराम भट्टलाई नेपाली साहित्यमा प्रवेश गर्ने प्रथम पाश्चात्यविद् भएको भन्दै उनको काव्यकलाबारे चर्चा गरिएको छ ।

१३२. ताना शर्मा, **व्यवहारमा साहित्यिक चिन्तन,** (६८ : १८६/२०२५ मार्ग १), पृ. ७, श.प. ।

समालोचनामा कार्तिक ३ गते गोर्खापत्रमा प्रकाशित भवानी भिक्षुको एउटा वैयक्तिक चिन्तन नामक लेखप्रति गम्भीर असहमति व्यक्त गरिएको छ ।

१३३. ताना शर्मा, **दार्जिलिङ्गका कथालाई सम्झँदा,** (६८ : २५९/२०२५ माघ १२), पृ. ७, श.प. ।

समालोचनामा तत्कालीन अवस्थामा 'गोर्खा', 'भारती' आदि पत्रिकामा प्रकाशित दार्जिलिङ्गका कथाकारहरूका कथाहरूको उत्कृष्टताको चर्चा गर्दै आफू सदा श्रद्धाले शिर झुकाउने धारणा व्यक्त गरिएको छ ।

१३४.ताना शर्मा, **दुई नयाँ उपन्यास,** (६९ : ५/२०२६ वैशाख २८), पृ. ७, श.प. ।

समालोचनामा साझा प्रकाशनबाट प्रकाशित उपन्यासहरू 'महत्ताहीन' र 'सबै बिर्सिएका अनुहारहरू'को समीक्षा गर्दै साझाजस्तो गरिमामय प्रकाशनबाट प्रकाशित कृतिमा वर्णविन्यासगत त्रुटि भएकोमा आश्चर्य प्रकट गरिएको छ ।

१३५.ताना शर्मा, **नेपाली कवितासङ्ग्रहको हिमालचूली,** (६९ : २५०/२०२६ माघ ४), पृ. ७, श.प. ।

समालोचनामा ईश्वर बरालद्वारा सम्पादित पुस्तक 'हिमालचूली'लाई आधुनिकताको दर्जा दिइएकोमा घोर आपत्ति जनाइएको छ ।

१३६.ताना शर्मा, **साझा एकाङ्की एक चर्चा,** (६९ : १०३/२०२६ श्रावण ३२), पृ. ७, श.प. ।

समालोचनामा साझा प्रकाशनद्वारा प्रकाशित 'साझा एकाङ्की' गुण र दोषको परिवृत्तभित्र भएरै पनि राम्रो थालनी भएको धारणा व्यक्त गरिएको छ ।

१३७.ताना शर्मा, **साझा निबन्ध एक सङ्क्षिप्त समीक्षा,** (६९ : १२४/२०२६ भाद्र २१), पृ. ७, श.प. ।

समालोचनामा साझा प्रकाशनद्वारा प्रकाशित साझा निबन्धको विवेचना गर्दै निबन्ध र प्रबन्ध विधा सङ्केत नभएकोमा आपत्ति जनाइएको छ ।

१३८.ताना शर्मा, **सुवानन्ददासदेखि वैरागी काइँलासम्मको साझा कविताको औचित्य,** (६९ : २३६/२०२६ पौष १९), पृ. ७, श.प. ।

समालोचनामा 'साझा कविता' शीर्षक सङ्ग्रहमा प्रकाशित विभिन्न कविहरूका कवितामाथि विवेचना गरिएको छ ।

१३९.ताना शर्मा, **साझा कथा-एक तुलनात्मक हेराई,** (६९ : २६/२०२६ जेठ १८), पृ. ७, श.प. ।

समालोचनामा साझा प्रकाशनले ख्यातिप्राप्त कथाकारहरूका कथाको सँगालोका रूपमा प्रकाशित साझा कथामा दोषहरू मात्र नभएर गुणहरू पनि त्यत्तिकै मात्रामा भएको भनिएको छ ।

१४०. ताना शर्मा, **नेपाली साहित्यको कालविभाजन,** (६९ : ५४/२०२६ असार १४), पृ. ७, श.प. ।

समालोचकले नेपाली साहित्यको कालविभाजन सम्बन्धी धारणा यसप्रकार राखेका छन् -

भानुभक्तपूर्व युग

भानुभक्त युग

मोतीराम युग

क्रान्तिपूर्व युग

आधुनिक युग

(क) अन्यौलको दशाब्दी (१९५१-१९६०)

(ख) पूर्नआविष्कारका वर्षहरू

१४१. ताराप्रसाद जोशी, **रस तथा अलङ्कार,** (६५ : २२९/२०२२ पौष १०) पृ. ५, श.प. ।

समालोचकले साहित्यमा सर्वप्रधान आत्मस्थानीय तत्त्व रस नै हो भन्दै अलङ्कार त बाह्य प्रसाधन मात्र भएको दाबी गरिएको छ ।

१४२. ताराप्रसाद जोशी, **प्रकृति दर्शन र कवि श्री म.वी.वि. शाहज्यूका कवितामा प्रकृति प्रयोग,** (६९ : ४०/०२६ जेठ ३२) पृ. ५, श.प. ।

समालोचनामा कवि म.वी.वि.शाहका कवितामा प्रकृति प्रयोगको उत्तम नमुना पाइन्छ भनिएको छ ।

१४३. ताराप्रसाद जोशी, **प्रकृति दर्शन र कवि श्री म.वी.वि. शाहज्यूका कवितामा प्रकृति प्रयोग,** (६९ : ४७/०२६ असार ७) पृ. ५, श.प. ।

समालोचनामा म.वी.वि. शाहकृत 'उसैको लागि' र 'फेरि उसैको लागि' कवितासङ्ग्रहमा सङ्गृहीत कवितामा भएको प्रकृति प्रयोगको विविधताको विषयमा चर्चा गरिएको छ ।

१४४. तीर्थराम झा, **रूपक र नाटक,** (६४ : १९३/०२१ मङ्सिर ६) पृ. ९, श.प. ।

समालोचनामा रूपक र नाटकमा देखिने समता र भिन्नताका विषयमा चर्चा गरिएको छ ।

१४५. तीर्थराम झा, **कवि व्यथित र उहाँको संगम,** (६५ : २४९/०२२ माघ २) पृ. ९, श.प. ।

समालोचनामा कवि केदारमान व्यथितको साहित्यिक प्रवृत्तिको चर्चा गर्दै उनको काव्य 'संगम'सँगको समीक्षा गरिएको छ ।

१४६. तीर्थेन्द्रराज मिश्र, **नेपाली साहित्यमा राष्ट्रवादी भावना,** (६८ : २८७/०२५ फागुन ११) पृ. ७, श.प. ।

समालोचनामा आदिकवि भानुभक्त आचार्यका कवितादेखि नै देशभक्तिको भावना मुखरित भएको तथ्य उजागर गरिएको छ ।

१४७. तुलसी दिवस, **काव्यगत केही धारणा,** (६४ : ६९/०२१ असार ३१) पृ. ३ ।

समालोचनामा कवि कविता हुन्छ भने कविता कवि हुन्छ भन्दै कवि आफूलाई कवितामा खन्याइदिन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

१४८. तुलसी न्यौपाने, **रने उपन्यास यसो हेर्दा,** (६९ : ४७/०२६ असार ७) पृ. ७, श.प. ।

समालोचनामा तुलसीराम कुवँरद्वारा लिखित 'रने' उपन्यास अन्याय र अत्याचारको पर्दाफास गर्न सफल रहेको भनिएको छ ।

१४९. दयाराम संभव, **आधुनिक कथा साहित्य सङ्क्षिप्त विवेचना,** (६४ : १९३/०२१ मङ्सिर ६) पृ. ८, श.प. ।

समालोचनामा आधुनिक कथाको सच्चा विकास उन्नाइसौं शताब्दीदेखि भएको हो भन्दै नेपाली कथा साहित्यको बारे चर्चा गरिएको छ ।

१५०. दाताराम शर्मा, **मेटिनसक्नु छाप तिरिनसक्नु गुन,** (६५ : २९४/०२२ फागुन १५) पृ. ९, श.प. ।

समालोचनामा कवि लेखनाथ पौड्यालका बारेमा प्रभावपरक समालोचना गरिएको छ ।

१५१. दिव्यकुमार, **काव्यको परिभाषा,** (६२ : ७१/०१९ असार ९) पृ. २, श.प. ।

समालोचनामा पूर्वीय आचार्यहरू तथा पाश्चात्य दार्शनिकहरूले काव्यका बारेमा गरेका परिभाषाहरू उल्लेख गर्दै विश्लेषण समेत गरिएको छ ।

१५२. दिव्यकुमार गौर, **साहित्यमा प्रगतिवाद,** (६३ : १०६/०१९ श्रावण १३) पृ. ३, श.प. ।

समालोचनामा प्रगतिवादको साहित्यिक मान्यताका बारेमा चर्चा गरिएको छ ।

१५३. दिव्यकुमार उपाध्याय, **साहित्य किन ?,** (६२ : १५/०१९ वैशाख १६) पृ. २, श.प. ।

समालोचनामा साहित्यको प्रयोजन केका लागि भन्ने विषयमा चर्चा गरिएको छ ।

१५४. दिलकुमार गुरुङ्ग, **भिखारीको केही कविताहरू-एक अध्ययन,** (६८ : १२५/०२५ भाद्र २३) पृ. ६, श.प. ।

समालोचनामा देवकोटाद्वारा लिखित भिखारी कवितासङ्ग्रह तुलनात्मक रूपमा केही धनी मानिसहरूको बीचमा गरिबीमा एक्लिएको एक दुःखी अदनाको कहानी भएको पुष्टि गरिएको छ ।

१५५. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि एक अध्ययन-**देशप्रेमसम्बन्धी कविता, (६३ : ८५/०१९ असार २३) पृ. ४, श.प. ।

समालोचनामा देशप्रेम नै सबैभन्दा उत्कृष्ट प्रेम हो भन्दै कवि म.वी.वि.शाहको उसैको लागि कवितासङ्ग्रह देशप्रेमको उत्कृष्ट नमुना हो भनिएको छ ।

१५६. दुर्गाप्रसाद श्रेष्ठ, **उसैको लागि एक अध्ययन-३,** देशप्रेमसम्बन्धी कविता, (६३ : ९२/०१९ असार ३०) पृ. ४, श.प. ।

समालोचना अघिल्लो लेखकै अंश भएकाले कवि शाहका देशप्रेमसम्बन्धी कविताको चर्चा गरिएको छ ।

१५७. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि एक अध्ययन-४,** -प्रकृति वर्णनसम्बन्धी कविता, (६३ : ९९/०१९ श्रावण ६) पृ. ४, श.प. ।

समालोचनामा कवि म.वी.वि. शाहद्वारा रचित कवितासङ्ग्रह उसैका लागिमा प्रयुक्त प्रकृति वर्णनको समीक्षा गरिएको छ ।

१५८. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि एक अध्ययन-५,** -प्रेम र विरहसम्बन्धी कविता (६३ : १०६/०१९ श्रावण १३) पृ. ४, श.प. ।

समालोचनामा 'उसैको लागि' कवितासङ्ग्रहभित्रका कवितामा अन्तर्निहित प्रेम र विरहजस्ता पक्षको उद्घाटन गरिएको छ ।

१५९. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि एक अध्ययन-६,**-प्रेम र विरहसम्बन्धी कविता, (६३ : १२०/०१९ श्रावण २७) पृ. ४, श.प. ।

समालोचकले उसैको लागिको चर्चा गर्दै आँसुको पनि प्रेमको संसारमा ज्यादै महत्त्व हुने कुराको चर्चा गरेका छन् ।

१६०. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि एक अध्ययन-७,** -प्रेम र विरहसम्बन्धी कविता, (६३ : १२७/०१९ भाद्र २) पृ. ४, श.प. ।

समालोचनामा 'उसैको लागि' कवितासङ्ग्रहमा वियोग वेदनाले छट्पटाएको कविको भावोद्वेगको टुक्रा प्रशस्त पाइने चर्चा गरिएको छ ।

१६१. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि...... एक अध्ययन-८,**-प्रेम र विरहसम्बन्धी कविता, (६३ : १३४/०१९ भाद्र ९) पृ. ४, श.प. ।

समालोचनामा अरुलाई प्रेम बाँड्न सक्ने र अरुको मर्म बुझ्ने हुनाले कवि शाहका हृदयमा प्रेम विरहजस्ता पक्ष पाइने गर्छन् भनिएको छ ।

१६२. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि -एक अध्ययन-९,-**प्रेम र विरहसम्बन्धी कविता, (६३ : १८४/०१९ भाद्र २३) पृ. १५, श.प. ।

समालोचनामा कवि म.वी.वि. शाहको हृदयमा दार्शनिकताको अभ्युदय प्रेम र पीडाको अनुभवले भएको हो भनिएको छ ।

१६३. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **उसैको लागि- एक अध्ययन-१०,** (६३ : १५५/०१९ भाद्र ३०) पृ. ११, श.प. ।

समालोचनामा जीवनदर्शनसम्बन्धी शास्वत रीति र दर्शनलाई कवि म.वी.वि.शाहले अवलम्बन गरेकाले नै वहाँका कवितामा जीवनदर्शन पाइने चर्चा गरिएको छ ।

१६४. देव त्रिपाठी, **नाटक, नाटककार, नाटकमण्डली र नाट्यशाला,** (६७ : ७७/०२४ श्रावण ७) पृ. ७, श.प. ।

समालोचकले साहित्यमा सबभन्दा रमणीय नाटक नै हुन्छ भन्दै नाटक, नाटककार, नाटक मण्डली र नाट्यशालाबीच अन्योन्याश्रित सम्बन्ध रहने चर्चा गरेका छन् ।

१६५. देवीचन्द्र, **नेपाली साहित्यमा निबन्ध,** (६९ : ८९/०२६ श्रावण १८) पृ. ७, श.प. ।

समालोचकले नेपाली साहित्यमा निबन्ध विधालाई सबैभन्दा पछि परेको विधाका रूपमा चर्चा गरेका छन् ।

१६६. दैवज्ञराज न्यौपाने, **भानुभक्तपूर्व प्रयुक्त छन्द र तिनको विकास,** (६९ : २०८/०२६ मार्ग २१) पृ. ७, श.प. ।

समालोचनामा सुवानन्द दासदेखि लिएर भानुभक्त आचार्यका समयसम्म प्रचलित छन्दका बारेमा चर्चा गरिएको छ ।

१६७. द्वारिका श्रेष्ठ, **नेपाली काव्यमा राष्ट्रियता,** (६७ : २३४/०२१ पौष १९) पृ. ५, श.प. ।

समालोचकले भानुभक्तका कवितामा राष्ट्रियताको भाव खासै नभए पनि लेखनाथदेखि भने प्रष्ट रूपमा राष्ट्रियताको पक्षमा वकालत हुन थालेको हो भनेका छन् ।

१६८. ध.च.गोतामे, **साँघुरो वैयक्तिक चिन्तनप्रति,** (६८ : २३१/०२५ पौष १४) पृ. ७, श.प. ।

समालोचनामा भवानी भिक्षुको ०२५ कार्तिक ३ गते गोर्खापत्रमा प्रकाशित 'एउटा वैयक्तिक चिन्तनप्रति' असहमत हुँदै उनको चिन्तन साँघुरो भएको निष्कर्ष निकालिएको छ ।

१६९. धुस्वाँ सायमी, **मनोवैज्ञानिक विश्लेषण-उपन्यासको प्राण,** (६६ : ३३३/०२३ चैत २६) पृ. ५, श.प. ।

समालोचनमा रोमका ख्यातिप्राप्त उपन्यासकार अलबर्टो मोराभियासँग उहाँकै निवासस्थानमा भएको भेटवार्ताका प्रसङ्गहरू लेखकले वर्णन गरेका छन् ।

१७०. ध्रुव श्रेष्ठ, **कवि श्री म.वी.वि. शाहको 'उपहार',** (६८ : २८०/०२५ कार्तिक १७) पृ. ५, श.प. ।

समालोचनामा म.वी.वि. शाहको कविता 'उपहार'को चर्चा गर्दै कविले आफ्नो सर्वस्व नेपाल आमालाई समर्पित गर्नुभएको छ भनिएको छ ।

१७१. नरसिंहभक्त तुलाचन, **साहित्यकारको समस्या र समाधान,** (६८ : १७५/०२५ कार्तिक १७) पृ. ५, श.प. ।

समालोचनामा सुन्दर कलात्मक सिर्जना गर्ने साहित्यकारहरूका समस्याहरूमाथि केन्द्रित भएर चर्चा गरिएको छ ।

१७२. नरेन्द्रमणि आ.दी., **साहित्य औ श्री ५ महेन्द्रको साहित्यिक अनुराग,** (६४ : १५८/०२१ असोज २७) पृ. ३ ।

समालोचनामा श्री ५ महेन्द्रको साहित्यिक अनुरागको विवेचना गरिएको छ ।

१७३. नागेन्द्र,* **काव्यक्षेत्रमा अरस्तुको योगदान,** (६४ : ८७/०२१ श्रावण १७) पृ. ७, श.प. ।

समालोचनामा पाश्चत्य काव्यजगतमा अरस्तुले दिएको योगदानको चर्चा गरिएको छ ।

१७४. नारायण कुमार, **नेपाली नाटकको विकास र मसान नाटक,** (६७ : १२६/०२४ भाद्र २४) पृ. ७, श.प. ।

समालोचनामा मसान नाटकका नाटककार गोपालप्रसाद रिमाल इब्सनको पुतलीको घर (The Doll's House) बाट नराम्ररी प्रभावित भएको भनी आलोचना गरिएको छ ।

१७५. नारायणगोपाल (गुरुवाचार्य), **महाकवि बाँचिरहेका भए,** (६९ : १३८/०२६ असोज ४) पृ. ८, श.प. ।

---

* डा. नगेन्द्र

समालोचकले महाकवि देवकोटामाथि प्रभावपरक समालोचना गरेका छन् ।

१७६. नित्यराज पाण्डे, **नेपाली साहित्यमा गद्यसाहित्य र त्यसको अवस्था,** (६३ : १२९/०१९ भाद्र ४) पृ. २ ।

समालोचनामा गद्य साहित्यको विकासको अवस्था वर्णन गरिएको छ ।

१७७. नित्यराज पाण्डे, **कविवर मोतीराम भट्टका केही कविता,** (६५ : ११३/०२२ भाद्र १०) पृ. ३ ।

समालोचनामा मोतीराम भट्टलाई नेपाली साहित्याकाशका साँच्चैको मोती भएको भन्दै उनका प्रमुख कविताको चर्चा गरिएको छ ।

१७८. नित्यराज पाण्डे, **मोतीराम भट्टको पिकदूत एक अध्ययन,** (६६ : १३५/०२३ आश्विन १) पृ. ५, श.प. ।

समालोचनामा मोतीराम भट्टको पिकदूत कविको मौलिक र उत्कृष्ट रचना हो भनिएको छ ।

१७९. नित्यराज पाण्डे, **कविवर मोतीराम भट्ट र उनको साहित्य सेवा,** (६८ : ११०/०२५ भाद्र ८) पृ. ४ ।

समालोचनामा मोतीराम भट्टलाई युवतीहरूको हृदय चिन्न सफल सिद्धहस्त श्रृङ्गारिक कवि भएको जनाइएको छ ।

१८०. नित्यराज पाण्डे, **महाकवि देवकोटाप्रति,** (६८ : १६६/०२५ कार्तिक ६) पृ. ३ ।

समालोचनामा देवकोटा नामले लक्ष्मीप्रसाद भए पनि वास्तवमा सरस्वतीका प्रसाद बन्न पुगेको भनिएको छ ।

१८१. नित्यराज पाण्डे, **महाकवि देवकोटाको संभ्रनामा,** (६९ : १८३/०२६ कार्तिक २४), पृ. ३ ।

समालोचनामा लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीका सन्दर्भमा उनीप्रति शब्दश्रद्धा व्यक्त गरिएको छ ।

१८२. नीलाम्बर शर्मा, **मास्कोबाट प्रकाशित नेपाली साहित्य : एक सिंहावलोकन,** (६४ : ३५१/०२२ वैशाख १९) ,पृ. ९ श.प. ।

समालोचनामा सोभियत लेखिका आगानीनाद्वारा लिखित 'नेपाली साहित्य' नामक पुस्तकको समीक्षा गरिएको छ ।

१८३. नेपाली साहित्य संस्थान, **नेपाली साहित्यको विवरण,** (६४ : १५९/०२० असोज ३) पृ. ३ ।

समालोचनात्मक लेख नेपाली साहित्य संस्थानद्वारा आयोजित बृहत् साहित्य गोष्ठीको लागि संस्थानकै तर्फबाट तयार पारिएको हो । जसले नेपाली साहित्यको इतिहास र तत्कालीन गतिविधिमाथि प्रकाश पारेको छ ।

१८४. पहाडी, **सुलोचनाको आँसुभित्र डुबुल्किँदा,** (६५ : २४२/०२२ पौष २४) पृ. ६, श.प. ।

सुलोचनामा रुढीवादी संस्कार एवम् सामाजिक कुरीति तथा तिनीहरूको सशक्त प्रतिकारले महाकाव्यलाई सहज गति दिएको भनिएको छ ।

१८५. पारसमणि प्रधान, **भर्जन्मको समस्या,** (६८ : २१७/०२५ मार्ग २९) पृ. ५, श.प. ।

समालोचना भानुभक्तको लेखनयात्राको प्रारम्भका विषयमा केन्द्रित छ ।

१८६. पारसमणि प्रधान, **नेपाली वाङ्मयको छोटो इतिहास,** (६४ : ३१०/०२० फागुन १०) पृ. ५, श.प. ।

समालोचना नेपाली वाङ्मयको ऐतिहासिक पक्षमा केन्द्रित छ ।

१८७. पुरु रिसाल, **महान् व्यक्तित्व : दुःखद अवसान,** (६९ : १८३/०२६ कार्तिक २४) पृ. ४ ।

समालोचनामा समाजको तिरस्कार र अपहेलनाका कारण महान् व्यक्तिहरूको दुःखद निधन हुने गरेको चर्चा गरिएको छ ।

१८८. पुरु रिसाल, **काव्यबारे केही जिज्ञासा,** (६४ : २९६/०२१ फागनु २३) पृ. ६, श.प. ।

समालोचकले काव्यमा मूलतः कलापक्ष र भावपक्ष हुने चर्चा गर्दै तिनीहरूका बारेमा वर्णन गरेका छन् ।

१८९. पुष्करप्रसाद लामिछाने, **लोककथा र तिनको अन्वेषण,** (६७ : २२५/०२४ पौष ८) पृ. ७, श.प. ।

समालोचनामा लोककथा हाम्रो परम्परा, कला तथा संस्कृतिको स्रोत भएकाले यसको संरक्षण र सम्बर्द्धन गरिनुपर्ने धारणा व्यक्त भएको छ ।

१९०. पुष्पप्रसाद लुइँटेल, **श्रेष्ठका केही कथाहरू,** (६४ : ११७/०२० श्रावण २४) पृ. ४, श.प. ।

समालोचनामा गोविन्दलाल श्रेष्ठद्वारा लिखित कथाहरूको सबल तथा निर्बल पक्षमाथि टिप्पणी गरिएको छ ।

१९१. पुष्पप्रसाद लुइँटेल, **साहित्यालोचनको सिद्धान्त,** (६१ : २९५/०१८ फागुन ६) पृ. २, श.प. ।

समालोचनामा पाश्चात्य साहित्यमा प्रचलित सिद्धान्तहरू हाम्रो पूर्वीय साहित्यमा धेरै पहिलादेखि अस्तित्वमा रहेको बारेमा चर्चा गरिएको छ ।

१९२. प्रदीप रिमाल, **राप्ती र भेरी अञ्चलको लोकसंगीत,** (६९ : १९/०२६ जेठ ११) पृ. ७, श.प. ।

समालोचनामा राप्ती र भेरी अञ्चलका लोकगीतका प्रकार र भाकाका बारेमा चर्चा गरिएको छ ।

१९३. प्रभा बस्नेत, **उपन्यास,** (६४ : १४७/०२० भाद्र २२) पृ. ६ ।

समालोचनामा उपन्यासको आरम्भ एवम् विकासको बारेमा वर्णन गरिएको छ ।

१९४. प्रबल गिरी प्रदीप, **कवि सिद्धिचरण श्रेष्ठको उर्वशी चिन्तन कला,** (६१ : १७६/०१८ असोज २७) पृ. २ ।

समालोचनामा सिद्धिचरण श्रेष्ठको 'उर्वशी' खण्डकाव्यलाई सफल आत्मनिष्ठ महाकाव्य हो भनेर दावी गरिएको छ ।

१९५. प्रबल गिरी प्रदीप, **काव्यको भाव पक्ष र कला पक्ष,** (६१ : ३४५/०१८ चैत २६) पृ. २ ।

समालोचकले साहित्यको समालोचना गर्दा भाव वा अनुभूति पक्ष र कला वा अभिव्यक्ति पक्षमाथि विचार गर्न आवश्यक हुने विचार गरेका छन् ।

१९६. प्रबल गिरी प्रदीप, **आदिकवि श्री भानुभक्त,** (६५ : १९/०२१ वैशाख २०) पृ. ६, श.प. ।

समालोचनामा भानुभक्त आचार्यले रामायणबाट विषयवस्तु लिए पनि धेरै ठाउँमा मौलिकता भरेको प्रसङ्गमा टिप्पणी गरिएको छ ।

१९७. बद्रीनाथ उपाध्याय, **खरानीको थुप्रो एक समीक्षा,** (६७ : २११/०२४ मार्ग २३) पृ. ६, श.प. ।

समालोचनामा माधवलाल कर्माचार्यद्वारा लिखित 'खरानीको थुप्रो' कवितासङ्ग्रहमा आशा निराशाका भावहरू तीलचामल भएर मिसिएको जनाइएको छ ।

१९८. बलराम शर्मा, **एक सफल प्रयोक्त श्री लेखनाथ,** (६५ : २३८/०२२ पौष १९) पृ. ३ ।

समालोचनामा लेखनाथ पौड्यालले नेपाली भाषासाहित्यमा नवीनतम् प्रयोग गरेको चर्चा गरिएको छ ।

१९९. बाबुराम आचार्य, **हाम्रा आदिकवि भानुभक्त,** (६३ : १३३/०१९ मङ्सिर २) पृ. १७, श.प. ।

समालोचनामा भानुभक्त आचार्यले राष्ट्रिय एकताको बोध गराउन सामायणको रचना गरेर प्रचार गरे भन्ने धारणा व्यक्त गरिएको छ ।

२००. बानीरा गिरी, **एक संस्मरण : एक समीक्षा,** (६८ : ३४२/०२६ वैशाख ७) पृ. ७, श.प. ।

समालोचनामा लक्ष्मीप्रसाद देवकोटालाई आधुनिक नेपाली साहित्यको भूमिका मानिएको छ ।

२०१. बालकृष्ण सम, **नेपालमा नृत्य र नाटक,** (६३ : २३४/०१९ मङ्सिर २३) पृ. ७, श.प. ।

समालोचनामा नेपाली नृत्य र नाटकलाई भारतीय नृत्य र नाटकले पारेको प्रभावको चर्चा गरिएको छ ।

२०२. बालकृष्ण सम, **नेपाली र अङ्ग्रेजी साहित्यको सम्बन्ध,** (६० : १२९/०१७ फागुन १५) पृ. १३, बेलायती महारानी एलिजावेथ स्वागताङ्क. ।

समालोचनामा नेपाली र अङ्ग्रेजी साहित्यको सम्बन्ध नजिकैको रहेको बताउँदै भौगोलिक बनावटले पनि यसमा थप भूमिका खेलेको चर्चा गरिएको छ ।

२०३. बालकृष्ण जोशी, **अरस्तुको काव्य सिद्धान्तमा एक मनन,** (६४ : १३१/०२१ भाद्र ३१) पृ. ३ ।

समालोचनामा अरस्तुको काव्यसम्बन्धी धारणामाथि विवेचना गरिएको छ ।

२०४. बालकृष्ण जोशी, **कवि शम्भुप्रसादको शाकुन्तल नाटक,** (६४ : १२१/०२१ भाद्र २१) पृ. ७, श.प. ।

समालोचनामा शम्भुप्रसाद ढुङ्गेलको शाकुन्तल नाटक पूर्ण रूपमा नाट्यशास्त्रीय मान्यतामा आधारित रहेको दावी गरिएको छ ।

२०५. बालकृष्ण पोखरेल, **नेपाली साहित्यमा कालविभाजन,** (६६ : २५४/०२३ माघ ८) पृ. ५, श.प. ।

समालोचनामा आफूपूर्वका कालविभाजनमाथि असहमत हुँदै यसप्रकारले नेपाली साहित्यको कालविभाजन गरिएको छ-

(क) प्राचीन काल - पुण्यमल्लको संवत् १९३३ को ताम्रपत्रदेखि,

(ख) माध्यमिक काल - भानुदत्तकृत मित्रलाभदेखि,

(ग) आधुनिक काल - संवत १९५० देखि यता

२०६. बालकृष्ण पोखरेल, **शैली र अपटुडेटवाद,** (६४ : ८४/०२१ असार १०) पृ. ३ ।

समालोचनामा शैलीलाई अनुहारसँग दाँज्दै प्रत्येक व्यक्तिको अनुहार बेग्लाबेग्लै भएझैँ साहित्यकारको पनि शैली आआफ्नै किसिमको हुने चर्चा गरिएको छ ।

२०७. बालकृष्ण पोखरेल, **नेपाली र क्षेत्रीय भाषाहरूको पारस्परिक सम्बन्ध,** (६४ : ९८/०२० श्रावण ५) पृ. ८, श.प. ।

समालोचनामा दुई वा दुईभन्दा बढी भाषाहरू भेला भए भने तिनीहरूमा एक अर्काको प्रभाव अवश्य पनि हुन जान्छ भनिएको छ ।

२०८. बालकृष्ण पोखरेल, **कवि बुढाथोकीकृत पृथ्वीनारायणमाथि अध्ययन,** (६३ : २६९/०१९ पौष २८) पृ. ६, श.प. ।

जगतबहादुर सिंह बुढाथोकीकृत खण्डकाव्य 'पृथ्वीनारायण'को समालोचना गर्दै काव्यमा देशप्रेमले चरम उत्कर्ष प्राप्त गरेको बताइएको छ ।

२०९. बालचन्द्र शर्मा, **काव्यकला र श्री ५ महेन्द्र,** (६१ : ५८/०१८ जेठ २९) पृ. ९, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

समालोचनामा श्री ५ महेन्द्रमा कवि र कलाकार व्यक्तित्व एवम् शासक र निर्माताको व्यक्तित्व दुवैबीच अन्योन्याश्रित सम्बन्ध रहेको कुराको चर्चा गरिएको छ ।

२१०. बालचन्द्र शर्मा, **आधुनिक नेपाली साहित्य र आजको त्यसको उत्तरदायित्व,** (६४ : २०७/०२० कार्तिक २३) पृ. ७, श.प. ।

समालोचनामा हरेक समय प्रतिपल नयाँ हुँदै जाने हुँदा आधुनिकताको निर्क्यौल गर्न गाह्रो हुने भाव व्यक्त भएको छ ।

२११. बालकृष्णप्रसाद जोशी, **म.वी.वी शाहका केही कविताहरू,** (६१ : ५७/०१८ जेठ ३०) पृ. २ ।

समालोचनामा एम.वी.वि. शाहका प्रमुख कविताहरूको कवितांश समेत उद्घाटन गर्दै विवेचना गरिएको छ ।

२१२. बालकृष्णप्रसाद जोशी, **क्रोचेको काव्यात्मक अभिव्यञ्जनावाद,** (६४ : २९६/०२० फागुन ३) पृ. ५, श.प. ।

समालोचनामा इटालीका विद्वान् बेन्देतो क्रोचेको अभिव्यञ्जनावादको विवेचना गरिएको छ ।

२१३. बालकृष्णप्रसाद जोशी, **साहित्य र जीवन,** (६४ : ३५/०२० जेठ ४) पृ. १२, श.प. ।

समालोचनामा साहित्य र जीवनमा अन्योन्याश्रित सम्बन्ध रहेको जनाइएको छ ।

२१४. बालकृष्णप्रसाद जोशी, **साहित्यमा रहस्यवाद,** (६४ : २८९/०२० माघ १८) पृ. ३, श.प. ।

समालोचनामा ईश्वर र सृष्टि, उत्पत्ति र लयको सम्बन्धमा सत्यको हार्दिक निमन्त्रणा नै रहस्यवाद हो भनिएको छ ।

२१५. बेनामे, **विश्वकवि श्री रवीन्द्रनाथ ठाकुर,** (६१ : २६/०१८ वैशाख २८) पृ. २ ।

समालोचनामा रवीन्द्रनाथ ठाकुरको साहित्यिक तथा राजनीतिक दुवै क्षेत्रको व्यक्तित्व उच्च भएको चर्चा गरिएको छ ।

२१६. बेनामे, **विश्वकवि श्री रवीन्द्रनाथ ठाकुरक व्यक्तित्व तथा कृति,** (६१ : २८/०१८ वैशाख ३०) पृ. २, श.प. ।

समालोचनामा विश्वकवि रवीन्द्रनाथ ठाकुरले कलाका प्रायः सबै अङ्गमा पूर्णता पाएको विषयमा चर्चा गरिएको छ ।

२१७. बेनामे, **नेपालमा नयाँ कविता,** (६५ : २२९/०२२ पौष १०) पृ. ८, श.प. ।

समालोचना भारतीय कवि लेखकहरूले नेपालमा देखेको साहित्यिक अवस्थामा बारेमा केन्द्रित छ ।*

२१८. बेनामे, **अनुदित साहित्यको एक झलक,** (६४ : ३०३/०२१ फागुन ३०) पृ. ५, श.प. ।

लेखमा युनेस्कोद्वारा प्रकाशित अनुदित ग्रन्थहरूको सन्दर्भग्रन्थसूची का आधारमा ३५ हजार एक सय त्रिचालीस पुस्तक अनुवाद भएको जनाइएको छ ।

२१९. बेनामे सम्पादकीय, **साहित्यिक सम्पर्क,** (६३ : ५०/०१९ जेठ २०) पृ. २ ।

नेपाली साहित्यको अन्तर्राष्ट्रिय क्षेत्रमा पहुँच बढाउने उद्देश्यले तत्कालीन एकेडेमीले अख्तियार गरेको नीति चर्चा गरिएको छ ।

२२०. बेनामे/सम्पादकीय, **भानुजयन्ती,** (६३ : ९१/०१९ असार २९) पृ. २ ।

समालोचनामा भानुभक्तको साहित्यिक योगदानको चर्चा गर्दै उनीप्रति शब्दश्रद्धा व्यक्त गरिएको छ ।

२२१. भरतराज पन्त, **कमलबीच निदायो मुग्ध भानु मिलिन्द,** (६५ : २९४/०२२ फागुन १५) पृ. ५, श.प. ।

समालोचनामा लेखनाथ पौड्यालको निधनले नेपाली साहित्यले बेहोर्नुपरेको क्षतिको चर्चा गरिएको छ ।

२२२. भरतराज पन्त, **लेखनाथका कृतिमा रसवाद,** (६५ : ३१५/०२२ चैत्र २०) पृ. ७, श.प. ।

समालोचनामा लेखनाथ पौड्यालका विभिन्न रचनाहरूमा प्रयुक्त विभिन्न रसहरूको चर्चा गरिएको छ ।

२२३. भरतराज पन्त, **चिसो चूल्हो एक अध्ययन,** (६६ : ५१/०२३ असार ११) पृ. ६, श.प. ।

समालोचनामा चिसो चूल्हो महाकाव्यलाई नेपाली साहित्यको नयाँ महाकाव्य भएको ठहर गरिएको छ ।

२२४. भरतराज पन्त, **कूट कविताका नामुद कवि, 'लामो सेवा छोटा संस्मरण'** (६६ : ९३/०२३ श्रावण २२) पृ. ६, श.प. ।

समालोचनामा राजीवलोचन जोशीलाई कूट कविताकारिताका सिद्धहस्त कवि प्रतिभा भएको जनाइएको छ ।

---

* १७ दिसम्बर १९६५ को 'दिनमान' हिन्दी पत्रिकाबाट साभार गरिएको भनिएको ।

२२५. भरतराज पन्त, **लेखनाथको साहित्यमा दार्शनिक पक्ष,** (६५ : ३५५/०२३ वैशाख १८) पृ. ५, श.प. ।

समालोचनामा लेखनाथ पौड्यालका 'लक्ष्मीपूजा' र 'तरुणतपसी' काव्यमा दर्शनको खानी रहेको भनिएको छ ।

२२६. भरतराज पन्त, **साहित्य र स्वतन्त्रता थोरै शब्दमा,** (६७ : २८०/०२४ फागुन ५) पृ. ७, श.प. ।

समालोचनामा साहित्य नियन्त्रणले ओइलाउने हुँदा स्वतन्त्र वातावरण नभएसम्म साहित्यले प्रगति गर्न नसक्ने धारणा व्यक्त गरिएको छ ।

२२७. भरतराज पन्त, **मुकुन्द इन्दिरा एक चिन्तन,** (६७ : ३०८/०२४ चैत्र ३) पृ. ७, श.प. ।

समालोचनामा बालकृष्ण समको मुकुन्द इन्दिरा सूक्ति संचयको दृष्टिले उत्कृष्ट नाटक हो भनिएको छ ।

२२८. भरतराज पन्त, **पुरानो विषयको नयाँ प्रयोग,** (६७ : २३२/०२४ पौष १५) पृ. ७, श.प. ।

समालोचनामा भीमनिधि तिवारीको शिलान्यास नाटकलाई कौतूहलपूर्ण नाटक भएको चर्चा गरिएको छ ।

२२९. भरतराज पन्त, **समज्यूको मोटो नाटक,** (६७ : २५३/०२४ माघ ६) पृ. ७, श.प. ।

समालोचनामा बालकृष्ण समद्वारा लिखित नाटक प्रेमपिण्ड आध्यात्मिक विज्ञान र वैज्ञानिक अध्यात्मद्वारा विश्वलाई नयाँ सन्देश दिन सफल भएको भनिएको छ ।

२३०. भरतराज पन्त, **महाकविको मनोरंजन एक रात,** (६८ : ५५/०२५ असार १६) पृ. ६, श.प. ।

समालोचनामा महाकवि देवकोटाको मनोरञ्जन कवितासङ्ग्रहमा हास्यरस मात्र नभएर सुधारको भावना पनि भएको चर्चा गरिएको छ ।

२३१. भरतराज पन्त, **सिद्धार्थ गौतम एक परिचय,** (६५ : १११/०२५ भाद्र ९) पृ. ६, श.प. ।

समालोचनामा भीमनीधि तिवारीद्वारा रचित नाटक सिद्धार्थ गौतम मानवतावादको माग भइरहेको वर्तमान सन्दर्भमा मननीय भएको चर्चा गरिएको छ ।

२३२. भरतराज पन्त, **बसाई एक अध्ययन,** (६८ : २१०/०२५ मार्ग २२) पृ. ७, श.प. ।

समालोचनामा लीलबहादुर क्षेत्रीको बसाइँ उपन्यासमा विविधतामय रस भए पनि करुण रस नै परिपाक अवस्थामा पुगेको चर्चा गरिएको छ ।

२३३. भवानी भिक्षु, **दुई अनुभूत सत्य,** (६६ : ३४६/०२४ वैशाख ९) पृ. ६, श.प. ।

समालोचनामा मानिसले भाषामा 'हो' र 'होइन' भन्ने शब्दहरूको औचित्य नै लोप गराइसकेको चर्चा गर्दै यी दुई प्रकारका अत्यावश्यक अभिव्यक्ति मनुष्य समाजमा लोपप्रायः भइसके भनिएको छ ।

२३४. भवानी भिक्षु, **एउटा वैयक्तिक चिन्तन,** (६८ : १६३/०२५ कार्तिक ३) पृ. ६, श.प. ।

भिक्षुले साहित्यको महत्त्व लेख्ने र लेखिइनेको नभएर हृदय-मस्तिष्कमा पर्ने प्रतिछापको हुने भएकाले साहित्यमा प्रौढ अभिव्यक्ति हुनुपर्ने विचार व्यक्त गरिएको छ ।

२३५. भवानी भिक्षु, **मेरो चिन्तन : मेरो कथन,** (६८ : ३२९/०२५ चैत २३) पृ. ७, श.प. ।

समालोचनामा आफ्नो लेखनशैली र शब्द संयोजनप्रति प्रश्न उठाउने एक विद्वान्‌लाई प्रत्युत्तर दिइएको छ ।

२३६. भवानी भिक्षु, **मेरो चिन्तन मेरो कथन,** (६८ : ३२२/०२५ चैत १६) पृ. ७, श.प. ।

कार्तिक ३, २०२५ मा गोर्खापत्रमा प्रकाशित केही वैयक्तिक चिन्तन शीर्षकले आफ्नो लेखप्रति विभिन्न विद्वान्‌हरूले अनावश्यक लाञ्छना लगाएको भन्दै यस लेखमार्फत आफ्ना विरोधीहरूका मतको विवेचना गरिएको छ ।

२३७. भवानी भिक्षु, **मेरो चिन्तन : मेरो कथन-३,** (६८ : ३४२/०२६ वैशाख ७) पृ. ७, श.प. ।

पूर्व प्रकाशित वैयक्तिक चिन्तनमा उठेको यौनको सम्बन्धमा अन्य समीक्षकले आलोचना गरेपछि प्रतिआलोचना नभएर सम्बन्धित विषयमा धारणा स्पष्ट गर्ने काम गरेका छन् ।

२३८. भाउपन्थी, **केही मानक कथाहरूको चर्चा,** (६९ : २२९/०२६ पौष १२) पृ. ७, श.प. ।

समालोचनामा कुनै पनि रचनालाई कथाको स्तर दिने मानक वा मापदण्डको अभाव भएको तथ्य उजागर गरिएको छ ।

२३९. भाउपन्थी, **गद्यको शिल्प- शिल्पको गद्य,** (६९ : ३२७/०२६ चैत्र २२) पृ. ७, श.प. ।

समालोचनामा साहित्यका कतिपय विधा तथा पत्रकारिताको क्षेत्रमा कुशल गद्यकारिताको अभाव रहेको पक्षमा चर्चा गरिएको छ ।

२४०. भीमशङ्कर नेपाली, **रूपमती नेपाली उपन्यासको प्रथम प्रहर,** (६८ : ४८/०२५ असार ९) पृ. ७, श.प. ।

समालोचनामा रुद्रराज पाण्डेको 'रूपमती' उपन्यासमा सामाजिक र वैयक्तिक यथार्थ मात्र नभएर आदर्शको प्रकाश पनि भएको बताइएको छ ।

२४१. भूपनिधि पन्त, **मुकुन्द-इन्दिरा : एक अवलोकन,** (६८ : २६६/०२५ माघ १९) पृ. ७, श.प. ।

समालोचनामा मुकुन्द इन्दिरा नाटकलाई समस्यापूर्ण जटिल नेपाली नाटक भएको दावी गरिएको छ ।

२४२. भैरव रिसाल, **प्रज्ञा प्रतिष्ठानमा पारसमणिप्रधान,** (६८ : ८३/०२५ श्रावण १२) पृ. ८, श.प. ।

वि.सं. २०२५ असार ३२ का दिन पारसमणि प्रधानले प्रज्ञा प्रतिष्ठानमा दिनुभएको साहित्यिक वक्तव्यको विवेचना गरिएको छ ।

२४३. भैरव अर्याल, **आस्था, मधुरता र प्रकाशको स्रोत रवीन्द्रनाथ टैगोर,** (६६ : ६/०२२ वैशाख २९) पृ. ५, ।

रवीन्द्रनाथ टैगोरलाई खलील जिब्रान, टल्सटाय र स्वामी विवेकानन्द तीनै जनाको संयुक्त ज्योतिपुञ्जका रूपमा चर्चा गरिएको छ ।

२४४. भैरव अर्याल, **साहित्यमा हास्य रस,** (६४ : २००/०२१ मार्ग १३) पृ. ८, श.प. ।

समालोचनामा विनोदात्मक प्रवृत्तिले साहित्यमा हास्यरसको सिर्जना गर्ने धारणा व्यक्त गरिएको छ ।

२४५. भैरव अर्याल, **देशव्यापी साहित्य सेमिनार : एक सरसरती दृष्टि,** (६५ : ३३५/०२२ चैत्र २५) पृ. ९, श.प. ।

वि.सं. २०२२ फागुनमा रामपुरमा सम्पन्न देशव्यापी साहित्य सेमिनारका उपलब्धि तथा आलोच्य पक्षमाथि टिप्पणी गरिएको छ ।

२४६. भैरवप्रसाद अर्याल, **राष्ट्रिय निर्देशन र साहित्य,** (६२ : २५/०१९ वैशाख २६) पृ. २, ।

समालोचनामा साहित्यले समाजलाई आफ्नो कल्याणकारी मार्गद्वारा असीमित आदर्शमय लक्ष्यतर्फ उन्मुख गरिरहने विचार व्यक्त गरिएको छ ।

२४७. भैरवबहादुर थापा, **सेलो,** (६९ : ८६/०२६ असार २८) पृ. ७, श.प. ।

समालोचनामा तामाङ्ग सेलोको ताल तथा भाकाका बारेमा चर्चा गरिएको छ ।

२४८. भोलामानसिंह थापा, **लक्ष्मीप्रसाद देवकोटाको काव्यशैली,** (६६ : १७८/०२३ कार्तिक २७) पृ. ३, दीपावली अङ्क ।

समालोचनामा देवकोटाको प्रारम्भिक काव्यशैली सरल भएको तर जसै पारिवारिक आर्थिक अवस्था जटिल बन्दै गयो साहित्यिक शैली पनि जटिल बन्दै गयो भनिएको छ ।

२४९. मणिकलाल, **आजको नाटक साहित्य,** (६४ : १८६/०२१ कार्तिक २९) पृ. ७, श.प. ।

समालोचनामा नाटकको उत्पत्ति तथा तत्कालीन अवस्थाको नाटक साहित्यको बारेमा विवेचना गरिएको छ ।

२५०. मदनप्रसाद अर्याल, **भानुलाई चम्काउने मोती,** (६९ : १२९/०२६ भाद्र २६) पृ. ४, _ ।

समालोचनामा मोती जयन्तीका सन्दर्भमा मोतीरामको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

२५१. मधुसुदन रिमाल प्रदीप, **प्रह्लाद नाटक-एक समीक्षा,** (६५ : १९४/०२२ मार्ग ५) पृ. ७, श.प. ।

समालोचनामा बालकृष्ण समको 'प्रह्लाद' नाटक पुराणलाई नवीन रूप दिएर कथावस्तुलाई मौलिक खाका प्रदान गरिएको नाटक हो भनिएको छ ।

२५२. मधुसुदन रिसाल प्रदीप, **आदर्शराघवको दार्शनिक पक्ष,** (६९ : २७८/०२६ फागनु ३) पृ. ७, श.प. ।

समालोचनामा आदर्शराघवलाई पूर्वीय काव्यको लक्षणग्रन्थ अनुसारको काव्य भएको भनिएको छ ।

२५३. मनबज्र बज्राचार्य, **हाम्रो प्राचीन नाट्यपरम्परा,** (६६ : १६३/०२३ असोज २९) पृ. ७, श.प. ।

समालोचनामा नेपाली नाट्यपरम्पराको प्रारम्भ तथा उठानका बारेमा विवेचना गरिएको छ ।

२५४. महानन्द सापकोटा, **हाम्रो भ्याउरे,** (६३ : ११३/२०१९ मार्ग २) पृ. १३, श.प. ।

समालोचनामा भ्याउरे छन्दलाई हाम्रो जातीय छन्द हो भनिएको छ ।

२५५. महानन्द सापकोटा, **नेपाली शब्दविधानमा परामर्श,** (६४ : ३५/०२० जेठ ४) पृ. ९, श.प. ।

समालोचनामा अक्षर जोल्िएका शब्द भाषाका नमाझिएका चिन्ह भएको भन्दै त्यस्ता शब्दले युक्त भाषा खडेउली चामलजस्तो हुन्छ भनिएको छ ।

२५६. माणिक, **कविता एक अध्ययन,** (६५ : २१५/०२२ मार्ग २६) पृ. ७, श.प. ।

समालोचनामा कविताका रूप पक्षको विश्लेषण गरिएको छ ।

२५७. माधव आचार्य 'तन्देरी', **हुस्सुभित्रको चिन्तन : एक प्रतिक्रिया,** (६८ : २५२/०२५ माघ ५) पृ. ७, श.प. ।

समालोचनामा २०२५ साल कार्तिक ३ मा गोर्खापत्रमा प्रकाशित भवानी भिक्षुको वैयक्तिक चिन्तन शीर्षकको लेखप्रति आक्रोश व्यक्त गरिएको छ ।

२५८. माधवप्रसाद ढकाल, **नेपाली नाट्यपरम्परामा मसान : एक दृष्टि,** (६७ : २४७/०२४ पौष २९) पृ. ६, श.प. ।

समालोचनामा गोपालप्रसाद रिमालको मसान नाटकको विवेचना गर्दै इब्सनको पुतलीघर तथा बङ्गाली लेखिका तिरूपमा देवीको इन्क्वायरी शीर्षक कथाबाट प्रभावित भनिएको छ ।

२५९. माधवलाल कर्माचार्य, **नेपाली कवितामा देशप्रेमको भावना,** (६४ : १६३/०२० असोज ७) पृ. ४ ।

समालोचनामा वि.सं. १८७७ देखि नै कवितामा देशप्रतिको प्रेम देखिन थालेको थियो भनिएको छ ।

२६०. माधवलाल कर्माचार्य, **गतिशीलता र जीवनवाद,** (६७ : ३५५/०२५ वैशाख २२) पृ. ७, श.प. ।

समालोचनामा साहित्यलाई जीवनले र जीवनलाई साहित्यले गतिशीलता प्रदान गर्दछ भन्ने धारणा राखिएको छ ।

२६१. मीना धिताल, **लोकसाहित्यमा नेपाली जनजीवनको चित्रण,** (६८ : १२५/०२५ भाद्र २३) पृ. ६, श.प. ।

समालोचकले लोकगीतमा देशको इतिहास, भूगोल, संस्कृति लुकेर बसेका हुन्छन् भन्ने धारणा व्यक्त गरेका छन् ।

२६२. मेघराज, **लोकगीतको सुसेली : लाहुरेको सुस्केरा,** (६५ : २०१/०२२ मार्ग १२) पृ. ७, श.प. ।

समालोचनामा नेपाली जनजीवनमा लाहुरे जीवनसँग सम्बन्धित भएर गाइने गीतहरूको सोदाहरण चर्चा गरिएको छ ।

२६३. मोहनराज शर्मा, **नेपाली साहित्यको थालनी,** (६६ : २०३/०२३ मार्ग २५) पृ. ५, श.प.।

समालोचनामा नेपाली साहित्यको थालनी वि.सं. १८७१-७२ को नेपाल-अङ्ग्रेज युद्धको समाप्तीपछि भएको भन्दै क्रमिक विकासको चरणका बारेमा चर्चा गरिएको छ ।

२६४. मोहनराज शर्मा, **नाटकको उत्पत्ति र विकास,** (६६ : १२१/०२३ भाद्र १८) पृ. ५, श.प. ।

समालोचनामा नाटकको उत्पत्तिसम्बन्धी पूर्वीय तथा पाश्चात्य अवधारणाका बारेमा चर्चा गरिएको छ ।

२६५. मोहनहिमांशु थापा, **म.वी.वि. शाहज्यूका काव्य साधनामा देशभक्तिको स्वर,** (६७ : २२५/०२४ पौष ८) पृ. ५, श.प. ।

समालोचनामा म.वी.वि.शाहको काव्यसाधनामा देशभक्तिको अनुपम स्वर रहेको भन्दै 'उसको लागि' र 'फेरि उसैको लागि'को चर्चा गरिएको छ ।

२६६. यदुनाथ, **नेपाली साहित्यमा महिलाहरूको कलम,** (६४ : १८/०२१ जेठ १०) पृ. ७ ।

समालोचनामा पारिवारिक घेरा तोडेर साहित्यिक क्षेत्रमा उत्रिएका नारीहरूका बारेमा चर्चा गरिएको छ ।

२६७. यज्ञबहादुर कार्की, **सामाजिक विकृति र व्यङ्ग्य साहित्य,** (६५ : ३४१/०२३ वैशाख ४) पृ. ५, श.प. ।

समालोचनामा व्यङ्ग्य साहित्यलाई समाजमा व्याप्त विकृतिलाई दूर गर्ने एउटै मात्र अचुक हतियारका रूपमा रहेको चर्चा गरिएको छ ।

२६८. यज्ञराज सत्याल, **नेपाली साहित्यको उत्थानकाल,** (६५ : १५०/०२२ असोज १६) पृ. ५, श.प. ।

समालोचनामा कवि उदयानन्दको पालादेखि नै नेपाली साहित्य मौलाउन थालेको चर्चा गरिएको छ।

२६९. यज्ञराज पनेरु, **महाकवि भवभूति र करुण रस,** (६७ : १४८/०२५ वैशाख १५) पृ. ७, श.प. ।

समालोचनामा महाकवि भवभूतिको करुण रसमा सिद्धता र प्रौढता रहेको चर्चा गरिएको छ ।

२७०. यज्ञविक्रम राणा, **विश्वकवि रवीन्द्रनाथ ठाकुर,** (६२ : ४२/०१९ वैशाख २५) पृ. २, ।

समालोचनामा विश्वका नामुद व्यक्तिहरू प्लेटो, होमर, वाल्मीकि, गेटे आदिका तुलनामा रवीन्द्रनाथ ठाकुरलाई उभ्याइएको छ ।

२७१. युगेश्वप्रसाद वर्मा, **काव्यमा रसबोध एक विश्लेषण,** (६६ : १३५/०२३ असोज १) पृ. ५, श.प. ।

समालोचनामा काव्यमा रसको महत्त्व, साधारणीकरण, निर्वैयक्तिकता आदि विषयमा चर्चा गरिएको छ।

२७२. योगेन्द्रनाथ अर्याल, **साहित्य र मानवता,** (६४ : २४८/०२१ माघ ३) पृ. ५, श.प. ।

समालोचनामा आजको मानवतालाई विश्व भ्रातृत्वमा डोऱ्याउने साहित्य मात्र एक सबल माध्यम भएको उल्लेख गरिएको छ ।

२७३. रत्नध्वज जोशी, **भानुभक्तको कवितामा देशप्रेम,** (६३ : २४८/०१९ पौष ७) पृ. ७, श.प. ।

समालोचनामा भानुभक्तलाई आधुनिकताको हावाले नछोएका सीधा, सााधारण तथा देशभक्त कविका रूपमा चर्चा गरिएको छ ।

२७४. रत्नध्वज जोशी, **देवकोटाजीको शैली,** (६३ : ३१८/०१९ फागुन १८) पृ. ८, श.प. ।

समालोचनामा लक्ष्मीप्रसाद देवकोटालाई चिन्तक कवि नभएर भावुक कवि भएको जनाइएको छ ।

२७५. रत्नध्वज जोशी, **भानुभक्त एक दृष्टि,** (६४ : २८२/०२० माघ ११) पृ. ३, श.प. ।

समालोचनामा बालकृष्ण समद्वारा रचित नाटक 'भक्त भानुभक्त'को चर्चा गर्दै नाटकीयताको सार्वभौमिक नियमको पालना हुन नसकेको भनिएको छ ।

२७६. रत्नध्वज जोशी, **साहित्यमा आलोचनाको स्थान,** (६४ : ३५९/०२० चैत्र २९) पृ. ५, श.प. ।

समालोचनामा आलोचनाको अर्थ स्पष्ट पार्दै साहित्यमा यसको अपरिहार्यता स्वीकारिएको छ ।

२७७. रत्नध्वज जोशी, **नेपाली साहित्यमा चरा,** (६४ : ६३/०२० असार १) पृ. १३, श.प. ।

समालोचकले साहित्यमा चराको प्रसङ्ग आदिकालबाटै प्रारम्भ भएको भन्दै विभिन्न नेपाली साहित्य सर्जकले साहित्यमा चराको उपस्थिति गराएको प्रसङ्ग उल्लेख गरेका छन् ।

२७८. रत्नध्वज जोशी, **नेपाली साहित्यको भविष्य,** (६४ : १३३/०२० भाद्र ८) पृ. ५, श.प. ।

समालोचनामा तत्सामयिक विभिन्न परिस्थितिका कारण नेपाली साहित्यको भविष्य उज्ज्वल रहेको जनाइएको छ ।

२७९. रत्नध्वज जोशी, **नेपाली साहित्यमा राष्ट्रियताको परम्परा,** (६४ : १५६/०२१ असोज २५) पृ. ९, श.प. ।

समालोचनामा लेखनाथभन्दा अघिका कविमा राष्ट्रियताको भावयुक्त गुण थिएन भन्दै लेखनाथबाटै राष्ट्रियताको भाव मुखरित भएको जनाइएको छ ।

२८०. रत्नध्वज जोशी, **नयाँ जीवन नयाँ कविता,** (६४ : ३०८/०२१ चैत ७) पृ. ६, श.प. ।

समालोचनामा जीवन परिवर्तनशील भएकाले यसको प्रभाव कला अथवा साहित्यमा पनि पर्ने बताइएको छ ।

२८१. रत्नध्वज जोशी, **नेपालीमा काव्य भाषा र प्रसङ्ग,** (६६ : १९७/०२३ मार्ग १८) पृ. ५, श.प. ।

समालोचनामा आफ्नो जाति, धर्म, संस्कृति र देशको ऐतिहासिक पृष्ठभूमि अनुसार प्रत्येक देश तथा भाषाभाषीका लेखहरूको भावाभिव्यक्ति गर्ने तरिका फरक हुने धारणा व्यक्त गरिएको छ ।

२८२. रत्नध्वज जोशी, **नूतनता र कथा साहित्य,** (६७ : १८३/०२४ कार्तिक २५) पृ. ६, श.प. ।

समालोचनामा समसामयिक अवस्थालाई चित्रण गर्ने क्रममा सिनेमालाई छाडेर कथा वाहेक अर्को कुनै साहित्यिक वस्तु नभएको भनिएको छ ।

२८३. रत्नध्वज जोशी, **नेपाली साहित्यमा तीन युग,** (६६ : २४०/०२३ पौष २३) पृ. ५, श.प. ।

समालोचनामा नेपाली साहित्यको आदियुग भक्ति वा धार्मिक प्रवृत्ति हो र यो इन्दिरसबाट प्रारम्भ हुन्छ भनिएको छ ।

२८४. रत्नध्वज जोशी, **साझा समालोचना : केही वक्तव्य,** (६९ : ६१/०२६...... पृ. ७, श.प. ।

समालोचनामा उर्वशी खण्डकाव्यबारेको आफ्नो लेखलाई राम्ररी अध्ययन नगरी साझा समालोचनामा समावेश गरिएकोमा असन्तोष व्यक्त गरिएको छ ।

२८५. रमण नेपाल, **महाकवि देवकोटाका तीन कवितामा एक विहंगम दृष्टि,** (६९ : १३१/०२६ भाद्र २८) पृ. ७, श.प. ।

समालोचनामा देवकोटाका 'यात्री', 'मार्ग' र 'वन' कवितालाई फुटकर कवितामध्येकै उत्कृष्ट भएको धारणा व्यक्त गरिएको छ ।

२८६. रमेश विकल, **नयाँ कहानी : त्यसको दिशा दृष्टि,** (६६ : ३३९/०२४ वैशाख ९) पृ. ७, श.प. ।

समालोचनामा साहित्यका अन्य विधाका तुलनामा कहानी/कथा विशेष प्रभावशाली भएको भनिएको छ ।

२८७. रमेश विकल, **नेपाली कवितालाई राजाको देन,** (६२ : ७१/०१९ असार ९) पृ. ४, श.प. ।

समालोचनामा कवि म.वी.वि. शाहका कविताले नेपाली साहित्यका क्षेत्रमा खैलाबैला मच्चाउन सफल भएको भनिएको छ ।

२८८. रमेशकुमार श्रेष्ठ, **भोजपुरको साहित्यिक गतिविधि,** (६४ : ३०८/०२१ चैत ७) पृ. ५, श.प. ।

श्रेष्ठले भोजपुरको साहित्यिक गतिविधिको बारेमा चर्चा गरेका छन् ।

२८९. रमादेवी शर्मा, **मोतीराम भट्ट एक परिचय,** (६३ : १४१/०१९ भाद्र १६) पृ. ५, श.प. ।

समालोचनामा मोतीराम भट्टले नेपाली साहित्यका क्षेत्रमा दिएको योगदानको चर्चा गरिएको छ ।

२९०. राजनाथ पाण्डेय, **काव्यानन्द,** (६४ : २३०/०२० मार्ग १८) पृ. ३ ।

समालोचनामा सौन्दर्य नै आनन्द हो र आनन्द नै काव्यको अन्तरात्मा हो भनिएको छ ।

२९१. राजनाथ पाण्डेय, **एम.वी.वि.शाह : एक यशस्वी कवि र कलाकार,** (६४ : ५९/०२१ असार २१) पृ. ६, श.प. ।

समालोचनामा कवि एम.वी.वि.शाहको कवित्वका विविध पक्षमा चर्चा गरिएको छ ।

२९२. राजनाथ पाण्डेय, **आधुनिक नेपाली कविता,** (६४ : ८६/०२१ श्रावण १६) पृ. ३।

समालोचनामा भानुभक्त पछाडिका प्रत्येक कविहरू आधुनिकताको नजिक हुँदै गएको भन्दै नेपाली कविताको विस्तृत चर्चा गरिएको छ।

२९३. राजनाथ पाण्डेय, **नेपाली भाषाका प्रथम कवि भानुभक्त आचार्य,** (६४ : ६६/०२१ असार २८) पृ. ७, श.प.।

समालोचनामा भानुभक्त आचार्य वास्तवमै नेपालका पहिला कवि भएको चर्चा गरिएको छ।

२९४. राजनाथ पाण्डेय, **आधुनिक नेपाली कविता,** (६४ : ८७/०२१ श्रावण १७) पृ. ३, श.प.।

समालोचनामा विभिन्न विदेशी कविहरूको लेखनशैली तथा वादका सापेक्षतामा मोहन हिमांशु थापा, भीमदर्शन रोक्का, श्यामदास वैष्णव आदिका रचनाहरूको तुलनात्मक अध्ययन गरिएको छ।

२९५. राजेन्द्रप्रसाद, **काव्यमा कल्पना ,** (६६ : १९०/०२३ मार्ग ११) पृ. ७, श.प.।

समालोचनामा काव्य कल्पनाको सहाराले विस्तृत भावलोकको सृष्टि गर्न सक्षम हुन्छ भनिएको छ।

२९६. राजेश्वर देवकोटा, **नेपाली साहित्यमा राष्ट्रिय भावनाको परम्परा,** (६४ : १७५/०२० असोज १९) पृ. ६, श.प.।

समालोचनामा नेपाली साहित्यमा राष्ट्रिय भावनाको प्रारम्भ मुकुन्द इन्दिराबाट मात्र देखिएको विषयमा चर्चा गरिएको छ।

२९७. राजेश्वर देवकोटा, **जीवन कला र साहित्यको प्रयोजन,** (६३ : १४६/ भाद्र २१) पृ. २_।

समालोचनामा भौतिक जीवनमा रहेका कमीको पूर्ति गर्न साहित्य र कलाको आवश्यकता रहन्छ भन्ने धारणा व्यक्त गरिएको छ।

२९८. राजेश्वर देवकोटा, **नेपाली साहित्यमा राष्ट्रिय भावनाको परम्परा,** (६४ : १७४/०२१ कार्तिक १५) पृ. ७, श.प.।

समालोचनामा नेपाली साहित्यमा राष्ट्रिय भावनाको प्रारम्भ भानुभक्त आचार्यदेखि नै हुन गएको धारणा व्यक्त गरिएको छ।

२९९. राधारमण उपाध्याय, **श्री ५ महेन्द्र-कवि श्री एम.वी.वि. शाह,** (६१ : ५८/०१८ जेठ २९) पृ. ३४, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क।

समालोचनामा कवि म.वी.वि.शाह सर्वतोमुखी कवि प्रतिभा भएको टिप्पणी गरिएको छ।

३००. रामदयाल राकेश, **केही मैथिली लोकप्रिय गीत,** (६६ : १८३/०२३ मार्ग ४) पृ. ५, श.प.।

समालोचनामा मिथिला क्षेत्रमा विभिन्न अवसरमा गाइने विविध शैलीका गीतका बारेमा चर्चा गरिएको छ।

३०१. रामदयाल राकेश, **ज्ञानपीठ पुरस्कार प्राप्त कवि पन्त,** (६६ : १९/०२६ जेठ ११) पृ. ५, श.प.।

समालोचनामा भारतका प्रख्यात छायाँवादी कवि पन्तको साहित्यिकता माथि विवेचना गरिएको छ।

३०२. रामबहादुर चन्द, **लोकगीतमा भौतिक चेतना,** (६८ : २२४/०२५ पौष ७) पृ. ५, श.प.।

समालोचनामा नेपाली लोकगीतमा प्रारम्भदेखि नै भौतिक चेतना पाइन्छ भनिएको छ।

३०३. रामबहादुर चन्द, **लोकसाहित्यमा सृष्टिक्रम,** (६७ : २३२/०२४ पौष १५) पृ. ६, श.प.।

समालोचनामा नेपाली लोकसाहित्यमा सृष्टिक्रम तथा विभिन्न दर्शनहरूको व्याख्या पाइने तथ्य उजागर गरिएको छ।

३०४. राममणि शर्मा रिसाल, **रुसी उपन्यासकार टल्सटाय,** (६६ : १७१/०२५ कार्तिक २७) पृ. ७, दीपावली अङ्क.।

समालोचनामा महान् रुसी उपन्यासकार टल्सटायको युद्ध र शान्ति, अन्नाकरानिना, गार्हस्थ सुख आदि कृतिका बारेमा चर्चा गरिएको छ।

३०५. राममणि रिसाल, **वक्रोक्ति एक चर्चा,** (६५ : ५२/०२२ असार १२) पृ. ८, श.प. ।

समालोचनामा वक्रोक्तिका बारेमा चर्चा गर्दै वक्रोक्तिलाई काव्यको आत्मा मान्ने प्रथम व्यक्ति कुन्तक नै भएको धारणा व्यक्त गरिएको छ ।

३०६. रामेश्वर शर्मा चालिसे, **फागुन ७ गते र हाम्रो साहित्य,** (६४ : ३०७/०२० फागुन ७) पृ. १०, राष्ट्रिय प्रजातन्त्र दिवस ।

समालोचनामा फागुन ७ राजनैतिक मात्र नभएर साहित्यिक मुक्तिको पनि चाड भएको धारणा व्यक्त गरिएको छ ।

३०७. रेवतीरमण खनाल, **नेपाली साहित्यमा कालविभाजन,** (६६ : २१५/०२३ पौष ९) पृ. ६, श.प. ।

समालोचनामा विभिन्न विद्वान्हरूले गरेको कालविभाजनको चर्चा गर्दै वास्तविक काल विभाजन भने २०२२ सालमा रामपुरमा भएको सेमिनारले पारित गरेको काल विभाजनलाई मानिएको छ ।

३०८. रेवतीरमण खनाल, **सत्र सालपछिको साहित्यिक गतिविधि,** (६७ : २३२/०२४ पौष १५) पृ. ६, श.प. ।

समालोचनामा वि.सं. २०१७ सालपछिको साहित्यिक गतिविधिमाथि विवेचना गरिएको छ ।

३०९. रेवतीरमण खनाल, **समालोचना र फैसला,** (६८ : २९४/०२५ फागुन १८) पृ. ७, श.प. ।

समालोचनाका क्रममा आएको विवादका सन्दर्भमा समालोचक र न्यायधीशले गर्ने निर्णयका बीचमा तुलना गरिएको छ ।

३१०. रेवतीरमण खनाल, **दुई महाकाव्य एक तुलना,** (६८ : १९६/०२५ मार्ग ८) पृ. ७, श.प. ।

समालोचनामा देवकोटाको 'शाकुन्तल' र सोमनाथको 'आदर्शराघव' महाकाव्यको तुलनात्मक समीक्षा गरिएको छ ।

३११. रेवतीरमण खनाल, **काव्यात्मा रस : एक विवेचना,** (६८ : २३८/०२५ पौष २१) पृ. ५, श.प. ।

समालोचनामा काव्यको मननबाट प्राप्ति हुने आनन्दलाई नै काव्यामृत वा काव्यात्मा मानिने चर्चा गरिएको छ ।

३१२. रेवतीरमण खनाल, **शकुन्तल नाटक तुलनात्मक अध्ययन,** (६५ : १८०/०२२ कार्तिक २१) पृ. ६, श.प. ।

समालोचनामा कालिदासकृत मूल शाकुन्तला नाटक र त्यसलाई उपजीव्य बनाएर लेखिएका अन्य शाकुन्तल नाटकबीचको तुलनात्मक अध्ययन छ ।

३१३. रेवतीरमण खनाल, **गोरक्ष शाहवंश महाकाव्य एक अध्ययन,** (६६ : २७०/०२३ माघ २२) पृ. ७, श.प. ।

समालोचनामा हरिप्रसाद आचार्यकृत महाकाव्य 'गोरक्ष शाहवंश'को चर्चा गर्दै पूर्वीय महाकाव्यको सैद्धान्तिक पृष्ठभूमिमा लिखित संस्कृत महाकाव्य भएको चर्चा गरिएको छ ।

३१४. रेवतीरमण खनाल, **परिचय र परिभाषा,** (६७ : ७/०२४ वैशाख ३०) पृ. ५, श.प. ।

समालोचनामा विभिन्न पौरत्स्य एवम् पाश्चात्य विद्वान्हरूका साहित्यसम्बन्धीका अवधारणा प्रस्तुत गरिएको छ ।

३१५. रेवतीरमण खनाल, **सहीदको सपना स्वर्गको दरबार,** (६७ : २६७/०२४ माघ २०) पृ. ७, श.प. ।

समालोचनामा शुक्रराज शास्त्रीद्वारा लिखित पुस्तक 'स्वर्गको दरबार'लाई नेपाली समाजको दीनहीन अवस्थाको चित्रण गर्न सफल रहेको भनिएको छ ।

३१६. रेवतीरमण खनाल, **भीमनीधि तिवारीका केही नाटक,** (६८ : ६/०२५ वैशाख २९) पृ. ६, श.प. ।

समालोचनामा भीमनीधि तिवारी समालोचकद्वारा उपेक्षित भनिए तापनि कतिपय नाटकहरूको समालोचना छापिसकिएको चर्चा गरिएको छ ।

३१७. रोशनी, **मसान नाटक एक प्रतिक्रिया,** (६७ : ९८/०२४ श्रावण २८) पृ. ७, श.प. ।

समालोचनामा मसान नाटकको विवेचना गर्दै नाटकलाई मसानमा परिणत गर्ने व्यक्ति कृष्ण नै भएको ठहर गरिएको छ ।

३१८. लक्ष्मण प्रधान, **आसामका नेपाली र नेपाली साहित्य,** (६४ : ४/०२१ वैशाख २७) पृ. ९, श.प. ।

समालोचनामा प्रारम्भिक अवस्थादेखिको आसामको साहित्यिक गतिविधिको विवेचना गरिएको छ ।

३१९. लीलासिंह कर्मा, **सुनकोशी किनारमा लोकगीतको छाल,** (६३ : २४१/०१९ मङ्सिर ३०) पृ. ७, श.प. ।

समालोचनामा लोकगीतलाई राष्ट्रको सम्पत्ति मान्दै पूर्वी कोशी क्षेत्रमा प्रचलित लोकगीतका बारेमा चर्चा गरिएको छ ।

३२०. लीलासिंह कर्मा, **नेपाली लोक र दन्त्य कथा : एक विवेचना,** (६३ : ३३८/०२० चैत ८) पृ. ४, श.प. ।

समालोचनामा लोककथा र दन्त्यकथा खासै फरक छैन भन्दै यी दुईका साम्य वैषम्यका बारेमा विवेचना गरिएको छ ।

३२१. लीलासिंह कर्मा, **लोकगीतको प्रेरणा कवि एम.बी.बी.शाह,** (६४ : ५९/०२० जेठ २८) पृ. ३७ श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

समालोचनामा श्री ५ महेन्द्रको साहित्यानुरागी व्यक्तित्वको प्रेरणा र प्रोत्साहन पाएर लोकगीत प्रगतिउन्मुख भइरहेको जनाइएको छ ।

३२२. लीलासिंह कर्मा, **लोकगीतको विकास,** (६४ : ११२/०२० श्रावण १९) पृ. ४, श.प. ।

समालोचनामा साहित्य समाजको ऐना हो भने लोकगीत अवश्य नै उसको 'पारो' भएको विचार व्यक्त गरिएको छ ।

३२३. लीलासिंह कर्मा, **भावात्मक र व्यावहारिक लोकगीतहरूको केही चर्चा,** (६४ : २२/०२१ जेठ १५) पृ. ३ ।

समालोचनामा भावना र व्यवहारमा उचित समिश्रण नभएमा जीवन सम्भव हुँदैन भन्दै हाम्रा लोकगीतमा भावना र व्यवहारमा मेल नभएका पक्षमाथि चर्चा गरिएको छ ।

३२४. लोकराज बराल, **झापाको साहित्यिक गतिविधि,** (६४ : २९६/०२१ फागुन २३) पृ. ५, श.प. ।

लेखमा झापा जिल्लाको साहित्यिक गतिविधिमाथि प्रकाश पारिएको छ ।

३२५. लोमशप्रसाद रेग्मी, **साहित्य र मानव,** (६६ : ३१२/०२३ चैत ५) पृ. ६, श.प. ।

समालोचनामा साहित्य र मानव एक अर्काका पूरक भएको विचार व्यक्त गरिएको छ ।

३२६. बदरीनाथ भट्टराई, **उपन्यास एक सिंहावलोकन-१,** (६४ : ३५१/०२२ वैशाख १९) पृ. ५, श.प. ।

समालोचनामा प्राचीन भाषामा पनि अनेक गद्य काव्य भए तापनि आधुनिक उपन्यास पाश्चात्य जगतको देन भएको चर्चा गरिएको छ ।

३२७. वसन्त सिटौला, **एक झलकमा पूर्वी पहाडको जुवारी गीत,** (६६ : ९३/०२३ श्रावण २२) पृ. ५, श.प. ।

समालोचनामा पूर्वी पहाडी क्षेत्रमा प्रचलित जुवारी गीतको सोदाहरण परिचय दिइएको छ ।

३२८. वसन्त सिटौला, **लोकसाहित्यमा असारे गीत,** (६७ : १०९/०२४ भाद्र ७) पृ. ३, श.प. ।

समालोचनामा लोकसाहित्यलाई अनौठो मनचिन्ते झोली भन्दै असारे गीतको महत्त्वमाथि प्रकाश पारिएको छ ।

३२९. वसन्त सिटौला, **लोकसाहित्य : कवित एक परिचय,** (६७ : ३०१/०२४ फागुन २६) पृ. ७, श.प. ।

समालोचनामा वि.सं. १८४६ देखि कवित्‌को प्रारम्भ भएको भन्दै विवाह आदि उत्सवमा दुई पक्षका बीचमा यो गाइन्छ भन्ने जानकारी गराइएको छ ।

३३०. वसन्तराज सिलवाल, **हाम्रा मोती,** (६९ : १२९/०२६ भाद्र २६) पृ. ३ ।

समालोचनामा मोतीराम भट्टलाई आदर्श युवा व्यक्तित्वका रूपमा चर्चा गरिएको छ ।

३३१. वंशी श्रेष्ठ, **रोमाण्टिक युगका प्रवर्तक : विलियम ब्लेक,** (६५ : ३४८/०२३ वैशाख ११) पृ. ६, श.प. ।

समालोचनामा विलियम ब्लेकलाई रोमाण्टिक हुन आवश्यक सम्पूर्ण गुणले युक्त व्यक्तित्व भनिएको छ ।

३३२. वंशी श्रेष्ठ, **अमर कवि लेखनाथ,** (६५ : २९२/०२२ फागुन १३) पृ. ३ ।

समालोचनामा लेखनाथ पौड्यालको मृत्युमा दुःख प्रकट गर्दै उहाँको साहित्यिक योगदानको चर्चा गरिएको छ ।

३३३. वासु रिमाल यात्री, **आधुनिक कविताको परिवेश र सम्भावना,** (६८ : ६९/०२५ असार ३०) पृ. ७, श.प. ।

समालोचनामा आधुनिक कविताको परिवेश ठूलो भए पनि त्यसभित्र रोमाण्टिक सिर्जना नअटाउने विचार व्यक्त गरिएको छ ।

३३४. वासुदेव त्रिपाठी, **२०२३ सालको नेपाली काव्यजगत,** (६६ : ३३९/०२४ वैशाख १) पृ. ५, नववर्षाङ्क ।

समालोचनामा वि.सं. २०२३ सालभरिमा प्रकाशित दर्जनौं साहित्यिक कृतिहरूको विवेचना गरिएको छ ।

३३५. वासुदेव त्रिपाठी, **पद्य कविता र गीतिकविता,** (६६ : २६०/०२४ वैशाख २३) पृ. ५, श.प. ।

समालोचनामा पद्य कविता क्षेत्रका प्रतिनिधि कविहरूका कविताका बारेमा वर्णन तथा विवेचना गरिएको छ ।

३३६. वासुदेव त्रिपाठी, **नेपाली कथाका प्रतिनिधि सङ्कलनहरू,** (६८ : २०३/०२५ मार्ग १५) पृ. ७, श.प. ।

समालोचनामा नेपाली कथासाहित्यका प्रमुख प्रतिनिधि सङ्कलनहरू 'कथाकुसुम', 'झ्यालबाट' र 'साझा कथा'का विभिन्न कथाकारहरू र कथाका बारेमा चर्चा गरिएका छन् ।

३३७. वासुदेव त्रिपाठी, **चिन्तन प्रतिचिन्तन एक विचार,** (६८ : २३८/०२५ पौष २१) पृ. ७, श.प. ।

समालोचनामा सत् लेखनीको फणा उठाएर भिक्षुको जस्तो सङ्कीर्ण विचारको सामना गर्नुपर्ने धारणा व्यक्त गरिएको छ ।

३३८. वासुदेव त्रिपाठी, **नेपाली साहित्यका महान् शिल्पी,** (६९ : ६८/०२६ असार २८) पृ. ७, श.प. ।

समालोचनामा सोमनाथ सिग्द्यालको 'आदर्शराघव' महाकाव्यलाई नेपाली साहित्यकै मूर्धन्य कृति भएको तथ्य सिद्ध गर्न खोजिएको छ ।

३३९. वासुदेव खनाल, **उपमा र रूपकको भेद,** (६५ : ३४१/०२३ वैशाख ४) पृ. ६, श.प. ।

समालोचनामा उपमा र रूपक अलङ्कारमा देखिने भेदमा अन्यौलता छाउने विचार व्यक्त गरिएको छ ।

३४०. विक्रम रूपासा, **कवि सिद्धिचरण उहाँको उर्वशी,** (६४ : २१/०२० वैशाख २१) पृ. ७, श.प. ।

समालोचनामा नारी र पुरुषको यौन सङ्घर्षमा चरित्रवान् पुरुषका सम्मुख स्वर्गका किन्नरीको पनि हार अवश्यंभावी छ भन्ने सङ्केत गरिएको छ ।

३४१. विद्यार्थी, **प्लेटो, अरिस्टोटल र लौजिनस छोटो चिनापर्ची,** (६४ : १५६/०२१ असोज २५) पृ. ७, श.प. ।

समालोचनामा प्लेटो, अरिष्टोटल र लौजिनसका साहित्यप्रतिका धारणा तथा उनीहरूको साहित्यिक देनको चर्चा गरिएको छ ।

३४२. विनोदप्रसाद धिताल, **एम.वी.वि.शाहको 'तितरी पंखी बादलुमाथि सुनौलो साँझ'को एक समालोचनात्मक व्याख्या** (६४ : २३३/०२० मार्ग २७) पृ. ३ ।

समालोचनामा कवि शाहको उक्त कविता प्राकृतिक पृष्ठभूमिमा रहेको नेपाली पर्वतीय जनजीवनको चित्रण गरिएको आफैमा पूर्ण कविता हो भनिएको छ ।

३४३. विनोदप्रसाद धिताल, **एम.वी.वि. शाहको उसैको लागिमा करुण रस,** (६४ : ३४२/०२० चैत १२) पृ. २।

समालोचनामा कवि शाहद्वारा रचित कविता उसैको लागिमा रहेका करुण रसजन्य श्लोकहरूको चर्चा गरिएको छ।

३४४. विश्वकुमार, **सत्यं शिवं सुन्दरम-संक्षिप्त अध्ययन,** (६२ : ३८/०१९ जेठ ८) पृ. २।

समालोचनामा सत्यं, शिवम्, सुन्दरमलाई कला र साहित्य जगत्को आदर्श वाक्य भएको चर्चा गरिएको छ।

३४५. विष्णुप्रसाद अधिकारी, **कहानी र यसको विकास,** (६४ : ३१५/०२० फागुन १५) पृ. ।

समालोचनामा मानिसले चेतना प्राप्त गरेकै दिनदेखि मनोरञ्जन खोजेको हो भन्दै कथाको उत्पत्ति र विकासका बारेमा चर्चा गरिएको छ।

३४६. वेदराज शर्मा, **पश्चिमाञ्चल लोकसाहित्य : एउटा परिचय,** (६४ : २६४/०२० पौष २३) पृ. ४।

समालोचनामा पश्चिमाञ्चल क्षेत्रमा प्रचलित लोकसाहित्यका विभिन्न विधाका बारेमा चर्चा गरिएको छ।

३४७. वैरागी काइँला, **नयाँ कवितातिर,** (६४ : ३३८/०२० चैत ८) पृ. ५, श.प.।

समालोचनामा आधुनिक कविता जिन्दगीलाई सोझो वर्णन गर्दैन तर व्याख्या गर्दछ भनिएको छ।

३४८. शंकर लामिछाने, **अर्धमुदित नयनको कथा,** (६८ : ३१५/०२५ चैत ९) पृ. ६, श.प.।

अर्धमुदित नयन र डुब्न लागेको घाम नामक रचनालाई आफूले कहिल्यै कथाका रूपमा नलिएको तर रूपरेखाका सम्पादकले कथाका रूपमा प्रकाशन गरेको सन्दर्भमा उक्त कथा ? को रचनामा प्रेरणाप्रद सन्दर्भको चर्चा गरिएको छ।

३४९. शरद्चन्द्र शर्मा, **मेघदुत : एक परिचय,** (६३ : २७६/०१९ माघ ६) पृ. ७, श.प.।

समालोचनामा कालिदासकृत चर्चित खण्डकाव्य मेघदूतको समीक्षा गरिएको छ।

३५०. शरद्चन्द्र शर्मा, **नेपाली एक परिचय,** (६४ : ४२/०२० जेठ ११) पृ. ७, श.प.।

समालोचनामा गोपालसिंह नेपाली भन्ने व्यक्ति नेपाली र हिन्दीका एक ठूला कवि तथा गीतकार थिए भन्ने जानकारी दिइएको छ।

३५१. शर्मा, **नेपाली साहित्यका भानु भानु,** (६६ : ६९/०२३ असार २९) पृ. ४।

समालोचनामा भानुभक्त आचार्यको साहित्यिक योगदानको चर्चा गरिएको छ।

३५२. शर्मा, **मोतीजयन्ती,** (६९ : १२९/०२६ भाद्र २६) पृ. ४।

समालोचनामा भानुभक्तलाई नेपाली साहित्यका भानु बनाउने काम मोतीराम भट्टले नै गरेको भनिएको छ।

३५३. शिपि, **खेतालाको विजय,** (६८ : २८७/०२५ फागुन ११) पृ. ७, श.प.।

फणीन्द्रराज खेतालाको नाटक 'विजय'को चर्चा गर्दै 'मसान' भन्दा पनि जेठो भएको चर्चा गरिएको छ।

३५४. शिवगोपाल रिसाल, **आँशुकवि ढुङ्गेलको शकुन्तला नाटक,** (६९ : १२/०२६ जेठ ४) पृ. ७, श.प.।

समालोचनामा शम्भुप्रसाद ढुङ्गेलद्वारा लिखित शकुन्तला नाटकको खोजिका सन्दर्भमा ऐतिहासिक पक्षको चर्चा गरिएको छ।

३५५. शिवचन्द्र न्यौपाने, **साहित्यमा रस र अलङ्कारको स्थान,** (६९ : २५०/०२६ माघ ४) पृ. ७, श.प.।

समालोचनामा रस र अलङ्कारहरू साहित्यका अत्यावश्यक पक्ष भएको चर्चा गरिएको छ।

३५६. शिवचन्द्र न्यौपाने, **हास्यविनोद : एक सैद्धान्तिक विवेचना,** (६९ : ३१३/०२६ फागुन ८) पृ. ७, श.प.।

समालोचनामा हास्य र व्यङ्ग्य एक आपसमा पूरक भएको भन्दै यसको सैद्धान्तिक परम्पराको बारेमा वर्णन गरिएको छ।

३५७. शिवप्रसाद सत्याल 'पीठ', **काव्यात्म-सिद्धान्त पूर्वीय दृष्टिकोण,** (६७ : २७३/०२४ माघ २७) पृ. ७, श.प. ।

समालोचनामा काव्यात्म सिद्धान्त वा वादको प्रारम्भ गर्नेमा पहिलो नाम भरतमुनीको आउँछ भनिएको छ ।

३५८. शिवप्रसाद सत्याल 'पीठ', **राजशेखर र उनले मानेका समालोचक,** (६७ : ३१५/०२४ चैत १०) पृ. ७, श.प. ।

समालोचनामा साहित्यका जगतमा कविराज राजशेखरको स्थान आजपर्यन्त उच्च रहेको चर्चा गरिएको छ ।

३५९. शिवप्रसाद सत्याल 'पीठ', **अटलबहादुरसँगको दोस्रो भेट,** (६७ : ३४१/०२५ वैशाख ८) पृ. ७, श.प. ।

समालोचनामा पहलमानसिंह स्वाँरको नाटक अटलबहादुरमा हेमलेटको प्रभाव परे तापनि मूलतः नाटक मौलिक नै भएको जनाइएको छ ।

३६०. शिवप्रसाद सत्याल 'पीठ', **भ्रमर : एक परिचर्चा,** (६८ : २७३/०२५ माघ २६) पृ. ७, श.प. ।

समालोचनामा रूपनारायण सिंहको भ्रमर उपन्यासको कथावस्तु, चरित्र, भाषाशैली, संवाद जीवनदर्शनजस्ता पक्षमा विवेचना गरिएको छ ।

३६१. शिवप्रसाद सत्याल 'पीठ', **केही चिन्तन : कोही किन बर्बाद होस्,** (६९ : २०१/०२६ मार्ग २४) पृ. ७, श.प. ।

समालोचनामा नाट्य साहित्यको परम्परामा कोही किन बर्बाद होस् नाटक बिल्कुलै नयाँ ढङ्गमा प्रस्तुत गरिएको भनिएको छ ।

३६२. शिवप्रसाद सत्याल 'पीठ', **वाङ्देलको माइतघर,** (६९ : २७१/०२६ माघ २५) पृ. ७, श.प. ।

समालोचनामा माइतघर उपन्यासको चर्चा गर्दै कथाकी नायिका सानीको पक्षमा वकालत गरिएको छ ।

३६३. शिवराज आचार्य, **आदिकवि भानुभक्तले चुनेका छन्दहरू,** (६५ : २३/०२२ जेठ १६) पृ. ३ ।

समालोचनामा भानुभक्तले प्रयोग गर्ने विभिन्न छन्दको चर्चा गर्दै रामायणमा शार्दूलविक्रीडित छन्दको प्रयोग गेयगुणका कारण गरिएको भनिएको छ ।

३६४. शिवराज आचार्य, **काव्यामा छन्दको स्थान,** (६५ : २/०२२ वैशाख २५) पृ. ३ ।

समालोचनामा छन्दको व्युत्पत्तिमूलक अर्थ खोज्दै वैदिककालदेखि नै छन्दको इतिहास चलेको पाइन्छ भनिएको छ ।

३६५. शेषराज शर्मा, **उसैको लागि : एक सङ्क्षिप्त आलोचना,** (६४ : १२३/०२१ भाद्र २३) पृ. ४ ।

समालोचनामा 'उसैको लागि' कवितासङ्ग्रह फूटकर कविताहरूको सङ्ग्रह रूप खण्डकाव्य हो भनिएको छ ।

३६६. शैलेन्द्र साकार, **शैली एक परिचय,** (६४ : २८६/०२० पौष २७) पृ. ६, श.प. ।

समालोचनामा अङ्ग्रेजी साहित्यकार पसी वाइसेज शेलीको साहित्यिकतामाथि चर्चा गरिएको छ ।

३६७. शैलेन्द्र साकार, **नयाँ युगका साहित्य र साहित्यकार,** (६४ : २८१/०२० माघ १०) पृ.  ।

समालोचनामा नयाँ युगका साहित्यकारहरूसँग वास्तविकताप्रति आँखा नचिम्लिन आग्रह गरिएको छ ।

३६८. शैलेन्द्र साकार, **कथा साहित्यमा अपूर्ण अभिव्यक्ति,** (६४ : ३१७/०२० फागुन १७) पृ. ५ श.प. ।

समालोचकले अधिकांश साहित्यहरूमा भन्न र देखाउन खोजेका कुराहरूमा अपूर्णता नै पाइन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

३६९. शैलेन्द्र साकार, **रहस्यवादी खलील जिब्रान : सङ्क्षिप्त परिचय,** (६४ : ३५२/०२० चैत २२) पृ. ७ श.प. ।

समालोचनामा खलिल जिब्रानको चित्रकारितामा मानव आकृति नग्न हुने भए पनि त्यहाँ पवित्रताको हत्या भएको हुँदैन भन्ने धारणा व्यक्त गरिएको छ ।

३७०.शैलेन्द्र साकार, **कवि तु फु : एक परिचय,** (६६ : २९१/०२३ फागुन १३) पृ. ७ श.प. ।

समालोचकले चिनियाँ कवि तु फुलाई चिनियाँ साहित्यका प्रवर्तक कवि मानेका छन् ।

३७१. श्याम दहाल, **चिसो चूल्हो : एक समीक्षा,** (६८ : ७६/०२५ श्रावण ५) पृ. ७ श.प. ।

समालोचनामा कथामा बारेमा पौरस्य एवम् पाश्चात्य विचार दिँदै आधुनिकताको सन्दर्भ वर्णन गरिएको छ ।

३७२. श्याम दहाल, **नेपाली कथासाहित्य,** (६७ : ५६/०२४ असार १७) पृ. ७ श.प. ।

समालोचनामा समका साहित्यमा दर्शन पक्ष प्रमुख तथा कला पक्ष गौण हुने गर्दछ भन्दै चिसो चूल्होमा भने त्यही दर्शन पक्ष पनि कमजोर रहेको भनिएको छ ।

३७३. श्री अर्याल, **रमझम अंक-३ : एक सरसरती दृष्टि,** (६५ : २३२/०२२ पौष १३) पृ. ६ श्री ५ युवराजा वीरेन्द्र जन्मोत्सवाङ्क ।

समालोचनामा शाही परिवारको सम्पादनमा निस्कने रमझम सामयिक साहित्यिक पत्रिकाको विवेचना गरिएको छ ।

३७४. श्री अर्याल, **साहित्यकार र पारस्परिक सम्पर्क,** (६२ : ५१/०१९ जेठ २१) पृ. २ ।

समालोचकले साहित्य तथा कलाको उत्थानका लागि स्वेदश तथा विदेशमा रहेका साहित्य सर्जकहरूबीच आपसी सम्पर्क हुनुपर्ने कुरामा जोड दिएका छन् ।

३७५. श्री केदार, **गीत र गीतकार,** (६५ : १३६/०२२ असोज २) पृ. ६, श.प.।

समालोचकले रवीन्द्र शाहका गीत तथा कविताका सबल एवम् दुर्बल पक्षहरूको चर्चा गरेका छन् ।

३७६. श्री जोशी, **साहित्यमा आत्माभिव्यक्ति,** (६४ : ३५३/०२० चैत २३) पृ. ४ ।

समालोचकले साहित्यमा आत्माभिव्यक्तिको महत्त्वमाथि प्रकाश पारेका छन् ।

३७७. श्री जोशी, **साहित्य र कल्पना,** (६४ : ३०३/०२१ फागुन ३०) पृ. ५ श.प.।

समालोचनामा साहित्यमा कल्पनाको प्रधानता स्वीकारिएको छ ।

३७८. श्री शर्मा, **आदिकवि भानुभक्त एक सम्झना,** (६९ : ६८/०२६ असार २८) पृ. ५, श.प. ।

समालोचनामा आदिकवि भानुभक्तको साहित्यिक देनको चर्चा गरिएको छ ।

३७९. श्री दामा शर्मा, **नेपाली साहित्यमा यथार्थवाद,** (६९ : १९/०२६ जेठ ११) पृ. ७, श.प.।

समालोचनामा नेपाली साहित्यलाई यथार्थतिर मोड्ने व्यक्ति बालकृष्ण सम हुन् भनिएको छ ।

३८०. श्री पहाडी, **सूलोचनाको आँसुभित्र डुबुल्किँदा,** (६५ : २३६/०२२ पौष १७) पृ. ५, श.प.।

समालोचकले सुलोचना महाकाव्यको नायकलाई कविको मुखपात्र तथा सुलोचनामा देखापरेको ईश्वरभक्तिको सही मर्म हो भनेका छन् ।

३८१. श्रीहरि वन्दी, **समालोचक हुनेले सोच्नुपर्ने कुरा,** (६९ : ८२/०२६ श्रावण ११) पृ. ७, श.प.।

समालोचनामा समालोचक लेखकको शासक र सेवक दुवै होइन केवल प्रथप्रदर्शक हो भन्ने धारणा व्यक्त भएको छ ।

३८२. श्रीहरि वन्दी, **नेपाली साहित्यमा आंचलिक उपन्यास,** (६९ : २६४/०२६ माघ १८) पृ. ७, श.प.।

समालोचनामा नेपाली साहित्यका प्रमुख आञ्चलिक उपन्यासहरूको चर्चा गरिएको छ ।

३८३. श्रीहरि शर्मा, **हाम्रो साहित्य र संस्कृतिमा पुराणको स्थान,** (६५ : ५२/०२२ असार १३) पृ. ५, श.प.।

समालोचनामा नेपाली साहित्य र संस्कृतिमा पौराणिक ग्रन्थहरूले पारेका प्रत्यक्ष परोक्ष प्रभावको वर्णन गरिएको छ ।

३८४. श्रीहरि शर्मा रूपाखेती, **महाकवि भास र उनको प्रतिभा,** (६४ : १६१/०२० असोज ५) पृ. ५, श.प.।

समालोचनामा संस्कृत नाट्य परम्परामा भासको नाम अग्रगण्य रूपमा आउने भनिएको छ।

३८५. सन्जय, **युवक कवि मोतीराम भट्टप्रति सम्झना र श्रद्धाञ्जली,** (६६ : १३२/०२३ भाद्र २९) पृ. ३।

समालोचनामा मोतीराम भट्टको साहित्यिक योगदानको चर्चा गरिएको छ।

३८६. सम्पादक, **नेपाली साहित्यका विभिन्न धारा : प्रवृत्ति र इतिहास** (६५ : ३१५/०२२ चैत ६) पृ. ५, श.प.।

समालोचनामा चितवनको रामपुरमा सम्पन्न बृहत् साहित्य सम्मेलनले पारित गरेको नेपाली साहित्यको इतिहासका पक्षमा चर्चा गरिएको छ।

३८७. सम्पादक, **वर्तमान काव्य र युगबोध,** (६६ : ३५३/०२४ वैशाख १६) पृ. ५, श.प.।

समालोचनात्मक लेखमा द्वितीय देशव्यापी साहित्य सम्मेलन रामपुरको सेमिनारबाट पारित प्रतिवेदनको पूर्ण विवरण दिइएको छ।

३८८. सरिता ढकाल, **बिराटनगर धरानको साहित्य मेरो अध्ययनमा,** (६४ : १६८/०२० असोज १२) पृ. ७, श.प.।

समालोचनामा नेपालको साहित्यिक विकासमा काठमाडौँपछि विराटनगर र धरानको नाम आउने चर्चा गरिएको छ।

३८९. सरोजकुमार शाक्य, **साहित्य र विज्ञान,** (६४ : १५४/०२० भाद्र २९) पृ. ५, श.प.।

समालोचनामा साहित्यको गुण कलात्मक मात्र हैन वैज्ञानिक पनि हुनुपर्छ भन्ने विचार व्यक्त गरिएको छ।

३९०. सागर श्रेष्ठ, **कवि र कविता,** (६९ : २२९/०२६ पौष १२) पृ. ७, श.प.।

समालोचनामा कवि कस्तो व्यक्ति हो र कविता कस्तो हुनुपर्छ भन्ने विषयमा चर्चा गरिएको छ।

३९१. सीताराम सुवेदी, **भानुभक्त र नेपाली साहित्य,** (६४ : २५/०२१ जेठ १८) पृ. ३___श.प.।

समालोचनामा वि.सं. १८७१ मा भानुभक्त जन्मिएर लेखन आरम्भ गरेपछि मात्र नेपाली साहित्यले कोल्टे फेरेको चर्चा गरिएको छ।

३९२. सुन्दर झा शास्त्री, **नेपाली साहित्यको मुकुटमणि : मुनामदन,** (६६ : ११४/०२३ भाद्र ११) पृ. ६, श.प.।

समालोचनामा मुनामदन खण्डकाव्यको चर्चा गर्दै नेपाली साहित्यको मुकुटमणिका रूपमा रहेको चर्चा गरिएको छ।

३९३. सुन्दर झा शास्त्री, **मुनामदनमा प्रेमको दार्शनिक रूप,** (६६ : ३१९/०२३ चैत १२) पृ. ७, श.प.।

समालोचनामा मुनामदनका नायक नायिकाको भौतिक रूपमा विछोड भए पनि आत्मिक मिलन देखाउन सक्नु नै यसको दार्शनिक पक्ष भएको चर्चा गरिएको छ।

३९४. सुन्दर झा शास्त्री, **देवकोटाजी देवकोटा थिए,** (६७ : १७५/०२४ कार्तिक १५) पृ. ४_।

समालोचनामा देवकोटेली साहित्य सरस, सुरुचिपूर्ण र स्वयम्भू साहित्य भएको चर्चा गरिएको छ।

३९५. सुन्दर झा शास्त्री, **मुनामदनमा राष्ट्रवाद,** (६७ : २१/०२४ जेठ १३) पृ. ७, श.प.।

समालोचनामा देवकोटाको मुनामदनमा स्वस्थ राष्ट्रप्रेम अभिव्यक्त भएको भन्दै देवकोटालाई आदर्श राष्ट्रवादी परम्परामा हुर्किएका कवि भनिएको छ।

३९६. सुन्दर झा शास्त्री, **मेघदूत र मुनामदन केही समानता : केही विशेषता,** (६७ : ११२/०२४ भाद्र १०) पृ. ७, श.प.।

समालोचनामा मुनामदन र मेघदूतमा धेरै हदसम्म तुलनात्मक अध्ययन गर्न सकिने भन्दै दुवैका समानता र भिन्नताका बारेमा चर्चा गरिएको छ।

३९७. सुरेन्द्रनाथ शर्मा, **फ्रायड र उनको सिद्धान्त,** (६४ : १८६/०२१ कार्तिक २९) पृ. ६, श.प.।

समालोचनामा फ्रायडको स्वप्न सिद्धान्तको विवेचना गरिएको छ ।

३९८. सुशीला भण्डारी, **लेखनाथ-जीवन दर्शन, कविता,** (६५ : ३१५/०२२ चैत ६) पृ. ९, श.प.।

समालोचनामा कविता, जीवन र दर्शन लेखनाथका परिपूरक पक्ष भएको चर्चा गरिएको छ ।

३९९. सुशीला कोइराला, **कविशिरोमणिसित आधा घण्टा,** (६५ : २३८/०२२ पौष १८) पृ. ४।

समीक्षात्मक लेखमा लेखनाथ पौड्यालसँग प्रत्यक्ष भेट हुँदाको अनुभव प्रभावकारी रूपमा वर्णन गरिएको छ ।

४००. सूर्यकला थापा, **बालकृष्ण समको मुकुन्द इन्दिरामा नारी ,** (६४ : ३५३/०२२ वैशाख २१) पृ. ३ ।

समालोचनामा समका कतिपय नाटकमा नारीको चरित्र संदिग्ध रहे पनि मुकुन्द इन्दिराकी नारी पात्र उच्च गरिमामय पात्र भएको चर्चा गरिएको छ ।

४०१. सूर्यबहादुर शाक्य, **शेक्सपियरको चरित्र चित्रण कला,** (६४ : १८/०२० वैशाख १८) पृ. ३ ।

समालोचनामा शेक्सपियरका नाटकसम्बन्धी अरु कुराहरूमा धेरै मत भिन्नता भए तापनि उनको चरित्र चित्रणकलामा अठारौं शताब्दीदेखि अहिलेसम्म नै समालोचकहरूको मतैक्य रहेको बारेमा चर्चा गरिएको छ ।

४०२. सोमदत्त ओझा, **उसैको लागि मनमा टिपिएका केही अभिव्यक्तिहरू,** (६८ : १३९/०२५ असोज ६) पृ. ७, श.प.।

समालोचनामा म.वी.वि.शाहलाई सफल कवि तथा गीतकार भन्दै उनीद्वारा रचित उसैको लागि गीतिसङ्ग्रहका गीतहरूको विवेचना गरिएको छ ।

४०३. हरि श्रेष्ठ, **हाम्रो युगका शेली देवकोटा,** (६५ : १६८/०२२ कार्तिक ७) पृ. ५, श.प.।

समालोचनामा देवकोटाको साहित्यिक विलक्षणताको चर्चा गर्दै हाम्रो युग र समाजका शेलीका रूपमा तुलना गरिएको छ ।

४०४. हरि श्रेष्ठ, **दुई नेवारी लोकगीत,** (६६ : १४९/०२३ आश्विन १५) पृ. ६, श.प.।

समालोचनामा नेवारी लोकगीत पनि अन्य लोकगीतझैं मन लोभ्याउने भएको भन्दै दुईओटा नेवारी गीतको विवेचना गरिएको छ ।

४०५. हरिप्रसाद अधिकारी, **भानुभक्तप्रति श्रद्धाञ्जली,** (६९ : ६९/०२६ असार २९) पृ. ३ ।

समालोचनामा भानुजयन्तीको सन्दर्भमा भानुभक्तको स्मरण गर्दै उनलाई आदिकवि भन्नुको औचित्य स्थापित गर्न खोजिएको छ ।

४०६. हरिभक्त नवपानीय, **रस-एक विवेचना,** (६४ : ३०/०२१ जेठ २३) पृ. ३ ।

समालोचनामा रसको उत्पत्ति, विशेषता तथा रसनिष्पत्तिका बारेमा चर्चा गरिएको छ ।

४०७. हुँमाय कवीर, **कवीन्द्र रवीन्द्र अपूर्व प्रतिभा,** (६१ : २९/०१८ वैशाख ३१) पृ. २ ।

समालोचनामा रवीन्द्रनाथ ठाकुरको जन्म सन्दर्भदेखि लिएर उहाँको सार्वजनिक जीवनका बारेमा चर्चा गरिएको छ ।

## ४.४ प्रकाशित निबन्ध तथा निबन्धकारका प्रमुख प्रवृत्तिहरू

निजात्मक अनुभूतिहरूलाई अभिव्यक्त गर्ने स्वतन्त्र रचना विशेष निबन्ध हो । यो आत्मप्रतिपादन गर्ने किसिमको हुन्छ । निबन्धमा लेखकले आफ्ना अनुभूतिहरू पोखेको हुन्छ । यसरी आफ्ना अनुभूतिहरूलाई कलात्मक रूप दिने क्रममा केही सर्जकहरूले गोर्खापत्रमार्फत पनि आफ्ना अनुभूतिहरू सार्वजनिक गरेका छन् । शोधकार्यका समय सीमामा प्रकाशित निबन्धहरू सङ्ख्यात्मक दृष्टिले केही कमी नै रहे पनि गुणवत्ताका दृष्टिले भने उच्च किसिमका रहेका छन् । जेजति रचनाहरू प्रकाशित छन् ती सम्पूर्ण रचनाहरू निकै खारिएका र माझिएका देखिन्छन् । स्वानुभूतिको वर्णन गर्दै लेखिएका आत्मपरक निबन्धहरू हुन् वा कुनै विषय वा वस्तुमाथि केन्द्रित हुँदै लेखिएका वस्तुपरक निबन्धहरू हुन् दुवै नै

उत्कृष्ट रहेका छन् । यस समयावधिमा जम्मा ३७ ओटा निबन्धहरू गोर्खापत्रमा भेटिएका छन् । उल्लिखित सङ्ख्यालाई सङ्ख्यात्मक दृष्टिले कम नै मान्नुपर्दछ तर प्रकाशनमूल्य वा उक्त रचनाहरूले छाड्ने प्रभाव भने सङ्ख्यात्मक अल्पतालाई उछिन्दै निकै माथि पुगेको छ । यस अवधिका निबन्धहरूमा विविध मानवीय प्रवृत्तिहरूको उद्घाटन, वर्तमानका विसङ्गतिपूर्ण क्रियाकलापहरूको चित्रण, निबन्धकारका मनमा पारेको प्रभावको वर्णन गर्ने आदि प्रवृत्ति पाइन्छन् । यसैगरी प्रमुख निबन्धकारहरूमा इन्द्ररत्न बज्राचार्य, कुमारबहादुर जोशी, धनमानसिंह परियार, भैरव अर्याल, शङ्कर लामिछानेजस्ता सर्जकहरू यस अवधिमा सक्रिय देखिन्छन् ।

## प्रकाशित निबन्धहरूको विवरणात्मक सूची

१. आनन्दप्रसाद श्रेष्ठ, **नर्स बनेर,** (६५ : ४५/०२२ असार ५) पृ. ९, श.प. ।
निबन्ध पत्रात्मक छ । साथीलाई सम्बोधन गरिएको पत्रमा आफ्नो नर्स बन्ने इच्छा व्यक्त गरिएको छ ।

२. इन्द्ररत्न बज्राचार्य, **महापुरुष,** (६७ : १२६/०२४ भाद्र २४) पृ. ७, श.प. ।
निबन्धमा सच्चा महापुरुष को हो ? भन्ने विषयमा चर्चा गरिएको छ ।

३. इन्द्ररत्न बज्राचार्य, **मानव,** (६९ : १२४/०२६ भाद्र २१) पृ. ६, श.प. ।
निबन्धमा मानवमा अन्तर्निहित साझा प्रवृत्तिको चर्चा गरिएको छ ।

४. ऋषभदेव शर्मा, **कादम्बिनी,** (६३ : ९९/०१९ श्रावण ६) पृ. २, श.प. ।
निबन्धमा कादम्बिनीलाई वर्ष ऋतुकी रानीका रूपमा चर्चा गरिएको छ ।

५. कुमारबहादुर जोशी, **म,** (६४ : ४४७/०२० पौष ६) पृ. ५, श.प. ।
निबन्धमा आफू सँधै राम्रो र ठीक भन्ने मानवीय प्रवृत्तिका बारेमा वर्णन गरिएको छ ।

६. कुमारबहादुर जोशी, **दुःख र सुख,** (६४ : २९६/०२० फागुन ३) पृ. ६, श.प. ।
निबन्धमा सुख र दुःखलाई मानव जीवनका दुईओटा पाटाका रूपमा चित्रण गरिएको छ ।

७. कुमारबहादुर जोशी, **आशा,** (६४ : २००/०२० कार्तिक १६) पृ. ६, श.प. ।
निबन्धमा आशाकै भरमा संसारको समस्त शक्ति प्रवाह भइरहेको भन्ने विषयमा चर्चा गरिएको छ ।

८. कुमारबहादुर जोशी, **प्रेरणा,** (६४ : ६३/०२० असार १) पृ. ९, श.प. ।
निबन्धमा कुनै पनि कार्य सम्पादनमा प्रेरणाको आवश्यकता पर्छ भन्ने आशय रहेको छ ।

९. कुसुममुकुन्द खनाल, **एकैछिन,** (६९ : २०१/०२६ मार्ग १४) पृ. ६, श.प. ।
निबन्धकारले जीवनमा एकैछिन भन्ने बानीले पुऱ्याएको लाभ तथा हानीको बारेमा चर्चा गरेका छन् ।

१०. केशवराज पिँडाली, **अमरावती कान्तिपुरी नगरी,** (६९ : ८९/०२६ श्रावण १८) पृ. ७, श.प. ।
निबन्धमा अमरावती कान्तिपुरी नगरी भनिए तापनि बढ्दो जनसङ्ख्या, सवारीको चाप, आदि कारणले काठमाडौँको शोभा बिगारेको विचार व्यक्त गरिएको छ ।

११. गोपालराज पन्त, **म उहाँको सेवक,** (६८ : ३१५/०२५ चैत ९) पृ. ७, श.प. ।
निबन्धमा एक प्रहरीको पेसाप्रतिको वफादारिताको चित्रण गरिएको छ ।

१२. जितेन्द्र बस्न्यात, **जीवनमा सफलताको उपाय,** (६७ : १९७/०२४ मार्ग ९) पृ. ६, श.प. ।
निबन्धमा इच्छाशक्ति र निरन्तरको अथक प्रयास नै सफलताको मूलमन्त्र हो भन्ने सन्देश दिइएको छ ।

१३. ठाकुरकल्याण सिंह, **निर्णय शक्ति,** (६४ : २१४/०२० कार्तिक ३०) पृ. ९, श.प. ।
निबन्धमा उचित समयमा उचित निर्णय गर्न सक्नुपर्छ भन्ने विचार व्यक्त गरिएको छ ।

१४. ताना शर्मा, **विदेशमा आफैँसँग गरेका गन्थन,** (६८ : २१०/०२५ मार्ग २२) पृ. ७, श.प. ।
निबन्धमा लेखक बेलायतमा एक्लै बस्दा मनमा खेलेका कुराहरूको वर्णन गरिएको छ ।

१५. धनञ्जय, **लगन,** (६३ : १८७/०१९ कार्तिक ४) पृ. १३ ।

निबन्धमा कुनै पनि काम गर्दा लगनशील बन्नुपर्छ भन्ने सन्देश दिइएको छ।

१६. धनमानसिंह परियार, **एकछिनको गन्थन,** (६८ : २५२/०२५ माघ ५) पृ. ६, श.प. ।

निबन्धमा चुप लागेर दिन बिताउन कति समस्या हुन्छ भन्ने विषयमा चर्चा गरिएको छ।

१७. धनमानसिंह परियार, **एकछिनको गन्थन,** (६९ : २७८/०२६ फागुन ३) पृ. ६, श.प. ।

निबन्धमा जीवनका अभाव वा अपूरा पक्षहरूको वर्णन गरिएको छ।

१८. नीरविक्रम प्यासी, **अनुशासन,** (६१ : २३१/०१८ मङ्सिर २९) पृ. २ ।

निबन्धमा जीवनमा अनुशासनको महत्त्वमाथि प्रकाश पारिएको छ।

१९. पुरु रिसाल, **भूल,** (६५ : ६६/०२२ असार २६) पृ. ९, श.प. ।

निबन्धमा भूल गर्नु मानिसको स्वभाविक प्रवृत्ति भएको विषयमा चर्चा गरिएको छ।

२०. पुरुषोत्तम ढकाल, **परिश्रम,** (६४ : २१३/०२० कार्तिक २९) पृ. ४।

निबन्धमा परिश्रम नै सारा संसारको उन्नतिको कारण हो भनिएको छ।

२१. प्रबल गिरी 'प्रदीप', **कर्म,** (६५ : १२/०२१ वैशाख १३) पृ. ५, श.प. ।

निबन्धमा कर्मविना संसारको कल्पना गर्न नसकिने सन्देश दिइएको छ।

२२. बानीरा गिरी, **आमा र राष्ट्र,** (६७ : २३९/०२४ पौष २२) पृ. ८, श.प. ।

निबन्धमा आमा र राष्ट्र दुवै उत्तिकै महत्त्वका वस्तु भएको चर्चा गरिएको छ।

२३. भीष्म निरौला, **जय दाह्री जय जुँगा,** (६४ : १५६/०२१ असोज २५) पृ. ६, श.प. ।

निबन्धमा दाह्री जुँगाप्रतिको सर्वसाधारणको धारणालाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको छ।

२४. भैरव अर्याल, **युवाशक्ति,** (६५ : १०/०२२ जेठ २) पृ. ९, श.प. ।

निबन्धमा युवाशक्ति मुलुकको स्तम्भ अर्थात् सिर्जनात्मक शक्ति भएको विचार व्यक्त गरिएको छ।

२५. भैरव अर्याल, **बिर्सने बानी,** (६४ : ३१/०२१ जेठ २४) पृ. ६, श.प. ।

निबन्धमा अनेकन कुराहरूको गठेउरी दिमागमा भएर चाहिएको समयमा उचित कुरा सम्भन नसक्ने विचार व्यक्त गरिएको छ।

२६. मदनमणि दीक्षित, **बज्राघात,** (६५ : १६१/०२२ असोज ३०) पृ. ८, श.प. ।

निबन्धमा साइप्रस बसाइका क्रममा त्यहाँको वातावरणले पारेको प्रभावका कारण छुट्ने बेलामा भोग्नुपरेको मर्मस्पर्शी पीडाको अभिव्यक्ति छ । यस लेखलाई एक भावनात्मक संस्मरण भनेर प्रकाशित गरिएको छ।

२७. राजेन्द्रमान मास्के, **फूल,** (६४ : १७५/०२० असोज १९) पृ. ६, श.प. ।

निबन्धमा फूलको सौन्दर्य र कोमलताको वर्णन गरिएको छ।

२८. लक्ष्मीशंकरलाल श्रेष्ठ, **सम्भना हिजो, आज, भोलिको,** (६६ : २९८/०२३ फागुन २०) पृ. ६, श.प. ।

निबन्धमा सम्भना भन्ने वस्तु अति अनौठो हुँदोरहेछ भन्ने विचार व्यक्त गरिएको छ।

२९. विनयकुमार कसजु, **मुस्कान,** (६४ : २४८/०२१ माघ ३) पृ. ६, श.प. ।

निबन्धमा मुस्कानको महिमा वर्णन गरिएको छ।

३०. हरिभक्त कटुवाल, **एउटा रहर : तानसेन,** (६९ : १८२/०२६ कार्तिक २३) पृ. ५, श.प. ।

निबन्धमा प्रारम्भिक समयमा दुर्लभ मानिने रेडियोले लेखकका मनमा पारेको प्रभावको वर्णन गरिएको छ।

३१. शंकर लामिछाने, **जीवन एक प्राध्यापक,** (६८ : २२४/०२५ पौष ७) पृ. ७, श.प. ।

निबन्धमा जीवनले हामीलाई सिकाइरहेको हुन्छ भन्दै जीवनलाई एक प्राध्यापकको रूपमा व्याख्या गरिएको छ।

३२. शंकर लामिछाने, **सोमरस -स्वयंरस,** (६८ : २१७/०२५ मार्ग २९) पृ. ७, श.प. ।

निबन्धमा जीवनजस्तो मीठो सुधा अरु केही छैन भन्दै सोमरस स्वयम् रसको अपभ्रंश रूप हो भनिएको छ ।

३३. शंकर लामिछाने, **बसिबियाँलोको यात्रा,** (६८ : २३८/०२५ पौष २१) पृ. ५, श.प. ।

निबन्धमा लेखकले आफ्नो लेखनीसँग सम्बन्धित भएर रोमाञ्चक शैलीमा स्वानुभूतिको वर्णन गरेका छन् ।

३४. शंकर लामिछाने, **जनक र पिता दुवै,** (६८ : २५२/०२५ माघ ५) पृ. ७, श.प. ।

निबन्धमा ईश्वरलाई जनक तथा पिता दुवै मानिएको छ ।

३५. शंकर लामिछाने, **मौन अभिव्यक्ति,** (६८ : ३८७/०२५ फागुन ११) पृ. ६, श.प. ।

निबन्धमा कहिलेकाहीँ मौनतामा पनि अभिव्यक्ति भेटिन्छ भन्ने भाव व्यक्त भएको छ ।

३६. शंकर लामिछाने, **अनुभव र जीवन,** (६९ : २६४/०२६ माघ १८) पृ. ७, श.प. ।

निबन्धमा अनुभवले खारिएर जीवनमा पाठ सिकिने कुरामाथि चर्चा गरिएको छ ।

३७. श्रीमाया, **आमाको मन,** (६१ : ४८/०१८ जेठ १९) पृ. २ ।

निबन्धमा एक ममतामयी आमाको आफ्ना बच्चाप्रतिको वात्सल्यप्रेमको चर्चा गरिएको छ ।

## ४.४.१ प्रकाशित प्रबन्ध तथा प्रबन्धकारका प्रमुख प्रवृत्तिहरू

प्रबन्ध भन्नाले वैज्ञानिक र समाजशास्त्रीय शोधखोज, ऐतिहासिक तिथिमिति, परम्परागत तर्क, वैज्ञानिक सत्य, सिद्धान्त सुत्रहरूको व्याख्या विश्लेषण गर्न सक्ने निबन्धकै एक अर्को प्रकारलाई प्रबन्ध भनिन्छ । प्रबन्ध विशेषगरी वस्तु प्रतिपादनमा जोड दिने खालको हुन्छ । प्रबन्धलाई निबन्धकै वस्तुपरक भेद अन्तर्गतको उपभेदका रूपमा लिने गरिन्छ । समीक्ष्य अवधिमा गोर्खापत्रमा अत्यन्तै कम मात्रमा प्रबन्धहरू प्रकाशित देखिन्छन् । सङ्ख्या नै तोक्नुपर्दा केवल १४ ओटा प्रबन्धहरू प्रकाशित छन् । प्रकाशित प्रबन्धहरू कुनै वस्तु वा तथ्यमाथि वर्णन तथा संस्मरण गरिएका कुनै वस्तुको सर्जकका मनमा पारेको प्रभाव वर्णन गरिएका आदि प्रवृत्तिले युक्त छन् । यस समयावधिका प्रमुख प्रबन्धकारहरूमा शङ्करप्रसाद सत्याल, परशु प्रधान, पारसमणि प्रधान, भाउपन्थी, रामराज पौड्याल, लीलाध्वज थापा आदि रहेका छन् ।

### प्रकाशित प्रबन्धहरूको विवरणात्मक सूची

१. गीताकेशरी, **ममता**, (६७ : ६३/०२४ असार २४), पृ. ६ श.प. ।

नारी वर्गमा पाइने स्वभाविक प्रवृत्ति ममताका बारेमा वर्णन गरिएको छ ।

२. नरेन्द्रनाथ, **जीवन र प्राण**, (६८ : ४८/०२५ असार ९), पृ. ५ श.प. ।

प्रबन्धमा जीवन र प्राणका बीचमा अन्योन्याश्रित सम्बन्ध देखाइएको छ ।

३. परशु प्रधान, **राजधानीमा एक रमाइलो साँझ**, (६७ : २३४/०२१ पौष १९), पृ. ६ श.प.।

प्रबन्धमा वि.सं. २०१२ पौष १२ गते काठमाडौँको टङ्गाल टोलमा भएको कवि सम्मेलनका बारेमा वर्णन गरिएको छ ।

४. पारसमणि प्रधान, **दुईखेप जात गयो**, (६८ : ३४२/०२६ वैशाख ७), पृ. ७, श.प. ।

प्रबन्धमा सामयिक सामाजिक आचार नमान्दा जात जाने धन्दामा फस्नुपरेको प्रसङ्ग वर्णन गरिएको छ ।

५. पारसमणि प्रधान, **ग्राहम बाजेको जुबिलिमा**, (६८ : ३०१/०२५ फागुन २५), पृ. ६, श.प. ।

वि.सं. १९९५ तिर दार्जिलिङ्गका प्रसिद्ध व्यक्ति डाक्टर ग्राहमका बारेमा आफूले दिएको वक्तव्यको वर्णनात्मक प्रस्तुति छ ।

६. भाउपन्थी, **माध्यमको सुगमताको खोजी**, (६९ : १३१/०२६ भाद्र २८), पृ. ६, श.प. । प्रबन्धमा सरल तरिकाले जिन्दगी जिउन मानिसलाई सुगम माध्यमहरू आवश्यक पर्छन् भनिएको छ ।

७. मधुसुदन शास्त्री, **चंगाको कथा**, (६९ : १७१/०२३ कार्तिक २७), पृ. ६ दीपावली अङ्क ।

प्रबन्धमा चङ्गाको आविष्कार एवम् विकासको बारेमा वर्णन गरिएको छ ।

८. राजाराम पौड्याल, **राष्ट्रियता**, (६५ : १८७/०२२ कार्तिक २८), पृ. ७, श.प. ।

प्रबन्धमा आधुनिक अर्थको राष्ट्रियताको प्रारम्भ अठारौँ शताब्दीको उत्तरार्द्धदेखि प्रारम्भ भएको भनिएको छ ।

९. लीलाध्वज थापा, **घर**, (६४ : २१/०२० वैशाख २१), पृ. ५, श.प. ।

प्रबन्धमा घरको महत्त्वको बारेमा वर्णन गरिएको छ ।

१०. लैनसिंह वाङ्देल, **प्यारिस सुनसान रात एउटा हरियो बेन्ची**, (६८ : २५९/०२५ माघ १२), पृ. ५, श.प. ।

प्रबन्धमा सन् १९५८ मा पेरिसमा भएको कला प्रदर्शनीको वर्णन गरिएको छ ।

११. शङ्कर लामिछाने, **१० वर्षपछि**, (६८ : २१०/०२५ मार्ग २२), पृ. ४, श.प. ।

प्रबन्धमा दसवर्ष अघिको काठमाडौँ र दस वर्षपछिको काठमाडौँको तुलना गरिएको छ ।

१२. शंकरप्रसाद सत्याल, **दौरा**, (६७ : ५६/०२४ असार १७), पृ. ८, श.प. ।

प्रबन्धमा हाम्रो राष्ट्रिय पोशाक दौराका बारेमा कलात्मक वर्णन गरिएको छ ।

१३. श्रीधर खनाल, **कागताली**, (६५ : १५०/०२२ असोज १६), पृ. ७, श.प. ।

प्रबन्धमा हाम्रो जीवनसँग सम्बन्धित शुभ वा अशुभ सूचक क्रियाकलापका बारेमा चर्चा गरिएको छ ।

१४. श्रीप्रसाद गौतम, **जीवन र संगीत**, (६४ : ८०/०२१ श्रावण १०), पृ. ९, श.प. ।

प्रबन्धमा मानिसको जीवनमा सङ्गीतको अत्यन्त महत्त्व हुने कुराको चर्चा गरिएको छ ।

### ४.४.२ प्रकाशित यात्रासंस्मरण र यात्रासंस्मरणकारका प्रमुख प्रवृत्तिहरू

अध्ययन क्षेत्रका दस वर्षमा यात्रा वर्णनसँग सम्बन्धित रचनाहरू उल्लेख्य रूपमा नै प्रकाशित देखिन्छन् । अघिल्ला समयाविधमा आधारित भएर गरिएका शोधकार्यका सापेक्षतामा प्रस्तुत शोधकार्यको समयघेराभित्र निकै नै सङ्ख्यामा यात्रा वर्णनसँग सम्बन्धित रचनाहरू प्रकाशित छन् । तत्कालीन स्थितिमा भर्खरभर्खर बाह्य संसारसँगको जनसम्पर्क प्रारम्भ भएको तथा आन्तरिक पर्यटनको पनि विकास नभइसकेको अवस्थामा यात्रा संस्मरणजस्तो साहित्यिक विधाका लागि आवश्यक वातावरण पनि नभएकै मान्नुपर्दछ । तर पनि यस दश वर्षमा ६९ को सङ्ख्यामा यात्रासँग सम्बन्धित रचनाहरू प्रकाशन भएका छन् । प्रकाशित रचनाहरू सामान्य, मध्यम र उच्च गरी तीनै स्तरका रहेका छन् । रचनाकारहरूले स्वदेश तथा विदेश भ्रमणका अवसरमा देखेका भोगेका कुराहरूलाई कलात्मक रूप दिई वर्णन गर्ने क्रममा कुनै रचनामा आत्मानुभूति मात्र पोखिएको पाइयो भने कुनै रचनामा सम्बन्धित देशको ऐनकानुन, प्रशासन, शिक्षा, स्वास्थ्य, पत्रकारिता आदि विषयमा मात्र केन्द्रित भएर वर्णन गरिएको पनि पाइयो । यसैगरी कतिपय रचनामा यात्राको तिथिमिति तथा उद्देश्य पनि स्पष्ट नभएको समेत भेटियो । समग्रमा भन्नुपर्दा यात्रासाहित्यले उजागर गर्नुपर्ने सम्पूर्ण पक्षहरूले पूर्ण यात्रासाहित्य भने कम मात्रामा नै पाइए । यसो भए पनि दस वर्षको समयावधिमा प्रकाशित यात्रासँग सम्बन्धित साहित्यको अवस्था त्यतिको निराशाजनक भने छैन ।

यस समयावधिका प्रमुख यात्रासाहित्यकारहरूमा गोविन्दप्रसाद लोहनी, गोविन्दलाल श्रेष्ठ, तानाशर्मा, पुरुषोत्तम शर्मा सुवेदी, भैरव अर्याल, रामराज पौड्याल आदिको नाम लिन सकिन्छ ।

<u>प्रकाशित यात्रा संस्मरणहरूको विवरणात्मक सूची</u>

१. कुमार जोशी, **जुम्लाबाट महेन्द्रताल**, (६६ : १८३/०२३ मार्ग ४), पृ. ६, श.प. ।

यात्रा संस्मरणमा तत्कालीन रायल नेपाल एकेडेमीका तर्फबाट लोकगीत अन्वेषकका रूपमा जुम्ला जिल्लाको भ्रमण गर्दाको विवरण दिइएको छ ।

२. कुमार जोशी, **कर्णाली अंचल जाँदा**, (६६ : २३३/०२३ पौष १६), पृ. ५, श.प. ।

यात्रा साहित्यमा तत्कालीन रायल नेपाल एकेडेमीका लोकगीत अन्वेषकका रूपमा कर्णाली अञ्चलको स्थलगत भ्रमण विवरण दिइएको छ ।

३. कृष्णप्रसाद पराजुली, **लुम्बिनी यात्रा**, (६४ : २४/०२१ जेठ १७), पृ. ४, श.प. ।

लेखकले बुद्धभूमि लुम्बिनीमा बिताएको एक साताको भ्रमण विवरण उल्लेख गरेका छन् ।

४. कृष्णबहादुर श्रेष्ठ, **सुन्दरीहरूको देश फिलिपिन्स**, (६९ : ४०/०२६ जेठ ३२), पृ. ६, श.प. ।

लेखकले फिलिपिन्सको राजधानी मनिला भ्रमणका क्रममा त्यहाँको वातावरणले पारेको प्रभावको वर्णन गरेका छन् ।

५. गणेशराज शर्मा, **धनकुटाको बाटोमा पोहोरको वर्ष**, (६४ : २२९/०२० मार्ग १७), पृ. ३, ।

लेखकले धनुकटाको फुस्रे क्षेत्रमा ०१९ साल असार महिनाको झरीमा एक्लै यात्रा गर्दाको विवरण दिएका छन् ।

६. गोपाल चटर्जी, **मेरो धोको पूरा भयो**, (६४ : ७१/०२१ श्रावण १), पृ. ३ ।

लेखकले आफ्नो लामो पदयात्राको बारेमा सङ्क्षिप्तमा वर्णन गरेका छन् । लेखकले साढे पाँच वर्षअघिदेखि नियमित पदयात्रा गरेको र भारत तथा नेपालका अधिकांश भाग घुमिसकेको जानकारी दिएका छन् ।

७. गोविन्दप्रसाद लोहनी, **मेरो युरोप यात्रा**, (६१ : १८८/०१८ कार्तिक १४), पृ. २ ।

लेखकले समग्र युरोपको भ्रमणमा जानकारी हासिल गरेका तथ्यहरूको विवरण दिएका छन् ।

८. गोविन्दप्रसाद लोहनी, **मेरो युरोप यात्रा-२**, (६१ : २०२/०१८ कार्तिक ३०), पृ. २ ।

लेखकले कुनै स्थानविशेषको भ्रमण विवरण नदिएर यूरोपको विकास तथा त्यहाँको प्रविधिको बारेमा वर्णन गरेका छन् ।

९. गोविन्दप्रसाद लोहनी, **मेरो युरोप यात्रा-४**,बर्लिन फ्र्याङ्कफर्ट, (६१ : २२९/०१८ मङसिर २७), पृ. २ ।

यात्रा साहित्यमा यूरोपको बर्लिन र फ्र्यांकफर्टको भौगोलिक, आर्थिक, सांस्कृतिक आदि पक्षबारे जानकारी दिइएको छ ।

१०. गोविन्दप्रसाद लोहनी, **मेरो युरोप यात्रा-५ लण्डन**, (६१ : २९१/०१८ फागुन २), पृ. २ ।

यात्रासाहित्यमा लण्डन भ्रमणको अनुभव वर्णन गरिएको छ । भ्रमण अवधि र उद्देश्य उल्लेख गरिएको छैन ।

११. गोविन्दप्रसाद लोहनी, **मेरो युरोप यात्रा-६ पेरिस**, (६१ : ३३३/०१८ चैत १४), पृ. २ ।

भ्रमणको समयावधि र मिति नतोकिएको यस लेखमा पेरिसको भव्यताको वर्णन गरिएको छ ।

१२. गोविन्दप्रसाद लोहनी, **मेरो युरोप यात्रा-७**, जेनेभामा एक साँझ (६२ : १४/०१९ वैशाख १५), पृ. २ ।

अघिल्ला यात्रा वर्णनजस्तै समयावधि नदिइएको यस लेखमा स्विटजरलैण्डको जेनेभा सहरको एकोहोरो वर्णन गरिएको छ ।

१३. गोविन्दप्रसाद लोहनी, **मेक्सिको पाँच दिन (१)**, (६९ : ८५/०२६ श्रावण ११), पृ. ७, श.प. ।

सन् १९८६ अक्टोबर १५ देखि बैंक अफ मेक्सिकोको निम्तोमा ५ दिनसम्म मेक्सिको भ्रमण गर्दाको अनुभव वर्णन गरिएको छ ।

१४. गोविन्दप्रसाद लोहनी, **मेक्सिको पाँच दिन** (२), (६९ : ८९/०२६ श्रावण १८), पृ. ७, श.प. ।

यात्रासाहित्यमा दक्षिण अमेरिकाको मेक्सिको सिटीका प्रमुख सडक तथा स्थानहरूको बारेमा वर्णन गरिएको छ ।

१५. गोविन्दप्रसाद लोहनी, **ताजकिस्तानका पाँच रात**, (६५ : ९४/०२२ श्रावण २३), पृ. ९, श.प. ।

लेखकले सोभियत संघको ताजकिस्तान सहरमा मे १८ देखि मे २३ सम्म बिताएका जम्मा पाँच दिनको अनुभव वर्णन गरेका छन् । समय भने कहिले हो स्पष्ट छैन ।

१६. गोविन्दलाल श्रेष्ठ, **छार्का भोट यात्रा**, (६४ : २५८/०२० पौष १७), पृ. ४ ।

लेखकले मुक्तिनाथ क्षेत्र, दामोदरकुण्ड क्षेत्रको भ्रमण वृत्तान्त दिएका छन् । भ्रमण भदौ ९ बाट भदौ २५ सम्मको देखिन्छ ।

१७. गोविन्दलाल श्रेष्ठ, **छार्का भोट यात्रा**, (६४ : २७४/०२० माघ ३), पृ. ३ ।

लेखक हिमाली भेगको यात्राका क्रममा छार्का क्षेत्रको भ्रमणमा निस्कँदाको दस दिन जतिको यात्रा विवरण समेटिएको छ ।

१८. गोविन्दलाल श्रेष्ठ, **छार्का भोट यात्रा**, (६४ : ५३/०२१ असार १५), पृ. ४ ।

अघिल्ला दुई यात्राको क्रमबद्ध वर्णन छ । मुक्तिनाथ क्षेत्र, दामोदरकुण्ड पार गरेर उच्च हिमाली भेग छार्का, थाङ्ग र जुङ्ग क्षेत्रसम्म पुगेर यात्रा टुङ्गिएको जनाइएको छ ।

१९. जुली, **म युरोप पुगेर आएँ**, (६८ : ११८/०२५ भाद्र १६), पृ. ५, श.प. ।

लेखक पश्चिम जर्मनीको बर्लिनमा पत्रकारिताको तालिम लिन जाँदाको अनुभव वर्णन गरिएको छ । भ्रमणको समयावधिबारे कुनै सूचना छैन ।

२०. डोरबहादुर बिष्ट, **चाराङ-एक सम्झना**, (६९ : १९४/०२६ मार्ग ७), पृ. ५, श.प. ।

लेखमा मुस्ताङ्ग जिल्लाको चाराङ भन्ने ठाउँको दुई साताव्यापी भ्रमणको वर्णन गरिएको छ ।

२१. ताना शर्मा, **रोममा एक दिन र एक रात**, (६८ : १६३/०२५ कार्तिक ३), पृ. ५, श.प. ।

९ जुलाई १९६७ का दिन रोमको भ्रमणका सन्दर्भमा देखेभोगेका रोमाञ्चक पक्षहरूको वर्णन गरिएको छ ।

२२. ताना शर्मा, **राष्ट्रियताको ज्योति हुलाक घर**, (६८ : १६८/०२५ कार्तिक १०), पृ. ६, श.प. ।

बेलायतको डब्लिन सहरको ओ कोनेल सडकमा अवस्थित स्वतन्त्रताको प्रतीक हुलाक घरको बारेमा कलात्मक वर्णन गरिएको छ ।

२३. ताना शर्मा, **साँपेको साँघु तर्नु अघि**, (६८ : १८२/०२५ कार्तिक २४), पृ. ६, श.प. ।

लेखक अछाम जिल्लाको भ्रमणमा जाँदाको विवरण वर्णन गरिएको छ । भ्रमणको मिति र समयावधि स्पष्ट छैन ।

२४. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **सम्झना जापानको**, (६८ : ५/०२६ वैशाख २८), पृ. ६, श.प. ।

लेखक केही समयका लागि प्रशिक्षार्थीका रूपमा जापान जाँदाको अनुभव वर्णन गरिएको छ ।

२५. दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र', **टोकियोमा दस दिन**, (६९ : १५९/०२६ असोज २५), पृ. ६, श.प. ।

लेखकको व्यक्तिगत भ्रमणका क्रममा जापानको टोकियो, ओशाका, नारा आदि क्षेत्रको भ्रमण वृत्तान्त दिइएको छ ।

२६. देवीचन्द्र, **ठाकुरनाथमा एक रात**, (६७ : २७३/०२४ माघ २७), पृ. ७, श.प. ।

लेखक पश्चिम नेपालको हिमाली भेग जुम्ला क्षेत्रमा अवस्थित ठाकुरनाथको भ्रमणमा निस्कने क्रममा भाद्र ३, २०२३ को प्रसङ्ग वर्णन गरिएको छ ।

२७. देवीचन्द्र, **सम्झनाको सौगात**, (६७ : ३५५/०२५ वैशाख २५), पृ. ७, श.प. ।

लेखकले कर्णाली अञ्चलको रारादहले आफ्ना मनमा उब्जाएका कल्पना तरङ्गहरूको शब्दचित्र खिचेका छन् ।

२८. धनुषचन्द्र गौतम, **यात्राको पहिलो चरण**, (६६ : १२१/०२३ भाद्र १८), पृ. ६, श.प. ।

लेखमा मध्यपूर्वको बेरुत सहरमा लेखकले बिताएका छत्तीस घण्टाको वर्णन छ तर समय भने तोकिएको छैन ।

२९. धूस्वाँ सायमी, **अमेरिकामा हिमाली वसन्त**, (६८ : १३९/०२५ असोज ६), पृ. ५, श.प. ।

अमेरिकाको शिक्षा पद्धति, उनीहरूको बाहिरी मुलुकप्रतिको चासो र त्यहाँको रहनसहनका बारेमा चर्चा गरिएको छ ।

३०. ध्रुवकुमार देउजा, **म मेरो देश हेरी वरै आयो**, (६७ : ३२९/०२४ चैत २४), पृ. ७, श.प. ।

लेखमा भ्रमण साहित्य भनेर विधा सङ्केत नै गरिएको भए पनि रचना यात्रा साहित्यको परिधिभन्दा बाहिर गएको जस्तो देखिन्छ ।

३१. नगेन्द्र, **मेरो पहिलो विदेश यात्रा : नेपालमा (१)**, (६८ : ४८/०२५ असार ९), पृ. ६, श.प. ।

डा. नागेन्द्र त्रि.वि.को निर्वाचन समितिमा भाग लिन केही समय भारतबाट नेपाल आउँदा ऐतिहासिक तथा धार्मिक स्थलले पारेको प्रभावको वर्णन गरिएको छ । लेखक सन् १९६७ मार्चमा नेपाल आएका थिए । लेखका अनुवादक रामदयाल राकेश रहेका छन् ।

३२. नगेन्द्र, **मेरो पहिलो विदेश यात्रा : नेपालमा (२)**, (६८ : ५५/०२५ असार १६), पृ. ६, श.प. ।

लेखमा शिवरात्रीमा पशुपतिको दर्शन गरेको तथा कीर्तिपुरस्थित विश्वविद्यालयको निरीक्षण गरेको प्रसङ्ग वर्णन गरिएको छ । लेखका अनुवादक रामदयाल राकेश रहेका छन् ।

३३. नन्दलाल पाण्डेय, **ओखलेले बोलाउँछ**, (६७ : २९४/०२४ फागुन १९), पृ. ८, श.प. ।

लेखक गण्डकी अञ्चलको पर्यटकीय स्थल ओखले घुम्दाको संस्मरणस्वरूप स्थान परिचयको ढाँचामा ओखलेको वर्णन गरिएको छ ।

३४. पुरुषोत्तम शर्मा सुवेदी, **मेरो अमेरिका भ्रमण-३**,अध्ययन र भ्रमण (६२ : ६२/०१९ जेठ २९), पृ. २ ।

लेखक करीब ६ महिना अमेरिकामा पत्रकारिताको अध्ययनका लागि बस्दाको अनुभव वर्णन गरिएको छ । उनी सन् १९६१ सेप्टेम्बरबाट करीब ६ महिना अमेरिका बसेको बुझिन्छ ।

३५. पुरुषोत्तम शर्मा सुवेदी, **मेरो अमेरिका भ्रमण-४ अमेरिकी मास कम्युनिकेशन प्रणाली**, (६२ : ६३/०१९ असार १), पृ. २ ।

लेखक अध्ययनका क्रममा अमेरिका बस्दा उनले त्यहाँ देखेका खासगरी पत्रकारिता क्षेत्रका अनुभवहरू वर्णन गरेका छन् ।

३६. पुरुषोत्तम शर्मा सुवेदी, **मेरो अमेरिका भ्रमण-५ (अमेरिकी परिवहन तथा सञ्चार व्यवस्था र आर्थिक स्थिति)**, (६२ : ६५/०१९ असार ३), पृ. २ ।

यात्रा साहित्यन्तर्गत लेख राखिए पनि अमेरिकाको सञ्चार व्यवस्था र आर्थिक स्थितिको वर्णनमा मात्र लेख केन्द्रित छ ।

३७. पुरुषोत्तम शर्मा सुवेदी, **मेरो अमेरिका भ्रमण-७**,(अमेरिकाबाट युरोपतिर) (६३ : ८४/०१९ असार २२), पृ. २ ।

लेखक ६ महिना अमेरिका बसेपश्चात ५ मार्च १९६२ का दिन अमेरिकाबाट नेपाल फिर्ने क्रममा करीब दस दिन बाटाको म्यादमा युरोपका बेलायत, फ्रान्स, स्विट्जरल्याण्ड आदि देशका प्रमुख सहरहरूको भ्रमण गर्दाको अनुभव वर्णन गरेका छन् ।

३८. प्रे.पौडेल, **बेलायतको चिठी**, (६० : ७६/०१७ कार्तिक १५), पृ. २ ।

लेखमा श्री ५ महेन्द्रका साथ बेलायतको पुरानो पाठशाला इटन पाठशालामा गरेको भ्रमणको वर्णन छ । २० अक्टोबर भन्नु बाहेक अन्य समय तोकिएको छैन ।

३९. बालकृष्ण सम, **श्री ५ बाट दर्शाइबक्सियो**, (६० : ४४/०१७ साउन १४), पृ. ३ ।

लेखक श्री ५ महेन्द्रका साथ जापान भ्रमणमा जाँदा बाटाका रमाइला प्रसङ्गको वर्णन गरिएको छ । भ्रमणको यकिन मिति नभए पनि प्रस्थान मिति २०१७ वैशाख २ गते उल्लेख गरिएको छ ।

४०. बालगोविन्दराज भण्डारी, **दूधपोखरीसम्म पुगेको बेला**, (६८ : २५२/०२५ माघ ५), पृ. ६, श.प. ।

लेखक नाम्चे खुम्जुङ आदि क्षेत्रको भ्रमण गर्दै दूधपोखरीसम्म यात्रा गर्दाको तीन दिनको भ्रमण विवरण समेटिएको छ ।

४१. भैरवप्रसाद अर्याल, **पाकिस्तानमा हाम्रा केही दिन**, (६४ : ६७/०२१ असार २९), पृ. ३ ।

लेखकले वि.सं. २०२१ असार ६ गतेदेखि १६ गतेसम्म पत्रकारका हैसियतले गरेको पाकिस्तान भ्रमणको वर्णन गरेका छन् ।

४२. भैरवप्रसाद अर्याल, **पाकिस्तानका हाम्रा केही दिन** (२), (६४ : ६९/०२१ असार ३१), पृ. ३ ।

यात्रा साहित्यमा पाकिस्तानको पेशावर सहर र खैबर भञ्ज्याङ्गको बारेमा वर्णन गरिएको छ ।

४३. भैरवप्रसाद अर्याल, **पाकिस्तानका हाम्रा केही दिन** (३), (६४ : ७०/०२१ असार ३२), पृ. ३ ।

लेखकले असार १० गतेदेखि गरेको काश्मीर, मुजफ्फपुर आदि ठाउँको भ्रमण वृत्तान्त वर्णन गरिएको छ ।

४४. भैरवप्रसाद अर्याल, **पाकिस्तानमा हाम्रा केही दिन** (४), (६४ : ७१/०२१ श्रावण १), पृ. ३ ।

यात्रा साहित्यमा असार २३ गतेदेखि गरिएको लाहौर भ्रमणको वृत्तान्त वर्णन गरिएको छ ।

४५. मुकुन्द पराजुली, **...मलाई खुकुरीदेखि डर लाग्छ**, (६७ : १४०/०२४ असोज ७), पृ. ७, श.प. ।

लेखमा जर्मनीको सहर बर्लिन भ्रमणका क्रममा त्यहाँका नागरिकसँग बिताएका रमाइला क्षणको वर्णन गरिएको छ ।

४६. मेघराज मंजुल, **हातभरि दार्जिलिङ्ग मनभरि...**, (६७ : ९८/०२४ श्रावण २८), पृ. ६, श.प. ।

लेखक खरसाङ्ग, दार्जिलिङ क्षेत्रको भ्रमणमा निस्कँदा सँगालेका अनुभूतिहरूको वर्णन गरिएको छ । भ्रमणको मिति उल्लेख नभएको ।

४७. राजेश्वर देवकोटा, **भेरी कर्णाली, सेती र महाकाली**, (६६ : ६५/०२३ असार २५), पृ. ५, श.प. ।

लेखक वैशाख ६ गतेदेखि जेठ ७ गतेसम्म सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका केही ठाउँहरूको भ्रमणमा निस्कँदाको अनुभव वर्णन गरिएको छ ।

४८. राधेश्याम भट्ट, **हाम्बुर्गबाट म्युनिख**, (६९ : ६१/०२६ असार २१), पृ. ६, श.प. ।

लेखक १९६९ मार्चमा पश्चिम जर्मनीको हाम्बुर्ग, म्युनिख आदि क्षेत्रको चार दिने भ्रमणमा निस्कँदाको अनुभव वर्णन गरिएको छ ।

४९. रामराज पौड्याल, **बोष्टनको पहिलो बास**, (६० : ७९/०१७ कार्तिक २२), पृ. २ ।

लेखक संयुक्त राज्य अमेरिकाको बोष्टन नगरको भ्रमण गर्ने क्रममा अनुभव गरेका कुराहरूको वर्णन गरिएको छ । भ्रमणको तिथि उल्लेख नभएको ।

५०. रामराज पौड्याल, **बोष्टनको सम्झना**, (६० : १०७/०१७ माघ ३), पृ. २ ।

लेखकले अमेरिका भ्रमणका क्रममा त्यहाँको जीवनस्तर, प्रविधिको विकास तथा ऐन कानुनको बारेमा वर्णन गरेका छन् ।

५१. रामराज पौड्याल, **बैंकक र बर्माको बसाई**, (६१ : २९८/०१८ फागुन ९), पृ. २ ।

लेखक २०१८ साल पुष महिनामा सम्वाद समितिहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन थाइलैण्ड जाँदाको यात्रा अनुभव वर्णन गरिएको छ ।

५२. वासुदेव खनाल, **धनुषकुण्डको यात्रा**, (६५ : २१५/०२२ मङ्सिर २६), पृ. ६, श.प. ।

यात्रा साहित्यमा बदरीनाथ भन्दा तीस माइल माथि पर्ने धनुष्कुण्ड यात्राको रोमाञ्चकारी वर्णन छ ।

५३. विश्वनाथ 'मूक', **शेक द भोयाज**, (६९ : १०३/०२६ श्रावण ३२), पृ. ६, श.प. ।

लेखकले फ्रान्स भ्रमणको वर्णन गर्नु बाहेक अन्य सूचनाहरू दिएका छैनन् ।

५४. विश्वनाथ 'मूक', **इफेल टावर**, (६९ : ११७/०२६ भदौ १४), पृ. ७, श.प. ।

लेखकले फ्रान्सको इफेल टावरको महत्ताको बारेमा वर्णन गरेका छन् ।

५५. विश्वनाथ 'मूक', **ग्लास**, (६९ : १२४/०२६ भाद्र २१), पृ. ६, श.प. ।

लेखमा फ्रान्स बसेको पाँच महिना भए पनि भाषिक सम्प्रेषणको कमीले उत्पन्न भएको समस्याको बारेमा वर्णन गरिएको छ ।

५६. विश्वम्भर 'चञ्चल', **समुद्रमुनिको फूलबारी हल्याण्ड**, (६९ : २७८/०२६ फागुन ३), पृ. ६, श.प. ।

लेखकले सन् १९६८ अप्रिल १२ देखि छोटो समयका लागि गरेको हल्याण्ड यात्राको यात्रानुभव वर्णन गरेका छन् ।

५७. श्रीकृष्ण जोशी, **चैनपुर जाँदा**, (६४ : ४९/०२० जेठ १८), पृ. १३, श.प. ।

लेखकले वि.सं. २०२० वैशाख १८ देखि २४ गतेसम्म जन्ती जाने क्रममा चैनपुर भन्ने ठाउँको भ्रमण विवरण उल्लेख गरेका छन् ।

५८. श्रीदीव्य, **गोसाइँकुण्डको भ्रमण**, (६४ : १२५/०२० श्रावण ३२), पृ. ६, श.प. ।

लेखकले वि.सं. २०२० जेठ १४ देखि १९ गतेसम्म गोसाइँथानको यात्रा गर्दाको यात्रानुभव वर्णन गरेका छन् ।

५९. श्रीमन्नारायण, **नेपालमा छ महिना (२)**, (६५ : १२२/०२२ भाद्र १९), पृ. ६, श.प. ।

लेखक नेपालस्थित भारतीय राजदूताबासमा राजदूत भएर छ महिना बस्दाखेरी उनले देखेभोगेका विविध पक्षहरूको वर्णन गरेका छन् ।

६०. श्रीमन्नारायण, **नेपालमा छ महिना (३ र ४)**, (६५ : १२९/०२२ भाद्र २६), पृ. ६, श.प. ।

अघिल्लो अङ्कको बाँकी भागका रूपमा लेख प्रकाशित देखिन्छ ।

६१. सत्यमोहन जोशी, **पेकिंगमा जुन ११**, (६५ : ५२/०२२ असार १२), पृ. ६, श.प. ।

लेखमा तत्कालीन नेपाल नरेश श्री ५ महेन्द्रको छयालिसौँ जन्मजयन्तीको उपलक्ष्यमा चीनको पेकिंगमा आयोजित सभामा भाग लिँदाको अनुभव वर्णन गरिएको छ ।

६२. सत्यमोहन जोशी, **पेकिंगमा तीन रमाइला साँझ**, (६५ : ३१५/०२२ चैत ६), पृ. ५, श.प. ।

वि.सं. २०२२ फागुन ६, ७, ८ गते नेपालको राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने क्रममा पेकिंगस्थित नेपाली राजदूतावासको आमन्त्रणमा चीन जाँदाको यात्रा अनुभव वर्णन गरिएको छ ।

६३. सिद्धिचरण श्रेष्ठ, **बिर्सन नसकिने सोभियत साथीहरू**, (६१ : १९६/०१८ कार्तिक २२), पृ. २__ ।

लेखक सन् १९५७ मा मस्कोमा भएको युवक तथा छात्रहरूको सम्मेलनमा भाग लिन जाने क्रममा करीब ४५ दिनको मस्को बसाइको अनुभव वर्णन गरिएको छ ।

६४. सिद्धिचरण श्रेष्ठ, **पोखराको सम्झना**, (६३ : २५५/०१९ पौष १४), पृ. ९, श.प. ।

श्रेष्ठले पोखरा भ्रमणका क्रममा त्यहाँको प्राकृतिक तथा सांस्कृतिक पक्षको चित्रण गरेका छन् ।

६५. सूर्यलाल, **सोभियत संघमा सोह्र दिन (१)**, (६४ : १८६/०२१ कार्तिक २९), पृ. ९, श.प. ।

लेखमा सोभियत संघको निम्तोमा २०२१ असोज २३ देखि करीब तीस घण्टा मस्कोमा बिताउँदाको अनुभव वर्णन गरिएको छ ।

६६. सूर्यलाल, **सोभियत संघमा सोह्र दिन** (२), (६७ : २२०/०२१ पौष ५), पृ. ६, श.प. ।

यस स्तम्भमा असोज २४ देखि २८ सम्मको लेनिनग्राद भ्रमणको विवरण समेटिएको छ ।

६७. सूर्यलाल, **सोभियत संघमा सोह्र दिन (३)**, (६४ : २५५/०२१ माघ १०), पृ. ६ ।

उपलब्ध स्रोतमा लिपि नबुझिने अवस्थामा रहेको छ ।

६८. सूर्यलाल, **सोभियत संघमा सोह्र दिन** (४), (६४ : २७६/०२१ फागुन २), पृ. ६, श.प. ।

यात्रा साहित्यको यस स्तम्भमा लेखकको बोल्गोग्रादको भ्रमण वृत्तान्त छ । लेखकले बोल्ग्रोगादमा चार दिन बिताएको देखिन्छ ।

६९. सूर्यलाल, **सोभियत संघमा सोह्र दिन (५)**, (६४ : ३४४/०२२ वैशाख १२), पृ. ५, शास्त्री स्वागताङ्क ।

लेखक सोभियत संघका प्रमुख स्थानहरूको भ्रमण सकेर नेपाल फिर्ने क्रममा राजधानी  मस्कोमा बिताएका रमाइला चार दिनको वर्णन गरिएको छ ।

## ४.५ प्रकाशित एकाङ्की र एकाङ्कीकारका प्रमुख प्रवृत्तिहरू

वि.सं. २०१७ वैशाख १ गतेदेखि वि.सं. २०२६ चैत्र मसान्तसम्मका बीचमा गोर्खापत्रमा ३० ओटाका सङ्ख्यामा एकाङ्कीहरू प्रकाशित छन् । एकाङ्कीहरू तत्कालीन समाजका सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक सबै पक्षहरूको प्रतिनिधित्व गर्ने किसिमका छन् । मानवीय प्रेम प्रसङ्ग, आर्थिक अभावका कारण सिर्जित समस्या, देश तथा जातिप्रेमजस्ता विषयमा केन्द्रित हुँदै एकाङ्कीहरू प्रकाशन भएका छन् । यसका अतिरिक्त तत्कालीन राज्यव्यवस्थाले अङ्गीकार गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारिता पुष्टि गर्ने किसिमका एकाङ्कीहरू पनि प्रकाशित देखिन्छन् । गुणवत्ताका दृष्टिले केहीलाई छाडेर अन्य सबै एकाङ्कीहरू स्तरीय नै देखिन्छन् । यस समयावधिमा विभिन्न एकाङ्कीकारहरू देखिए तापनि श्यामदास वैष्णव, फणीन्द्रराज खेताला, जितेन्द्र बस्न्यात आदिलाई प्रतिनिधि एकाङ्कीकारका रूपमा लिन सकिन्छ ।

### प्रकाशित एकाङ्कीहरूको विवरणात्मक सूची

१. चिरञ्जीवी दत्त, **एक चिता दुई लास**, (६९ : ६८/०२६ असार २८), पृ. ६, श.प. ।

एकाङ्कीमा संयोगवश एकैपटक मृत्यु हुन पुगेका दुई मित्रको मृत्यु त्रासदीको चित्रण गरिएको छ ।

२. जितेन्द्र बस्नेत, **भान्छा नकुर्नु**, (६७ : ४२/०२४ असार ३), पृ. ६, श.प. ।

एकाङ्कीमा एक गरिब परिवारको दयनीय आर्थिक स्थितिको चित्रण गरिएको छ ।

३. जितेन्द्र बस्न्यात, **सुन्तलीको हत्या**, (६८ : १८६/०२५ मार्ग १), पृ. ७, श.प. ।

एकाङ्कीमा पहेँला लुगाभित्रको साधुको अपराधी मनोवृत्तिको उद्घाटन गरिएको छ ।

४. जितेन्द्र बस्न्यात, **मूर्ति चोरहरूको बैठक**, (६९ : २५७/०२५ माघ ११), पृ. ७, श.प. ।

एकाङ्कीमा अपराधीहरूको आपराधिक क्रियाकलापहरूको चित्रण गरिएको छ ।

५. निरोधराज पाण्डे, **जिउँदै मृत्यु हाँस्छ**, (६९ : १४५/०२६ असोज ११), पृ. ७, श.प. ।

एकाङ्कीमा बिछोडिएका प्रेमी-प्रेमिकाको पुनर्मिलन हुँदाको दुःखद स्थितिको चित्रण गरिएको छ ।

६. प्रेमा शाह, **प्रेमको पिरामिड**, (६६ : २१५/०२३ पौष ९), पृ. ७, श.प. ।

एकाङ्कीमा सफल दाम्पत्य जीवनमा तेस्रो व्यक्तिको उपस्थितिले निम्त्याएको सङ्कटको चित्रण गरिएको छ ।

७. फणिन्द्रराज खेताला, **भावाना र भोक**, (६४ : १०७/०२१ भाद्र ७), पृ. ६, श.प. ।

एकाङ्कीमा अभावले ग्रस्त हुँदा भोकै बस्नुपरेको स्थिति देखाउँदै सहानुभूतिको भावनाले पेट नभरिने यथार्थको चित्रण गरिएको छ ।

८. फणिन्द्रराज खेताला, **हाम्रो पञ्चायत**, (६४ : २००/०२१ मङ्सिर १३), पृ. ६, श.प. ।

एकाङ्कीमा पञ्चायत भनेको के हो ? भन्ने विषयमा प्रकाश पारिएको छ ।

९. फणिन्द्रराज खेताला, **परिधि र केन्द्र**, (६६ : २७७/०२३ माघ २९), पृ. ७, श.प. ।

एकाङ्कीमा काम भावनाको वशमा परेको एक विदुरलाई धनको लोभमा अपनाउन खोज्ने युवतीको योजना देखाइएको छ ।

१०. फणिन्द्रराज खेताला, **उपसंहार**, (६६ : ३१९/०२३ चैत २), पृ. ७, श.प. ।

एकाङ्कीमा साँचो प्रेम अमर र त्यागपूर्ण हुन्छ भन्ने सन्देश दिन खोजिएको छ ।

११. फणिन्द्रराज खेताला, **गाउँको प्रतीज्ञा**, (६७ : ३०१/०२४ फागुन २६), पृ. ६, श.प. ।

एकाङ्कीमा अशिक्षा र पछौटेपन हटाउन सम्पूर्ण गाउँलेहरू विकास निर्माण कार्यमा लाग्ने प्रण गरेको देखाइएको छ ।

१२. फणिन्द्रराज खेताला, **नीलो कोठा**, (६७ : १४/०२४ जेठ ६), पृ. ६, श.प. ।

एकाङ्कीमा श्रीमतीको मृत्यपश्चात एक वृद्ध कर्णेलको मानसिकतामा आएको परिवर्तनको चित्रण गरिएको छ ।

१३. फणिन्द्रराज खेताला, **आजको लक्ष्य**, (६८ : २८०/०२५ फागुन ४), पृ. ६, श.प. ।

एकाङ्कीमा आजको लक्ष्य गाउँको उन्नति र सुधार गर्नु रहेको बताइएको छ ।

१४. फणिन्द्रराज खेताला, **देशको लागि**, (६९ : १९४/०२६ मार्ग ७), पृ. ६, श.प. ।

एकाङ्कीमा देशको स्वार्थका लागि आफ्ना इच्छा, कामनालाई पनि त्याग गर्न सक्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

१५. बेन्जु शर्मा, **दश रुपियाँको नोट**, (६३ : १८४/०१९ भाद्र २३), पृ. १२, श.प. ।

एकाङ्कीमा जो निरीह छ उसैमाथि दोष थुपारिने यथार्थको उद्घाटन गरिएको छ ।

१६. भि.एन. बल्लभ, **सपनाको हत्या**, (६८ : ३५६/०२६ वैशाख २१), पृ. ६, श.प. ।

एकाङ्कीमा मोटर दुर्घटनामा परेर अपाङ्ग बन्न पुगेको एक युवकको जीवनदशाको चित्रण गरिएको छ ।

१७. मासू (उ) नानोमा,[१०६] **पखाई**,[१०७] (६५ : १९/०२१ वैशाख २०), पृ. ६, श.प. ।

एकाङ्कीमा युद्धग्रस्त एक सहरको दर्दनाक दृश्यको चित्रण गरिएको छ ।

१८. मोदकुमारी सिंह, **पञ्चायती झलक**, (६७ : १९०/०२४ मार्ग २), पृ. ७, श.प. ।

एकाङ्कीमा पञ्चायती व्यवस्था के हो ? भन्ने बारेमा प्रकाश पारिएको छ ।

१९. रमेश विकल, **दुई बहादुर शत्रु**, (६३ : १५५/०१९ भाद्र ३०), पृ. १२, श.प. ।

एकाङ्की बालस्तम्भमा रहेकाले बालकेन्द्रित देखिन्छ । स्थान यरुशेलमको लडाइको मैदान तोकिएको यस एकाङ्कीमा तुर्की सेना र ईसाई सेनाबीच भएको युद्धको रोमाञ्चक प्रस्तुति छ ।

२०. रामराजा राणा, **नबेच मलाई**, (६३ : १७६/०१९ असोज २०), पृ. १२, श.प. ।

एकाङ्कीमा आफ्नो मातृभूमिप्रति इमान्दार बन्न आह्वान गरिएको छ ।

२१. श्यामदास वैष्णव, **आजको युग**, (६४ : २७५/०२० माघ ४), पृ. ६, श.प. ।

कविता नाटक भनेर विधासङ्केत गरिएको यस एकाङ्कीमा संवादहरू मुक्तलयका कवितात्मक बान्कीमा रहेका छन् । प्रतीकात्मक पात्रहरूको प्रयोग गर्दै तत्कालीन समाजका घटनाहरूलाई कलात्मक रूपमा देखाइएको छ ।

२२. श्यामदास वैश्ष्णव, **नयाँ बहार**, (६४ : ३०३/०२१ फागुन ३०), पृ. ६, श.प. ।

दृश्यवर्णनबाट प्रारम्भ भएको र कवितात्मक लयमा रहेको एकाङ्कीमा देशको सर्वाङ्गीण उन्नतिको कामना व्यक्त गरिएको छ ।

२३. श्यामदास वैष्णव, **घर र स्कुल**, (६५ : १०१/०२२ श्रावण ३०), पृ. ६, श.प. ।

एकाङ्कीमा शिक्षाको महत्त्वका बारेमा प्रकाश पारिएको छ ।

२४. श्यामदास वैष्णव, **रमाइलो सपना**, (६५ : १२९/०२२ भाद्र २६), पृ. ६, श.प. ।

एकाङ्कीमा सपनामा होइन यथार्थको विपनामा बाँच्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

२५. श्यामदास वैष्णव, **समयको आवाज**, (६५ : ३६/०२२ जेठ २९), पृ. २१, श्री ५ महेन्द्र जन्मोत्सवाङ्क ।

एकाङ्कीमा पौराणिक पात्रहरूको प्रयोग गर्दै देशको सर्वाङ्गीण विकासको चाहना व्यक्त गरिएको छ । पात्र प्रयोग प्रतीकात्मक छ ।

---

[१०६] लेखक पोल्याण्ड निवासी

[१०७] संसारका छोटा नाटकहरुमध्ये पर्ने भनेर टिप्पणी गरिएको/अनुवादकको नाम नरहेको ।

२६. श्यामदास वैष्णव, **सिफारिस**, (६५ : १११/०२५ भाद्र ९), पृ. ६, श.प. ।

एकाङ्कीमा सिफारिस बिना कुनै काम पनि नहुने प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ ।

२७. श्यामदास वैष्णव, **सेवा समारोह,** (६८ : २८३/०२५ फागुन ७), पृ. ७, प्रजातन्त्र दिवस विशेषाङ्क ।

एकाङ्कीमा गाउँफर्क राष्ट्रिय अभियानअन्तर्गत गाउँ पसेका व्यक्तिहरूको बिदाइ समारोहको झलक दिइएको छ ।

२८. सूर्यलाल, **निर्माण दिशातर्फ**, (६४ : २९६/०२० फागुन ३), पृ. ७, श.प. ।

एकाङ्कीमा सर्वसाधारण गाउँले जनताको विकाससम्बन्धी दृष्टिकोणको चित्रण गरिएको छ । भाषामा स्थानीयताको रङ्ग देखिन्छ ।

२९. सेड्रिक माउन्ट, **किस्ताबन्दी**, (६८ : १८२/०२५ कार्तिक २४), पृ. ७, श.प. ।

एकाङ्कीमा जीवनका दैनिक व्यवहारमा आइपर्ने समस्याका बारेमा प्रकाश पारिएको छ । एकाङ्की जगदीश घिमिरेद्वारा अनुदित हो ।

३०. हरिभक्त कटुवाल 'प्रवासी', **युगको हाँक**, (६५ : ५९/०२२ असार १९), पृ. ६, श.प. ।

एकाङ्कीमा समाजका शोषक, साहूमहाजनहरूको विरुद्धमा उर्लिएको जनताको चुनौतिलाई देखाउन खोजिएको छ ।

## ४.६ प्रकाशित जीवनी र जीवनीकारका प्रमुख प्रवृत्तिहरू

जीवनी पनि नेपाली साहित्यको एउटा पाटो हो । जीवनीमा पनि कुनै न कुनै रूपमा साहित्यिकता झल्किरहेको हुन्छ । गोर्खापत्रसँगको नेपाली साहित्यको सहयात्रामा जीवनी विधाले पनि आफ्नो उपस्थिति देखाउँदै आएको छ । अध्ययनका समय सीमामा गोर्खापत्रमा जम्मा ४६ को सङ्ख्यामा जीवनीहरू प्रकाशित छन् । प्रकाशित जीवनीहरू स्वदेश तथा विदेशका ख्यातिप्राप्त कवि, लेखक, कलाकार, राजनीतिज्ञ, राजा महाराजा आदिसँग सम्बन्धित रहेका छन् । यिनीहरूमध्ये पनि बढी मात्रामा लेखक, कवि, कलाकारहरूसँगै सम्बन्धित जीवनीहरू रहेका छन् । कतिपय अङ्कहरूमा चिनारी र भेटवार्ता स्तम्भमा नवोदित तथा ख्यातिप्राप्त चित्रकारको चिनारी दिइएको छ । यिनीहरूलाई पनि जीवनी नजिक ठानी विवरणमा समावेश गरिएको छ ।

जीवनीहरू प्रकाशित हुने क्रममा विदेशी लेखकहरूले प्रस्तुत गरेका जीवनीहरूलाई अनुवादका रूपमा प्रकाशन गर्ने प्रचलन पनि देखिन्छ । यसो गर्दा कतिपय जीवनीका मूल लेखक र प्रकाशन स्रोत खुलाइए पनि कतिपयमा भने दुवै सूचनाहरूका बारेमा स्रोत मौन रहेको छ । यसैगरी कतिपय जीवनीमूलक लेखहरूमा सम्बन्धित व्यक्तिका बारेमा जन्म आदि महत्त्वपूर्ण प्रसङ्गहरू नै उल्लेख नगर्ने प्रवृत्ति पनि रहेको पाइन्छ । यस समयावधिमा गोर्खापत्रमा जीवनी प्रकाशित गराउने प्रमुख जीवनीकारहरूमा वंशी श्रेष्ठ, हरदयालसिंह नेपाली, धनञ्जय, साफल्य अमात्य आदि मानिन्छन् ।

### प्रकाशित जीवनीहरूको विवरणात्मक सूची

१. अम्बरबहादुर श्रेष्ठ, **महान् दार्शनिक इमर्सन**, (६४ : ३४९/०२० चैत्र १९), पृ. ४ ।

जीवनीमा सन् १८०३ मा अमेरिकाको बोष्टन सहरमा जन्मिएका महान् दार्शनिक इर्मसनको परिचय गराइएको छ ।

२. अम्बरबहादुर श्रेष्ठ, **हेनरि थोरो : एक परिचय**, (६४ : ३५६/०२० चैत्र २६), पृ. ४ ।

जीवनीमा डेबिड हेनरि थोरोको जीवनका प्रमुख सन्दर्भहरूको चर्चा गरिएको छ ।

३. अनातोली लुनाचार्स्की, **म्याक्सिम गोर्की : एक व्यक्ति चित्र**, (६७ : ३२९/०२४ चैत्र २४), पृ. ५, श.प. ।

म्याक्सिम गोर्कीको जन्म शतवार्षिकीको सन्दर्भमा गोर्खापत्रले प्रस्तुत गरेको अनुदित लेख हो । अनुवादक नखुलाइएको यस लेखमा गोर्कीका जीवनका प्रमुख सन्दर्भ मात्र कोट्याइएको छ ।

४. इराकेली आन्दिनिकोभ, **सोभियत महाकवि मिखाएल लेर्मोन्तोभ**, (६४ : ३३९/०२२ वैशाख ७), पृ. ३ ।

जीवनीमा लेर्मोन्तोभको जन्म, बाल्यवस्था, लेखन अभ्यास आदि पक्षका बारेमा वर्णन गरिएको छ । सोभियतभूमि नामक पत्रिकाबाट साभारित भनिए पनि अनुवादक भने खुलाइएको छैन ।

५. एडवार्ड एफ डेनोल जुनियर, **अर्नेष्ट हेमिङ्वे : एक परिचय**, (६४ : १३५/०२१ असोज ४), पृ. ७, श.प. ।

जीवनीमा नोबेल पुरस्कार प्राप्त अमेरिकी लेखक अर्नेष्ट हेमिङ्वेको जीवनका प्रमुख पक्षको वर्णन गरिएको छ ।

६. किथ डी फोलो, **वाल्ट हिटम्यान : एक परिचय**, (६९ : ३५/०२६ जेठ २७), पृ. ३ ।

जीवनीमा अमेरिकी कवि वाल्ट हिटम्यानको बारेमा चर्चा गरिएको छ ।

७. कोशराज रेग्मी, **कवि मिल्टन छोटो परिचय**, (६४ : ३५२/०२० चैत्र २२), पृ. ९, श.प. ।

जीवनीमा सन् १६०८ मा लण्डनमा जन्मिएका बेलायती कवि मिल्टनको सङ्क्षिप्त परिचय दिइएको छ ।

८. क्षमादेवी गौतम, **सिकन्दर महान्**, (६६ : २७०/०२३ माघ २२), पृ. ७, श.प. ।

जीवनीमा सिकन्दर अर्थात् अलेक्जण्डर महान्को परिचय गराइएको छ ।

९. खगेन्द्रप्रसाद पौड्याल, **कवि किट्स : सङ्क्षिप्त परिचय**, (६४ : १०७/०२१ भाद्र ७), पृ. ६, श.प. ।

जीवनीमा सन् १९७५ मा बेलायतमा जन्मिएका कवि किट्सको जीवनीको सङ्क्षिप्त झलक दिइएको छ ।

१०. जनकलाल शर्मा, **सन्त शशिधर**, (६४ : ३३१/०२० चैत्र १), पृ. ७, श.प. ।

जीवनीमा वि.सं. १८०४ तिर जन्मिएको मानिएका सन्त शशिधरको परिचय दिइएको छ ।

११. ज्योत्सना भट्ट, **एक समाजसेवक : एक चिनारी**, (६८ : २५२/०२५ माघ ५), पृ. ८, श.प. ।

जीवनीमा कवि तथा समाजसेवी माधवप्रसाद देवकोटाका जीवनका बारेमा जानकारी गराइएको छ ।

१२. ढुण्डीराज भण्डारी, **पृथ्वीनारायण शाहको जीवनको एक पाता**, (६४ : ३३१/०२० चैत्र १), पृ. ४ ।

जीवनीमा पृथ्वीनारायण शाहका पूर्वज तथा उनको जीवनसँग सम्बन्धित तथ्यहरू प्रकाश पारिएको छ ।

१३. दयाराम संभव, **टेनिसन संक्षिप्त परिचय**, (६४ : १४९/०२१ असोज १८), पृ. ६, श.प. ।

जीवनीमा पाश्चात्य साहित्यका ख्यातिप्राप्त साहित्यकार अल्फ्रेड टेनिसनको बारेमा जानकारी गराइएको छ ।

१४. धनञ्जय, **पालसेजा**, (६५ : ३४१/०२३ वैशाख ४), पृ. ९, श.प. ।

जीवनीमा चित्रकलामा आधुनिकताको शंखघोष गर्ने फ्रेन्च चित्रकार पालसेजाको जीवनीको सङ्क्षिप्त चर्चा गरिएको छ ।

१५. धनञ्जय, **सर विन्स्टन चर्लील**, (६४ : २६२/०२१ माघ १७), पृ. ३, श.प. ।

जीवनीमा सन् १९६५ जनवरी २४ मा शहादात प्राप्त गरेका चर्लिलका बारेमा सङ्क्षिप्त जानकारी गराइएको छ ।

१६. धनञ्जय, **चिनारी र भेटवार्ता[*] : केशव दुवाडी**, (६६ : १६३/०२३ असोज २९), पृ. ७, श.प. ।

जीवनीमा चित्रकार केशव दुवाडीको परिचय तथा चित्रकारितामाथि प्रकाश पारिएको छ ।

१७. धनञ्जय, **चिनारी र भेटवार्ता : लैनसिंह वाङ्गदेल**, (६६ : २४७/०२३ माघ १), पृ. ५, श.प. ।

जीवनीमा लैनसिंह वाङ्देलका जीवनका बहुआयमिक पक्षहरूको वर्णन गरिएको छ ।

१८. धनञ्जय, **चिनारी र भेटवार्ता : उत्तम नेपाली**, (६६ : ३१९/०२३ चैत १२), पृ. ५, श.प. ।

जीवनीमा चित्रकार उत्तम नेपालीको परिचय गराइएको छ ।

---

[*] चिनारी र भेटवार्ता स्तम्भअन्तर्गत नियमित रुपमा लेख आएका छन् । भेटवार्ता भनिए पनि अन्तवार्ता वा कुराकानी भने कतै पनि देखिँदैन ।

१९. धनञ्जय, **चिनारी र भेटवार्ता : बी.आर.गुजर**, (६६ : ३४६/०२४ वैशाख ९), पृ. ५, श.प. ।

जीवनीमा भारतीय चित्रकार जुगरको परिचय दिँदै उनको नेपालप्रतिको मोह देखाइएको छ ।

२०. धनञ्जय, **चिनारी र भेटवार्ता : प्रमिला गिरी**, (६६ : ३५३/०२४ वैशाख १६), पृ. ५, श.प.।

जीवनीमा सन् १९४६ मा सप्तरीमा जन्मिएकी चित्रकार प्रमिला गिरीको परिचय दिइएको छ ।

२१. धनञ्जय, **चिनारी र भेटवार्ता : हिरण्यध्वज जोशी**, (६६ : २९१/०२३ फागुन १३), पृ. ५, श.प. ।

जीवनीमा ख्यातिप्राप्त चित्रकार हिरण्यध्वज जोशीको परिचय दिइएको छ ।

२२. धनञ्जय, **चिनारी र भेटवार्ता : रामानन्द जोशी**, (६६ : ३२६/०२३ चैत १९), पृ. ५, श.प. ।

जीवनीमा सन् १९३८ मा पाटनमा जन्मिएका चित्रकार रामानन्द जोशीको परिचय गराइएको छ ।

२३. धनञ्जय, **चिनारी र भेटवार्ता**, (६६ : २७०/०२३ माघ २२), पृ. ५, श.प. ।

जीवनीमा युवा चित्रकार तथा समाजसेवी व्यक्तित्व शिलुप्यारीको परिचय गराइएको छ ।

२४. धनञ्जय, **चिनारी र भेटवार्ता : कालीदास श्रेष्ठ**, (६६ : २७७/०२३ माघ २९), पृ. ५, श.प.

जीवनीमा चित्रकार कालिदास श्रेष्ठको चिनारी प्रस्तुत गरिएको छ ।

२५. नरेन्द्र रेग्मी, **व्यङ्ग्य विदुषक चार्ली चैपलिन**, (६५ : २६३/०२२ माघ १६), पृ. ६, श.प. ।

सन् १८९६ अप्रिलमा लण्डनमा जन्मिएका हास्यव्यङ्ग्यका धुरन्धर व्यक्तित्व चार्ली चैपलिनको चर्चा गरिएको छ ।

२६. बलराम, **आइन्स्टाइन**, (६४ : २२/०२१ जेठ १६), पृ. ४ ।

जीवनीमा सन् १८७९ मार्च १४ मा जर्मनीमा जन्मिएका आइन्सटाइनको जीवनका प्रमुख उपलब्धिहरूको चर्चा गरिएको छ ।

२७. बालकृष्णप्रसाद जोशी, **स्वर्गीय टि.यस्. इलियट : एक परिचय**, (६४ : २५५/०२१ माघ १०), पृ. ५, श.प. ।

सन् १८८८ मा अमेरिकामा जन्मिएर बेलायतमा ख्याति कमाउन पुगेका कवि टि.यस.इलियटको जीवनी दिइएको छ । इलियटको मृत्यु केही समय अगाडि ०२१ पुष २१ मा भएको थियो ।

२८. बेनामे, **स्वर्गीय जवारहरलाल नेहरू : एक परिचय**, (६४ : २४/०२१ जेठ १७), पृ. ९, श.प. ।

जीवनीमा सन् १८८९ मा भारतको प्रयागमा जन्मिएका भारतीय राजनीतिज्ञ जवाहरलाल नेहरूको सङ्क्षिप्त परिचय दिइएको छ ।

२९. बेनामे, **स्वर्गीय जाकिर हुसेन**, (६८ : ३५८/०२६ वैशाख २३), पृ. ५, श.प. ।

जीवनीमा भूतपूर्व भारतीय राष्ट्रपति जाकिर हुसेनको सङ्क्षिप्त परिचय दिइएको छ ।

३०. बेनामे, **श्री लैनसिंह वाङ्देलको सङ्क्षिप्त परिचय**, (६१ : २६/०१८ वैशाख २८), पृ. २ ।

जीवनीमा नेपाली साहित्य र चित्रकलाका पारङ्गत व्यक्तित्व श्री लैनसिंह वाङ्देलको समान्य परिचय दिइएको छ ।

३१. बेनामे, **ह्वाइट डी.आइजनहावर**[६], (६८ : ३२४/०२५ चैत ८), पृ. ३ ।

दीर्घकालीन शान्तिका लागि आजीवन प्रयत्नरत अमेरिकी भूतपूर्व राष्ट्रपति आइजन हावरको जीवनी दिइएको छ ।

३२. बेनामे, **राजा जयपृथ्वीबहादुर सिंह**, (६० : ८/०१७ वैशाख २२), पृ. ३ ।

जीवनीमा राजा जयपृथ्वीबहादुर सिंहको जीवनका प्रमुख सन्दर्भहरूको चर्चा गरिएको छ ।

---

* यु.एस.आइ.एस.बाट साभारित भनिएको छ ।

३३. माधवलाल कर्माचार्य, **जाती पृथ्वीकी लेखिका पर्ल.एस.बक**, (६७ : २६०/०२४ माघ १३), पृ. ५, श.प. ।

लेखकले अमेरिकी आख्यानकार पर्ल.एस.बकको सङ्क्षिप्त जीवनी दिएका छन् ।

३४. राम शर्मा, **मानवताका महान् सेवक डा. अल्वर्ट स्विटजर**, (६५ : १२९/०२२ भाद्र २६), पृ. ९, श.प. ।

जीवनीमा मानवतावादी व्यक्तित्व अल्वर्ट स्विट्जरको सङ्क्षिप्त परिचय दिइएको छ ।

३५. वंशी श्रेष्ठ, **शेली संक्षिप्त जीवनी**, (६४ : ३४१/०२० चैत ११), पृ. ४ ।

जीवनीमा फ्रान्सेली साहित्यकार शेलीको सङ्क्षिप्त परिचय दिइएको छ ।

३६. वंशी श्रेष्ठ, **हास्यव्यङ्ग्य लेखक : जोनाथन स्वीफ्ट**, (६५ : २९४/०२२ फागुन १५), पृ. ७, श.प. ।

सन् १६६७ मा डब्लिनमा जन्मिएका जोनाथन स्विफ्टको सङ्क्षिप्त परिचय दिइएको छ ।

३७. वंशी श्रेष्ठ, **सुप्रसिद्ध महाकवि मिल्टन एक छोटो परिचय**, (६५ : २४९/०२२ माघ २), पृ. ८, श.प. ।

जीवनीमा महाकवि मिल्टनको बाल्यावस्था तथा वयस्कताका विभिन्न अवस्थाको सङ्क्षिप्त चर्चा गरिएको छ ।

३८. वंशी श्रेष्ठ, **उपन्यास लेखिक जोन आष्टिन**, (६७ : २२७/०२१ पौष १२), पृ. ७, श.प. ।

जीवनीमा उपन्यासकार जोन अष्टिनको जन्म, बाल्यावस्था तथा युवावस्थाका विविध तथ्यहरूमा प्रकाश पारिएको छ ।

३९. श्रीबहादुर कार्की, **कवि वर्डस्वर्थ**, (६४ : ३४५/०२० चैत १५), पृ. ९, श.प. ।

जीवनीमा सन् १७६९ मा बेलायतमा जन्मिएका सुप्रसिद्ध कवि वर्डस्वर्थको जीवनीको सानो झलक दिइएको छ ।

४०. साफल्य अमात्य, **चिनारी र भेटवार्ता : प्रेमध्वज**, (६७ : ४२/०२४ असार ३), पृ. ५, श.प. ।

जीवनीमा कवि तथा गीतकार प्रेमध्वज प्रधानको परिचय दिइएको छ ।

४१. सिलवाल, **जर्ज वाशिङ्गटन : अमेरिकाका प्रथम राष्ट्रपति**, (६४ : २८६/०२१ फागुन १२), पृ. ३ ।

अमेरिकी प्रथम राष्ट्रपति जर्ज वाशिङ्गटनको जीवनी प्रस्तुत गरिएको छ ।

४२. सू.वि. (सूचना विभाग) ?, **श्री ५ युवराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको सङ्क्षिप्त जीवनी**, (६९ : १९९/०२६ मार्ग १२), पृ. ४ ।

स्तम्भमा तत्कालीन युवराजधिराज वीरेन्द्रको जीवनी प्रस्तुत गरिएको छ ।

४३. सू.वि. (सूचना विभाग) ?, **सौभाग्यवती श्री ५ युवराज्ञी ऐश्वर्य राज्यलक्ष्मी देवी राणाको सङ्क्षिप्त जीवनी,** (६९ : १९९/०२६ मार्ग १२), पृ. ६, श.प.।

जीवनीमा श्री ५ युवराज्ञी ऐश्वर्यराज्यलक्ष्मी देवी राणाको चिनारी दिइएको छ ।

४४. हरदयालसिंह नेपाली, **हिन्दू धर्मका संरक्षक श्री गुरु गोविन्द सिंह,** (६६ : २५१/०२३ माघ ५), पृ. ३ ।

जीवनीमा सम्वत् १७२३ मा जन्मिएका धार्मिक व्यक्तित्व गुरु गोविन्द सिंहको सङ्क्षिप्त परिचय दिइएको छ ।

४५. हरदयालसिंह नेपाली, **परोपकारी गुरु नानक,** (६८ : १७८/०२५ कार्तिक २०), पृ. ३ ।

सन् १५२६ मा जन्मिएका शिखहरूका प्रथम धर्मगुरु नानकको सङ्क्षिप्त जीवनी दिइएको छ ।

४६. हरदयालसिंह नेपाली, **हिन्दू धर्मका संरक्षक श्री गुरु गोविन्द सिंह,** (६८ : २९९/०२५ पौष १२), पृ. ३ ।

सम्वत् १७२३ मंगलबार पौष सुदी सप्तमीका दिन भारतको पटनामा जन्मिएका गुरु गोविन्द सिंहको जीवनीका प्रमुख सन्दर्भहरूको चर्चा गरिएको छ ।

### ४.६.१ प्रकाशित आत्मकथा र आत्मकथाकारका प्रमुख प्रवृत्तिहरू

शोधकार्यका अवधि भरमा गोर्खापत्रमा जम्मा ३ ओटा आत्मकथाहरू प्रकाशित देखिन्छन् । रचना प्रकाशनका हिसावले यो सङ्ख्या अत्यन्त न्यून हो तर पनि विधागत अस्तित्व बचाउन आत्मकथा सफल भएको देखिन्छ । यी आत्मकथाहरू कुनै व्यक्ति विशेषका नभएर वस्तु विशेषसँग सम्बन्धित रहेका छन् । आत्मकथाहरू 'माटोको आत्मकथा', 'गोर्खापत्रको आत्मकथा' र 'चिठीको आत्मकथा'जस्ता शीर्षकहरूमा प्रकाशित छन् । सम्बन्धित वस्तु वा पक्षहरूको उत्पत्ति, विकास महत्त्व र उपादेयता आदि पक्षमा केन्द्रित भएर यस समयमा आत्मकथाहरू प्रकाशित देखिन्छन् त्यसैले व्यक्तिको नभएर वस्तुका बारेमा आत्मकथाहरू प्रकाशित गरिनु नै यस समयका आत्मकथाको प्रमुख प्रवृत्ति हो । यस समयका आत्मकथाकारहरूमा कमलनाथ शर्मा पथिक, ढुण्डीराज भण्डारी, दामोदरप्रसाद रेग्मी रहेका छन् ।

## k|sflzt cfTdsyfx¿sf] ljj/0ffTds ;"rL

१. कमलनाथ शर्मा 'पथिक', **माटोको आत्मकथा,** (६३ : २८३/०१९ माघ १३), पृ. १२, श.प. ।

कथामा माटो अर्थात पृथ्वीको उत्पत्ति र विकाससम्बन्धी आत्मकथाको वर्णन गरिएको छ ।

२. ढुण्डीराज भण्डारी, **गोर्खापत्रको आत्मकथा,** (६१ : २५/०१८ वैशाख २५), पृ. २ ।

आत्मकथामा गोर्खापत्रको साठीऔँ जन्मजयन्तीमा गोर्खापत्रलाई नै पात्र बनाएर उसको आफ्नो आत्मकथा वर्णन गराइएको छ ।

३. दामोदरप्रसाद रेग्मी, **चिठीको आत्मकथा,** (६३ : ११३/०१९ मङ्सिर २), पृ. १०, श.प. ।

आत्मकथामा चिठीलेखनको प्रारम्भ तथा विकासका बारेमा वर्णन गरिएको छ ।

### ४.७ प्रकाशित हास्यव्यङ्ग्य र हास्यव्यङ्ग्यकारहरूका प्रमुख प्रवृत्तिहरू

शोध सीमाभित्रका दसवर्षे अवधिमा गोर्खापत्रमा जम्मा ३० ओटाको सङ्ख्यामा हास्यव्यङ्ग्य सम्बन्धी रचनाहरू प्रकाशित छन् । प्रकाशित रचनाहरूमा तत्कालीन समाजमा देखिएका सामाजिक विकृति विसङ्गतिहरूको चर्चा गर्दै हाँसो मिश्रित व्यङ्ग्य प्रहार गर्ने प्रवृत्ति पाइन्छ । रचनाहरूमा पाठकहरूलाई मनोरञ्जन प्रदान गर्न केवल हँसाउने मात्र नभइ देखिएका कमी कमजोरीमाथि टिप्पणी गर्दै त्यस्ता कमजोरीहरूप्रति सुधारात्मक उपायहरूको समेत निर्देश गर्ने प्रवृत्ति पाइन्छ । प्रमुख प्रतिनिधि स्रष्टाका रूपमा उल्लेख्य नाम नरहे पनि यस अवधिमा केशवराज पिँडाली, दत्तात्रेय, श्याम गोतामे, सुशीलारानी आदिका रचनाहरू स्तरीय देखिन्छन् । यसका अतिरिक्त तत्कालीन स्थितिमा समाजका विकृतिमा व्यङ्ग्य गर्नुपर्दा कतिपय रचनाहरूमा 'बेनामे' शीर्षक दिएर पनि रचनाहरू प्रकाशन गर्ने गरिएको पाइन्छ ।

प्रकाशित हास्यव्यङ्ग्यहरूको विवरणात्मक सूची

१. कन्जुस, **मागे राज्य पाइन्छ**, (६७ : ४२/०२४ असार ३), पृ. ८, श.प. ।

लेखमा मागे राज्य पाइन्छ भन्ने उखान सान्दर्भिक नभएको भन्ने विषयमा व्यङ्ग्यात्मक प्रस्तुति छ ।

२. केशवराज पिँडाली, **हे महामहिम बस ! नमस्कार ग्रहण गर**, (६९ : ३२०/०२६ चैत १५), पृ. ७, श.प. ।

लेखकले सवारी साधनका रूपमा रहेको बस को आवश्यकता, औचित्य र महत्त्वका पक्षमा व्यङ्ग्य प्रहार गरेका छन् ।

३. गोतामे, **एउटा बाँकी अनुकरण**, (६७ : ३०८/०२४ चैत ३), पृ. ८, श.प. ।

लेखमा नेपालीले सारा कुप्रवृत्तिहरूको अनुकरण गरेको भए पनि सुन्दरी प्रतियोगिताको अनुकरण गर्न भने बाँकी नै रहेको भन्ने विषयमा चर्चा गरिएको छ ।

४. जनकलाल शर्मा, **मेरा पुड्के साथीहरू**, (६७ : ११९/०२४ भाद्र १७), पृ. ८, श.प. ।

लेखकले समाजमा मध्यमवर्गीय भएर बाँच्नेहरूको कुनै अस्तित्व नभएको भन्ने विषयमा चर्चा गरेका छन् ।

५. जितेन्द्र बस्न्यात, **भ्रष्टाचार निर्मूल सम्मेलन**, (६७ : २६०/०२४ माघ १३), पृ. ६, श.प. ।

लेखमा समाजमा झाँगिदै गएको भ्रष्टाचारी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ ।

६. त्रिलोक मजूपुरिया, **नाकको शान**, (६८ : २१७/०२५ मार्ग २९), पृ. ७, श.प. ।

लेखमा प्रतिष्ठाको प्रतीक पात्र बनेको नाकका विषयमा हास्यव्यङ्ग्यात्मक वर्णन गरिएको छ ।

७. दत्तात्रेय, **बसको आत्मकथा**, (६५ : ३१५/०२२ चैत २०), पृ. ९, श.प. ।

हास्यव्यङ्ग्यमा सवारीको नाम बस भए पनि यात्रु चाहिँ उठको स्थितिमा यात्रा गर्नुपरेको भन्दै व्यङ्ग्य गरिएको छ ।

८. दाहाल, **के खाने के नखाने**, (६८ : ३१५/०२५ चैत ९), पृ. ८, श.प. ।

लेखमा भोज्य-पेय पदार्थहरू के खाने के नखाने भन्ने बारेमा हास्यमिश्रित व्यङ्ग्य गरिएको छ ।

९. ध्रुकुदे (ध्रुवकुमार देउजा), **सभ्यरोग**, (६७ : २२५/०२४ पौष ८), पृ. ८, श.प. ।

लेखमा विभिन्न बहानामा सभ्य देखिन खोज्ने तथाकथित विद्वान्हरूप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

१०. नरेन्द्र अमात्य, **बकबक**, (६९ : २६४/०२६ माघ १८), पृ. ८, श.प. ।

हास्यव्यङ्ग्यमा मानिसहरूको बोलिरहनु पर्ने फतफते बानीप्रति व्यङ्ग्य गरिएको छ ।

११. नरेन्द्रविक्रम पन्त, **घूस महात्म्य**, (६५ : २५६/०२२ माघ ९), पृ. ९, श.प. ।

रचनामा प्रतीकात्मक किसिमले घूस खाने प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ ।

१२. बमभोला, **मेरो प्रतिज्ञा**, (६६ : १३५/०२३ असोज १), पृ. ८, श.प. ।

हास्यव्यङ्ग्यमा सानो निहुँ पाउने बित्तिकै मादक पदार्थ सेवन गर्ने प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरिएको छ ।

१३. बमभोला, **अन्धो दुनियाँ**, (६६ : ७९/०२३ श्रावण ८), पृ. ८, श.प.

हास्यव्यङ्ग्यमा मानिसको उत्तरदायित्वहीनताप्रति व्यङ्ग्य गरिएको छ ।

१४. बेनामे, **हास-परिहास-उपहास स्वस्थानी (१)**, (९१ : ३०८/०१८ फागुन २०), पृ. २ ।

हास्यव्यङ्ग्यमा स्वस्थानी ब्रतकथाको ढाँचामा समाजका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गरिएको छ ।

१५. बेनामे, **हास-परिहास-उपहास स्वस्थानी (२)**, (९१ : ३१८/०१८ फागुन २९), पृ. २ ।

अघिल्लो जस्तै गरी स्वस्थानी ब्रतकथाको ढाँचामा समाजका विकृतिहरूमाथि व्यङ्ग्य गरिएको छ ।

१६. बेनामे, **रेडियो नयाँ सडक (१)**, (६५ : ३५५/०२३ वैशाख १८), पृ. ९, श.प. ।

रचनामा सञ्चार क्षेत्रप्रतिको असन्तुष्टि व्यक्त भएको छ ।

१७. बेनामे, **बकसपत्र**, (६५ : ३४८/०२३ वैशाख ११), पृ. ९, श.प. ।

रचनामा बकसपत्र शीर्षकमा व्यङ्ग्यात्मक किसिमले वर्णन गरिएको छ ।

१८. बेनामे, **चाहियो ! चाहियो !! चाहियो !!!**, (६६ : ६५/०२३ असार २५), पृ. १०, श.प. ।

हास्यव्यङ्ग्यमा देशमा योग्य मान्छे नभएकामा व्यङ्ग्य गरिएको छ ।

१९. बेनामे, **द्यौ शान्ति : पृथिवी शान्ति**, (६६ : ८६/०२३ श्रावण १५), पृ. ८, श.प. ।

हास्यव्यङ्ग्यमा आणविक युगको सन्त्रासप्रति व्यङ्ग्य गरिएको छ ।

२०. बेनामे, **पानीको भाउमा अवमूल्यन**, (६६ : ५१/०२३ असार ११), पृ. ९, श.प. ।

रचनामा तत्कालीन अवस्थामा नेपाली र भारतीय मुद्राको सटही दरमा भएको परिवर्तनमाथि तीव्र व्यङ्ग्य गरिएको छ ।

२१. रमण नेपाल, **नमस्ते**, (६८ : २७/०२५ जेठ १९), पृ. ७, श.प. ।

लेखकले नमस्ते विना कुनै काम नचल्ने प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरेका छन् ।

२२. लक्ष्मण पौडेल, **रगत**, (६८ : १११/०२५ भाद्र ९), पृ. ८, श.प. ।

लेखमा हास्यात्मक शैलीमा रक्तदानको महत्त्वमाथि प्रकाश पारिएको छ ।

२३. शारदा निरौला, **पर्स र भ्यानिटी व्याग**, (६८ : २०३/०२५ मार्ग १५), पृ. ८, श.प. ।

रचनामा पर्स आवश्यकताभन्दा बढी फेसनका रूपमा आएको भन्दै त्यस्तो प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गरिएको छ ।

२४. श्याम गोतामे, **मैले पनि पिउन सिकेँ**, (६८ : २७३/०२५ माघ २६), पृ. ७, श.प. ।

रचनामा रक्सी उत्पादक र यसका उपभोक्ताप्रति तीव्र व्यङ्ग्य गरिएको छ ।

२५. श्याम गोतामे, **भविष्यद्रष्टा**, (६९ : २७१/०२६ माघ २५), पृ. ८, श.प. ।

हास्यव्यङ्ग्यमा साहित्यकार र राजनीतिज्ञभन्दा भिन्न भविष्यद्रष्टाहरूको आवश्यकता भएको भनिएको छ ।

२६. श्याम गोतामे, **जय नरधुप जय चुरोट**, (६९ : ५/०२६ वैशाख २८), पृ. ८, श.प. ।

लेखमा मानिसको धुमपानप्रतिको लतमाथि व्यङ्ग्य गरिएको छ ।

२७. श्रीधर खनाल, **डाक्टरहरूको जय होस्**, (६८४ : ११४/०२१ भाद्र १४), पृ. ९, श.प. ।

रचनामा डाक्टरहरूको उपचारको प्रक्रिया र अनावश्यक सान्त्वनाप्रति व्यङ्ग्य गरिएको छ ।

२८. सागर, **माहिलाबाजे**, (६८ : १३२/०२५ भाद्र ३०), पृ. ८, श.प. ।

रचनामा नेपाल आएर आफूहरू समृद्ध र विकसित भएको देखाउन नग्नप्रायः हिँड्ने हिप्पीहरूमाथि तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

२९. शुशीलारानी, **हक पाउँदा अनि-बस चढ्दा**, (६७ : १९०/०२४ मार्ग २), पृ. ८, श.प. ।

रचनामा बस चढ्दा महिलाहरूमाथि हुने अभद्र व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

३०. स्वाँठ, **यो पनि सायद संस्कृति नै हो**, (६७ : ७७/०२४ श्रावण ७), पृ. ७, श.प. ।

लेखकले संस्कृतिका नाममा देखिएका आडम्बरप्रति व्यङ्ग्य गरेका छन् ।

## ४.८ प्रकाशित कृति समीक्षा र समीक्षकका प्रमुख प्रवृत्तिहरू

शोधकार्यका समय सीमा भित्रमा गोर्खापत्रमा जम्मा १९० ओटा कृति समीक्षाहरू प्रकाशित छन् । प्रारम्भिक समयमा कृतिसमीक्षा प्रकाशनमा कुनै नियमितता नदेखिए तापनि जब गोर्खापत्रले शनिवासरीय परिशिष्टाङ्क नियमित रूपमा प्रकाशन गर्न थाल्यो त्यहाँदेखि नियमित स्तम्भको रूपमा कृति समीक्षाहरू प्रकाशित हुन थालेको पाइन्छ । कृति समीक्षाका समीक्षकका रूपमा प्रारम्भदेखि राजहंसको एकल प्रतिनिधित्व देखिन्छ तर राजहंस बाहेकका दुईओटा बेनामे कृति समीक्षाहरू पनि यस समयमा प्रकाशित देखिन्छन् । प्रारम्भदेखि नै राजहंसको एकल प्रतिनिधित्व रहे पनि कृतिसमीक्षाको शैलीमा एकरूपता भने देखिँदैन । कुनै कृतिको भने साङ्गोपाङ्गो समालोचना नै पनि गरिएको त कुनै कृतिका बारेमा सामान्य जानकारीमा मात्र सीमित भएको पनि पाइन्छ । यसो भए तापनि गोर्खापत्रमा कृति समीक्षाहरूको प्रकाशन स्थिति सबल नै देखिन्छ । स्तम्भमा पुस्तकाकार कृति विशेषको मात्र  समीक्षा गर्ने नभएर साहित्यिक, गैरसाहित्यिक पत्रपत्रिकाहरू, विभिन्न स्कुल तथा क्याम्पसहरूका मुखपत्रहरू आदिका समेत समीक्षाहरू छापिएका देखिन्छन् ।

प्रकाशित कृति समीक्षाहरूका आधारमा मूल्याङ्कन गर्दा राजहंस र उनका समीक्षाहरू प्रभाववादबाट अत्याधिक प्रभावित देखिन्छन् । कृतिका समीक्षाहरूको प्रकाशन स्थिति मूल्याङ्नबाट यो तथ्यको पुष्टि हुन जान्छ । यसैगरी प्रकाशित कृति समीक्षाहरूको समग्र शीर्षक एकै किसिमको रहेको देखिन्छ । 'नयाँकृति' शीर्षकमा सम्पूर्ण पुस्तक तथा पत्रपत्रिकाहरूको समीक्षा प्रस्तुत गर्ने गरिएको पाइन्छ । विषयवस्तुमा प्रवेश गरेपछि मात्र कुन कृतिको बारेमा समीक्षा गरिँदैछ भन्ने कुराको जानकारी मिल्ने गर्दछ । कृति समीक्षाहरू कृतिसमीक्षा स्तम्भमा प्रकाशित हुने गरेको भए तापनि स्तम्भहरूको प्रकाशनमा कुनै नियमितता भने देखिँदैन ।

## प्रकाशित कृतिसमीक्षाहरूको विवरणात्मक सूची

१. बेनामे , **पत्रिका समीक्षा,** (६१ : २१०/०१८ मार्ग ८), पृ. २ ।

स्तम्भमा कमलमणि दीक्षितद्वारा सम्पादित नेपाली साहित्यिक त्रैमासिक पत्रिकाको अङ्क छ र सातको क्रमश : समीक्षा गरिएको छ ।

२. बेनामे, **नयाँ कृति,** (६१ : ३०५/०१८ फागुन १६), पृ. २ ।

समीक्षक अज्ञात रहेको यस स्तम्भमा प्रकाशक कीर्तिनाथ शर्मा र प्रबन्ध सम्पादक बालमुकुन्द पाण्डे रहेको साप्ताहिक पत्रिका साप्ताहिक समाचारको परिचयात्मक टिप्पणी गरिएको छ ।

३. राजहंस, **नयाँ कृति,** (६० : २३/०१७ जेठ २६), पृ. २ ।

स्तम्भमा आनन्ददेव भट्टद्वारा लिखित पुस्तक आमर खैयामलाई जवाफको विश्लेषण गरिएको छ ।

४. राजहंस, **समीक्षा,** (६० : ४२/०१७ श्रावण १०), पृ. २ ।

स्तम्भमा वि.सं. २०१७ देखि प्रकाशन हुन थालेको रूपरेखा पत्रिकाको समीक्षा गरिएको छ ।

५. राजहंस, **समीक्षा,** (६० : ४२/०१७ श्रावण १०), पृ. २ ।

स्तम्भमा कमलमणि दीक्षितद्वारा लिखित पुस्तक कालो अक्षरको विश्लेषण गरिएको छ ।

६. राजहंस, **पुस्तक समीक्षा,** (६० : १०९/०१७ माघ ५), पृ. २ ।

स्तम्भमा दलभञ्जन कार्कीद्वारा लिखित तथा पाशुपत प्रेस फसिकेवबाट प्रकाशित मामाघर शीर्षक कहानीसङ्ग्रहको समीक्षा गरिएको छ ।

७. राजहंस, **पुस्तक परिचय,** (६१ : २०१/०१८ कार्तिक २९), पृ. २ ।

समीक्षामा कमल दीक्षितद्वारा सम्पादित पुस्तक बुइँगलको चर्चा गरिएको छ । बुइँगल कविताहरूको सङ्ग्रह हो र वि.सं. १९६१ भन्दा अगाडिका कविहरूका कविता सङ्गृहीत छन् ।

८. राजहंस, **पुस्तक परिचय,** (६१ : २१२/०१८ मार्ग १०), पृ. २ ।

समीक्षामा सत्यदेवलाल देवद्वारा लिखित हिन्दी नेपाली अनुवाद भएको तुरुंत नेपाली सीखें शीर्षक पुस्तकको चर्चा गरिएको छ ।

९. राजहंस, **नयाँ कृति,** (६१ : २७९/०१८ माघ ९), पृ. २ ।

समीक्षामा रत्नपुस्तक भण्डारद्वारा प्रकाशित तथा सरोजकुमार शाक्यद्वारा सङ्गृहीत पुस्तक ज्ञानरश्मिको परिचयात्मक टिप्पणी गरिएको छ ।

१०. राजहंस, **पुस्तक परिचय,** (६१ : २७३/०१८ माघ १३), पृ. २ ।

समीक्षामा भीमनीधि तिवारीद्वारा लिखित पुस्तक नेपाली सामाजिक कहानी अन्तरे भाग को समीक्षा गर्दे नेपालीपनले युक्त भएको भनिएको छ ।

११. राजहंस, **पुस्तक समीक्षा,** (६१ : २७७/०१८ माघ १७), पृ. २ ।

समीक्षामा करुणाकर वैद्यद्वारा लिखित पुस्तक फोक टेल्स अफ नेपालको परिचयात्मक टिप्पणी गरिएको छ ।

१२. राजहंस, **नयाँ कृति,** (९१ : ३२०/०१८ चैत १), पृ. २ ।

समीक्षामा जगतबहादुर सिंहद्वारा लिखित पृथ्वीनारायण शाह नामक खण्डकाव्यको विवेचना गरिएको छ ।

१३. राजहंस, **नयाँ कृति,** (६१ : ३२१/०१८ चैत २), पृ. २ ।

स्तम्भमा सम्पादक तथा प्रकाशक रोचक घिमिरे रहेको साहित्यिक पत्रिका 'चार महिने साहित्यिक प्रकाशन'को समीक्षात्मक टिप्पणी गरिएको छ ।

१४. राजहंस, **नयाँ कृति,** (६१ : २३०/०१८ चैत ९), पृ. २ ।

समीक्षामा कञ्चन पुडासैनीद्वारा लिखित कवितासङ्ग्रह कलाको विवेचना प्रस्तुत गरिएको छ ।

१५. राजहंस, **नयाँ कृति,** (६१ : ३३२/०१८ चैत १३), पृ. २ ।

समीक्षामा लेखक मुकुन्द ढुङ्गेल तथा प्रकाशक सुशील ढुङ्गेल भएको कहानीहरूको सङ्ग्रह नयाँ मोड : रमाइलो सफरको चर्चा गरिएको छ ।

१६. राजहंस, **नयाँ कृति,** (६२ : ५/०१९ वैशाख ६), पृ. २ ।

समीक्षामा भीमनीधि तिवारीद्वारा लिखित कवितासङ्ग्रह विष्फोटको चर्चा गर्दै पद्यविधातर्फको तत्कालीन अवस्थासम्म नै मदन पुरस्कार पाउन सफल कृति भएको जनाइएको छ ।

१७. राजहंस, **नयाँ कृति,** (६२ : १०/०१९ वैशाख ११), पृ. २ ।

समीक्षामा रत्नदेव शाक्यद्वारा लिखित पुस्तक कटाइ शिक्षाको चर्चा गरिएको छ ।

१८. राजहंस, **नयाँ कृति,** (६२ : १५/०१९ वैशाख १६), पृ. २ ।

समीक्षामा लेखक दुर्गाप्रसाद श्रेष्ठ उपेन्द्र रहेको दसओटा भौतिक कथाहरूको सङ्ग्रह सम्झनाको बादलको विवेचनात्मक परिचय गराइएको छ ।

१९. राजहंस, **नयाँ कृति,** (६२ : १९/०१९ वैशाख २०), पृ. २ ।

समीक्षामा विश्वनाथ अधिकारीद्वारा लिखित 'नाइलनको सारी' नामक कथासङ्ग्रहको परिचयात्मक टिप्पणी गरिएको छ ।

२०. राजहंस, **नयाँ कृति,** (६३ : ८५/०१९ असार २३), पृ. ४, श.प. ।

समीक्षामा कवि उपेन्द्र श्रेष्ठद्वारा लिखित कवितासङ्ग्रह 'निम्तो'को परिचयात्मक टिप्पणी गरिएको छ ।

२१. राजहंस, **नयाँ कृति,** (६३ : ८५/०१९ असार २३), पृ. ४, श.प. ।

समीक्षामा ललीतजंग सिजापतिद्वारा लिखित पुस्तक नेपाल र नेपालका राजाको विवेचना गरिएको छ ।

२२. राजहंस, **नयाँ कृति,** (६३ : ९२/०१९ असार ३०), पृ. ४, श.प. ।

समीक्षामा गोविन्दप्रसाद भट्टराईद्वारा लिखित महाकाव्य श्री पृथिवी महेन्द्र को समीक्षा गर्दै ऐतिहासिक काव्य भएको जनाइएको छ ।

२३. राजहंस, **नयाँ कृति,** (६३ : ९२/०१९ असार ३०), पृ. ४, श.प. ।

समीक्षामा आनन्ददेव भट्टद्वारा लिखित खण्डकाव्य साहिँली मैयाको विवेचना गरिएको छ ।

२४. राजहंस, **नयाँ कृति,** (६३ : १०६/०१९ श्रावण १३), पृ. ४, श.प. ।

समीक्षामा ललितजंग सिजापतिद्वारा लिखित पुस्तक 'प्रवासी नेपाली'प्रति एक दृष्टिकोणको बारेमा चर्चा गरिएको छ ।

२५. राजहंस, **नयाँ कृति,** (६३ : १२०/०१९ श्रावण २७), पृ. ४, श.प. ।

समीक्षामा चिनियाँ लेखक को-मो-भो तथा प्रकाशक शाही नेपाल एकेडेमी भएको नाटक 'चूयाको' चर्चा गरिएको छ । नाटकका अनुवादक देवेन्द्रराज अर्जेल रहेका छन् ।

२६. राजहंस, **नयाँ कृति,** (६३ : १२७/०१९ भाद्र २), पृ. ४, श.प. ।

स्तम्भमा लेखक तथा प्रकाशक आनन्ददेव भट्टद्वारा लिखित पुस्तक हाम्रा प्रतिभाहरूको समीक्षा गरिएको छ ।

२७. राजहंस, **नयाँ कृति,** (६३ : १३२/०१९ असोज ६), पृ. १५, श.प. ।

समीक्षामा चिनियाँ कथाकार सु यूद्वारा लिखित तथा भानु प्रकाशन प्रकाशक रहेको पुस्तक 'कुहिरोभित्रकी आइमाई' र अरु दुई कथाहरूको विवेचना गरिएको छ । कृति अनुवादित भए पनि अनुवादकको नाम खुलाइएको छैन ।

२८. राजहंस, **नयाँ कृति,** (६३ : १७६/०१९ असोज २०), पृ. १५, श.प. ।

स्तम्भमा सम्पादक इन्द्रमाली तथा प्रकाशक प्रतिनिधि प्रकाशन भएको साहित्यिक सङ्कलन भावनाको चर्चा गरिएको छ ।

२९. राजहंस, **नयाँ कृति,** (६३ : १९९/०१९ कार्तिक १८), पृ. १५, श.प. ।

समीक्षामा जनकप्रसाद हुमागाँईद्वारा लिखित तथा विष्णुप्रसाद पराजुलीद्वारा प्रकाशित कवितासङ्ग्रह 'पसिना'को विवेचना गरिएको छ ।

३०. राजहंस, **नयाँ कृति,** (६३ : २०६/०१९ कार्तिक २५), पृ. १८, श.प. ।

समीक्षामा कुमारी शुशिला शर्माद्वारा लिखित तथा प्रकाशक गेरूप्रसाद कोइराला रहेको फुटकर कविताको सङ्ग्रह 'आरधना'को परिचयात्मक टिप्पणी गरिएको छ ।

३१. राजहंस, **नयाँ कृति,** (६३ : २२७/०१९ मङ्सिर १६), पृ. १४, श.प. ।

स्तम्भमा धर्मराज थापाद्वारा लिखित तथा सावित्री थापाद्वारा प्रकाशित गीत कविताको सङ्गालो 'मिर्मिरेको रन्को'को चर्चा गरिएको छ ।

३२. राजहंस, **नयाँ कृति,** (६३ : २४१/०१९ मङ्सिर ३०), पृ. १६, श.प. ।

समीक्षामा चूडानाथ भट्टरायद्वारा लिखित तथा नुतन श्री भट्टरायद्वारा प्रकाशित 'कवि, कविता र कविताको सिद्धान्त' शीर्षक समालोचनात्मक कृतिको विवेचना गरिएको छ ।

३३. राजहंस, **नयाँ कृति,** (६३ : २६२/०१९ पौष २१), पृ. १६, श.प. ।

समीक्षामा आनन्ददेव भट्टद्वारा लिखित 'समालोचनाको बाटोतिर' शीर्षक समालोचनात्मक ग्रन्थको बारेमा चर्चा गरिएको छ ।

३४. राजहंस, **नयाँ कृति,** (६३ : २६९/०१९ पौष २८), पृ. १६, श.प. ।

समीक्षामा माधवलाल कर्माचार्यद्वारा लिखित 'तीन कविका केही कविता' शीर्षक समालोचनात्मक ग्रन्थको चर्चा गरिएको छ ।

३५. राजहंस, **नयाँ कृति,** (६३ : २७६/०१९ माघ ६), पृ. १४, श.प. ।

समीक्षामा ठाकुर पराजुली सम्पादक तथा संस्कृत छात्र संघ (नेपाल) प्रकाशक रहेको साहित्यिक त्रैमासिक पत्रिका 'सिंहनाद'को विवेचना गरिएको छ ।

३६. राजहंस, **नयाँ कृति,** (६३ : २९०/०१९ माघ २०), पृ. १६, श.प. ।

स्तम्भमा तारानाथ शर्माद्वारा लिखित निबन्धसङ्ग्रह 'नमस्ते'को विवेचना गरिएको छ ।

३७. राजहंस, **नयाँ कृति,** (६३ : २९०/०१९ माघ २०), पृ. १६, श.प. ।

समीक्षामा माधवलाल कर्माचार्यद्वारा लिखित पुस्तक 'खरानीको थुप्रो'को समीक्षा गरिएको छ । पुस्तकमा छब्बीस ओटा गीतिकाव्य रहेको भनिएको छ ।

३८. राजहंस, **नयाँ कृति,** (६३ : ३०४/०१९ फागुन ४), पृ. १५, श.प. ।

समीक्षामा कञ्चन पुडासैनीद्वारा लिखित पुस्तक 'प्रेमको चिठी'को विवेचना गरिएको छ । समीक्षकले पुस्तकलाई गद्य-पद्यात्मक खण्डकाव्यको संज्ञा दिएका छन् ।

३९. राजहंस, **नयाँ कृति,** (६३ : ३११/०१९ फागुन ११), पृ. १६, श.प. ।

समीक्षामा लेखक तथा प्रकाशक नगेन्द्रबहादुर थापा रहेको कवितासङ्ग्रह 'प्रतिभा'को विवेचना गरिएको छ ।

४०. राजहंस, **नयाँ कृति,** (६३ : ३१८/०१९ फागुन १८), पृ. १६, श.प. ।

समीक्षामा सम्पादक तथा प्रकाशक गोपाल पाँडे असीम भएको कृति 'समस्यापूर्ति'को चर्चा गरिएको छ ।

४१. राजहंस, **नयाँ कृति,** (६४ : ४२/०२० जेठ ११), पृ. १५, श.प. ।

स्तम्भमा पूर्णानन्द शर्मा सहित पाँचजना सम्पादकमण्डल रहेको धनकुटाबाट प्रकाशित साहित्यिक द्वैमासिक पत्रिका 'प्रोत्साहन'को समीक्षा गरिएको छ ।

४२. राजहंस, **नयाँ कृति,** (६४ : १०५/०२० श्रावण १२), पृ. १०, श.प. ।

समीक्षामा केदारमान व्यथित प्रधान सम्पादक रहेको त्रैमासिक साहित्यिक पत्रिका 'हिमानी'को परिचयात्मक टिप्पणी गरिएको छ ।

४३. राजहंस, **नयाँ कृति,** (६४ : १९९/०२० श्रावण २६), पृ. ९, श.प. ।

समीक्षामा प्रधान सम्पादक राजेश्वर देवकोटा रहेको द्वैमासिक 'बालपत्रिका'को चर्चा गरिएको छ ।

४४. राजहंस, **नयाँ कृति,** (६४ : १४७/०२० भाद्र २२), पृ. १०, श.प. ।

समीक्षामा नरेन्द्रकेशरी उपाध्यायद्वारा लिखित 'नेपाल गौरव' नामक कविता काव्यको विवेचना गरिएको छ ।

४५. राजहंस, **नयाँ कृति,** (६४ : १५४/०२० भाद्र २९), पृ. १०, श.प. ।

स्तम्भमा हर्षनाथ शर्मा भट्टराईद्वारा लिखित नेपाली भाषा र साहित्य नामक पुस्तकको समीक्षा गर्दै नेपाली वाङ्मयको क्षेत्रमा पहिलो पुस्तक भएको दावी गरिएको छ ।

४६. राजहंस, **नयाँ कृति,** (६४ : १७५/०२० असोज १९), पृ. १०, श.प. ।

स्तम्भमा भीमनीति तिवारीद्वारा लिखित तथा नेपाली भाषा प्रकाशिनी समितिद्वारा प्रकाशित 'नेपाली सामाजिक कहानी सन्तरे भाग'को विवेचना गरिएको छ ।

४७. राजहंस, **नयाँ कृति,** (६४ : २०७/०२० कार्तिक २३), पृ. ९, श.प. ।

समीक्षामा लेखन तथा सम्पादन किरण खरेल भएको एकसय ओटा गीतहरूको सङ्ग्रह 'के हो तिम्रो नाउँ ?' को परिचयात्मक टिप्पणी गरिएको छ ।

४८. राजहंस, **नयाँ कृति,** (६४ : २१४/०२० कार्तिक ३०), पृ. १०, श.प. ।

समीक्षामा केदारमान व्यथित सम्पादक तथा नेपाली साहित्य संस्थान प्रकाशक भएको त्रैमासिक साहित्यिक पत्रिका 'हिमानी'को विवेचना गरिएको छ ।

४९. राजहंस, **नयाँ कृति,** (६४ : २६१/०२० पौष २०), पृ. १०, श.प. ।

समीक्षामा रमेश विकलद्वारा लिखित 'तेह्र रमाइला कथाहरू' शीर्षक कथासङ्ग्रहको विवेचना गरिएको छ ।

५०. राजहंस, **नयाँ कृति,** (६४ : २९६/०२० माघ २५), पृ. ९, श.प. ।

समीक्षामा लेखक गुणराज उपाध्यायद्वारा लेखिएको महाकाव्य 'शाहवंश'को प्रथम सर्गका बारेमा टिप्पणी गरिएको छ ।

५१. राजहंस, **नयाँ कृति,** (६४ : ३३८/०२० चैत ८), पृ. १०, श.प. ।

समीक्षामा केदारमान श्रेष्ठ र परशु प्रधान सम्पादक रहेको कविताको सङ्गालो 'सृजना'को चर्चा गरिएको छ । कृति भोजपुरका उत्साही युवाहरूको सङ्गालो हो ।

५२. राजहंस, **नयाँ कृति,** (६४ : ३४५/०२० चैत १५), पृ. ९, श.प. ।

समीक्षामा सम्पादक आनन्ददेव भट्ट तथा प्रकाशक साहित्य परिषद् धरान रहेको कृति 'प्रेरणा'को विवेचना गरिएको छ । प्रेरणा कविता, कथा र निबन्धहरूको सङ्ग्रह हो ।

५३. राजहंस, **नयाँ कृति,** (६४ : ४/०२१ वैशाख २७), पृ. १०, श.प. ।

समीक्षामा बालकृष्ण समद्वारा लिखित नाटक 'म' को चर्चा गर्दै उत्कृष्ट भएकैले तेस्रो संस्करणसम्म छापिएको हो भनिएको छ ।

५४. राजहंस, **नयाँ कृति,** (६४ : ४/०२१ वैशाख २७), पृ. १०, श.प. ।

स्तम्भमा रूपरेखा मासिकको समालोचना विशेषाङ्कको समीक्षा गरिएको छ ।

५५. राजहंस, **नयाँ कृति,** (६४ : ८०/०२१ श्रावण १०), पृ. १०, श.प. ।

समीक्षामा भीमनीधि तिवारी लेखक तथा प्रकाशक भएको कवितासङ्ग्रह 'कविताकुञ्ज'को विवेचना प्रस्तुत गरिएको छ ।

५६. राजहंस, **नयाँ कृति,** (६४ : ८७/०२१ श्रावण १७), पृ. ९, श.प. ।

समीक्षामा लेखक तथा प्रकाशक देवीप्रसाद रेग्मीको गीतसङ्ग्रह 'आमाको सन्देश'को बारेमा टिप्पणी गरिएको छ ।

५७. राजहंस, **नयाँ कृति,** (६४ : १२१/०२१ भाद्र २१), पृ. ९, श.प. ।

स्तम्भमा मदनदेव भट्टराईद्वारा सम्पादित साहित्यिक तथा सांस्कृतिक पत्रिका 'रत्नश्री'को समीक्षा गरिएको छ ।

५८. राजहंस, **नयाँ कृति,** (६४ : १२१/०२१ भाद्र २१), पृ. ९, श.प. ।

समीक्षामा सम्पादक पुरुषोत्तम बस्नेत सहित तीनजना रहेको तीन महिने साहित्यिक पत्रिका 'मुकुट'को विवेचना गरिएको छ ।

५९. राजहंस, **नयाँ कृति,** (६४ : १२१/०२१ भाद्र २१), पृ. ९, श.प. ।

समीक्षामा वेदराज पन्तद्वारा सम्पादित त्रैमासिक साहित्यिक पत्रिका राजाको विवेचना गरिएको छ ।

६०. राजहंस, **नयाँ कृति,** (६४ : १२८/०२१ भाद्र २८), पृ. १०, श.प. ।

समीक्षामा जनकप्रसाद हुमाँगाइद्वारा रचित 'दुःखी गरीबको सवाइ' शीर्षक पुस्तकको विवेचना गरिएको छ ।

६१. राजहंस, **नयाँ कृति,** (६४ : १३५/०२१ असोज ४), पृ. ९, श.प. ।

स्तम्भमा बालमुकुन्द न्यौपाने र उत्तम कुवँर सम्पादक रहेको 'रूपरेखा' साहित्यिक पत्रिकाको अङ्क चालीस र एकचालीसको विवेचना गरिएको छ ।

६२. राजहंस, **नयाँ कृति,** (६४ : १४९/०२१ असोज १८), पृ. ९, श.प. ।

समीक्षामा तानाशर्माद्वारा लेखिएको समालोचनातमक ग्रन्थ 'घोत्ल्याइँहरू'को विवेचना गरिएको छ ।

६३. राजहंस, **नयाँ कृति,** (६४ : १७४/०२१ कार्तिक १५), पृ. ९, श.प. ।

समीक्षामा लेखक हरिमदन गुरुङ तथा प्रकाशक दारोगा बजार दार्जिलिङ् भएको सातओटा कथाहरूको सङ्ग्रह 'सुनको चुरा'को परिचयात्मक टिप्पणी गरिएको छ ।

६४. राजहंस, **नयाँ कृति,** (६४ : १८६/०२१ कार्तिक २९), पृ. १०, श.प. ।

समीक्षामा तुलसीराम कुँवरद्वारा लिखित उपन्यास जीवनका बारेमा टिप्पणी गरिएको छ ।

६५. राजहंस, **नयाँ कृति,** (६४ : १९३/०२१ मङ्सिर ६), पृ. १०, श.प. ।

समीक्षामा बालकृष्ण पोखरेल र गङ्गाप्रसाद प्रधानद्वारा सम्पादित तथा पासाङ गोपर्माद्वारा प्रकाशित दुई महिने साहित्यिक पत्रिका 'फूलपाती'को विवेचना गरिएको छ ।

६६. राजहंस, **नयाँ कृति,** (६४ : २००/०२१ मङ्सिर १३), पृ. १०, श.प. ।

समीक्षामा सम्पादक गोपीनारायण प्रधान र प्रकाशक नेपाली साहित्य सम्पर्क समिति असाम भएको त्रैमासिक साहित्यिक पत्रिका आशाको विवेचना गरिएको छ ।

६७. राजहंस, **नयाँ कृति,** (६७ : २२७/०२१ पौष १२), पृ. ८, श.प. ।

स्तम्भमा मुकुन्दशरण उपाध्यायद्वारा लिखित वर्णनात्मक 'काव्य प्राकृत पोखरा'का बारेमा चर्चा गरिएको छ ।

६८. राजहंस, **नयाँ कृति,** (६७ : २३४/०२१ पौष १९), पृ. ८, श.प. ।

समीक्षामा मदनमणि दीक्षितद्वारा लेखिएको विभिन्न आठओटा कथाहरूको सङ्ग्रह 'कसले जित्यो कसले हाऱ्यो'का बारेमा विवेचना गरिएको छ ।

६९. राजहंस, **नयाँ कृति,** (६४ : २६२/०२१ माघ १७), पृ. ९, श.प. ।

स्तम्भमा योगनाथ प्याकुऱ्यालद्वारा लेखिएको बाल उपयोगी साहित्य सङ्कलन ताराको बारेमा चर्चा गरिएको छ ।

७०. राजहंस, **नयाँ कृति,** (६४ : २५५/०२१ माघ १७), पृ. ८, श.प. ।

समीक्षामा प्रधान सम्पादक सिद्धिचरण श्रेष्ठ तथा प्रकाशक रायल नेपाल एकेडेमी रहेको कवितापधान पत्रिका 'कविता'को विवेचना गरिएको छ ।

७१. राजहंस, **नयाँ कृति,** (६४ : २६२/०२१ माघ १७), पृ. ९, श.प. ।

स्तम्भमा हरिहर शास्त्रीद्वारा लिखित उपन्यास अवनतिको चर्चा गर्दै मौलिक सामाजिक उपन्यास भएको बताइएको छ ।

७२. राजहंस, **नयाँ कृति,** (६४ : २६९/०२१ माघ २४), पृ. ८, श.प. ।

समीक्षामा माधवलाल कर्माचार्यद्वारा लिखित 'हाइस्कुल निबन्धसङ्ग्रह'को विवेचना गरिएको छ ।

७३. राजहंस, **नयाँ कृति,** (६४ : २७६/०२१ फागुन २), पृ. ८, श.प. ।

समीक्षामा सम्पादक लक्ष्मणप्रसाद अर्याल सहित अन्य पाँचजना रहेको मोरङ्ग कलेज विद्यार्थी संगठनको मुखपत्र 'प्रकाश'को विवेचना गरिएको छ ।

७४. राजहंस, **नयाँ कृति,** (६४ : ३०३/०२१ फागुन ३०), पृ. ८, श.प. ।

समीक्षामा विभूषणदास गुप्ता र माधवलाल कर्माचार्यद्वारा लिखित 'नेपाली सेल्फ टट' नामक कृतिको विवेचना गर्दै विदेशीहरूलाई नेपाली भाषा सिक्न उपयोगी हुने बताइएको छ ।

७५. राजहंस, **नयाँ कृति,** (६४ : ३०३/०२१ फागुन ३०), पृ. ८, श.प. ।

सम्पादक शिव भट्टराई सहित तीनजना रहेको कवितै कविताको पत्रिका 'उजेली'को चर्चा गरिएको छ ।

७६. राजहंस, **नयाँ कृति,** (६४ : ३०८/०२१ चैत ७), पृ. ८, श.प. ।

समीक्षामा प्रधान सम्पादक केदारप्रसाद शर्मा रहेको मासिक साहित्यिक पत्रिका 'ध्वनि'को चर्चा गरिएको छ ।

७७. राजहंस, **नयाँ कृति,** (६४ : ३०८/०२१ चैत ७), पृ. ८, श.प. ।

समीक्षामा सम्पादक तथा प्रकाशक पुष्कर लोहनी रहेको तीन महिने साहित्यिक पत्रिका 'नयाँ कविता'को विवेचना गरिएको छ ।

७८. राजहंस, **नयाँ कृति,** (६४ : ३२३/०२१ चैत २१), पृ. ८, श.प. ।

स्तम्भमा जीवनमित्र सहित तीन जना सम्पादक तथा भानु हाइस्कुल बन्दीपुर प्रकाशक रहेको वार्षिक साहित्यिक पत्रिका 'बन्दीपुरे उकाली'को विवेचना गरिएको छ ।

७९. राजहंस, **नयाँ कृति,** (६४ : ३३७/०२२ वैशाख ५), पृ. ८, श.प. ।

समीक्षामा सम्पादक विष्णुराज कुसुम सुवेदीद्वारा सम्पादित साहित्यिक त्रैमासिक पत्रिका 'अरुणोदय'को विवेचना गरिएको छ ।

८०. राजहंस, **नयाँ कृति,** (६४ : ३४४/०२२ वैशाख १२), पृ. १०, शास्त्री स्वागताङ्क ।

स्तम्भमा रूपरेखा पत्रिकाको पूर्णाङ्क चौबीस 'संस्मरण अङ्क'को समीक्षा गरिएको छ । पत्रिकामा लेखनाथदेखि अन्य युवा साहित्यकारसम्मका लेखहरू समेटिएको जनाइएको छ ।

८१. राजहंस, **नयाँ कृति,** (६४ : ३४४/०२२ वैशाख १२), पृ. १०, शास्त्री स्वागताङ्क ।

समीक्षामा सम्पादक आनन्ददेव भट्ट भएको साहित्य सङ्कलन 'प्रेरणा'को विवेचना गरिएको छ ।

८२. राजहंस, **नयाँ कृति,** (६५ : १०/०२२ जेठ २), पृ. १०, श.प. ।

समीक्षामा सम्पादक शिव भट्टराई समेत तीनजना रहेको बनारसबाट प्रकाशित कविताप्रधान पत्रिका 'उजेली'को विवेचना गरिएको छ ।

८३. राजहंस, **नयाँ कृति,** (६५ : ४५/०२२ असार ५), पृ. १०, श.प. ।

समीक्षामा मोदनाथ प्रश्रितको सम्पादनमा प्रकाशित तीनमहिने साहित्यिक पत्रिका 'गुराँस'को समीक्षा गरिएको छ ।

८४. राजहंस, **नयाँ कृति,** (६४ : ४५/०२२ असार ५), पृ. १०, श.प. ।

समीक्षामा मेघराज आचार्य सहित पाँचजना सम्पादक भएको साहित्यिक पत्रिका सुमनको विवेचना गरिएको छ ।

८५. राजहंस, **नयाँ कृति,** (६५ : ४५/०२२ असार ५), पृ. १०, श.प. ।

स्तम्भमा सामयिक साहित्यको सङ्गालोको रूपमा देखिएको साहित्यिक पत्रिका भानुको समीक्षा गरिएको छ ।

८६. राजहंस, **नयाँ कृति,** (६५ : ५२/०२२ असार १२), पृ. १०, श.प. ।

स्तम्भमा लेखक तथा प्रकाशक भीमनीधि तिवारी रहेको नाटक सिद्धार्थ गौतमको समीक्षा गर्दै इतिहासको पृष्ठभूमिमा उभिएको नाटक भनिएको छ ।

८७. राजहंस, **नयाँ कृति,** (६५ : ८०/०२२ श्रावण ९), पृ. १०, श.प. ।

समीक्षामा माधवओम श्रेष्ठको सम्पादनमा सम्पादित साहित्यिक त्रैमासिक पत्रिका 'सगुन'को चर्चा गर्दै उच्चस्तरीय रचनाले युक्त भएको भनिएको छ ।

८८. राजहंस, **नयाँ कृति,** (६५ : १४३/०२२ असोज ९), पृ. ९, श.प. ।

समीक्षामा रवीन्द्रनाथ ठाकुरद्वारा लिखित तथा खगेन्द्रमान प्रधानद्वारा अनुवादित कृति गीताञ्जलीको चर्चा गर्दै साहित्य देशकालको सीमामा नबाँधिने भनिएको छ ।

८९. राजहंस, **नयाँ कृति,** (६५ : १५०/०२२ असोज १६), पृ. ९, श.प. ।

स्तम्भमा लेखक हरिश्रेष्ठको खण्डकाव्य 'तिनलाई सम्झेर'को समीक्षा गरिएको छ ।

९०. राजहंस, **नयाँ कृति,** (६५ : १७३/०२२ कार्तिक १४), पृ. ८, श.प. ।

स्तम्भमा सम्पादक भानु गोर्खा राई समेत तीनजना रहेको तथा भानु स्मृति संघ गोहाटी, आसामबाट प्रकाशित वार्षिक पत्रिका 'स्मृति'को समीक्षा गरिएको छ ।

९१. राजहंस, **नयाँ कृति,** (६५ : १८०/०२२ कार्तिक २१), पृ. ८, श.प. ।

समीक्षामा भवभूतिकृत नाटक उत्तररामचरितको नेपाली रूपान्तरणको बारेमा चर्चा गरिएको छ । नाटकका नेपाली रूपान्तरकर्ता कालिदास पराजुली रहेको जनाइएको छ ।

९२. राजहंस, **नयाँ कृति,** (६५ : १८७/०२२ कार्तिक २८), पृ. १०, श.प. ।

समीक्षामा हरि श्रेष्ठद्वारा लिखित खण्डकाव्य 'देवकोटा सम्झेर'को विवेचना गरिएको छ

९३. राजहंस, **नयाँ कृति,** (६५ : २१५/०२२ मार्ग २६), पृ. १०, श.प. ।

समीक्षामा लेखक किरण खरेल र प्रकाशक रुबी जोशी रहेको गीतहरूको सङ्गालो 'मेरी पारु'को परिचयात्मक टिप्पणी गरिएको छ ।

९४. राजहंस, **नयाँ कृति,** (६५ : २४२/०२२ पौष २४), पृ. १०, श.प. ।

स्तम्भमा लेखक स्व. हृदयचन्द्रसिंह प्रधान र प्रकाशक रत्न पुस्तक भण्डार भएको पुस्तक 'नेपाली काव्य र उसका उसका प्रतिनिधि कवि'का बारेमा समीक्षा गरिएको छ ।

९५. राजहंस, **नयाँ कृति,** (६५ : २६३/०२२ माघ १६), पृ. १०, श.प. ।

समीक्षामा प्रधान सम्पादक भैरवनाथ चालिसे तथा प्रकाशक नारायणी साहित्य परिषद् रहेको पत्रिका 'नौलो विहान'को नारी अङ्क विशेषको चर्चा गरिएको छ ।

९६. राजहंस, **नयाँ कृति,** (६५ : २८०/०२२ फागुन १), पृ. ९, श.प. ।

समीक्षामा रामप्रसाद सिरजद्वारा लेखिएको 'आँसुको थोपा' कवितासङ्ग्रहको बारेमा परिचयात्मक टिप्पणी गरिएको छ ।

९७. राजहंस, **नयाँ कृति,** (६५ : ३४१/०२३ फागुन ४), पृ. १०, श.प. ।

समीक्षामा रामप्रसाद कुस्ले मजदुरद्वारा लिखित सामाजिक उपन्यास 'घटना'को विवेचना गरिएको छ ।

९८. राजहंस, **नयाँ कृति,** (६५ : ३५५/०२३ वैशाख १८), पृ. १०, श.प. ।

स्तम्भमा बाबुराम आचार्यद्वारा लिखित 'नेपालको सङ्क्षिप्त वृत्तान्त' शीर्षक पुस्तकको समीक्षा गरिएको छ ।

९९. राजहंस, **नयाँ कृति,** (६६ : ९/०२३ जेठ १), पृ. १०, श.प. ।

समीक्षामा सम्पादक प्रकाशक नीरबहादुर दहाल रहेको पत्रिका 'संगम'को चर्चा गरिएको छ । संगम साहित्य कला संस्कृति आदि समेटिएको पत्रिका हो ।

१००. राजहंस, **नयाँ कृति,** (६६ : १६/०२३ जेठ ८), पृ. ९, श.प. ।

स्तम्भमा कृष्णप्रसाद पराजुलीद्वारा लिखित बालपुस्तक 'रमाइला नानी' को समीक्षा गरिएको छ ।

१०१. राजहंस, **नयाँ कृति,** (६६ : ३०/०२३ जेठ २२), पृ. १०, श.प. ।

समीक्षामा टोपबहादुर सिंहद्वारा लिखित पुस्तक 'नेपालको संविधान एक विवेचना'का बारेमा समीक्षा गरिएको छ ।

१०२. राजहंस, **नयाँ कृति,** (६६ : ६५/०२३ असार २५), पृ. १०, श.प. ।

स्तम्भमा सम्पादक मण्डलका अध्यक्ष श्री ५ युवराजधिराज वीरेन्द्र वीरविक्रम शाह रहेको तथा राजपरिवारभित्रबाट प्रकाशित साहित्यिक पत्रिका 'रमझम' वर्ष २, अङ्क २ को समीक्षा गरिएको छ ।

१०३. राजहंस, **नयाँ कृति,** (६६ : ८६/०२३ श्रावण १५), पृ. ८, श.प. ।

पूर्णप्रसाद ढुङ्गेलद्वारा लिखित पुस्तक 'कौवा'को परिचय गराइएको छ । कौवा कागहरूका बारेमा लेखिएको वृत्तान्त भएको जनाइएको छ ।

१०४. राजहंस, **नयाँ कृति,** (६६ : ११४/०२३ भाद्र ११), पृ. ८, श.प. ।

समीक्षामा योगनाथ प्याकुरेलद्वारा लिखित सामाजिक उपन्यास 'बदला'को चर्चा गरिएको छ ।

१०५. राजहंस, **नयाँ कृति,** (६६ : १४९/०२३ असोज १५), पृ. ८, श.प. ।

समीक्षामा भक्तबहादुर कोइरालाद्वारा लिखित पुस्तक 'पञ्चायत व्यवस्थाको समीक्षा' गरिएको छ ।

१०६. राजहंस, **नयाँ कृति,** (६६ : १५६/०२३ असोज २२), पृ. ८, श.प. ।

लेखक माधवलाल कर्माचार्य र प्रकाशक रत्न पुस्तक भण्डार रहेको समालोचनात्मक ग्रन्थ 'आलोचना र साहित्य'को समीक्षा गरिएको छ ।

१०७. राजहंस, **नयाँ कृति,** (६६ : १९७/०२३ मार्ग १८), पृ. ८, श.प. ।

समीक्षामा वासु पासाद्वारा लिखित कवितासङ्ग्रह 'कुम्लो'को विवेचना गरिएको छ ।

१०८. राजहंस, **नयाँ कृति,** (६६ : २१५/०२३ पौष ९), पृ. ८, श.प. ।

समीक्षामा नीरविक्रम प्यासीद्वारा लिखित खण्डकाव्य 'हिमज्योति'को विवेचना गरिएको छ ।

१०९. राजहंस, **नयाँ कृति,** (६६ : २३३/०२३ पौष १६), पृ. ८, श.प. ।

समीक्षामा लेखक डमरुबल्लभ पौड्यालद्वारा रचित काव्य 'यात्री'को विवेचना गर्दै मेघदूतबाट प्रभावित भएको भनिएको छ ।

११०. राजहंस, **नयाँ कृति,** (६६ : २७०/०२३ माघ २३), पृ. ८, श.प. ।

समीक्षामा पूर्वी नेपालबाट प्रकाशन आरम्भ भएको पत्रिका 'भानु'को चर्चा गरिएको छ । भानु भवानीप्रसाद घिमिरेको सम्पादनमा प्रकाशित देखिन्छ ।

१११. राजहंस, **नयाँ कृति,** (६६ : २७०/०२३ माघ २२), पृ. ८, श.प. ।

समीक्षामा लेखक गोविन्द नारायण ज्यापूद्वारा लिखित 'चित्रकलाविधान' शीर्षक कृतिको समीक्षा गरिएको छ । चित्रकलासम्बन्धी सामान्य सिद्धान्तलाई ज्यापू सिद्धान्त नामाकरण गरिएको भन्दै समीक्षकले आपत्ति जनाएका छन् ।

११२. राजहंस, **नयाँ कृति,** (६६ : २९१/०२३ फागुन १३), पृ. ८, श.प. ।

कृति समीक्षामा लेखक विन्दुनाथ शर्मा प्याकुरेलद्वारा लिखित कवितासङ्ग्रह 'कविताकुञ्ज'को चर्चा गरिएको छ ।

११३. राजहंस, **नयाँ कृति,** (६६ : ३१९/०२३ चैत १२), पृ. ८, श.प. ।

स्तम्भमा सङ्कलक करुणाकर वैद्य तथा प्रकाशक रत्न पुस्तक भण्डार रहेको पुस्तक 'नेपाली दन्त्यकथासङ्ग्रह'को सवल तथा दुर्वल पक्षको समीक्षा गरिएको छ ।

११४. राजहंस, **नयाँ कृति,** (६७ : ४२/०२४ असार ३), पृ. ८, श.प. ।

समीक्षामा नेपाल मेडिकल एशोसिएसनका तर्फबाट प्रकाशित विशेषाङ्क 'साभेनियर'को चर्चा गर्दै डाक्टरी पेसासँग सम्बन्धित लेखरचनाहरू भएको जनाइएको छ ।

११५. राजहंस, **नयाँ कृति,** (६७ : ७०/०२४ असार ३१), पृ. ८, श.प. ।

समीक्षामा लेखक लक्ष्मीप्रसाद देवकोटा तथा प्रकाशक साझा प्रकाशन भएको खण्डकाव्य 'लूनी'को विवेचना गरिएको छ ।

११६. राजहंस, **नयाँ कृति,** (६७ : ८४/०२४ साउन १४), पृ. ८, श.प. ।

स्तम्भमा भरतराज पन्तको कवितासङ्ग्रह 'जूनकीरी'को समीक्षा गरिएको छ ।

११७. राजहंस, **नयाँ कृति,** (६७ : ८४/०२४ साउन १४), पृ. ८, श.प. ।

समीक्षामा स्याङ्जा युगभाषा युवक संगठनद्वारा प्रकाशित 'युगभाषा' साहित्यिक पत्रिकाको विवेचना गरिएको छ ।

११८. राजहंस, **नयाँ कृति,** (६७ : ९८/०२४ श्रावण २८), पृ. ८, श.प. ।

कृति समीक्षामा कञ्चन पुरासैनीद्वारा लिखित पुस्तक 'भूमिसुधार सवाइ'को समीक्षा गरिएको छ । पुस्तक साहित्यिक भन्दा पनि प्रचारात्मक भएको भनिएको छ ।

११९. राजहंस, **नयाँ कृति,** (६७ : ११२/०२४ भाद्र १०), पृ. ८, श.प. ।

समीक्षामा उपेन्द्रमणि गौतमको सम्पादकत्वमा जुद्धोदय पब्लिक हाइस्कुलबाट वार्षिक रूपमा निस्कने साहित्यिक पत्रिका 'फक्रँदो कोपिला'को समीक्षा गरिएको छ ।

१२०. राजहंस, **नयाँ कृति,** (६७ : ११९/०२४ भाद्र १७), पृ. ८, श.प. ।

समीक्षामा राजदरबारबाट प्रकाशित साहित्यिक पत्रिका 'रमझम' वर्ष २, अङ्क ३ को बारेमा चर्चा गरिएको छ ।

१२१. राजहंस, **नयाँ कृति,** (६७ : १२६/०२४ भाद्र २४), पृ. ८, श.प. ।

समीक्षामा सम्पादकद्वय मधुरालाल र विश्वनाथ भएको भानु हाइस्कुलको वार्षिक मुखपत्र 'बन्दीपुरे उकाली'को समीक्षा गरिएको छ ।

१२२. राजहंस, **नयाँ कृति,** (६७ : १४०/०२४ असोज ७), पृ. ८, श.प. ।

स्तम्भमा घटराज भट्टराईद्वारा लिखित कवितासङ्ग्रह 'कविता कुसुम-भाग १' को विवेचना गरिएको छ ।

१२३. राजहंस, **नयाँ कृति,** (६७ : १४०/०२४ असोज ७), पृ. ८, श.प. ।

समीक्षामा गीतकार गोपालजी नेपालीद्वारा लिखित गीतसङ्ग्रह 'थुँगो'को समीक्षा गरिएको छ ।

१२४. राजहंस, **नयाँ कृति,** (६७ : १९०/०२४ मार्ग २), पृ. ८, श.प. ।

कृति समीक्षामा लेखक गृष्मबहादुर देवकोटाद्वारा लिखित पुस्तक 'नेपालको छापाखाना र पत्र त्रपत्रिकाको इतिहास'को समीक्षा गरिएको छ ।

१२५. राजहंस, **नयाँ कृति,** (६७ : १९७/०२४ मार्ग ९), पृ. ८, श.प. ।

श्री ५ महाराजधिराजका प्रेस सचिवालयबाट प्रकाशित साहित्यिक पत्रिका 'रमझम'को वर्ष ३, अङ्क ३ को बारेमा चर्चा गरिएको छ ।

१२६. राजहंस, **नयाँ कृति,** (६७ : २११/०२४ मार्ग २३), पृ. ८, श.प. ।

समीक्षामा बाबुराम आचार्यद्वारा लिखित पुस्तक 'श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी - भाग १' को बारेमा चर्चा गरिएको छ ।

१२७. राजहंस, **नयाँ कृति,** (६७ : २२५/०२४ पौष ८), पृ. ८, श.प. ।

समीक्षामा उपेन्द्रबहादुर प्रधानाङ्ग र विद्यामान शाक्यद्वारा लिखित पुस्तक 'विक्रय कला'को समीक्षा गरिएको छ । समीक्ष्य पुस्तकलाई वाणिज्य क्षेत्रको महत्त्वपूर्ण उपलब्धिको रूपमा लिइएको छ ।

१२८. राजहंस, **नयाँ कृति,** (६७ : २४७/०२४ पौष २९), पृ. ८, श.प. ।

समीक्षामा शिलुप्यारी कर्माचार्यद्वारा सम्पादित तथा नेपाल ललीतकला संस्थाद्वारा प्रकाशित 'ललितकला संस्थाको वार्षिक मुखपत्र-२०२४' को विवेचना गरिएको छ ।

१२९. राजहंस, **नयाँ कृति,** (६७ : २६०/०२४ माघ १३), पृ. ८, श.प. ।

समीक्षामा बुलु शर्माद्वारा लिखित पुस्तक 'गृहविज्ञान'को चर्चा गर्दै सम्बन्धित क्षेत्रका लागि राम्रो उपहार भएको भनिएको छ ।

१३०. राजहंस, **नयाँ कृति,** (६७ : २६७/०२४ माघ २०), पृ. ८, श.प. ।

स्तम्भमा लेखक तथा प्रकाशक लीलासिंह कर्मा रहेको पुस्तक 'हाम्रो लोकसाहित्य'को विवेचना गरिएको छ । उक्त पुस्तकले लोकसाहित्यको राम्रो अन्वेषण गरेवापत दिइने युनेस्को पुरस्कार पनि प्राप्त गरेको जनाइएको छ ।

१३१. राजहंस, **नयाँ कृति,** (६७ : २६७/०२४ माघ २०), पृ. ८, श.प. ।

समीक्षामा हरिहर शास्त्रीद्वारा लिखित सामाजिक महाकाव्य 'उषविनोद'को समीक्षा गरिएको छ ।

१३२. राजहंस, **नयाँ कृति,** (६७ : २७३/०२४ माघ २७), पृ. ८, श.प. ।

समीक्षामा रोचक घिमिरे र अन्य सम्पादक रहेको दुई महिने साहित्यिक पत्रिका 'रचना'को समीक्षा गरिएको छ ।

१३३. राजहंस, **नयाँ कृति,** (६७ : ३०१/०२४ फागुन २६), पृ. ८, श.प. ।

समीक्षामा सम्पादक रामचन्द्र न्यौपाने रहेको तथा नेपाल चेम्बर्स अफ कमर्सको प्रकाशन भएको पत्रिका 'चेम्बर पत्रिका'को विवेचना गरिएको छ ।

१३४. राजहंस, **नयाँ कृति,** (६७ : ३०१/०२४ फागुन २६), पृ. ८, श.प. ।

समीक्षामा नगेन्द्र थापाद्वारा लिखित कवितासङ्ग्रह 'सिन्कौली माया'का बारेमा समीक्षा गरिएको छ ।

१३५. राजहंस, **नयाँ कृति,** (६७ : ३०८/०२४ चैत ३), पृ. ८, श.प. ।

समीक्षामा सङ्कलक तथा अनुवादक दमन आर.तुलाधर रहेको पुस्तक 'प्रोनाउन्समेन्ट अफ किंग महेन्द्र' (अन पञ्चायतक्रयासी)को विवेचना गरिएको छ । समीक्षामा कृतिलाई एक उत्कृष्ट कृतिका रूपमा चर्चा गरिएको छ ।

१३६. राजहंस, **नयाँ कृति,** (६७ : ३१५/०२४ चैत १०), पृ. ८, श.प. ।

समीक्षामा साझा प्रकाशनबाट प्रकाशित 'साझा कविता'को विवेचना गर्दै तत्कालीन अवस्थासम्मकै उत्कृष्टतम् कृति भनिएको छ ।

१३७. राजहंस, **नयाँ कृति,** (६७ : ३४१/०२५ वैशाख ८), पृ. ८, श.प. ।

समीक्षकले गुणराज उपाध्यायद्वारा लिखित नाटक 'कलङ्क मोचन'को बारेमा चर्चा गरेका छन् । समीक्ष्य नाटक रामायण उत्तरकाण्डको कथामा आधारित भनिएको छ ।

१३८. राजहंस, **नयाँ कृति,** (६७ : ३४८/०२५ वैशाख १५), पृ. ८, श.प. ।

समीक्षामा कृष्णप्रसाद पराजुलीद्वारा लिखित 'राम्रो रचना : मीठो नेपाली' शीर्षक पुस्तकको बारेमा चर्चा गरिएको छ ।

१३९. राजहंस, **नयाँ कृति,** (६८ : ६/०२५ वैशाख २९), पृ. ८, श.प. ।

समीक्षामा युधीर थापाद्वारा लिखित मौलिक सामाजिक उपन्यास 'हिमालयको काखमा' को समीक्षा गरिएको छ ।

१४०. राजहंस, **नयाँ कृति,** (६८ : २७/०२५ जेठ १९), पृ. ८, श.प. ।

समीक्षामा लेखक तथा प्रकाशक सुशीला कोइराला रहेको कवितासङ्ग्रह 'दीपिका'को विवेचना गरिएको छ ।

१४१.राजहंस, **नयाँ कृति,** (६७ : ३५५/०२५ वैशाख २२), पृ. ८, श.प. ।

स्तम्भमा सम्पादक अंगुरबाबा जोशी र प्रकाशक पद्मकन्या कलेज रहेको कृति कस्तुरीको विवेचना गरिएको छ ।

१४२. राजहंस, **नयाँ कृति,** (६८ : ४८/०२५ असार ९), पृ. ८, श.प. ।

स्तम्भमा डा.हेमाङ्ग दीक्षितद्वारा लिखित पुस्तक 'शिशुस्याहार'को विवेचना गरिएको छ ।

१४३. राजहंस, **नयाँ कृति,** (६८ : ७६/०२५ श्रावण ५), पृ. ८, श.प. ।

समीक्षामा श्री ५ महाराजधिराजको प्रेस सचिवालयबाट प्रकाशित साहित्यिक पत्रिका 'रमझम'को विवेचना गरिएको छ ।

१४४. राजहंस, **नयाँ कृति,** (६८ : ८३/०२५ श्रावण १२), पृ. ८, श.प. ।

समीक्षामा लेखक लक्ष्मण पौड्याल तथा प्रकाशक उर्मिला पौड्याल रहेको कवितासङ्ग्रह 'कर्णालीको तीर'का कविताहरूको विवेचना गरिएको छ ।

१४५. राजहंस, **नयाँ कृति,** (६८ : १११/०२५ भाद्र ९), पृ. ८, श.प. ।

स्तम्भमा कुमारबहादुर जोशीद्वारा लिखित निबन्धसङ्ग्रह 'संचयन'को विवेचना गरिएको छ ।

१४६. राजहंस, **नयाँ कृति,** (६८ : ११८/०२५ भाद्र १६), पृ. ८, श.प. ।

समीक्षामा विष्णुप्रसाद लोहनीद्वारा लिखित चिन्तनप्रधान निबन्धसङ्ग्रह 'शिव-शिव'को विवेचना गरिएको छ ।

१४७. राजहंस, **नयाँ कृति,** (६८ : १३२/०२५ भाद्र ३०), पृ. ८, श.प. ।

समीक्षामा प्रकाशक पञ्चायत अध्ययन गोष्ठी रहेको रहेको पुस्तक 'वर्ग समन्वय र निर्दलीयता'का बारेमा चर्चा गरिएको छ ।

१४८. राजहंस, **नयाँ कृति,** (६८ : १३९/०२५ असोज ६), पृ. ८, श.प. ।

स्तम्भमा कुमार खड्गविक्रम शाह तथा अन्य सम्पादक रहेको तथा नेपाल राष्ट्रिय खेलकुद परिषद् प्रकाशक रहेको पत्रिका 'खेल र खेलाडी'को चर्चा गरिएको छ ।

१४९. राजहंस, **नयाँ कृति,** (६८ : १४६/०२५ असोज १३), पृ. ८, श.प. ।

समीक्षामा लेखक तथा प्रकाशक घटराज भट्टराई रहेको खण्डकाव्य 'बादल फाटेपछि'को समीक्षा गरिएको छ ।

१५०. राजहंस, **नयाँ कृति,** (६८ : १३९/०२५ असोज ६), पृ. ८, श.प. ।

स्तम्भमा राजेन्द्रबहादुर श्रेष्ठ सम्पादक रहेको खेलजगत्सँग सम्बन्धित पत्रिका 'रंगशाला'को समीक्षा गरिएको छ ।

१५१. राजहंस, **नयाँ कृति,** (६८ : १४६/०२५ असोज १३), पृ. ८, श.प. ।

स्तम्भमा प्रेमविनोद नन्दनद्वारा लिखित गीतहरूको सङ्ग्रह 'सपनीबाट ब्युझैँ'को समीक्षा गरिएको छ ।

१५२. राजहंस, **नयाँ कृति,** (६८ : १७५/०२५ कार्तिक १७), पृ. ८, श.प. ।

समीक्षामा लेखक तथा प्रकाशक पूर्णमानसिंह प्रधानको कवितासङ्ग्रह 'मुटुको व्यथा'को बारेमा समीक्षा गरिएको छ ।

१५३. राजहंस, **नयाँ कृति,** (६८ : १८२/०२५ कार्तिक २४), पृ. ८, श.प. ।

स्तम्भमा खेमराज केशवशरणद्वारा लिखित तथा नेपाल साँस्कृतिक संघद्वारा प्रकाशित 'जीवनगङ्गाका केही तरङ्ग' शीर्षक निबन्धसङ्ग्रहको समीक्षा गरिएको छ ।

१५४. राजहंस, **नयाँ कृति,** (६८ : १८६/०२५ मार्ग १), पृ. ८, श.प. ।

समीक्षामा सङ्कलक तथा सम्पादक प्रफुल्लकुमार सिंह 'मौन' रहेको गीतसङ्ग्रह 'थारुलोकगीत' को समीक्षा गरिएको छ ।

१५५. राजहंस, **नयाँ कृति,** (६८ : २१७/०२५ मार्ग २९), पृ. ७, श.प. ।

समीक्षामा बाबुराम आचार्यद्वारा लिखित 'श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको जीवनी भाग ३' को समीक्षा प्रस्तुत गरिएको छ ।

१५६. राजहंस, **नयाँ कृति,** (६८ : २२४/०२५ पौष ७), पृ. ७, श.प. ।

समीक्षामा सम्पादक हर्षबहादुर बुढा तथा प्रकाशक पक्लिहवा उच्च विद्यालय रूपन्देही रहेको 'नयाँ कोपिला' शीर्षक पत्रिकाको विवेचना गरिएको छ । पत्रिका उक्त विद्यालयका विद्यार्थीको वार्षिक पत्रिका हो ।

१५७. राजहंस, **नयाँ कृति,** (६८ : २५२/०२५ माघ ५), पृ. ७, श.प. ।

समीक्षामा केदारमणि आदीद्वारा लिखित यात्रावर्णन सङ्गालो 'एक फन्को'को समीक्षा गरिएको छ ।

१५८. राजहंस, **नयाँ कृति,** (६८ : १५९/०२५ माघ १२), पृ. ७, श.प. ।

समीक्षामा युधीर थापाद्वारा लिखित गीतिकाव्य धनेको समीक्षा गरिएको छ ।

१५९. राजहंस, **नयाँ कृति,** (६८ : २६६/०२५ माघ १९), पृ. ८, श.प. ।

समीक्षामा बालकृष्ण जोशीद्वारा लिखित पुस्तक 'पञ्चायत शास्त्र'को समीक्षा गरिएको छ ।

१६०. राजहंस, **नयाँ कृति,** (६८ : २७३/०२५ माघ २६), पृ. ८, श.प. ।

समीक्षामा प्रधान सम्पादक मदनदेव भट्टराई भएको साहित्यिक पत्रिका 'रत्नश्री' वर्ष ६, अङ्क २ को समीक्षा गरिएको छ ।

१६१. राजहंस, **नयाँ कृति,** (६८ : २५९/०२५ माघ १२), पृ. ७, श.प. ।

समीक्षामा सम्पादक कृष्णराज मानन्धर र अन्य रहेको कृति 'ज्योत्सना'को समीक्षा गरिएको छ । ज्योत्सना त्रिचन्द्र कलेज काठमाडौंको प्रकाशन हो ।

१६२. राजहंस, **नयाँ कृति,** (६८ : ३१५/०२५ चैत ९), पृ. ९, श.प. ।

समीक्षकले कृष्णबहादुर बर्माद्वारा लिखित 'फुटबल खेल' नामक पत्रिकाको समीक्षा गरेका छन् ।

१६३. राजहंस, **नयाँ कृति,** (६८ : ३२२/०२५ चैत १६), पृ. ७, श.प. ।

स्तम्भमा साहित्यिक त्रैमासिक 'भानु'को देवकोटा विशेषाङ्कको समीक्षा गरिएको छ ।

१६४. राजहंस, **नयाँ कृति,** (६८ : ३५६/०२६ वैशाख २१), पृ. ७, श.प. ।

समीक्षामा रामविक्रम सिँजापतिद्वारा लिखित कथासङ्ग्रह 'अन्माएर ल्याएको रात'को समीक्षा गरिएको छ ।

१६५. राजहंस, **नयाँ कृति,** (६९ : ५/०२६ वैशाख २८), पृ. ६, श.प. ।

समीक्षामा पारसमणि प्रधानद्वारा लिखित गद्यसङ्ग्रह 'टिपनटापन'को समीक्षा गरिएको छ ।

१६६. राजहंस, **नयाँ कृति,** (६९ : २६/०२६ जेठ १८), पृ. ७, श.प. ।

स्तम्भमा प्रेमा शाह अभि सुवेदी आदि सम्पादक रहेको तथा प्रकाशक त्रि.वि. विद्यार्थी युनियन रहेको तीन महिने साहित्यिक पत्रिका 'चौराली' वर्ष ५, अङ्क ५ को समीक्षा गरिएको छ ।

१६७. राजहंस, **नयाँ कृति,** (६९ : ४०/०२६ जेठ ३२), पृ. ७, श.प. ।

समीक्षामा नयराज पन्त, चूडानाथ भट्टाराय आदिको सम्पादकत्वमा सम्पादित त्रैमासिक साहित्यिक पत्रिका 'मर्यादा' वर्ष १ : अङ्क १ को समीक्षा गरिएको छ ।

१६८. राजहंस, **नयाँ कृति,** (६९ : ४७/०२६ असार ७), पृ. ७, श.प. ।

समीक्षामा बुद्धिसागर पराजुलीद्वारा लिखित पुस्तक 'दर्शनामृत'को समीक्षा गरिएको छ । पुस्तक संस्कृत दर्शनका केही भागहरूको नेपाली रूपान्तर तथा पुनर्व्याख्या हो भनिएको छ ।

१६९. राजहंस, **नयाँ कृति,** (६९ : ५४/०२६ असार १४), पृ. ६, श.प. ।

समीक्षामा अञ्जीर प्रधानको सम्पादकत्वमा सम्पादित साहित्यिक पत्रिका 'रेषा'को प्रथम अङ्कको समीक्षा गरिएको छ ।

१७०. राजहंस, **नयाँ कृति,** (६९ : ६८/०२६ असार २८), पृ. ६, श.प. ।

समीक्षामा जनकविकेशरी धर्मराज थापाद्वारा लिखित खण्डकाव्य 'मंगली कुसुम'को समीक्षा गरिएको छ ।

१७१. राजहंस, **नयाँ कृति,** (६९ : ७५/०२६ श्रावण ४), पृ. ७, श.प. ।

समीक्षामा तत्कालीन माहिला अधिराजकुमार ज्ञानेन्द्र वीरविक्रम शाहको सम्पादकत्वमा सम्पादित साहित्यिक पत्रिका 'रमझम'को वर्ष ५, अङ्क २ को समीक्षा गरिएको छ ।

१७२. राजहंस, **नयाँ कृति,** (६९ : ८२/०२६ श्रावण ११), पृ. ८, श.प. ।

समीक्षामा कालिप्रसाद रिजालद्वारा लिखित कवितासङ्ग्रह 'रिजालका केही कविता'को सोदाहरण समीक्षा गरिएको छ ।

१७३. राजहंस, **नयाँ कृति,** (६९ : ९६/०२६ श्रावण २५), पृ. ६, श.प. ।

समीक्षामा बालकृष्ण नेभाद्वारा सम्पादित साहित्यसङ्ग्रह 'बुकी'को समीक्षा गर्दै स्तरीय कृतिको संज्ञा दिइएको छ ।

१७४. राजहंस, **नयाँ कृति,** (६९ : ८९/०२६ श्रावण १८), पृ. ८, श.प. ।

समीक्षामा बद्रीमान श्रेष्ठद्वारा लिखित उपन्यास मायाभित्रको यौटा सपनाको समीक्षा गरिएको छ ।

१७५. राजहंस, **नयाँ कृति,** (६९ : ९६/०२६ श्रावण २५), पृ. ६, श.प. ।

स्तम्भमा तीर्थराज सुवेदी र धर्मदत्त न्यौपानेद्वारा सम्पादित साहित्यिक सङ्कलन 'माछापुच्छ्रे'को समीक्षा गरिएको छ ।

१७६. राजहंस, **नयाँ कृति,** (६९ : १०३/०२६ श्रावण ३२), पृ. ७, श.प. ।

समीक्षामा नयराज पन्तद्वारा लिखित 'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' शीर्षक कृतिको समीक्षा गरिएको छ ।

१७७. राजहंस, **नयाँ कृति,** (६९ : १२४/०२६ भाद्र २१), पृ. ७, श.प. ।

हरिहरदेव पन्तद्वारा लिखित पुस्तक 'नेपालमा बैंकिंग विकास'को बारेमा चर्चा गरिएको छ ।

१७८. राजहंस, **नयाँ कृति,** (६९ : १३१/०२६ भाद्र २८), पृ. ७, श.प. ।

समीक्षामा गोपालराज पन्तद्वारा लिखित हास्यव्यङ्ग्य एकाङ्कीसङ्ग्रह 'सेतो शालीग्राम'को समीक्षा गरिएको छ ।

१७९. राजहंस, **नयाँ कृति,** (६९ : १३८/०२६ असोज ४), पृ. ७, श.प. ।

समीक्षामा मणिन्द्रराज बरालद्वारा लिखित पुस्तक 'सफल दाम्पत्य जीवन र परिवार नियोजन'को बारेमा चर्चा गरिएको छ ।

१८०. राजहंस, **नयाँ कृति,** (६९ : १४५/०२६ असोज ११), पृ. ७, श.प. ।

समीक्षामा कथाकार केदार अमात्यको कथासङ्ग्रह 'आँखा पनि त मिल्दो छैन'को समीक्षा गरिएको छ ।

१८१. राजहंस, **नयाँ कृति,** (६९ : १५९/०२६ असोज २५), पृ. ७, श.प. ।

समीक्षामा सम्पादक तथा प्रकाशक विश्वप्रेम अधिकारी रहेको कवितासङ्ग्रह 'पोखिएका कनिका'को विवेचना गरिएको छ ।

१८२. राजहंस, **नयाँ कृति,** (६९ : १८७/०२६ कार्तिक ३०), पृ. ७, श.प. ।

समीक्षामा लेखक तथा प्रकाशक मोहनप्रसाद खनालको कृति 'इतिहास प्रभात'को समीक्षा गरिएको छ । कृतिमा पृथ्वीनारायण शाहदेखि राजेन्द्रविक्रम शाहसम्मको इतिहास समेटिएको जनाइएको छ ।

१८३. राजहंस, **नयाँ कृति,** (६९ : १९२/०२६ मार्ग ७), पृ. ७, श.प. ।

समीक्षामा युधीर थापाकृत उपन्यास एक फूल धेरै काँडाको समीक्षा गरिएको छ ।

१८४. राजहंस, **नयाँ कृति,** (६९ : २२९/०२६ पौष १२), पृ. ६, श.प. ।

समीक्षामा विश्वप्रसिद्ध नाटककार शेक्सपियरको नाटक 'म्याक्वेथको नेपाली अनुवाद'को चर्चा गरिएको छ । नेपाली अनुवादक लक्ष्मीप्रसाद देवकोटा रहेका छन् ।

१८५. राजहंस, **नयाँ कृति,** (६९ : २५०/०२६ माघ ४), पृ. ७, श.प. ।

समीक्षामा हरिहर शास्त्रीद्वारा लिखित खण्डकाव्य 'शोभा शशी र अनभिज्ञता'को समीक्षा गरिएको छ ।

१८६. राजहंस, **नयाँ कृति,** (६९ : २५७/०२६ माघ ११), पृ. ६, श.प. ।

समीक्षामा रामलाल अधिकारीद्वारा लिखित कथासङ्ग्रह 'आफै जन्मनेहरू'को समीक्षा गरिएको छ ।

१८७. राजहंस, **नयाँ कृति,** (६९ : २७१/०२६ माघ २५), पृ. ८, श.प. ।

समीक्षामा गाउँफर्क अभियान केन्द्रीय कार्यालयबाट प्रकाशित पुस्तक 'अभियान'का बारेमा समीक्षा गरिएको छ ।

१८८. राजहंस, **नयाँ कृति,** (६९ : २७८/०२६ फागुन ३), पृ. ७, श.प. ।

स्तम्भमा डिल्लीराम तिम्सिनाद्वारा लिखित निबन्धहरूको सङ्ग्रह 'बनारसको चिठी'को समीक्षा गरिएको छ ।

१८९. राजहंस, **नयाँ कृति,** (६९ : २३०/०२६ चैत १५), पृ. ८, श.प. ।

समीक्षामा शारदाप्रसाद घिमिरेद्वारा लिखित 'विश्वका कविको जीवनी' शीर्षक कृतिको समीक्षा गरिएको छ । पुस्तकमा विभिन्न महाद्वीपका छब्बीस कविको सङ्क्षिप्त जीवनी दिइएको जनाइएको छ ।

१९०. राजहंस, **नयाँ कृति,** (६९ : ३१३/०२६ चैत ८), पृ. ६, श.प. ।

स्तम्भमा बालमुकुन्ददेव पाण्डेय र उत्तम कुवँरद्वारा सम्पादित साहित्यिक मासिक 'रूपरेखा'को वर्ष दस, अङ्क एक सय छको समीक्षा गरिएको छ ।

# परिच्छेद पाँच

## उपसंहार

"नेपाली साहित्यमा गोर्खापत्रको योगदान, (२०१७-२०२७) विवरणात्मक सूचीपत्र" शीर्षक प्रस्तुत शोधकार्यमा तयार पारिएका जेजति साहित्यिक विवरणहरू छन् ती सम्पूर्ण राष्ट्रिय अभिलेखालयबाट लिइएका हुन् । वि.सं. २०१७ वैशाख १ गतेदेखि वि.सं. २०२७ चैत्र मसान्तसम्मका गोर्खापत्रको साहित्यिक विवरण तयार गर्ने क्रममा गोर्खापत्रमा विभिन्न विधाका अनेकन रचनाहरू प्रकाशन भएका पाइन्छन् । साहित्यिक विधाहरूमध्ये कविता, कथा, समालोचना, निबन्ध, प्रबन्ध, गीत, जीवनी, एकाङ्की, यात्रा संस्मरण, मुक्तक, कृति समीक्षा आदि विधाहरू गोर्खापत्रमा प्रकाशित छन् । यी विधाहरूमध्ये सङ्ख्यात्मक एवम् गुणात्मक हिसाबले कविता, समालोचना र कथा विधा अग्रगण्य देखिन्छन् । गीत मध्यम स्थानमा रहेको छ भने जीवनी विधा परिमाणात्मक एवम् गुणात्मक दुवै हिसाबले कमजोर देखिन्छ । यसैगरी एकाङ्की र आत्मकथाजस्ता साहित्यिक रचनाहरूको प्रकाशनस्तर कमजोर हुनुका साथै सङ्ख्यात्मक उपस्थिति समेत अत्यन्तै झिनो रहेको छ । यात्रा संस्मरण विधालाई सङ्ख्यात्मक एवम् स्तरीयता दुवैका दृष्टिले मध्यम वर्गको मान्नु पर्छ । यात्रासम्बन्धी विवरणहरू अधुरा र यात्राका उद्देश्य समेत स्पष्ट नभएका यात्रा साहित्यहरू यस समयमा प्रकाशित छन् । अध्ययनका समय सीमाअन्तर्गत 'मुक्तक' विधा तुलनात्मक रूपमा अन्य विधाभन्दा केही कान्छो विधाका रूपमा रहेको छ । मुक्तकको स्तर गुणात्मक हिसाबमा सामान्य रहे पनि गणितीय हिसाबले भने न्यून नै मान्नुपर्छ । प्रकाशित कृति समीक्षाहरूको स्थिति सङ्ख्यात्मक एवम् गुणात्मक दुवै हिसाबले सबल नै रहेको छ । 'राजहंस'को छद्मनाममा समीक्षकले कृतिहरूको मूल्याङ्कन गरेका छन् । अघिल्लो दशकहरूदेखि नै 'राजहंस'कै नाममा कृति समीक्षा गर्ने थिति रहेको र शोधकार्यको अवधिमा पनि राजहंसकै नाममा कृतिहरूको चर्चा परिचर्चा गर्ने गरिएको पाइन्छ । यसैगरी वर्तमानमा चर्चामा रहेका 'गजल' र 'हाइकु'जस्ता साहित्यिक विधाहरू यस अवधिका गोर्खापत्रमा प्रकाशित देखिँदैनन् । हुनत गजल माध्यमिककालीन साहित्यिक उपज हो तापनि बीचका केही समय साहित्यिक वातावरणबाट ओझेल परेको देखिन्छ । यसैको परिणामस्वरूप अध्ययनक्षेत्रका दसवर्षमा गोर्खापत्रमा एउटै पनि गजल प्रकाशित देखिँदैन । यसैगरी जापानी शैलीको कविता 'हाइकु' पनि यस अवधिमा प्रकाशित भएको पाइदैन । गोर्खापत्रको प्रकाशन आरम्भ हुँदा अख्तियार गरेको धारावाहिक उपन्यास प्रकाशनको परम्परामा पनि यस समयमा आएर विराम लागेको देखिन्छ । शोधकार्यका अवधिभरमा प्रकाशित साहित्यिक रचनाहरूको सङ्ख्यात्मक स्थिति यसप्रकार रहेको छ-

| क्र.सं. | विधा | | | सङ्ख्या |
|---|---|---|---|---|
| १. | कविता | | | ८६६ |
| | (क) | गीत | | ८७ |
| | (ख) | मुक्तक | | ३७ |
| २. | कथा | | | |
| | (क) | आधुनिक कथा | | १८१ |
| | | (अ) | बालकथा | २९ |
| | | (आ) | लघुकथा | ४ |
| | (ख) | नीति उपदेशमूलक कथा | | |
| | | (अ) | दन्त्य कथा | १ |
| | | (आ) | लोककथा | ४२ |
| | | (इ) | नैतिक कथा | ७ |
| | | (ई) | पौराणिक कथा | १६ |
| ३. | समालोचना | | | ४०७ |
| ४. | निबन्ध | | | ३७ |
| | (क) | प्रबन्ध | | १४ |
| | (ख) | यात्रा संस्मरण | | ६९ |
| ५. | एकाङ्की | | | ३० |
| ६. | जीवनी | | | ४६ |
| | (क) | आत्मकथा | | ३ |

| | | |
|---|---|---|
| ७. | हास्यव्यङ्ग्य | ३० |
| ८. | कृतिसमीक्षा | १९० |

उल्लिखित साहित्यिक विधाहरू अन्तर्गत प्रकाशित साहित्यक रचनाहरू गुणस्तरका हिसाबले अति सामान्यदेखि अति उच्चस्तरका पनि रहेका छन् । साथै विषयवस्तुको दृष्टिले पनि विविधतामय देखिन्छन् । मानवीय प्रेमका प्रसङ्गदेखि लिएर अन्य सामाजिक, सांस्कृतिक आर्थिक पक्षमा केन्द्रित भएर पनि रचनाहरू प्रकाशन भएका छन् । शोधकार्यको समयावधि पञ्चायती व्यवस्थाको प्रादूर्भाव भएर क्रमश: उत्कर्षतिर उन्मुख हुँदै राजा महेन्द्रको नायकत्वमा प्रत्यक्ष शासन चलेको समय हो । यसैको प्रभावस्वरूप प्रकाशित साहित्यिक रचनाहरूमा राजारानीको जयगान गर्ने, पञ्चायती व्यवस्थाको स्तुति गर्ने तथा व्यवस्थाले अख्तियार गरेका नीति तथा कार्यक्रमको प्रचारप्रसार गर्ने प्रवृत्ति पनि पाइन्छन् । व्यवस्थाको स्तुति र शासकको जयगान गर्ने क्रममा कतिपय रचनाहरू कोरा नाराबाजीमात्र हुन पुगेका देखिन्छन् भने कतिपय रचनाहरू चाहिँ स्तुतिमूलक हुँदाहुँदै पनि अत्यन्त कलात्मक पनि देखिन्छन् ।

यसप्रकार मानवीय संवेदना र सार्वभौम महत्त्वका विषयहरूका अतिरिक्त व्यक्तिगत लाभको आशाले अभिप्रेरित स्तुतिमूलक साहित्यले यस समयमा बढी प्रश्रय पाएको देखिन्छ । स्थापनाकालमा देवशमशेरले बक्सेको निर्देशन- “हाम्रा तारिफका कुरा नछाप्नू”लाई गोर्खापत्रले उत्तरवर्ती दिनहरूमा बिर्सँदै गएको देखिन्छ । जे भए तापनि अध्ययन क्षेत्रका दस वर्षमा गोर्खापत्रले नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

# सन्दर्भसामग्री


कट्टेल, गङ्गाधर, ***नेपाली साहित्यमा गोर्खापत्रको योगदान*** (१९९१-२००७) अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०३६ ।

ठाकुर, साकेट विहारी (सम्पा.), ***गोरखापत्रको विवरणात्मक सूचीपत्र*** नेपाल एशियाली अनुसन्धान केन्द्र र त्रि.वि., २०३२ ।

दीक्षित, कमल, ***गो.प. शतवार्षिकी विद्वद्वृत्तिको मधुपर्क*** (वर्ष ३३, अङ्क १, पूर्णाङ्क ३७०, २०५७), पृ. ६-७) ।

पन्थी, लक्ष्मीकान्त, ***नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान*** (१९५८-१९९१) अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०३४ ।

पोखरेल, रघुनाथ, ***नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान*** २००७-२०१६ स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०३४ ।

बन्धु, चूडामणि, ***देवकोटा*** साझाप्रशान, २०५८ ।

भट्टराई, तुलसी, ***नेपाली वाङ्मयको अक्षयभण्डार मधुपर्क*** (वर्ष ३३, अङ्क १, पूर्णाङ्क ३७०, २०६७) पृ. २६ ।

रेग्मी, शिव, ***गोरखापत्रमा साहित्यिक रचनाहरूको स्तर खस्केको हो ?*** (मधुपर्क, वर्ष ३३, अङ्क १, पूर्णाङ्क ३७०, २०६७), पृ. १७-१८ ।

# परिशिष्ट खण्ड

**गोर्खापत्रका अप्राप्त अङ्कहरू**

| | |
|---|---|
| २०१७ | असार २३ देखि श्रावण २ सम्म |
| २०१९ | मङ्सिर २, ९ र १९ |
| २०१९ | फागुन ५ |
| २०१९ | चैत्र १, २, ७, ८, १७, २३, २९, ३० र ३१ |
| २०१९ | असार १४, १५, १६ र १७ |
| २०२० | असार २९ |
| २०२१ | कार्तिक १, २१ र २२ |
| २०२१ | मङ्सिर १ र ९ |
| २०२१ | पौष २, १३ र १५ |
| २०२१ | असार १४ का आंशिक पृष्ठहरू |
| २०२२ | मङ्सिर १६ र १७ |
| २०२२ | श्रावण २, ५, १६ र २१ |
| २०२३ | जेठ १५ |
| २०२३ | असार १८ |
| २०२४ | कार्तिक ४, ५, ११, १८ र १९ |
| २०२४ | वैशाख २ |